# कलाश्री

साहित्य वार्षिक
वर्ष-९, अङ्क-९ : २०७७

*प्रकाशक*

**नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**का लागि
एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
पानीपोखरी, लाजिम्पाट, काठमाडौँ
फोन नं. : ४४१८११३, ४००६६२५
इमेल : info@nlgi.com.np
www.nlg.com.np

*आवरण डिजाइन*

सबिन शाक्य

*कम्प्युटर-कला*

जीवन नेपाल

*मुद्रक*

मोडर्न प्रिन्टिङ प्रेस
जमल, काठमाडौँ

मूल्य : रु. ४००/–

## *Kalashree*

A Yearly Literary Journal
by **Nepali Kalasahitya Dot Com Pratishthan**

**सम्पादन-परिदृश्य**

# लय भङ्ग भए पनि, जीवन...

कहिलेकाहीँ प्रकृतिलाई पनि असह्य हुँदो हो, सायद! आफ्नै सिर्जना भएर पनि आफैलाई छुरी घोप्न खोज्ने चकचके मानवसभ्यतालाई बन्दी बनाएर आफू मस्तसँग लामो छुट्टी मनाउन टाढै गएजस्तो छ। इयालभित्रबाट बाहिर देखिएको सङ्लिएको आकाश, सङ्लिएको पानी, प्रदूषणको घाउमा बिस्तारै खत बसेजस्तो केही निखार आउँदै गरेको लोभलाग्दो पर्यावरण! यद्यपि स्वतन्त्रताप्रेमी सिङ्गो मानवजाति भने प्रश्नैप्रश्नको साङ्लोले बाँधिएर त्रास, छटपटी, अनिश्चितता एवम् उकुसमुकुसमाा श्राप काटिरहेजस्तो यो कोभिड कहरको बन्दी प्रहर! कतै निरर्थक जिन्दगीको जाहेरीस्वरूप सडकभरि पैसा फालिएको दृश्य त कतै मर्नुअघि नै लास गाड्ने खाल्डो खनिएको दृश्य! लाग्छ, मान्छेका सारा अहङ्कारहरू चुरचुर हुँदै गएको भयानक चलचित्रजस्तो परिवेशमा हामी सब निरीह पात्रको भूमिकामा छौँ। यस्तो सपनाजस्तो परिवेशको निरीह पात्रताबाट बाहिर निस्कन निकै गाह्रो नै हुँदो रहेछ। यद्यपि लय भङ्ग भए पनि जीवन पुन: बिलकुल नवीन भङ्गिमाका साथ अर्को लयमा बग्न थाल्दो रहेछ! बन्दी जीवनको सिर्जना भए पनि त्यही एकान्त सङ्गीतको तालमा बाहिर बर्सातलाई गीत गाऊँगाऊँ लाग्ने, फूललाई नाचूँनाचूँ लाग्ने बनाउन सक्दो रहेछ, मान्छे! मानौँ आकाशमा उन्मुक्त उडिरहेको बादल, धरतीमा छङछङङ स्वतन्त्र बगिरहेको पानी, धरती र आकाशको प्रेमको साक्षी बनेर बीचैमा सानले बहिरहेको हावा अनि बरियातको उमङ्गमा झलमलाइरहेका घामजून र ताराहरू पनि सारासारा ईर्ष्याले उल्टै मान्छेसँगै आआफ्नै अस्तित्वको सामाजिक अनुमोदन मागिरहेजस्तो लाग्दो रहेछ। यसरी जबसम्म यो संसारमा जीवन छ; तबसम्म जीवनको सुगन्धलाई कसैले बन्दी बनाउन नसक्दो रहेछ! जीवनका यिनै सत्यका संवाहक मानिने कलासाहित्यको उत्थानमा हरतरहले समर्पित संस्था **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**को विशेष प्रयत्न, **एनएलजी**को दृढ साथ अनि आम स्रष्टाको स्वतन्त्र लेखकीय आस्थाकै दस्तावेज **कलाश्री** साहित्य वार्षिक लिएर पुन: तपाईंसामु उपस्थित भएका छौँ। **एनएलजी**लाई स्रष्टाको शुभेच्छा सदा साथ रहने छ।

यथार्थत: यो सृष्टिमा जति अँध्यारो छाए पनि जीवनको उज्यालो सम्भावनालाई कसैले पनि रोक्न नसक्दो रहेछ! तिनै उज्यालो सम्भावनाका संवाहक स्रष्टाको सम्यक् कर्मको जीवन्त साक्षी बन्न पुगेको छ– **कलाश्री** साहित्य वार्षिक। यसरी कोरोना

कहरबीचको इतिहासमा **कलाश्री** आस्था र विश्वासको जीवन्त स्मारक बन्ने छ भन्ने गर्विलो विश्वास लिएका छौँ। यसमा सत्कर्मयात्राको जीवन्त सारथि **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**लाई **एनएलजी**को स्नेहिल साथ स्रष्टाजगत्‌मा सदा अविस्मरणीय रहने नै छ।

लय भङ्ग भए पनि प्रसङ्गमा नूतन भङ्गिमाका साथ जीवनको सम्यक् लयको आविष्कारमा साथ दिनुहुने सहृदयी स्रष्टाहरू शशी लुमुम्बू, केशव सिग्देल, महेश पौड्याल, सुमन पोखरेल, सुन्दर बस्नेतलगायत नेपाली भाषाका विश्वासिलो स्तम्भ सहयात्री भाइ जीवन नेपाल र प्रतिभावान् भाइ सबिन शाक्य तथा सबै स्रष्टा एवम् सहृदयीहरूप्रति विशेष आभार !

लय भङ्ग भए पनि सदा सुरुचिपूर्ण सुन्दर जीवनका लागि नूतन भङ्गिमापूर्ण सुमधुर सम्यक् लयको पक्षमा...

**– मोमिला**

# कलाश्री

## साहित्य वार्षिक

**कविता**


| | | |
|---|---|---|
| सुलोचना मानन्धर | माटो झूटो बोल्दैन | १ |
| राजेश्वर कार्की | खलनायकको टापु र ऐनाको बोली | २ |
| डा. हेमचन्द्र नेपाल | गिर्दो मानवता रहन्न यसरी | ३ |
| चन्द्र घिमिरे | नयाँ बाटो हिँड्दा | ४ |
| रवीन्द्र मिश्र | तिम्रो र मेरो नाममा | ५ |
| उत्तम भौकाजी | ऐना | ७ |
| सुरेन्द्र श्रेष्ठ | तिम्रो माया नबुझेर सायद! | ९ |
| रत्नमणि नेपाल | हामी चालू भयौँ | ११ |
| कृसु छेत्री | समाचारमा मेरी आमा | १३ |
| सोझो गाउँले | हाइब्रिड देश | १४ |
| ज्योति जङ्गल | समुद्र | १५ |
| देवान किराती | प्रेमको लास | १६ |
| पदम दाहाल | कोरोना कहर | १८ |
| सविता गौतम दाहाल | पुनर्मिलन कोरोना समयमा | २० |
| दीप दर्पण | घाट | २२ |
| प्रज्वल अधिकारी | एक सैनिकको डायरीबाट | २३ |
| गोपीकृष्ण प्रसाईं | यमराजको साहस | २४ |
| कविता राई गाउँले | ऐना | ३० |
| मुकुन्द प्रयास | हिम्मत | ३२ |
| जिचेन स्याङतान | कोसेली माछा | ३२ |
| समर्पण श्री | नयाँ वर्ष | ३४ |
| सामना पहाड | खुल्ला आकाश | ३६ |
| के. जी. सुब्बा | मूर्तिहरू बोल्न थालेपछि | ३९ |

| | | |
|---|---|---|
| शुभलक्ष्मी लम्साल | परेड खेलिरहेका नानीहरू | ४० |
| मौन आवाज | ढुङ्गा | ४२ |
| दिपिन श्रेष्ठ | झरी | ४४ |
| धीरज राई | बेखबर | ४५ |
| भगवती बस्नेत | ओ प्रिय मान्छे | ४६ |
| दीपक सम्चू | एक शिक्षकको बयान | ४८ |
| तारा पराजुली | रहर भिजेको मौसम | ४९ |
| रमेशचन्द्र अधिकारी | हावाको चाल | ५२ |
| विन्दु अधिकारी ढकाल | मौका, सिर्फ मौका | ५४ |
| उमेश लुइँटेल | अधुरा कथाहरू | ५५ |
| सन्ध्या रेग्मी | उस्तै छ परिवेश | ५७ |
| सुदेश सत्याल | ताली नमार्नू अब | ५९ |
| रञ्जना निरौला | विषाक्त युगको साक्षी | ६० |
| मोहित जोशी | अग्निपरीक्षा | ६१ |
| आयाम बस्नेत | अप्राप्य क्षितिज | ६३ |

## शान्ति कविता

| | | |
|---|---|---|
| टीकाराम उदासी | थरीथरीका बादल | ६५ |
| अरुणा वैद्य | आकाश एक्लै उड्छ | ६७ |
| असीम सागर | एक अज्ञात कविको सपना | ६८ |
| महेश पौड्याल | पाँच कविता | ७१ |
| विमला तुम्खेवा | परीकथा | ७२ |
| हेम प्रभास | तिमी आयौ मेरो सपनीमा | ७४ |
| निर्भीकजङ्ग रायमाझी | कालो अबिर | ७५ |
| शीतल कादम्बिनी | गजल | ७६ |
| सुदेश सत्याल | गाह्रो छ मान्छे हुन | ७७ |
| नवीन प्यासी | भुसिलकीरा | ७८ |
| सविता श्रेष्ठ 'बेहोसी' | बुद्ध : एक शीतल प्रवाह | ८० |
| महेश क्षितिज | रेगिस्तान | ८१ |
| अनीता लामा | पसिना | ८३ |
| रोशन पुन | परिचय | ८४ |

## गीत / गजल


| | | |
|---|---|---|
| नरेन्द्रराज प्रसाई | माया गीत | ८६ |
| सुमन पोखरेल | दुई गीत | ८६ |
| लीलाराज दाहाल | गजल | ८७ |
| गीता त्रिपाठी | दुई गीत | ८८ |
| धनराज गिरी | गजल | ८९ |
| पुष्प अधिकारी 'अञ्जली' | गजल | ९० |
| वसन्तमोहन अधिकारी | गजल | ९० |
| ललिता दोषी | लाग्दैनन् काटिए पङ्ख | ९१ |
| अलका मल्ल | फेरि अलमल्यान नआऊ | ९२ |


## कथा


| | | |
|---|---|---|
| उषा शेरचन | सुरक्षा | ९३ |
| कृष्ण धरावासी | आँखा | ९८ |
| बाबा न्यौपाने | भीमा | १०८ |
| जलेश्वरी श्रेष्ठ | अपरिचिता | ११७ |
| एल. बी. छेत्री | केरेनको कथा | १२१ |
| एस्पी कोइराला | अविस्मरणीय भोज | १२६ |
| इन्दिरा प्रसाई | झल्याँस्स | १३६ |
| डा. राजुबाबु श्रेष्ठ | बोझ | १४८ |
| अमर शाह | पुस्तान्तर | १५४ |
| बबिता बस्नेत | धर्म छाडेको दिन | १५९ |
| दिलीप शाह | चङ्गा | १६५ |
| महेश पौड्याल | ओरालो | १७२ |
| सविता श्रेष्ठ 'बेहोसी' | सान्निध्य | १७८ |
| मणि लोहनी | पुरानो प्रेमकथा | १८० |
| भानु बोखिम | आश्वासनको जालो | १८४ |
| सविता विमली | परिचक्र | १९३ |
| दिवाकर सुवेदी | होसोहवास | १९६ |
| मञ्जु बिमली | नजुवा जफार र लन्डनको प्याज | २०० |

## निबन्ध / संस्मरण


| | | |
|---|---|---|
| विमल कोइराला | अनुत्तरित प्रश्नहरू | २१७ |
| डा. गोविन्दराज भट्टराई | महाकालसित एक छोटो संवाद | २२१ |
| हरिप्रसाद मानसाग्नि | बाँसको माहात्म्य | २२५ |
| जङ्गब चौहान | पितरबुर्गमा एक दिन गोर्कीको नाममा | २३१ |
| आत्माराम खरेल | एक कहानी साहित्यमा पुनरारम्भको | २४९ |
| डोलीन्द्र शर्मा | कैलास पर्वत : जहाँबाट नियालिरहेछु... | २५३ |
| डा. अञ्जना भट्टराई | कोरोनाको लकडाउनमा सृजना | २५८ |
| केशव सिग्देल | झ्यालबाहिर | २६३ |
| हरिप्रसाद सिलवाल | बिचौलिय ट्रिक सफर ! | २६७ |
| गोविन्द भट्टराई | माननीयज्यूको मोटरसाइकल | २७३ |
| बलराम अधिकारी | अस्तित्व विस्तारको इच्छा... | २७६ |
| अनुपम रोशी | ऊ अर्थात् एउटा भ्रम | २८१ |
| नीलकमल | कर्म योन्जन : मेलोडी किङ अफ दार्जिलिङ | २८४ |
| मदन राई 'लामाखुले' | स्विटजरल्यान्डको हिमालमा रमाउँदा | २८८ |
| घिमिरे युवराज | गोरखालीले हारेको अर्को युद्ध | २९२ |


## समालोचना


| | | |
|---|---|---|
| डा. कुलप्रसाद कोइराला | माधवप्रसाद पोखरेलको निबन्धकारिता | ३०३ |
| डा. घनश्याम न्यौपाने | 'जीवाश्म'-को अनुगमन र उत्खनन | ३०९ |
| डा. लक्ष्मणप्रसाद गौतम | सृजनात्मक लेखनको स्वरूप | ३१९ |
| डा. कृष्णराज डी. सी. | निबन्धकार मोमिलाको निबन्धकारिता | ३२७ |
| ज्ञानू अधिकारी | कठघरामा नेपाली समालोचना | ३४४ |
| सुरेश हाचेकाली | इगोट्रोनको सैद्धान्तिका चस्मा... | ३४८ |


## कृतिपरिचय


| | | |
|---|---|---|
| केशव सिग्देल | कन्नडा भाषामा ५० नेपाली कविता | ३६९ |
| केशव सिग्देल | 'क्लाउड्स'-मा देखिएको सिर्जनाको उज्यालो | ३७० |
| ठाकुर बेलबासे | 'आधि' र पुरुष पीडा | ३७२ |
| ठाकुर बेलबासे | छोटा कविताको गह्रौँ कृति | ३७५ |

| | | |
|---|---|---|
| मणि लोहनी | खुसीको खोजमा केन्द्रित 'तृषा' | ३७८ |
| महेश कार्की क्षितिज | ज्ञानूको समालोचनामा बौद्धिकताको आयाम | ३८० |
| एलिसा ढुङ्गाना | 'मृत्युको अघिल्तिर' जीवनको उज्यालो | ३८३ |
| जिचेन स्याङतान | 'ऐकिक चक्रव्यूह समालोचना' : सिद्धान्तपरक... | ३८५ |


## प्रवासबाट


| | | |
|---|---|---|
| गोविन्द गिरी प्रेरणा | आमा र विश्वविद्यालय | ३८८ |
| रक्ष राई | छोरालाई चिठी | ३८९ |
| मिजास तेम्बे | बहादुर जीवनसँगिनी हुँ म | ३९२ |
| प्रगति राई | मूर्ख मानिस | ३९३ |
| जुनू राना | आमा | ३९४ |
| जानू काम्बाङ लिम्बू | बेल्जियमको माटोमा वीर गोरखाली... | ३९६ |


## विश्वसाहित्य


| | |
|---|---|
| जर्मेन डुगेनब्रुट/केशव सिग्देल | ४०१ |
| हाडा सेन्डो/केशव सिग्देल | ४०१ |
| कैरात दुइसेनोभ पारमान / केशव सिग्देल | ४०२ |
| भिचेस्लाभ कुप्रियानोभ / केशव सिग्देल | ४०३ |
| गाम्बोजाभ मेन्ड-ओयो / केशव सिग्देल | ४०४ |
| जिडी माजिया / केशव सिग्देल | ४०५ |
| तियान युआन / केशव सिग्देल | ४०५ |
| बेङ्ग्ट बर्ग / केशव सिग्देल | ४०६ |
| तानिया चक्रवर्ती / केशव सिग्देल | ४०७ |
| ड्यान डिस्ने / केशव सिग्देल | ४०७ |
| इस्तभान दाबी / केशव सिग्देल | ४०८ |
| क्रिस्टोफर ओकेम्बा / केशव सिग्देल | ४०८ |
| अमिनुर रहमान / केशव सिग्देल | ४०९ |
| जोसेफ जुआरेज / केशव सिग्देल | ४१० |
| ग्युलियो टेड्सी / केशव सिग्देल | ४११ |
| टामी मेलोडी गोमेज / केशव सिग्देल | ४१२ |

हिलाल करहन / केशव सिग्देल ४१४
पावोल जानिक / केशव सिग्देल ४१५
मकभाला गोनासभिली / सुमन पोखरेल ४१५
लीलाधर मन्डलोई / सुमन पोखरेल ४१६
आरजू मोख्तराइन / सुमन पोखरेल ४१८
मिथिलेश आदित्य / विवश पोखरेल ४१८
केट चोपेँ / महेश पौड्याल ४२०

**कविता**

सुलोचना मानन्धर

# माटो भूट बोल्दैन



माटो भूट बोल्दैन
चुपचाप रहनु उसको स्वभाव हो
तर यसको अर्थ यो हैन
कि ऊ बोल्नै सक्दैन।

जब बोल्छ, ऊ सत्य बोल्छ
स्रष्टा हो ऊ, आफ्नै सृजना भएर बोल्छ
सबैको पालनकर्ता
आफ्नै गर्भभित्रको संसार भएर बोल्छ।

उसको छाती खनेर
आफ्नो छातीमा तक्मा भिर्न
लोभीपापी जब लुछाचुँडी गर्छन्
माटो
समभावमै रहेर
उत्तिकै प्रेम र उही सुगन्ध बाँडिरहन्छ
प्रेमको भाषा सिकाइरहन्छ।

भूट बोल्दैन माटो
प्रेमको भाषामा
ऊ सत्य बोलिरहन्छ
सधैँ बोलिरहन्छ।

◆

राजेश्वर कार्की

# खलनायकको टापु र ऐनाको बोली



युगौँदेखि म जुन टापुमा छु
यो टापु स्वयम्मै
प्रकृतिको आदर्श आइसोलेसनमा छ।

यो टापुमा
घाम, जून र ताराहरू पनि
समुद्रमा नुहाएर मात्र प्रवेश गर्छन्
यहाँका आकाश-धरती पनि
बारबार समुद्रमा नुहाएर पवित्र बन्छन्
यहाँका घरगाउँ र गोरेटाहरू पनि
आफ्नै सुकुमारी सौन्दर्यले पुलकित छन्
यहाँका वनजङ्गलहरू पनि
आफ्नै सुकुमारी सुगन्धले रोमाञ्चित छन्
यहाँका चराहरू पनि
समुद्रको सरगममा आफ्नै भाका सुसेल्छन्
मानौँ यो टापु स्वयम् नै
विश्व सौन्दर्यको सर्वश्री ताज हो।

हिजोआज यो शान्त र सुन्दर टापुमा
हूलका हूल मानिसहरू ननुहाएरै प्रवेश गरिरहेछन्
कोही अन्यबाट सताइएर त
कोही आफ्नोमा रमाउन नसकेर प्रवेश गरिहेछन्
कति मानिसहरू त
विभिन्न अवतारको पासपोर्ट भिरेर प्रवेश गरिरहेछन्
कोही अधर्मी मनका धर्मभीरु मसिहा
कोही नैतिक बार भत्काउन माहिर विचारका मसिहा
कोही काला कर्तुत ढाक्न माहिर बर्दीका मसिहा
कोही ढुङ्गाजस्तो आफ्नै स्वार्थको पोकोमा ठेस लागेका दर्दका मसिहा
सबैसबै बस्तीभरि नायक अवतारमा अवतरित छन्।

म भने कुनै किंवदन्तीजस्तो
एक्लो बृहस्पति भूटो ठानिएसरि
नायकहरूबीच नजरमा खलनायक भइसकेछु।

यो खलनायकी आवरणको पीडाबाट मुक्त हुन
म अर्को कुन टापुको शरणमा जाऊँ
र आइसोलेसनमा बसूँ!

जहाँ जाऊँ, द्वारमै कोरोना तैनाथ छन्
भित्र त भन्
मेरो टापुका मसिहाहरूका पनि बाबुबाजेजस्ता
महामसिहाहरू पो राज गर्दा रहेछन्...!

तर त्यो टापुको एउटा राज!
त्यहाँको ऐनामा–
नायक अवतारका महामसिहाहरू खलनायक देखिन्थे
खलनायक दरिएको म नायक देखिन्थेँ।

अब म सधैँझैँ आवरण देखिने नभएर
आत्मसत्य बोल्ने यो ऐनाले
म मेरै टापुको सीमाबार लगाउन चाहन्छु!
ताकि आफ्नो सक्कली अनुहार देखेर
छिमेकीहरू पनि लजाऊन्!

◆

डा. हेमचन्द्र नेपाल

# गिर्दो मानवता रहन्न यसरी



जस्ले जीवन दिन्छ, लिन्छ उसले भूभार बढ्दै गए
ठूला देश लडे, मरे, प्रकृतिका जीवात केके भए
कैले प्लेग उठेर त्रस्त धरती, कैले महाविप्लव
साक्षी छन् अझ विश्वमा बिफरका बुट्टा खिपेका जन।

वन्मारा रज बूटबाट कहिले भित्रेर आयो यहाँ
औलो बाहिरबाट भित्रिन गयो, रोगी बढे झन् नयाँ
भोभो, भौतिक उन्नति-प्रगतिको उल्टाऊ बाटो अब
आमा हुन् प्रकृति, प्रगाढ ममता पोखी विकासे बन।

कस्तो शान्ति छ, यन्त्र बन्द सब छन् आकाश-धर्तीतल
पीरो छैन धुवाँ तथापि घरका मान्छेहरू विभ्रम
को-रोना जति झार्छ आँसु गहमा झस्किन्छ विश्वात्मना
गिर्दो मानवता रहन्न यसरी, बौरिन्छ विश्वासमा।

साना राज्यसँगै महानगरका साम्राज्य ढल्दै गए
हाते बन्दुक, शस्त्र-अस्त्र बलिया भण्डारमा नै रहे
जे छोए पनि विश्व मानव यहाँ सर्दै छ सङ्क्रामक
थुप्रै कोसिसबाट सङ्क्रमणको भेटिन्छ उद्धारक।

जस्ले दोहन गर्छ विश्वप्रकृति, ब्रह्माण्ड नै खल्बल
जस्ले रक्षण गर्छ विश्व-प्रकृति प्रेमाश्रुले मग्मग
लाखौँ औषध, रत्न छन् प्रकृतिमा; फर्केर आऊ घर
अर्पी सीप नयाँ-नयाँ रहरले नेपाल होस् उर्वर।

◆

चन्द्र घिमिरे

# नयाँ बाटो हिँड्दा



अरूले हिँडेको बाटोमा
भेट्ने अरूलाई हो
आफूलाई भेट्ने छौ
तिम्ले नयाँ बाटो हिँड्दा।

पुरानो बाटो हीनताबोधमा टुङ्गिन्छ
र त घरीघरी घुर्की लाउँछन्
नयाँ बाटोसँग
तिम्ले नयाँ बाटो हिँड्दा।

छेउछाउकाहरू
खतरा महसुस गर्छन्
र निन्दाको पासो थाप्छन्
तिम्ले नयाँ बाटो हिँड्दा।

डुब्नु के नयाँ कुरा भो र?
बाँचे समुद्रमा
भेटिने नयाँनयाँ टापू हो
तिम्ले नयाँ बाटो हिँड्दा।

भन्नेले आत्महत्या भनून्
एक दिन तिमी मेरो 'महानायक' हुने छौ
तिम्ले नयाँ बाटो खन्दा।

◆

रवीन्द्र मिश्र

# तिम्रो र मेरो नाममा



तिमीलाई थाहा छ मित्र!
संसारका सुन्दरतम शब्दहरू सायद
तिमी र मबारे लेखिएका छन्
तिमी र मजस्ता अर्बौं मान्छेहरू
ठूलठूला विद्वान्का विचार र
अनुसन्धानका विषय भएका छन्।

तिम्रा र मेरा लागि
रक्तिम युद्धहरू लडिएका छन्
ठूलठूला नेता
तिम्रो र मेरो गर्भबाट जन्मिएका छन्
याद गर त, तिनका आगोजस्ता भाषणमा
उनीहरू होइन, तिमी र म दन्किएका छौँ

विचार गर त, तिनको विचारको गहिराइमा
उनीहरू होइन, तिमी र म चम्किएका छौँ।

तिम्रो र मेरो नाममा तिनले आकाशबाट
कहिल्यै नझर्ने चन्द्रमा झारिदिए
तिम्रो र मेरो नाममा तिनले धरतीबाट
कहिल्यै नउड्ने सपना उडाइदिए
तिमी र म महान् काव्यको अङ्ग बनेका छौँ
तिमी र म महान् कलाको रङ्ग बनेका छौँ
हाम्रो आँसु सङ्गीत बनेर झङ्कृत भएको छ
हाम्रो जीवन रङ्गमञ्चमा मञ्चित भएको छ।

सम्झ त एक पटक
हाम्रा खिया परेका हात र सुकेका नलीखुट्टा
हाम्रा टाक्सिएका छाती र च्यातिएका धोती
गरिबीको कर्दले छियाछिया पारेको मुहार
उमेर नै नपुगी बुढ्यौलिएको अनुहार
सम्झ त एक पटक।

तिमीलाई र मलाई जीवन्त उतार्ने
ती लेखक, कवि, चित्रकार
साहित्यकार अनि सङ्गीतकार
ती अनेकौँ नेता, विद्वान् र विचारक
सबैले ठूलठूला पुरस्कार पाएका छन्
मञ्चमा माला लाउँदा नि
हामीलाई नै सम्झिएर भावुक भएका छन्।

तर साथी! तिमी र म
पानीको एक घुट्काले धानेको सासमा
कहिल्यै नभेटिने लक्ष्यको आसमा
हिँडेकाहिँडेकै छौँ, हिँडेकाहिँडेकै छौँ
लक्ष्यमा ती पुगे
जो तिम्रो र मेरो कथा लेख्छन्
लक्ष्यमा ती पुगे

जो तिम्रोमेरो व्यथा बेच्छन्
तिमी र म चाहिँ
कहिल्यै नपुगिने गन्तव्यको आसमा हिँडेकाहिँडेकै छौँ।

◆

उत्तम भौकाजी

## ऐना



कोठामा बस्दा
अक्सर
म ऐना हेर्छु
र
ऐनाले पनि
मलाई नै
एकटक
हेरिरहन्छ।

एकान्तमा
एक्लै
एक्लो महसुस
गर्छु– म
तब
ठिङ्ग उभिएर
ऐनाको अघिल्तिर
मुस्कुराउँछु एकछिन
त्यतिखेर
ऐना पनि
मसँगसँगै
मुसुक्क मुस्कुराउँछ।

कहिलेकाहीँ
खिन्न हुँदा मन

निराश अनुहार लिएर
जब म
ऐनाअघि उभिन्छु
मजस्तै निराश
निराश भइदिन्छ– ऊ
र
लाग्छ, मेरो मन मिल्ने साथी
हमेसा मेरै साथ छ।

ऐनाले
मेरो हर्कत
एक-एक
नोटिस गरिराखेको हुन्छ
तर
रेकर्डेड हुन्नन् ती
कहिलेकाहीँ त लाग्छ
कोठामा मेरो
गोपनीयता
भङ्ग भइरहेछ
र
ऐनाको अगाडि
सधैँ उदाङ्ग म
झ्यामझुरुम फुटाइदिऊँ
ऐनालाई
वा
छ्याङ्ग सिसा बनाएर
सर्वाङ्ग नाङ्गो बनाइदिऊँ
र
ऐनाकै अस्तित्व मेटाइदिऊँ।

तर
ऐना नै हो
मेरो बैँसको साथी
सम्झन्छु–

मेरो डन्डिफोर
अनुहारको कालो पोतो
र
हिसी नपरेको अनुहार
जसलाई
क्रमश: उजिल्याउँदै
यही ऐनाले
बदलिदियो– मेरो हुलिया।

यो ऐना
अझै मेरो
कोठाको भित्तामा
एक्लै झुन्डिरहेको छ
घरीघरी सोच्छु–
नभइदिएको भए
यो ऐना
मेरो राम्रो-नराम्रो
अनुहारको बयान
अरू कसले गर्थ्यो होला र खै?

जे छ त्यही भन्ने
यो ऐनाको बानी
मलाई भने
औधी मन पर्छ।

◆

सुरेन्द्र श्रेष्ठ

## तिम्रो माया नबुझेर सायद!



कुनै दिन–
तिम्रो माया नबुझेर सायद!
तिम्रो प्रेम याचनाका असङ्ख्य गुलाबहरू
घरको कुनामा डस्टबिनभरिभरि कसिँगरझैँ थुपारेछु

तिम्रा प्रेमदूतसरि ती गुलाबहरू जो–
मबाट टाढा नभए नि अर्थहीन
आँखैअगाडि भए नि सरोकारहीन
आफ्नै परिधिमा भए नि प्रेमहीन
अझ अपमानको रापले डढेर जीवनहीन
आज महसुस गरिहेछु
र तिम्रा प्रेमदूतसरि ती गुलाबका
केवल निरीह आँखा सम्झिरहेछु...

कुनै दिन तिम्रो माया नबुझेर सायद!
तिम्रो प्रेम याचनाका असङ्ख्य गुलाबहरू
पैतालाले कुल्चीकुल्ची
घरको कुनामा डस्टबिनभरि कसिँगरझैँ थुपारेछु

त्यतिखेर तिमीले–
डस्टबिनबाट सकसमै टाउको उठाएर गुलाबको आँखाले
मेरो आसक्तिपूर्ण टेलिभिजन प्रेम हेरिरह्यौ
मेरो क्लाइमेक्सको कम्प्युटर प्रेम हेरिरह्यौ
मेरो निर्लज्ज मोबाइल प्रेम हेरिरह्यौ
घरभरि वाइफाईको हाइफाई प्रेम पनि हेरिरह्यौ

बदलामा आज–
अदृश्य यमदूतझैँ कोरोना भएर तिमी
त्यही डस्टबिनबाट मसँग हुङ्कार गरिरहेछौ
सायद मलाई तिमी घुर्क्याइरहेछौ

हो, कुनै दिन
तिम्रो माया नबुझेर सायद!
तिम्रो प्रेम याचनाका असङ्ख्य गुलाबहरू
अहङ्कारले कुल्चेर
घरको कुनामा डस्टबिनभरि कसिँगरझैँ थुपारेछु

मलाई माफ गर प्रिय!
आज मेरा सारा अहङ्कारहरू पैतालामुनि दबाएर

केवल तिम्रो नाममा सयौँ गुलाबहरू
मेरो छातीमा फुलाएको छु

मलाई विश्वास छ प्रकृति!
मेरी प्रिया!
तिमी मेरो छातीमा कुल्चने छैनौ...

कुनै दिन–
तिम्रो माया नबुझेर सायद!
तिम्रो प्रेम याचनाका असङ्ख्य गुलाबहरू
घरको कुनामा डस्टबिनभरिभरि कसिँगरझैँ थुपारेछु।

◆

रत्नमणि नेपाल

# हामी चालू भयौँ



र, अब सकिन्छ यो झैपरी आएको एकान्त वास
एउटा लामो यात्रा जो तय गर्नु छ...

हरारीले जे भने पनि
हाम्रो इच्छा, हाम्रो कल्पना
सिलिकन झ्यालीमा औँलाको रेखाको बाकसमा कैद भए पनि
वा, शिवजटामा बेरिएको शेषनागको जिब्रोको आदेशमा चले पनि
वा, हाम्रै मनखुसीमा लालमोहरमा, सनदमा हुकुम प्रमाङ्गीमा चले पनि
वा, चल्दै नचले पनि, ठप्प भए पनि, लकडाउन भए पनि
आखिर हिजो पनि अँध्यारो बालेर क्षितिजमा चेतना देखेकै हो
हिजोभन्दा केही दिनपछि जूनकीरीको उज्यालोमा बाटो टेकेकै हो
हाडमासु र रगतले बनेका ती हाम्रै खुट्टा थिए
ब्रह्माण्डभरि छरिएका यी सूर्यका सन्तान देख्ने हाम्रै आँखा थिए
हकिन्सले जे भने पनि
वा, तिनको तालुमा जति नै ठूलो सङ्कटको आलु फले पनि
हामी चालू भयौँ

हामी अब खाँदैनौँ चमेराको सूप
राजधानीमा या गाउँमा या सहरको कर्पोरेट मालिकको सुकिलो कुर्सीमा
या भुइँमा उभिएर, थाकेर भोक लागेछ भने
पस्दैनौँ हामी कुनै अत्याधुनिक कोरियन रेस्टुराँ
चपाउँदैनौँ अक्टोपसको छाला
अब ठीक होइन खानु सर्पको गिदी, भ्यागुताको मुटु र खसीको गर्धन
अनि बारीको डिलको डाले घाँसको सुकुटी
अनि मुस्ताङी स्याउको जुस
ठीक होइन अब भोजभतेरका लागि नयाँ पाइजामा सिलाउनु

र, अब हामी केवल चिसो हावा खान्छौँ
अनि त्यसपछि पिउन थाल्छौँ पानी
अनि सानासाना फिँगे माछा
अनि घरपालुवा जर्मन सेफर्ड कुकुर
त्यसपछि तबेलमा बाँधेका घोडा
अनि त्यो बडेमानको चिम्प्यान्जी
अनि त अलिक भोक लागिहालेछ भने हामीलाई
केलाईकेलाई खाने छौँ जमिनका ब्याक्टेरिया
छानीछानी पिउने छौँ पानीको शुद्धता
अनि त बिस्तारैबिस्तारै मानवता र ईश्वरको प्रार्थनामा
पापी पेट र सुन्दर भविष्यको सम्झनामा
अनि त रमाइलो जिन्दगी र बारम्बार हजुर भनिरहने स्त्रीको नाममा
भुइँमान्छेको छालाको गलबन्दी हिउँदको न्यानोका लागि
कलेजोको भुटुवा शरीरको तागतका लागि
नाडीको हाड घाँटीको शोभाका लागि
तिनीहरूका सपना प्राथमिक कक्षाका सावाँ अक्षरका लागि
चाहिने छ हामीलाई जो अब एउटा लामो यात्रामा छौँ

भविष्य पुराणले जे भने पनि
हाम्रो इच्छा, हाम्रो कल्पना
अहम् वा म वा हाम्रो
वा पाँचै ज्ञानेन्द्रियबाट शरीरमा पस्ने वायुको ठूलै पहाडले थिचे पनि
अब हामी करिबकरिब चालू भयौँ।

◆

कृसु छेत्री

# समाचारमा मेरी आमा



सन्तान प्रबासिएपछि
सात दशक नाघेकी
हिमालजस्ती मेरी आमा
सेतै हिउँ फुलाएर कपालमा
दन्तहीन अनुहारमा
सुनाखरी फुलाउँछिन् समाचारमा देश हाँस्दा
हिमनदी बगाउँछिन् समाचारमा परदेश रुँदा

समाचार हुन नसकेको
मेरी आमाको एउटा खबर!

वर्षौंपछि
आमाको मुख हेर्ने दिन
हामी बाउछोरा
हिँड्दै थियौँ आमासँगै
थरथर काँप्दै
हिँड्दै हुनुहुन्थ्यो आमा
लट्ठीको सहारामा हामीसँगै

हिँड्दाहिँड्दै एक्कासि
ठेस लाग्यो मलाई
सकीनसकी सहारा बन्नुभयो
मेरी आमा

छेउमै कानमा इयरफोन ठोसेर
मेरो छोरो बेखबरसित
गुनगुनाउँदै थियो
ह्यापी मदर्स डेको अङ्ग्रेजी गीत।

◆

सोझो गाउँले

# हाइब्रिड देश



मुसाको चटनीसँग
दुई बटुका जाँड सिनित्त पारेपछि
जोसिएको हरिप्रसाद पन्त
बुधनी थारूको हात समाउँदै
माघीमा सखिया नाच्न निस्कियो।

यस पालिको छुट्टीमा
नामोती लिम्बूसँग
पालाम गाउन बसेको
वीरबहादुर बस्नेत
चासोक तङनाममा
धान नाचेको सम्झिँदै
छाउनी फर्कियो।

टुङ्नाको धुनमा लट्ठिएर
छिरिङ दोर्जे सेर्पासित
लेकतिर लागेकी रतिया महतो
भेडीगोठमा मीठो भोटे चिया पकाउँछे।

प्रेमको पखेटा फिँजाउँदै
चार भन्ज्याङ नाघेकी
लुमन्ती शाक्य
रामभरोस यादवलाई अचेल
नेवारी परिकार खुवाउँछे।

जिन्दगीको गोरेटोमा
हात समाएर हिँड्दाहिँड्दै
तायाहाङ राईले बिनायो बजाएपछि
हिरामाया मोक्तानले पनि
तामाङ सेलो सुनाई।

रोधीघरको मारुनीमा
कम्मर मर्काउँदै सङ्गीता गुरुङले
सोरठी गाउन सिपालु
जितबहादुर मगरलाई
मोहनी लाएरै छाडी।

दोहोरी गाउँदागाउँदै
मायाको डोरीले बाँधिएपछि
नौमती बजाउँदै दलजित विश्वकर्माले
कुमारी ममता शाहीलाई
दुलही बनाएर भित्र्यायो।

◆

ज्योति जङ्गल

# समुद्र



समुद्रलाई
पिएर सुकाउन खोज्नु पनि
थुनेर लुकाउन सोच्नु पनि
तिमी त्यसैमा डुब्नु हो।

छाल उठ्छन्
छाल मात्र कहाँ उठ्छन्
गतिला आवेगहरू उर्लिन्छन्
लुटपुटु पारेर निलिदिन सक्छे ऊ ब्रह्माण्ड
ब्रह्माण्डका घातक जीवहरू
स्वयम् तिम्रो गिदी
सदैव चिप्ल्याउन खोज्ने चिप्लो न्याल
हरदम चियो गरिरहने घिनलाग्दा आँखा।

खुट्टा मात्रै नपखाल्नू हरदम
समुद्रको पानीमा

नजिस्काउनू अस्तित्वमा पेच पारेर
नखसाउनू झिल्को
सारा पानीमा अग्निको दहक उर्लन सक्छ
डढ्छन् सबभन्दा पहिला
अमुक मान्छेहरू
जो प्वाल पार्न खोज्छन् मस्तिष्कको अन्तिम सतह
हँसी उडाउँछन् किनाराको
जहाँ उभिएका छन्।

स्वीकार!
उसको शृङ्गार हो विद्रोह
बहुत धैर्य गर्नुपर्छ विद्रोहले जिन्दगी सिँगार्न
बिना कुनै आड उभिन
बहुत पसिना काढ्नुपर्छ सहन
असीमित गर्नुपर्छ श्रम समुद्र बाँच्न।

नथकाउनू
भोक लाग्छ उसलाई
असाध्य भोकाई भने ऊ
शिर निलेर अघाउँछे।

◆

देवान किराती

# प्रेमको लास



म प्रेम गर्छु
तिमीलाई– हैन
लासलाई।

मृत्युबारे सोच्दै छौ– आफ्नो
बन्द गर सोच्न
मेरो प्रेम अपुग छ, आफ्नै लासलाई।

यी काँधहरू देख्दै छौ नि!
यो छाती हेर्दै छौ नि!
सोच्दै हौला
एकछिन टाउको राखेर
प्रेमिल बातहरू गर्न पाए...।

अहँ, हुन्न
यी काँधहरूमा त
यो छातीमा त
वर्षौंवर्षदेखि बोकेर हिँडेको छु
आफ्नै लास।

यो मुस्कान या खुसी अनुहार
यो आँसु या दुःखी अनुहार
यो आक्रोश र आवेगको अनुहार
या तिमीले नदेखेका यी शरीरका अवयवहरू
लासका सानासाना टुक्राहरू मात्रै हुन्
र जहाँजहाँ पुग्छु म
यो छातीबाट
यी काँधहरूबाट
चाहेर-नचाहेर
लासका यिनै टुक्राहरू खस्छन्।

मानिसहरू घृणा गर्छन्
यिनै टुक्रा लासलाई
मानिसहरू श्रद्धा गर्छन्
यिनै टुक्रा लासलाई
या अफबाह फैलाउँछन्
लासबारे
हैन, मबारे
तर म
प्रेम गर्छु/गरिरहन्छु
तिमीलाई– हैन लासलाई।

जब झर्ने छ
लासको अन्तिम टुक्रा
अमुक गुफामा
मेरो प्रेम
त्यही लास हुने छ
मान्नू,
मेरो प्रेमको लास
तिमीलाई समर्पण।

मान्नू
उहिल्यै-उहिले
देवताले बोकेर हिँडेकै हो
आफ्नी प्रेमिकाको लास
मेरो लास-प्रेम
तिमीलाई अर्पण।

◆

पदम दाहाल

# कोरोना कहर



कोरोना त्रास अहिले
कुम्लोकुटुरो बोकेर
गाउँघरका बस्ती ताकेर फिर्दै छ
सहरका बग्रेल्ती मान्छे सोहोरेर
रातारात गाउँ र देहाततिर छिर्दै छ
बाबूनानी चेपेर जानाजान
जन्मघर सम्झेर फर्किंदै छ
लम्पसार सडकमा भोक र तिर्खा बिछ्याएर
थकित रात असरल्लतामा थन्क्याएर
जबर्जस्ती हिँडिरहेछ
गोरेटो, घोडेटोमा

हराएभैँ उमङ्ग
कचपल्टिँदो मन र तन उचालेर
तर्किंदै छ मान्छे
प्रहारबाट बच्न फर्किंदै छ मान्छे।

अधकल्चो काम तमाम थाती राखेर
हात र भोलाको सिरानीमा
अर्को नयाँ सपना बाटेर
सिङ्गो रात कटाइरहेछ मान्छे
लामो आयु र दिन दुवै
फटाइरहेछ मान्छे
छरपस्ट योजनाभित्र परेर अलपत्र
आफ्नै अँगालोभरि
दुखेको मन र मुटु बोकेर
हडबडाइरहेछ मान्छे।

मान्छे बोक्ने गाडी र सडक दुवै
उतै सहरहुँदो बिसाएर
बन्द कोठाभित्र मान्छे
पर्खिरहेछ– शान्ति
सर्पजस्तै डडाल्नोमाथि घाम पोखेर
व्यग्रतामा बाँचिरहेछ– सडक
थन्क्याएको छ मानिसले
उद्योगधन्दा र कलकारखाना
चाबी मारेको छ पसलेले
व्यापार र किनमेलमाथि
सामानको दरभाउ नबढुन्जेलका लागि
ज्यालामजदुरीले बिसाएका छन्
आफ्नो श्रम, औजार र पसिना
सुशासन भोग्नेले भोगिरहेछ अदृश्य अस्तव्यस्तता
र सिङ्गो विश्वले भेलिरहेछ
एउटा कहर, आक्रान्त जीवन र फगत विस्मयता।

यतिखेर भुटभुटिएको छ मान्छे
आफ्नो असरल्ल जिन्दगी

सुम्पिएर शाश्वत मृत्युलाई
अनि मान्छेसितै डराएको छ मान्छे
मान्छे देख्दै कहालिएको छ मान्छे
मान्छे आफै कोरोना कहर बोकेर
झम्टिरहेछ मान्छेमाथि
ताल्चा मारेर एक्लै एकान्त कोठा र विजन पथमा
कोरोनालाई पाता कसेर थन्क्याउन हेरिरहेछ बाटो
र विजयपताका हल्लाउन उत्सुक भइरहेछ मान्छे।

◆

सविता गौतम दाहाल

# पुनर्मिलन कोरोना समयमा



सुस्ताएर मानव जीवन
पल्टाउँछ डायरीका पाना
एलबम पुरानो
डुबुल्की मार्दै पौडी खेल्छन्
बाल्यकालका मीठा सम्झना
सबैका लागि बराबर हो कोरोना
जसरी कि सूर्य र चन्द्रमा!
फराकिलो फुर्सद
खोज्दै गए पुराना नाम
खोल्दै गए आफैभित्र थन्किएका
रङ्गीबिरङ्गी खाम
भेट्टाए प्रिय परिणाम!
वर्षौंपछि कुराकानी
मानौँ भयो नयाँ चिनाजानी
कोरोना-कोरोना गर्दागर्दै
साटिए कथा नयाँपुराना!
बितिसकेछन् दुई युग
नबोलेको, नभेटेको, खोजीसम्म नगरेको

दुई युग दुई प्रहरझैँ पो भइदिए
कुरैकुरामा ब्युँतियो सबकुछ
मानौँ कसैले रोकेको होस्
ती सबको चाल 'मूर्तिवत् बस' भनी!

आवाजको आफ्नोपन
नभेट्दा पनि आनन्दित
मानौँ सम्बन्धमा
भइरहेछ अनायास जल सिञ्चित!
उम्रँदै छन् बीज
हरियाली उद्घोष गर्दै
बाली सप्रने निश्चित लय कोर्दै
'समय' बाँडिरहेछ 'समय'!
यो कोरोना समय
सङ्गीतमय अक्षर
धुन बनी शब्द फैलाउँदै
सुन्दर पुस्तक 'पुनर्मिलन' रच्दै छ
प्रेमानुकूल समय
अविरल चलिरहेछ मनसँगै कलम
रोकेर बाहिरिने हरेक कदम
रहेन कुनै असमझदारी
हुने छ यो जीवन
एकान्त समय, सफा आकाश
स्वच्छ हावा अनि हरियाली
पाएकोमा आभारी
कोरोनालाई निश्चय पुऱ्याउने छौँ
मिलीजुली पातालपारि।

◆

दीप दर्पण

# घाट



कुनै अग्लो स्थानमा उभिएर
परपरसम्म नियाल्थ्यो भूगोल

आफू सत्तासीन ठान्थ्यो
फुल्थ्यो बेलुनजस्तै

शक्ति र सामर्थ्य तौलन्थ्यो मनमनै
जुँगामा ताउ लगाउँथ्यो

उपल्लो आसनमा बस्थ्यो
कोर्थ्यो जीवन ग्राफ
नाप्थ्यो भौतिक उचाइ

आकाश हेर्थ्यो
घोप्टो पर्थ्यो
मन्दमन्द मुस्कुराउँथ्यो

कहिले मिलाएर खान्थ्यो
कहिले खाएर मिलाउँथ्यो

सोच्थ्यो, मिलाउँथ्यो
मिलाउँथ्यो सोच्थ्यो
निकै मिलनसार थियो

बहुत चलाखीका साथ
सयौँ प्रपञ्चपछि
बनाएथ्यो एक लामो बायोडाटा
जीवनको

अघिसम्म जीवनलाई
नाफा र घाटामा जोखिरहेथ्यो

भर्खर
अहिले भर्खर
ऊ लम्पसार छ घाटमा।

◆

प्रज्वल अधिकारी

# एक सैनिकको डायरीबाट



आमा!
आजभोलि मलाई
सीमामा उभिन जान साह्रै डर लाग्छ!

जब बन्दुक लिएर सुरक्षार्थ खटिन्छु
मेरा गोडा थरर्र काँप्छन्
मैले लगाएको सुरक्षा कवचले
मैले खाएको शपथले
छेक्नै सक्दैन दुस्मनको गोली!

आश्चर्य त
मेरो बन्दुक मेरो इसारामा होइन
दुस्मनकै हुकुममा चल्न खोज्छ!

आमा!
गोरखाली कसरी वीर भए, मलाई थाहा छैन
कसरी लडे तोप विरुद्ध गुलेलीले
त्यो पनि थाहा छैन
इतिहासको साहस सुनेकै भरमा
वर्तमानमा जाइलाग्न सकिँदो रहेनछ।

हिजो सीमापारिको जवानले
वारि आएर मेरो साथीलाई पिट्यो

मैले केही गर्न सकिनँ
मेरो बन्दुकको ट्रिगरमा औँलो चल्नै मानेन!

आजभोलि मसँग आँट नै छैन आमा!
तिमीलाई जोगाउन सक्ने अवस्था नै छैन मसँग
जब दिमाग स्थिर राखेर साहस भर्छु
तब मेरो बन्दुकको नाल मैतिर फर्किन्छ!

नहार्ने, नझुक्ने, नडराउने भन्ने पाठ त पढेकै हो
तर के गर्नु आमा!
हावासँग युद्ध लड्नु आफ्नै मुटु बन्दकी राख्नु रहेछ!

मैले हारेँ आमा!
सकिनँ तिम्रो अस्मिता जोगाउन।

अन्तिम समयमा यत्ति भन्छु–
जब म ढल्ने छु
आफ्नै बन्दुकबाट निस्केको गोलीले
तब
मेरो रगतले एउटा यस्तो युग जन्माउने छ
जसले
सफा गर्ने छ खिया लागेको चेतनाको बन्दुक र
तेर्स्याउने छ ती गद्दार शासकहरूलाई
जो सत्तालिप्साको राल काढेर बसेका छन्।

◆

गोपीकृष्ण प्रसाईं

## यमराजको साइरन



अहिले नेपाल दुखेको छ
मेरो स्वाभिमान झुकेको छ
काठमाडौँभरि छरिए अनिष्टका रङहरू
फेरियो जीवन

अनि फेरिए बाँच्ने ढङ्गहरू
आकाशमा जाऊँ, ठाउँ छैन
पीडा लुकाउने कुनै गाउँ छैन
अर्को ग्रहमा जाने कुनै गेट छैन
ब्रह्माण्डमा विचरण गर्ने कुनै जेट छैन
प्यारो धरती यति बेला बौलाएको छ
यसका संरचनाहरू आपसमा ठोक्किएका छन्
महाद्वीपीय तख्ताहरू भोक्किएका छन्
लाले र कथुरे गोरुको गर्जनजस्तो
भारतीय तख्ता र तिब्बतीय तख्ताहरू डुक्रिएका छन्
असनको साँढेझैँ उद्दण्ड तर अथाह, भीषण शक्ति बोकेर
बारपाक, राजधानी र सिन्धुपाल्चोकमा थुप्रिएका छन्
विषमज्वर खनिएर धरती गडड कामिरहेछ
यो शान्त संसारमा यमराजको साइरन बजिरहेछ
यो कम्पनले साँच्चै बस्ती नै रुवायो
कलकल बग्ने झर्नाहरू नै सुकायो
कम्पन त आयो-आयो
पराकम्पनले झन् सतायो
मध्यरातमा आयो-आयो भन्छन्
मानौँ गाउँमा सोक्पा पसेको होस्
भीषण अनिष्ट बोकेर मन्दिरमा राक्षस बसेको होस्
७.६ रेक्टरको कम्पनले त जिजीविषाहरूलाई पछार्नु पछाऱ्यो
६.९ रेक्टरको पराकम्पनले फेरि मूर्च्छित इच्छाहरूलाई लछाऱ्यो
पराकम्पनहरू सबै खतरनाक-खतरनाक
महिनौँसम्म जीवन बन्यो आर्तनाद-आर्तनाद
प्रकृतिको यो खेलामा
सृष्टिको सुन्दर मेलामा
पृथ्वीको उन्माद निकै डरलाग्दो छ
मानव सभ्यता अनि रहरको मायामठ
साह्रै कहालीलाग्दो छ
आखिर पृथ्वी हल्लिएपछि जीवनको मूल्य थाहा हुन्छ
यो महाप्रलयमा तेरो र मेरो कहाँ हुन्छ?
हल्लाइदिएर पृथ्वीलाई भगवान्, तिमी के परीक्षा लिँदै छौ?
यो मानव सभ्यतालाई भीषण पीडा दिएर कुन शिक्षा दिँदै छौ?

कहिले ज्वालामुखी फुटेर
कहिले तख्ताहरू जुधेर
कहिले ज्वारभाटाहरू उठेर
पृथ्वी बौलाउँछ बेलाबेला
यो ग्रहमा आइरहन्छन् झमेला
जननीको रोदनले रौद्र रूप निकालेको छ आज
मनको अन्तरमा छिपेको पीडा विस्फोट भएको छ आज
आफ्नै सृष्टिहरू सोत्तर पार्न हे धरती माता, यो कस्तो खेल खेल्छ्यौ?
खण्डहर बनेर तिमी सन्तानको आँसु कसरी झेल्छ्यौ?
शून्य हृदय बोकेर मान्छेहरू आफैसँग टाढिएका छन्
सृजनाको संसार छाडेर आफैसँग भाँडिएका छन्
चिहान नखनीकनै मनहरू जमिनमुनि गाडिएका छन्
संसार जित्छु भन्ने साहसहरू कुनातिर सडिएका छन्
अहिले पनि बस्ती हल्लिएकोहल्लियै छ
यमराजको साइरन बजेकोबज्यै छ
मन हल्लिएको छ, शरीर हल्लिएको छ
ठूलो भूकम्पपछिको त्रसित वर्तमान रल्लिएकोरल्लियै छ
काँपिरहेछ पृथ्वी, ढ्याङ्ग्रो बजाएर फलाकिरहेको छ
प्राणको बलि चाहियो भनेर बीभत्स प्रलाप गरिरहेको छ
करबिरे मसान र मुर्कट्टाहरूको बिगबिगी बढेको बेला
यमराज साइरन बजाएर गर्दै छन् सृष्टि सिध्याउने खेला
लगातार बिजुवा, धामी कामेसरि काम्दै छ धरती
पृथ्वीलाई कम्पन आएपछि भगवान्को पनि लागेन अर्ती
विज्ञान हारेजस्तो
आध्यात्मिक चिन्तनले डेरा सारेजस्तो
धावा बोल्दै बस्तीमा यमराज आफै आएका छन्
चित्रगुप्त हराएको यो समय!
आकाशभरि अनिष्टको बादल छाएको छ
यो आतेसले त विश्वासै डगमगाउने हो कि?
यो पीडाले त सृष्टि नै छटपटाउने हो कि?
अहिले नेपाल हल्लिएको छ
बाटाहरू हल्लिएका छन्
शरीरका इन्द्रियहरू हल्लिएका छन्
जीवनका उमङ्गहरू थला परेका छन्

मेरा आकाङ्क्षाहरू विचलित भएका छन्
अल्कोहलिक हुँदै जिजीविषाहरू झल्लिएका छन्
कविताहरू हल्लिएका छन्
मायाप्रेमका शृङ्खलाहरू नै बरालिएका छन्
दिमाग हल्लिएको छ
आफ्नो मुटु आफैसँग छैन
गन्तव्यहीन यात्रा!
अस्थिरताले बाँच्ने शैली नै धराप भयो
यो वातावरण र परिवेश आज साँच्चै नै खराब भयो
आफ्नो कर्ममा रमेको धरती
सूर्यले यसलाई माया गर्छ
तर यो कम्पनले
सूर्य टाढिएझैँ लाग्छ
परिभ्रमण र परिक्रमण पनि भाँडिएझैँ लाग्छ
सरर्र... स्वाँ गर्दै डगडग पृथ्वी काम्दा
नौ ग्रहहरू आफ्ना भएनन्
तारामण्डलहरू आफ्ना भएनन्
घर हल्लिएको छ
पलङ हल्लिएको छ
छत हल्लिएको छ
देशै शोकमा डुबेको यो घडी
अग्लो हिमाल पनि पग्लिएको छ
मलाई त लाग्छ
यो गुरुत्वाकर्षण नै खलबलिएको छ
थुक्क साला जिन्दगी!
कृत्रिम हाँसोमा बाँचेको छ
हल्लिएर बाँचेको छ
पढेर दर्शन ज्ञानविज्ञानको
इतिहास, भूगोल अनि धर्मको!
तर आज शास्त्रहरू खलबलिएका छन्
अक्षरहरू हल्लिएका छन्
कुकुर, बिराला र पन्छीहरू आतङ्कित छन्
माया, प्रेम र खुसीहरू आतङ्कित छन्

सङ्घर्षका सुनौला सिँढीहरू भत्किएको यो समय!
आमाको माया काँपेको छ
आमाको अस्तित्व काँपेको छ
के यो महाप्रलयको पीडा सिस्मोग्राफले नापेको छ?
यमराजको साइरन!
यो साइरन यस्तो छ
मानौँ डाइनोसर अगाडि उभिएको होस्
मानौँ भस्मासुरले पछिपछि खेद्दै गरेको होस्
यस्तो दृश्य देखिन्छ
जहाँ तारापुञ्जहरू ब्ल्याकहोलभित्र पसिरहेछन्
आँखैअगाडि आकाशबाट निरन्तर उल्कापिण्डहरू खसिरहेछन्
भागिरहेको चराचर अनि डढिरहेको आकाश
बाँच्नुसँगको यो कस्तो हो सकस?
कालो सर्पले फणा फुलाएर खेदिरहेको
भोको बाघ तृष्णा बोकेर हेरिरहेको
एकोहोरो शङ्ख बजिरहेछ निरन्तर
मलामीहरू डराएको यो समय!
सुतौँ भन्छु, तन्द्रामै ऐठन हुन्छ
अस्थिर मन आँसुबिना नै रुन्छ
आकाशले पनि किन बादल मात्र छामिरहेको?
छि:, केको डरले हो धरती यस्तरी कामिरहेको?
हजार जिब्रा भएका शेषनागले पनि बयान गर्न नसक्ने यो समय
नेपालको राजधानी हल्लिएको छ
धरहरा, काष्ठमण्डप ढलिसके
ऐतिहासिक गोरखा दरबार गइगयो
बारपाकमा अवशेष मात्र रहिगयो
आकाशमा देवगणहरू त्राहिमाम् छन्
पातालमा वासुकि नागहरू आतङ्कित छन्
कसैलाई पनि शान्ति छैन
वीरभद्र, महाकालीको यो ताण्डव नृत्य
महिषासुरको उद्दण्डता
चण्डमुण्डको खतरनाक नौटङ्की
देशका सम्पदाहरू हल्लिएका छन्
चराचुरुङ्गीका लयहरू बिथोलिएका छन्

गजधुम्म परेर आकाशले के हेरेको होला?
चम्किरहने ताराले किन कोल्टो फेरेको होला?
सोचिरहनु बेकार छ
एकैछिनमा घरको पर्खाल काँप्न थाल्छ
एकैछिनमा बिजुलीको बल्ब नाच्न थाल्छ
प्रेतात्माहरू आएजस्तो सन्याङसुरुङ गर्दै आउँछ
हृदयभरि भय र आतङ्कले डेरा जमाउँछ
पशुपतिनाथको घर हल्लिएको छ
मेरो मन हल्लिएको छ
सुन्दर उपवन हल्लिएको छ!
यमराजको साइरनले साह्रै दुखेको छ मन
बस्ती नै दुखेको बेला कसलाई देखाउनु जलन?
मानव सभ्यता र संसार नै काँपिरहेभैँ लाग्छ
यसो सुत्न खोज्यो, प्रेतात्माले छोएभैँ लाग्छ
एउटा भीमकाय अव्यक्त पीडा र यो जीवन!
बाँच्नुसँगको अर्थ यहाँ खुल्दो रैछ
अब बाँचियो भनेर जीवन भुल्दो रैछ
बाँचेर त देखिन्छन् ती सुन्दर फूलहरू
बाँचिरहे ब्युँभिन्छन् ती पहाडका मूलहरू
बाँचिरहे भिकौँला दुखेका यी शूलहरू
बाँचिरहे सच्याउँला जीवनका भूलहरू
बाँच्ने इच्छा यति प्रबल भयो कि
भूकम्पको डर पनि हरायो
भूकम्प त आइरहेकै छ
तर केले यस्तो गरायो?
मेरा कल्पना आकाशमा उडिरहेछन्
मेरा सपना धरतीमा गुडिरहेछन्
मेरो पथप्रदर्शक ब्रह्माण्ड पनि हो
मेरो इच्छाशक्ति कल्पना पनि हो
यी स्वप्निल रहरहरू
भगवान्ले दिएका
म ईश्वरको पुजारी
म ईश्वरको उपासक
बाँच्ने रहर बढेको छ

हाँस्ने रहर बढेको छ
भूकम्प आउँदै गरोस्
तर विश्वासभित्र जीवन रमेको छ
तर जे भए पनि यमराजको साइरन बजिरहेको यो समय निकै डरलाग्दो छ
अनि बाँच्ने रहर पनि कति रहरलाग्दो छ?
जीवन र मृत्युबीचको यो कठिन समय
बयान गर्न नसकिने
र निकै कहालीलाग्दो छ।

◆

कविता राई गाउँले

## ऐना



तिमीलाई भेटेको दिनदेखि
तिम्रै आग्रहमा मैले
हेर्न छाडेकी थिएँ– ऐना!

तिमी मलाई भन्ने गर्थ्यौ–
मेरो अनुपस्थितिमा
आफूलाई हेर्न मन लाग्यो भने
बिहानै उठेर फूललाई हेर्नू!

साँच्चै यी फूलहरू
न लाली न पाउडर
न गाजल न लिपिस्टिक
बिना शृङ्गार
बिना सजावट
कतिबिघ्न सुन्दर!
कतिबिघ्न मोहक!

तिमीले त्यति भन्दिएपछि
म पनि आफूलाई

फूलजस्तै ठान्दै
हरेक बिहान
उही फूललाई मात्र हेर्न पुग्थेँ
उही फूललाई मात्र मुसार्न पुग्थेँ।

यस्तै क्रममा एक दिन
फूलले दिक्क मान्दै भन्यो–
अबउपरान्त तिमी
मसँग नदाँजिनू
बिहानबिहानै मलाई
एकोहोरिएर पनि नहेर्नू
किनकि
तिम्रा आँखाले देखेको
मेरा रूपरङ्ग
कालजयी नहुन सक्छ
जस्तो कि
अहिले
तिमीले रातै देखिरहेको यो रङ
क्षणभरमै
फुङ्ग उडिसकेको हुन सक्छ
अहिले मुस्कुराइरहेको यो रूप
क्षणभरमै
ओइलिसकेको हुन सक्छ।

नपत्याए जाऊ
र, राम्ररी आफूलाई ऐनामा हेर!

माफ गर प्रिय
तिम्रो वचनलाई तोडेर
आज मैले ऐना हेरेँ...!

◆

मुकुन्द प्रयास

# हिम्मत



केही अनुभवहरू
जस्तो कि
फूलको लय
आन्दोलनको लाठी चार्ज
र अस्पतालमा बिमारी कुरेर बिताएका रातहरू।

अझ पृथक् छन्
पटकैपिच्छे हारेका गोजीभरिका गुच्चा
बैँशका अनुभव
र जनप्रतिनिधिले आफूलाई शासक ठानेको दिन।

अनुभव छैन म आफू शासक भएको
तर
पक्कै मिसिएको हुनुपर्छ
कैयौँ पुस्ताअगाडि नै
मेरो रगतमा कुनै शासकको रगत
नत्र कसरी आउँथ्यो मभित्र
कुनै शासकको विरुद्धमा बोल्ने हिम्मत?

◆

जिचेन स्याङतान

# कोसेली माछा



उहिल्यै-उहिल्यै
एक दिन
सात समुद्र परबाट
यो देशको तलैयामा
कोसेली भएर आइपुगेछन्

जलकुम्भी झारजस्ता
केही जोडी टिपिलिया माछाहरू।

बिलकुलै नयाँ ठाउँ
बिलकुलै नयाँ परिवेश
र, बिलकुलै नयाँ मित्र
खुब रमाएछन्
कोसेली माछाहरू
र, मनाएछन् धुमधामसँग
हनिमुन।

केही समयपछि
ती माछाहरूमध्ये
कोही आमा भएछन्
कोही बा भएछन्
र भएछन्
हजुरबा अनि हजुरआमा।

अहो!
यता हेऱ्यो कोसेली माछा
उता हेऱ्यो कोसेली माछा
चारैतिर
जताततै
कोसेली माछैमाछा
मानौँ
यो एउटा नवोदित गाउँ हो
कोसेली माछाहरूको
जहाँ
आफ्नै तालमा नाच्ने गर्थे
काँडे, कत्ले र रेवा
जहाँ
आफ्नै लयमा बाँच्ने गर्थे
रहू, नैनी र फगेटा।

अपसोच !
कोसेली माछाहरूको
फैलावटसँगसँगै
बिस्तारैबिस्तारै
खुम्चिन थालेछ
रैथाने माछाहरूको
कहिल्यै नकुच्चिएको क्षेत्रफल
र, हराएछ एकाएक
तलाउको रैथाने सौन्दर्य
जसरी
आधा शताब्दीअघि
यो देशको सग्लो मानचित्रबाट
अचानक हराए
लिपू लेक
लिम्पियाधुरा
र, कालापानी।

◆

समर्पण श्री

## नयाँ वर्ष



नयाँ वर्ष स्वयम् आतङ्कित छ
नयाँ समयसँग

गएको वर्ष दिनहरू आन्दोलनमै बिते
हप्ताहरू लाठी चार्जमै सकिए
महिनाहरू मौनतामै बिलाए

पृथ्वीले ३६५ दिनमा
एक चक्कर मार्दा पनि
मारेन सहरको राजधानीले कुनै चक्कर

र त देख्न सकेन पहाडमा पहिरो
तराईमा बाढी
हिमालमा ठन्डी पसेको

गएको वर्ष त गयो
व्यर्थ प्रतीक्षाको एउटा घडी
साहूले घुरेर दिएको अन्तिम भाका
र सबैभन्दा ठूलो
बूढी औँलामा बसिरहेको गाढा छाप

अब नयाँ दिनहरूमा
उसै गरी लाग्ने छ घाम
हिजोजस्तै पोल्ने छ नाङ्गो आङ हुनेहरूको छाती

उसै गरी फैलने छ बादल
रोक्ने छ सपनाहरूको फैलावट

बज्ने छ पानी टिनका छानाहरू नचाउने गरी
बगाउने छ बाढीले आदिवासी घरका जग
सुस्केराहरू झन्झन् बढ्ने छन्
निको हुने छैन बूढो रूखलाई लागेको दम

यी जान्दाजान्दै
नयाँ वर्षले अनुमानै गर्न नसकेका
अनेक दिनहरू पनि बित्ने छन्

जस्तो कि दिउसै रात पारेर
बिजुलीको महसुल बढाउन सक्छ प्राधिकरण
टर्च लाइटको व्यापार बढाउन सक्छ बहुराष्ट्रिय कम्पनी

जस्तो कि देशै बेचिदिएर
राष्ट्रियताको मूल्य बढाउन सक्छ सरकारधारी एजेन्ट
जाबीको कारखाना खोलेर खरिद गर्न सक्छ स्वतन्त्रता

यो बेला नयाँ वर्ष आफै सशङ्कित छ
त्यसैले शुभकामनाको नाममा
उसले यस पटक पनि खुलेर भन्न सक्दैन
'संसारका मजदुरहरू एक हौँ।'

◆

सामना पहाड

## खुल्ला आकाश



बेबकुफ बनेका छन्
ध्रुवसत्यहरू पनि
यो बेबकुफ समयको अघिल्तिर
सगरमा देखिएको सागर
सागरमा छोइएको सगर
सागर पुग्ने अनन्त यात्रा
चुपचाप बेहोरिरहेको पवन
हुत्तिएर समयको बाहुबलबाट
फैलिरहेको खुल्ला अकाश
नहिँडे पनि हिँडिरहेका सुन्दर पहाड
विचारको पर्खालबाट अनन्त झुल्किरहेको घाम।

भ्रम लाग्न सक्छ
यतिखेर चट्याङ र सुनामीहरूलाई
इन्द्रेनीका मीठा गीतहरू
अनौठो लाग्न सक्छन्
सन्दिग्ध समयलाई
नदीका गतिशील नृत्यहरू
अर्थहीन लाग्न सक्छन्
भीडहरूलाई चुनौतीपूर्ण हाम्रा यात्राहरू
कतिन्जेल गर्न सकिन्छ र
गतिशील जीवनको झूटो व्याख्या

खुम्च्याएर सीमित भूगोलमा
खँदाएर निश्चित आयतनमा।

ए आफैलाई ढाँटेर बाँचेको
झूटो समय र
कथित चेतनशील मान्छेहरूहो!
कतिन्जेल गरिरहन सक्छौ अभिनय
मान्छे मात्र मान्छे भएर जिएको
बसेर अन्धकार इजलासमा
फैसला गरिरहन्छस् अझै कति
ए बेबकुफ समय
उज्यालोलाई अँध्यारो नै हो भनेर
जलेर आफू उज्यालो छर्नेहरूलाई
रित्तिएर आफू सृष्टिको खाडल पुर्नेहरूलाई।

रोक्छस् कतिन्जेल
पखाल्दै छौँ मैलिएका संस्कृतिहरू
छेक्छस् र अझै पनि
उक्लँदै छौँ चुनौतीका पर्खालहरू
च्यातेर सम्भावनाका पृष्ठहरू
उखेलेर अङ्कुराएका बीजहरू
कतिन्जेल कैद गर्छस् अझै
कथित वैध-अवैध, मर्यादित-अमर्यादित
आचार संहिताका हरफहरूभित्र
कतिन्जेल छिपाइरहन्छस् र अझै
तमाम दुराग्रहहरूभित्र हाम्रा सामर्थ्यहरू।

सम्झौता गरिरहन सकिन्न अब
सम्बन्धका भिन्नभिन्न आयामहरूसँग
ढोँगी समर्पणको अभिनयमा
फेर्नु छ अब अलिकति
आफ्नै अस्तित्वको एक मुठी स्वच्छ श्वास।

किन चाहिन्छ तेरो इजाजतपत्र
लड्नु छ

बोकेर विचारका हतियारहरू
चाहिन्छ किन सिफारिसपत्र तेरो
छर्नु छ कर्मका फूलहरूको सुगन्ध।

फुटायौँ हाम्रो धीरताको बाँध
हेर् अब निरीहताको आँखीझ्यालबाट
अब लेख्दै जाने छौँ हामी
पहाडहरूमा उचाइको कथा
भर्ने छौँ नदीहरूको गतिशील सङ्गीतमा
अन्तर्मनका प्रिय धुनहरू
डढाउने छौँ विचारको आगोले
कायरताका जन्जिरहरू
ढलाउने छौँ मान्छेले नै मान्छेलाई
दास बनाउने मर्यादाका पर्खालहरू।

अपहरण गरेर हाम्रा नैसर्गिक आवाजहरूलाई
अझै कति धकेलिरहन्छस्
ए मूर्ख समय!

उठाएर हेर् अहङ्कारको पर्दा
एक पटक
हो सबका सब निम्ति यो खुला आकाश
के छर्न सक्दैनौँ हामी
यो आकाशमा अनन्त विचारका बीजहरू
के चाल्न सक्दैनौँ र हामी
यात्रामा अप्रतिबन्धित अनन्त पाइलाहरू।

◆

के. जी. सुब्बा

# मूर्तिहरू बोल्न थालेपछि



अनाम, बेनाम, अज्ञात नामधारी
अमुक, विमुख मूर्तिहरू
फाटफुट कहीँकतै
बोल्न थालेको खबर छ।

शोधपत्रका लागि
प्रश्नावलीमा उत्तर बोल्नुभन्दा
अन्तर्मनले बोल्नु आनुवंशिक बीउबाट
जरो गाडिएर उम्रिनुजस्तै हो।

नबोल्नुको दुर्भाग्यले
आफ्नो रहस्यको गहिराइमा आफै डुबी मर्नु
मूर्तिहरूको हबिगत थियो, छ र हुने छ
तबसम्म मूर्तिहरू अपव्याख्यामा
फगत मूर्ति मात्र भइरहने छन्
जस्तै दी डेभिड, स्फिङ्क्स, लिबर्टी आदि...।

कहिलेकाहीँ
दैनिक चालको क्रमभङ्गतामा
अधिक वर्ष हुन्छ
जुन युगौँयुग शताब्दीहरूमा जोडिएर
ब्रह्माण्डको अनन्त गतिमा विलीन हुन्छ
सायद यहीँबाट सिके होलान् मूर्तिहरूले
मूर्ति हुनु अन्तिम सत्य होइन भनेर।

यसरी नै प्रत्येक मूर्तिहरू बोल्न थाले भने
प्रथम पटक सत्य उजागर हुने छ
र मूर्तिहरूले आफ्नो परिचय
आफै दिने छन्
सायद त्यसैको पूर्वाभ्यास होला यो।

अनाम, बेनाम, अज्ञात नामधारी
अमुक, विमुख मूर्तिहरू फाटफुट कहीँकतै
बोल्न थालेको खबर छ।

◆

शुभलक्ष्मी लम्साल

# परेड खेलिरहेका नानीहरू



कति निश्छल लाग्छन्
कति निरीह लाग्छन्
कडा आदेश मानेर
परेड खेलिरहेका नानीहरू
लय मिलाएर दौडिरहेका नानीहरू।

गोडा फाट्, सतर्क
उनीहरूका खुट्टाका चालहरू
तिम्रो कमान्डमा चल्छन्
तिमी दायाँ फर्क भन्छौ
उनीहरू दायाँ नै फर्कन्छन्
तिमी बायाँ फर्क भन्छौ
उनीहरू बायाँ नै फर्कन्छन्
कति अनुशासित लाग्छन् यस बेला
तिमी ह्याड्न्स अप भन्छौ
उनीहरू एउटै लयमा हात उचाल्छन्
जस्तो कि आकाशलाई छुन चाहन्छन्
सानासाना हातहरूले
कति आज्ञाकारी छन् नानीहरू
तिम्रो आदेश नमान्न कुनै आनाकानी गर्दैनन्।

सदियौँदेखि नानीहरूलाई
कडा आदेशमा परेड खेलाइरह्यौ

खुला मैदानमा खेलाएर
स्वतन्त्र हिँड्न निषेध गऱ्यौ।

कहिले राजनीतिको नाउँमा
उनीहरूको हातमा रातो किताब थमायौ
कहिले धर्मको नाउँमा
शान्ति पाठ गर्न लगायौ
कहिले अनुशासनको नाउँमा
क्रूर कमान्डो बनायौ।

हो, परेड खेलाएर नानीहरूलाई
यहाँ आदर्श राम बनाउन खोज्यौ
मदर टेरेसा बनाउन खोज्यौ
मन्डेला बनाउन खोज्यौ।

नानीहरूलाई सोध!
कति गाह्रो हुन्छ चुपचाप आदेश मान्न
कति गाह्रो हुन्छ असहमतिमा मौन बस्न
एक पटक उनीहरूका चञ्चल आँखामा हेर
त्यहाँ हजारौँ आगो लुकेको हुन सक्छ
जो राँको बनेर निस्कन सक्छ।

ओ नानीहरू!
धेरै मान्यौ आदेश
भो, अब नमान
बिगारिदेऊ ती परेडका लाइन
उफ्र आफै, हातखुट्टा चलाऊ
अब जसरी खेले पनि हुन्छ
लय मिलाएर वा नमिलाई
नानीहरू त सुन्दर!
आफ्नै तालमा खेल्दा पो लाग्छन्।

◆

मौन आवाज

# ढुङ्गा



अक्सर
ऊ रङहरूको कुरा गर्थ्यो!

फूलपात र / हरियालीको कुरा गर्थ्यो!

ऊ भन्थ्यो–
सधैँ भन्थ्यो–
यो जिन्दगी सुन्दर दृश्य हो!

भन्थ्यो–
यो जिन्दगी सुमधुर सङ्गीत हो!

भन्थ्यो–
यो जिन्दगी प्रेम र / सद्भावको गीत हो!

हिँड्दा सुस्तरी हिँड्थ्यो
बोल्दा सुस्तरी बोल्थ्यो
भन्थ्यो–
सख्त हुनु ढुङ्गा हुनु हो!

ऊ अक्सर हरियो घाँसमा पल्टिएर निदाउँथ्यो
आकाशसँग कुरा गर्थ्यो
बादल
बतास
घाम
पानी र माटोसँग कुरा गर्थ्यो!

भन्थ्यो–
यो जिन्दगी प्रकृति हो!

भन्थ्यो–
यो जिन्दगी माटो हो!

भन्थ्यो–
यो जिन्दगी पानी हो
घाम हो
बतास हो
बादल हो
र / इन्द्रेनी हो!

ऊ पहाडलाई निरन्तर भन्थ्यो–
आँधीको बाटो नछेक!

ऊ बारम्बार भन्थ्यो–
आँधी क्षणिक हुन्छ
आवेग क्षणिक हुन्छ!

नदीलाई किनारा देखाउँथ्यो
र / भन्थ्यो– बिछोड पीडादायी हुन्छ!

ऊ बगरलाई हेर्थ्यो
र / भन्थ्यो–
यो जिन्दगी एक्लोपन होइन!

भन्थ्यो–
यो जिन्दगी समूह हो
समुदाय हो!

भन्थ्यो–
यो जिन्दगी घर हो, परिवार हो!

ऊ कहिलेकाहीँ विगत सम्भेर
रुन्थ्यो
र / भन्थ्यो– आँसु भरिएको आँखा सजीव हुन्छ!

ऊ कोमल थियो
ऊ मान्छेको मात्रै होइन
ढुङ्गाको पनि मन नदुखोस् भन्थ्यो!

किनकि
मान्छे हुनुअघि ऊ ढुङ्गा थियो!

बारम्बार टुक्रिएर-चोइटिएर ऊ मान्छे बनेको थियो!

◆

दिपिन श्रेष्ठ

## झरी



म झरी रहेछु
झरी मै रहेछ।

निरन्तर झरिरहेछौँ हामी
झरी र म
परेलीमा, प्यालामा, कफीमा, सिरानीमा, बलेसीमा, चिहानमा
स्मृतिको झ्यालमा।

हिजो
जङ्गलभरि, रातभरि, पातभरि
झरी, म र सङ्गीत
के गर्‍यौँ?

त्यही एक टुक्रा झरी
पीपलको पातको टुप्पामा पिरती उनेर
पर्खिरहन्छ– अबेरसम्म।

झर्नामा, इन्द्रेनीमा र सङ्गीतमा
म झरीसँगै छु
झरी मसँगै छ।

फेरीवालाझैँ
घरीघरी
झरीका टुक्राहरू
बलेसीमा गुनगुनायौँ
बाछिटा बनेर।

सहरका साँघुरा गल्लीहरूमा झर्‍यौँ
सब थोक प्यासभित्र पुरिएका छन्
थकान र बेवास्ता गजुर बनेर उभिन्छन्
फेरि कहिले
कुहिएका नदी पनि
आफै सृष्टिकर्ता बनेर
सभ्यताको पाप पखाल्न दौडिन्छन्।

अन्नपूर्णाको अनन्त मुस्कान
कहिले चुलबुले हिमखोली भएर
हिमरेखा मेट्दै
हामी झरिरह्यौँ
झरी नै रहने छौँ।

◆

धीरज राई

# बेखबर



बेखबर छु
केही त भएकै हो।

भनौँ न–
सहर कर्फ्यूको निद्रामा निदाइरहँदा
गाउँ देउसिरेमा रमाइरहेजस्तो
दाउरा बटुल्न गएकी बुहारीलाई प्रसव पीडाले च्यापिरहँदा

बूढी सासूले फतफताउँदै सिस्नो उसिनिरहेजस्तो
परदेशी छोराको लास बाकसमा राखिरहँदा
बाले साकेवामा उसकै भाकलको भाले कटाइरहेजस्तो
यस्तै
केही त भएकै हो
तर बेखबर छु म।

जसरी
गाउँमा देउसिरे धुनको ताल बेलाबेला भड्कियो होला
जसरी
सासूले फुकेको आगो घरीघरी भरभराइरह्यो होला
जसरी
साकेवा थानमा बलि चढेको भालेको जीउ धेरै बेर उफ्रिरह्यो होला
ठीक उही पाराले
मुटुभित्र
शङ्काको धुन गुनगुनाइरहेछ काग
र नाचिरहेछ डरको पहाड।

बेखबर छु
केही त भएकै हो पक्का।

◆

भगवती बस्नेत

## ओ प्रिय मान्छे



ओ प्रिय मान्छे
पिरामिडजस्तै अग्लिएर
आफ्नो उचाइको अहङ्कार
अझै कति लम्ब्याउन चाहन्छौ?
छाडेर दम्भका तामाहरू
भन, कुन बाँसझाङझैँ

अग्लो हुन चाहन्छौ?
अग्लो हुनु भनेको यथार्थमा
हिमालझैँ पग्लनु हो
नदी किनारको रूखजस्तै
तटस्थ भएर उभिनु हो
फलेको हाँगोझैँ झुक्नु पनि हो
र, आकाशझैँ निहुरिनु पनि हो
तर
केका लागि र कहाँसम्म
उक्लिन चाहिरहेका छौ तिमी?
किन जमिन छाडेर आकाश छुन
चाहिरहेछौ तिमी?
ओ प्रिय मान्छे!
आँखाभरि आगोको फूल फुलाएर
र, मनभरि अरिङ्गालले टोकेको
अनुभूति लिएर हेरिरहेछु
ढकमक्क फूलहरूबाट
सौन्दर्य लुप्त भएको छ
जिन्दगीको सुवास
हावामै विलीन भएको छ
र, तिम्रो बेलगाम घमन्ड पनि
पहेँलो पातसरि झरेको छ
र, एक्लो अस्थिपञ्जर भएर
बीच सडकमा ठिङ्ग उभिएको छ!
शक्तिशाली बन्ने होडमा
शस्त्र व्यापार गरेनौ कि?
भौतिकवादी उपलब्धिलाई
आफ्नो सिरानी बनाएनौ कि?
तिम्रा उन्मादहरू
छताछुल्ल भएर पोखिइरहेको
ठीक यही समयमा
प्रकृतिले पनि पो
कोल्टो फेर्‍यो कि?
सिसिफस बनाएर तिमीलाई

औकात पो देखाइदियो कि?
ओ प्रिय मान्छे!
मस्तिष्क जवाफहीन छ
कि यो हिँडिरहेको समय
अकस्मात् कहाँ हरायो?
एउटा सूक्ष्म जीवाणुले
बम बनाउने हातहरूलाई
थरर्र कमाइदियो
मुटुको ढुकढुकीको गति
धिमा बनाइदियो
ओ प्रिय मान्छे!
अब हामीले पनि
प्राप्तिको मात्रै चाहना त्यागेर
प्रकृतिले बनाएको
नियमअनुसार चल्नुपर्छ
'वसुधैव कुटुम्बकम्'-ले
के भनेको रहेछ बुझ्यौ नि?
माया दिएर माया लिनुपर्छ
मेरो प्रिय मान्छे!
अब माया दिएर मात्र
माया लिनुपर्छ बुझ्यौ?

◆

दीपक सम्चू

# एक शिक्षकको बयान



बतासझैँ बहकिरहने चञ्चल नानीहरूलाई
कक्षाभित्र कैद गरी
एकोहोरो फिँजाइरहेँ ज्ञानको बिस्कुन।

आकाश उड्ने चराहरू रोकेर हिँड्न लगाएँ
सागर पुग्ने माछाहरू बल्छीमा अल्झाएर

पोखरीमा रम्न सिकाएँ
आमाको साथ छाडी आएका हत्केलामा
सुम्लो बस्ने गरी चेतावनीको थुँगा राखिदिएँ
मायाको चुम्बन पोत्नुपर्ने गालामा
सावधानीका थप्पडहरू बर्साएँ
र लखतरान बाहिरिएँ
भरीमा गाईबाख्रा चराएर फर्किएको गोठालोभैँ।

उनीहरूको कोमल हृदयमा कठोर भावना रोपेँ हुँला
शान्त मनको तलाउमा विद्रोहको ज्वाला भोसेँ हुँला
निर्दोष आँखामा आँसु बालेर श्राप तापेँ हुँला।

मोतीको चमक भर्न हिँडेको हुँ पालुवामा
आँकुरा पलाए कि पलाएनन्?
कोपिला फक्रिएर फुले कि फुलेनन्?

अब त धेरै भो
एकैछिन विश्राम लिएर
पाठ पढाउने पालो
उनीहरूलाई नै दिनुपर्ला।

◆

तारा पराजुली

# रहर भिजेको मौसम



घर सम्भेर आएको थिएँ
घरभित्रै बेघर भएँ।

सपना खोज्दै मुगलान पुगेको म
पसिनासँग एउटा सानो छानो साटेँ
दुई गजजस्तो करेसा बारी जोडेँ

भर्खरै स्कुल जान थालेको छोरालाई
सानो झोलामा अट्ने अलिकति रहर किन्दै थिएँ
मानौँ बल्ल जीवनको लय मिलाउँदै छु।

आँधीले घरभन्दा पहिले मन बगाउँदो रहेछ
आज १० वर्षपछि–
अचानक हुरीले रूखबाट पात झारेझैँ
जीवनमा अनौठो आँधी आयो
नरोकिने गरी मुटु ढकढक बनायो
बाँच्ने रहर जिउँदै बोकेर
दस वर्षपछि
कहिल्यै नफर्कने गरी मैले मुगलान छाडेँ।

धेरैजसो आशाहरू त
लगभग उतै बिलाइसकेका थिए
रापको बरफ जसरी
बिलाएर बग्दै जाँदा पनि तरल मनले
ओरालोमा घरै सम्झेको थिएँ
थोपाथोपाभित्र पीडा बग्दै थिए
सपनाहरू थोरै मात्र बाँचेका थिए
रहरका रङ उडे पनि
विश्वासका मसिना जुइनाहरू बचाएर
आइपुगेको हुँ बल्लतल्ल घरसम्म।

अक्सर हिँड्ने बेलाको साइत भनिन्छ
म हिँडेको दिन
कुनै कागले अपमानको सन्देश बोलेन
लामो बाटो, तिरस्कारको कुनै सङ्गीत बजेन
बाटोमा खाली गाग्रो बोक्ने कुनै पँधेर्नी भेटिनँ
चुपचाप रेलका लिकहरू
सुनसान एक्लो सडक
सडकमाथि गन्तव्य सम्झेर
सप्तकोशीझैँ सुसाइरहेको एक्लो बटुवा
आफैले भोगेको दु:खको कथाजस्तै लामो बाटो

लगभग तेह्र दिन भोकै पैदल हिँडेर
आइपुगेको हुँ मोटर गुड्ने बाटैबाटो हिँडेर
आफ्नै पसिना र माटो मुछेर बनाएको कच्ची घर।

भोक लाग्दा एक पेट खान नपाए पनि
तिर्खाले घाँटी सुक्दा एक घुट्को पानी नभेटे पनि
थकानले शरीर गलिसक्दा
त्रासले मन जलिसक्दा समेत
निर्दयी सिकारीले लखेटेको चराझैँ
महामारीले खेदिएर जीउ जोगाउनै भनेर
घिस्रँदै आएको हुँ तिम्रो प्रेम सम्झेर यहाँसम्म।

आफ्ना सम्झेर आएको थिएँ यहाँसम्म
आफ्नाहरूबाटै पराई भएँ
घर सम्झेर आएको थिएँ
घरभित्रै बेघर भएँ।

आमाबा भन्दै
प्रेम र आशीर्वादको हात सम्झेर आएँ
दौँतरीहरू सम्झेर आएको थिएँ
छहारी दिने चौतारी बन्लान् भनेर
न आशीर्वादको हात पाएँ
न पाएँ दौँतरीको चौतारी
यहाँ आएपछि त
नामुद अपराधीजस्तो अपमान पो पाएँ
म निरपराध मान्छे
वर्षौंपछि कति धेरै खुसी बोकेर घर पुगेको हुँ
तर नीरस बगर बाँचेँ
बिना झरी रहर ओताउने छानो चुहिएर
एक्लैएक्लै घरभन्दा प...र थोत्रो याक्साभित्र
खुला आकाश ओढेर बसेँ
आधा जलिसकेको वर्तमान ओछ्याएर तन्द्रा बाँचे
समाजको सुक्खा र कठोर निगरानीभित्र
पटकपटक स्पष्टीकरण दिँदै

आफ्नै पखेटाहरूलाई धिक्कारिरहेँ
लाग्छ, म टेबलमाथि कसैले राखेको
रङ्हीन पेपरवेट हुँ
थुप्रैथुप्रै उपयोगी फाइलहरूको सुरक्षा गर्नु छ मैले।

तपाईंलाई थाहा छैन होला
यो बेला तपाईं मसँग डराउनुहुन्छ
म तपाईंसँग डराउँछु
कृपया यस बेला मलाई
परैबाट अलिकति प्रेम र विश्वास दिनुहोस्
मभित्र आफैभन्दा अग्लो विश्वास बाँचिरहेको छ।

सत्य हो, म सन्चो र निरोगी मान्छे
अचेल तपाईंको मधौरु व्यवहारले मात्र
बिरामीजस्तो देखिएको हुँ।

◆

रमेशचन्द्र अधिकारी

# हावाको चाल



नाचिरहेको छ हावा बाहिर
फरफराइरहेको छ झ्यालको पर्दा
भित्र मनमा ज्वारभाटा उठ्लाभैँ गरी
रहरहरू पछारेर लैजालाभैँ गरी
बेतोडले र बेजोडले चलिरहेको छ हावा।

हावा चलेरै हो
मान्छेहरू चलमलाइरहेका?
यो सोच पनि त हावाजस्तै हो
नत्र एक्कासि कसरी आउँदो हो
अनि नचाउँदो हो
हल्लाउँदो हो मान्छेको मथिँगल?

कसरी बौरिँदा हुन्
ती सास सकिन लागेकाहरू फेरि
कसरी सकिँदा हुन्
श्वासप्रश्वासमा अभ्यस्तहरू।

हावा खुस्किएजस्तै किन भएको छ
यो समय आजभोलि
किन भएको छ निर्मम
र नाचिरहेको छ हाम्रो सभ्यतामाथि
प्रश्नवाचक भएर?

पात हुनेहरू पनि
अनियन्त्रित हाँसिरहेजस्ता
पातकी भएकाहरूको त
मगजमा अर्कै बास्ना चलाउँदो हो हावाले
र व्यापार गराउँदो हो व्यभिचारको।

प्राणवायु– हावा
अपानवायु– हावा
सोच अनि सोचको पराकाष्ठा पनि हावा
रोगी हावा, निरोगी हावा
विधि-प्रविधि सबैसबै
यो संसार हावाबाट निर्देशित छ
कसले चलाइरहेको छ यो हावा?

पख, मलाई आँखा बन्द गर्न देऊ
म आफू भएको अनुभूति गर्न चाहन्छु।

◆

विन्दु अधिकारी ढकाल

# मौका, सिर्फ मौका



मेरो घरबाट उत्तर नाका
यस्तो छ साथी खाका
सम्झ
रेखोपाखो खेतीपाती छ उसको यता
रनघन चौबाटो
खुल्ला रहने चउर हो
तामझामले पालेका गाईभैँसी
भरीभरी गोठ
दुहुनुको वास्तविकता
सम्झ, त्यो यथार्थ
उसकै चाहिँ आवश्यकता हो
किसान हुनुको कर्म
किसान हुनुको मर्म
किसान हुनुको धर्म
किसान हुनुको ढङ्ग
असार १५ झैँ चटारो मलाई
तर हैन, हतार छैन
उता उत्तरी नाका
लादिन खरो झटारो यता
सुन है साथी
त्योभन्दा पनि उदेक त
मल, माटो, पानीको जोहो
छाँटकाँटले गोडमेलका बिरुवा
चाँजो न पाँजो
बाउसे न रोपार
तैपनि मानौँ
अजिँगरको आहारा दैव!
हे वसुधा!
बताइदेऊ छेउकुना उकुसमुकुस कुरा
दृष्टि कता हो कता

हेक्का छ/छैन फन्का
आकाशपाताल कनसुत्ले चालको धक्का
अचम्म
यस्तो हाउभाउ
देखेर नि साथी
तमास सकस भो दिनचर्या
सोइढोलेझैँ होहल्ला पनि खोइ
केके हो ठट्टा...
उछिनपाछिन चर्को आवाजका कुरा–
कुकुरको पुच्छर बाङ्गो भनेर
दैनिक अफबाह र हल्ला
उत्तरबाट दक्षिण सीमा
मौका, सिर्फ मौका।

◆

उमेश लुइँटेल

# अधुरा कथाहरू



जुरुक्क उठेर हिँड्न नसक्नुको पीडामा
सदियौँदेखि अनगिन्ती पदचाप सहेर
सडक चुपचाप पसारिएको छ।

त्यही सडकको छेउमा
कठोर आसन जमाएर बसेका पत्थरहरू
आफूमा उर्वरता नहुनुको व्यथा
मौनतामा पोखिरहन्छन्।

तिनै पत्थरको बस्ती नजिक
माटाको छातीमा
बैँस मगमगाउँदै फुलेका फूलहरू
आफू कठोर नहुनुको कारण सहजै टिपिइरहन्छन्।

त्यहीँ पातपातमा चञ्चल म्याराथन दगुर्दै
जीवनरक्षाका लागि रङ बदल्ने छेपाराहरू
दाह्रा र नङ्ग्रा नहुनुको बिस्मात देखाइरहन्छन्।

उता सृष्टिदेखि नै
गुलाबको अङ्गरक्षक भएर बसेका काँडाहरू
मुस्कान नहुनुको तीखा सत्यहरू स्वीकार गरिरहन्छन्।

सायद स्वीकार गर्नुको यही गुनासो स्वीकार गरेर उनीहरू
आफ्नो अभाव आफूले मात्रै महसुस गरिरहेछन्।

म यिनको समीपमा उभिएर हेरिरहेछु
वास्तवमा यिनीहरू अर्काको अपूर्णता र गुनासोमा
किमार्थ चिन्तित हुँदैनन्।

समयसँगै सडक खाल्डो पर्छ
ढुङ्गाहरू पुरिन्छन्
फूलहरू ओइलिएर झर्छन्
छेपाराहरू बहुरङ्गी चटके बनिरहन्छन्
काँडाहरू मुस्कानको प्रतीक्षामा जवानी चाउरिएर सुक्छन्।

उफ्! प्रिय कवि, म त आफ्नै बस्तीमा समेत
यस्तै परिदृश्यहरू अनुभव गरेर
सुन्दर प्रकृतिलाई नियाल्न निस्किएको थिएँ!

अब मान्छेजस्ता मान्छेसँग के गुनासो गर्नु
किन सुनाउनु मेरा अधुरा कथाहरू!

तर यत्ति चाहिँ पक्का हो
म धैर्यको शिविरमा विश्वासको दियो बालेर
आशाका फूलहरू फुलाइरहनेछु।

◆

सन्ध्या रेग्मी

# उस्तै छ परिवेश



भएको छ समय
धेरै परिवर्तन
फेरिएका छन्
समयसँगै परिवेशहरू पनि।

पर्दैन रे!
अब रटिरहनु
सीता, भृकुटी र पारिजातहरू
बेनजिर, मदर टेरेसा र योगमायाहरू।

बन्दै छ विशाल आकाश
स्वतन्त्र विचरण गर्दै छौँ रे!
विशाल आफ्नो परिधिमा
अब धेरै बोलिरहनुपर्दैन रे!

सडकदेखि सदनसम्म
भन्दै छौँ गर्वले छाती फुलाएर
भयो हाम्रो आन्दोलन सफल
लियो त्याग र बलिदानले नयाँ रङ।

धाराहरू संविधानका हाम्रै लागि
अधिकार हाम्रै लागि।

खुकुला भए बन्धनहरू
छैनौँ
अब उपेक्षित हामी
तर भ्रम!
मात्र भ्रमको खेती
केवल ऋतु परिवर्तन।

छ उस्तै प्रकृति
छन् काँडाहरू उस्तै
युगौँयुगदेखि उस्तै छ परिवेश
मात्र स्वरूप फरक छ
युगौँयुगदेखि बोल्नै दिइएन
पहिले बोलेको सुनिँदैन
अहिले प्रभावशून्य बनेका छन्
आवाजहरू।

पीडा उही छ
असमानता, हिंसा उही छ
आफ्नै छोरी बलात्कृत हुँदा
आमाको क्रन्दन कसले सुन्यो र?
खै कहाँ छ न्याय?
अझै पनि पुरुष
आफ्नो सत्ताको मालिक ठान्छ आफूलाई
हामी दास बनेर निरन्तर पुजिरहेछौँ।

मालिक, मालिक रटिरहेछौँ
सर्वेसर्वा ठान्छ आफूलाई
युगौँदेखि रजाइँ गरिरहेछ
हाम्रै अस्तित्वमाथि
पुरुष हुनुको दम्भ बोकेर।

उसैले कोरेको लक्ष्मणरेखाभित्र
एउटा साँघुरो परिवेशभित्र
उपेक्षित र अपमानित
जीवन बाँच्नुको पीडा
युगौँयुगदेखिको दमन, शोषण
र
अत्याचारको
यो कहालीलाग्दो शृङ्खला
खै कहाँ गएर टुङ्गिने हो?

हृदयमा गढेका अनगिन्ती काँडाहरू
झिकिन्छन् कहिले हो?
उन्मुक्त हाँस्न नपाएर
युगौँ बिते
नवयुग ब्युँझाउने
विजयको हाँसो
गुन्जिने कहिले हो?

◆

सुदेश सत्याल

# ताली नमार्नू अब



मानौँ मञ्चहरू उचालिरहने नाराहरू जोखिए
यी ताली जब उम्लिए भकभकी, कोको कता पोखिए
बस्दैनन् किन मौन धारण गरी गोष्ठीहरू यी सब
तिम्रा हात कहाँकहाँ बिकिसके, ताली नमार्नू अब।

ताली बेसुर उफ्रिए कति यहाँ भूकम्पजस्तै पर
ताली पाउन लेखिएन कविता, पाइन्छ ताली तर
यो ताली जति लाग्छ दृष्टिभ्रम हो, सच्चा कला हो सब
सुन्नू मूर्ति बनेर आज कविता, ताली नमार्नू अब।

गालीले बरु लाग्छ बेथितिहरू चिर्दै छ चिर्दै छ झैँ
ताली चाहिँ भने धरातल भुली गिर्दै छ गिर्दै छ झैँ
बाबाकै पछि दौडिएर दुनियाँ चाहन्छ के वास्तव
मेरो कानुनबाट पारित भयो, ताली नमार्नू अब।

सारा हातहरू कुँजा भइसके, ताली कहाँ पाउने
हातै काटिदिऊँ भने पनि यहाँ आपत्ति झन् आउने
निस्के गड्गड हातका लयहरू, व्यर्थै भए ती सब
तिम्रा हातहरू दुवै गलिसके, ताली नमार्नू अब।

ती आश्वासन बाँडिए जब यहाँ खै के बुझ्यो लोकले
चर्को भाषण घन्किएपछि सधैँ ताली पिट्यो चोकले
डाङ्ग्रेझैँ जहिल्यै कराइरहने हल्लैहरू छन् जब
हाँसेकै बरु ठीक हो मुसुमुसु, ताली नमार्नू अब।

◆

रञ्जना निरौला

# विषाक्त युगको साक्षी म



म
आणविक प्रतिस्पर्धाको तुफानमा
निसास्सिइरहेको समय
त्यही समयको धारमा
एक्लिरहेको मान्छे
त्यही मान्छेको जीवन
कहिले मार्क्स
कहिले फ्रायड
कहिले हिटलर त कहिले कालिदास!

शरणार्थी, शरणको मानवतावाद र
शक्तिको होडबाजीमा
मर्न र मार्न तयार बनिरहेको
योद्धा म!
योद्धाहरूका शून्य आँखाभरि
शस्त्रास्त्रले सुशोभित
ज्युँदो लासको उत्साह!
संसार रण मैदानमा
अझै हुर्किरहेको
धार्मिक विभेदको विषाालु वृक्ष
म त्यसको छहारी समय।

विरोधाभासको भुमरीमा शान्ति र युद्ध
स्वनिर्मित विनाशको अणुमा परिवर्तित
निर्दोषले भोगेको हिरोसिमा-नागासाकी
किरिङमिरिङ समयको ऐना हेर्दै
बाँच्ने आशामा निसास्सिइरहेको अस्तित्व।

म नै हुँ
विषाक्त युगको साक्षी
निरीह मान्छे
ओहो! विकराल युगको साक्षी
म मान्छे
साँघुरिएको जीवनको एक छेउबाट
गुगलले सम्मोहित दिमागको थोरै प्रयोगमा
छाडेर कलम थिच्दै कीबोर्ड
विषाक्त युगको साक्षी
म विवश मान्छे
युगशान्तिको सपना देखेर
भागी गएका बुद्धलाई
फर्कन आह्वान गर्छु!

◆

मोहित जोशी

## अग्निपरीक्षा



आँधीहुरीमा पनि नखसेका पातहरू
खस्न सक्छन् मन्द हावाले
तिम्रा आक्षेपहरूले जलेर म
बीभत्स खरानी भएकी हुँ
खरानी कहाँ फेरि जल्थ्यो अग्निपरीक्षामा?

मेरो, सहस्र स्त्रीहरूको हार हो रामायण
नारीको हारमा कसरी जित्यो सत्य र धर्मले?
ओ सत्ताप्रेमी शासक!
कथित सम्मानका लागि माग्छौ मेरो स्वाभिमान भने
कसरी नगर्नु मैले शङ्का तिम्रो मर्यादामा
भन, दिन सक्छौ अग्निपरीक्षा?

नयाँ अवरतारमा फेरि जन्मिएकी छु
र लेखिसकेँ सीतायन
जसका हरेक अध्यायमा दिएकी छु–
हरदिन एक अग्निपरीक्षा।

आफूलाई कुनै रामको
योग्य प्रमाणित गर्न होइन
स्वाभिमान र स्वतन्त्रताका लागि।

इतिहासले बुझ्नु जरुरी छ
उड्नकै लागि जन्मिनेहरूलाई
खराउ एक भार मात्रै हो।

म पवित्रताको अर्थ सिकाउने छु
तिमी र यो समाजलाई जसले कोरेर लक्ष्मणरेखा
बनाएका छन् घरहरू कारावास
जहाँ अग्निपरीक्षा त दिइरहेछन् स्त्रीका भ्रूणहरू पनि।

यन्त्रणाहरूको आगोमा रापिएर
हतियार बनेको छ मेरो शरीर
छातीभित्रको ज्वालाले
म जलाउने छु तिम्रो साम्राज्य।

जलेको साम्राज्यको राख र
ब्रह्माण्डका सम्पूर्ण रहस्य अटाएर
योनिभित्र जन्माउने छु एक सुनौलो युग
पिलाएर सभ्यता मेरा स्तनले हुर्काउने छु लवकुश।

त्यहाँ तिम्रो सङ्कीर्ण
खोक्रा आदर्शहरूको शेषसम्म रहने छैन
प्रेमको अर्थ बस प्रेम हुने छ
बन्दी हुनु वा कलङ्कित हुनु हुने छैन।

अग्निपरीक्षामा होमिँदाहोमिँदै
आगोले पनि थाहा पाएको हुनुपर्छ
मेरो शरीरको गन्ध– एक डढेको सभ्यता!
जिन्दगीले आगो निलिसकेपछि
आगोले सक्ने छैन जिन्दगी निल्न
म जुरुक्क उठ्ने छु खरानीबाट
र
उड्ने छु ठ्याक्कै फिनिक्स* चरोजसरी।

◆

आयाम बस्नेत

## अप्राप्य क्षितिज



घर छाडी भागेँ म
साथीहरू मारी हराएँ म
समाजलाई फालेर उडेँ म ।

रफ्तारमा उड्दै गएँ
क्षितिज भेट्ने प्रयास गर्दै
तर क्षितिज सधैँ मायावी रह्यो
बिचरा म

* फिनिक्स पक्षीको जीवनचक्र ५०० देखि एक हजार वर्षको हुने गर्छ जसको अन्त्यमा यो आफ्नो वरिपरि रूखका हाँगाहरूको गुँड बनाएर त्यसमा स्वयम् जल्ने गर्छ। गुँड र पक्षी दुवै जलेर खरानी बन्छन् र त्यही खरानीबाट एउटा नयाँ फिनिक्स वा त्यसको अण्डाले पुनर्जन्म लिन्छ। यो नयाँ जन्मिएको फिनिक्सको जीवनकाल पुरानो फिनिक्सको जति नै हुन्छ। केही प्राचीन कथाहरूका अनुसार यसले मानव रूपमा कायाकल्प गर्न सक्ने क्षमता राख्छ।

क्षितिज भेट्छु भन्ने आशामा
अझै उड्दै छु।

तर विगतको सम्झनाले मेरो वर्तमान बिथोलिन्छ
विगत फैलिँदा जीवनको सुन्दरता हराउँछ
भूतले मेरो दिमाग नै निलेको छ
र उडानको सार नष्ट गरेको छ।

म के चाहन्छु र त्यो कहाँ छ?
एक ठूलो फराकिलो मैदान
या विगत या घर?
या अप्राप्य क्षितिजसरि आरामदायी स्वर्ग?

◆



*कृष्ण मानन्धर*

**शान्ति कविता**

(२५६३ औँ बुद्धजयन्तीको उपलक्ष्यमा आयोजित **एनएलजी विशेष शान्ति कवितागोष्ठी**मा वाचित गजल र केही कविता)

टीकाराम उदासी

# थरीथरीका बादल



आकाशमा
पूर्ववत्
आइरहेछन् उसै गरी
सबै दिशाबाट थरीथरीका बादल
र, गाइरहेछन्-नाचिरहेछन्
हेरिरहेछौँ हामी, देखिरहेछौँ उसै गरी
फगत चुपचाप उभिएर
थरीथरीका बादल।

यो बेला आकाशमा
हाँस्नुपर्ने हो खुसी भएर पूर्णिमाको जून
यो बेला आकाशमा
हाँस्नुपर्ने हो झिलिमिली-झिलिमिली
सहस्र उज्याला ताराहरू
यो बेला आकाशमा
उड्नुपर्ने हो स्वतन्त्रतापूर्वक उन्मुक्त चराहरू
गुन्जिनुपर्ने हो चराका मधुर गीतहरू
यो बेला आकाशमा
कि त खेल्नुपर्ने हो कुनै रातो अजम्बरी सूर्य
फैलनुपर्ने हो परपरसम्म
तन्नेरी घामको उज्यालो-उज्यालो किरण
तल क्षितिजमुनि
यो बेला देखिनुपर्ने हो धैर्यपूर्वक
लहरै उभिएका स्वाभिमानका हिमालहरू
र, हरियाहरिया उत्साहका पहाडहरू
तल क्षितिजमुनि
देखिनुपर्ने हो यो बेला पाखापखेराहरूमा

फूलको बैँसालु मुस्कान
र, बज्नुपर्ने हो भन्ज्याङहरूमा रहरका बाँसुरी
देखिनुपर्ने हो जाँगरपूर्वक बगिरहेका-दौडिरहेका
साहसका नदीहरू अनन्त समुद्रसम्म
यो बेला सारा धरतीभरि, धरतीभन्दा अझै भित्रभित्रसम्म
चल्नुपर्ने हो विश्वासको शक्तिशाली बतास र सपनाको सुगन्ध
फैलिनुपर्ने हो परपरसम्म कुनै अमर सिर्जना र जागरणको गीत
भेटिनुपर्ने हो सारा मनहरूमा प्रेम, सद्भाव र आत्मीयता
देखिनुपर्ने हो पाइलापाइलामा आस्था र सपनाको गन्तव्य।

हामी पूर्ववत्
पर्खिरहेछौँ उसै गरी
आकाशमा झन्झन् फैलिरहेका
बादलहरू विरुद्धको
अर्को आँधी वा भुइँचालो
अर्को सपनाको उद्घोष वा अरू केही
फेरि अर्को आँधी चल्नुअघि
फेरि अर्को भुइँचालो आउनुअघि
वा अरू नै केही हुनुअघि
आकाशमा
पूर्ववत्
आइरहेछन् उसै गरी
सबै दिशाबाट थरीथरीका बादल
र, गाइरहेछन्-नाचिरहेछन्
हेरिरहेछौँ हामी, देखिरहेछौँ उसै गरी
फगत चुपचाप उभिएर
थरीथरीका बादल।

◆

अरुणा वैद्य

# आकाश एक्लै उड्छ



पखेटा फिँजाएर हामीमाथि आकाश उड्छ
उडी नै रहन्छ
शान्त रङमा एक्लै
निर्मल
निराकार
निरवच्छिन्न
निरन्तर।
आकाश
देखिन्छ, तर भेटिन्न
छेकिन्छ, तर मेटिन्न।
सत्य र शाश्वत आकाश।

बादलको हुङ्कारमा झुक्दैन
उड्दाउड्दै बरालिएर खस्दैन
आकाश खस्यो भने
आकाशसँगै सूर्य खस्छ
जून खस्छ
तारा खस्छ
बादल खस्छ
पूरा सौर्यमण्डल खस्छ
अनि स्वर्गलोक नै खस्छ।
स्वर्गलोकको अवतरण! केवल स्वैरकल्पना।
निश्चल, निर्भय र निर्जन आकाश
मानिसको जमातलाई सुहाउँदैन
सभ्य समाजमा अटाउँदैन
आकाश खस्नु हुँदैन यसैले दन्त्यकथामा जस्तो
पखेटा फिँजाएर यसैले हामीमाथि नै उक्लै उड्छ।

आकाशसित स्वरूप नहोला
तर सौन्दर्य छ
शब्द नहोला

तर भावना छ।
आकाश
रित्तो छ तर
भरिपूर्ण छ
देखिन्छ, तर भेटिन्न
छेकिन्छ, तर मेटिन्न।
सत्य र शाश्वत आकाश।

ए पूज्य आकाश!
शान्त आकाश!
हुने भए यस मर्त्यलोकमा
तारा-जून होइन
स्वर्गलोक होइन
तिम्रो निराकार नीलो शान्ति मात्र खसाइदिए पुग्छ।
हामीमाथि एक्लै उड्ने
ए सत्य र शाश्वत आकाश!

◆

असीम सागर

# एक अज्ञात कविको सपना



मैले यस्तो कुनै ऐना देखेको छैन
जसले सूर्यको प्रकाशलाई च्याप्प समातेर
रातिका लागि घाम साँचेर राखिदेओस्
मैले कुनै चराको गुँडमा भकारी देखेको छैन
जसले महिनौँ दिनका लागि चारो साँचेर राखोस्।

धन्यवाद छ तिनीहरूलाई
जो मलाई कार्टुन बनाएर हाँसे
र जन्मिएको हो मभित्र कवि बन्ने सपना।

दुर्भाग्य
जब कविगोष्ठीबाट घर फर्किन्छु हरेक साँझ
भुइँमा पछारिन्छ रित्तो थाल
टङरङटुङरुङ बज्छ कसौडी
चिसो खरानी काखमा राखेर टुलुटुलु हेर्छ अगेनो
र डालो टकटकाउँदै भन्छिन् श्रीमती
कविज्यू! तपाईं त कविताले अघाउनुभयो होला
खै, के दिऊँ म भोकले बिलौना गर्दै गरेका
यी केटाकेटीहरूलाई?

ठीकै छ, तपाईं त मरेपछि पनि बाँच्नुहोला
तर म कसरी बचाऊँ यी जिउँदै मरेकाहरूलाई?
एक असल बाउ बन्न सिक्नोस् कविज्यू
एक असल बाउ बन्न सिक्नोस्
सन्तान मात्र त कुवाको भ्यागुताले पनि जन्माउँछ।

हो, म तिम्रो अयोग्य श्रीमान्
मलाई मेरो गरिबीले
रेटे पनि सपनाको घाँटी
लगाए पनि स्वतन्त्रतामा हतकडी
ठोके पनि रहरका उन्मुक्त चराहरूलाई गोली
म राजी छु अभावको जस्तोसुकै कोर्रा सहन
किनिक म कवि हुँ
कविहरू हँसिया बन्नका लागि हतौडा सहन सक्छन्।

कविहरू पागल हुन्छन् भन्नेहरूलाई
कविताले खान दिँदैन भन्नेहरूलाई
भन्नु छ
दिनभरि ठेलागाडासँग हिँडेर
बेलुकी चुलो जलाउने कवि हुँ म
माटोमा औँला रोपेर
सपना उमार्ने कवि हुँ म
ढुङ्गामा पाखुरा बजारेर
चन्द्रमासँग हाँसोको प्रतिस्पर्धा गर्ने कवि हुँ म

व्यक्त नगरुँला, त्यो छुट्टै कुरा हो
बाटो त म छोएरै पत्ता लगाउँछु
कि यो बाटो भएर कहाँ पुगिन्छ
किनकि म कवि हुँ
कविहरू माटो सुँघेर देश पत्ता लगाउँछन्।

ए जिन्दगी!
मलाई सिलौटामा राखेर
अझै कति पिस्नु छ पिस्
तँसँग लाप्पा खेल्दै
हाँस्न खोज्नु मेरो दैनिकी हो
मसँग कुनै प्रमाणपत्र नभएर
लोकसेवा आयोग भिड्न नपाए पनि
जङ्गलमा घाँसदाउरा गर्दागर्दै
सहस्रौँ चराको भाषा बुझ्ने भएको छु
झर्ना र खोलाहरूको गीत बुझ्ने भएको छु
भीर, पाखा र पखेराहरूको आर्त बुझ्ने भएको छु
किनकि म कवि हुँ
कविहरू पैताला च्यातेर भाग्य सिलाउन जान्दछन्।

जिन्दगी!
यदि तँसँग पराजित भएर
कतै भिखारी भएछु भने पनि
भिखारी शीर्षककै कविता लेखुँला
एक टुक्रा रोटी नपाएर
कतै भोकले मर्न लागेछु भने पनि
मृत्यु शीर्षककै कविता लेखुँला
मर्नुअघि
मलाई अझ यस्तो कविता जन्माउनु छ यो धरतीमा
हेर्नु छ आकाश च्यातेर अर्को ब्रह्माण्ड
पत्ता लगाउनु छ स्वर्ग
किनकि म कवि हुँ
कविहरू भुत्ते जिन्दगीबाट धारिला विचार जन्माउँछन्।

◆

महेश पौड्याल

# पाँच कविता

## १. बुद्ध र म



जन्मँदा ऊ र म ससाना पृथ्वी थियौँ
उसले आफ्नो वरिपरि पर्खाल भत्काउँदै गयो
र बुद्ध भयो
मैले आफ्नो वरिपरि पर्खाल लगाउँदै गएँ
र धूलो भएँ।

## २. सहिदकी विधवा

बाबू!
तिम्रा बुबाले रगत बगाए
जमिनमा दाग देखियो
उनी सहिद भए।

मैले जुनीभरि आँसु र पसिना बगाएँ
जमिनमा दाग देखिएन
म बहुलाई भएँ।

## ३. बोझ

आफ्नो कुरूपतादेखि थाकेर
म एक दिन दोबोटोमा निस्किएँ
र हेरिरहेँ
कसैलाई कुरी बसेकी एउटी सुन्दर युवतीलाई
एकैछिनपछि सोधेँ– 'तपाईंलाई कस्तो लाग्छ आफ्नो सौन्दर्य?'
'उफ्! म आजित छु,' उसले अनायासै भनी–
'यो अरूकै लागि हो,
कसैको कुरूपतासँग साट्न पाए पनि हुन्थ्यो।'

## ४. मोड

मेरो घरको अघिल्तिरको पर्खालमा
वर्षौंदेखि विद्यमान थियो
एउटा सुन्दर नारी अनुहारको चित्र
जसलाई हेरेर म बाँचिरहेको थिएँ निर्बाध
एक दिन कुनै चित्रकारले कोरिदिएछ
त्यस चित्रको दायाँपट्टि अर्को एक पुरुष चित्र
त्यसै दिनदेखि त हो मैले
त्यस पर्खालतिर हेर्न छाडिदिएको।

## ५. रित्तो झोला

उनी बजार गइन्
रित्तो थियो हातको झोला।

पसलपसल धाइन्
मूल्य सोधिन्
मस्तिष्कभरि ती मूल्यहरूको ध्वनिबिम्ब टिपिन्
र त्यही विरह गीत गाउँदै घर फर्किइन्।

उनको गीतसँगै हल्लिरहेको थियो
उनको रित्तो झोला।

◆

विमला तुम्खेवा

# परीकथा



खेतका गराहरू चहार्दै खोलाको किनारसम्म पुग्नु
पातहरूजस्तै मायाले औँलाहरू सलबलाउनु
तिम्रो आगमनले त्यसैत्यसै खुसी अनुभव हुनु

म कसरी व्यक्त गरूँ
शब्दमा यी अनुभूतिहरूलाई?

छुटेका स्टेसन, प्रतीक्षालय र अनाम गाउँजस्तै
तिमी थियौ, ओझेल भयौ
तर
कसरी र किन अड्किएछु म
पासोमा परेको घाइते हरिणजस्तै तिमीमा?

तिम्रो शिरमा सजिएको रातो सुनाखरी
यो खोलाको दोभानजस्तो हाम्रो भेट
थाहा छ तिमीलाई?
तिमी थियौ र आकाशमा इन्द्रेनी थियो
तिमीलाई भेटेपछि
यी बाटामा स्पर्शहरू
यी नदीका आवाजहरू त्यसैत्यसै खुसी थिए
स्वतन्त्र र पीडामुक्त कुनै समयजस्तै।

आखिर तिमीमा के छ त्यस्तो?
मनमा भएर अँगालोमा नहुनुको पीडा
तिमीलाई थाहै भएन मैले संसार चियाएको
म यहीँ उभिएको छु
यी अन्जान मान्छेहरूको भीडमा
मेरा आँखामा छ
एकछिनअघि तिमी उभिएको जमिन र बिदाइका हातहरू
तर
सुटुक्कै झरेको तारा र तिमी रहने छौ
सम्झनामा परीकथा भएर।

◆

हेम प्रभास

# तिमी आयौ मेरो सपनीमा



एक्लै हिँडिरहेथेँ
चिन्दै नचिनेको बाटो मरुभूमिमा
हठात् एक थुँगो फूल खस्यो छातीमा
तिमी आयौ मेरो सपनीमा अनायास।

खसालिदियौ धमिला पर्वतहरूमा
एक अँजुली उज्यालोको रङ
ती हिमाल बने।

नाङ्गा शिखरहरूमा टेकेर
के मुस्कुराएथ्यौ एक पटक
आइपुग्यो त्यहीँ
एक गाउँ वसन्त, एक जन्ती रूख
र हरिया गीतहरू आए।

जब बग्यो तिम्रो निधारबाट
पसिनाको खहरे
सुक्खा मरुभूमिमा पनि देखियो
नीलो दहको ऐना।

मैले अघिसम्म केही नदेखेको
यो उजाड, उराठ बस्तीमा
कति धेरै हरियाली ल्यायो
तिम्रो आगमनले।

सुकिला फूल, जून, हिमाल
रहरलाग्दो उमेर
उड्दै गरेका पुतली
भेटहरूको इन्द्रेनी
र, पाहुना पर्खिरहेको एउटा साँझ।

कति छिटै हट्यो
उदासीको पर्दा आँखाबाट।

मैले देखेँ
चुरा बजाउँदै पँधेरोतिर गएको घर
सिँगारिएको पूजाकोठा देखेँ
आँगनमा फुलिरहेको गुलाब
भण्डारभरि प्रेमको भकारी
आह! त्यो केशराशिको महक छोई आएको बतास
र, जिन्दगीको खाँटी उज्यालो देखेँ।

आखिर मनको बगैँचामा आक्कलझुक्कल फुल्ने
दुर्लभ फूल त रहेछ प्रेम
त्यही फूल गाँसी उनेको
अस्थायी माला त रहेछ जीवन
आफ्नो सबभन्दा नजिकको
मान्छे नै त हुँदो रहेछ ईश्वर।

तिमी आएपछि सपनीमा
मैले कहिल्यै कल्पनै नगरेको
यति धेरै खुसीहरू पो पाएँ
मलाई ब्युँझनै मन लागेन।

◆

निर्भीकजङ्ग रायमाझी

## कालो अबिर



यस पालि
म पनि खेल्न चाहन्छु होली
दलेर कालो अबिर
जल्लादहरूको चेहरामा!

उसो त इन्द्रेनी मन नपर्ने कहाँ हो र मलाई
घमाइलो दिन र फूलबारी मन नपर्ने
कहाँ हो र मलाई
तर मेरै गुराँसको लाली चोरेर
मेरै फूलबारीमा तेजाब फ्याँकेर
तिमीले उत्सव पो मनायौ प्रत्येक साल।

सहेर बसेथेँ जसोतसो
तिमीले मसाल फाल्यौ मेरै छानोमा
मौलो राख्यौ मेरै आँगनमा
र निचोर्दै मान्छेको धड्किरहेको मुटु
खेलिरह्यौ होली प्रत्येक साल।

यस पालि भने
म पनि खेल्दै छु होली
दलेर कालो अबिर
सिङ्गो सभ्यताको निधारभरि।

◆

शीतल कादम्बिनी

## गजल



चिनिसकेँ साथी मैले स्वभाव जिन्दगीको
बारबार उघारेर नकाब जिन्दगीको

खडेरी भै सताउँछ कैले झरी बनी
म त भन्छु यही नै हो सुझाव जिन्दगीको

जति पटक सोधे पनि सवाल एउटै थियो
बेग्लाबेग्लै पाएको छु जवाफ जिन्दगीको

हरेक खेलमा तिम्ले मलाई हरायौ त के भो
आज मैलै जितेको छु चुनाव जिन्दगीको

कैले शोकसभा देखेँ, कैले उत्सव यहाँ
जब मैले खोजेको थेँ हिसाब जिन्दगीको

संसारमा सबैभन्दा उही हो धनवान्
जसले झेल्छ हाँसीहाँसी अभाव जिन्दगीको

भन अझै ए दुनियाँ, पढ्न के छ बाँकी
अब मलाई कण्ठस्थ छ किताब जिन्दगीको।

◆

सुदेश सत्याल

# गाह्रो छ मान्छे हुन



सुब्बाको सपना लिई उडिरहे जोडी परेवाहरू
कब्जा बागबजारले गरिसक्यो ती लोकसेवाहरू
द्रोणाचार्य पढाउँदै छ महँगो पैसा लिई ट्यूसन
सक्छौ मास्टर बन्न डस्टरहरू, गाह्रो छ मान्छे हुन।

जन्मेदेखि सधैँ टुँडाल जसरी पायो र कस्ले जुनी
ती ठूला दरबार नै लुकिरहे छोटा लुगाको मुनि
सत्यासत्य नछुट्टिने भइसक्यो हे खोपडीहो, सुन
मान्छे भैकन जन्मिए पनि यहाँ गाह्रो छ मान्छे हुन।

धब्बाको गहना भिरीकन सधैँ चम्के असत्तीहरू
थाके दानव यी जलाइरहँदा ती दागबत्तीहरू
गर्छन् कोसिस विश्वचर्चित कुनै आदर्शलाई छुन
गान्धी, रावण, राम जे बन तिमी; गाह्रो छ मान्छे हुन।

थोत्रा प्लास्टिकका अमूल्य रचना पर्छन् थलाका थला
सिक्दै छन् कविबाट सज्जनहरू चोरेर लेख्ने कला
अड्कन्थे जब दाल, भात, डुकूमा ती देवकोटा सुन
योभन्दा कवि बन्न रै'छ सजिलो, गाह्रो छ मान्छे हुन।

सोफ्फाको दिनरात वर्णन गरे टेढाहरूले किन
हामी बौद्धिक वर्ग हौँ भनिरहे भेडाहरूले किन
तिम्रा वादहरू सबै मरिसके, सिद्धान्त ठेली सुन
भो, पाण्डित्य नछाँट पुस्तकहरू, गाह्रो छ मान्छे हुन।

आफू जन्मिनुको रहस्य कहिल्यै बुझ्नै नपाएपछि
केही तत्त्व खुले चिहान नजिकै रातै बिताएपछि
को हो चालक खै खुदा कि भगवान्, विज्ञान, येसू कुन
द्यौता बन्न उपाय छन् सय थरी, गाह्रो छ मान्छे हुन।

◆

नवीन प्यासी

# भुसिलकीरा



चराको चुच्चोमा च्यापिएको पुतलीले
मृत्युको गीतमा
आधुनिक नृत्य देखाउन थाल्यो

जब देख्यो उसले
बिरामी बालकको हातमा– गुलेली

उसले कहिल्यै सोधेन
बगरैबगर हिँडिरहेको नदीलाई यात्राको परिभाषा
उसले कहिल्यै देखाइमागेन
मन्दिर, चर्च या मस्जिदलाई ईश्वरको मुटु
न त भेट्यो
भीरको टुप्पोमा भोक्राइरहेको फूलसँग मृत्युको मिठास

उसले
ढुङ्गालाई माया गर्न थालेदेखि हो
लाग्न छाडेको ठेस
काँडालाई माया गर्न थालेदेखि हो
फुल्न थालेको गुलाफ

या भनौँ, स्वतन्त्रतालाई माया गर्न थालेदेखि हो
बल्न थालेको चेतना

जस्तो–
विषालु साँपलाई सपेराले गरेजस्तो
टोक्ने कुकुरलाई मालिकले गरेजस्तो
जस्तो कि
कठोर सिउँडीलाई मरुभूमिले गरेजस्तो

जस्तो आफ्नै रङहरूले
आफ्नै संसार सजाउन र बचाउन
विद्रोहमा उत्रिएको इमानदार पेन्टरझैँ
चिहानको छाती फोरेर आएको ऊ
नियाल्न सक्छ
उज्यालोलाई थिचिरहेको साँझको दैनिकी
बुझ्न सक्छ
आदिम पहाडको मौनतामा खेली हिँड्ने कुहिरोको नियत

दाबी गर्न सक्छ
पखेटा उसको पनि छ, आकाश उसको पनि हो

या उभिन सक्छ पर्खाल भएर सिमानामा
गर्न सक्छ माटोसँग विचारको सम्भोग
र उब्जाउन सक्छ हजारौँहजार कुरूप झुसिलकीराहरू

उसलाई यो थाहा छ कि
दुनियाँमा सबैभन्दा बढी सुरक्षित हुन्छ कुरूपता।

◆

सविता श्रेष्ठ 'बेहोसी'

# बुद्ध : एक शीतल प्रवाह



जब मान्छेभित्रको बुद्ध हराउँछ
संसारभर युद्धको त्रास फैलिन्छ

बुद्धको आसन त यही देशमा
फेरि कोलाहल यो डर किन!
दुई दिनको यो जीवनमा फेरि
चार दिनको भार किन!

संसार त्रस्त, अति नै त्रस्त
मान्छे धड्कनलाई रोकीरोकी बाँच्छ!
दुई दिनको यो जीवनमा फेरि ऊ
चार दिनको लालच कुम्ल्याएर बाँच्छ

मभित्र त प्रेम र करुणा बग्छ
मभित्र हिमालको शीतल बग्छ
मभित्र बुद्धको नेपाल बस्छ
तर, दुई दिनमै अस्त जीवनमा मान्छे
चार दिनको सोचले ग्रस्त भई बाँच्छ

मभित्र उज्यालो फैलन्छ
र बाहिर जीवनको उज्यालो फैलन्छ
मभित्र पानी बग्छ
र बाहिर जीवनको गति बग्छ
मभित्र पृथ्वी घुम्छ
र बाहिर जीवनको ऋतु घुम्छ
मभित्र हावा बग्छ
र बाहिर जीवनको श्वास चल्छ
मभित्र शून्य आकाश बन्छ
र बाहिर जीवनलाई स्पेस मिल्छ

अन्ततः
पाँचै तत्त्वको यो भौतिक जीवन
पाँचै तत्त्वमा लीन हुन्छ
दुई दिनको यो जीवनमा मान्छे
किन चार दिनको लालच कुम्ल्याएर बाँच्छ!

जीवन त शीतल प्रवाह हो
बुद्धको प्रवाह– हिमाली शीतल प्रवाह
जुन चरम शान्ति हामीमै समाहित छ
र जो घामको उज्यालो भएर पूर्वबाट
यो संसारभर छाइरहन्छ

जब मान्छेभित्रको बुद्ध हराउँछ
संसारभर युद्धको त्रास फैलिन्छ
दुई दिनको यो जीवनमा मान्छे
चार दिनको लालच कुम्ल्याएर बाँच्छ।

◆

महेश क्षितिज

## रेगिस्तान



हरियो रङको प्रेसक्रिप्सन छ मेरो हातमा
भन, तिमी नै पढ्छ्यौ कि म सुनाऊँ
बालुवा बनेको मेरो नियति?

आफै भन्छु, सुन!
सपिङ मलको पुरुष डमीजस्तो मात्रै रहेर
घरदेश फर्किएको छु रेगिस्तानबाट
मसँग नगर अब कोख भरिदिने माग।

जब खुल्यो होस, म थिएँ अस्पतालको शय्यामा
डाक्टरहरू भन्दै थिए–

मरिसकेको नेपाली बाँच्यो
बाँच्नुको सार्थकता गुमाएर
जीवनको यात्रा यसको कति लामो होला?

मैले तिमीलाई सम्झिएँ
अस्पतालको शय्यामा पल्टिएर महिना दिनसम्म।

अस्पतालबाट डिसचार्ज हुने बिहान
दिँदै प्रेसक्रिप्सन भने डाक्टरले–
तिम्रो पुरुषत्व गुमेको छ दुर्घटनामा।

अपत्यारिलो घटना जब पत्याउनै पऱ्यो मैले
तब आफ्नो पुरुषत्वलाई दिएर श्रद्धाञ्जली
दागबत्ती दिएर बाबुको मुखमा
घर फर्किएको किरियापुत्रीजस्तो
स्वदेश फर्केको एउटा रेगिस्तान तिमीअगाडि छ।

तिम्रो चाहनाको सिमानासम्म पुग्न सकिनँ म
तिमी 'तीन घुम्ती' उपन्यास पढेकी मान्छे
'पुतलीको घर'-की नोरा बुझेकी मान्छे
गुलाबको अगाडि म उन्यू तगारो बन्दिनँ
कुन्ती र उनले आह्वान गरेका देवताहरूको
बाटो रोकेर पाण्डुले?
म पाण्डुकै नियति लिएर भन्न सक्छु
तिम्रो गर्भमा आऊन् पञ्चपाण्डव।

म त भन्छु बाटो खुला छ, मान्दिनौ तिमी
मैले कमाएको अलिकति रुपियाँ
जोगाएको थिएँ सपनाको घर बनाउन
यही पैसाले राख्नू टेस्टट्युब बेबी
अनि बोध गर्नू मातृत्वको।

तिमी आमा बनेर एउटा कोठामा
स्तनपान गराइरहन्छ्यौ आफ्नो सन्तानलाई

त्यति बेला अर्को कोठामा बसेर म
लेखिरहन्छु कविताका छोराछोरीहरू।

◆

अनीता लामा

# पसिना



मेरो प्रिय खसम!
ढुकढुकी खोपेर हत्केलामा
सपना उठेर फेरि उघ्रेका खस्रा ठेलाहरूजस्तै
आवश्यकता तौलेर निधारमा
गाँस बन्दाबन्दै... फेरि उक्सेका चिचिला भोकहरूजस्तै
चिसो र ननिको लाग्छ मलाई
जब म हरेक पटक आईएमईबाट बुझ्छु
तिम्रो मुटु निचोरेर बगेको सुगन्धित पसिना!
कोसपारिको पराई भूमिमा
समुद्र डढ्ने रूखो सेतो घाममा
जब म तिम्रो विरक्त अँध्यारो गाला देख्छु
अत्यासिलो रूखो मरुभूमिमा पनि
जब म रसिलो भेल बग्न आतुर तिम्रा आँखा देख्छु
महासागरका बैँसालु छालहरूले काउकुती खेलिरहँदा पनि
जब म रुमानी हराएको सन्नाटा त्यो मुहार देख्छु
अनि हाँसेरै ओल्टोकोल्टो गर्दा पनि
जब म कोखिलाले च्यापिरहेको
त्यो कच्याककुचुक सिरानी देख्छु
र धुन हराएको उदास ओछ्यान देख्छु
ओ प्रिय!
कहाँ बाँधिँदो रहेछ र मन
तिमीले भनेजस्तो महसुसमा
आखिर महसुसले पनि चाहँदो रहेछ
ढुकढुकीबाट स्खलित हाम्रो साझा गुलियो पसिना!

मेरो माया, ओ माया!
कहिले तिमी भएको जस्तो भएर
कहिले तिमी नभएको जस्तो नभएर
उभिन्छु, हिँड्छु, लत्रिन्छु
तर फेरि उठ्छु
जसरी उठेको छ तिम्रो हत्केलामा पसिनाको फोका
डढेलोले खाग बन्छ यो कलेजो
बहुलाएर वरिपरिको वायु
हिमपात र आँधीतुफान बज्रन्छ छातीमाथि
भो, गर्दिनँ म तिम्रो पसिनाको बिक्री
भो, मिलाउँदिनँ म तिम्रो सपनामा काँध
भो, नपठाऊ मलाई तिम्रो शरीर पग्लिएको पसिना
म पलपल, हरपल त्यही पसिनाको सुगन्ध अभावमा
बारबार आफैलाई मरेको देख्छु।

◆

रोशन पुन

# परिचय



मसँग
घामको स्पर्शले स्खलित
हिमालबाट जन्मिएका
गिताङ्गे झर्नाहरू छन्
स्वयम् जूनलाई धरतीमा पछार्ने
रुमानी तालहरू छन्
फूलहरूको जुलुस निकाल्ने
शालीन पहाडहरू छन्

पहिरोसँग कुस्ती खेलेका
आमाका आदिम हातहरू छन्
घरभन्दा ठूला दुःखहरू बोकेका

सिङ्गै देश बोक्न सक्षम
बुबाका खुट्टाहरू छन्

उनै हातको टीका लगाउँछु, खुट्टा ढोग्छु
खर्पनबाट आशीर्वाद खन्याएर खोलासँगै
म पनि पठाउँछु समुद्रलाई उपहार
केही थोपा किसानको पसिना
र अलिकति भरियाको सुस्केरा

बोकेर जम्मै पसिना
बग्छन् सुसेल्दै नदीहरू

बदलामा
समुद्रले देशको नाममा
पानी बोकी उड्ने बादल पठाउँछ

समुद्रको किनारबाट उडान भरेका
बादलका पङ्क्तिहरू
हिमालयमा अवतरित हुन्छन्
र हिउँ उपहार दिन्छन्

पहाडलाई ओढाएर बादलको मफलर
बादलै पिउँछन् तराईले
र सुदूर कर्णालीको भोक उखेल्छन्

उचालेर केही आकाशलाई सुम्पिदिन्छु
जहाँ भेटिन्छ सगरमाथाको सफरमा निस्केको समीर

म बचाउँछु देशलाई
जति बाँच्न सक्छ समय
अलिकति सिमानाको रोगी छ मेरो देश
सिमानामा गुलाफ फुलाएर भन्नु छ उनीहरूलाई–
'बुद्धले छाडी गएको मेरो देशको
सीमास्तम्भ यही हो।'

◆

नरेन्द्रराज प्रसाई

# माया गीत



दुक्ख र सुक्ख भनेको चिजै घाम र छाया हो
जीवन भन्नु बाँचुन्जेलसम्म मोह र माया हो

औँसी र पुर्णे, रात र दिन जिन्दगी माया हो
निराशा र आशाको माझ जिन्दगी माया हो

म्वाइँमा माया, ठेसमा माया, माया नै माया छ
असिनाभरि, पसिनाभित्र माया नै माया छ

आँतको माया सासमा फेर्छु, नसामा माया छ
जति छ माया, मभित्र माया, तिमीलाई माया छ।

◆

सुमन पोखरेल

# दुई गीत



## दिन डढेर गयो

दिन डढेर गयो, रात पोखिई बिलायो
नयाँ रूप भएर बिहान ओर्ली आयो

सपनाहरू छँदै छन्
रहर उही बढ्दै छन्
फेरि आफूमा नै जीवन फर्की आयो
नयाँ रूप भएर बिहान ओर्ली आयो

उमङ्गहरू उठ्दै छन्
उल्लास फेरि बन्दै छन्
फेरि आफूभित्रै जीवन फर्की आयो
नयाँ रूप भएर बिहान ओर्ली आयो।

## जीवनजस्तो के हो

जीवनजस्तो के हो, के हो यो भ्रमजस्तो
स्पर्शजस्तो के थ्यो, के थ्यो त्यो प्रेमजस्तो

भनूँ म केही आफै या आँखालाई छाडिदिऊँ
सोधूँ म उनलाई केही या आँखा नै पढिरहूँ
भेटेर फेरि आज जोडिएको क्रमजस्तो
स्पर्शजस्तो के थ्यो, के थ्यो त्यो प्रेमजस्तो

वाणीको लय के थ्यो, कहाँ थे मनहरू
कुन धुनले झङ्कृत थे त्यहाँ दुई तनहरू
मिसिएर दुई नदी उर्लेको छालजस्तो
स्पर्शजस्तो के थ्यो, के थ्यो त्यो प्रेमजस्तो।

◆

लीलाराज दाहाल

# गजल



सङ्घर्षको शिखरबाट झर्नु हुन्नथ्यो
वेदनाको हिमनदी तर्नु हुन्नथ्यो

परोपकारी हुँ भनी जिकिर लिनेले
अबला यी युवतीलाई हर्नु हुन्नथ्यो

अपकार केही पनि नगरेको भए
रोईरोई आँखा उसै भर्नु हुन्नथ्यो

छैन कोही अमर यहाँ भन्ने बुझेसि
बाँच्छु सधैँ भन्ने भ्रममा पर्नु हुन्नथ्यो

वीरहरू त मुक्तिको बाजी जिती मर्छन्
नामर्दझैँ पटकपटक मर्नु हुन्नथ्यो।

गीता त्रिपाठी

# दुई गीत



## कठै! जिन्दगानी

कतै बज्छ सहनाई, कतै रुन्छ शङ्ख
कतै पत्र खस्दा कतै लाग्छ पङ्ख

कोही आफ्नो हुन्न, सधैँ हुन्छ फाटो
छ एक्लै छिचोल्नु बिरानीको बाटो
कतै मूल फुट्दा कतै सुक्छ पानी
नबुझेको कथा कठै! जिन्दगानी

कतै एक पृष्ठ पनि छ अधुरो
कतै बित्छ वर्षौं पनि झन् मधुरो
सधैँ नौलोजस्तो कसैको कहानी
कसैको सधैँ छ भिजेको सिरानी

कतै बज्छ सहनाई, कतै बज्छ शङ्ख
कतै पत्र खस्दा कतै लाग्छ पङ्ख।

## आँसुको चिठी

आँसुले लेखी राखेथेँ चिठी, भेटिनँ हुलाकी
मायालु, तिम्रो खबर दिने पाइनँ सुराकी

अँधेरी रातमा म रोइरहेँ, तिमीले देखेनौ
बिरानो ठाउँमा मायालु मनले दुई अक्षर लेखेनौ

सपनाभरि आएर पनि किन हो बोलेनौ
आँखामा थियो दु:खको कथा, ओठले खोलेनौ

कुहिरोभित्र लुकेको जून तिमीले देखेनौ
आँसुले बगाई लाँदै छ खुसी, तिमीले छेकेनौ।

◆

धनराज गिरी

## गजल



न लाली न टीका अहो सादगीमा
परी सुन्दरी चाँदनी पोखरीमा!

यही सादगीले बनायो दिवाना
गयो होस मेरो परी मोहनीमा

भिजे केशराशि नुहायौ, सुहायो
समाएर लाने गरी प्रेम बिमा

बनाएर साथी छ लाने इरादा
सजाएर स्युँदो ननाघेर सीमा

गुलाबी छ गाला, उज्यालो छ आभा
तिमी मुस्कुराए सुधा जीवनीमा!

◆

पुष्प अधिकारी 'अञ्जली'

## गजल



सिमाना मिचेको कसैले नदेख्ने
बखेडा भिकेको कसैले नदेख्ने

न चिन्ता छ कुनै, कहाँ राष्ट्र पुग्ला
छिमेकी मिलेको कसैले नदेख्ने

चिनारी छ बेग्लै, निकम्मा सरकार
जुकाभैँ छिरेको कसैले नदेख्ने

बचेराबचेरी कठै! भोकभोकै
दिलै यो बिभेको कसैले नदेख्ने

बहाना हजारौँ, विलासी छ राज्य
छ पापी बनेको, कसैले नदेख्ने।

◆

वसन्तमोहन अधिकारी

## गजल



धरै पछि कोइलीको जस्तै मधुर स्वरमा सोध्यौ प्रिय!
म देवको खोजीमा थिएँ, तिम्ले कसलाई रोज्यौ प्रिय?

वेद, गीता, रामायण, बाइबल, कुरान सबै पढेँ
सत्य तिम्रो आत्मा मात्र हो, तिमीले जीवन बुझ्यौ प्रिय?

जन्मपछि मृत्यु हुन्छ, यो मानव जीवन परीक्षा हो
मानवप्रेम अनि विश्वासको सुखशान्ति सुन्यौ प्रिय?

भौतिकताको चाहनामा आफ्नो जन्मदाता भुल्दै गयौ
धन-शक्तिभन्दा बलवान् कोरोनालाई देख्यौ प्रिय?

तिमीले फेर्ने श्वाससँग देव हृदयको मिलन छ
आज फेरि हराएको तिम्रो वसन्तलाई भेट्यौ प्रिय?

◆

ललिता दोषी

# लाग्दैनन् काटिए पङ्ख



उहुँ, लाग्दैनन् काटिए पङ्ख
सगर छुन उड्दै छु म
नठान केवल हिलो हुँ
कमल बनी फुल्ने छु म
उहुँ, लाग्दैनन् काटिए पङ्ख

म होइन शीतको थोपा
झुल्के घाममै लुक्ने
म त सागर हुँ विशाल
कहिल्यै-कहिल्यै नसुक्ने
उहुँ, लाग्दैनन् काटिए पङ्ख

चल्दैनन् खुट्टा के भयो त
मनले चढ्छ सधैँ शिखर
नदेखे नि यी आँखाले
हाँसेकै छ मेरो अधर
उहुँ, लाग्दैनन् काटिए पङ्ख।

◆

अलका मल्ल

# फेरि अलमल्याउन नआऊ



कसैको भइसकेको यो जोबन
फेरि चिस्याउन नआऊ

मेरो घर झुपडी देख्ने मान्छे
भुलाएर महल सम्झिन नआऊ

बिहानीको शीतको थोपासँगै
आँसु पोखाउन कहिल्यै नआऊ

कसैको भइसकेको यो जोबन
मस्केर फेरि प्रीत लाउन नआऊ

मेरो गीतका सङ्गीतहरूमा
धुन बनेर तिमी चैँ नआऊ

पछ्यौरीको घुम्टो ओढेर यहाँ
बादलसँगै जिस्काउन नआऊ

सूर्यको किरण अँठ्याउँदै अब
झरी बनेर रुझाउन नआऊ

ढल्कँदै गरेको साँझमा फेरि
कहीँकतै भेट्न पनि नआऊ

रम्दै गरेको जीवनमा मेरो
शिशिर बनी झुक्याएर नआऊ

धेरै जिस्किने बानी छैन अब मेरो
ख्याल ठट्टा गर्न बिर्सेर पनि नआऊ

वसन्तको बगैँचाहरूमा फेरि
पतझड बनी झस्काउन नआऊ

कसैको भइसकेको यो जोबन
फेरि अलमल्याउन नआऊ।

◆

**कथा**

उषा शेरचन

# सुरक्षा



उमेरमै विधवा भएकी हुन् उनी।

तर एकल प्रयासले नै सुखमय संसार निर्माण गरेकी थिइन्। छोरालाई राम्रोसँग पढाईलेखाई राम्रो अफिसमा माथिल्लो दर्जामा जागिर खान सक्ने बनाएकी थिइन्। सँगै काम गर्ने सहकर्मीसँग प्रेम बसेपछि छोराको इच्छामुताबिक उनले धुमधामसँग बिहे पनि गरिदिइन्। उनी जातभातमा विश्वास गर्दिनथिन्। जातभात आदिबाट मुक्त हुनुपर्छ भन्दै नातेदारहरूको विरोधका बाबजुद उनले आफ्नो छोराले रोजेकै केटीलाई बुहारीका रूपमा घरमा भित्र्याएकी थिइन्। जातभात नमिलाई विधवा आमाले आफ्नो इच्छामुताबिक गरिन् भनेर आफन्तहरू निकै रिसाएका थिए।

"जिन्दगी बिताउने त उनीहरूले नै हो। आफूले रोजेको मान्छे पाउँदा उनीहरू खुसी हुन्छन्, त्यसमा मैले किन बाधा पार्नु?" उनको तर्क हुन्थ्यो।

"यस्तो असल र राम्रो जागिरे केटाले जातकै र जस्ती भन्यो उस्तै केटी पाउँथ्यो। हामीले त सुशील र पढालेखा छोरीहरू पनि ख्याल गरिसकेका थियौँ।"

गुनासोका पोकाहरू खोलिरहन्थे आफन्त। तर उनी भने एक कानले सुन्थिन् र अर्को कानले उडाइदिन्थिन्। उनका लागि छोराको खुसी नै सर्वोपरि थियो। आमाछोराबीच अगाध माया थियो। पुरानो घर बहालमा दिएर उनीहरू हाउजिङको नयाँ घरमा सरेका थिए। छोराबुहारी दुवैको कमाइ राम्रो भएकाले घरको किस्ता पनि समयभित्र तिरिसकेका थिए। छोराबुहारी दुवै काममा जाने हुँदा घरमा नातिनी उनका लागि समय कटाउने रमाइलो बहाना थिई। जीवन सङ्लो र शान्त हिउँदे नदीजस्तै सलल्ल बगिरहेको थियो।

त्यस दिनको छोराको बोलीले उनलाई एक्कासि झस्कायो। उसले भनेको यति थियो– "आमा, हामी अफिस जान्छौँ। हजुरकी बुहारी भने आफैँ ड्राइभ गरेर फर्किन्छे, तर म चाहिँ फर्किन्नँ।"

(छोराको मुखबाट फुत्केको वाक्यले उनलाई किन झस्कायो, आफैलाई थाहा छैन। तर उनीभित्र अनौठो बिरानोपन सलबलाउन थाल्यो। छोरो अरू बेला पनि यसै गरी भनेरै जान्थ्यो। हरेक सानातिना कुरा सेयर गर्ने उसको बानी आमालाई खुब मन पर्थ्यो। २० वर्षमा त उनी विधवा भइसकेकी थिइन्। १८ वर्षमै पहिलो सन्तानको सुखभोग मिलेको थियो, तर लामो समय रहेन खुसी। एकमात्र खुसी भन्नु त्यही छोरो। दुःखका बीच पनि बेस्सरी माया दिएर हुर्काएको छोरो। त्यही भएर छोराले बोलेको हरेक कुराले उनका लागि विशेष अर्थ राख्थ्यो।)

"कस्तो अपशकुनको कुरा गरेको छोरा!"

छोराले आमाको मुखमा हेर्दै हाँसेर भन्यो– "हरे ! हाम्री आमै पनि अचम्मैकी छिन्। मैले के त्यस्तो अपशकुन बोलेँ र?"

"कुन्नि त के बोलिस्। फेरि तिनै शब्द दोहोऱ्याउन्नँ म।"

"ए, बुहारी मात्रै फर्किन्छे, म फर्किन्नँ भन्यो भनेर भस्कनुभएको हो आमा? मैले जिन्दगीभर फर्किन्नँ भनेझैँ गरेर मलिन अनुहार बनाउनुभयो आमाले त!"

(छोराले यसो भन्दा मुख थुन्न पुगेकी थिइन् उनी। छोराले अफिसको कामले एकदुई दिनका लागि अफिसकै गाडीमा काठमाडौँबाहिर जान लागेको कुरा बुझायो र श्रीमतीलाई सरसामान तयार पारिदिन पनि सुझायो।)

अनि आमाको खुट्टामा ढोग्दै 'नातिनीसँग राम्रोसँग बस्नू है आमा ! म पर्सि मात्रै फर्किन्छु' भनी छोरीलाई चुमेर बिदा भएको थियो ऊ। सबै कुरा ठीक हुँदा पनि आमाको मन थिरमा रहेन दिनभर। किन? उनैलाई थाहा थिएन। खालि छटपटीजस्तो केही सलबल गरी बस्यो उनीभित्र।

बुहारी समयमै घरमा पसी। फ्रेस भएर किचनतिर छिर्न लागेकी मात्र थिई, उसको मोबाइल बज्यो। त्यो कलले बोकी ल्याएको थियो अप्रत्याशित खबर। र, त्यही खबरले एक पटक फेरि विगत बल्झाइदियो आमाको। एउटै नियतिको डोरीले कसिए दुई महिला। सासू र बुहारीको जीवन एउटै भयो।

कार दुर्घटनामा परी छोरो बितेको खबरले त्यस घरमा सन्नाटा छायो।

× × ×

आज शनिबार।

बुहारी भान्सामा उनलाई मन पर्ने खाना बनाउन लागेकी छ। शनिबार जहिल्यै आफै भान्सामा पस्छे ऊ। उनलाई मन पर्ने तरकारीमा खुबै ध्यान दिन्छे। उसको हात मात्रै मीठो नभई मायासमेत राखेर पकाउँछे। छोराको अभावबाहेक छोरो गएदेखि आजपर्यन्त उनलाई कुनै पनि कुरामा कमी हुन दिएकी छैन। उसको माइतमा पनि आमाबाबु दुवै खसिसके। दाजुभाइ छन्। दाजुभाइ र भाउजूबुहारीको त उखानै छ नि– 'आमाबाबु पूरा माइती, दाजुभाइ आधा माइती र भदाभदै छैन माइती।' बुहारीलाई पनि सासू आमा र छोरीको साथ पाए केही चाहिन्न। उसले बुहारीको मात्रै नभई छोराको कर्तव्य पनि पूरै निभाएकी छ। त्यसैले छोरीलाई भन्दा बढी माया गर्छिन् उनी बुहारीलाई।

तर आज उनको मन अलिक बिथोलिएको छ।

टोलछिमेकले अनेक कुरा गर्छन् आजकाल। बुहारीका बारेमा आफन्तले कुरा सुनाएर हैरान पारेका छन्। उनलाई खास फरक नपरे पनि एकतमासको कुराले मनमा उथलपुथल भएको छ। अचेल त्यही पिरलोले उनको मन अँध्यारिँदै छ। मनभित्र कुनै गहिरो चिन्ताले डेरा जमाएको छ।

खाना पाकेपछि डानइनिङमा राम्रोसँग सजाई बुहारीले।

"नातिनी र हजुरआमाको ग्रह पनि कति मिलेको ! दुवैलाई दुवै भए भो, म पनि चाहिन्नँ हगि?"

"नाइँ, म अहिल्यै नखाने मामू! मलाई भोक लागेको छैन। बरु कार्टुन हेरेर बस्छु नि मामू! म पछि खान्छु।" आमालाई देख्नेबित्तिकै छोरीले घुर्क्याई।

"हुन्नहुन्न नानू! मैले मेरी छोरी र आमाका लागि भनेर मन पर्ने खाना बनाएकी छु। अनि झन् नखाने भन्ने?" टिभी बन्द गर्दै छोरीलाई मायाले मुसारी।

छोरी पनि आमाको घाँटीमा मालाझैँ झुन्डिँदै लाडे पल्टिएर आमालाई चुम्न थाली। आमाछोरीबीचको मायालाई मायालु आँखाले हेरिन् उनले र खाना खानका लागि हात धुन गइन्।

"मलाई त्यति खान मन छैन बुहारी, अलिकति मात्रै पस्क। खासै भोक पनि लागेको छैन।"

"किन नि भोक नलागेको? बिहान पनि केही खानुभएको छैन एक कप चियाबाहेक। नास्ता नखाने बरु खाना नै खाने भन्ने अनि...। मैले झन् हजुरलाई जेजे मन पर्छ त्यहीत्यही पकाएकी छु? होइन, अचेल हजुरले निन्याउरो मुख लगाएको देख्छु जतिखेर पनि। हजुरलाई सन्चो छैन कि क्या हो?"

"होइन, सन्चै छु।"

"मुखले सन्चै छु भनेर के गर्नु? अनुहार, चालढाल सबैले सन्चो नभएको कुरा देखाएको छ। हजुर यस्ती त हुनुहुन्नथ्यो। दुईचार दिनदेखि मैले नोटिस गरेकी छु। खाना खाऔँ पहिले अनि नानी दिउसो सुतेपछि हामी कुरा गरौँला।"

बुहारीको मन राख्नकै लागि जुठो हालिन् मात्रै र उठेर चुठ्न गइन्।

"अब म काम सकेर आउँछु अनि सासूबुहारी मज्जाले कुरा गरौँला।"

केही नभनी नातिनीलाई बोकिन् र लगिन् सुताउन। केही बेरपछि नातिनी निदाई। आज त अलि सबेरै उठेकाले चकचक बढी गरेर थाकेकी थिई होला, भुसुक्क निदाई। नातिनीलाई सजिलो गरी सुताइन् र उसको निधारमा चुमिन् अनि पुनः डाइनिङमा आइन्। त्यतिन्जेलमा बुहारी पनि सबै काम सकेर टावेलले हात पुछ्दै बस्न आई डाइनिङमै।

"ल आमा, आज हजुरको मनमा जेजे छ सबै भन्नोस्। हजुर उदास हुनुको कारण के हो? सबैसबै खुलस्त भन्नोस्।"

"मैले जीवनमा जे भोगेँ, तिमीले त्यो भोग्नु नपरोस् भन्ने चाहन्छु, किनभने म तिमीलाई मेरी छोरीलाई भन्दा बढी माया गर्छु। तर यो दुनियाँ त्यस्तो छैन बुहारी!"

"दुनियाँसँग मेरा के लेनादेना? मेरो दुनियाँ भनेको हजुर र हजुरकी प्राणप्यारी नातिनी मात्रै हो।"

मनभित्र उकुसमुकुस भएकाले रोक्न खोज्दाखोज्दै फुस्किहाल्यो– "तिम्रो अफिसको नयाँ साथी नि?"

(थोरै तरङ्गित भई बुहारी, तर सँभालिँदै कुरो अघि बढाई।)

"ए..., ऊ त मेरो अलि विशेष साथी हो। ऊ मलाई प्रेम गर्छ र म पनि उसलाई प्रेम गर्छु आमा! तर अन्यथा नलिनुहोला। म हजुर र हजुरकी नातिनीप्रतिको माया र कर्तव्य पालनमा केही कमी हुन दिन्नँ। कि मैले आफ्नो कर्तव्य पूरा गरेकी छैन?"

(एक लहर केही बिरानोपन फैलिन्छ सासूको अनुहारमा। फेरि एकैछिनमा बिलाएर जान्छ।)

"गरेकी छ्यौ र अझै बढी गरेकी छ्यौ। तर कुरा तिमी र मबीचको नभई यो समाजको हो। तिमी मेरो कुरा किन बुझ्दिनौ बुहारी? यो टोल, समाज अनि इष्टमित्रले तिम्रो चरित्रलाई लिएर नाना थरी कुरा काट्छन्। त्यसरी कुरा काटेको सुनेपछि मेरो मन छियाछिया हुन्छ।"

"जो हजुरको कान भर्न आउँछन् नि आमा, ती सबैको नजर नकारात्मक छ मप्रति। उनीहरू मौका छोपेर मेरो नजिक आउन खोज्छन्। सके छुन पनि चाहन्छन्। टाढाको के कुरा आमा, यिनै नाताकुटुम्बभित्रैकाले गिद्धे आँखा लाउँछन्। अनि उनीहरूले चाहेको पूरा नहुँदा यसरी मेरो कुरा काट्छन्।"

"हो, त्यसैले त अब तिमीले यसलाई गम्भीर भएर सोच्नुपर्छ। यदि तिमी प्रेममा छ्यौ भने बरु विवाह गर उसैसँग, तिमीलाई मबाट केही छेकबार हुन्न। टाढाकोसँग त तिमी लडौली पनि, तर हामी नजिकैकाबाट तिमीले आफूलाई बचाउँछ्यौ कसरी? तिम्रो अगाडि सिङ्गै जिन्दगी बाँकी छ। मेरा सासूससुराले त मेरो पुनर्विवाहका लागि सोच्दा पनि पाप लाग्ने हिसाबले लिने हुँदा गरिदिने सवाल पनि भएन, तर तिम्रो लागि त म छु नि! यो दुनियाँ यस्तो छ बुहारी, एकल महिलालाई यहाँ सुखले बाँच्न दिँदैन। यहाँ जताततै गिद्धहरू झुम्मिरहेका हुन्छन्। तिमीलाई ठुँगीठुँगी मार्छन्। छोरीको जस्तै गरी म तिम्रो बिहे धुमधामले गरिदिन्छु।"

बुहारी अवाक् हुन्छे। सन्नाटा छाउँछ उनीहरूबीच केही क्षण। सासूको आफूप्रतिको यो हदको माया उसले सायद कल्पेकी थिइन। अघिल्लो पुस्ताकी सासूभित्रको चेतनाले ऊ कायल भएकी छ, तर उसको सोचाइ फरक छ।

"मलाई बिहे गर्नु छैन आमा!"

"म तिम्रै भलाइको लागि भन्दै छु। मैले जे भोगेँ त्यही कुरा तिमीले भोग्नु नपरोस् भन्ने चाहन्छु। तिमी अफिसका केटा साथीहरूसँग हिँडेको देखेपछि तिम्रो अनेक कुरा काट्छन्। म सुन्न सक्दिनँ बुहारी! त्यसले मलाई कति चिन्ता लाग्छ र कति पीडा हुन्छ, तिमी अनुमान लगाउन सक्दिनौ।"

"हेर्नोस् आमा! मेरा पनि केही भावनात्मक र जैविक आवश्यकता हुन्छन्। साथीभाइको साथ र माया गर्ने मान्छेको आवश्यकता त पर्छ नै। आपसी समझदारीमा हामीले विवाह नगरी एकअर्कालाई साथ दिने योजना बनाएका छौँ। त्यसमा तपाईंका नातागोता भनाउँदाहरू, टोलछिमेकीले के भन्छन् त्यो सोचेर टाउको दुखाउनु हुन्न। खासमा हजुरलाई जजसले यस्तो कुरा सुनाउँछन् नि आमा, तिनीहरू नै आफ्नो वासना पूर्ति गर्न चाहन्छन्। हामीजस्ता एकल महिलाका लागि साथमा उभिने मान्छे पाउन गाह्रो हुन्छ, तर हामीलाई वासनाको सिकार बनाउन भने हजारौँ लाइनमा हुन्छन्।"

"म त झन् २० वर्षमा विधवा भएकी। के मेरो इच्छा थिएन होला बुहारी? के मेरा सपनाहरू थिएनन्? लोग्नेमान्छेले बनाएको दुनियाँमा हामी स्वास्नीमान्छेको लागि स्वतन्त्रता एक हदसम्म मात्रै ठीक हुन्छ। मैले जे भोगेँ त्यो तिमीले भोग्नु नपरोस् भन्ने चाहन्छु। तरुनो

उमेरमै लोग्ने गुमाउनुको पीडा कस्तो हुन्छ भन्ने मैले बुझेकी छु, तर मैले कहिल्यै आफ्नो मर्यादा नाघिनँ। मैले घरपरिवारमा आँच आउने काम कहिल्यै गरिनँ। तर अहिले आएर तिम्रो बारेमा अनापसनाप कुरा गर्छन्। जब तिम्रो चरित्रका बारेमा छिमेकी र नातेदारले कुरा गर्छन् तब मलाई एकदमै दुःख लाग्छ। तिमीहरू एकअर्कालाई साँच्चै माया गर्छौ भने यसरी नहिँड, बरु विवाह गर। अरूले कुरा काट्ने बाटो नराख। विवाह गरेपछि तिमी सुरक्षित हुन्छ्यौ। हामीलाई रहनु त छ फेरि पनि यही समाजमा।"

"सुरक्षाको कुरामा नि आमा, महिलालाई सुरक्षित रहन पुरुषकै सहारा लिनुपर्छ भन्ने म मान्दिनँ। रह्यो समाजको कुरा। मैले हजुरलाई अघि नै भनिहालेँ नि एकल महिलालाई जहिल्यै यौन हिंसा गर्ने छुट छ भन्ने सोच्छ यो समाज। चाहे विधवा होस् वा डिभोर्सी वा सिङ्गल आमा, एकल महिलाप्रति सहानुभूति होइन, वासनाका आँखाले हेर्छन् सबै। उनीहरू एकल महिला भनेको सजिलै प्राप्त गर्न सकिने वस्तु सोच्छन् आमा! तर म त्यसो हुन दिने छैन। म आफ्नो र यो परिवारको आफै देखभाल गर्छु। सम्बन्धमा रहे पनि विवाह गर्दिनँ आमा!"

"त्यो त हो, तिमी आँटी छ्यौ। तिमीले मलाई आफ्नी आमालाई भन्दा बढी माया गर्छ्यौ। व्यक्तिगत रूपमा म पनि चाहन्नँ, तिमी विवाह गरेर मबाट टाढा होऊ, तर लामो जीवनमा के होला भन्ने पीर लाग्छ।"

"यहाँ महिला र पुरुषका लागि लगाइएको छुट्टाछुट्टै साँध र सिमाना म भत्काउन चाहन्छु आमा! म हजुरको छोरो र बुहारी दुवैको कर्तव्य पूरा गर्न चाहन्छु। म सम्बन्धमा रहे पनि विवाह गरेर भाग्ने पक्षमा भने छैन। स्वयम् महिला भएको कारणले हजुरलाई थाहै छ, हामीलाई जुन केटो भेटे पनि आफ्नो वासनाको ज्वाला मेटौँ भन्ने हुन्छ त आमा? आफ्नो मनले रुचाएकाले बाहेक अरूको स्पर्श हामीलाई मन पर्छ त आमा? तपाईं आफै भन्नोस्। लोग्नेमान्छे र स्वास्नीमान्छेमा यस्ता धेरै फरक छन्। उनीहरूलाई मात्रै स्वास्नीमान्छे भए पुग्ने? प्रिय र अप्रिय स्पर्श भन्ने नै नहुने तिनको खातामा। हामीलाई भने बेस्सरी फरक पार्ने। हजुरको छोराको निधनपछि नजिकका आफन्तहरूको व्यवहारले निकै हैरान भएकी थिएँ। यसैबीच मेरै अफिसका सहकर्मीहरू आफ्नो वासनाका लागि नभई मेरा लागि अनि मेरै पक्षमा उभिन थाले। बिस्तारै हामीबीच गाढा सम्बन्ध कायम भएकाले सबैलाई जलन भएको हो। त्यसैले हजुरको कान यसरी भरेर हामी आमाछोरीबीच फाटो ल्याउने प्रयत्न गर्दै छन्। मान्छेको जात अर्काको घरमा आगो झोसेर हात सेकाउन चाहन्छ। तपाईं बलियो हुनोस्। मेरो साथमा सतिसाल भएर उभिनोस्। मलाई फिक्री भनेकै तपाईं र तपाईंकी नातिनीको हो। मेरा लागि यी दुईभन्दा महत्त्वपूर्ण व्यक्ति संसारमै छैनन् कोही।"

(यतिखेर उनको मन रुवाझैँ हलुका भएको छ। आफूले बोल्न नसकेको कुरा आज बुहारीले बोलिदिँदा उनी मक्ख छिन्। तर फेरि पनि मनभरि छन् केही प्रश्न अझै– किन हाम्रो समाज महिलालाई सुरक्षा दिनुपर्छ भनिरहन्छ? कि महिलाको सुरक्षाको नाममा आफ्नै सुरक्षाको जोहोमा लागेको त हैन समाज?)

◆

कृष्ण धरावासी

# आँखा



मध्यपहाडी गाउँ। पारिलो पाखामा मिलेर बसेको बस्ती। छरिएका घरहरू। गाउँदेखि निकै पर सप्रिएको जङ्गल। तलतिर सुसाइरहको खोलो। खरले छाएको दुई तले घर। घर र मचानको बीचमा आँगन। आँगनमास्तिरबाट छड्के पर्दै ओरालो झरेको बाटो। त्यही बाटोबाट माथिल्लो गाउँका बस्तुबाख्राहरू चरनमा झर्छन्। मानिस हिँड्ने बाटो पनि त्यही हो। घरघरबाट निस्केका गोरेटाहरू पनि त्यहीँ पुगेर मिसिन्छन्।

आँगनमा भुरा खेलिरहेका छन्। एउटा छसात वर्षको केटालाई बीचमा उभ्याएर अरू तीनचार जना भुराहरू त्यसको वरिपरि घुमिरहेका छन्। ऊ चाहिँ मियो भएर उभिएको अरे। अनि अरू चाहिँ गोरु भएर दाइँ गरेका अरे। बीचमा उभिएको छ केटो गोविन्द। उसलाई सबैले त्यही नामले बोलाउँछन्। धेरै बेरदेखि त्यसरी एकै ठाउँमा उभिएको ऊ थाकिसकेको छ। तर अरू भने खेदाखेद गर्न र एकले अर्कालाई छुनै व्यस्त छन्। दिक्क भएर गोविन्दले भन्यो– "नाइँ, अब म उभिन सक्दिनँ, गलिसकेँ।"

तिनै घुमिरहनेमध्येकी एउटी केटीले भनी– "हामी त झन् उभिएका पनि छैनौँ। हिँडिरहेका छौँ, गलेका छैनौँ त! तँ चाहिँ चुप लागेर उभिँदा पनि गलिस्?"

उसले लाचारजस्तो भएर भन्यो– "हिँड्दा गलिँदैन होला नि त!"

अर्कीले भनी– "अँ हो, गलिँदैन! कस्तो सारो गलिन्छ झन्।"

गोविन्दले झर्केजस्तो गरेर भन्यो– "तँ आइज न त उभिई, म घुम्छु।"

अर्कीले भनी– "हो, खुब घुमिस्! आँखा नदेख्नेले संसार घुम्ने भो!"

अनि सबै जना हाँस्न थाले। गोविन्दले कालो मुख बनाएर घोसेमुन्टो लगाइरह्यो। उँभोबाट आउँदै गरेकी एउटी महिलाले रिसाउँदै भनिन्– "ओइ! भाइलाई किन हेप्छौ हँ? तिमीहरूका आँखा अनुहारमा छन्, उसका आँखा हत्केलामा छन्। छाम्दै देख्छ नि उसले पनि तिमीहरूले जस्तै सबैलाई।"

उनको त्यो आवाज सुनेपछि चिन्यो उसले। ती छिमेकी साइँली फुपू थिइन्। अहिले उसको अनुहार अघिको भन्दा उज्यालो त भयो तर आँखाबाट बगेको आँसु भने रोकिएको थिएन।

× × ×

भुरालाई हकार्दै उनी घरभित्र पसिन्। भित्र ४०–४२ की जस्ती महिला काखमा एक वर्षजतिकी बच्ची बोकेर चुलामा दाउरा ठेल्दै भात चलाउँदै थिइन्। बाहिरको आवाजले कानलाई तानेछ, ढोकातिर हेर्दै भित्र पस्दै गरेकीलाई सोधिन्– "कसले के देख्छ भनेको साइँली?"

उनले आफ्नै सुरमा भनिन्– “ए! केही होइन, भुरासँग कुरा गरेकी नि! आँखा चिम्लेर छुने खेल खेल्दै रहेछन् अनि।” उनले पिरा आफूतिर सार्दै सोधिन्– “के पकाउनुभो त भाउजू तिहुन?”

भाउजूले दिक्क मान्दै भनिन्– “के पाक्नु? बारीमा केही भए पो! यस पालिको खडेरीले सक्ने भो नि!” एकछिन अडिएर फेरि सोधिन्– “अनि किन आयौ त साइँली?”

“किन भन्नु र हौ भाउजू! हेर्नू न कस्तो अभर पऱ्यो। फ्याट्टै नन्दे भाइ पाहुना आइपुगे। घरमा चामलको गेडो छैन।” उनले अप्ठ्यारो मान्दै भनिन्।

भाउजूले भातको भाँडो चुलेबाट झिकेर कोइलामाथि राख्दै भनिन्– “त्यति भन्न केको अप्ठ्यारो मानेकी त! यस्तै त हुन्छ कहिलेकाहीँ। यो पहाडमा सधैँ अन्नपानीकै दु:ख त हुन्छ नि! मरिहत्ते गरेर काम गऱ्यो सधैँ खानकै टुमटुम।”

साइँलीले आफ्नो अभावलाई छोप्न खोज्दै भनिन्– “धान त अलिकति छ तर कुट्नै पाएकी छैन।” एकछिन रोकिएर सानो स्वरमा थपिन्– “फेरि सुन्नू न भाउजू! भन्न पनि अप्ठ्यारो। यस पालि सुत्केरी भएदेखि त पाठेघर तल झरेर हैरान छ। लोग्नेमान्छेलाई भन्न पनि के भन्नु! लाजको पसारो। कति दिन लुकाउनु होला हौ! टुक्रुक्क बसेर केही गर्नु हुँदैन। के भन्नु र?” अनुहार लाज र पीडा मिसिएर अनौठो देखिएको थियो।

भाउजूले भनिन्– “किन लुकाएको त? त्यस्तो कुरो पनि लुकाउने हो त? आफ्नो लोग्नेलाई नभनेर कसलाई भन्ने त नि! तिनेरकै कारणले पनि त हो नि त्यस्तो भाको। आ..., मैले त भन्दिएँ। अस्पताल गएपछि ठीक भइहाल्दो रहेछ।” बोल्दैबोल्दै उठेर काखको नानी साइँलीको हातमा हालिदिई माथि बुइँगलतिर चढिन्। एकछिनमा एउटा सानो डालीमा चामल लिएर फर्किन् र भनिन्– “इ:, हेर त! म यसरी बस्न सक्ने भएँ नि! तिमी पनि चाँडै दबाई गर, नत्र पछि झनै गाह्रो हुन्छ। ज्यानै जान पनि सक्छ भन्छन्।”

अँध्यारै अनुहार बोकेर साइँली केही नबोली मजेत्रोमा चामल थापेर बाहिर निस्किन्।

× × ×

४५–५० जतिका पुरुषले वस्तुको थलाको एक कुनामा काँधको जुवा बिसाउँछन् र टोपीले निधारको पसिना पुस्छन्। एक पल्ट परपरसम्म आँखा घुमाउँछन्, बस्तुको थलातिर हेर्छन्। थलामा बस्तु उनैतिर फर्किएर टाउको, कान, पुच्छर हल्लाइरहेका थिए।

उनले मानिससँग बोलेजस्तै गरी भने– “ल, ल! अब एकछिन चुप लाग। बिहान हालिदिएका खोसेला सबै खाइसकिहालेछौ त! अब मैले पनि त खानुपऱ्यो नि!”

आँगनमा अहिले पनि भुरा छोईछोई खलिरहेकै थिए। सानो केटालाई नछोइने बनाई उसको छेउछेउ गएर छोइन खोज्दै थिए। सानो केटाले एकदम छेउमै उभिएकी दिदीलाई पनि नछोएर अर्कापट्टि हात फैलाउँदै गयो। एउटी केटी जानीजानी छेउमा आएर छोइन्छे। अनि सबै जना कराउँछन्– “सोमे जोकर भई।”

केटो खुसीले रमाउँछ र छोएर जित्न सकेकोमा प्रफुल्ल हुन्छ।

ती पुरुष त्यो घरका बाबु रहेछन्। तिनीहरूको हल्लाले झर्को मान्दै बोले– "हेर, यी भुराको काम नभाको! तँ गीतेले चैँ यसो आमालाई काम सघाउनुपर्दैन? दिनभरि यसरी खेलेर पुग्छ? अब आजदेखि तेरो काम बस्तु हेर्ने हो।"

बाबुको कुरा सुनेर छक्क पर्दै सोधी– "अनि बुइनीलाई चाहिँ कसले हेर्छ त?"

बाबुले अघिकै आवाजमा भने– "उसलाई हेर्नुपर्दैन। अब भाइ पनि ठूलो भयो। उसले नदेखे पनि सबै कुरा गर्न सक्छ। बहिनी उसैले हेर्छ।" बोल्दैबोल्दै भित्र पसे।

× × ×

श्रीमतीले झर्किंदै भात पस्किँदै भनिन्– "हैन, अस्तिदेखि छोरी स्कुल पठाऊँ भनेको मान्नु हैन, अब त बस्तु पो हेर्न जा भन्नुहुन्छ त!"

लोग्नेले झर्किंदै भने– "अनि बस्तु चाहिँ कसले हेर्छ त? कि बेचिदिनुपर्‍यो। यिनीहरूकै लागि गोरस होस् भनेर गाई पालिएको छ। तँलाई नि केही जेथो जोडियोस् भनेर बाख्रा पालेको छ। मैले खेतीपातीको काम गर्नैपर्‍यो। बाहिरफेर पनि हेर्नैपर्‍यो।"

श्रीमतीले अनौठो अनुहार बनाएर लोग्नेका आँखामा एकोहोरो हेर्दै भनिन्– "एक हल गोरु, एउटा गाई र पाँच वटा बाख्रा त छन्। त्यति त हामी आफैले पनि हेर्नुपर्छ नि! यति बस्तुकै लागि छोरीको भविष्य किन बिगार्नु? नजिकै स्कुल खुलेको छ। सरकारले सित्तैँमा किताब पनि दिन्छ भन्छन्।"

लोग्ने आफ्नो कुरालाई आफ्नै तर्कले अडेसो दिँदै भन्छन्– "भन्छन् नि! दिन्छन् पनि होला। किताब मात्रै दिएर पुग्छ? केटाकेटी पढाउने कुरा सजिलो छैन जानकी! एक दिन, एक वर्षको कुरा त होइन नि!"

जानकीले झर्किंदै भनिन्– "कस्तो कुरा गरेको होला? एउटा भएको छोराले यो संसार नै हेर्न नपाउने भो। छोरीहरूलाई पनि नपढाउने भए आफ्नो परन्तुपछि के होला? सोचेको छ के! यो सबै दुःख पनि यिनै छोराछोरीका लागि त हो नि! यिनीहरूलाई नै काम नलागे केका लागि कमाउनु मरिहत्ते गरेर यो सम्पत्ति?"

लोग्नेले पनि थालको भात गिजोल्दै भने– "खै, तँलाई त म कुरै बुझाउन सक्दिनँ हौ! जतातातै कामैकाम छ, लठिभद्र छ। कामै धेर भएर तँ पनि दिनदिनै रोगाउँदै गएकी छस्। हुर्कंदै गरेका केटाकेटीलाई पनि त काम सिकाउनुपरेन? यिनीहरूले अहिलेदेखि काम नसिके पछि कसरी गरी खान्छन्?"

जानकीले आफ्नो ढिपी छाडिनन्– "राम्रो पढे भने त्यही पढेकैले गरी खान्छन् नि! सबैले यही प्याङ्खरमा टाँसिनुपर्छ भन्ने छ र? उसै पनि छोरीले अर्काको घरमा जानुपर्छ। राम्रो पढेर गए त्यहाँ पनि गरी खान सजिलो हुन्छ। उस्तै परे कसैको भर नपरी पनि गरी खान सक्छन्।"

लोग्ने नबोली एक गाँस भात मुठीमा चेपेर चुठ्न निस्कन्छन्। जानकी पछाडिबाट हेरिरहन्छिन्। मनमनै सोच्छिन्– 'यी लोग्नेमान्छेको जातलाई कुरो बुझाउनै सारो। जहिले पनि उनीहरूकै कुरा माथि हुनुपर्ने।"

× × ×

जानकीको अडानको अघि लोग्नेको केही लागेनछ होला। छोरी स्कुल जान थालिछे। घरका र बाहिरका पनि सबै काम आमा आफैले खप्टिछन्। उनलाई अब पहिलेको भन्दा दोब्बर खट्नुपरेको थियो। हुन त छोरी स्कुलबाट फर्किएर आएपछि केही सघाउन खोज्छे। स्कुल जानुअघि दिनभरि खेलेर बिताउने ऊ अब हुर्केकी ज्ञानी छोरीजस्ती भएर धाराबाट पानी ल्याउने, घर बढार्ने, दाउरा खोज्ने गर्न थाली।

छोरो गोविन्द बहिनी हेर्दै बस्छ घरमै। गाउँका भुरा आएको बेला तिनीहरूसँगै खेल्छ। कहिले एक्लै एकनासका ढुङ्गा भेला गर्न परपरसम्म जान्छ। उसले हिँड्ने बाटो सधैँ एउटै छ। सिधा जान्छ, सिधा आउँछ।

कामबाट थाकेर एकछिन आराम गर्न आटमा बसेकी जानकी हेरिरहन्छिन्– भुरा आँगनमा खेलिरहेको। सबैको केन्द्रविन्दु भएको छ उनैको छोरो। अरू भुरा आफूलाई चिन् भन्दै नबोली उसको छेउमा पालैपालो उभिन्छन्। ऊ कसैको हात छाम्दै, कसैको कपाल सुँघ्दै नाम भन्दै जान्छ। कुनै मिल्छ, खुसी हुन्छ; कुनै मिल्दैन, खिस्रिक्क पर्छ। कोही परपर भागेको थाहा पाउँछ; खेद्न खोज्छ, अल्भेर लड्छ। जानकी आँखाभरि आँसु पारेर हेरिरहन्छिन्, केही बोल्दिनन्।

उनका आँखामा त्यो दिनको स्मृति ताजा भएर आउँछ।

त्यो दिन सानी छोरीको जिम्मामा झन् सानो एक वर्षको छोरालाई छाडेर लोग्नेस्वास्नी दुवै बारीमा मकै गोड्न गएका थिए। गाउँका अरू पनि खेताला थिए मेलोमा। दोहोरी गीतको रमाइलोसँगै कोदालो मच्चाइरहेका थिए खेताला। लोग्नेस्वास्नी पनि उनीहरूलाई सुऱ्याउन मिसिँदै थिए।

बिहानै भुटेर एक डालो फूलमकै, साँधेको गुन्द्रुकको अचार र मोही खाजाका लागि जोहो गरिएको थियो। खेतालाले खाजा खाँदै गर्दा डिलमाथिबाट साइँली कराइन्– "ए भाउजू! घरमा छोरो रोएर आलसतालस छ। केही गर्दा पनि मान्दैन। दिदी चाहिँ पनि भाइसँगै रोएर मर्न लागी। लौन, आउनू झट्टै।"

जानकी हतारिँदै घर पुगिन्। मझेरीमा छोरो लडीबुडी गरेर रोइरहेको थियो। छोरी पनि भाइको छेउमा बसेर रोइरहेकी थिई। आमालाई देखेपछि छोरीको रुवाइ अलि कम भयो, तर छोराको रुवाइ घटेन। दुवै आँखा सुन्निएर डम्मै थिए।

छोरीले हिक्कहिक्क गर्दै अतालिएको स्वरमा भनी– "भाइको आँखामा पुतलीले टोकिदियो।"

चिसो पानीले धोइदिइन्, तर आँखा खुलेन। रातभरि पनि नानी रोइरह्यो। लोग्नेले एकाबिहानै धामीलाई लिएर आए। धामीले बिरामीको नाडी छामेर अन्धी बुढेनी लागेको लख काटे। अक्षता फुकी एउटा बुटी पनि बाँधिदिएर गए। दुई दिनपछि सुन्निएको बस्दै गएर आँखा खुले। दुवै आँखा राता थिए। दुखेर हेर्ने मान्दैनथ्यो। जानकीले हेल्थपोस्टमा लैजान भनिन्, तर लोग्नेले आफै ठीक हुन्छ भनेर टेरेनन्।

एक हप्तापछि एक दिन जानकीलाई शङ्का लाग्यो– नानीको हेराइ पहिलेजस्तो थिएन। उसका आँखाअघि केके चिज देखाइन, तर आँखा झिम्केनन्। उसले वास्तै गरेन। त्यो दिन उनी धेरै रोइन् र लोग्नेसँग रिसाइन्।

लोग्नेले भने– “धामी लगाएकै हो, अन्धी बुढेनीको पूजा गरेकै हो। लगन लागेको बेला डाक्टर लाउनु हुँदैन भन्ने तैँले पनि जानेकै होस्। मलाई के भन्छेस्!”

जानकीले रुँदै भनिन्– “धामीको भर मात्रै नपरौँ न भनेकी थिएँ मैले।”

छोरालाई काखमा चेपेर रोइरहिन् भरेसम्म। निकै बेर रोएर थाकेपछि बोलिन्– “अझै पनि दबाई गर्दा हुन्छ होला, जाऔँ न!”

लोग्नेले लाचारी व्यक्त गर्दै भने– “पछि धामी रिसाए भने चाहिँ मलाई केही नभन्नू। जान चैँ गइदिउँला।”

हेल्थपोस्टमा सामान्य जाँच भयो। आँखामा हाल्ने झोल दबाई दिए। पटकपटक हेल्थपोस्टमा पुऱ्याइरहे, तर दबाईले काम गरेन। बिर्तामोड, नभए काठमाडौँ लाँदा आँखा बन्न सक्छ भन्ने पनि सुनियो, तर बाबुचाहिँले कान ठाडो लगाएनन्। बाहिर जाने कुरामा जहिले पनि ‘पैसा छैन, यसलाई लिएर हिँडेपछि यो घरव्यवहार कसले सँभाल्छ?’ भनिरहे।

आटमा बसेर रोइरहेकी तिनले सोचिन्– ‘घरको लोग्नेमान्छे कुरो नबुझ्ने भयो भने गाह्रो रहेछ गरी खान। यस्तो राम्रो छोरो जीवनभरि अर्काको हाँसो हुने भो।’ आँखा गम्छाले पुछिन्।

× × ×

बित्दो समयसँगै केटो हुर्किंदै गयो। कहिले बारीतिर, कहिले घरको तलमाथि, कहिले कता हिँडिरहन्छ। ऊ एक्लै पनि सक्दो काम गर्न खोज्छ। कान थापेर बस्तु र मान्छे चिन्न प्रयत्न गर्छ।

जानकी कराइरहन्छिन्– “एक्लै कताकता गाको? लडिन्छ।”

आवाज पछ्याउँदै आमा भएतिरै आउँछ। उनले केलाउँदै गरेको तरकारी हातले छुँदै सोध्छ– “यो के हो?”

जानकी ‘फर्सीको मुन्टा हो, यसरी केलाउने’ भन्दै उसको हात समातेर बोक्रा तान्न सिकाउँछिन्। एकछिनपछि ऊ आफै केलाउन थाल्छ।

जानकी त्यतिले पनि खुसी हुँदै बोल्छिन्– “हो, त्यसरी केलाउने हो।” गोविन्दको अनुहार उज्यालो देख्छिन्। मनमनै सोच्छिन्, तर मुखैले बोल्छिन्– “ओहो, मेरो छोराको अनुहार कस्तो उज्यालो!”

गोविन्द आमातिर हेरेजस्तै तर अन्तै कतै हेरिरहेर बोल्छ– “आमा, उज्यालो भनेको कस्तो हुन्छ?”

जानकी मुन्टा केलाउँदै गरेको हात फतक्कै गलेझैँ त्यत्तिकै अड्याउँछिन्।

गोविन्द भनिरहन्छ– “दिदीले भनेको, ऊ ठूली भएपछि फिलिम हेर्छे अरे। आमा, मलाई पनि हेराउनू ल फिलिम!”

जानकी भक्कानिएर घरभित्र पस्छिन्। ऊ अलिक ठूलो स्वरमा फेरि भन्छ– “म पनि ठूलो भएपछि सहर जान्छु है आमा! म पनि गाडी चढ्छु। पैसा कमाउँछु।”

× × ×

गोविन्द पनि दिदीको छेउमा बसेर ऊसँगै ठूलठूलो स्वरले घोकिरहन्छ दिदीका पाठहरू– "दुई एकान दुई, दुई दुना चार, दुई तिना छ, दुई चौको आठ...।" अनि दिदीलाई कोट्याउँदै भन्छ– "दिदी, तँ सातको गुना भन् त!"

दिदी भन्दाभन्दै बीचैमा अड्किन्छे।

"तैँले सकिनस्। अब म भन्छु, सुन्।" ऊ फरर्र सातको गुना सुनाउँछ।

दिदीलाई हारेको जस्तो लागेपछि अड्को थाप्दै भन्छे– "तँलाई क-ख आउँदैन के र!"

ऊ झन् सुर्रिंदै भन्छ– "किन आउँदैन? लु सुन्।" फरर्र नअड्की कदेखि ज्ञसम्म भन्छ।

आमा मझेरीमा कुचो लगाउँदै सुन्दै थिइन् भुराका कुरा। उनको अनुहार कुनै बेला उज्यालिँदै, कुनै बेला अँध्यारिँदै हुँदै थियो।

दिदी अझै जित्न खोज्दै थिई– "तँ मुखले जति भने पनि हातले लेख्न सक्दैनस् के रे!"

ह्वात्तै चिसो पानी खनिएजस्तो लाग्यो उनलाई। निकै ठूलै आवाज निस्किएछ– "के भनिस् अरे? कसले भन्यो उसले लेख्न सक्दैन भनेर? पछि ठूलो भएपछि उसले पनि सबै थोक गर्न सक्छ तैँले जस्तै।" अनि फेरि बिस्तारै छोरीलाई सम्झाउँदै भनिन्– "आफ्नो भाइलाई त्यसो भन्नु हुँदैन। उसले सब थोक गर्न सक्छ। नसकेको हामीले सिकाउनु पो पर्छ।"

खिस्रिक्क परेको गोविन्दको अनुहार उज्यालो देखियो। दिदी पनि गम्भीर भई।

× × ×

समयलाई बित्नबाट कसैले रोक्न सक्दैन। दिदीभाइ हुर्किंदै गए। आफ्नो उमेरसँगै दिदीले बिस्तारै कुरा बुझ्दै गई र भाइलाई झन् धेरै माया र सहयोग गर्न थाली। दिदी दिनभरि स्कुल जाँदा अब घरमा उसकी साथी सानी बहिनी थिई।

एक दिन बहिनीसँग खेल्दाखेल्दै ऊ परपर जान खोजी। उसले बहिनी आफ्नो पकडबाट पर नजाओस् भनेर भन्यो– "पर नजाऊ, लडिन्छ।"

आमा पनि हेरिरहेकी थिइन्। छोराको कुरा सुनेर अनायासै उनको मुखबाट निस्क्यो– "लड्दिन, लड्दिन। भित्तातिर जाँदै छे।"

आमाको कुराले उसलाई एकाएक झनन्न रिस उठेर आयो। उसले पनि उसै गरी ठाडै जवाफ दियो– "थाहा छ, थाहा छ। यता भित्ता छ भनेर मलाई पनि थाहा छ।"

जानकीलाई आफूले गल्ती गरेको आभास भयो। टोलाएर हेरिरहिन् छोराको रिसाएको अनुहार। हेर्दाहेर्दै सजिलैसँग बहिनी डोऱ्याउँदै आफूतिरै आयो छोरो। त्यो देखेर उनको अनुहार फेरि अनायासै उज्यालियो गहभरि आँसु बोकेर। मनमनै एउटा कल्पना सधैँ गर्थिन्– 'राति सुतेर बिहान ब्युँझिँदा यसले आँखा देखिरहेको भए कस्तो हुन्थ्यो होला! यो जीवनमा त्योभन्दा सुख मलाई चाहिने पनि थिएन।'

टोलाएर छोरालाई हेरिरहेकै बेला खड्किनी आइपुगेको उनले थाहै पाइनछिन्। खड्किनी सोध्दै थिइन्– "हैन, के हेरेर टोलाइरहेकी छ्यौ हौ जानकी नानी?"

उनले भनिन्– "के हुनु र काकी! यिनै भुराको खेल त हेरेकी नि!"

खड्किनीले भनिन्– "यति राम्रो छोरो पायौ त नि! तर के गर्नु, आँखा देख्दैन। बुढेसकालको लाठी हुनुपर्ने यसले, तर तिमीहरूले नै उसको लाठी हुनुपर्ने भो।"

जानकीले केही नबोलीकन परपर हेरिरहिन्। बहिनी डोऱ्याएर आमातिर आउँदै गरेको गोविन्द हिँड्दाहिँड्दै उभियो। उसले बजैतिर हेरेको होला, तर अन्तैतिर हेर्दै भन्यो– "किन देख्दिनँ? म सबै कुरा देख्छु त बजै! म हातले छोएर सबै थोक देख्छु।" अनि बहिनीलाई सुमसुम्याउँदै भन्यो– "यो बुइनीको कपाल। यो उसको नाक। यो आँखा। यो हात। म हातले छोएर भात देख्छु, तिहुन देख्छु। सबै थोक देख्छु।"

उसको कुरा सुनेर एकछिन बजै केही बोलिनन्। गोविन्द बहिनीलाई उचाल्दै फेरि आँगनतिर लाग्यो।

जानकीले बिस्तारै भनिन्– "के गर्नु काकी! यसका बाउले मेरो कुरा मानेको भए आज यो छोरो पनि अरूका छोराजस्तै किताब बोकेर दिदीसँगै स्कुल जान्थ्यो होला।" आँखा पुछिन्।

खड्किनीले सम्झाउन खोज्दै भनिन्– "अब अरूलाई दोष दिएर के गर्नु बाबै! यो सबै उसकै भाग्यको फल, तिम्रै गर्भको दोष।"

जानकीले बजैको कुरा मन पराइनन्। भनिन्– "कसरी मेरो गर्भको दोष? मैले त सलसलाउँदो छोरो पाएकी थिएँ।"

खड्किनीले आफ्नो विचार दह्रो पार्न थपिन्– "सद्दे सन्तान पाएर मात्रै कहाँ हुन्छ बाबै, सद्दे बनाएर हुर्काउन पनि सक्नुपर्छ नि!"

यसको जवाफ फेरि थिएन जानकीसँग। उनले आँखाभरि आँसु पार्दै भनिन्– "के गर्नु, काम नगरी खान नपाइने! यिनीहरूलाई हुर्काउनकै लागि पनि काम गर्नुपरिहाल्यो।"

खड्किनीले फेरि एउटा अर्को फिर रोपिन्– "तिमी हुन्जेल त यसको चाकर पुग्ला, तिम्रो सेखपछि पो कसरी बाँच्ला यो?"

गोविन्द अलिक पर आँगनमा उभिएर सुनिरहेको थियो। उसलाई अचम्म लागिरहेको थियो– 'किन मलाई यसो भनेका होलान्? म त आफ्नो काम सबै आफै गर्न सक्छु!'

बजै बोलिरहेकै थिइन्– "छोराको त जे भो-भो, यो छोरीको चाहिँ जीवन बर्बाद होला नि! अझै पनि तिमीहरू यस केटाको भरमा यो बालक छोरी छाडेर जान्छौ। अब यो आँखा नदेख्नेले के हेर्न सक्छ र! बामे सर्दै गएर खस्न सक्छे। बहुलाएका स्याल-चितुवाले पनि बोक्न सक्छन्। बरु घरभित्र थुनेर मेला जाने गर।"

जानकीले लाचारी व्यक्त गरिन्– "भित्र त कसरी थुन्नु र? दिसापिसाब आयो भने जाने ठाउँ छैन भित्र।"

उनीहरूका कुरा सुनिरहेको गोविन्द अलमल्ल परिरहेको थियो। खिन्न भएर सोचिरह्यो– 'बहिनीको मात्र माया रहेछ सबैलाई। मलाई पनि त स्याल-चितुवाले खान सक्छ। मेरो त कोही कुरै गर्दैनन्।'

× × ×

गोविन्दजत्रै एउटी सानी कमला नामकी केटी उसकी साथी भएकी थिई। ऊ प्रायः दिनभरि गोविन्द र उसकी बहिनीसँगै हुन्थी। उसले गोविन्दलाई हात समातेर परपरसम्म लान्थी। ऊ गोविन्दको हात समातेर झार, फूल, बिरुवाहरू चिनाउँथी। बाख्राका पाठा काखमा हालिदिन्थी। पानीको धारोसम्म पुऱ्याउँथी र पानी छ्यापेर भिजाइदिन्थी। ऊ पनि केटीसँग खेल्न पाउँदा रमाउन थालेको थियो।

एक दिन उसले केटीको कपाल सुँघ्यो। केटीले सोधी– "किन मेरो कपाल सुँघेको गोविन्द?"

उसले भन्यो– "तँलाई मैले परैबाट कसरी चिन्नु त?"

"अब कसरी चिन्छस् त?" उसले फेरि सोधी।

गोविन्दले भन्यो– "तेरो कपालको गन्धले चिन्छु नि तँ नबोले पनि!"

× × ×

एक दिन कमलाले भनी– "हामी बिहे गरी खेलौँ ल?"

गोविन्दले भन्यो– "कसरी खेल्नु? मलाई त आउँदैन।"

कमलाले सिकाउने भई। भनी– "तँ बेहुला, म बेहुली अरे है त!"

केटीले लहराका दुइटा माला बनाई। उसलाई लगाइदिई अनि आफूलाई पनि लगाउन लगाई र भनी– "अब यो ओछ्यान अरे। अब बेहुलाबेहुली सुत्नुपर्छ।"

दुवै सुतेजस्तो गर्छन्।

× × ×

पाँच वर्ष बित्न पनि वर्षौं लाग्यो।

गोविन्द १२ वर्षको भएको छ। उसका साथीहरू पनि हलक्क बढेका छन्। उसका प्रायः सबै साथीहरू स्कुल जान्छन्। ऊ चाहिँ दिनभरि घरमा एक्लै हुन्छ सधैँ। उसकी सानी बहिनी पनि स्कुल जान थाली।

दिन ढल्दै गएपछि दिदी र बहिनी स्कुलबाट आइपुग्छन्। दुवै हतारहतार भित्र पस्छन्। खाने कुरा खोज्छन् अनि खुरुखुरु खान्छन्। खाइसकेपछि दिदी घाँस काट्न बारीतिर लाग्छे। बहिनी किताब निकालेर पढ्न थाल्छे। ऊ बहिनीको छेउमा गएर बस्छ र बिस्तारै सोध्छ– "कान्छी, सकियो खाजा?"

कान्छीले भनी– "खै कुन्नि! मलाई त दिदीले दिएको। तिमीले खाको छैन र खाजा?"

उसले फेरि बिस्तारै भन्यो– "कति भोक लागेको छ मलाई! अघि खोजेको, मैले खाजा नै भेटिनँ।"

बहिनी भित्र पस्छे। एकछिनमा एउटा बटुकोमा भुटेको मकै लिएर आउँछे र उसलाई दिँदै भन्छे– "यो तिमी खाऊ, अघि दिदीले खाएर उब्रिएको थियो।"

ऊ रिसाएर पर पुग्ने गरी बटुकोसहित फ्याँकिदिन्छ। बहिनी मूर्तिवत् हुन्छे। ऊ भन्छ– "मैले सधैँ अरूले खाएर उब्रिएको मात्र खानु? तिमीहरूले मुछेर छोडेको मात्र खानु? आँखा नभए पनि सबै कुरा देख्छु, सबै बुझ्छु तिमीहरूको कुरा।" रुन्चे आवाजमा भन्छ– "कान्छी! म

तँलाई कति माया गर्थें, तँलाई कति बोक्थेँ। दिनभरि तेरो कोक्रो हल्लाउने जिम्मा मलाई नै थियो। तँलाई छोएर म थाहा पाउँथें तँ कति राम्री छेस् भन्ने। तँ स्कुल जान थालेपछि म एक्लै भएँ। तर अब त तँले पनि मलाई बिर्सिइस्। मलाई तिमीहरू सबैले घरभित्रैबाट अन्धो बनायौ। म आँखा मात्र देख्दिनँ, तर सब चाल पाउँछु।"

उसका आँखाबाट आँसु खस्छ। बहिनी टुलुटुलु हेरिरहन्छे।

× × ×

बाबुले हरियो बाँसका भाटाहरू चिरेर गोविन्दको छेउमा राख्दै भने– "लु आज दिनभरिको तेरो काम! यति भाटाको चोया काढिसक्ने। बर्खा लाग्न आँटिसक्यो। पाँच वटा घुम नबुनी हुँदैन।" खुकुरी दिँदै भने– "साँध लाउनु यो खुकुरीमा पनि।"

जानकीले भनिन्– "हतियार साँध लाउन चैँ किन दिनुपर्‍यो नि बित्थामा! हात काट्छ।"

गोविन्दले तुरुन्त जवाफ दियो– "काट्दिनँ, कसरी काट्छु? मलाई दुख्दैन? मलाई कसैले धेर माया गर्नुपर्दैन। त्यस्तो मलाई मन पर्दैन।"

आमाले ट्वाल्ल परेर हेरिरहिन् एकछिन र बाटो लागिन्। गोविन्द घरभित्र पस्छ। आधा बाटिसकेको दाम्लो र पोयो लिएर बाहिर निस्कन्छ। ऊ मनमनै सोच्छ– 'मलाई किन केही पनि गर्न नसक्ने भनेका सबैले? म आँखा मात्र त देख्दिनँ नि! मैले कहिल्यै केही देखेकै छैन। कुनै कुरा देख्दा कस्तो हुन्छ, त्यो पनि त मलाई थाहा छैन।'

ऊ आँगनको बीचमा ओछ्याइएको गजरामाथि बस्दै पाटाको पोयो खुट्टाको बूढी औँलाले चेप्दै डोरी बाट्न थाल्छ।

ऊ आफैसँग कुरा गर्न थाल्छ– 'म कहिल्यै एक्लो हुन्नँ। मभित्र थुप्रै मानिसहरू छन् कुरा गर्ने। उनीहरूलाई म शब्दहरूमा देख्छु। ध्वनिहरूमा चिन्छु र बोल्छु। अरूले जेलाई आँखा भन्छन् त्यो त मलाई थाहा छैन, तर मलाई लाग्छ, आँखा भनेको मेरी आमाजस्तै हुनुपर्छ।'

× × ×

एक दिन गोमा सानिमाले आएर भनिन्– "माल्दिदी, फिदिममा आँखा शिविर आएको छ रे। एक पल्ट यो गोविन्देलाई पनि देखाउन लैजाऊँ। हाम्रा ससुरालाई पनि लाने कुरा हुँदै छ।"

आमाले खासै रुचि देखाइनन्। उनले लाचारी व्यक्त गर्दै भनिन्– "लान त हुन्थ्यो नि! तर कसले हेर्ने यी बस्तुभाउ? घरमा बस्नेलाई कसले बनाएर ख्वाउँछ?"

गोमा सानिमाले थपिन्– "सद्दे मान्छेले त आफै बनाएर खाइहाल्छन् नि! केही गरी उसको उपचार भयो भने जीवन नै अर्कै हुन्छ।"

आमा निराश थिइन्। भनिन्– "तिम्रो भिनाजुले कुरा बुझे त भइहाल्थ्यो नि! उहिल्यै मैले भनेको बेला कानमा बतास लागेको भए छोरो ठीक पनि हुन सक्थ्यो। मैले त जति राम्रो कुरा भने पनि उल्टै मात्र सुन्छन्।" कस्तोकस्तो अनुहार बनाएर अर्कैतिर फर्किन्।

गोमाले अझै थपिन्– "गाउँका थुप्रै मान्छे जाँदै छन्। भरे म फेरि आउँछु, म पनि भनुँला नि त!"

गोमा उठेर जान्छिन्। आँगनको पल्लो छेउमा बसेर डोको बुन्दै गरेको गोविन्द आमा र गोमाको कुरा चुपचाप चाख मानेर सुनिरहेको थियो। सानिमा गएपछि उसले भन्यो– "आमा, मलाई फिदिम लानू है!"

छोरालाई मायालाग्दो पाराले हेर्छिन्। ऊ आफ्नै सुरमा डोको बुनिरहेको थियो।

उसले फेरि सोध्यो– "आखिर जन्मिँदै मेरो आँखा यस्तो थिएन पनि नि हैन त?"

जानकी केही नबोली भित्र पसिन्।

× × ×

भवानीले भने– "माझघरे काइँलो पनि कुरा गर्दै थियो। जजसले जेजे भन्छन् त्यहीत्यही गर्न कहाँ सकिन्छ नि अब! त्यो गोमेलाई त्यसै जान्ने हुनुपर्छ सधैँ। कति न गाउँकी नेता भाकी!"

जानकीले सम्झाउने कोसिस गरिन्। उनको कुरालाई भुइँमा खस्न नदिई भवानीले भने– "हो, अब बनिन्छ तेरो छोराको आँखा! एक पल्ट ज्योति गुमेको आँखा पनि कहीँ बनिन्छ? बित्थामा दुःखै मात्र, पैसाको नाश। फेरि खर्च गर्ने पैसा पनि त हुनुपर्‍यो नि!"

यस पल्ट जानकीले जोड गर्दै भनिन्– "सधैँ पैसाकै मात्र कुरा गरेर हुन्छ? उसले संसार देख्न पायो भने त्योभन्दा ठूलो सम्पत्ति के हो? फेरि हामीले के नै कमाउन सकेका छौँ र?"

भवानी पनि आफ्नो अड्डीमा दह्रो उभिन खोज्दै बोले– "हुँदैन हौ हुँदैन, रहर नगर्। नहुने कुरामा किन खर्च गर्नु?" मधुरो बत्तीको उज्यालोमा पनि उनको अनुहार रिसाएको देखिन्थ्यो।

जानकीले पनि रिसाएकै भाकामा भनिन्– "तपाईं नगए नजानू, म आफै लिएर जान्छु मेरो छोरो।"

कुनामा सुतिरहेको गोविन्द सुँक्कसुँक्क गरिरहेको थियो।

जानकीले अझै फकाउने भाकामा थपिन्– "हुने-नहुने जे भए पनि त थाहा हुन्छ नि! जँचाउँदै नजँचाई हुँदैन भनेर किन बस्नु? कस्ताकस्ता बूढाबूढीका आँखा त जँचाउन जाँदै छन्। यो त हाम्रो बालख छोरो!"

भवानी केही नबोली अगेनामा दाउरा थपिरहन्छन्।

× × ×

पहिलो पल्ट आमासँग गोविन्द आफ्नो घर र गाउँबाट टाढा यात्रामा निस्किएको थियो। आँखा शिविरमै जान भनी हिँडेका अरू मानिसहरू पनि त्यही बसमा चढेका थिए।

ऊ बसको झ्यालपट्टि बसेको थियो। आमा उसलाई बाहिरको दृश्यका बारेमा बताउँदै जान्थिन्। बसभित्रका अरू मानिसहरू विभिन्न विषयमा गफ गरिरहेका थिए–

– अब पाथिभरा जानका लागि फेदीबाट टुप्पोसम्म केबलकार बनाउने कुरा चल्दै रैछ।
– तर त्यो बनाउनु राम्रो होइन। त्यसले त पाथिभरा माताको महत्त्व नै घट्छ नि!
– विकासलाई त्यसरी छेक्न कहाँ सकिन्छ र! पहिले मनकामना केबलकार बनाउने कुरामा पनि विवाद थियो।
– फेदीका व्यापारीहरूले मान्लान् र?

– केबलकार चल्यो भने झन् व्यापार बढ्छ नि ! जति धेरै मान्छे आउँछन् उति व्यापार बढ्छ। पैदल यात्रा गर्न नसक्नेहरू पनि केबलकार बनेपछि आउन थाल्छन्।

गाडीभित्र शिविरका बारेमा पनि चर्चा हुन थाल्छ–

– आँखा शिविरमा मोतियाविन्दुको अप्रेसन चैँ साह्रै राम्रो हुन्छ रे।

– पोहोर सालको शिविरबाट धेरैका आँखा बनिए भन्थे।

जानकीको अनुहार उज्यालियो। उनी पछाडि फर्किएर सोधिन्– "शिविरमा कस्ताकस्ता आँखाको उपचार हुन्छ?"

– जाँच्न त सबै खाले आँखाको रोग जाँच्छन्। त्यहाँ उपचार नहुनेलाई बाहिर सिफारिस गरिदिन्छन्। बिर्तामोड वा काठमाडौँ गएर पनि कतिले जाती पारेका छन्।

गोविन्दले आमाको हात बिस्तारै समाउँछ र मज्जाले थिच्छ।

◆

बाबा न्यौपाने

# भीमा



बेलुकीपख म घर फर्केको मात्र थिएँ, चेतलाल दाइ र भाउजू आउनुभयो। हप्तामा एकदुई दिन उहाँहरू आउनुहुन्छ, त्यसरी नै हामी नि उहाँहरूको घरमा जाने गर्छौं। आउनजान खासै कारण चाहिँदैन। सामान्य भेटघाट, सुखदु:खका र यताउतिका कुरा गर्दै केही समय गफिँदै बिताउने गरिन्छ। पुरानो परिचित परिवार अनि संयोगले घर पनि एकै ठाउँमा बनाइयो। एकअर्काको घरव्यवहार, भित्रीबाहिरी सबै बुझिएको मात्रै नभएर मन मिलेर पनि होला, एकाघरका जस्तै लाग्छ। केही समययता उहाँहरू काठमाडौँ छाड्ने मनस्थितिमा हुनुहुन्छ। घरव्यवहार र अवस्था बुझेको हुँदा मनले खल्लो माने पनि उहाँहरूको घर फर्किने कुरामा समर्थन रहेको छ हाम्रो पनि। हाम्रा छोराछोरीजस्तै उहाँका पनि दुई छोरामध्ये एउटा अस्ट्रेलियामा छ, अर्को अमेरिकामा। यतै आएर काम गर्ने योजना त के, कुरा पनि पर्न दिँदैनन्। भन्न त भन्छन् नि 'बाआमा अब कहिले अस्ट्रेलिया, कहिले अमेरिका गरिरहनुपर्छ; त्यसो गर्दा सबैको नियास्रो पनि मेटिन्छ, नातिनातिनाले पनि पारिवारिक सम्बन्धको न्यानो महसुस गर्छन्, आफ्नो संस्कार पनि सिक्छन्' भनेर, तर यताको परिस्थिति बेग्लै छ। काठमाडौँ आउनै नमान्ने र आइहाले पनि हप्तादस दिनभन्दा बढी टिक्नै नसक्ने ८० काटिसकेका बाबुआमाको कान्छो छोरो यो बुढेसकालमा घोराहीमा आएर सँगै बसिदेओस् भन्ने एउटै मात्र चाहना र आग्रह अनि दाजुको पटकपटकको 'अब काठमाडौँ किन कुर्छस्? फर्केर आइज, म एक्लैले धान्न सक्दिनँ तेरो समेत खेती' भन्ने निरीह शब्दहरूसमेतले उनलाई घोराही फर्कने निर्णयमा पुऱ्याएका हुन्। छोराहरूको पढाइ र

जागिरको बहानाले तीन दशक त काठमाडौँमा बिते, तर अब पेन्सन थाप्नकै निम्ति बाबुआमालाई निराश बनाएर, बूढो बन्दै गएका दाजुमाथि भार थपिदिएर काठमाडौँ कुर्नुको कुनै तुक देख्नुभएको छैन चेतलाल दाइले पनि।

"के छ खबर दाइ?" मैले बोल्ने बाटो निकालेँ।

"घर भाडामा लाग्ने भयो सुशील भाइ! आज एउटा बैना दिएर गयो। अब काठमाडौँ तीनचार महिनामा पाहुना लाग्न आएजस्तै गरी आइने भो। हाम्रा राम दाइले सिफारिस गर्नुभो। मान्छे नेपाली सेनाको रिटायर्ड कर्नेल रैछ। घरको सरसफाइ र सरसजावट पनि गर्लाजस्तो लाग्यो। स्वास्नी चाहिँ हाम्रै उतै दाङकै रैछे– लमहीकी। प्राध्यापन पेसाबाट अवकाश लिएकी रे! के गर्नु त अब? घरधनीको रूपमा घरको रेखदेखको जिम्मा तपाईंहरूको!" भाडावालको सबै विवरण सुनाउँदै खल्तोपनभित्र सन्तुष्टि खोजेझैँ गरी बोल्नुभो उहाँ। उहाँहरू घर फर्किने टुङ्गो लागेकाले पनि धेरै बेर गफ गर्दै खानासमेत यतै खाँदै बस्यौँ हामी।

हप्ता दिनपछि चेतलाल दाइ एउटी स्वास्नीमान्छेसँगै आउनुभो र आउँदै मसँग सोध्नुभो– "भाइ, चिन्नुहुन्छ?"

मैले ठूलठूला आँखाले मलाई हेर्दै मुस्काइरहेकी तिनलाई हेर्दैहेर्दै ठम्याएँ– "ओहो...! भीमाजी होइन? झन्डै गाह्रो परेको चिन्न। धेरै फेरिनुभएजस्तो लाग्यो।"

मैले एकछिन बोल्ने शब्द भेटिनँ। भीमाले सन्तोष मानेझैँ गरी भनिन्– "धन्न... बिर्सनुभको त रैनछ।"

बल्ल बोल्ने शब्द फुरे मेरा– "कति वर्षपछि आज कहाँबाट यो अप्रत्याशित भेटको संयोग जुऱ्यो!"

"ए..., चिनाजानी रैछ त! यहाँ बहिनी नै हो घरमा बस्न आउनुभएको।" चेतलाल दाइले नयाँ परिचय खुलाउनुभयो।

भीमाले मुस्कुराउँदै मलाई लक्ष्य गरी भनिन्– "कति वर्षपछि भेट भो सम्झना छ?"

मैले सम्झन खोज्दै भनेँ– "तपाईंको बिहेको सायद एकडेढ वर्षपछि तपाईंहरू घर सर्नुभयो। त्यसपछि भेटिएको सम्झना छैन। भएन र ३२–३३ वर्ष?"

मेरो सम्झाइलाई सदर गरेर त्यो प्रसङ्गमा थप चर्चा गर्न नखोजेझैँ प्रसङ्ग बदली उनले भनिन्– "यतिका वर्षपछि भेट्दा पनि अनुहारमा खासै परिवर्तन छैन, जीउ पनि फुर्तिलै देखिन्छ। अझै उस्तै देखिनुहुन्छ त!"

मेरो शरीरप्रतिको प्रतिक्रियालाई फगत 'हो र?'-ले प्रत्युत्तर दिएर मैले श्रीमतीलाई बोलाएँ– "हेमा! बाहिर आऊ न एकछिन।" श्रीमती बाहिर आएपछि परिचय गराएँ मैले– "हेमा! उहाँ भीमाजी! हामीले स्नातक र स्नातकोत्तर सँगै पढेका हौँ। उहाँ नै हुनुहुँदो रहेछ चेतलाल दाइको घरमा अब बस्ने भाडावाल। हेर न, हाम्रो भेट ३२–३३ वर्षपछि भएछ। अनि भीमाजी! यिनी हेमा, मेरी गृहस्वामिनी! योभन्दा बढी भनिरहनु त नपर्ला नि!"

हामी केही बेर पुराना दिनको सम्झनालाई गफमा रूपान्तर गरिसकेर वर्तमानमा फर्कियौँ। भीमाले मभन्दा बढी हेमातिर अभिमुख भएर छोराछोरीका बारेका र अरू कतिपय पारिवारिक

प्रश्नहरू सोधिन्। त्यसरी नै हेमाका प्रश्नहरूको भीमाले उत्तर दिइन्। म चाहिँ सहायक प्रश्नकर्ता र सहायक उत्तरदाता बनेँ भने चेतलाल दाइ फगत श्रोता। भीमाका चार सन्तानमध्ये दुई छोरा र दुई छोरी रहेछन्। जेठी छोरी र छोराहरूको बिहेबारी भइसकेर नातिनातिना भइसकेका र कान्छी छोरी पढ्दै गरेकी रे। लोग्ने चाहिँ रिटायर्ड कर्नेल रे। उनी आज आएका रहेनछन्। अनुहार त मलाई खासै सम्झना छैन, ३४–३५ वर्षअघि दुईतीन पटक मात्रै देखेको हो। तर बिहे गर्दा सैनिक सेवामा थिएनन्, राष्ट्र ब्याङ्कमा काम गर्छन् भनेजस्तो लाग्छ भीमाले नै। सेनामा भर्ना हुने उमेर पनि नाघिसकेको थियो जस्तो लाग्छ त्यो बेलै। खै के हो? जे भए पनि थाहा होला नि पछिपछि। जीवन निर्वाह राम्रैसँग भइरहेजस्तो बुझियो। छोराबुहारीहरू पढाइ सकेर काममा लागिसकेका अनि बाबु अझै व्यापारव्यवसायमा सक्रिय, आमा प्राध्यापनबाट स्वैच्छिक अवकाश लिएर बाबुकी सहयोगी र गृहिणी। सुखसुविधा र ठाँटबाटयुक्त जीवन भोग्न सुरु गरेको एउटा नव धनाढ्य परिवारको झल्को दिइरहेको थियो भीमाको साधारण लाग्ने बयानले। व्यस्त सहरभित्रको घर भाडामा लगाएर नातिनातिनाको पढाइका निम्ति राम्रा विद्यालयहरू भएको हाम्रो यो भेगमा घर खोज्दै आएका रहेछन्।

भीमा गएपछि हेमाले सोधिन्– "उति बेला हजुरलाई पछ्याउने भीमा यही हो त?"

मैले 'हो' भन्दै आलस्य मेट्न मुस्काउँदै आङ तन्काएँ।

नभेटिनुको फेरोको लम्बाइसँगै भीमा क्रमश: मेरो विस्मृतिभित्र धकेलिँदै गएकी थिइन्– एउटा पुरानो मिथककी पात्रजस्तै। तर आज अचानक भेट हुँदा विद्यार्थी कालका कतिपय सम्झना लुकामारी खेल्न आइरहे। उनीसँगको भेट कुनै खुसीकै विषय त थिएन तैपनि धेरै समयपछिको अनपेक्षित संयोगले मनलाई सामान्य रञ्जना भने दिएकै थियो। पहिलो भेट हुँदा त्रिचन्द्र कलेजमा एउटै कक्षाका विद्यार्थी थियौँ हामी। बाबाले बसोबास सारिसकेको भएपनि जन्मथलो उतै हुनाले म आफूलाई दङाली नै भन्न रुचाउँथेँ। नयाँ ठाउँ, नयाँ समूहमा अरूसँग भिजिनसक्दा एकै जिल्लाका भएरै उनी मसँग नजिकिएकी थिइन्। कलेज र बाटोमा पनि प्राय: सँगै हुन खोज्थिन्, हरेक कुरा मैसँग सोध्थिन्। मलाई भने अप्ठ्यारो लाग्थ्यो। कहिलेकाहीँ त एकाघरकै मान्छेजस्तो गरेर बोल्दा, नजिकिँदा मन नपरेको सङ्केत गर्दै तर्केर हिँडिदिन्थेँ। त्यतिले पनि पुगेन भने मुखै खोल्नुपर्थ्यो– "यस्तो त नगर न! मेरो त कुरै छाड, देख्नेसुन्नेलाई पनि उदेक लाग्ने खालको छ तिम्रो स्वभाव र बोलीचाली।" मलाई लाग्थ्यो, बिस्तारबिस्तारै उनको अरूसँग निकटता बढ्दै जान थाल्ने छ र मसँगको सम्पर्क कम वा सन्तुलित हुँदै जाने छ। तर समय बित्दै जाँदा त्यो सोचाइ धेरै ठीक साबित हुने छाँट नदेखिएपछि मैले बिस्तारै उनको वास्ता गर्न छाड्दै गएको थिएँ, तैपनि उनले बानी सुधारे पो! मैले जति नै बेवास्ता गरे पनि नबुझेर वा नबुझेझैँ गरेर कुनै न कुनै कुरा गर्ने निहुँमा उनी मेरो पछि लागेकी हुन्थिन्।

भीमा मलाई मन नपर्नुको एउटै कारण थियो– उनको स्वभाव। ठाडो बोली, असभ्यजस्ती, मर्यादा र सरम भन्ने कुरै थाहा नपाएजस्ती। सायदै कसैलाई पच्दो हो उनको स्वभाव! कलेजमा स्वभावकै कारण उनी जिस्क्याइन्थिन्, उनको बोलीको नक्कल गर्दै हँसाइन्थ्यो र पिठ्यूँपछाडि 'कोर्काली' उपनामसमेत दिएका थिए साथीहरूले। दङाली हुनुले कहिलेकाहीँ जिस्क्याइका

बाछिटा आफूसम्म आइपुग्दा नमीठो मान्दै सहनुपर्थ्यो मैले पनि। जति सम्झाउँदा पनि उनी स्वभाव बदल्ने प्रयास गर्दिनथिन् र बेपर्बाह देखिन्थिन्– "आ..., के फरक पर्छ त!" त्यसैले बचाउ पनि गर्न सक्दिनथेँ म। जिस्क्याइलाई 'सामान्य कुरा' भन्थिन्, तर अति गऱ्यो भने चाहिँ झम्टिन्थिन्। त्यसैले जिस्क्याउँदा पनि सजग हुन्थे ठिटाहरू। कसैसँग डराउन्नथिन्, निर्भीक भई वरपर हेर्दै लस्केझैँ गरेर हिँड्थिन्। पछिपछि साथीहरूका बीचमा भीमाको स्वभावलाई केन्द्रमा राखेर गरिने चर्चा र जिस्क्याइको पारो उनी बेपर्बाह देखिएपछि घट्दै गएको थियो। उसको पढाइ राम्रै हुनुले पनि बिस्तारै स्वभाव पचाइन थालेको थियो। त्यसो त उनको स्वभावमा पनि केही परिवर्तनहरू देखिन थालेका थिए– सायद उनले नजान्दै, सङ्गतवश। तर जेसुकै भए पनि अरूभन्दा चाहिँ फरक नै देखिन्थिन् भीमा।

स्नातक तहको पढाइ सकिएपछि अब्बल परीक्षाफलले स्नातकोत्तर तह पढ्न सबैभन्दा उत्साही देखिएकी थिइन् भीमा। मलाई कताकता उनको उत्साह मन परेको थिएन– 'अझै दुई वर्ष यसले दिक्क बनाउने भई।' मन नपरे पनि स्नातकोत्तर तहको पढाइका दुई वर्ष उनी फेरि सँगै भइन्। उनलाई पचाउनुको विकल्प थिएन। समय त त्यसै नै बित्दै गयो। स्वभाव मन नपरे पनि उनको अनुहार र शरीरमा बैँसालु उमेरले बढाउँदै लगेको लालित्य र मोहकताले थापेको धरापप्रति सतर्कता बढाएको थिएँ मैले– 'चिप्लियो भने?' कहिलेकाहीँ उनी मलाई आफ्नो घर लिएर जान खोज्थिन्, म बहाना गरेर टार्थें। उनी अनुनयविनय गर्थिन्, म कसै गरी भाग्थेँ। पढाइको अन्त्यतिर एक पटक उनले बाबुआमाका तर्फबाट चिया खाने निम्तो गरिन्– "उतैको भनेर गफ गर्न बोलाउनुभएको, अरू क्यै हैन। नाइँ नभन्नू है!" मैले अर्कै कार्यक्रम बनिसकेको विश्वास दिएर टारेँ– "सरी! अरू कुनै दिन।" त्यसको केही दिनपछि परीक्षा सुरु भयो। परीक्षा सकिएपछि केही दिन काठमाडौँबाहिरको उन्मुक्त घुमाइ अनि त्यसपछि राष्ट्रिय विकास सेवाको ज्वरो। त्यस्तैमा एक दिन संयोगले घरछेउ बाटैमा भेटिए भीमा र उनका बाबुआमा। नजिकै भएकाले नाइँ भन्न सकिनँ र एक कप चिया पिउन्जेलको समय उनको घरमा बिताएँ मैले– राष्ट्रिय विकास सेवाको गफ गरेर। घर जाने कुरा, भेटघाटको कुरा; त्यत्तिले टऱ्यो। एक वर्ष त राविसेले अलग्याइदियो हामीलाई– म सुदूरपश्चिमको बझाङ पुगेँ, भीमा काठमाडौँको छेउमै। राविसेबाट फर्किएपछि कतिपय औपचारिकता पूरा गर्ने सन्दर्भमा कीर्तिपुरमा दुईचार दिन भेट भयो। एक दिनको भेटमा भीमाले उनको घरमा गएर चिया खाने, राविसेको अनुभव साट्ने र भावी योजनामा गफिने प्रस्ताव गरेकी थिइन्। उनले अझै पनि नजिकिने तृष्णा राखेको बुझेर म थोरै झिँजिएथेँ– "आ..., छाड न भीमा! कसले नगरेको राविसे हो र? अनि के योजना बनाउनु छ र? अब जे पाइन्छ त्यै गर्दै जाने हो। हाम्रा योजना क्यै काम लाग्दैनन्, सब हावामा उड्छन्। छाड, के गफिनु छ र चियाको बहाना गर्नु?" मेरो कुरा र भङ्गिमालाई नियाल्दै मुखमा फिका मुस्कान खेलाउँदै चुप लागेकी थिइन् उनी। म तुरुन्तै 'एउटा काम छ' भनेर उनीतिर हेर्दै नहेरी हिँडिदिएँ। उनी वाल्ल परिन् होला। तर हिँड्दाहिँड्दै आफ्नो पारा आफैलाई ठीक लागेन– 'छिः, किन त्यसरी झिँजिएको म? एक वर्षपछि भेट भएकी सहपाठी हो नि! उसले के नै भनेकी थिई र? तर्किनै त अरू बाटा पनि थिएन नि!'

त्यसपछि बाटामा, बजारमा यदाकदा देखभेट हुन्थ्यो। म सरकारी जागिरको ध्याउन्नमा लागेँ, उनले क्याम्पसमा पढाउन थालेकी थिइन्। त्यस्तै आठनौ महिनापछि मैले भीमाको बिहेको निम्तो पाएँ। तत्क्षण मीठो नलागेको मात्रै होइन, एक खालको दोषी मानसिकताले बेचैन पनि बनायो– 'अनुहार नराम्रो थिएन। स्वभावमा पनि निकै परिवर्तन आएको थियो, खोटै लाउनुपर्ने त्यस्तो के थियो र? सायद म बढी नै पूर्वाग्रही भएँ मित्रता नै टुङ्गिने गरी! केही दिनअघि बजारमा भएको भेटमा सामान्य कुराकानी भएको थियो, अरू विशेष त क्यै भनेकी थिइन। बिहेको कुरा मलाई सुनाइरहनु आवश्यक ठानिन सायद!'

बिहेमा साथीहरूसँगै म पनि गएँ। दुलहा र बिहेका बारेमा सामान्य सोधखोज र भीमालाई सफल दाम्पत्य जीवनको शुभकामना मैले पनि दिएँ। साथीहरू सबै रमाइलो मुडमा थिएँ, म चाहिँ शान्त थिएँ त्यो दिन। त्यसपछि क्रमश: टाढिँदै गइयो कार्यक्षेत्र र बसाइ फरक पर्दै गएर, सरोकारै सकिएर पनि होला। देखभेट पातलिँदैपातलिँदै कहिले सुक्यो, थाहै भएन। यसरी भीमासँगको करिब छसात वर्षको प्रसङ्गको पटाक्षेप भएको थियो। क्रमश: विस्मृतितिर धकेलिँदै जाँदा हत्तपत्त नपल्टिने सम्झनाको पानामा थन्किन पुगेका थिए कलेज र युनिभर्सिटीका ती दिनहरू।

'एक पटक फेरि दैनिकै भेटघाट हुने गरी भीमा छिमेकी हुने भएकी छ।' म केही बेर त्यो बेलाकी भीमालाई सम्झँदै रहेँ– 'तर अबको परिस्थिति बेग्लै छ। शारीरिक सम्मोहनको अन्त्य भइसकेको छ। भोगिसकिएको जीवनको लक्ष्यको धरातल नै बदलिएको छ। आवश्यकताहरू धेरै फरक भइसकेका छन्। आफ्नो भन्दा पनि आफ्ना सन्तानको उन्नतिमा खुसी हुने, बखान गर्ने र पुराना दिनहरूको सम्झनामा केही छिन गफिँदै सन्तुष्टि लिने जीवनको उत्तरार्द्धमा आइपुगेका छौँ हामी।'

आठदस दिनभित्रै चेतलाल दाइले घर खाली गरिदिनुभयो। भीमा सपरिवार सरिन्। चार दिनपछि चेतलाल दाइ र भाउजू गह्रौँ मन बनाई घोराही हिँड्नुभयो हामीलाई जिम्मेवारी दिएर। उहाँहरू जानुभएपछि खल्लो र खालीपनको अनुभूति मलाई भन्दा पनि हेमालाई बढी थियो। नयाँ छिमेकीलाई नजिक बनाउन मिल्ने वा नमिल्ने कुराको चासोले मसँग सोधिन्– "कस्ती हुन् हजुरकी सहपाठी?"

मैले एकछिन सोचेर भनेँ– "भीमा साथी बनाउन नहुने मान्छे होइन। त्यो बेला ऊ मसँग बिहे नै गर्ने मानसिकतामा थिई र म त्यो चाहन्नथेँ। कुरो त्यति मात्रै हो। अब त उसको भरिपूर्ण परिवार छ, हाम्रो आफ्नै संसार छ। उनीहरूसँग उठबस गर्न नहुने के छ र! तर लोग्ने चाहिँलाई त म चिन्दिनँ, यहीँ देखेको हो। मलाई लाग्छ, भीमाको दोस्रो बिहे भएको हुनुपर्छ। बीचमा कुनै घटना भयो कि? थाहा छैन।"

केही दिन घरबाहिरैबाट सामान्य छेमकुशल सोध्ने र कुराकानी गर्नेमै सीमित रह्यौँ हामी। भेट नहुँदासम्म सम्झनै नगरिएकी भीमासँग संयोगले भेट भएछि यसबीचका उनका कथाहरू थाहा पाउन मन लागेकै थियो। चेतलाल दाइले घरधनीको जिम्मेवारी नै दिएर गएपछि उनीहरूको बसाइ हेर्न पनि जानु थियो। अनि छिमेकी सम्बन्धलाई पनि धेरथोर उचाल्ने विचार

गरेर हामी बिदाको एक दिन बेलुकीपख भीमाकहाँ पुग्यौँ। उताको परिवारका सबैले खुसी भएर स्वागत गरे। सुरुमै कर्नेल साबले चिया पिउने प्रस्ताव राखे र त्यसमा प्रतिक्रिया नजनिँदै आदेश पनि गरिहाले। एकअर्काको घरपरिवारको सामान्य जानकारी लिनेदिने काम रमाइलो वातावरणमा भयो। कर्नेल साब हकी र रमाइला रहेछन्। सेनाभित्रको नेतृत्ववर्गको नातावाद, कृपावाद र भ्रष्ट मनोवृत्तिका कारण माथिल्लो पदका निम्ति अनिवार्य तालिम गर्न नपाएपछि जागिर छाडेर व्यापारव्यवसायमा लागेका रे। गफले मीठोसँग गति लिएपछि दुई-अढाई घण्टा बस्यौँ र अब दुवै घरमा गरी भेटघाटलाई बाक्लो बनाउने कुरा तय गरेर फर्कियौँ। भेटले चेतलाल दाइभाउजूको न्यास्रो मेटिने गरी मन प्रसन्न त भयो तर भीमाको स्वभावमा देखिएको नपत्याउँदो सौम्यता र गम्भीरताले मेरो मन भने कताकता अलिनोजस्तो भयो।

दिनहरू बित्दैबित्दै छ महिनाको नेटो काट्दा दुई घरबीच आउजाउ बढे पनि, समझदारी र व्यवहार बढे पनि, भीमाले एक पटक कुरैकुरामा आफ्नो दोस्रो बिहे भएकोसम्म बताए पनि थप केही भन्न चाहिनन्। यस्तैमा गोडा मर्केकाले दुईतीन दिनदेखि म घरमै थिएँ। भीमा नातिनातिनाको रेखदेख गर्न घरमै बस्ने हुँदा आउँदैजाँदै गरिरहेकी थिइन्। एक दिन चिया पिउँदै घरपरिवारका कुरा गर्दै जाँदाको सन्दर्भ र मैले करै गरेपछि पहिलो लोग्ने गाडी दुर्घटनामा बितेको नमीठो कुरा सुनाउँदै भनिन्– "अबदेखि आफ्ना दुःखका कुरा कसैसँग नगर्ने र आँखामा आँसु आउन नदिने सङ्कल्प गरेकी थिएँ उति बेलै। पुराना कुरा निस्कन्छन् भनेर सरोकारै नराख्ने, पूर्वपरिचितहरूको अगाडि पर्नै छाडेकी थिएँ। अझै काठमान्डूमै बसे पनि कसैसँग भेट्दिनँ, कसैसँग लामो कुरा गर्दिनँ। कुरा छिन्नुअघि यो घरमा बस्न आउँदा तपाईंसँग भेट हुने थाहा पाएकी भए सायद आउन्नथेँ। कुनै आग्रह-पूर्वाग्रह राखेर हैन, कसैबाट पनि कठैबरा भनिन नचाहेर। अब त मेरो मनै त्यस्तै भइसकेको छ कुराको सन्दर्भले कहिलेकाहीँ यसै गरी चिप्ल्याइदिने र दिक्क हुनुपर्ने हुँदा।"

भीमाको बयान जारी रह्यो– "तपाईं र मेरो बीचमा सहपाठी हुनुले चारपाँच वर्ष एक खालको मित्रता थियो। क्याम्पस र काठमान्डू मेरा निम्ति नौला थिए। एकै जिल्लावासी हुनुले तपाईंसँग निकटताबाहेक कतै कुनै चाहना थिएन। युनिभर्सिटीमा पढ्दाताक भने पढाइ सकिएपछि एउटा केटासँग बिहे गर्नु नै पर्ने कारणले चिनेजानेको युवकप्रति चासो लाग्नु सायद अस्वाभाविक थिएन। तर त्यो मायासाया क्यै थिएन, फगत अस्थिर मनछेउ थिरबिराएको एउटा विकल्प जुन अर्को राम्रो विकल्प भेटिँदा सहजै लतारिन्थ्यो! मेरो उहाँसँगको भेट बिहेभन्दा सातआठ महिनाअघिको हो। मामाघरमा मामाकी नातिनीको पास्नीमा गएकी थिएँ म र उहाँ पनि त्यहाँ आउनुभएको थियो। मामाका छोरा रमेश दाइको साथी हुनुहुन्थ्यो उहाँ। रमेश दाइले एकअर्कासँग परिचय गराइदिँदा नै मीठो शैलीले एकअर्काप्रति रुचि बढाइदिनुभएरै होला, त्यसै दिन निकै बेर गफियौँ हामी। त्यो भेटले एकअर्काप्रति नजानिँदो आकर्षण अङ्कुराएरै होला, अनेक सपना सँगेल्दै भेटका सिँढीहरू चढिँदै गइयो। मनका स्वप्निल वेगहरू र भेटघाटलाई लम्ब्याइरहनु उचित र आवश्यक दुवै थिएन। अनि हामी बिहे गर्ने निर्णयमा पुगेका थियौँ। बिहेपछि म अत्यन्तै खुसी थिएँ। हरेक छिन, हरेक दिन सुखद थिए। सायद खुट्टा भुइँमा थिएनन् मेरा।

उहाँका बुबामुमा नेपालगन्जमा बस्नुहुन्थ्यो, काठमान्डूमा हामी दुई जना मात्रै। त्यै भएर पनि होला, एकअर्कालाई माया गर्न स्वतन्त्र थियौँ हामी। उहाँ यति धेरै माया गर्नुहुन्थ्यो मलाई कि म आफूहरू दुईबाहेक अरूलाई बिर्सिन्थौँ। तर त्यो मेरो खुसी तीन वर्ष पनि टिकेन।"

हेमा र म शान्त भएर भीमाको कथा सुन्दै रह्यौँ।

"सबै कुरा आफ्नो नियन्त्रणमा हुँदैन नै। कहिलेकाहीँ जीवनले अर्कै मोड लिने गरी दुर्घटना पनि हुन्छ। तर एउटै मान्छे शून्यमै पुग्ने गरी अनेक दुर्घटनाका सिकार चाहिँ सायदै हुँदो हो। उहाँसँगै मेरो संसार पनि भताभुङ्ग भयो। शोकाकुल अवस्थामा ककसले केके भनेर सम्झाए, थाहा छैन; एक पटक त आवेगमा मर्न पनि खोजेछु। त्यति बेला आफू सात महिनाकी गर्भवती भएकीले आफै सँभालिँदै गएँ। बिहेअघि न पछि उहाँले घरका मान्छेहरूका बारेमा मसँग खासै केही बताउनुभएको थिएन। उहाँका बुबामुमा र दिदीहरू हाम्रो बिहेका निम्ति पटक्कै सहमत नभएको र अन्त्यमा उहाँको कडा अडानले मात्रै चुप लागेको कुरा मलाई मामाले अलि पछि सुनाउँदै 'मेरी दिदी बदमास छे, छोरीहरूलाई पनि आफ्नै साँचोमा ढालिसकी' भन्दै सतर्क पनि गराउनुभएको थियो। पछिपछिसम्म पनि मप्रतिको उहाँहरूको व्यवहार अलि खल्लै लाग्थ्यो। उहाँ नै नरहनुभएपछि त के बाँकी रह्यो र? म बोक्सी, अलच्छिनी, पोइटोकुवी आदि केके भएँ केके; बयानै भएन। उहाँ र म दुई जनाले ढलिमली गरेको घरमा म छिँडीका दुई कोठामा सीमित गराइएँ। आफ्नो काम आफै गर्नु त छँदै थियो, घरमा मसँग सोझो मुखले कोही बोल्दैनथ्यो। मलाई कसैले खान पनि दिँदैनथ्यो। त्यो दुर्घटनाको एक महिना पनि नहुँदै मेरा दुई दाजुको सम्पत्ति र अंशको झगडालाई थान्को लगाउन नसकेर उसै त दिक्क हुँदै सुस्त हुनुभएका मेरा बुबा मेरो पीर पनि थपिएपछि घोर निराशामा अल्झेर एक रात सुतेकोसुत्यै हुनुभयो। अनि छोराबुहारीहरूबाट निरन्तर अपमानित हुँदै आएकी मेरी मुमाले बुबाको त्यो शोक पनि थपिएपछि एक दिन स्वैच्छिक मरण रोज्नुभयो झुन्डिएर। दुई महिनाको बीचमा मेरा तीन सहारा एकएक गर्दै ढले। त्यसपछि एउटै चिन्ता बाँकी रह्यो– पेटको बच्चालाई हानि पुग्न नदिने र जन्माउने। सतर्क हुनु थियो आफ्नै मन र घरका मान्छेहरूसँग। तर गतिलो टेवा बन्नुभयो मामा। दुईतीन दिनको अन्तरमा मलाई भेटिरहनुहुन्थ्यो। जँचाउने र सुत्केरी हुने बेलामा पनि अस्पताल लाने, ल्याउने सबै मामाले गर्नुभयो। मामाघरमा र त्यहाँबाट डेरामा सर्दा र बस्दा पनि मामामाइजूले नै हो सबै गर्नुभएको। मलाई, बच्चालाई माइजूले स्याहार्नुभएको हो।"

"घर चाहिँ किन छाड्नुभयो?" म मौन थिएँ, प्रश्न हेमाको थियो।

"ज्यान जोगाउन। घरमा न्वारन सकिएपछि लोकाचार देखाइन् ठूली भाउजूले। लिन आएपछि माइत गएकी थिएँ म। करिब एक महिनामै घर फर्कें। त्यसको दुई हप्ताभित्रै एक दिन मेरो खानामा विष हालिएछ। सुरुमै अलिअलि असर हुन थालेपछि शङ्का लाग्यो र मामालाई बोलाएँ। मामा आइनपुग्दै छटपटी र झाडाबान्ता हुन थालेपछि छिमेकीले अस्पताल दौडाए। एक हप्ताको उपचारपछि ठीक भएँ। अस्पतालबाटै मामाले लिएर जानुभयो। मामा असाध्यै रिसाउनुभयो आफ्नी दिदीसँग। 'त्यो ज्यानै मार्न खोज्ने राक्षस्नीलाई जेल हाल्नुपर्छ' भनेर म अस्पतालमै हुँदा मुद्दा हाल्न कागजपत्र तयार गरेर मेरो सही गराउन ल्याउनुभयो। तर मलाई

आफ्ना सासूससुरामाथि, उहाँका बाबुआमामाथि मुद्दा हाल्नु किमार्थ ठीक लागेन र मामालाई सम्झाई कागज च्यातेर फालेँ। त्यसपछि मामाले आफ्नी सहोदर दिदीको न अनुहार हेर्नुभयो न त त्यो घरको सँघार टेक्नुभयो। मेरो घर जाने त कुरै भएन।"

"अनि दोस्रो घरजम?" म मौन नै थिएँ, प्रश्न हेमाले नै गरिन्।

"यो पनि मामाकै व्यवस्था। छोरो दुई वर्षको हुँदै थियो, त्यसैले पनि मेरो त कुनै सोच नै थिएन। एक दिन असजिलो मानीमानी केके हो केके भूमिका बाँधेर, यताउताका अनेक कुराहरू देखाएर अर्को बिहेको प्रस्ताव गर्नुभयो। सुरुमा त मैले मान्दै मानिनँ अनि छोरो देखाएर पन्छिन खोजेँ। त्यो जिम्मेवारी पनि लिएर नछाड्ने मनस्थितिमा उहाँलाई देखेपछि केही दिनको समय मागेँ। त्यस बीचमा प्रस्तावित मान्छे मेजर साबसँग भेटघाट र कुराकानी पनि भयो। अढाई वर्षकी छोरी छे र छ महिनाको छोरोसहितको विधुर सुरुमा त ठीकै लाग्यो, तर अरू दुईतीन पटकको भेटघाटपछि भने मेजर साब जिम्मेवार, दृढ र विश्वसनीय लाग्नुभयो। तीनै जना केटाकेटीलाई एउटै काख र एउटै झोलुङ्गोमा राखी हुर्काउँछु भनेर विश्वास दिलाउनुभयो। सैनिक सेवाका मान्छे इमानदार, बोलीको पक्का र दृढ हुन्छन् भन्ने सुनेकी पनि थिएँ। उहाँ र मामाको अनुनयविनयले पनि पगाल्यो। यता मामाको अरू कुनै पारिवारिक दायित्व बाँकी थिएन। उहाँले छोरी सम्झेर मेरो चिन्ता गर्नुभएको थियो। मेरो जीवनको मूल्यमा आफ्नी दिदीलाई त्याग्नुभएको थियो। उहाँलाई अझै चिन्ता दिइरहनु मनासिब थिएन। मेरा बुबाले भन्दा बढी जिम्मेवारी लिएका मामालाई अवज्ञा गर्न न म सक्थेँ न त गर्नुपर्ने कारण नै थियो। हेर्दा सबै ठीकै देखिन्छ, पछि जे त होला भनेर भगवान्को शरण परेँ। बिहे पनि मन्दिरमै गएर गरियो। त्यसपछि बाँच्ने क्रमको सङ्घर्ष त अद्यावधि चलेकै छ। अरू राम्रै छ।"

हेमाले अझै कोट्याइन्– "तीन वर्षभित्रका दुई गुँडका तीन जना केटाकेटीलाई हुर्काउन गाह्रो भएन त?"

सायद हेमाको प्रश्न मन परेन भीमालाई।

"दुई गुँड भनेर सोच्नु नै खराब हो। त्यसरी सोचेकी भए म यहाँसम्म आइपुग्नै सक्दिनथेँ। मेरो जिम्मेवारी लिएर मामाले मलाई धेरै कुरा सिकाउनुभयो। त्यसमाथि आमाबाबु चिन्ने उमेरै नभएका केटाकेटीकी आमा बनेर त मैले पो देखाउनु थियो, त्यसै गरेँ मैले। उनीहरूलाई त पछिसम्म पनि थाहा थिएन। बुझ्न सक्ने भएपछि हामीले नै वातावरण बनाएर बतायौँ। तर त्यसले केही फरक परेन, परेको छैन। सबै छोराछोरीलाई इन्जिनियर बनाउने अठोटलाई मूर्त बनयौँ हामीले। ज्वाइँ र बुहारीहरू पनि त्यस्तै खोजियो। हामीले स्वालम्बन, प्रेम, आदरको पाठ सिकायौँ। विदेशभन्दा आफ्नै माटो र आफ्नैपनमा रम्न सिकायौँ। छोराछोरी-बुहारी सबै आज्ञाकारी छन्, सुशील छन्। मेरो आदर गर्छन्, माया गर्छन्। उनीहरूबीच आपसी सद्भाव छ, प्रेम छ, सम्मान छ, स्नेह छ। विगत सम्झँदा यो वर्तमान मीठो लाग्छ। सन्तोष लाग्छ, हेरिरहन्छु।"

"अनि माइती, मावली, ठूलो बाबूको पैतृक घरतिर...?" अझै बाँकी रहेछ हेमाको जिज्ञासा।

"उसै पनि लोकाचारमा माइती, मावली र अरू नातेदारसँगको सम्बन्धमा मेरो दोस्रो बिहेले त ताल्चा नै ठोकिदियो। उहाँहरूको बुझाइमा म कुलको इज्जतलाई कालोले पोतेर पोइल गएकी थिएँ। मैले पनि ताल्चा खोल्ने प्रयासै गरिनँ। पछिल्लो पुस्ताको दबाव र हालीमुहालीले होला, चारपाँच वर्षयता बोलचाल, आउजाउ बढ्दै गएको छ। लामो कालखण्डसम्म उनै मामामाइजू मात्रै मेरा आफ्नाका रूपमा रहनुभयो। हामी गइरहने एउटै घर त्यही हो। अझै पनि उहाँहरूमा त्यही संरक्षण भाव, त्यही आशीर्वाद भाव छ। उस्तै ममता र स्नेह छ। उता त्यो पुरानो घरमा म जाने कुरो भएन। त्यता पनि देवरको हालीमुहाली बढ्न थालेपछि ठूलो बाबूलाई यदाकदा बोलाउन थालेका छन्। देवरदेउरानी भद्र छन्। उहाँको दुर्घटना हुँदा देवर पढ्न बाहिर, मस्को जानुभएको थियो। त्यो बेला आएर मलाई सान्त्वना दिई फर्कनुभएको थियो। उहाँ पढाइ सकेर फर्कंदा मेरो बिहे भइसकेको थियो। पछि मलाई भेट्नुभयो, मेरो निर्णयको सम्मान गर्नुभयो। 'राम्रै गर्नुभयो, तर छोरो मेरो पनि हो, कुलदीपक हो; अहिले सानै छ, तपाईंसँगै रहोस्; बुझ्ने भएपछि घर आओस्, बेला आएपछि उसको सम्मान र अधिकारको रक्षा म गर्छु' भनेर ढाडस दिनुभयो। त्यो वचन अहिले क्रमशः मूर्त बनाउँदै आउनुभएको छ। काकाभतिजाको भेट बरोबर हुने गरेको छ। कहिलेकाहीँ मलाई भेट्न आउनुहुन्छ। केही दिनअघि पनि यहाँ आउनुभएको थियो।"

सोध्ने कुरा सकिएझैँ हेमा र म मौन भयौँ। भीमा 'ल, मेरा लालाबाला आउने बेला भो' भन्दै उठेर गएपछि हेमा पनि भान्छातिर पसिन्। म जाँदै गरेकी भीमालाई हेर्दै रहेँ। उनी घरभित्र पसेपछि अगाडिको शून्य आकाशलाई एकोहोरो नियाल्दै आफूसँग सम्बद्ध-असम्बद्ध जीवनका अनेक घटनाहरू सम्झन थालेँ– सायद जीवनको बाटामा हिँडिएका पाइलाहरूको अर्थ खोज्ने प्रयासमा।

राति खाना खाएर सुते पनि निदाउन सकिनँ। कतिपय आफ्नै र कतिपय भीमाका भोगाइको स्मृति र विभ्रमले, कतिपय सत्य र कतिपय काल्पनिक चित्रहरूले निद्रा परपर लखेटिरहे। सुरुदेखि नै भीमाप्रति नकारात्मक रहेँ म। उनको स्वभाव, बोलाइ, लवाइ, हिँडाइ क्यै पनि मन परेन। किन? अर्थ के? बिहे गर्न नखोज्नेले उनको बिहेपछि आफूलाई दोषी देख्नु किन? वास्तवमा के चाहन्थेँ म? के पाएँ? चाहना र प्राप्तिबीच तादात्म्य त छ? के म सन्तुष्ट छु? अनेक पीडाहरू जीवनभर नछाड्ने गरी टाँसिएका भए नि पछिल्ला प्राप्तिले सहज बनाइदिएका छन् भीमालाई। कति सङ्घर्ष गरेर माथि उठेकी रहिछन्। मैले त सम्मान गर्नुपर्छ उनलाई। मैले त के गरेँ र? पढेँ, जागिर खाएँ, बिहे गरेँ, छोराछोरी जन्माएँ, पढाएँ-लेखाएँ, अमेरिका र अस्ट्रेलिया पठाएँ। पैतृक सम्पत्तिकै भरथेगमा घडेरी किनेँ, घर बनाएँ, बूढाबूढी आमाबाबुसँग अलग भएर बस्न थालेँ। अब अवकाश पाएपछि यता र उता चहार्दै दिन बित्लान्। हातखुट्टा चल्न छाडेपछि के हुन्छ, टुङ्गो छैन। भीमाले सहनशील पृथ्वी बनेर, वात्सल्यमयी धरणी बनेर आफ्नो स्थान बनाएकी छन्। अब पूर्ण छिन्, निहाल छिन् उनी। म चाहिँ सायद अपूर्णताको सन्त्रास मेट्न निस्पट्टतामा आशाको बत्ती खोज्दै छु।

रात गहिरिँदै थियो। हेमा गहिरो निद्रामा थिइन्। म भने जति नै ओल्टेकोल्टे गर्दा पनि निदाउन नसकेपछि उठेँ, पानी पिएँ। शरीर चिसो बनाउन केही बेर बाहिर बरन्डामा टहलिएँ। अलिअलि चिसोचिसोजस्तो भएपछि कोठाभित्र पसेर घुप्लुक्क सुतेँ।

◆

जलेश्वरी श्रेष्ठ

# अपरिचिता



ज्येष्ठ नागरिकहरूको वृद्ध भत्ता बढ्ने सूचना आयो। हाम्रो आश्रमका वृद्ध आमाहरूको नागरिकता जम्मा गरी वृद्ध भत्तामा नामाङ्कन गर्न जानुपर्ने भएकाले सबै वृद्धाहरूको नागरिकता जम्मा गरियो। तर उः त्यो कुनामा बसी दुना, बोहोता र टपरी गाँसिरहने बजैको भने नागरिकता पाइएन।

उनको वास्तविक नाम पनि कसैलाई थाहा छैन। सबैले 'दुनाटपरी आमा' नामले बोलाउने गर्थे। सबैले कामका लागि पात र सिन्का ल्याइदिएपछि दुनाटपरी उनले नै गाँसिदिन्थिन्। पात गाँसिदिइसकेपछि सबैले पारिश्रमिकबापत केही न केही दिन्थे। उनी धेरै बोल्दिनथिन्। आफ्नो काम एकसुरमा गरिरहन्थिन्। केही काम नहुँदा धूप बाटेर र बत्ती कातेर समय बिताउँथिन्।

१० वर्षजति पहिले उनी यस आश्रममा आफै आएकी हुन्। कुन्नि कसको साथमा आएकी हुन्, तर उनी आएदेखिको दिनहुँको काम भनेकै यही थियो। सधैँ आफ्नै काममा मग्न रहने उनको चासो कमैलाई हुन्थ्यो। केवल आफ्नो कामप्रति लगाव देखाउँथिन्। संसारप्रति त्यति चाख र रुचि थिएन उनको।

आश्रममा आश्रित सबै वृद्ध आमाहरूको नागरिकता छ, उनको मात्र छैन। यस पालि उनको पनि नागरिकता बनाइदिनुपर्ने भयो। अनि मैले उनको नजिक गएर भनेँ– "आमा, तपाईंको नाम के हो?"

"खै के हो? आफ्नो नाम नै थाहा छैन। के हो, के हो, मैले त बिर्सिसकेँ। किन चाहियो र मेरो नाम, मेरो ठाम?"

"तपाईं कुन ठाउँबाट आउनुभएको? कसले यहाँ ल्याइदिएको हो?"

"कसैले पनि होइन। बाटोमा भौँतारिइरहेको बेला एक जना दयालु मान्छेले मलाई यहाँ ल्याइदिएको हो।"

"तैपनि तपाईंको गाउँठाउँ, आमाबाबु, तपाईंले विवाह गर्नुभएको भए श्रीमान्को नाम। केटाकेटी छन् कि छैनन्? भन्नुहोस् न। के कारणले तपाईं एक्लै पर्नुभएको हो? अरू आमाहरूको जस्तै तपाईंको आफ्नो अतीत छैन आमा?"

"मेरो अतीतबारे जानेर के हुन्छ?"

"अब सरकारलाई यहाँ बस्ने सबै आमाहरूको सम्पूर्ण परिचय दिनुपर्छ। सबैको नागरिकता अनिवार्य छ। पूर्ण पहिचान नभईकन यस आश्रममा राख्न मिल्दैन। यसैले तपाईंको पहिचान तपाईंको ठाउँमा गएर भए पनि हामीले ल्याउनुपर्छ।"

"हो र? उसो भए ल नानाहो, तपाईंहरूले ल्याउन सक्नुहुन्छ भने म आफ्नो बारेमा सबै भन्छु, सुन्नुहोस्।"

× × ×

म धादिङ जिल्लाका प्रतिष्ठित पुरोहित नारायणप्रसादकी ठूली छोरी हुँ। मलाई सबैले 'ठूली, ठूली' भनेर बोलाउँथे। मेरो बाल्यकाल अत्यन्तै खुसी र सुखसयलमा बितेको थियो। बुबाका जजमानकहाँ जुन पूजा भए पनि मलाई कुमारी पूजा नगरी पूजा नै सुरु हुँदैनथ्यो। सधैँ मीठो खान पाइन्थ्यो। राम्राराम्रा लुगा लाउन पनि पाइन्थ्यो। पैसा र केही गहना पनि पाइन्थ्यो। म एकदम राम्री थिएँ रे। मेरो सुन्दरताबारे परपर गाउँसम्म चर्चा हुन्थ्यो।

गोरखा जिल्लाको बारपाक गाउँको सम्पन्न परिवारका पण्डित विष्णुहरिका छोरा शिवहरिसँग मेरो विवाहको कुरा चल्यो। त्यस्तो राम्रो ठूलो घरानाबाट माग्न आएपछि आमाबुबाबाट खुसी हुँदै विवाह गरिदिने निर्णय भयो। त्यस बखत मेरो उमेर नौ वर्ष थियो र शिवहरि १५ वर्षका थिए। मेरा आमाबुबाले प्रशस्त दाइजोसहित कन्यादान गरिदिए। विवाहको काम रमाइलैसँग बित्यो। मीठोमीठो खान र राम्रो लाउन पाएर म दङ्ग नै थिएँ। अनि मेरो नाम 'ठूली'-बाट 'शिवहरिकी धादिङे दुलही' भयो।

केही समयपछि मेरा दुःखका दिन सुरु भए। सासूले भाले बास्नुअगाडि नै उठाउन थालिन्– "ए दुलही, उज्यालो हुनै लाग्यो। घर बढारकुँढार गरी ढुङ्गे धारामा गएर चोखो पानी ल्याई पूजा कोठा सफा गर।"

म माइतीमा घाम नलागी नउठ्ने मान्छे, उठे पनि काम गर्नुपर्दैनथ्यो। बिहानै दूध र फलफूल खान्थेँ। घरमा धेरै गाह्रो मानीमानी उठेर ढुङ्गे धारामा गई पानी भरेँ। घर-आँगन बढारेँ। चिसो पानीले धारामा नुहाईवरी चोखो बनेपछि मेरो दिनको सुरुवात हुन्थ्यो। घल्चामा ल्याएको ढुङ्गे धाराको पानीले पूजा कोठाका देवीदेवतालाई स्नान गराइदिएँ। पूजा सामग्री पनि पखालीवरी सबै सफा पारिदिएँ। चिसो बिहानीमा हात जति ठिहि्ऱ्याए पनि काम गरी नै रहनुपऱ्यो।

सासू आमाले भन्थिन्– "ल, बुहारीले त पूजा कोठा नै ठीक पार्न सकेकी रहिनछिन्। भान्छा लिपपोत गरी दूध बसाल्ने बेला भइसक्यो।"

माइती सम्झेर खुब रुन मन लाग्थ्यो। आमाले केही पनि काम नलगाई हुर्काइएकी मैले यति धेरै काम एकै चोटि कसरी गर्न सक्छु र? यस्तै रीतले घरको सरसफाइ, पानीपँधेरो, पूजा कोठा, भान्छाको सबै काम गर्दै कसैले नदेख्ने गरी आँखाबाट आँसु झार्दै गरिरहेँ।

शिवहरि त्यस घरको जेठो छोरो, त्यही गाउँको स्कुलमा नौ कक्षामा पढ्थे। उनीभन्दा मुनि दुई जना भाइ र तीन जना बहिनी थिए। अनि म त्यहाँ नोकर्नीजस्तै थिएँ। यस्तै गरी दिन

बित्दै गयो। १३ वर्षको उमेरमा मैले एउटा छोरो पनि पाइहालेँ। छोराको नाम कुलदीप राखियो। त्यसपछि मलाई सबैले 'कुलदीपकी आमा' भनेर बोलाउन थाले। त्यसरी दुलहीबाट म छोराको नाममार्फत चिनिन पुगेँ। सबैले बोलाउने नाम कुलदीपकी आमा भयो।

यस्तै गरी पाँचछ वर्षसम्म सासूससुराको स्याहारसुसार; लोग्ने, बच्चा, नन्द र देवरहरूको स्याहार गर्दै बित्यो। अचानक मेरा श्रीमान्लाई ज्वरोले थला पारिदियो। झारफुक र वैद्यको औषधी गर्दागर्दै मृत्युको सँघारमा पुगे। तब त म सबैका आँखामा कसिँगर भइहालेँ नि! माइतीमा पनि आमाबुबा बितिसक्नुभएको थियो। माइतीमा सहारा कोही थिएन। म सबैतिरबाट बेसहारा भएँ। अब म लच्छिनकी बुहार र कुलदीपकी आमा नभई कुलच्छिनी लोग्नेटोकुवीमा परिणत भएँ र यही उपनामले बोलाइन थालेँ।

त्यसपछि मलाई त्यो ठूलो घरमा ओत लाग्ने ठाउँ पनि भएन। सानो गोठसँगैको कटेरामा मेरा लागि ठाउँ बन्यो। देवरहरूको पनि विवाह भइसकेको थियो। अब घरमा काम गर्ने अर्को मान्छे आइहाल्यो। मेरो किन आवश्यकता पर्‍यो र?

छोरालाई पनि मबाट छुटाएर बाजेबजैले आफूसँगै राखे। अब मेरो काम गाईबस्तु हेर्ने, घाँस काट्ने, गोठ सफा गर्ने, दूध दुहुने हुन थाल्यो। म त्यस घरकी बुहारी होइन, एउटी कमारीजस्तै भएँ। सबैले खाइसकेपछि बाहिर अलग्गै खानुपर्ने भयो। मैले त्यो ठूलो घरमा पैतालासम्म राख्न नपाउने भएँ। छोरालाई टाढाबाट हेरेर भए पनि आफ्नो चित्त बुझाउँथेँ। जतिसुकै गारोसारो भए पिन असहजतालाई सजिलै वहन गरी बसिरहेँ। छोरो ठूलो भएपछि एक दिन मलाई हेर्ला नि त भनेर चित्त बुझाइरहेँ।

पहिलेपहिले त आमा भनेर एकछिन भए पनि आउँथ्यो छोरो। पछि ऊ पनि आउन छाड्यो। एसएलसीको जाँच पनि दियो र पास भएपछि गाउँका अन्य केटाहरूसँगै ऊ पनि पढ्नलाई काठमाडौँ गयो। मेरा लागि छोरो एउटा सानो बत्तीको किरण, आफ्नो जीवनको सानो उज्यालो ठान्दै बाँचिरहेकी थिएँ। अब त्यो छोरो पनि कोसौँ टाढा भयो। सबै हुँदाहुँदै पनि म एक्लिएँ, आफैभित्र सीमित हुन पुगेँ।

मेरा आफन्त तिनै गाईबस्तु हुन गए। दिन बित्दै गयो। सासूससुरा पनि बितेर गए। काठमाडौँ गएको छोरो गाउँ आउनै छाड्यो। घरका सबै जना लाखापाखा लागे। सुनियो, उतै सहरकी केटीसँग छोराले बिहे गर्‍यो रे। छोरो पाउँदा मेरो छोराले मलाई सेवा गर्ला, बुहारी ल्याउला, मलाई सुख देला भन्ने लागेको थियो। सबै सपनाजस्तो भयो।

घरको बाँडफाँड गरी अंशबन्डा पनि भयो। देवर र उनका छोराहरू पनि अंश लिई पहाडको सबै बेचबिखन गरेर सहरतिर लागे। मसँग चाहिँ कोही बोल्दा पनि बोलेनन्। मलाई छोरालगायत कसैले पनि वास्ता गरेनन्। छोरालाई आमा छ भन्ने पनि अनुभूति भएन। अनि मैले त्यस गाउँमा बेसहारा भएरै बस्नुपर्‍यो।

म बसेको गोठको भाग त्यसै गाउँको साइँला मगरलाई बेचिएछ। साइँला मगरको मनमा अलिकति भए पनि दया रहेछ। उसले भन्यो– "धादिङे बजै, तपाईं यहीँ बस्नोस्। मेरा गाईबस्तु

पनि हेरिदिनू।" त्यस गाउँका पुराना मान्छेले भने मलाई सम्बोधन गर्दा पुरानै नामले गर्थे– धादिङे बजै, मेरो उमेरसँगै पाएको नाम। दुलही, आमा हुँदै अब बजैमा परिणत भएकी थिएँ म।

त्यहाँ साइँलाका गाईबस्तु हेर्ने जिम्मेवारी मेरो थियो। खानका लागि केही खर्च पनि दिए। त्यसैबाट जीवन यापन गरिरहेँ। गाउँमा विवाह, व्रतबन्ध, पूजापाठमा पात गाँसिदिन थालेँ। यसरी नै मेरो जीवनको गुजारा चलिरहेको थियो। दिनहरू बितिरहेका थिए।

तर एक पटक फेरि मेरो जीवनमा वज्रपात आइलाग्यो। साइँला मगरको छोराले त्यो गोठ पनि बेचिदियो। नयाँ मालिकले त्यो गोठमा मलाई बस्न दिएन। म अलपत्र परेँ। साइँला मगरको छोराले भन्यो– "ए धादिङे बजै, तपाईंको छोरो छ काठमाडौँमा। ठूलो हाकिम भइसकेको छ। डिल्लीबजारतिर घर पनि बनाएको छ, मैले देखेको छु। हिँड्नोस्, म लगिदिन्छु। त्यस ठाउँमा कुलदीप पण्डित भन्यो भने सबैले चिन्छन्।"

बिहानै काठमाडौँ आई कुलदीप पण्डितको घरको गेटमा मलाई ल्याइदिएर ऊ फर्क्यो। म बिस्तारै गेट खोलेर भित्र जान लागेकी थिएँ, त्यत्तिकैमा एउटा मान्छेले कर्कश स्वरमा मलाई हपाऱ्यो– "तपाईं को हो? कसलाई खोजेको?"

"मैले कुलदीपलाई खोजेकी।"

"अनि तपाईं को नि?"

"म उसकी आमा हुँ।"

"यो घर त अहिले कुलदीप पण्डितको होइन। उनीहरू यो घर बेचेर अन्तै गइसके।"

"हो र? लौन नि, म अब कहाँ जानु? मैले कसैलाई चिनेकी छैन। जाने ठाउँ पनि कतै छैन।" म रुनकराउन थालेँ।

'ए, यहाँ केको हल्ला हो?' भन्दै त्यस घरकी मालिककी श्रीमती निस्की। मालिक्नी अलि दयालु रहिछ। 'किन रुनुभएको? भित्र आउनोस्' भन्दै चोकको एउटा बेन्चमा बसाई।

मेरो सबै बेलिबिस्तार सुनेपछि मलाई केही खाने कुरा पनि दिई र पछि मलाई यो आश्रममा ल्याएर छाडिदिई। अब म कसकी छोरी? कसकी श्रीमती? कसकी आमा? कुन ठाउँ मेरो जन्मथलो? कसरी प्रमाण जुटाउने?

× × ×

साँच्चै, हामीलाई लाग्यो– खोइ, अब कसरी बनाउने उनको नागरिकता?

◆

एल. बी. छेत्री

# केरेनको कथा



म कथा खोज्दै थिएँ।

पाइरहेको थिइनँ।

आज अचानक भेट भयो कथाका पात्रहरूसँग।

अब कथा बनाउने जिम्मा। राम्रो बन्यो वा नराम्रो, पाठकको दृष्टिकोणबाट थाहा लाग्ने छ।

पात्र परिचय गराँ।

केरेन, मार्क, ब्राउन र मेडी।

मैले भेटेका पात्र यिनै हुन्। हुन सक्छ, कथाले पूर्णता पाउने क्रममा केही पात्र थपिएलान्।

× × ×

झ्यालबाट बाहिर हेरेँ। मौसम ठीक थियो। म मर्निङ वाकका लागि निस्केँ। रेडक्लिफ चउर पुग्दा अचानक मौसम बिग्रियो र आकाश कालोनीलो भयो। बाछिटाझैँ पानीका केही थोपा झर्दा म एउटा बुटाको ओत लिएर बसेँ। तत्कालै पानीका बाछिटा पर्न बन्द भए। सधैँ चउरको तीन चक्कर लगाउँथेँ, यस पटक मात्र एक चक्कर लगाएर फर्केँ। घर नजिक पुग्दा विपरीत दिशाबाट दुई जना महिला आउँदै गरेको देखेँ। केही पाइलाको हिँडाइपछि हामी तीनै जना एउटै दिशातर्फ मोडियौँ। ठोक्किने सम्भावना थिएन। बाटो चाक्लो थियो। हामी नजिकिँदै गर्दा एक जना महिलाले मलाई 'गुड मर्निङ' प्रस्ताव गरिन्। मैले दुवैलाई 'गुड मर्निङ' फर्काएँ।

"यू लिव हियर?" (तिमी यहाँ बस्छौ?) मुस्कानसहित उनले सोधिन्।

"हो, हामी केही दिनअघि आएका हौँ।" मैले शालीनताका साथ उत्तर फर्काएँ।

"अनि नीरज?" उनले सोधिन्।

"मेरो छोरो हो।"

मैले भन्नासाथ उनले आएर मलाई अँगालो हालिन्। "म केरेन, मेरो नाम केरेन हो।" दुई पटक उनले आफ्नो नाम दोहोऱ्याइन्। "नीरज धेरै जाती छ, धेरै प्यारो मान्छे, धेरै सहयोगी!" उनले मेरो कान्छो छोराको प्रशंसामा भनिन्। म मक्ख परेँ।

"हुनैपर्छ, ऊ बाउ गोत गएको छ।" मैले भन्दा हामी तीनै जना हाँस्यौँ। केरेनको हाँसो चर्को थियो– अट्टहासपूर्ण।

हाम्रो घरको ढोका खुल्यो र म्याडम बाहिर निस्किन्। मैले भनेँ– "मेरै धर्मपत्नी मीना छेत्री!"

"हेलो!" केरेनले भनिन्।

"हेलो!" म्याडमले भनिन्। दुवैले हात मिलाए।

हाम्रो आडको घर उनको रहेछ। उनीसँगै हिँडेकी उनकी बहिनी रहिछन्। उनीहरू आफ्नो घरभित्र पसे, हामी आफ्नो।

जाडो थियो। बाहिर घाममा चिया खाँदै गर्दा म्याडमले भनिन्– "त्यो केरेन भन्नेको त कपाल काटेजस्तो छ नि?"

"कसरी थाहा पायौ?"

म्याडमका तीक्ष्ण आँखाले कति चाँडो हेर्न भ्याएछन् जतातते।

"देख्नुभएन? टाउकोलाई ठूलो रुमालले छोपेकी थिई अनि माथिबाट टोपी लगाएकी थिई।"

"हो र? मैले ख्याल गरिनँ त!" मैले सफाइ दिएँ।

मेरो मनमा शङ्का पस्यो– देख्नमा त ठीकै छे, गोरी छे अनि कपाल किन काटी त? एकछिनपछि कान्छो छोराको फोन आयो– "बुबा, एक जना वासु भन्ने भाइ आउँछन्। ममी र तपाईं डायानेलाको घर आउनुहोस्, खाना यतै खाने हो।"

म डायानेला जान पनि चाहन्थेँ। ग्यारेजमा मेरा लागि किनिएको जागौर गाडी थियो। मलाई त्यसमा हिँड्ने रहर पनि थियो, साथै सोध्न चाहन्थेँ केरेनबारे।

लन्च खाँदै गर्दा छोराले जानकारी दियो– "बुबा, उसलाई त ब्रेन क्यान्सर छ। अनि अर्को कुरा, उसको डिभोर्स पनि भइसकेको छ।"

केही क्षणका लागि म मौन भएँ। छोरासँग केरेनबारे थप सोध्न मन लागेन। म छिटोभन्दा छिटो केरेनबाट नै उसको कथा सुन्न चाहन्थेँ। म कथाको खोजीमा त थिएँ नै। लाग्यो, मैले कथा पाएँ।

× × ×

ब्रेनमा क्यान्सर! उफ्! एउटा कहालीलाग्दो तथ्य। एउटा अभिशप्त रोग। क्यान्सर रोग लाग्दा जोकोहीले पनि जीवनमा ग्रहण लागेको अनुभव गर्न सक्छ र त्यही अनुभूतिसँग बाँच्न बाध्य हुन्छ। जीवन सबैलाई प्यारो हुन्छ र ऊ तत्काल ईश्वरसँग सोध्न चाहन्छ– 'यो रोग मलाई नै किन?' यो रोग लागेपछि अल्पायुमै मृत्यु निश्चितप्रायः हुन्छ। तर केरेनको अट्टहासपूर्ण हाँसो? लाग्थ्यो, ऊ मृत्युलाई जित्न खोजिरहेकी छ। मेरो मनमा प्रश्न खेल्यो– सम्भव छ र?

म रनिङबाट फर्केर हाम्रो घरअघिको नो थ्रू रोडको गोलार्धमा व्यायाम गर्दै थिएँ। केरेनको घरअघिको सानो चउरमा एक जना व्यक्ति बेल्चाले फूल लगाउने ठाउँ गोडिरहेका थिए भने दुई जना बच्चा खेलिरहेका थिए। केटी साइकल चलाउँदै थिई, केटो घरी घाँसमा दगुर्दै घरी त्यो मान्छेसँगै खनेभैँ गर्दै थियो।

केरेनलाई मर्निङ वाकबाट फर्किंदै गरेको देखेँ। उनी एक्लै थिइन्।

अलिक नजिक आएपछि पहिले म 'गुड मर्निङ' भनुँला भनेको, उनले नै हतार गरेर टाढैबाट भनिन्– "गुड मर्निङ लालु!"

"गुड मर्निङ केरेन!" मैले भनेँ– "तिम्रो स्वास्थ्य कस्तो छ?"

"अहिले पर्फेक्ट। अर्को हप्ता मैले केमो लिन जानु छ।" उनले सजिलै भनिन्।

हाम्रो घरअघिका गुलाबका बोटहरू लटरम्म फुलेका थिए।

"नीरज फूलको निकै सोखिन छ।" उनले भनिन्– "कति राम्रा सेता र राता फुलेका गुलाबका फूल!"

केही बेर हामीले फूलकै बारेमा कुरा गरिरह्यौँ।

एक पटक नीरज रेडक्लिफ घर आएको बेला उनले भनेकी रहिछन्– "मलाई गुलाफको फूल निकै मन पर्छ।"

अर्को हप्ता केमो उपचारपछि उनी घर आएको बेला नीरजले १०–१२ वटा फूल टिपेर एउटा ट्रेमा राखी गिफ्ट कार्डमा 'शीघ्र स्वास्थ्य लाभको कामना' लेखेर पठाएको रहेछ। त्यसैका बारेमा केही बेर कुरा गरिन् र फेरि दोहोऱ्याइन्– "ही इज अ वन्डरफुल ब्वाई!"

"लाइक हिज फादर!" मैले भनेँ र हामी हाँस्यौँ चर्को गरी। केरेनको हाँसोमा कुनै बनावटीपन थिएन।

"तिमीलाई कफी मन पर्छ?" एकछिनपछि मैले सोधेँ। उनीसँग समय माग्ने इच्छा पलायो।

"हो, मलाई मन पर्छ।" निर्धक्क उनले भनिन्।

"तिमी गाडी चलाउन सक्छ्यौ?"

"अफकोर्स, किन नसक्नु? किन सोध्यौ?" उनले नै सोधिन्।

"कुनै दिन तिमी मलाई एउटा कफी सपमा लिएर हिँड, सँगै कफी खाने।" प्रस्ताव मैले राखेँ।

"तिमी केही सोध्न चाहन्छौ?" उनले प्रश्न गरिन्।

"होइन, म केही जान्न चाहन्छु।"

"तिमीले नसोधेसम्म र मैले नभनेसम्म तिमीले कसरी जान्दछौ मेरो बारेमा?"

"कुनै दिन, हुन्छ?"

"भोलि कसले देखेको छ र लाल? आज बेलुका नै!" भन्दै गर्दा उनका आँखामा चमक र ओठमा मुस्कान थियो। क्यान्सरजस्तो बीभत्स रोगको डर उनको अनुहारमा कतै थिएन।

साँझ हामी रेडक्लिफ आवासदेखि नजिकै एप्सन डेलीको कफी सपमा थियौँ।

"भन, के जान्न चाहन्छौ?" केरेनले नै आरम्भ गरिन्।

"सबै। तिमी मलाई सबै भन, मैले जान्न चाहेको सबै। म धेरै जान्न चाहन्छु।"

"मेरो रोगबारे?"

"होइन, पीडाबारे। रोगबारे त मलाई थाहा भइसक्यो। म सम्बन्धबारे जान्न चाहन्छु; मार्क र तिम्रो, तिम्रा बच्चा र मार्कको। तिमीहरू दुवैको पारपाचुके भइसकेको रहेछ, तर तिमीले अर्को बिहे गरिनौ। उसले पनि अर्को बिहे गरेको छैन। ऊ तिमीलाई भेट्न आइरहन्छ र मदत गर्छ। विश्वास गर, म तिम्रो घाउ र पीडा कोतर्न चाहन्नँ; तर ती कारणहरू जसले तिमीलाई पछ्याइरहेछन्, तीसँगै तिमीले सँगालेर राखेका तिम्रो कथाका पाटाहरू सुन्ने मन छ।"

"मेरो कथा धेरै सानो छ लाल!" केरेनले भन्न थालिन्– "त्यति धेरै पाटाहरूमा अल्भिएको छैन मेरो कथा। यो कफी खाउन्जेलमै सिद्धिन्छ। म एउटा गरिब परिवारकी केटी हुँ। मेरा आमाबा लिभ इन सम्बन्धमा बस्दा म मेरी आमाको गर्भमा रहन पुगेछु। मेरा बा अबोर्सन गराउन चाहन्थे, तर आमाले मानिनछन्। मेरा बाले अर्कै महिलालाई प्रेम गर्न थालेछन् र मेरी आमालाई छाडेर ती अर्की महिलासँग बस्न थाले। मेरो जन्म भयो र आमाले बडो दुःखका साथ मलाई हुर्काइन्। आमाले अन्य कसैसँग सम्बन्ध पनि बनाइनछन्। म हुर्कंदै गएँ। म पढ्नमा राम्रो थिएँ। उच्च शिक्षाका लागि मेलबर्न विश्वविद्यालयबाट स्कलरसिप प्राप्त गरेँ। कलेज पढ्दाताक मार्क र मेरो मित्रता भयो। मार्कले लिभ इन सम्बन्धमा बस्न प्रस्ताव गऱ्यो, तर मैले सोभै विवाहको प्रस्ताव राखेँ। मार्क सम्पन्न परिवारको एक्लो छोरो थियो। उसका मातापिता हाम्रो विवाहको पक्षमा भएनन्। अतः हामी स्वेच्छाले लिभ इन रिलेसनमा बस्न थाल्यौँ। हाम्रो पहिलो छोरो गर्भमा रहन जाँदा मार्कले तत्काल विवाहको प्रस्ताव गऱ्यो र हामीले बिहे गऱ्यौँ। मार्कका मातापिता हाम्रो सम्बन्धबाट प्रसन्न थिएनन् नै, उनीहरू अस्पतालमा आफ्नो नाति ब्राउनलाई हेर्नसमेत आएनन्। दुई वर्षपछि हाम्रो अर्को सन्तान भयो। यस पटक छोरी– मेडी। छोरो अहिले पाँच वर्षको छ र छोरी तीन वर्षकी। मेडी दुई वर्षकी हुँदा मैले मार्कसमक्ष प्रस्ताव राखेँ, 'मलाई डिभोर्स चाहियो?' ऊ चकित र निकै चिन्तित भयो। 'यो कसरी हुन सक्छ? किन भनेकी यस्तो?' उसले धेरै प्रश्न गऱ्यो। मबाट अचानक अनपेक्षित प्रस्ताव सुनेर ऊ अतालिएको थियो। 'शान्त हुने प्रयास गर मार्क!' मैले भनेँ, 'कारण नसोध, तर खुसीखुसी मलाई डिभोर्स देऊ।'

"अदालतमा डिभोर्स कागत पठाए लगत्तै हामी छुट्टिएर बस्न थाल्यौँ। म मेलबर्नबाट पर्थ आएँ। अहिले म बसेको घर मेरी आमाको हो, म आमासँगै बस्छु। अब तिमी मैले किन डिभोर्स मागेँ भन्ने जान्न उत्सुक हौला।

"हामी मेलबर्नम बस्थ्यौँ। केही दिनका लागि म मेरी आमाको घरमा बस्न आएको बेला एक दिन म चक्कर लागेर बाथरुममै लडेँ। मलाई अस्पताल लगियो र चेक गर्दा मलाई ब्रेन ट्युमर भएको जानकारी भयो। मेरो ब्रेन ट्युमर सितिमिति निको नहुने खालको थियो। मैले मेरो घातक रोगको कुरा मार्कसँग लुकाएँ। मेलबर्न फर्केर डिभोर्स मागेँ।

"'तिम्रा मातापिता तिमीलाई धेरै मिस गर्छन्। तिमी अर्को बिहे गरेर आफ्नो जीवन सुखी बनाऊ मार्क!' मैले भनेकी थिएँ। मेरो मस्तिष्कको क्यान्सर दोस्रो स्टेजमा छ। केमो उपचार चल्दै छ, तर गाह्रो छ। मेरो बाँच्ने संयोग धेरै कम छ लाल!"

"केही दिनअघि मेरो र मार्कको भेट भएको थियो। तिमी भित्रै थियौ सायद। तिम्रो घरबाहिर आफ्ना बच्चाहरूसँग खेल्दै तिम्रो बगैँचा बनाउँदै थियो।" केरेन केही बेरका लागि मौन हुँदा मैले भनेको थिएँ।

उनले पुनः भनिन्– "एक दिन केमो लिएर म फर्किन लागेको बेला पछिबाट 'केरेन' भनेर बोलाएको सुनेँ। आवाज मैले चिनेँ, मार्क थियो। मलाई ल्याएको कार मेरी आमाले लगिन्, म मार्कको गाडीमा बसेँ। मार्कलाई थाहा भएछ मलाई ब्रेन क्यान्सर छ भन्ने कुरा। बाटामा उसले सोध्यो, 'यो कुरा मबाट लुकाउन नै तिमीले मसँग डिभोर्स लिएकी हौ?'

"'म थोरै दिनकी पाहुना हुँ मार्क! तिमी मेरो पीर नगर। तिमी अर्को बिहे गरेर आफ्नो जीवन सुखमय बनाऊ।'

"नजिकैको मलमा कार पार्क गरेर ऊ निकै बेर रोयो। 'केरेन, तिमीले यस्तो किन गऱ्यौ, मैले बुझ्न सकिनँ। ब्राउन र मेडी मेरो रगत हुन्। तिमीले मलाई किन विश्वास गरिनौ? हामी दुवै भएर यो सङ्घर्षसँग लड्न सक्छौँ।'

"'म तिमीलाई धेरै माया गर्छु मार्क! तिमी धेरै ठूलो खानदानको छोरो हौ। तिमी अर्को बिहे गरेर आफ्नो जीवन सुखी बनाऊ।'

"'म अर्को बिहे गर्दिनँ केरेन!'

"त्यसपछि मार्क पनि पर्थमै बस्छ। प्रत्येक दिन मलाई भेट्न आउँछ। घरभित्र र बाहिरको सबै काम गर्छ। मेरो क्यान्सर दोस्रो स्टेजमा पुगिसकेको छ। मेरो केमो उपचार चल्दै छ। यो निकै पीडादायी उपचार हो। के गर्ने, एक्काइसौँ शताब्दीमा पनि अस्ट्रेलियाजस्तो देशमा क्यान्सरको गतिलो उपचार छैन।" एकछिन उनी मौन बसिन् र कफीको अन्तिम सिप लिएर मतिर हेरिन्। हामी छुट्टिनुअघि उनले अन्तिम वाक्य भनिन्– "म मरेँ भने मार्ककै काखमा मर्ने छु, मलाई यस कुराको धेरै खुसी छ।"

× × ×

अक्टोबर १, २०१९।

साँझ मैले डायरीको पानामा लेखेँ–

जिन्दगी अनेक हन्डर खाँदै हिँड्ने एउटा अनवरत यात्रा हो। यसले मिलन र बिछोड, हर्ष र विषादजस्ता कथाका पाटाहरूको चाङ बनाउँदै आफ्नो परिभाषाको बखान गर्छ।

विगत तीन दिनदेखि मौसम ठीक थिएन। चिसो बढेको थियो। घरीघरी आउने पानीले कतै जान दिएको थिएन, तर आज मौसम विभागको पूर्वघोषणा विपरीत बिहानैदेखि घाम लागेको थियो।

म र म्याडम बेलमोन्ट बजारतिर जान लाग्दा घरअघि नै मार्क भेटियो। ऊ आफ्नो नीलो गाडी घरअघिको नो थ्रू रोडमा घुमाएर उल्टो फर्काउँदै केरेनको घरतिर लाँदै थियो। हामीलाई देखेर उसले गाडी रोक्यो 'हाई लाल!' भन्यो।

"केरेनलाई कस्तो छ?" मैले सोधेँ।

"अहिले अलिक बिसेक छ।" ऊ खुसी देखिन्थ्यो।

"धेरै खुसी लाग्यो।" मैले भनेँ– "उनलाई भन्नू मैले सम्झेको थिएँ भनेर। हामी केही दिनपछि नेपाल फर्किंदै छौँ।"

"अब नआउने?" उसले सोध्यो।

"केही महिनापछि हामी आउँछौँ।"

"हामी पनि केही दिनपछि अमेरिका जाँदै छौँ। बच्चाहरूको स्कुल बिदा भएको छ।"

"कोको जाँदै छौ?" मैले उत्सुकता देखाउँदै सोधेँ।

"म, केरेन, केरेनकी आमा र बच्चाहरू।"

"यो त धेरै खुसीको कुरा हो मार्क! तिमीहरूको बसाइ सुखद रहोस्। केरेन निकै खुसी हुने छिन्।" मैले भनेँ।

"अर्को पनि एउटा राम्रो खबर छ।" उसले भन्यो।

"के होला?"

एकछिन ऊ रोकियो। उसका आँखामा गहिरो भाव मिश्रित प्रसन्नता थियो।

"यो सम्पूर्ण खर्च मेरा आमाबाले नै गर्दै छन्। उनीहरू पनि अर्को साता अमेरिका पुग्दै छन्।" एकछिन ऊ रोकियो र भावुक हुँदै भन्यो– "हामी पुनः बिहे गर्दै छौँ। अब केरेनको उपचार अमेरिकामा नै हुने छ।"

मैले मेरो डायरीमा अन्तिम वाक्य लेखेँ– भगवान्, केरेनलाई नयाँ जीवन दिनू!"

◆

एस्पी कोइराला

# अविस्मरणीय भोज



– हाम्रो माग पूरा होस्!
किसान आन्दोलन जिन्दाबाद!
– सरकारी दमन मुर्दाबाद! मुर्दाबाद! मुर्दाबाद! मुर्दाबाद!

आन्दोलनको मण्डप। मागहरूको बीउ उमार्ने स्थायी ब्याड। अर्थात् माइतीघर मण्डला। मण्डलाकै बीचमा एउटा हरियो पहाड ठडिएको छ अचेल। तीते करेलाबाट बनाइएको। माइतीघरको चारै सुरका बाटामा विरोध द्वारहरू बनाइएका छन्। तीते करेलाबाट बनाइएका कलात्मक गेटहरू। दसौँ हजार मानिस आउँछन् यो अनौठो पहाड हेर्न र फोटो खिच्न मात्रै।

हरेक आन्दोलनकारीका हातहातमा तीते करेलाहरू शोभायमान छन्। तीते करेला लिएर मण्डलाभित्र पस्ने हो अनि नजिकै बनाइएको खाल्डोमा फाल्दिने हो। आन्दोलनकारीको नित्य साङ्केतिक विरोध सभा यही शैलीमा आरम्भ हुन्छ।

छाला सुकाउने टन्टलापुर घाम छ। मुसलधारे पानी पनि यदाकदा पर्छ, तैपनि आन्दोलन चर्किंदै छ दिनानुदिन। हजारौँ मान्छेको अटेसमटेस उपस्थिति। सबैको अनुहारमा रिसको ज्वालामुखी। आँखा राताराता। जारी छ दिनहुँ भव्य विरोध प्रदर्शन।

तीते करेला पीडित पार्टी। जताततै चर्चामा छ, किनकि अचेल यो आन्दोलित छ। आन्दोलनको उद्देश्य छ– 'तीते करेलाको खेतीपातीमा अविलम्ब प्रतिबन्ध लगाउने। नेपाललाई तीते करेलामुक्त मुलुक घोषणा गर्ने।'

निर्वाचन आयोगमा विधिवत् दर्ता भइसकेको छ– तीते करेला पीडित पार्टी। तीते करेलाबाट पीडित, त्यसलाई मन नपराउने र आइन्दा तीते करेला खान्नँ भनेर भीष्मप्रतिज्ञा गर्नेहरूले मात्र सदस्यता लिन पाउँछन्। सुरुसुरुमा कम थिए सदस्य। सामाजिक सञ्जालमा आह्वान गरेपछि ह्वात्तै बढे। तीन करोड जनसङ्ख्या भएको मुलुकमा एक करोड त सदस्य छन्। एक जना तीते करेला पीडित किसान नेता छन् पार्टीका निर्विरोध अध्यक्ष। मिसन, भिजन, उद्देश्य, लक्ष्य, योजना र कार्यक्रम प्रस्ट। साधारण सभाबाट पारित सर्वसम्मत।

× × ×

आन्दोलन चर्किंदै गएको देखेर कृषि मन्त्रीले बोलाए आन्दोलनकारी नेतालाई मन्त्रालयमा। पार्टी अध्यक्षले ज्ञापनपत्र बुझाए। खुब मज्जाले ध्यान दिएर पढे मन्त्रीले।

कुरो रमाइलो लाग्यो अनि मुस्कुराए मुसुक्क– रामानन्द सागरको रामायणमा राम मुस्कुराएजसरी। "कोही गाँजा खेती खोल्नुपऱ्यो भनेर आउँछन्, कोही चाहिँ तीते करेलाको खेती रोक्नुपऱ्यो भनेर। होइन, कस्तो मज्जाको मन्त्रालय रैछ यो!" हाँसे मस्तसँग। दिल खोलेर। अनि किसान नेतातिर कुर्सी घुमाएर बोल्न थाले।

"हुन त म पनि तपाईंहरूजस्तै तीते करेला पीडित नै हुँ। मलाई पनि फिटिक्कै मन पर्दैन यो जिनिस। किन खाका होलान् मान्छेले बिनसित्ति यति नमीठो तरकारी? कसरी पत्ता लगाए होला मानिसले? कहिलेदेखि खान थाले होला? यस्तो तीतोटर्रोतिर सल्किनुभन्दा त बरु मीठोमसिनोतिर पल्किनू नि मान्छे! अचम्मको जात मान्छेको। एउटा स्टडी नै गर्नुजस्तो। होइन त?" हलल्ल हाँसे एक्लै मन्त्री।

"तर के गर्नु र? अर्को पाटो पनि छ यसको। म पनि बाबा रामदेवको चेलो हुँ। प्रेसरको बिरामी पनि। मेरी श्रीमती त झन् ठूलो फ्यान बाबाकी। यो चिज त निकै राम्रो रे नि त स्वास्थ्यका लागि। प्रेसरको बिरामीले खानुपर्छ रे। जाती गर्छ भन्छन्। जहिले पनि यही किनेर ल्याउँछन् पाएसम्म मेरो घरमा त। हुँदाहुँदा एकाबिहानै त्यसैको रस मिसाएर सर्बत दिन थालिरहिछन् अचेल त मलाई। खानासित पनि त्यसैको तरकारी खुवाउँछन्। उफ्! यो जिनिसको पिण्ड चाहिँ छुट्लाजस्तो लागेन है मलाई चाहिँ।" मन्त्रमुग्ध शैलीमा मनको कुरा पोखे मन्त्रीले।

"अब हेर्नोस् है त!" मन्त्रीले विषयलाई बिट मार्ने विचार गरे– "गाँजा, चरेस खेती खोल्न त धेरै आए तर तीते करेलो भन्ने जिनिसलाई प्रतिबन्ध लाउने माग चाहिँ आजै सुनेँ मैले। जीवनमै पहिलो पल्ट। जे होस्, के गर्न सकिँदो रहेछ, म हेर्छु नि! यसो एक पटक प्रधानमन्त्रीज्यूको पनि मुख सुँघ्नुपर्ला। बरु आन्दोलन चाहिँ फिर्ता लिइदिनुहोला है त!"

कुरा नमिलेपछि अल्टिमेटम दिएर आन्दोलनकारी टिम बाहिरियो हान्ने राँगोझैँ हुत्तिएर। जति बोलाए पनि त्यसपछि आन्दोलनकारी पार्टीका पदाधिकारीहरू फर्केर सिंहदरबार छिरेनन्।

× × ×

"आफ्नै पार्टीको प्रधानमन्त्री हुँदा नि हामीले दुःख पाउने? यो त भएन नि प्रधानमन्त्रीज्यू! संसद् अवरुद्ध भएको पनि एक हप्ता भइसक्यो। चक्काजाम भनेर जनजीवन ठप्प छ। गाउँपालिका, जिल्ला, प्रदेश हुँदै देशैभरि फैलिइसक्यो। अमेजनको डढेलोजस्तो। कृषि मन्त्रीले त प्रयास गरेका

हुन्। उनलाई टेर्दै टेरेनन् आन्दोलनकारीहरूले। नारा चाहिँ किसानको सरकारको हो भनेर रट्ने। व्यवहारमा चाहिँ सरकार किसान विरोधी देखिइसक्यो। स्थिति नियन्त्रणबाहिर गइसक्यो। अब त प्रधानमन्त्रीज्यूले हस्तक्षेप नगरी भएन। तुरुन्तै केही गर्नुपर्‍यो यहाँले नै।" बालुवाटारमा गएर पार्टीका सबै उच्च नेताहरूको डेलिगेसनले प्रधानमन्त्रीलाई अनुरोध गर्‍यो।

"यस्तो नाथे पनि माग हुन्छ?" हाँसेर उडाइदिन्थे हिजोसम्म। सुन्नै चाहँदैनथे। यतिन्जेल त्यो मागप्रति उदासीन थिए पूरै। नेताहरू नै कराउन आएपछि प्रधानमन्त्री अलिक ताते। अनि आश्वासन दिए– "हुन्छ, म हात हालुँला।"

× × ×

"कृषि मन्त्रीलाई बोलाऊ त!" पीएलाई आदेश दिएको केही समयमा कृषि मन्त्री हाजिर भए।

"आन्दोलनकारी किसान नेताको हिजोको भाइरल भको भाषणले त स्थिति झनै बिग्रियो प्रधानमन्त्रीज्यू!"

"त्यो... त्यो... त्यो... किसान नेता भनाउँदोले हिजो खुल्ला मञ्चमा बोलेको भाषणको टेप ल्याउनोस् त! म पनि हेरुम्।" गुप्तचरका हाकिमलाई फोनमा अराए। गृहमन्त्री पनि आइपुगे। अनि सँगै बसेर हेरे।

× × ×

"आदरणीय जनसमुदायहरू! तीते करेलारहित नव नेपाल सिर्जना गर्ने आन्दोलनमा तपाईंहरूबाट प्राप्त साथ, समर्थन र सहयोगका लागि हार्दिक आभार प्रकट गर्दछौँ।

"सरकार कानमा तेल हालेर बसेको छ। सरकार सिरक ओढेर सुतेको छ। तर हामी जागा छौँ। तीते करेलालाई हामीले प्रतिबन्ध लगाइसकेका छौँ जनस्तरबाटै। आइन्दा आफ्नो बारीमा तीते करेला नरोप्नोस्। रोपेको भए उखेलेर फाल्नोस्। समूल नष्ट गर्नोस्। फलिसकेकै भए नटिप्नोस्। टिपेको भए भान्सामा प्रवेश नगराउनोस्। तरकारी बजारमा तीते करेला नबेच्नोस्। कसैले फलाएको, खाएको, बेचबिखन गरेको, राखेको देखे हामीलाई खबर गर्नोस्। नटेर्नेलाई हामी ठीक पार्छौं।

"कालिमाटी तरकारी बजारलाई हामीले तीते करेलामुक्त बजार घोषणा गरिसक्यौँ। हरेक प्रदेशका पाँचपाँच पालिकाहरू पनि तीते करेलामुक्त गाउँ भइसके। २२ जिल्लाहरू पनि तीते करेलामुक्त हुने प्रक्रियामा छन्। हामी अघि बढिरहेका छौँ निरन्तर। क्रमशः सातै प्रदेशलाई तीते करेलामुक्त प्रदेश बनाउने हाम्रो योजना छ। त्यसपछि त मुलुक स्वतः नै तीते करेलामुक्त मुलुकका रूपमा विश्वभर चिनिने छ। सरकारसित हाम्रो युद्ध जारी छ। हामीलाई विश्वास छ, हाम्रो विजय सुनिश्चित छ।"

"ओहो, खुला मञ्चमा यतिका मान्छे कहाँबाट जम्मा भए? निकै खर्च गरेछन् कि क्या हो?" सोधनी भयो प्रधानमन्त्रीबाट भिडियो हेर्दाहेर्दै।

"धेरै मान्छे भेला भए हजुर! जिल्लाजिल्लाबाट आएका हुन्। अलिअलि त भाडा दिएर किनेका मान्छे होलान्, नत्र धेरैजसो स्वतःस्फूर्त रूपले समर्थकहरू नै आएको रिपोर्ट छ।"

हाकिमले जवाफ दिए। अनि थपे– "कस्तो भाइरल भको यो भाषण! छ्यापछ्याप्ती छ सामाजिक सञ्जालतिर। देशभरि मात्र होइन, डायस्पोरातिर पनि। फेसबुक, ट्विटर, इन्स्टाग्राम, अनलाइन, प्रिन्ट, एफएम, टेलिभिजन, युट्युब सबैतिर एकै चोटि भाइरल।"

"कस्तो अनौठो आन्दोलन। कस्तो केटाकेटी खेल हो यो?" प्रधानमन्त्री बेस्सरी रिसाए– "यस्तो पनि अभियान हुन्छ? मान्छेलाई, समाजलाई, किसानलाई एकै चोटि बिगार्ने? वाहियात! गरिबीमुक्त देश बनाउन लागेको मान्छेलाई तीते करेलामुक्त मुलुक घोषणा गर्नेजस्तो काममा अल्झाउने? किन घोषणा गर्ने? किन प्रतिबन्ध लाउने?" प्रधानमन्त्री कड्के। गृहमन्त्रीलाई आदेश दिए– "जाक्दिनोस् जम्मैलाई दुईचार दिन खोरमा।"

× × ×

आन्दोलन झन् चर्कियो।

सतहत्तरै जिल्लाका सीडीओहरूलाई ज्ञापनपत्र दिँदै तीते करेलाको माला लगाइयो ।

काठमाडौँ छिर्ने सप्पै नाकाहरूमा पनि तीते करेलाका गेटहरू सजिए।

बालुवाटार, शीतल निवास, बालकोट, खुमलटार, बूढानीलकण्ठ, बोहोराटारअगाडि पनि तीते करेलाका विरोध द्वारहरू ठडिए।

देशैभरिका समर्थकहरूले तीते करेला ल्याएर रानीपोखरीमा फाल्दिए।

सिंहदरबारको मूल ढोकाअगाडि तीते करेलाको विशाल विरोध पहाड ठडियो।

भद्रकालीमा अनशन सुरु भयो।

पार्टीका तर्फबाट दैनिक पत्रकार सम्मेलन हुन थाल्यो।

× × ×

आन्दोलनकारी पार्टी अध्यक्ष थुनाबाटै अन्तर्वार्ता दिइरहेका छन् धमाधम। प्रधानमन्त्रीले टिभी खोल्नेबित्तिकै त्यही आयो सामुन्ने। हेरे ध्यानपूर्वक। "तपाईंलाई यो आइडिया कसरी आयो र प्रेरणा कसरी मिल्यो?" पत्रकारको यही प्रश्नको उत्तर आइरहेको थियो।

किसान नेताले बेलिबिस्तार लगाउन थाले– "पहिलो प्रेरणा त मैले बचपनमै घरबाट पाएको हुँ, किनकि अरूले नखाएको तीते करेलाको तरकारी मैमाथि आइलाग्थ्यो। कहिल्यै मीठो नलाग्ने। तर बच्चाबच्चीको स्वास्थ्यका लागि एकदम राम्रो हुन्छ भनेर आमाले कराएपछि नखाई धरै पाइँदैनथ्यो। एकातिर फिटिक्कै मन नपर्ने अनि अर्कातिर नखाई पनि नहुने।

"एक दिन मामल जानुपर्ने भो दुईचार दिन बस्ने गरी। बेजोड रमाइलो लाग्यो। अब त मीठोमीठो खान पाइने भयो।

"बेलुका मामलमा मामाहरूसितै बसियो खाना खान। सागसब्जी, खसीको मासु, अचार, दही, घिउको घेरा। विभिन्न परिकारहरू। यस्सो हेरेको त भागको अगाडिपट्टि एउटा तरकारी। चिरपरिचित जस्तो। यस्तो चाखेको त त्यही पापिष्ठ पो! तीते करेलो। उफ्! छाडिदिऊँ कि भागैमा? झारिदिऊँ कि भुइँतिर? मामलमा भान्जा बदमास पनि त हुन भएन। मासुभात पछि खाउँला। लौ जा त। यो नमीठो चाहिँ पहिल्यै सिध्याइदिऊँ। पारिदिएँ झ्याप। आँखा चिम्लेर एकै गाँसमा।

"मुसुमुसु हेरिरहनुभएकी माइजूले त फेरि यत्रो डाडू मैतिर ल्याउनुभो । ओहो, भान्जालाई कति मन पर्दो रछ तीते करेलो ! आफ्नै बारीमा फलेको। कस्तो मीठो छ। भो... भो... भो माइजू... भो... भन्दै हातले छेक्दै थिएँ। भ्याउँदै भ्याइएन। घ्याप्पै भागैमा हाल्दिनुभो। मुर्मुरिँदै सिध्याएँ मुस्किलले।

"भोलिपल्ट खान जाँदा पो थाहा भो। फेरि पनि भागमा देखिन्छ त्यही। ज्ञानी भान्जा न परियो। त्यसलाई पनि मौन कारबाई गरियो इज्जतको मूल्यमा। भएन यसरी त भन्ने सोचेर राति मनमनमा एउटा योजना तानाबाना बुनेँ। अनि कार्यान्वयनमा उत्रिएँ।

"एकाबिहानै मामाघरको बरीमा पसेँ। फलेका र चिचिला लागेका तीते करेलाजति जम्मै टिपेर मिल्काइदिएँ। बेलुकी गएर फेरि फाल्दिएँ। अब त आनन्द भो कि ! यस्तै सोचेर मनमनै दङ्ग परेँ। के गर्ने भान्जा, जम्मै तीते करेला तल्लो घरको गाईले खाइदिहालेछ। दुईचार वटा चिचिला मात्र बचेको रैछ। तल्लोघरे माइली आमासँग अलिकति मागेर ल्याको। त्यही भा नि भान्जा बाबूलाई मात्र पकाइदिएकी छु। बल्लबल्ल मामल आको भान्जाको यस्तो फेवरेट तरकारी रछ। भरे बुझेको त माइजूले म तीते करेलोको झाङमा गको देख्नुभाको रैछ। हेर्नु त हजुर, भान्जा बाबुलाई कत्ति मन परेको त्यो ! उज्यालै नभई तीते करेलाको झाङ चियाउन पुगेको। माइजूले मामालाई सुनाएपछि ठूलै हल्लीखल्ली भएछ। निकै पर बजारतिर किन्न गएछन्। ल्याईकन छाडे। धुइँपत्ताल खोजेर।

"करेसा बारीमा पुगेँ म भोलिपल्ट पूर्वी क्षितिज रमरम रातो हुनुभन्दा अगाडि नै। झाङमा पसेँ। मोबाइलको बत्ती बालेँ। भुइँ बेस्कन खोस्रिएँ। खोतलीखोतली जरा पहिल्याएँ। जुँगा काट्ने कैँची खल्तीबाट निकालेँ। पल्याकपुलुक यताउति नियालेँ। अनि पार्दिएँ च्वाट्टै ! लौ जा त।

"अनि त्यतैबाट सुइँकुच्चा ठोकेँ घरतिर। त्यसपछि म कहिल्यै मामाघर पनि गइनँ अनि तीते करेलाको मुख पनि हेरिनँ। यही नै हो मेरो पहिलो प्रेरणा जसका कारण आज म यो तीते करेला विरोधी आन्दोलनको केन्द्रीय जिम्मेवारीमा छु।"

× × ×

किसान नेताको रमाइलो अन्तर्वार्ता हेरेर प्रधानमन्त्री पनि दिल खोलेर हाँसे टिभीअगाडि नै। "हुन त म पनि तिमेरुजस्तै तीते करेला पीडित हुँ। फरक एउटै रछ। तिमी चाहिँ रैछौ मामलीबाट पीडित, म चाहिँ ससुरालीबाट। मेरो कहानी तिमी मुलाहरूलाई के थाहा?" भुतभुताए एकछिन एक्लै।

छेउमा सँगै बसेका प्रमुख स्वकीय सचिवलाई भने– "सबै टेलिभिजन च्यानललाई बालुवाटार बोलाऊ। अहिल्यै। तुरुन्तै। म व्यक्तिगत अन्तर्वार्ता दिन्छु। लाइभ इन्टरभ्यू।"

कार्यक्रमको शीर्षक तय भयो– 'प्रधानमन्त्री स्वयम् तीते करेला पीडित।' मुडमा थिए प्रधानमन्त्री। हौसिएर, सुर्रिएर अन्तर्वार्ता दिन थाले।

× × ×

"कुरा ससुरालीको हो। भुजा ज्युनारको बेला। ओहो, कति धेरै परिकार! कचौराको घेरा लागेको छ। चौरासी व्यञ्जन। समस्या परिसक्यो आफूलाई देब्रेदाहिने कताबाट खान सुरु गर्ने भनेर। जे होस्, बिस्तारै पालैपालो चाख्दै गएँ। भलादमी पाराले।

"सबैभन्दा ठूलो कचौरामा के रहेछ, निकै सानदार देखिन्छ त। यस्सो चाखेको त तीते करेलो। ओहो! आँखाले हेर्नै नखोज्ने। हातले छुनै नमान्ने। मुखैमा हाल्न नहुने। आफूलाई जिन्दगीमा मन नपर्ने। क्या फसाद! आँखा यस्सो घुमाएर सासूको मुखतिर हेरेँ। अनि आँखा पिर्लिक्क पल्टाएर एकदुई टुक्रा खाइदिएँ।

"आफ्नो बानी नै छ अर्को खालको। भात खाँदाखेरि नमीठो पहिल्यै खाइदिने। मीठो चाहिँ पछि खाने। ताकि खाइसकेपछि धेरै बेरसम्म मुख मीठो भइरहोस्।

"त्यत्रा मिष्टान्न परिकारको भीडभाडमा यो भिलेन तीते करेलो कहाँबाट घुस्यो? मनमनै बेस्सरी रिस उठ्यो। नखाऊँ कि? एकदुई टुक्रा खाएजस्तो गरेर छाडिदिऊँ कि? नछोईकनै जुरुक्कै उठिदिऊँ कि? तीते करेलाको कचौरा नै अलि परतिर हुत्याइदिऊँ कि? खान्नँ म यो भन्दिऊँ कि? फिटिक्कै मन नपरे पनि खुरुखुरु खाइदिऊँ कि? तँछाडमछाड गर्न थाले प्रश्नहरूले।

"आ, जे परोस्-परोस्। मसक्क आँट गरेँ। हत्त न पत्त कचौरा तानेँ। दाहिनेतिर नजिकै ल्याएर राखेँ। ससुरा, साला, सालीहरूतिर आँखा घुमाएँ। सबै खानमा व्यस्त। ल, मौका यही हो। मनमनै म मुस्कुराएँ। हत्त न पत्त आँखा चिम्लिएँ। नाक खुम्च्याएँ। र खपाखप ओइरो हालेँ जबर्जस्ती। नचबाईकनै निल्दिएँ। स्वाट्टै। मीठो कुरो भए पो खानु चपाईचपाई स्वाद लिएर।

"ओहो, ज्वाइँ नारानलाई त कस्तो मन पर्दो रछ यो त! एक सेकेन्डै नलाई सासू माले एक डाडू तीते करेला ल्याएर घ्याप्प घोप्ट्याइदिइन्। एकैछिनमा अर्को एक डाडू फेरि थपियो। एक खुट्टे त पार्नु भएन नि भन्दै। यत्रो घटना भएको त मलाई दुई सेकेन्डपछि पो होस आयो बल्ल। हरे भगवान्! कत्रो फसाद! तर गर्नैपर्‍यो राफसाफ। फेरि अघिकै फर्मुला प्रयोग गरेँ र रित्याइदिएँ एकै सासमा। चपाउनुपरेको भए पो समय लाग्थ्यो।

"अब त ससुरा बा पनि छक्क परे। आदेश मिश्रित बोलीमा बोले– साँच्चिकै मन पर्दो रहेछ ज्वाइँ सापलाई त। अरू छ भने थप न। सासू माले पनि स्वामीको वचन भुइँमा खस्न दिइनन्। कराहीतिर ध्यानपूर्वक हेरिन्, बाँकी तीते करेलाको तरकारी खर्‍याकखुरुक पारिन्। र मेरो थालको भागमै खन्याइदिइन्।

"ओहो, चोक्टा खान गएको बूढो झोलमा डुबेर मर्ने भो आज! पुरानो उखानलाई मनमनै संशोधन गरेर पुंलिङ्गमा परिणत गर्दिएँ। र नयाँ उखान आविष्कार गरेँ। मासु खान गएको ज्वाइँ तीते करेलाले किचेर मर्ने भो। हे साढेसाती शनि दशा! काम त फत्ते गर्नैपर्‍यो। मनमा यस्तै विचार आयो। र त्यसलाई पनि एकै गाँसमा सिध्याइदिएँ।

"ओहो, ज्वाइँ नारानलाई तीते करेलाको तरकारी यति धेरै मन पर्छ भन्ने पहिले थाहा भएन। क्षमा पाऊँ है ज्वाइँ! अब अर्को पल्टदेखि यस्तो हुने छैन। सासूससुरा दुवैले हात जोडे।

"यसै पल्टको तीते करेलाले काण्ड पुऱ्याइसको आफूलाई। अब केको अर्को पल्ट नि? मनमनै बोलेँ म। अनि जरुरी काम छ भनेर उम्केँ। त्यसपछि यो तीते करेला पीडितले ससुराली कहिल्यै टेक्दा नि टेकेन।"

अन्त्यमा केही भन्नु छ कि भन्ने सवालको जवाफ आयो प्रधानमन्त्रीबाट।

"म पनि तपाईंहरूजस्तै तीते करेला विरोधी हुँ। तपाईंको मागप्रति सरकार संवेदनशील छ। त्यसैले साथीहरू, वार्तामा आउनोस्। तुरुन्त। अविलम्ब। यथाशीघ्र!"

× × ×

तर माइतीघर मण्डला भने अझै सेलाएन। संसद् अवरुद्ध भएको पनि एक महिना भइसक्यो। मुलुकभरका किसानहरू आन्दोलित भइराखेका छन्। तरकारी उत्पादन नै गर्न छाडिदिइसके। ढुवानी र आपूर्ति त ठप्पै भइसकेको छ। एउटा पालिकाबाट अर्को पालिका हिँड्न, तरकारी लैजान-ल्याउन बन्द छ। जिल्ला कटाउन नि पाइँदैन। प्रदेशमा त छिर्नै दिँदैनन्।

समस्या विकराल पो हुँदै आयो त। अब यसलाई नसँभाली भएन। प्रधानमन्त्रीले मन्त्रिपरिषद् बैठक बोलाए। वार्ता समिति बन्यो। तर अरूसित हामी बस्दैनौँ भनेर आन्दोलनकारीले वार्ताको मूल ढोका ड्याम्मै बन्द गर्दिए।

अब त अति भो, आफै पहल नगरी भएन। फुर्तिला प्रधानमन्त्रीले फुर्ती झिके। आन्दोलनकारीका नेताको मोबाइल नम्बर मागे। मध्यरातमा एसएमएस पठाए। लामो कुरा गरे। र फोन काटे। नभन्दै आन्दोलनकारी बालुवाटार पुगे वार्ता गर्न भोलिपल्ट।

× × ×

"छाड्नोस् माग। फिर्ता लिनोस् आन्दोलन।" प्रधानमन्त्रीले अनिर्णीत वार्तापछि चर्को स्वरमा आग्रह गरे।

"हामी त हाम्रो मागमा अडिग छौँ प्रधानमन्त्रीज्यू! आन्दोलन फिर्ता लिँदैनौँ। बरु आन्दोलन अझै चर्काउँछौँ भोलिदेखि।" आन्दोलनकारी नेताले पनि एकतर्फी फैसलाको सारांश सुनाइदिए।

"किन यस्तो वितृष्णा हो तपाईंलाई त्यो जिनिससित?" प्रधानमन्त्री महोदयले हल्का ठट्टारमाइलो गरे।

"यसलाई त प्रतिबन्ध मात्र होइन, समूल नष्ट नै गर्नुपर्छ!" पार्टी अध्यक्षले पुनः सुगा रटाइ गरे।

"आखिरमा जिब्रोले थाहा पाउने भनेको छ वटा रस त हो नि! अमिलो, नुनिलो, पीरो, गुलियो, टर्रो र तीतो। यति नै होइन र षड्रस भन्नु? फेरि यो जिनिसले कसैको केही बिगारेको त छैन नि!" सम्झाउनेबुझाउने मुडमा थिए प्रधानमन्त्री।

"कुरा मिलेन, वार्ता भङ्ग गरौँ!" उल्टै कड्किए पार्टी नेता।

"अहिलेलाई छाड्नोस्। विचार गर्नोस् न। भोलिसम्मको समय भो तपाईंलाई।"

"तीते करेला पीडित प्रधानमन्त्री हुँदा पनि हामी तीते करेला पीडितको माग पूरा नहुने?" जङ्गिएर बाहिर निस्के आन्दोलनकारी किसानहरू पार्टी नेतासितै।

× × ×

मध्यराततिर प्रधानमन्त्रीले प्राइभेट नम्बरबाट फोन गरेर पार्टी अध्यक्ष एवम् किसान नेतासित कुरा गरे। निकै लामो वार्तालाप।

ब्रेकिङ न्युज आयो एउटा टेलिभिजनमा भोलिपल्ट राति– "लाइन लागेर तीते करेला पीडित पार्टीका ११ जना नेताहरू बालुवाटार छिरे। रातिको निस्पट्ट अँध्यारोमा। प्रधानमन्त्रीले आन्दोलनकारीका नेतासित प्राइभेट डिनर मिटिङ गर्दै छन् रे। स्वयम्ले निम्तो गरेर। वान टू वान मिटिङ।

"प्राइभेट डिनर पार्टी इन बालुवाटार!"

चियर्स! चियर्स! चियर्स!

× × ×

"यो तात्तातो सूपबाट सुरु गर्ने है त किसान नेताजी! एकएक सिप लिएपछि मात्रै थाहा हुन्छ यसको वास्तविक स्वाद।" राखे प्रधानमन्त्रीले राजसी भोजको शुभारम्भ गर्ने प्रस्ताव । दुई राष्ट्र प्रमुखले गर्ने टोस्ट प्रस्तावजस्तो।

नभन्दै एकदुई चम्चा चाखेको त नेताजी नै दङ्ग। गरमागरम सूप। हरहरी बाफ आइरहेको। मगमगी बास्ना फालिरहेको। मुखमै पानी आउने। "कस्तो मीठो सूप!" स्वाद थाम्नै सकेनन्।

"यो सूपको त कुरै नगरुम् नेताजी!" सुरु गरे बखान अब प्रधानमन्त्रीले– "क्लियर सूप भन्छन्। हेर्दा बिलकुलै सङ्लो। बाह्रमसला हालेको छ। यार्सागुम्बा र पाँचऔँले छ। टिमुर, मरीच, धनियाँ, अदुवा, लसुन आदिको सुगन्धको त सवालै भएन। सबै थोकको सारतत्त्व मिसिएको छ यसमा। बोसीय र फ्याटीय तत्त्व भने केही छैन। जति खाए नि बिगार गर्दैन। आखिरमा भलो मान्छे र तातो सूपले केही बिगार गर्छ त? लु थपेर खानोस्।" प्रधानमन्त्रीले गफ जोत्न भ्याइहाले।

"लु, अब अरू स्न्याक्स र खाने कुराहरू ल्याओ। उहाँ त शाकाहारी हुनुहुँदो रैछ। शुद्ध शाकाहारी खाने कुरा मात्रै ल्याओ नि!"

आज्ञा तामेल हुने नै भयो सोहीअनुसार।

अर्को आइटम आयो डाइनिङ टेबलमा। निकै मीठो स्वादको।

"यो के नि भन्ने जिज्ञासा हुन सक्छ तपाईंको। यो केही हैन। भेज भुटुवा हो। गाउँबाटै ल्याएको किटको कालो कराहीमा परपरी पारेर भुटेको। क्या मीठो छ हैन?"

होमा हो मिलाइदिए नेताले पनि।

"यो चाहिँ तरुवा।" प्लेटमा सर्व गर्दागर्दै भन्न भ्यायो वेटरले।

प्रधानमन्त्री चुप लागेर बस्नै सक्दैनन्। थपे– "तरुवा क्या भेज तरुवा! लोकल गाईको शुद्ध घिउमा तारेको। दाउराको मधुरो आगोमा। मीठो छैन त?"

पाहुनाले पनि साँच्चिकै तारिफ गरिदिए– "साह्रै नै मीठो।"

अनि यो?

"यसको त कुरै नगरौँ। यो पक्कू लाको। पित्तलको काने कसौँडीमा। सिलौटामा मसमसी पिसेको बाह्रमसला हालेर बनाको। मुखमा हाल्दाहाल्दै जिब्रोमै बिलाउँछ। क्या स्वादिष्ट आहा!

"यो चाहिँ लेदो। छिपछिपे रस। भुजासित मुछेर खाँदा मजा आउँछ।

"यो चाहिँ जङ्गली च्याउसित मिसाएर बनाको भेज वान्टम। क्या हिसी परेको छ!

"यो चाहिँ सुकुटी। घाममै सुकार बनाको हो।

"अचार पनि ल्याओ त!" प्रधानमन्त्री कराए– "टिमुर पिसेर छर्केको। पहाडे रातो गोलभेँडा पोलेको। लामो रातो सुकेको खोर्सानी फुराको। अकबरे खोर्सानी मिसाको।

"अब अन्तिममा डिजर्ट केही नख्वाई कसरी पठाउनु हाम्रा नेताजीहरूलाई! ल, लेऊ त अब त्यो मिठाई। मेरी बूढीले बनाकी। आफ्नै हातले। नौ महिनाको त तालिम नै लिएकी हो श्रीमतीले। यो मिठाई धेरै पपुलर यहाँ बालुवाटारमा। बनाएपच्छि छरछिमेकमा पनि जान्छ। प्रधानन्यायाधीशको निवासमा र सभामुखको निवासमा पनि पठाइदिने गरेको छ। कहिलेकाहीँ त शीतल निवास पनि जान्छ दुईचार पिस। अहिलेसम्म नखाको, मीठो भन्दै खान्छन् सबले।

"मूल इनग्रेडिएन्ट चाहिँ बोक्रा। अनि यो डेकोरेसन चाहिँ स्पेसल। त्यो बियाँ हो। ताछेको। यो चाहिँ भेट्नोको। यो चाहिँ जराको। एकदुई वटा मसिना मुना। दुईतीन वटा हरिया पात। हेर्दा नै गज्जब छ। खाऊँखाऊँ परेको। क्वाप्पै पारिहाल्नुजस्तो। छैन त?"

यति व्याख्यान छाँटेर भकाभक भ्याए उनैले तीनचार पिस। नेताले पनि खाए। जिब्रो फट्कारेर। स्वाद मानेर।

मिठाईभन्दा मिठाईको बयान नै मीठो!

"धेरै खाइयो हजुर! अब त भोलिपल्टै लागिसक्यो। जानुपर्ला कि!" नेताले मुख छाडे भित्तेघडीतिर आँखा दौडाएर।

"पर्खनोस्... पर्खनोस्...। अब लास्टमा एउटा बाँकी छ।" रोके प्रधानमन्त्रीले– "अर्ग्यानिक कोन्याक नचाखी कहाँ जान पाइन्छ? एकएक पेग मात्रै। है नेताजी! यो पनि होम मेड। अर्ग्यानिक। हाइजिनिक। टेस्टी। दामी छ। हेर्नोस् त कलरै कस्तो हिप्नोटिक छ। आहा!" प्रशंसाको पुल बाँधे उनले।

नाइँनास्ति गर्नुपर्ने कुनै कारणै थिएन। अब के चाहियो र? चियर्स! चियर्स! चियर्स! क्रिस्टलका ससाना टल्किने गिलासका पेगहरूले पालैपालो मीठो लहरे बढाइँ गरे। सङ्गीतको झनझनाहटले कोन्याक त अमृत समान हुने नै भो।

'बालुवाटार त बालुवाटारै रहेछ नि आखिर!' मनमनै आन्दोलनकारी नेताहरूले निष्कर्ष निकाले।

× × ×

पिउँदै गर्दा पो बल्ल नेताका आँखालाई बालुवाटारको डाइनिङ रुमको भित्ताले तान्यो चुम्बकले जसरी। एउटा गज्जबको बडेमानको मनमोहक पेन्टिङ पिस। ओहो, कस्तो रहरलाग्दो! बटारिएको लहरो। बडेमानको आकारका निक्खुर हरिया पातहरू। विकासे हो कि सायद। मास्तिर आँख्लैपिच्छे लटरम्मै चिचिलाहरू। अलि तल्तिर झुप्पैझुप्पा। कलकली परेका। काँचै टिपेर अहिल्यै क्वाप्पै खाइहाल्नुजस्ता। केबिधी राम्रो नि! के तरकारी होला यो? पावरवाला

चस्मा मिलाएर यसो नियाले। जोडबल लगाएर पेन्टिङको क्याप्सन पढे– "स्वास्थ्यको सञ्जीवनी : तीते करेला!"

"अब जाऊँ क्यारे!" जुरुक्क उठे उनी। उनको पार्टीका नेताहरू पनि जऱ्याकजुरुक उठे।

"किसान नेताजीहरूलाई कस्तो लाग्यो त आजको एकल भोज?" फर्किने बेला फस्ट लेडीले बाटो छेकेर सोधिन्। मूल ढोकामै।

"ओहो, कुरै नगरौँ प्रधानमन्त्राणीज्यू! राजभोग नै भयो हामीलाई त। यति धेरै नयाँनौला परिकारहरू! एकसे एक स्वादिष्ट, सानदार। आजसम्म खाएकै थिएनौँ हामीले त यस्तो राजसी भोज। एकदमै अविस्मरणीय।" पार्टी अध्यक्षले जवाफ दिए।

"ल त, अविस्मरणीय भइरहोस् यो भोज!" यति भनेर प्रधानमन्त्रीले एघारै जनालाई एकएक वटा र्‍याप गरेको उपहार दिए। अनि प्रत्येक जनाका लागि दुइटादुइटा ठूलठूला कार्टुन पनि गाडीमा हाल्दिन लगाए। गाडीसम्मै गएर एकएक वटा बन्द खाम हातहातमा थमाए। अनि भने– "घरमा गएर मात्रै खोल्नोस् है त!"

× × ×

आन्दोलनकारी नेताहरू गइकेपछि प्रधानमन्त्रीले खुइय्य गरेर लामो सास फेरे। मुसुक्क मुस्कुराए। अनि बोले श्रीमतीसँग– "मान्छेहरू कुरै बुझ्दैनन् यहाँ। नेता बन्नजस्तो देश चलाउन त्यति सजिलो कहाँ छ र भन्या! उफ्!"

× × ×

घरमा पुगेर सबैले हत्त न पत्त कार्टुनमा आँखा कुदाए। ठूलो अक्षरमा लेखिएको थियो– 'नेपालको अर्ग्यानिक तीते करेलाबाट बनेको स्पेसल रोयल ब्रान्डी।'

र्‍याप गरेको उपहार खोले। बालुवाटारको डाइनिङमा झुन्डिएको त्यही तीते करेलाको सुन्दर पेन्टिङको रेप्लिका!

अब अन्तिममा बन्द खाम खोले। न चेक न त पैसा। फगत एक पन्ने कागज। प्रधानमन्त्रीले आफ्नै हातले लेखेको पत्र–

"नेताजीहरू, नमस्कार!

तपाईंहरूलाई थाहै छ, चीनको बेइजिङमा एउटा नामुद रेस्टुरेन्ट छ 'बेइजिङ डक'। त्यहाँ अरू केही पाइँदैन। हाँसको मासु मात्र पाइन्छ। हाँस पनि विशेष प्रकारको लोकल। नाना थरीका परिकारहरू बन्छन् तर हाँसका मात्रै। मैले मेनूमा गनेको थिएँ, हाँसका मात्रै १७७ थरीका परिकारहरू बन्दा रहेछन्।

हो, आज मेरो घरमा पनि त्यस्तै प्रयोग गरेँ मैले। मेरो आजको एकल भोजलाई अविस्मरणीय बनाइदिनुभएकोमा तपाईंहरू सबैलाई धन्यवाद छ। आज तपाईंहरूले असाध्यै मीठो मानेर खाएका त्यतिका स्न्याक्स, पक्वान्न, परिकार, तिहुनतरकारी, अचार, सूपदेखि सुरासम्मका सप्पै चिजहरू एउटै जिनिसबाट बनाको हो।

तपाईंहरूले खान्नँ भनेर प्रतिज्ञा गरेको त्यही जिनिस।

अर्थात् ती... ते... क... रे... ला...!

सरी ! सरी ! सरी !

अँ, एउटा कुरा। भोजको भिडियो कुनै पनि बेला सार्वजनिक हुन सक्छ। हवस् त। धन्यवाद !

उही तपाईंको हितैषी, प्रधानमन्त्री।”

◆

इन्दिरा प्रसाई

# झल्याँस्स

**भूमिका**



छताछुल्ल भएर वातावरणभरि कथैकथा पोखिएका छन्। मलाई टिप, मलाई... मलाई... मलाई...! हरेक छरपस्ट कथाले समातेर म हैरानहैरानै भएकी छु। सबै एकभन्दा एक कथा राम्रा छन्! कसलाई समातूँ, कसलाई छाडूँ? मैसँग उत्तर छैन र कथाउपर न्याय छैन। तर एउटा कथाले भने मलाई छाड्दै छाडेन। मैले नटिपे पनि यो कथा मेरा अक्षरमा आएर ट्याप्पै टाँसियो। अब म के गरूँ?

× × ×

कथा त्यसरी नै सुरु भयो जसरी हुनुपर्थ्यो।

**मध्यकथा**

श्रीमान् श्रीमतीको भेटका लागि पनि ‘एप्वाइन्टमेन्ट’ लिनुपर्ने भएको थियो।

**अघिल्लो कथा**

तन्नम परिवारमा जन्मिनुको पीडा उसले भोग्नु भोग्यो। तन्नेरी हुँदानहुँदै उसले गाउँकी अर्की तन्नमै केटी भगायो।

**विशेष घटना**

यत्तिकैमा देशमा जनयुद्धको गाइँगुइँ हुन थाल्यो। नेताहरू कार्यकर्ताको खोजीमा थिए। उनीहरू पनि बेरोजगार थिए। त्यसैले जोईपोइ नै कार्यकर्ता बने। उनीहरूले बम र बारुद पनि बोके। लोग्नेस्वास्नी दुवैले ज्यानको बाजी लगाएकै हुन्। पार्टीको आदेशअनुरूप उनीहरूले कैयौँको ज्यान पनि लिएकै हुन्। आखिर रक्तरञ्जित थियो जनयुद्ध! मार्ने वा मर्ने, लुटपाट मच्चाउने, विध्वंस गर्नेगराउने र सकेसम्म नष्ट र भ्रष्ट नै पार्ने। जनयुद्धको नीति नै यही थियो। यति गरेपछि परिवर्तन सम्भव छ भनिएको थियो। जनताको जीवनस्तर उकासिने मन्त्र यही थियो। उनीहरूलाई पार्टी हाई कमान्डबाट यही शिक्षा घोकाइएको थियो। यस्तै गर्ने आदेश थियो

र त्यही किसिमको सपना देखाइएको थियो। त्यसैले उनीहरूले पनि तन, मन र वचनले यही कृत्य पालन गरेका हुन्।

त्यसपछि परिवर्तन पनि भएकै हो।

जे होस्, उनीहरू जोईपोइले नै सहिद पनि हुनुपरेन। अनि उनीहरूले बेपत्ता पनि हुनुपरेन। छोराछोरी हुर्काउँदाहुर्काउँदै मर्ने र मार्ने खेल पनि सकिएको थियो। उनीहरू सुरक्षित अवतरण गर्न पाउने भाग्यमानी दम्पती र डाहलाग्दो परिवार भएका थिए।

१० कक्षा पढेको टाठोबाठो केटो ऊ नेताको झोला बोक्दाबोक्दै पार्टीको खास नेता बनेकै हो।

**पछिल्लो कथा**

उनीहरूका छोराछोरी विदेश हान्निए। उनीहरू काठमाडौँमा आलिसान महलमा बस्थे। उनीहरूका नोकरचाकर थिए। ओहो! हिजो तन्नम बितेको दिन सम्झँदा उनीहरूलाई आज विश्वासै नलाग्ने!

हिजो सपना थियो कि आज सपना हो?

स्वास्नीका लुगाफाटा, गरगहना! लोग्नेका टाईसुट, बुट, घडी कतिकति! बेहिसाब!

ग्यारेजमा लोग्नेको छुट्टै कार, स्वास्नीको छुट्टै कार। अलि पुरानो भए पनि नोकरचाकरका लागि छुट्टै मोटरको व्यवस्था थियो।

कति वटा ब्याङ्कको केकति सेयर होल्डर हो? कति वटा ब्याङ्कमा ब्यालेन्स छ? उसलाई थाहा थिएन। कारण के हो भने सम्पत्तिको कारोबारजति स्वास्नीले गर्छे। रुपियाँ पैसाको अर्थात् लेनदेनको भाषामा ऊभन्दा उसकी स्वास्नी धेरै पारखी छे। त्यसैले कति वटा सहकारीमा उसको लगानी छ? बोर्डिङ स्कुल, कोलोनी, अपार्टमेन्ट, काठमाडौँवरिपरिका डाँडापाखामा उसको जग्गाजमिन त छ। उसको अचल सम्पत्ति पनि अथाह नै छ। तर कति छ र कहाँ छ, उसलाई केही थाहा छैन। उसको पर्सको भित्तामा एटीएमका लस्कर छन्। उसलाई यत्ति चाहिँ राम्ररी थाहा छ। जति खर्च गरे पनि पैसा जाबोको के अर्थ रह्यो र अब? तर खर्च पनि कता गर्नु? गरौँ न त भन्दा मन लाग्ने ठाउँ नै पनि थिएन। उसैको मन न हो, त्यही मन परोपकारतिर मरे जाँदै गएन।

**अरू त जेसुकै भए पनि**

लोग्ने कुन बेला घरमा! स्वास्नी कुन बेला घरमा! दुवैलाई थाहा छैन।

× × ×

त्यस रात पनि स्वास्नी त्यही बिछ्यौनामा कुन बेला आएर सुती? अरू रातझैँ उसले थाहै पाएन।

"अलि बेलैमा घर आइज न बूढी! कति दिन भयो तेरो अनुहारै नदेखेको पनि...!" बिहान सँगै बसेर चिया खाँदै गर्दा लोग्नेचाहिँले स्वास्नीलाई मायालु आँखाले हेर्दै भनेको थियो।

"के कुरा गर्छौ हौ तिमी पनि बूढा! म मिटिङ सकेर फर्किंदा ढिलो भइहाल्छ त! तिमी पनि त मिटिङ हुँदा रातैभर बाहिर बस्छौ!" स्वास्नीचाहिँले अलि गम्केरै जवाफ फर्काएकी थिई।

"होइन, रातिराति यसो... मलाई पनि त...!" बूढोचाहिँले स्त्रीसंसर्ग खोजेको भाव अभिव्यक्त गरेको थियो।

"अब तिमी पनि नातिनातिनाको मालिक भएर अचम्मै पो बोल्न थाल्यौ हौ बूढा मान्छे! जवानीमा रातैभरि तिमी कता, म कता हुँदा नि केही भएन। यो बुढेसकालँ चैँ... राति भो... हा... हा... तिमी त...! लोग्नेमान्छे बूढो भएपछि छिल्लिन्छ भन्थे, हो रहेछ। तिमी पनि साँच्चै बूढो पो भयौ कि के हो?" स्वास्नीले उसलाई बोल्नै नदिई जितेकी थिई।

ऊ सधैँजस्तै भित्रभित्रै मुर्मुरियो मात्र, तर बाहिर केही बोलेन पनि।

**मनोभाव**

ऊ भनेको ४० काटेको मान्छे। उसको अब बुढ्यौलीको प्रारम्भ पनि हुँदै गरेको हुनुपर्छ। तर मन किन मान्थ्यो र? तृष्णा किन मर्थ्यो र? उसले सानै उमेरमा केटी भगायो। अहिले पो ससाना बच्चाबच्चीलाई पनि रेडियो, टेलिभिजन र स्कुलका किताब र मास्टरले पनि सबै थोक सिकाइदिन्छन्।

"अर्थोक जे गरे पनि गर, तर गर्भधारण चाहिँ नगर।"

तर किशोर वयमै बिहे गरेर जोईपोइ बनेका उनीहरू दुइटैलाई परिवार नियोजनको साधन भनेको कुन चराको नाउँ हो, त्यस बेला थाहा हुने कुरा पनि त भएन।

त्यस्तो भएपछि आफै किशोरकिशोरी छँदै छोराछोरी जन्मिनु कुन ठूलो कुरा भयो र?

अब यति बेला छोराछोरीको उमेर देखाएर, नातिनातिनाको गन्ती गनाएर मान्छेको शारीरिक र मानसिक बैँस नाप्नु भनेको अन्याय नभएर के हो त?

पछिल्लो चरणमा उसको मानसमा प्रायः पाक्ने खिचडी यही हो। अनि यति बेलाको सुखचैनको जीवन, आनन्ददायक बसाइ, उठाइ, मीठो र पोसिलो खानपिन, चिरिच्याँट्ट, सुग्घरसफाइ! सबै परिपूर्ण, भरिपूर्ण! काँ पाउनु यस्तो सुख हिजोको तन्नम जीवनमा!

अझ सरकारी पदमा हुँदा त बाहिरी दुनियाँमै पनि धेरै रमाउन पाइने रहेछ। विदेश भ्रमणमा पनि अझ खास गरेर ब्याङ्कक त उसका लागि तीर्थझैँ हुने गर्थ्यो। अहो! त्यहाँ बिताएको समय सम्झेर त उसलाई कुनै पनि बेला उडी जाऊँ र त्यहीँ पुगूँ लाग्छ। पैसाको के मतलब र उसलाई?

यो जिन्दगी खाई सार कि लाई सार, मरेपछि लम्पसार!

ब्याङ्कककका थरीथरीका सुकिला र सुन्दर कोमलाङ्गीहरूको रोमाञ्चित पार्ने सेवा! बूढीलाई कसरी भनोस् र उसले? ऊ जवान हो कि बूढो? ब्याङ्कककका कोमलाङ्गीहरूलाई मात्रै थाहा छ।

स्वास्नीले सुइँको मात्रै पाई भने पनि बर्बाद छ।

ओहो! हुन पनि जायजेथाजति सबै स्वास्नीकै नाउँमा छ, उसैको जिम्मामा छ। कसरी, कता, के गरी मिलाएर राखेकी छे; उसैले जान्दछे। उसलाई केही थाहा छैन। स्वास्नीले थाहा

पाइहाली भने उसलाई फुटपाथे बनाउन बेर लाउन्न। मरे पनि स्वास्नीले त ब्याङ्कको कुरा चाल पाउनै हुन्न।

"यतै काठमाडौँमा पनि एकभन्दा अर्का भनेजस्ता माल पाइन्छन् सर! हजुरलाई कस्ता, के बन्दोबस्त गर्नुपर्छ? म सबै मिलाउँछु।"

हवाईजहाजमा सँगै बसेर उसको मनस्थिति नजिकैबाट नियालिरहेको उसको चतुर र जवान पीएले त्यस बेला उसलाई भनेको पनि हो। पहिलो पटक मन्त्री भएको बेला ब्याङ्कमा पहिलो पटकै चैन गरेर त्यति बेला ऊ नेपाल फर्किंदै थियो।

"हुन्नहुन्न, विदेशको कुरा बेग्लै हो। नेपालमा एकदम सतर्क है! यहाँ त अवैध छ यस्तो कर्म। अलिकति हावा मात्रै चले पनि पार्टीमै आगो लाउँछन् अनि घरबारको कुरा आउँछ। छोराबुहारी, नातिनातिना भइसकेको मान्छे!" पीएको कुरा मनमनै गुनेर ऊ भित्रभित्रै खुब डराएको पनि थियो।

"राघवजी! हामी राष्ट्रसेवकले यस प्रकारको अवैध कुरा गर्नु हुन्न। मलाई यस्ता कर्ममा रुचि पनि छैन। ब्याङ्कको चलन भने बेग्लै रहेछ। ती केटीहरू मेरा खुट्टा मालिस नगरी फर्किनै मानेनन्। यहाँ यिनीहरूको वैध पेसै पो यही हुने रहेछ। बिचराहरू! के गरून् र? मेरो मन पनि कमलो छ। खुट्टा मात्रै मालिस गराएर भए पनि उनीहरूको शुल्क तिरिदिएपछि खुसी भएर फर्किने रहेछन्। मैले कल्याण भावले बिदा गरिदिएँ।"

उसले चतुर पीएको अनुहारमा धेरै बेर नहेरी नै त्यस बेला जवाफ दिएको थियो।

तर उसको पीएले पनि उसलाई किन विश्वास गर्थ्यो र! तीन दिन होटलमा बस्दा कति वटी सुन्दरी मन्त्रीज्यूको कोठामा कतिकति घण्टा बसेका थिए, सबै रेकर्ड होटलको म्यानेजरसँग उसले नै लिएको हो र प्रतिसुन्दरीको कमिसन पनि होटललाई उसैले तिरेको हो। आफ्नो भागको कमिसनको तुलनामा मन्त्री बूढाको कमिसन निकै बेसी तिर्दा युवा पीए छक्क पनि परेको थियो। हेर्दा निकै सोझो र भलादमी देखिने यो बूढो भित्र त खली पो रैछ! पीएले थाहा पाइसकेको थियो।

'यस बूढालाई काठमाडौँमा पनि...। यस्तालाई त्यस्तामा फसाउन पाए यिनको लगाम आफ्नो हातमा लिन सकिन्छ।' त्यसै बेला पीएले सोचेको थियो। तर अहिले बूढो फेरि भलादमीमा रूपान्तरण भइसकेछ। 'बूढा, सक्दो मोज त गर्‍यौ, अब नौ सय मुसा हजम गरेपछि बिरालो चार धाम जाने भयो भनेजस्तै त भएका हौला नि!' नाङ्गै देखिइसकेको बूढाले अहिले हत्त न पत्त उसको अगाडि गाउन बेरेको देखेर पीए मनभित्र बेस्सरी हाँसेको थियो। तर मन्त्रीले देख्ने गरी भने मुसुमुसु मात्रै हाँस्यो।

मन्त्री पद र जीवन उस्तै त हो नि! अहिले छ, एकैछिनमा छैन। त्यसपछि लगत्तैजसो मन्त्री पद अनायासै गएको थियो।

तर जीवन छँदै थियो।

× × ×

सरकारी ओहदामा नहुँदा उसको जीवनचर्या कि त मिटिङ कि जिल्ला भ्रमण नत्र प्रायजसो ऊ घरमा एक्लै दिनभरि बस्नुपर्ने थियो। त्यसरी घरमा बसेको दिन हिजोआज युट्युबले व्यवस्था गरिदिएका एकान्तका साथीसँग समय बिताउन उसलाई मन पर्थ्यो। त्यहाँको रङ्गीन दुनियाँको झलकले उसको रित्तिने क्रममा रहेको बेजोड बैँसको आगोमा थप घिउ थप्ने गर्थ्यो। यस्ता सबै कुरा मन खोलेर उसले स्वास्नीलाई भन्न पनि सक्दैनथ्यो। स्वास्नीले उमेर र नातिनातिना देखाएर उल्याउली भनेर ऊ डराउँथ्यो पनि फेरि। त्यसैले स्वास्नीको मालिक भएरै पनि उसले बिहे गर्नुअघिकै कर्म पनि पटकपटक दोहोऱ्याउने गर्थ्यो। युट्युबका कामुक दृश्यले आफूमा जन्माएको उखर्माउलो उत्पात पुरुषले आफैद्वारा शमन गर्न सकिने उपाय ऊ पनि अवलम्बन गर्थ्यो। एकान्तमा गरिने कम्मरमुनिको कर्मद्वारा सुखभोग गरेर राहत पनि लिन्थ्यो ऊ र त्यसपछि दुनियाँको अघि भलादमी पनि बनिदिन्थ्यो ऊ।

तर त्यस्तो कर्मले क्षणिक सन्तुष्टिबाहेक के देओस् र अरू?

'कोही एकक्षण नै सही छेउमा ऊसँगै बसोस्, उसको अन्तरङ्ग सुमसुम्याओस् र उसलाई जीवन्त सुखको पोखरीमा पौडाओस्। आ... एक बारको न जुनी हो! यो बूढीले मलाई बुझिन। हिजोकै चाहमा त्यही आएर मसँग टाँसिँदा पनि त मेरो मन यसरी उड्ने थिएन!' कुण्ठाकै बीच पनि उसको आवश्यकताको आकारमा आफ्नै स्वास्नी हुने गर्थी।

× × ×

अनि त्यस्तै छेक हो कि कुन बेला कुन बेला अप्रत्याशित ऊ आई!

× × ×

"घरमा कोही हुनुहुन्छ?" डोर बेलसँगसँगै सुरिलो आवाज पनि उसका कानमा ठोकिएको थियो। काठमाडौँको माघ महिनाको जाडोमा ऊ आफूलाई तताउने कोसिसमा थियो। जाडो भगाउन आँगनमा आइपुगेको घाम ताप्न विन्टर चेयरमा ढल्केकाले ऊ अर्ध निद्रामा थियो। केही अघि युट्युबमा कुनै रङ्गिन सिनेमा हेरेर थन्क्याएको एपलको नयाँ भर्सनको ट्याब त्यहीँ टेबलमा थियो। नहेर्दा हेर्न तान्ने त्यो रङ्गीन दुनियाँ हेरेपछि भोक जगाउने उसका लागि तिनै औषधी थिए। खाऊँ न त भने उसको जीवनमा सधैँको भोकमरी! युट्युबको भावभङ्गिमाबाट पनि पलायनतर्फ लाग्न थालेको उसको यो बेला थियो।

त्यस दिन ऊ एक्लै पनि थियो घरमा। उसकी स्वास्नी त सधैँझैँ कुनै सहकारीको मिटिङ गमनमा थिई।

सरकारी पद नहुँदा धेरै कामदार पनि किन राख्नु भनेर घरमा पुरानो नोकर भीमबहादुरकै हालिमुहाली थियो। फेरि अहिले जुनसुकै मानिसलाई घरभित्रै ल्याएर विश्वास गरिहाल्ने जमाना पनि त थिएन। यति बेला भीमबहादुर तरकारी र अरू भान्छाका सामग्री किन्न बजारतिर गएकाले यति ठूलो घरमा ऊ नितान्त एक्लै थियो।

सामान्यत: यस्तो डोर बेललाई उसले महत्त्व दिने गरेको थिएन, तर त्यस बेला डोर बेल मात्र बजेको थिएन, कोकिल कण्ठ पनि सुनिएको थियो। त्यसैले युट्युबको रङ्गीन दुनियाँ मात्र भ्रमण गरेर आजित भइरहेको उसलाई वास्तविक संसारको रङ हेर्न पनि मन लागेको थियो।

**अनि ढोका खुलेपछि**

१८–२० बीस वर्षे युवती बाहिर थिई। उसले सामान्य वेशभूषा प्रयोग गरेकी थिई। ऊ त्यस्ती उत्पातै सुन्दरी पनि होइन, तर ऊसँग जे थियो त्यो थियो। केटीले धारण गरेको उसको उखर्माउलो बैँस भने केटीबाट बाहिर निस्कन केटीसँगै लाप्पा खेलिरहेको प्रस्टै देखिन्थ्यो। एकैछिन उसले ब्याङ्कको होटलमा बिताएको रात सम्झ्यो। अनि एकैछिनअघि मात्र भ्रमण गरेको युट्युबको रङ्गीन दुनियाँमा ऊ कल्पिरह्यो।

त्यस केटीले गाढा रातो रङको र गला अलि खुल्ला भएको जीउमा टपक्कै टाँसिएको कम्मरसम्मको उलन टप्स र आकाशे टाइट जिन्स प्यान्ट लगाएकी थिई। उसले लगाएको जिन्स प्यान्ट तिघ्राको अग्रभागमा च्यातिएर तिघ्राको छालाले लुकामारी खेल्ने खालको नयाँ डिजाइनको थियो। जिन्सको च्यातिएको ठाउँमा एकैछिनका लागि उसको दृष्टि रोकिएको थियो। त्यहाँबाट तिघ्राको छालाले पनि संसार हेर्ने निहुँमा आँखा झिम्क्याएझैँ लागेको थियो उसलाई। त्यस केटीले सुन्दर तर केही ठूलो र गाढा नीलो रङको हाते झोला देब्रे काँधमा भिरेकी थिई। त्यतिन्जेल पनि केटी मूल द्वारमै उभिइरहेकी थिई।

ऊ अन्यमनस्क भावले केटीलाई नै हेरिरहेको थियो। 'चिनेकी केटी पनि यो होइन, आफ्नै वा स्वास्नीको माइतीपट्टिकी कोही नातेदार पो हो कि?' उसले सम्झन खोज्यो तर अहँ, सम्झन सकेन।

"सर नमस्कार!" केटीले केही झुकेर शिष्टाचार प्रदर्शन गरेकी थिई। केटी यसरी निहुरिएकी थिई जसरी उसले अपेक्षा गर्दै पनि थियो सायद। केटी निहुरिएकी त थिई नै, त्यसैले अबको दृश्यमा उसले नै खोजिरहेका वस्तुले टप्सको खुल्ला गलालाई झ्याल बनाएका थिए। ती उकुसमुकुस भएर बसेका वस्तुहरूले बाहिरी दुनियाँ चियाउने बहानामा तिर्खाएको उसलाई नै खोजेझैँ गरेको अनुभूति उसले गर्‍यो। ती वस्तुले निमेषभर उसैलाई जिस्क्याएझैँ पनि गरे। युट्युबका मुर्दा सिनेमाले सल्काइरहेको ऊभित्रको आगोमा यति जीवन्त दृश्यले मात्रै पनि हावाको काम गर्न खोजेको थियो।

"कसलाई खोजेकी? मबाहेक घरमा कोही छैन नानी! श्रीमती पनि बाहिर गएकी छन्।" यसो भन्दै गर्दा उसले भित्री आफूलाई काबूमा लिएर बाहिरी आफूलाई भलादमीको बर्को ओढाइसकेको थियो।

"होइन सर! मसँग यो विशेष प्रकारको तेल छ। एक बोतल किनिदिस्योस् न है!"

केटी झन्नै उसलाई ठेलौँलाझैँ गरी मूल द्वारको उसले खोलेको सानो खापाबाट भित्रै पसेकी थिई। त्यसरी भित्रिँदा केटीको केही स्पर्श पनि उसको भागमा परेको थियो। त्यो स्पर्शमात्रले पनि कताकता मीठो तरङ्गले छोएझैँ भएर फेरि एक निमेषको आनन्द ऊभरि पोखिन खोजेको थियो। उसका निमित्त त्यो स्पर्श सुख प्यासले आकुल मृगका लागि मरुभूमिमा अचानक केही बेरका लागि आकाशबाट छिट्याएको पानीको थोपाझैँ भएको थियो। त्यस घडी मृग आकाशको पानीको छिटा जिब्रामा थापेर तृप्त हुन खोजेझैँ ऊ पनि भित्रभित्रै तृप्त हुन खोजेको थियो।

“नानी! यहाँ कसैलाई तेल चाहिँदैन। फेरि चाहिएको कुराजति सबै श्रीमतीले नै किन्छिन्। मैले केही किन्ने गरेकै छैन।”

आँगनमै पसिसकेकी केटीलाई उसले फेरि पनि पन्साउनै खोजेको हो। उसले केटी निस्किहाल्ली नि भनेर द्वार पनि बन्द गरेको थिएन। तर केटी त विन्टर चेयरकै छेउको अर्को बेतको कुर्सीमा बसी। केटीले उसको अनुहारमा हेरी। ऊसँग आँखा जुधाउँदै केटी मज्जाले मुस्कुराएकी थिई। अहो! उसको मुस्कानको जादूले ऊ भुतुक्क हुन खोज्यो। त्यति बेला उसले कैद गरेको उसको मन फुत्तै बाहिर निस्किने उपक्रममा लागेको थियो। तर उसले त्यसलाई बलियो गरी समातेर आफूलाई केटीको अघिल्तिर भलादमी स्वरूपमै प्रस्तुत गरिरह्यो। ऊ केटीको अघि उभिइरहेको थियो। केटी गइहालोस् भन्ने मनस्थितिमै ऊ थियो। केटीको अनुहारमा खुलेरै हेर्न पनि उसको भलादमीपनले दिइराखेको थिएन। अर्कातिर उसैको कैदी मन भने कैदबाट फुत्केर केटीलाई सुमसुम्याउने हतारोमा थियो। यस सकसले उसलाई गाह्रो भइरहेको थियो। तर पनि उसले भलादमीपनकै अनुकरण गरिरह्यो। उसले आफ्नो अनुहारमा केटीप्रति अप्रिय भाव ल्याइरह्यो।

“सर, एक पटक हेरिस्योस् मात्र न है! यो तेलले मालिस गरेपछि हरेक प्रकारले दुखेको पीडा एकैछिनमा निको पार्छ।” केटीले एकदमै अनुनयविनयपूर्वक उसलाई भनेकी थिई।

“हेर नानी, म किन्दिनँ। तेल मालिस गर्ने पनि यहाँ कोही छैन।” अझै पनि उसले उम्किन नै भनेको थियो।

“सर, खुट्टामा मालिस गरेर हेरिस्योस् न! हजुर त पल्किसिन्छ।” उसले उसलाई फेरि अनुरोध गरी। यस पटकको उसको आवाज अलि रुन्चे थियो। सामान बिक्री नहुने लक्षण देखा परे पनि केटी अन्तिम अस्त्र प्रयोगमै थिई। त्यस बेलासम्ममा केटीले आफ्नो सुन्दर लेडिज ब्यागबाट एउटा बट्टा झिकेर टेबलमा राखिसकेकी पनि थिई।

लिसोजस्तै भएर टाँसिन खोजेकी केटीलाई पन्छाउन नसकेपछि ऊ पनि केटीसँगैको कुर्सीमा थचक्कै बस्यो र तेलको बट्टा हेर्न थाल्यो। बट्टामा नीला र गुलाबी रङका फूल थिए। बट्टामा छापिएका फूलहरूले कसोकसो उसलाई काउकुती लगाउनझैँ खोजे। बट्टाको स्पर्शमा पनि ऊ केटीको यौवनको स्पर्शझैँ तरङ्गित हुँदै थियो।

“कति पैसा हो?” केटीको नजिकै बसेर उसको रापको छाया अनुभूतिमा अलिकति तातेको उसले केटीका आँखामा हेरेर सोधेको थियो। तेल र केटी दुवैको सङ्गमले उसलाई त्यस बेला फेरि एक पटक ब्याङ्कको मृदु स्मृतिमा पुऱ्याएको थियो।

“बजारमा त सात सय पर्छ सर, तर म हजुरलाई पाँच सय रुपियाँमै दिन्छु। मलाई कम्पनीले चार सयमा दिन्छ। मैले होम डेलिभरीको एक सय मात्रै लिने हो सर!” केटीले बडो गम्भीर भएर भनेकी थिई।

“दिनभरिमा कति बेच्छ्यौ नानी?” उसले तेल टेबलमै राखेर केटीको अनुहारतिर हेर्दै सोधेको थियो।

"कहिलेकाहीँ पाँच वटासम्म पनि बिक्री भएको छ, नत्र त दुइटासम्म बल्लतल्ल बिक्छ।" उसले निराश हुँदै तर मीठो आवाजमा भनेकी थिई।

"हेर नानी! म किनी पनि दिन्थेँ, तर श्रीमती भरे कुन बेला आउँछिन्। यहाँ मालिस गर्ने मानिस पनि छैनन्। बिना कामको सामान किन किन्यौ बूढा भन्दा मैले के भन्नु? तिमी आफै भन त? त्यसैले तिमी जाऊ!" उसले केटीलाई फेरि पनि पन्छाउन खोजेकै हो।

"सर, म खुट्टामा मालिस गरिदिऊँ? हजुर मेरो बुबाजस्तो त होइसिन्छ नि!" केटीले उत्साहित हुँदै भनेकी थिई।

पहिलो वाक्यले उसमा पनि उत्साह थपिएको थियो, तर दोस्रो वाक्यले उसको उत्साह खसाल्ने प्रयत्न गरेको थियो।

"खोइ सर, गाउन अलिकति माथि सारिस्योस् त! हजुर त यो तेलले एक पटक मालिस गरेपछि पल्किसिन्छ। फेरि त हजुरलाई यो तेल नकिनी उपायै छैन। यो तेलै त्यस्तो पो छ त सर! यो तेल मानिसहरू हत्तपत्त किन्न मान्दैनन्। किनेर मालिस गरेपछि भने हप्तामा एउटा त चाहिन्छ, चाहिन्छ।" यति बोल्दानबोल्दै केटी कुर्सीको चकटी भुइँमा ओछ्याएर उसका पाउ नजिक बसिसकेकी थिई। अनि यन्त्रवत् उसका हातले गाउन घुँडासम्म सारेका थिए।

'अहो, स्वर्णिम आनन्द!' ऊ सुखसागरमा पौडिन थाल्यो।

त्यस दिन केटीका हात घुँडैसम्म रहे। केटीले निकै मजाले मालिस गर्न जानेकी रहिछ। ब्याङ्कका केटीहरूभन्दा उसलाई यो केटी कम लागिन।

"तिमीलाई त मालिस गर्न पनि आउँदो रहेछ। मालिस गर्ने तालिम लिएकी हौ नानी?" उसले केटीको प्रशंसा गर्दै सोधेको थियो।

"सर, यो तेल कम्पनीले तेल बेच्न पठाउनुअघि शरीरका कुनकुन अङ्गमा यो तेलले कसरी र कति बेर मालिस गर्दा फाइदा हुन्छ भनेर हामी सबै विक्रेतालाई दुई दिनसम्म डकुमेन्ट्री देखाएर सिकाउँछ। अनि पछिल्लो एक दिन हामी केटीजतिले ठूलो सरसँग छुट्टाछुट्टै विशेष प्रशिक्षण पनि लिनुपर्छ। अनि बल्ल हाम्रो जागिर पक्का हुन्छ।"

केटीका सुकुमार औँलाको स्पर्श गहिरो भएर ऊभित्र प्रवेश गरिरहेको थियो। ऊ केटीको मादकतामा लट्ठै परिसकेको थियो। झन्नै निद्राको अवस्थामा पुगेको उसलाई केटीको आवाज कतै टाढा बजिरहेको सङ्गीतको कुनै मीठो धुनझैँ लागिरहेको थियो।

"नानी, तिम्रो नाउँ के हो?" बल्ल उसलाई केटीको नाउँ चाहिएको थियो।

"मुनू।" उसले जवाफ फर्काएकी थिई। "कस्तो रहेछ त सर तेल? मैले भनेँ नि! यो तेलले एक पटक मालिस गरेपछि बानी पर्छ के बानी! अब हजुरलाई मेरो कुरा पत्यार लाग्यो होला नि?" मुनू उत्साही भएर बोलेकी थिई।

"हो मुनू हो! यो तेल त गज्जबकै रहेछ। उसो भए तिमीलाई पूरै शरीरको मालिस गर्न पनि आउँछ त?" उसले त्यस क्षणको कल्पनामा रमाउँदै सोधेको थियो।

"सर, विशेष प्रशिक्षणमा पास भएकी पो हुँ म त! मेरो कम्पनीको ठूलो सरलाई अरूले मालिस गरेको मन पर्दैन। मैले नै प्रत्येक सोमबार उहाँको घरैमा गएर मालिस गरिदिनुपर्छ।" मुनूले जोसका साथ भनेकी थिई।

"अनि... उनको घरमा कोही छैन र?" अचम्म मानेर उपाय जान्ने अभिलाषासमेतले उसले प्रश्न गरेको थियो।

"एउटी छोरी त हो नि! होस्टलमा राखेको रैछ। म्यामले सोमबारको व्रत लिनुहुँदो रैछ। म्याम हरेक हप्ता डोलेश्वर महादेवको पूजाका लागि बिहानै उता जानुहुँदो रहेछ। मन्दिरबाट फर्किंदा त्यस रात उहाँ भक्तपुर माइतीमै बस्नुहुने रहेछ। अनि मङ्गलबार बेलुकीपख मात्रै उहाँ घर फर्किनुहुने रहेछ। अनि घरको नोकरलाई सिनेमा हेर्न पठाएपछि त सर घरमा एक्लै हुने। त्यसैले म सोमबार तेल बेच्न पनि कतै जाँदिनँ नि! कुनै दिन सोमबार म बिरामी परेर जान सकिनँ भने सरको त्यो हप्तैभरि मुड अफ हुन्छ। के गर्नु? त्यसैले महिनाको चार दिनबाहेक जेसुकै परे पनि सोमबार त सरको घरमा म जान्छु, जान्छु।"

मुनूले आफ्नो मालिस अनुभव ऊसँग साटेर उसका लागि पनि नियमित मालिस गराउने उपाय साझा गरिसकेकी थिई। त्यसै बेला उसको मूल ढोकाको बेल फेरि बजेको थियो।

उसले हतपताएर गाउन तल सारेको थियो। तेलको कडा हरक आँगनभरि छरिएको थियो। उसले मुनूको अनुहारमा डराएर हेर्दै मूल ढोका खोलेको थियो। झोलाभरि सरसामान लिएको भीमबहादुर ढोकामा उभिएको थियो।

"सर अझै घाममै होइसिन्छ? घाम त आँगनबाट गएन र? मैले त आज गेटको साँचो बोक्न बिर्सेर डर लागीलागी बेल बजाएको नि! सरको यति बेला त सुत्ने टाइम हो। आज सुतिस्सेन छ पनि...!"

मूल ढोकाबाट भित्र छिर्दै गरेको भीमबहादुरले अचम्म मानेर मुनूलाई हेरेको थियो। मुनू त्यति बेला तेलको सिसीको बिर्को लगाएर त्यसलाई खोलमा हाल्दै थिई। मुनूले पनि भीमबहादुरलाई पुलुक्क हेरी र स्वाभाविक मुस्कुराई, तर भीमबहादुरका आँखामा कुतूहल थियो। सोही दृष्टि उसले आफ्नो मालिकतिर पनि तेर्स्याएको थियो।

"यी नानीले तेल बेच्न ल्याएकी रहिछन्। बडो गज्जबको तेल रहेछ। मेरो खुट्टा कटकट खाएको थियो। यसले मालिस गर्नासाथ सन्चो भयो। तँलाई पनि चाहिन्छ भने किन् है भीमे!" मालिकले भीमबहादुरका आँखाको कुतूहल मेटाइदिन खोज्यो, तर भीमबहादुरको कुतूहल शान्त भएको थिएन।

"भीमे, तँसँग सात सय रुपियाँ छ भने मलाई दिइराख् त! यिनको पैसा तिरिदिऊँ। तेरी मम्मीलाई नभन्नू नि फेरि! मै दिउँला तँलाई यो पैसा। नत्र किन, कता, कहिलेको उत्तर दिँदादिँदा म लखतरान हुन्छु।" उसले भीमबहादुरलाई भनेको थियो।

"यति सानो सिसीको तेलको दाम सात सय? रामराम, कति महँगो! हजुर पनि बेकारमा... अनि त मम्मी रिसाइसिन्छ नि!"

भीमबहादुरले मुनूलाई अप्रिय आँखाले हेरेपछि गोजीबाट पैसा झिकेर उसको हातमा हालिदिएको थियो।

"चुप लाग् है मम्मीको चम्चा! तँ मोरालाई यस तेलको महिमा के थाहा!" उसले अलि कड्किएर भीमबहादुरको मुख बन्द गराएको थियो। त्यसपछि भीमबहादुर अलि झर्किएको भावमा भुतभुताउँदै झोला बोकेर घरभित्र प्रवेश गरेको थियो।

घाम घर्किसकेकाले न्यानोविहीन त्यस आँगनमा अनि फेरि मुनू र ऊ मात्र भएका थिए।

अनुहारमा बडो अनुगृहीत भाव देखाएर उसले मुनूको हातमा भीमबहादुरसँग लिएको सात सय रुपियाँ हालिदिएको थियो।

"सर, पाँच सय मात्रै हो नि!" मुनूले दुई सय फिर्ता गर्न खोजी।

"होइन-होइन, यो राख। तिमीले मेरो कटकट खाएको खुट्टा मालिस गरेर सन्चो पारिदियौ। यस्तो मालिस गर्ने यस घरमा कोही थिएन।" उसले मुनूलाई मनैभित्रबाट भनेको थियो।

"सर, फुल बडी मसाज गरिस्योस् न अनि पो मानिस्सिन्छ नि!" मुनूले लोभ्याउँदो मुस्कान पोख्दै आँखामा चम्किलो आशाको बत्ती धपक्क बालेर तुरुन्तै भनेकी थिई।

"खोइ...!" उसलाई ब्याङ्ककमा दुई वर्षअघि आफूले गराएको फुल बडी मसाजको स्मरण भयो। त्यसैले उसले मुनूसँग पनि सम्भावित फुल बडी मसाजको काल्पनिक आनन्दप्राप्तिको वास्तविक थुक घुटुक्क निल्यो।

"मेरो मोबाइल नम्बर राखिस्योस् न सर! तेल चाहियो भने, फुल बडी मसाज चाहियो भने गरिस्योस् न! म हजुरको फोन पर्खिन्छु है!"

मुनू उसलाई सर्वाङ्ग घाइते मुस्कान पस्केर त्यहाँबाट बिदा भएकी थिई।

× × ×

त्यसपछि केके भयो? समय कसरी बित्यो? अहिले उसको स्मृतिमा केही आइरहेको छैन।

× × ×

यत्ति चाहिँ उसले अझै सम्झेको छ। सरकार परिवर्तन भयो। उसको पार्टी सरकारमा पुग्यो। अनुभवी, इमानदार, जनयुद्ध भोगेको सक्षम नेता भनेर उसैलाई गृहमन्त्री पनि बनाइएको हो।

× × ×

मुनू यति तल ओर्लेली, उसले कहिल्यै कल्पनै गरेको थिएन। उसको ओइलाउन लागेको जीवनमा हरियाली ल्याइदिने मुनू, उसको बिदा भइसकेको यौवन फर्काएर उसलाई उत्साहको शिखर आरोहण गराउने उसकी मुनू! मुनूका खातिर उसले के गरेन र?

उसले स्वास्नीको अघि मुनूलाई धर्मपुत्री नै बनाएर प्रस्तुत गरेको हो। अनि स्वास्नी नै दुनियाँको अघिल्तिर मुनूलाई उनीहरूकी धर्मपुत्रीका रूपमा परिचित गराउँदै र प्रशंसा गर्दै हिँडेकी पनि हो। उसकी स्वास्नी पनि गान्धारी नै हो। लोग्नेका सन्दर्भमा सधैँ विश्वासको पट्टी

आँखामा बाँधेर उसकी स्वास्नी हिँडिरही। त्यसैले त त्यस धर्मपुत्रीको भित्री पोसाक उसकै लोग्नेले खोल्ने गरेको छ भन्ने कुरा चाहिँ उसकी स्वास्नीले कहिल्यै पत्तो पाइन। हुन त उसकी स्वास्नीलाई नै पनि मुनूले आफ्ना बलिया पाखुराको करामत र मीठो बोलीवचनले लट्ठै पारेकी थिई।

वास्तवमा उसकै स्वास्नीका लागि पनि बिदेसिएका सन्तानको तृष्णा केही हदसम्म मेटाउने माध्यम नै मुनू बनेकी हुँदी हो। त्यसैले पनि हुनुपर्छ, उसैकी स्वास्नीले मुनूका लागि केटो खोज्ने र कन्यादान गर्नेसम्मको कर्म पनि गरेकी नै हो। धन्न त्यति नै बेला उसको भने अमेरिकामा कनफरेन्स परिदिनाले कन्यादानमा उसले सहभागी हुनुपरेको थिएन।

बिहेपछि मुनूको लोग्नेले सबै कुरा थाहा पाएरै पनि लोभमोहको वशमा परी थाहा नपाएझैँ गरिदिएकै हो। त्यसैले मुनूको बिहे नै भइसकेपछि पनि उसको लोग्नेको विरोध नहुनाले मुनूसँगको उसको रङ्गीन समय झनै निर्विघ्न बित्न थालेको पनि हो।

× × ×

यस्तो महास्वर्गीय उसको जीवनको रङ्गीन पोखरीकी सुन्दर माछो मुनू पनि अब ऊसँगबाट मुक्ति खोज्दै थिई भन्ने चाहिँ उसले कहिल्यै सोच्न सकेन। सोचोस् नै पनि कसरी? किनभने मुनूका हरेक आवश्यकता उसले पुऱ्याएकै हो। जमिन स्तरकी उसकी मुनूलाई उसैले शिखरमा पुऱ्याएको हो। तर अचानक मुनूले यस्तो अकाल्पनिक व्यवहार गर्ली भन्ने सोच्नै सकेन उसले। न उसले यस्तो कल्पना कहिल्यै गरेको थियो न त सपनैमा पनि यस्तो सोचेको थियो। लट्ठ पार्ने मीठो बास्ना बनेर ऊभरि छाएकी उसकी मुनू नै उसको जीवनै निलिदिने भीमकाय अजिँगरमा रूपान्तरित होली भन्ने कल्पना कसरी गर्न सक्थ्यो र उसले?

× × ×

"मेरो खातामा दुई करोड रुपियाँ ब्यालेन्स, एउटा मर्सिडिज कार र रोज कोलोनीमा मलाई एउटा बङ्गलो चाहियो, नत्र म्याडमलाई म सबै कुरा भनिदिन्छु।"

**त्यसपछिको कथा**

पैसा मात्र त मुनूका लागि उसले कति खर्च गरेको छ कति! ती सबै रेकर्ड उसले राखेको पनि छैन। स्वास्नीलाई सुइँको नदिई कतिपय विदेशी र स्वदेशी दलालीको भाग सर्लक्क मुनूकै हातमा हालिदिएकै हो। मुनूले जसलाई भन्यो त्यसैलाई उसले जागिर र प्रमोसन पनि गरिदिएकै हो। टेन्डर र ठेक्कापट्टा पनि उसले मुनूकै सिफारिसमा चलाएकै हो। अरू त अरू विश्वविद्यालयबाट मुनूले दिँदै नदिएको परीक्षामा उत्कृष्ट अङ्कले उत्तीर्ण गराएर उसका लागि गतिलो सरकारी जागिरसमेतको उसले बन्दोबस्त गरिदिएकै हो। तर अहिले आएर यतिका वर्षको उनीहरूको सम्बन्धलाई मुनूले ठाडै घटिया व्यापारमा पुऱ्याएकी थिई। सम्पत्ति नै माग्दा त उसले दिएकै हो र अझै दिन्थ्यो पनि, तर मुनुले उसकी स्वास्नीको नाउँ बन्धकी राख्न खोजेकी थिई। उसको मर्ममै अनपेक्षित निर्मम प्रहार गरेकी थिई। मुनूको त्यो व्यवहार उसले कसरी सहन सक्थ्यो र?

× × ×

त्यसैले उसले त्यस दिन ब्ल्याक लेबलकै बोतलले हानेर मुनूलाई घाइते बनाएकै हो। एकैछिनको मारामारपछि मुनूको सहमतिबेगर पहिलो र अन्तिम पटक उसले मुनूलाई बलात्कार पनि गरेकै हो।

**त्यसपछिका दिनमा**

– समाचार पत्रिका र टेलिभिजनको प्रमुख समाचार उही बनेको थियो।

– स्वास्नीको अभिमान समाप्त भएको थियो।

– सन्तानको शिर सदाका लागि निहुरिएको थियो।

– हिजो उसैसँग नाता गाँस्ने, उसको पदको फाइदामा मोज गर्ने नाताकुटुम्ब, इष्टमित्र सबै निमेषभरमा पराई भएका थिए।

– उसको उन्नतिप्रगतिमा ऱ्याल काढेर उसलाई धारे हात लाउँदै हिँड्ने उसैको दलकाले उसलाई लासमाथि मुड्कीझैँ बजार्ने नै भए।

– गृहमन्त्रीका दाबेदार उसैको दलकाले खसी काटेर खुसियाली मनाउने नै भए।

– विपक्षी दलका लागि दलको भर्त्सना गर्ने गतिलो खुराक यस बेला ऊ हुने नै भयो।

× × ×

उसकी प्रेयसी मुनू अचानक धारिलो तरबारमा रूपान्तरित भएकै हो। त्यसपछि त्यही तरबारले आकाशमा उड्दै गरेको उसका पखेटा अचानक काटिएकै हुन्।

× × ×

ऊ भुइँमा पछारिएको थियो। ऊ मरेको पनि थिएन र जिउँदो पनि थिएन।

**निष्कर्ष**

– त्यस दिन भीमबहादुर बजार नगएको हुँदो हो त?

– अथवा उसले मूल ढोका नखोलेको हुँदो हो त?

– मुनूसँग उसको भेटै नहुँदो हो त?

× × ×

यति बेला सदर खोरमा ऊ झल्याँस्स भएको थियो।

× × ×

कथा कहिल्यै रोकिँदैन र सकिँदैन पनि, तर संवादरहित भने भएको छ। यस मौनमा पनि छटपटाउँदो संवाद भने छ। तर यो मौन संवादमा मैले अब रुचि नलिने नै भएँ।

◆

डा. राजुबाबु श्रेष्ठ

# बोझ



"छोरी आमाबाबुको शिरको बोझ हो। तिमीहरूलाई बिहे गरेर नपठाएसम्म हाम्रो शरीरको भारी हट्दैन।"

अक्सर हामी दिदीबहिनीलाई देखेपछि यसो भन्थिन् आमा। हामी जन्मेदेखि नै हामीलाई आफ्नो शिरको बोझ ठान्थिन् आमा। आठ कक्षा पुगेपछि त गाउँको कुनै केटासँग बोल्यो कि 'यसले नाक कटाउने भई' भनेर घरमा आएपछि बाँसको सिर्कनाले हिर्काउँथिन्। सानो भए पनि हातमा सिर्कनाको राम्रै डाम बस्थ्यो। बाहिर जाने भनेको घरदेखि स्कुल र स्कुलबाट घरसम्म मात्र थियो। यसभन्दा अन्यत्र जाने अनुमति थिएन हामी दुई दिदीबहिनीलाई। आमाले जतिजति बाहिर जान कडाइ गर्थिन्, मलाई झन्झन् बाहिर जाऊँजाऊँ लाग्थ्यो। सायद आमालाई हामी केटाहरूसँग हिँडेर घरको इज्जत फाल्छन् कि भन्ने निकै चिन्ता थियो। सायद उमेरकै दोष होला, आमा जतिजति केटाहरूसँग नहिँड भन्थिन् उतिउति झन् केटाहरूसँग हिँडूँहिँडूँ लाग्थ्यो। बिना कारण आमाबाट खानुपरेको बारम्बारको पिटाइले मभित्र आमाप्रतिको श्रद्धा घट्दै गइरहेको थियो।

आठ कक्षा पुगेपछि गाउँहरू केटाहरूले मलाई घुरेर हेर्न थालेको कुरा पहिलो पल्ट महसुस गरेकी थिएँ। यसले मभित्र छुट्टै आनन्दको सञ्चार हुन्थ्यो। म पनि केही हुँ भन्ने लाग्थ्यो। म आफैलाई पनि आफू पहिलेभन्दा केही सुन्दर देखिएझैँ लाग्थ्यो। आफ्नो लुगा कसिलो र सानो हुँदै गएको हो कि भन्ने भान हुन्थ्यो। सपनामा पनि गाउँका केटाहरू आएर जिस्कन थालेका थिए। कहिलेकाहीँ त त्यो सोझो ठानेको भोला ठाकुर आएर जता पायो उतै छुन खोजेर हैरान पार्थ्यो। भोला मेरो छिमेकी र सहपाठी पनि थियो। गाउँभरिमा सोझो र इमानदार। मैले बोल्न, खेल्न पाउने केटा साथी भनेको उही एक जना थियो। भोलाको बानीबेहोरा देखेरै मेरी आमाले ऊ एउटासँग खेल्ने छुट दिएकी थिइन्। भोलालाई गाउँका केटाहरूले खासै मन पराउँदैनथे। आफ्नो उमेरका केटाहरूभन्दा निर्बल भएकाले भोला पनि केटाहरूसँग भन्दा केटीहरूसँग नै खेल्न रुचाउँथ्यो। जेजे भन्यो त्यहीत्यही मान्ने हुनाले हामी केटीहरू पनि भोलालाई घरीघरी अनेक काम लगाएर सताइरहन्थ्यौँ। हामीले भनेको कुरामा भोला कहिल्यै नाइँनास्ति गर्दैनथ्यो। केटाहरू उसलाई आइमाईजस्तो भनेर जिस्काउँथे। जसले जे भने पनि ऊ कसैसँग झगडा गर्दैनथ्यो।

घरदेखि केही पर स्कुल थियो। सधैँ म, बहिनी र भाइ भोलासँगै स्कुल जान्थ्यौँ। भाइ सानो भएकाले उसको झोला पनि मैले नै बोकिदिन्थेँ। भोला शारीरिक रूपले दुर्बल भए पनि पढाइमा अब्बल थियो। शिक्षकहरूले पनि उसलाई निकै मन पराउँथे। सँगसँगै घर भएकाले मलाई पढाइमा निकै सहयोग मिलेको थियो भोलाबाट। कहिलेकाहीँ घरको कामले स्कुल जान

नपाउँदा बेलुकी भोला घरमा आई नोट छाडेर जान्थ्यो। म त्यही नोट सारेर भोलिपल्ट स्कुलमा बुझाउँथेँ।

"यी अर्काको घर जानेहरूले धेरै पढेर के काम? बरु तँ चाहिँ राम्रोसँग पढ्। नत्र बिहेपछि स्वास्नी कसरी पाल्छस्?" भोलालाई देखेर अक्सर यसै भन्थिन् मेरी आमा। भोला हाँस्दै घरतिर भाग्थ्यो।

आमाको कुराले मलाई भित्रभित्रै जलन हुन्थ्यो। १० कक्षा पुग्दा पनि मैले मेरी आमालाई बुझ्न सकेकी थिइनँ। नौ कक्षा पुगेदेखि नै आमाले मेरा लागि केटो हेर्न थालेकी हुन्। आमा मलाई पढाउने कुराको विरोधी थिइन्। धेरै पढायो भने छोरीहरू बिग्रन्छन् भन्ने मानसिकताले ग्रसित थिइन् आमा। आमाले हामी छोरीहरूप्रति कहिल्यै भरोसा गरिनन्। आमाले भनेको ठाउँमा विवाह गर्दिनँ भन्दा पटकपटक कोठामा थुनेर पिट्थिन्। म आमाको कुटाइले भन्दा आमाको सोचाइले चित्त दुखेर रातभर रुन्थेँ। मलाई आमाले कुटिरहँदा बाबु मूक दर्शक बनेर बस्थे। उनमा आमाको कुरो काट्ने हिम्मत थिएन। एकदुई पटक आमाको कुरो काट्दा आमाले घरमा महाभारत खडा गरेकी थिइन्। आमा आफूले जित्न नपाए घरमा रडाको मच्चाउँथिन्। घरको झगडा छिमेकीले चाल पाउला भनेर बुबा चुप लाग्थे। बुबाको मौनतालाई आमा आफ्नो जित ठानेर घरमा शासन चलाउँथिन्। बुबा मनको असल थिए।

बुबा काठको काम गर्थे। आमा घरमै गाउँलेका कपडा सिलाउने काम गर्थिन्। दुई जनाको कमाइले ठीकै चलेको थियो परिवार। सम्पत्तिको नाममा त्यही एउटा घर थियो। काम गर्नका लागि स्वस्थ शरीर र जाँगर। खानैका लागि कुनै समस्या नभए पनि घरमा शान्ति भने कहिल्यै भएन। आमा कहिले मेरो पढाइ बन्द गरेर बिहे गरिदिने कुरा त कहिले नयाँनयाँ बहाना झिकेर बुबासँग झगडा गरिरहन्थिन्। बुबा केही बोल्दैनथे। नबोली बस्दा पनि निकै बेर करकर गरिरहन्थिन्। दिनभर काम गरी थकित भएर घर आउँदा पनि बुबाले आमाबाट मीठो वचन पाएको कुनै सम्झना छैन मलाई। वास्तवमा म बुझ्ने भएदेखि बुबाको मुहारमा कहिल्यै हाँसो देखेकी छैन मैले।

मेरो बिहेको विषयलाई लिएर आमा र बुबाको बीचमा पटकपटक ठूलै झगडा परेको मैले प्रत्यक्ष देखेकी छु। आमाको माइती बेतिया भएकाले उनी मलाई उतै दिन चाहन्थिन्। मलाई भने बिहे गर्ने इच्छा थिएन। मभित्र पढेर केही गरी देखाउने धोको थियो। आमालाई छोरीले पनि आफै गरेर खान सक्छे भनी देखाउने मन थियो। नौ कक्षाको पहिलो त्रैमासिक परीक्षा सकिएपश्चात् आमाले बेतियामा मेरो बिहेको कुरो पक्का गरी आइन्। पढाइ धेरै नभए पनि धनसम्पत्ति राम्रै भएको केटो रहेछ। बेतियाबाट मामाहरूले कुरो ल्याएका अरे। आमाको कुरामा बुबाले त्यति चासो नदेखाएकाले बेलुकी आमा बुबासँग जङ्गिँदै थिइन्।

"अहिलेको जमानामा तीसै हजार दहेजमा कुन केटो मान्छ? बेतियामा अच्छाखासा घर छ। चाहिँदो खेतखलिहान छ। एउटा पढाइ मात्र त कम हो। यसले पढेर पनि के नाप्छ रे? छोरीलाई जति पढायो उति बिग्रन्छे। जति पढ्दै जान्छे, दहेज पनि बढ्दै जाने त हो। पछि यही

छोरीले नाक कटाउँदा थाहा पाउला नि!" आमाले बुबालाई यसो भनिरहँदा म कोठाबाट सुनिरहेको थिएँ।

आमाको कुराले मलाई निकै डर लाग्यो। आमाको अगाडि गएर प्रतिवाद गर्ने साहस थिएन मसँग। सोही दिन राति छतमा गएर बुबासँग धेरै बेर रोएँ। आफूलाई एसएलसीसम्म पढ्न दिनका लागि अनुनयविनय गरेँ। बुबा पनि मसँगै रोए। मैले बुबालाई स्पष्टसँग भनेँ– "कि मेरो विवाह रोकिदिनोस् कि मलाई घाँटी थिचेर मारिदिनोस्। म यो बिहे कुनै हालतमा गर्दिनँ।"

भोलिपल्ट साँझ यसै विषयमा घरमा महायुद्ध भयो। बुबाले यो एक वर्ष छोरीलाई पढ्न दिऔँ न त मात्र के भनेका थिए, आमालाई पुगिगयो। आमा बुबामाथि नै खनिइन्। आमाले कुनै हालतमा पढाउन नसक्ने भन्दै अड्डी कसिन्।

"छोरीको इच्छा छैन भनेपछि कसरी बिहे गरिदिने? छोरीले एक वर्ष पढ्छु भन्दा पनि मरिहत्ते गर्नुपर्ने के छ? यसरी जबर्जस्ती गर्दा छोरी झुन्डिन्छे अनि खालिस् ठूलो भाग! यो आइमाईलाई बुद्धि पनि कसले दिने?" बुबा पहिलो चोटि मेरो पक्ष लिएर आमासँग रिसाए। बुबाको कुराले झमझम पानीमा कसैले छाता ओढाइदिएजस्तै भयो मलाई। मनभित्रको कुनामा साहस पलाएर आयो।

बुबाको कुराले आमा रिसले भुनभुनिँदै भान्सामा गइन्। भान्साबाट स्टोभ र सलाई बोकेर भाइ, बहिनी र म बसेको कोठामा पसिन्। स्टोभ र सलाई ढोका नजिकै भुइँमा राखेर आँखा ठूलठूला पार्दै बोलिन्– "लौ, तँलाई बिहे गर्न भन्दा मर्न मन छ भने यहाँ स्टोभ र सलाई छ, मट्टितेल खन्याएर मर्। यस्ती छोरी हुनुभन्दा त बरु छोरी मरी भनेर एकछिन रोउँला।"

त्यो दिन किनकि आमाको कुराले मलाई साह्रै चित्त दुख्यो। एक महिला भएर मेरी आमाले नै मेरो कुरा बुझ्दिनन् भने अरूबाट के आशा गर्ने? आखिर मैले यति सानै उमेरमा पढ्न छाडेर त्यो अन्जान र बिरानो ठाउँमा जानुपर्छ भने मेरो जीवनको के अर्थ? एउटा अनपढ लोग्नेबाट मैले कस्तो जीवनको अपेक्षा गर्ने? फेरि त्यहाँ को हुन्छ मेरो दुःखको आँसु पुछिदिने? त्यहाँ न मसँग मेरा आफन्तहरू हुन्छन् न त मेरो गाउँ हुन्छ, न मेरो देश हुन्छ। चित्त दुख्दा गएर रुने एउटा कुनो पनि नभएको ठाउँमा म किन जाऊँ? आफ्नो जस्तो कहिल्यै नलाग्ने त्यो उराठ धरती र उदास आकाशको बीचमा उस्तै उकुसमुकुस जीवन जिउन म किन जाऊँ? मलाई आफ्नो भावी जीवन सम्झी विरक्त लागेर आयो। आफ्नै आमाप्रति घृणा उम्रेर आयो। कस्ती आमा होलिन् जो आफ्नै छोरीलाई मर्नका लागि सलाई र मट्टितेल दिन्छिन्।

मैले त्यो स्टोभ र सलाईको बट्टालाई हेरेर पटकपटक सोचेँ। बिहे गरेर मैले आजसम्म अनुहार पनि नदेखेको अपरिचित परदेशीसँग जिन्दगी बिताउनुभन्दा यो जिन्दगीलाई यहीँ बिसाउनु ठीक ठानेँ। बिहेपछि पलपल मर्नुभन्दा एकै पटक जलेर मर्नु ठीक ठानेँ। मभित्र बिस्तारबिस्तारै हिम्मत भरिएर आयो। एकैछिनमा जीवनको मोह हराएर गयो। आमाको त्यो रूखो स्वर बारम्बार मनमा ठोकिएकोठोकियै भयो। आमाप्रति घृणा र जीवनप्रति वितृष्णा जागेर आयो। खाटबाट जुरुक्क उठी ढोकाको स्टोभ उचालेर बिर्को खोली शरीरमा खन्याएँ। मट्टितेल कम भएर कम्मरदेखि मुनिको भाग मात्र भिज्यो। भाइबहिनी रुन लागे। आँखा चिम्म गरेर सलाई कोरिदिएँ।

म बल्न लागेँ। भाइबहिनी रुँदै चिच्याएको सुनेर बुबा अतालिँदै पल्लो कोठाबाट आए। एकै सासमा खाटको मन्डी निकालेर ग्वाम्म मेरो शरीरलाई छोपेर सबै आगो निभाए। नाइलनको सुरुवाल भएकाले पग्लेर मेरो साँप्रामा टाँसिइसकेको थियो। मलाई असह्य पीडा भइरहेको थियो। तुरुन्तै छिमेकी सिकन्दरको टेम्पूमा हालेर बुबाले वीरगन्ज अस्पतालमा लगे। आगोले त्यति धेरै पोल्न नभ्याए पनि दाहिने साँप्राको एक ठाउँमा भने नराम्ररी पोलेको रहेछ। ठूलै घाउ बनेछ। डाक्टरलाई त्यहाँको छाला बचाउन गाह्रो पर्‍यो। चार दिनसम्म अस्पतालमै बसेँ। चारै दिन बुबाले कुरे। आमा एक पटक पनि आइनन्। आगोले मेरो साँप्रामा होइन, मनमा पोलेको थियो। मर्न हिँडेकी म झन् अर्को घाउ लिएर जिउँदो भएँ। सायद म मरेकी भए आमा खुसी हुन्थिन् होला। उनको शिरबाट दहेजको बोझ पनि हट्ने, जीवनभरको किचकिच पनि टर्ने। तर मलाई बाँच्न लेखेको रहेछ।

अस्पताल बसाइको चार दिनमा बुबालाई नजिकबाट चिनेँ। एक्लै हुँदा बुबा मसँग धेरै रोए। बुबाको आँसुले मेरो सबै पीडा भुलाइदियो। भित्रभित्रै पोल्यो। मैले कहिल्यै सोचिनँ, मेरो मृत्युले मलाई यति धेरै माया गर्ने मेरा बुबाको मनमा के बित्ला? मेरा भाइबहिनीको मानसिकतामा के पर्ला? आखिर मैले त अहिले नभए पनि केही वर्षभित्रमा घर छाडी नै हाल्छु। मेरा बुबाले त अझै कति लामो जीवन मेरी आमासँगै बिताउनुपर्ने छ। जीवनभर बुबाले आमाबाट कहिल्यै सम्मान र माया पाएनन्, तैपनि बुबाले जीवनसँग हार खाएका छैनन्। यति धेरै सहन सक्ने बुबाकी छोरी म किन यति कमजोर? मलाई मेरो भन्दा पनि बुबाको जीवनप्रति माया जागेर आयो। अस्पतालमै बुबाले मलाई जीवनमा जस्तै दुःख परे पनि यस्तो बाटो नरोज्ने र जीवनसँग हार नखाने वाचा लिए। मैले बुबाको शिरमा हात राखेर वाचा गरेँ।

अस्पताल बसाइपछि म झन् बलियो भएर घर फर्कें। मलाई कसैको डर लाग्न छाड्यो। घर आएपछि धेरै दिन आमासँग मेरो बोलचाल भएन। मलाई पनि बोलाउन मन भएन। घाउले गर्दा १५ दिन स्कुल जान मिलेन। स्कुल नगए पनि हरेक दिन बेलुकी कपी बोकेर भोला आइपुग्थ्यो मलाई पढाउन। म सबै आफ्नो कपीमा सारेर फिर्ता गरिदिन्थेँ। भोलाको सहयोगले मैले नौ कक्षा पनि सजिलै पास गरेकी थिएँ।

"गाउँलेको अगाडि मुखमा कालो पोत्ने यस्ती अलच्छिनी त मरेकी भए पनि आनन्द हुन्थ्यो नि! यस्ताको मुख हेर्नु त पर्दैनथ्यो।" अस्पतालबाट आएकै दिन आमाले मेरो पोलेको घाउमा मलम लगाउनुको साटो नुनचुक दलिदिइन्। आमाको व्यवहारमा कुनै परिवर्तन देखिएन। ज्यानको घाउभन्दा गहिरो घाउ बन्यो मनमा। मेरी आमाले आमा भन्ने नाताकै अपमान गरिन् जस्तो लाग्यो। मुखभरि जवाफ आएको थियो, तर बुबाको मुख हेरेर चुपचाप बसेँ। त्यसपछिका दिनमा मलाई आमाले भनेको कुनै पनि कुराले छुन छाड्यो। मन मरेपछि केही कुराले पनि दुख्दैन रहेछ।

दिन बित्दै गयो। हरेक दिन आमाको कचकच मेरो दैनिकी बन्यो। म मौन रहेर उनको कुराको जवाफ दिनै छाडेँ। मौनता नै मेरो शक्ति बन्यो। मेरो मौनतालाई जित्ने शक्ति उनीसँग भएन। आमाले त्यसपछि पनि धेरै विवाहका प्रस्तावहरू ल्याइन्। मैले अस्वीकार गर्दै गएँ।

पछिल्ला दिनहरूमा मुखले जति गाली गरे पनि कोठामा थुनेर कुट्ने काम चाहिँ बन्द गरेकी थिइन्। बिहे गर्न नमान्दा नौ कक्षा पुगेदेखि नै पटकपटक आमाको कुटाइ खाएकी हुँदा मलाई आमाको कुटाइसँग डर लाग्न छाडिसकेको थियो। आमाले जतिसुकै करकर गरे पनि, धम्की दिए पनि म हिम्मत हार्ने अवस्थामा थिइनँ। मृत्युको मुखमा पुगेर फर्केकी मलाई अन्य कुरासँग डर लाग्ने कुरा पनि थिएन। मैले हारेँ भने बुबाको मन दुख्छ भन्ने डर भने थियो।

आमाका बारेमा मैले आजकाल सोच्न छाडिसकेकी छु। आफ्नै छोरीको पीडा नबुझ्ने, छोरीको सामर्थ्यमा विश्वास नगर्ने, छोरीलाई बोझका रूपमा मात्रै हेर्ने आमाको सोच बदल्ने क्षमता मसँग थिएन। मेरी आमाले छोरीले पनि कमाइ गरेर खान सक्छे भन्ने कहिल्यै सोचिनन्। खराबै भए पनि छोरालाई नै घरको आधार ठान्ने मेरी आमाको सोच र व्यवहारले हामी दुवै दिदीबहिनी आमाबाट धेरै टाढा पुगिसकेका थियौँ। म र बहिनी जन्मिँदा छोरी जन्मिई भनेर रोएकी थिइन् रे हाम्री आमा। भाइ जन्मेपछि मात्र उनले आफ्नो जीवन पूर्ण भएको ठानेकी थिइन् अरे। भाइको भन्दा हामी दुई दिदीबहिनीको पढाइ राम्रो भए पनि आमा हामीलाई पढाउन छाडेर भाइलाई मात्र पढाउने धुनमा थिइन्। मलाई थाहा छैन, छोरीलाई दहेज दिनुपर्ने कुराले विक्षिप्त हुने र छोरालाई दहेज आउने कुराले प्रफुल्ल हुने आमाको मनमा कसले कोरिदियो होला छोरा र छोरीबीच यति चहकिलो भूमध्यरेखा? कहिले भत्केला आमाको मनमा छोरोप्रति बनेको विश्वासको ग्रेट वाल? कहिले टुट्ला आमाको मनको यो सपनाको महल? तर मधेसको परिवेश र संस्कारले आमाको मनमा बनाएको दरबार सजिलै भत्कने सम्भावना थिएन।

दिन बित्दै गयो। आमासँग मन दुख्दा मलम बनेर आउने भोला पनि इन्जिनियर बन्ने सपना बोकेर काठमाडौँ पसिसकेको थियो। बल्लबल्ल आफ्नो हिम्मत र बुबाको सहयोगले वीरगन्जमै प्लस टू पढ्न थालेकी थिएँ। उमेर बढ्दै जाँदा जवानीले भन्दा पनि जिम्मेवारीले थिच्न थालेको थियो। कलेजमा अनेक किसिमका साथीहरू भेटिए। जो भेटिए पनि भोलाजस्तो प्रिय कोही भएन। भोला साथ थिएन र पनि साथै भएजस्तो लाग्थ्यो। कलेजमा केही समस्या आउँदा मलाई भोलाको अभाव खट्किन्थ्यो। कलेज गएपछि झन् आमाको शङ्का गर्ने बानी बढेर गयो। कहिलेकाहीँ कलेजका साथीहरू घरैसम्म आइपुग्थे। आमा केटा साथीहरूसँग बोलेको देखेर बम हुन्थिन्। केटासँग बोल्नासाथै छोरी बिग्रिई भन्ने आमाको पुरानै रोग बल्झिन्थ्यो। अनि मलाई कलेज जानबाट रोक्ने अनेकौँ बहानाहरू खोज्न थाल्थिन्। गाउँका अन्य केटीहरूको स्थिति पनि मेरो भन्दा खासै फरक थिएन। उन्नाइस-बीसको फरक थियो होला, तर पनि छोरीलाई हेर्ने समाजको चस्मा उस्तै थियो।

वैशाख महिनाको एक साँझ खाना खाएर हामी सबै परिवार छतमा बसी शीतल हावा खाँदै थियौँ। मेरो १२ कक्षाको परीक्षा भर्खरै सकिएको थियो। आमाले एकाएक मेरो बिहेको निर्णय सुनाइन्– "लौ, अब तेरो १२ कक्षा पनि सकियो। बेतियामा तेरा मामाले केटो खोजेका छन्। केटाको पढाइ नभए पनि निकै धनी छ रे। हामीले त एक लाख ३० हजारमा दहेज पक्का गरी ३० हजार बैना मारेर आएका छौँ। यति राम्रो घर पाउँदा पनि बेसी कुरा गर्छेस् भने अब यो घरमा तेरो लागि ठाउँ छैन। आफ्नो सुर कसे हुन्छ।"

मलाई अकस्मात् आठ रेक्टरको भुइँचालो गएजस्तै भयो। पुलुक्क बुबाको मुखमा हेरेँ। बुबा चुपचाप बसे। बुबाले कुनै प्रतिक्रिया दिएनन्। सायद यो निर्णयमा बुबाको पनि सहमति हुनुपर्छ भन्ने लाग्यो। बुबालाई पनि अब मेरो बिहे गरिदिनुपर्छ भन्ने लाग्यो होला। बुबाको मौनताले मलाई निकै कमजोर बनायो। हिजो आमासँग मात्रै बनेको दूरी बुबासँग पनि बन्ने हो कि भन्ने चिन्ता लाग्यो। म कुनै हालतमा पनि बुबाको मन दुखाउन चाहन्नथेँ।

चिन्ताको भारी बोकेर कोठामा छिरेँ। रातभर निद्रा लागेन। आमाको कुराले मनमा अन्तर्द्वन्द्व मच्चिइरह्यो। केटो पढेको छैन। केटालाई एक पटक पनि देखेकी छैन। केटाको बानीबेहोरा, स्वभाव, सोच केही थाहा छैन। नचिनेको, नजानेको पराई मान्छेसँग कसरी जिन्दगी बिताउने? उसको मन मसँग हुन्छ, हुँदैन; उसको धनले के गर्ने? फेरि मेरो बिहे गर्ने कुरामा मलाई एक वचन पनि नसोधी आमाले कसरी निर्णय गरिन्? बुबाले पनि एक पटक किन मेरो मन बुझेनन्? मेरो मनमा पानीको फोकाजस्तै अनेकौँ प्रश्नहरू उठ्दै, फुट्दै गर्न थाले। मलाई भने अझै पढेर आफ्नै खुट्टामा उभिएपछि मात्र आफूलाई माया गर्ने मान्छेसँग बिहे गर्ने धोको थियो। आमाबुबाको निर्णयले मेरो त्यो धोकोमा एकाएक झरी पऱ्यो। सोच्दासोच्दा टाउको दुखेर आयो। सँगै बोतलमा रहेको पानी खाएँ। आँखा चिम्म गरेर त्यो अमुक केटालाई सम्झेँ। आमाको हठी र निर्दयी मनलाई सम्झेँ। बुबाको बाध्यता सम्झेँ। आफ्नो जीवन र भविष्य सम्झेँ। गाउँलेहरूको सोच र गाउँको परिस्थिति सम्झेँ। मलाई मेरो जीवनभन्दा उत्तम र मूल्यवान् केही लागेन। आफ्नो भविष्यको अगाडि आमा, बुबा, नातेदार, गाउँलेहरू सबै फिक्काफिक्का लागे। परिवारको विरुद्धमा विद्रोह नै सही, यतिखेर मैले कदम उठाउनुपर्छ भन्ने लाग्यो– म आफैका लागि, मेरी बहिनीका लागि र मजस्तै गाउँका केटीहरूका लागि।

मलाई आमाबुबाको हठ पूरा गर्न आफ्नो जीवन समर्पण गरी आदर्श छोरी बन्नु थिएन। आमाबुबाको शिरको बोझ बन्नु थिएन। परिवार र समाजको खोक्रो आडम्बर र कुसंस्कारको पक्षमा आत्मदाह गर्नु थिएन। भोलि समाजले के भन्ला, आमाबुबाले के सोच्लान् भन्ने कुराको पनि चिन्ता थिएन। केवल अब के गर्ने भन्ने छटपटीले मन बेचैन थियो।

सोच्दासोच्दै रातको तीन बज्यो। आगोले मेरो साँप्रामा बनाएको पुरानो घाउको टाटोलाई मुसारेँ। त्यो बाटोलाई पनि सम्झेँ। यति सुन्दर जीवनलाई फेरि कुरूप बनाउन मन लागेन। जीवनसँग हारेर कतै हाम फाल्न र कसैसँग सम्झौता गर्न पनि मन लागेन।

जीवनको बाटो खोज्दाखोज्दै त्यो अन्धकार रातमा अनायासै भोलाको याद आयो। झटपट मोबाइल उठाएर भोलालाई डायल गरेँ।

"हेलो!" तेस्रो घण्टीमै उताबाट भोलाको आवाज आयो।

भोलाको आवाजले मेरो मन तरङ्गित भयो। मनको सबै बोझ हलुका भएको महसुस भयो।

"भोला! म गाउँ छाडेर काठमान्डू आऊँ?" मेरो अप्रत्याशित प्रश्नले ऊ झस्कियो।

"माधुरी! तिमी? यति राति? के... के भो र? यहाँ... फेरि...? तिमी केटी मान्छे...।" भोला आश्चर्यको भावमा अकमकिँदै बोल्यो।

"म आजै राति घर छाड्दै छु भोला! यो घरमा अब मेरा लागि कुनै ठाउँ रहेन। तिमी नै भन, म तिमीकहाँ आऊँ कि अन्त कतै जाऊँ?"

मैले भोलालाई अप्ठ्यारोमा पारिदिएँ। मसँग अर्को कुनै उपाय पनि थिएन। मेरो मनमा भोलाले जति विशाल घर अर्काले बनाउन सकेको पनि थिएन। मैले आफ्नो समस्या फुकाउन भोलालाई समस्यामा पारिदिएँ।

भोला केही नबोली चुपचाप बस्यो। भोलासँग यति ठूलो निर्णय गर्ने साहस र क्षमता दुवै थिएन भन्ने मलाई राम्रो ज्ञान थियो। उसले मलाई आऊ त भनेन तर नआऊ भन्न पनि सकेन। यसैमा मैले उत्तर पाएँ। उसले टेलिफोनमा फेरेको साासले मलाई बोलाएभैँ लाग्यो। झ्यालबाट बाहिर हेरेँ, चुक घोप्टेजस्तै अँध्यारो थियो। घर वरपर कुकुरहरू भुकिरहेका थिए। अँध्यारोमा भाइबहिनीले चाल नपाउने गरी बिस्तारै उठेर आफ्नो एकसरो लुगा र सर्टिफिकेट झोलामा राखेँ। भाइबहिनीको टाउकामा मुसारेँ। के भो, केभो, आँसुले आँखा धमिला भए। मूल ढोकालाई बलपूर्वक बाहिरपट्टि धकेलेर चुकुल खोलेँ। चकमन्न रातलाई गाउँमै छाडेर वीरगन्जतर्फ लागेँ।

छ बजेकै बसमा सिट मिल्यो। टिकट लिएँ। कसैले चिन्छ कि भनी सलले मुख छोपेर बसमा चढेँ। केही बेरमा नै बस हिँड्न थाल्यो। भर्खर उदाएको घामले भर्खर घण्टाघरको छानामा स्पर्श गर्दै थियो। घण्टाघर चोकको चिया पसल र पत्रिका पसलमा मान्छेहरू जम्मा हुँदै थिए। म भने घण्टाघरको छानामा लागेजस्तै उज्यालो र न्यानो घामको खोजीमा निस्किँदै थिएँ।

यात्रु भरिएपछि बस कुद्न थाल्यो। बसको गतिले मेरो घर, गाउँ, सहर र मेरा आफन्तहरू सबै पछाडि छुट्दै गए। बसको झ्यालबाट हेरेँ। मबाहेक सबैसबै चिजहरू पछाडि छुटिरहेका थिए। म भने आफ्नो भन्ने सारा नाता र सम्बन्धहरूलाई त्यागेर रफ्तारमा राजधानीतर्फ अगाडि बढिरहेकी थिएँ।

◆

अमर शाह

# पुस्तान्तर



काठमाडौँका सडकको धूवाँ, धूलो, हल्ला र अस्तव्यस्त ट्राफिक छिचोल्दा उठेको रिस घरको ढोका खोलेर बैठकमा पुगेपछि झन् बढ्यो। बैठक कोठा भर्खर त्यहाँ ठूलै युद्ध भएजस्तो लागिरहेको थियो। कुसन, भुइँमा बिछ्याएको गलैँचा र सोफा छोपेको कपडा सबै लथालिङ्ग थिए। टेलिभिजनमा सधैँभैँ सोनी टिभीको क्राइम प्याट्रोल चलिरहेको थियो भने टेलिभिजन सधैँभैँ पूर्ण भोल्युममा चलिरहेको थियो।

यो सबको बीचमा सोफामा लमतन्न परेर पल्टेको बाबू अर्थात् जवान छोरो सधैँझैँ मोबाइलमा छिटोछिटो औँला चलाइरहेको थियो। कतै च्याटमा व्यस्त थियो सायद। कोठा खोलेर म भित्र पस्दा र सोफाको छेउमा बस्दा समेत सधैँझैँ बाबूले कुनै प्रतिक्रिया देखाएन। पुर्लुक्क एक पटक भावहीन दृष्टिले मतिर हेर्‍यो मात्र। मोबाइलमै व्यस्त रह्यो। सामुदायिक वनको सप्रेको झाडीजस्तो दाह्री र आधा फिटभन्दा लामो लट्टा परेको कपालमा बाबू मलाई घिनलाग्दो लाग्यो।

"राम्रो देखिने रहर पो लाग्नुपर्ने यो उमेरमा! के हुलिया बनाएको यस्तो?" बाबूको कपाल र दाह्रीलाई लिएर मैले धेरै पटक टिप्पणी कसेको थिएँ, तर मेरो टिप्पणीको प्रत्युत्तरमा कहिल्यै प्रतिक्रिया जनाएन उसले।

"एक दिन डेढो हुन्छस् अब कपाल छोटो नबनाए...।"

बाबूको कपालले आँखालाई छोप्ने गरेकोतिर मैले सङ्केत गर्ने गरेको थिएँ, तर मेरा अरू धेरै कुराजस्तै कपालसम्बन्धी मेरो टिप्पणीलाई पनि प्रतिक्रिया नजनाएरै पचाउने गरेको थियो उसले। निधारमा झरेर आँखा छोपिरहेको कपाललाई टाउको झट्कारेर पछाडि सार्थ्यो मात्र।

कपालले आँखा छोपेपछि कपाल हटाउन टाउको झट्कार्दाझट्कार्दा बीचबीचमा त्यसै पनि टाउको झट्कार्ने बानी लागेको थियो बाबूलाई, तर न कपाल छोटो पार्थ्यो न त कोरेर राम्रोसँग तह नै लगाउँथ्यो।

यस प्रकार कुनै बेलाको अत्यन्त प्यारो बाबू अहिले पनि प्यारो त थियो तर उसका धेरै व्यवहार र बानी भने मलाई मन पर्न छाडेका थिए। उसको बानी र व्यवहारप्रति म प्रायः कडै प्रतिक्रिया जनाउँथेँ, तर प्रतिक्रियाविहीन हुनु नै मेरो प्रतिक्रियामा उसको प्रतिक्रिया हुने गरेको थियो।

सोफाको अर्को कुनामा बसेको म उसलाई नियालेर हेर्न थालेँ। एकडेढ महिनादेखि नकाटेको नङ। तह नलगाएको लामो कपाल। स्याहारसम्भार नगरेका दाह्रीजुँगा। र, जीउमा सम्भवतः हप्ता दिनदेखि नफेरेका कपडा। बाबू मलाई अत्यन्त फोहोर लाग्यो।

मैले एकोहोरो हेरे पनि बाबूले खासै वास्ता भने गरेन। न टिभीको आवाज घटायो न त मोबाइलसँग खेल्नै छाड्यो।

× × ×

बाबू लगभग २५ वर्ष पुग्न लागेको थियो र स्नातक पूरा गरेर स्नातकोत्तर तहमा भर्ना हुने पर्खाइमा थियो। यो उमेरमा देखा पर्न सक्ने खासै नराम्रा भन्नुपर्ने बानी पनि थिएनन् उसका। तर उसका कतिपय बानी र व्यवहार भने मन पर्न छाडेका थिए, जस्तो–

– राति अबेरसम्म बस्ने र बिहान १०–११ बजेसम्म सुत्ने।
– मोबाइल, टिभी र ल्यापटपमा टाँसिइरहने।
– घरमा आउने समाचारपत्रका हेडलाइनसम्म पनि नहेर्ने।
– टिभीमा समाचार आउँदा कोठा छाडेर हिँड्ने।
– ढोका थुनेर घण्टौँ मोबाइलमा खुसरपुसर गर्ने।

– आफन्त नचिन्ने, ढोगभेट नगर्ने र घरमा पाहुना आउँदा सकभर छेउमै नपर्ने।

– नङ नकाट्ने, कपाल नकोर्ने र सरसफाइमा ध्यान नदिने।

– पारिवारिक प्रसङ्गहरू उठ्दा सधैँ निरपेक्ष बस्ने।

– राष्ट्रिय वा अन्तर्राष्ट्रिय घटनाक्रमसँग मतलब नराख्ने।

– घरको काममा कहिल्यै नसघाउने।

यी र यस्तै कतिपय बानीहरू थिए जसलाई बाबूका रूपमा म स्वीकार गर्न सकिरहेको थिइनँ।

"स्कुल-कलेजको परीक्षा पास गरेर मात्र जीवन चल्दैन। देशदुनियाँ बुझ्, पत्रपत्रिका पढ्ने गर्...।"

म उसलाई पटकपटक सम्झाउँथेँ। घरमा आउने नेपाली पत्रिका नपढेपछि उसकै लागि भनेर अङ्ग्रेजी दैनिकको ग्राहकसमेत बनेँ, तर उसले पत्रिका पढेको भने कहिल्यै देखिनँ।

"म पहाडमा अभावमा हुर्केँ। चाहेर पनि पढ्न पाइनँ। कमसे कम तैँले त त्यस्तो भोग्नु नपरोस्...।"

म चाहन्थेँ– ऊ कला, साहित्य र ज्ञानविज्ञानमा चासो राख्ने होस्; तर यी सबमा उसको रुचि जगाउन भने सकिनँ।

म आफू दुर्गम पहाडमा हुर्केको थिएँ र रुचि हुँदाहुँदै पनि युवा हुँदा पुस्तक तथा पत्रपत्रिका पढ्न पाएको थिइनँ। म चाहन्थेँ, त्यस्तो कमी उसले भोग्नु नपरोस्। पुस्तक, पत्रिका र वातावरण त मैले जुटाइदिएँ; तर, 'पढ्' भन्नुबाहेक उसलाई पढाउनै भने केही गरेर पनि सकिनँ।

"टिभी नै हेरे पनि चाहिने च्यानलहरू हेर्, यी फन्टुस च्यानलहरूमा समय किन बर्बाद गर्छस्?"

अर्ती दिँदादिँदा म थाकेँ, तर क्राइम प्याट्रोल वा हिन्दीमा डब गरिएका साउथ इन्डियन सिनेमाहरू हेरेर ऊ कहिल्यै थाकेन।

"स्नातक गरेको जवान मानिस काम लाग्ने कुरा त पढ्...।"

उपदेश दिन र चर्चामा आएका नयाँ पुस्तकहरू किनेर ल्याउन मैले छाडिनँ, तर ती पुस्तकहरू सोकेसको आकर्षण मात्र भए, बाबूलाई आकर्षित गर्न भने कहिल्यै सकेनन्।

"छोरो काम लाग्लाजस्तो छैन, बुढेसकालमा दुःख र असन्तोष हुने भयो।"

मेरो निष्कर्ष थियो जुन पटकपटक श्रीमतीलाई सुनाउने गरेको थिएँ।

× × ×

म बैठकमा पसेको अहिले करिब २० मिनेट भइसकेको भए पनि बाबूले वास्ता गरेको थिएन। म छेउको सोफामा बसेको उसले थाहा त पायो तर न टिभीको आवाज कम गऱ्यो न त सोफामा पसारेका खुट्टा खुम्च्यायो, न मोबाइलसग खेल्न नै छाड्यो।

"के ताल हो बाबू यो?"

मेरो रिसको पारो चढ्यो। स्वर कडा भयो।

"... ... ..."

ऊ बोलेन। मोबाइलबाट टाउको उठायो। अगाडि झरेको कपाल हटाउन टाउको झट्कार्‍यो र मतिर आँखा फर्कायो। मेरो हस्तक्षेप मन नपरेको भाव उसका आँखामा प्रस्ट देखिन्थ्यो।

"बैठक कोठाको बेहाल हेर्, आफ्नो जीउको हाल हेर्। २५ वर्षको भइस् अहिले... यस्तै भए भविष्य के होला?"

मैले असन्तोष र आक्रोश दुवै एकसाथ पोखेँ।

"... ... ..."

फेरि पनि ऊ प्रतिक्रियाविहीन रह्यो। उसको अनुहारमा यो सब मन नपरेको भाव त छायो तर शब्दमा प्रकट भने अझै पनि गरेन।

"चाहिने कुरा पढ्ने, हेर्ने गर्। क्राइम प्याट्रोल र साउथ इन्डियन सिनेमाले केही दिन्नन्। के गरी बाँच्लास् हामी बूढो भएपछि?"

मैले प्रहार गरेँ। 'हामी बूढो भएपछि' र 'म मरेपछि'-जस्ता शब्दावली मेरा हतियार थिए जुन उसलाई घाइते बनाउन म अक्सर प्रहार गर्ने गर्थें। अहिले पनि त्यही गरेँ।

"... ... ..."

ऊ अझै चुपचाप थियो। बोलेन। ठूला आँखा पल्टाएर मतिर हेर्‍यो मात्र। अनुहारमा यो सब पटक्कै मन नपराएको भाव भने ल्यायो। मोबाइलसँग खेल्न छाड्यो। रिमोट थिचेर एक्कासि टिभी बन्द गर्‍यो। उठ्यो। र, टाउको झट्कारेर आँखा छोपिरहेको कपाल हटायो।

"ह्वाट अ ओल्ड फेसन्ड थट! अब्सुलेट्ली आउटडेटेड... यू विल नेभर अन्डरस्ट्यान्ड अवर जेनेरेसन...।"

र, खुट्टा पड्काउँदै माथिल्लो तलाको आफ्नो कोठातिर लाग्यो।

× × ×

'ओल्ड फेसन्ड थट' अर्थात् 'पुरानो विचार'! 'आउटडेटेड थट' अर्थात् 'म्याद गुज्रेको विचार'!

म साँच्चिकै चक्करमा परेँ।

प्राय: प्रतिक्रियाविहीन रहने बाबूले यस पटक प्रतिक्रिया प्रकट गरेको थियो उसको प्रतिक्रियाद्वारा धकेलिएर म करिब चार दशकपछाडि पुग्न बाध्य भएको थिएँ।

चार दशक अर्थात् ४० वर्षपछाडि!

त्यस बेला म पनि बाबूजस्तै अल्लारे उमेरको थिएँ। फरक, अहिले बाबू सहरमा थियो भने उस बेला म दुर्गम पहाडमा थिएँ। बाबू अहिले मजस्तो पढेलेखेको बासँग थियो भने उस बेला म 'अशिक्षित' बुबासँग थिएँ। प्रविधिको विकासले अहिले सूचना स्रोतमा बाबूको पहुँच छ भने त्यस बेला त्यो केही थिएन। र, ठूलो फरक– अहिले स्नातक, स्नातकोत्तर पढ्नु सामान्य छ, तर त्यतिखेर विज्ञान विषय लिएर १२ कक्षा उत्तीर्ण हुने व्यक्ति जिल्लामा म मात्रै थिएँ सायद।

धेरै पटक विचार जुधाएको थिएँ मैले बुबासँग त्यस बखत। मतान्तर देखाएको थिएँ धेरै पटक– कहिले प्रकट र कहिले अप्रकट रूपमा।

"कपाल मिलाउँछस् कि? अलि नसुहाउने देखियो...।"

३० को दशकको सुरुमा चलेको फेसनको नक्कल गर्दै गर्धनसम्म पुग्ने लामो कपाल पाल्दा बुबाले मतभेद जाहेर गर्नुभएको थियो।

"तपाईंलाई के थाहा अहिलेको फेसन?"

ओठे जवाफ फर्काएर सल्लाह अस्वीकार गरेको थिएँ मैले।

पाँच कक्षा पास गरेपछि थप पढाइका लागि घर र गाउँ छाडेको थिएँ मैले। जिल्ला सदरमुकाममा बसेर पढ्थेँ र दसैँतिहार वा लामो बिदामा मात्र आउँथेँ घरमा। स्कुलसम्म पढेकाले आफू विशेष छु भन्ने बलियो भ्रम थियो सायद भित्र, घरमा आउँदा खेतीबारीको काम कहिल्यै गरिनँ।

असारको रोपाइँ र मङ्सिरको धान कटाइ रमाइलो त लाग्थ्यो तर डिलमा बसेर हेर्न मात्र। बुबा भने दिनरात काममा खट्नुहुन्थ्यो। बाउसो चलाउनुहुन्थ्यो। भैँसी चराउनुहुन्थ्यो। घाँस काट्नुहुन्थ्यो। हलो जोत्नुहुन्थ्यो। भैँसी दुहुनुहुन्थ्यो।

"पढाइ र कामको दुस्मनी नै त छैन होला, खेतबारीको काम सिके हुन्छ नि तैँले पनि...।"

बुबाले धेरै पटक सङ्केत वा शब्दमा काम गर्न भन्नुभएको थियो, तर मैले सधैँ नबुझेझैँ गरेँ।

'कामै गर्ने भए किन पढ्नु नि? क्या पुरानो विचार!'

मेरो मनमा आउँथ्यो त्यस बखत।

प्रायः दुहुना दुई वटा भैँसी हुन्थे घरमा। घरमा दूध पनि हुन्थ्यो। तर हामी केटाकेठीले खाए पनि बुबा र आमाले दूधदही खाएको कमै देखेँ मैले। दूधको दही जम्थ्यो। दही मथेर घिउ बन्थ्यो। र, घिउ प्रत्येक हिउँदमा नेपालगन्जको बजारमा पुगी नुन, मट्टितेल, कपडा, साबुन आदि बनेर फर्कन्थ्यो।

"खानू नि आमाबुबाले पनि दूध!"

मैले पटकपटक कर गरेको थिएँ, तर आमाबुबाले मोहीमै चित्त बुझाउनुभयो, दूध वा दही कमै खानुभयो।

"क्या काम नलाग्ने विचार!"

मैले मुखै फोरेर संवाद सुनाएको थिएँ त्यस बखत।

"पछि बुझ्लास् कुनै दिन तैँले पनि।"

बुबाले यति मात्र भन्नुभएको थियो।

आमाबुबा किन मोही मात्र खानुहुन्थ्यो, दूधदही खानुहुन्नथ्यो; मैले आफूले छोराछोरी हुर्काउनुपरेपछि मात्र बुझेँ।

× × ×

बाबू बैठकमा थिएन। खुट्टा बजार्दै आफ्नो कोठामा गइसकेको थियो।

"ह्वाट अ ओल्ड फेसन्ड, आउटडेटेड थट!"

जाँदाजाँदै कोठामा मलाई चार दशक पुरानो सम्भनातिर धकेल्ने संवादको बम पनि पड्काएर गएको थियो।

हाम्रो सोच र व्यवहारको अन्तर के साँच्चै फरकफरक पुस्ताकै भएर हो त?

म विगतबाट वर्तमानमा फर्कें। बैठक कोठा पूर्ववत् लथालिङ्ग थियो। फरक, सोफामा मोबाइलसँग खेलिरहेको बाबू थिएन र टेलिभिजनमा ठूलो स्वरमा बजिरहेको क्राइम प्याट्रोल वा साउथ इन्डियन सिनेमा पनि थिएन।

म पनि आफ्नो कोठातिर उक्लेँ। बाबूको भनाइ 'ओल्ड फेसन्ड' र 'आउटडेटेड थट'-ले मेरो मथिँगल खजमजिएको थियो। यो एउटै संवादले मलाई चार दशकपहिलेको गाउँमा, आमाबुबाको बीचमा पुऱ्याइदिएको थियो।

'प्राप्तेतु षोडशे वर्षे...' विद्यालयमा प्राप्त गरेको ज्ञान व्यवहारमै उतारेको छु भन्ने ठान्थेँ म। आफूलाई आधुनिक र उदार पनि ठान्थेँ।

हाम्रो सोच र व्यवहारको फरक के साँच्चै विचारकै अन्तरले हो त?

पटकपटक मनमा प्रश्न उठिरह्यो, तर जवाफ भने भेटिनँ।

टाउको फनफनी घुमेजस्तो लाग्यो मलाई। बाथरुममा पसेँ र बेसिनको धारो खोलेर अनुहारमा पानी छ्याप्न थालेँ। धेरै बेर पानी छ्यापेपछि अलि ताजापन महसुस भयो। पानी छ्याप्न बन्द गरेँ।

पानी छ्याप्न छाडेर यसो टाउको उठाउँदा म झन् चक्करमा परेँ। अगाडि ऐनामा आफ्नो अनुहार देखा पऱ्यो। अचम्म, ऐनाको मेरो अनुहार ठ्याक्कै मेरा बुबाको जस्तो थियो!

◆

बबिता बस्नेत

# धर्म छाडेको दिन



'तपाईंले पानी खाएकै देख्दिनँ म त! लिनोस्, यो पानी खानोस्' भन्दै उसले पानीको बोतल अगाडि राखिदिँदा ऊ छक्क परी। बोतलमा रहेको आधा पानी हेर्दै उसको मुखमा हेरी। वर्षौंदेखि चिनजान भएको मानिसझैँ गरी उसले स्वाभाविक रूपमा भन्यो– "के हेरेको? खानोस् न!"

एकाएक गला अवरुद्ध भएर आयो, आँखा रसाए, तर ती सब कुरालाई छोप्ने कोसिस गर्दै उसले बोतल तानेर केही घुट्की पानी पिई। एकछिन कुरा गरेर टेलिफोनको रिसिभर राख्दै गर्दा अघिल्लो दिन पनि उसले 'तपाईंका औँला कति राम्रा!' भनेको थियो जुन कुरा उसले सुनेकोनसुन्यै गरेकी थिई। सरकारी कार्यालय, चियाको चलखेल अलि बढी नै हुन्छ। त्यो मान्छे आएदेखि उसको पनि चियाको मात्रा बढेको छ। 'ल, अब चिया पिऊँ'

भन्दै अगाडि ल्याएर राखिदिन्छ, ऊ पनि चुपचाप पिइदिन्छे। आमुन्नेसामन्ने छ उनीहरूको टेबल। अधिकृतमा बढुवाका लागि दुवै लाइनमा छन्।

'हेलो!' उसले यसै भनेर बोलाउँछ उसलाई। त्यसैले उसको नाम नै 'हेलो' राखिदिएकी छ। एक पटक त उसले भनी पनि– "के गरी बोलाएको? मेरो नाम रश्मि हो।" तर उसले कहिल्यै नामले बोलाएन। उसलाई भेटेको दुई सातापछिको आइतबार बिहानै उसको लोग्ने केही नभनी घरबाट निस्किएर हिँड्यो। "खाना खाने हैन?" उसले सोधेकी थिई। "मिटिङ छ।" बोल्दा पनि पैसा पर्छ कि झैँ गरी उसले जवाफ दिएको थियो। फरकफरक स्थानमा भए पनि पतिपत्नी दुवै सरकारी जागिरे हुन्। पति ठूलो ओहदामा छ, पत्नी प्राविधिक काममा। सरकारी कार्यालयमा कम्प्युटरमा टाइप गर्नका लागि छुट्टै पदको व्यवस्था गरिएको हुन्छ। त्यही कम्प्युटरवाला काम गरेको उसले वर्षौं भयो। सधैँभरि एउटै काम, उस्तै वातावरण, घरमा स्कुल पढ्दै गरेका दुई बच्चा, केही वर्षदेखि विवाहेतर सम्बन्धमा रहेको पति। एउटा उराठलाग्दो जीवन बाँचिरहेको बेला एक्कासि कसैले खाए-नखाएको सोध्न थालेपछि उसलाई कार्यालय जाऊँजाऊँ लाग्न थालेको थियो। घरको काम, छोराछोरीलाई स्कुलको तयारी, सधैँ दौडादौड हुन्थ्यो उसलाई। तर अहिले हरेक काम सहज हुन थालेको छ– कसैले सघाइदिएर होइन, आफूमा ऊर्जा थपिएझैँ भएर। बिहान चाँडै उठ्न थालेपछि सबै कुरा भ्याउन थालेकी छ, कुनै हतार छैन। बिहान लोग्ने त्यसरी खाना नखाई घरबाट हिँड्दा ऊ दिनभरि डिस्टर्ब हुने गर्थी। कहाँ खायो होला? त्यही केटीसँग त होला नि? मनमा अनेक प्रश्न खेलेर काममा केन्द्रित हुनै सक्दिनथी। तर त्यस दिन लोग्ने नखाई निस्किँदा नरमाइलो लागेन, केही 'फिल' नै भएन। बच्चाहरूसँग रिसाइरहन्थी, अहिले उनीहरूलाई पनि गाली गर्न छाडेकी छ। अहिले सम्झिँदा बच्चाहरू आफ्नै कारणले 'इरिटेट' भएका रहेछन् कि जस्तो पनि लाग्छ।

कार्यालय पुग्दा ऊ पहिल्यै आइसकेको रहेछ, हँसिलो अनुहारले 'हेलो' भन्दै स्वागत गऱ्यो। मुस्कानले उसको स्वागतको जवाफ फर्काउँदै कुर्सीमा बस्न लाग्दा हात तेर्स्याउँदै भन्यो– "छोकडा हो, लिनुस्। स्वास्थ्य राम्रो हुन्छ।" उसको हातबाट छोकडा टिप्दै गर्दा भन्यो– "तपाईंको औँलामा औँठी कति सुहाएको!" केही बोल्न नपाउँदै निधारतिर हेरेर भन्यो– "कालो टीकाले सुहाएको छ।"

टेबुलमा रहेको कम्प्युटर खोल्दै उसले भनी– "अरू बेला त रातो लाउँथेँ, तपाईंको आँखा लाग्ला भनेर कालो टीका लगाएको नि!"

दुई जनाको कुरा सुनिरहेकी सुनीता बोली– "लौन... के हो? रश्मिलाई पनि जवाफ दिन आउँदो रैछ त!"

सुनीतालाई रश्मिले छोराछोरीका लागि पतिसँग गरिरहेको सम्झौताका बारेमा थाहा छ। आफन्तको पार्टीमा जाँदा देखाउन, घरमा काम गर्न र छोराछोरी हुर्काउनका लागि श्रीमतीका रूपमा प्रयोग भइरहेको विषयलाई लिएर उनीहरूले धेरै पटक कुराकानी गरेका छन्। रश्मिका लागि आफ्नो कुरा सुनाउने एकमात्र पात्र सुनीता नै हो।

आज पनि उसले अर्कै कोठामा सुत्ने गरेको पतिको भिडियो कल वार्ताका बारेमा चर्चा गरी। आफू कोठामा पस्दा कसरी उसले एक्कासि फोन सिरकमुनि राख्यो र उताबाट आएको आवाज चाहिँ उसले सुनिरही भन्ने बताई। सरकारी अफिसमा काम धेरै हुँदैन, यस्तै कुरा गरेर बिताउने हो। गरेदेखि काम नहुने होइन, तर एउटा चिठी लेख्नै एकदुई दिन लगाइदिने बानी परेको छ। कसैले किन ढिलो भयो भनेर प्रश्न पनि गर्दैन। अत्यन्त जरुरी हुँदा गरेकै छ भनेर सबैले चित्त बुझाउँछन्। अरू बेला सुनीतासँग लोग्नेको कुरा गर्दा एक प्रकारको आक्रोश भरिन्थ्यो, तर खै किन हो त्यस्तो महसुस नै भएन। घरीघरी हेर्दा हेलो अर्थात् उदयजङ्गले उसलाई हेरिरहेको देख्थी। दिनप्रतिदिन एकअर्कालाई हेर्ने क्रम बढ्दै गएर एक प्रकारको आकर्षणमा बदलिएको थियो। दुई जना छोराछोरीकी आमाको कसैसँग त्यसरी आकर्षण बढ्न सक्छ भन्ने कुरा त्यसअघि उसलाई थाहै थिएन। आफ्नो पतिबाहेक कसैसँग नजिक भइन्छ भन्ने सोचेकी थिइन पनि। विवाह मागेरै भएको हो, त्यसअघि मन पराएको केटासँग विवाह नभएकोमा खासै दु:खी थिइन। तर पतिले दिएको धोकाले भने उसलाई धेरै नाजुक बनाएको थियो।

उदयसँगको निकटता बढ्दै जाँदा पतिले दिएका दु:खहरू एकपछि अर्को गर्दै सम्झिन थाली। त्यति धेरै ह्युमिलिएसन सहेर किन बसेँ होलाजस्तो लाग्न थाल्यो। कोठा छुट्टै हुनुअघि प्रत्येक रात उनीहरूको झगडा पर्थ्यो। ऊ कहिले माइतीलाई गाली गर्थ्यो, कहिले उसको आनीबानीलाई त कहिले शारीरिक बनावटलाई लिएर ऐना हेर्न भन्थ्यो। रिसको झोकमा ऊ पनि मुख फर्काउँथी, अपशब्द बोल्थी। भनाभन बढ्दै जाँदा कति पल्ट उसले हात उठायो, शरीरभरि नीलडाम पारेर पिट्यो। जब अरू केटीसँग उसको पतिको सम्बन्ध अघि बढ्यो, उसले दु:ख दिन छाड्यो, तर कोठा अलग गऱ्यो। कहिलेकाहीँ ऊ कोठामा छिर्दा शारीरिक सम्बन्धै राख्न गएझैँ गरी नराम्ररी वचन लाउँथ्यो। एक दिन त उसले 'सम्बन्धै राख्न चाहेँ भने पनि के भयो त? आफ्नै लोग्नेसँग त हो, अरू कोहीसँग गएकी त होइन नि!'-सम्म भनी। अति नै गरेपछि ऊ कोठामा जान छाडेकी थिई, तर यस्तो पनि जिन्दगी हुन्छ भनेर मनमा एक प्रकारको छटपटी भइरहन्थ्यो। ऊ अबेलासम्म फोनमा केटीहरूसँग कुरा गर्थ्यो। कुराकानी सुन्दा पछिल्लो समय ऊ एउटै केटीसँग सीमित होला भन्ने लाग्दैनथ्यो। ऊ फरकफरक तरिकाले कुरा गरिरहेको हुन्थ्यो। एक दिन हतारमा मोबाइल बैठकमै छाडेर अफिस गएको बेला उसले मेसेजहरू हेरेकी थिई। नयाँ केटीसँग सम्बन्ध गाँसिएपछि पुरानी केटीसँग झगडा परिरहेको रहेछ भन्ने मेसेजबाट थाहा पाई। यता नायँ केटीसँग गहिरो प्रेम सुरु भएको रहेछ। 'थुक्क, यस्तो पनि के जिन्दगी!' भनेर लोग्नेप्रतिको चरम घृणा मोबाइल फोनसँग व्यक्त गर्दै सोफामा फोन फाल्दै गर्दा 'म्याम, सरको फोन छुटेछ' भन्दै ड्राइभर कोठामा छिरेको थियो।

हेर्दाहेर्दै एकपछि अर्को सम्बन्धमा गएको लोग्नेलाई सम्झिएर पहिलो पल्ट उसमा घृणा जाग्यो। अब चाहिँ अलग बस्नुपर्छ भन्ने भावना पनि त्यसपछि नै आएको हो। सम्बन्ध विच्छेदपछि आफूले केकेसम्म भोग्नुपर्ने हुन सक्छ भनेर उसले सूची बनाई। छोराछोरीको भविष्य, समाजको दृष्टिकोणलगायतका कुराहरू आँखाअगाडि उभिँदा 'सम्बन्ध विच्छेद नगर्' भनेर ढोका बन्द

हुन्थ्यो। सम्बन्धमा बेइमान एउटा धूर्त पुरुषबाट अलग भएर शान्तिपूर्वक जीवन बाँच्ने कुरा अगाडि आउँदा 'गर्' भनेर ढोका खुल्थ्यो। 'गर्' र 'नगर्'-बीच दोधारमा उभिएको बेला ऊ आफै नजानिँदो तवरले सम्बन्धतर्फ धेकेलिँदै थिई। 'एउटा मान्छेको मायाले कति फरक पार्दछ जिन्दगीमा' गीत उसलाई सानैदेखि मन पर्नेमध्येको एउटा हो, तर गीतको भावका बारेमा पहिलो पल्ट जानकारी मिलेझैँ भइरहेको थियो। लोग्ने राति घर आउँथ्यो, भान्सामा खाना खान्थ्यो र आफ्नो कोठातिर लाग्थ्यो। लोग्ने अर्कै कोठामा सुत्ने कुराले तीन वर्षदेखि दुःखी ऊ त्यही कुराले एकाएक खुसी हुन थाली। आफ्नो 'स्पेस' प्रयोग गर्ने वातावरण बनाइदिएकोमा लोग्नेप्रति सकारात्मक धारणा पैदा हुन थाल्यो। ऊ राति निद्रा नलाग्दा उदयलाई फोन गर्थी। 'युट्युबमा योगनिद्रा सुन्दै सुत न' भनेर ऊ मेसेज पठाइदिन्थ्यो। बिहान भएपछि 'उठ्यौ?' भनेर मेसेज गर्थ्यो। "दिनैपिच्छे के सोधिराखेको? बिहान उठ्नु कुन ठूलो कुरा हो र?" एक पटक उसले यसो भन्दा 'ल... धेरै ठूलो कुरा हो नि! राति सुतेका धेरै मानिसहरू आज बिहान ब्युँझिएनन्, बिहान उठ्न पाउनु ठूलो कुरा हो बुझ्यौ?' भनेपछि ऊ चुप भएकी थिई। बोल्दा बोल्दै ऊ तपाईंबाट कहिले तिमीमा झर्‍यो भन्ने पनि उसलाई थाहै छैन।

भेट्यो कि झगडा गर्ने श्रीमतीको व्यवहारमा एकाएक परिवर्तन आएपछि उच्च ओहदावाला पति अलि नजिक हुन खोजेझैँ गर्न थाल्यो, तर उसले खासै वास्ता गरिन। एउटै घरमा बसेर दुई जनाको फरक दिनचर्या आफ्नै तरिकाले अघि बढिरहेको थियो। धेरै पछि ऊ राम्री भएर अफिस जान थालेकी थिई। मानसिक तनावले बढेको शारीरिक तौल घटाउन मर्निङ वाकमा जान्थी, खाना थोरै खान्थी। वर्षौंदेखि खुम्चिएको लुगा लाउँदै आएकी उसको कपडामा आइरन पर्न थालेको थियो।

एक साँझ ढोकाको छेउमा पुग्दा ठूलो स्वरले बोलिरहेको लोग्नेको आवाज कानमा परेपछि ऊ टक्क रोकिई। टेलिफोनमा ऊ कसैलाई भनिरहेको थियो– "तिमी नरिसाऊ न! मैले तिमीबिना मेरो जीवनमा अरू कसैको कल्पना नै गरेको छैन। सानातिना गल्ती मानिसबाट भइहाल्छन नि्, इस्यू नबनाऊ न!"

अकस्मात् ढोका खोल्दा श्रीमतीलाई देखेपछि 'सबै संवाद सुनी, अब यसले के गर्ने हो?' भनेर ऊ कुनै पनि कुरा फेस गर्नका लागि मानसिक रूपमा तयार भएको थियो, तर उसले थाहा नपाएझैँ गरी। जीवनमा कतिपय कुराहरू थाहा पाएर पनि नपाएझैँ गर्दाको पीडादायी आनन्द ऊ प्रत्यक्ष महसुस गरिरहेकी थिई। जीवनमा मौनता धेरै ठूलो शक्ति रहेछ भन्ने पनि उसलाई लागिरहेको थियो।

एक्लै भएको बेला उदयजङ्गको व्यवहार सम्झिएर मुस्कुराउँथी। सम्बन्धको यात्रा र गन्तव्य कहाँसम्मको हो, निश्चित थिएन। एक दिन कम्प्युटरमा एउटा फाइल खोज्ने क्रममा उसको हातमाथि आफ्नो हात राखेर उसले माउस चलाउँदै गर्दा कुनै नाइँनास्ति गरिन। त्यो साँझ र रातभरि मनभित्र ठूलो आँधी चल्यो। 'वर्षौंदेखि आफूले एक्लो महसुस गर्दै आए पनि दुई जना छोराछोरी छन्, लोग्नेको व्यवहार त्यस्तो भए पनि पदले जुटाएको नाम छ, घरपरिवारका सदस्यले के भन्लान्, माइतीको इज्जत, साथीभाइ...। मलाई के भइरहेको छ? म कता धकेलिँदै

छु?' मन र मस्तिष्कभरि प्रश्नैप्रश्नले ठाउँ लियो, तर उपयुक्त जवाफ भेटिएन। यदि लोग्नेले राम्रो व्यवहार गरिदिएको भए आफू अर्को पुरुषसँग नजिक हुने थिइनँ भन्ने कुरामा भने ऊ निश्चित थिई।

उदयको वैवाहिक अवस्थाबारे उसले कहिल्यै सोधिन, न त उसले नै सोध्यो। लोग्नेको गाडी भए पनि खासै प्रयोग गरिन, गर्ने अवस्था नै थिएन। कतै सँगै हिँडेको भए पो चढ्नु? एक पटक नातेदारको विवाहमा जाँदा चढेकी थिई, तर त्यो गाडीमा बसुन्जेल उकुसमुकुसझैँ भएको थियो। उदयको साधारण मोटरसाइकल थियो। एक दिन म घर नजिक छाडिदिन्छु भन्यो। मोटरसाइकलको पछाडि बस्दा उसलाई सबैभन्दा सुविधायुक्त सवारी साधनमा चढेजस्तो लाग्यो। सङ्गत गर्दै जाँदा थाहा भयो, ऊ काठमाडौँमा एउटा कोठामा बस्दो रहेछ। एक दिन अफिस छुटेर बाइक चढेपछि भन्यो– "म सानो कोठामा बस्छु, बस्ने ठाउँ खासै राम्रो छैन। अव्यवस्थित छु, सामानहरू मिलाएको पनि छैन। मीठो चिया बनाएर खुवाउँछु, मिल्छ भने एकछिन जाऊँ?"

उसले कुनै जवाफ दिइन। अलि पर पुगेर सोध्यो– "अब कुन बाटो जाने निर्णय गर्नुपर्छ, कता जाऔँ?"

कुन बाटो जाने, बडो दोधारमा थिई ऊ। 'हुन्छ; चिया होइन, कफी खाने नि हुन्न?' भनेपछि ऊ आफ्नो कोठातिर लाग्यो। कोठा सानो थिएन, तर सामान असरल्ल छरिएकाले साँघुरोझैँ देखिन्थ्यो। अलि पर पर्दाले ढाकिएको सानो चिटिक्क परेको भान्सा थियो। कोठा पुग्नुअघि बाटैबाट किनी लगेको दूध तताएर ऊ कफी घोट्न थाल्यो। ठूलो कम्पाउन्डमा बनेको आफ्नो घरका फराकिला कोठाहरू र सुविधासम्पन्न भान्साभन्दा त्यो सानो कोठा उसलाई आफ्नो झैँ लाग्यो। बस्दाबस्दै लोग्नेले बेलाबेलामा भन्ने गरेको सम्झिई– "यत्रो घरमा बस्न पाएकै छेस्, के चाहियो? खानलाउन दिएकै छु, माइतीको ल्याएर खुवाएको त होइन नि! मेरो कमाइ पकाएर खुवाउन पनि कत्रो महाभारत?" वचनले मनमा घोचिरहेको बेला कपमा कफी बोकेर उभिएको उसले 'कता हराएकी हौ?' भन्दै हातमा कफीको कप राखिदियो। घरमा सधैँ आफूले बनाएको मात्रै खाएकी उसले अरूको हातको खान पाउँदा असीम खुसी र आनन्द महसुस गरी। दूध र चिनी राखेर घोट्दाघोट्दा फिँजैफिँज बनेको कफी साँच्चै मीठो थियो।

"कस्तो मीठो कफी!" पटकपटक दोहोऱ्याई।

"म खाना पनि मीठो बनाउँछु, एक दिन खाउँला।" उसले भन्यो।

त्यस दिन माइक्रो बस चढेर ऊ घर फर्किई।

दिनप्रतिदिन उसको त्यो एउटा कोठा उसलाई आफ्नो घरभन्दा सुरक्षित लाग्न थाल्यो। अचम्म त के भने कोठामै आउनेजाने गरी निकटता बढ्दा पनि उनीहरू एकअर्काले परिवारका बारेमा सोधखोज गरेनन्।

एक दिन बाहिर पानी परिरहेको थियो। शुक्रबार भएकाले तीन बज्नुअघि नै उनीहरू अफिसबाट निस्किएका थिए। सदाझैँ ऊ कफी घोटिरहेको थियो, छेउमा उभिएर हेरिरहेकी उसले अकस्मात् नै उसको काँधमा टाउको राखी। दुवैका हातका औँलाहरू थरथर कामिरहेका

थिए। त्यत्तिकैमा ग्यासमा बसाएको दूध उम्लिएर पोखिएपछि हतारहतार उसैले ग्यास बन्द गरी। 'म के गरिरहेकी छु?' उसले आफूलाई प्रश्न गर्नै नपाई दुवै ओछ्यानमा पल्टिए। छुवाइमै आफूलाई सीमित राख्ने सोचिरहेकी उसका आँखाअगाडि एक्कासि उसको पति र उसकी प्रेमिका देखा परे। उसले यसै गरी त त्यो महिलालाई छोयो होला, नजिक भयो होला भनेर सोच्दासोच्दै ऊ निकै अगाडि बढिसकेकी थिई। पतिसँगको बदलाको भावनाले शरीर र मन दुवैलाई नियन्त्रणभन्दा बाहिर पुऱ्यायो। सँभालिँदै गर्दा आमाले भनेको सम्झिई– "महिलाले अरू जेजे गरे पनि धर्म छाड्नु हुँदैन।" कसैको सामु नाङ्गो हुनु सानोतिनो कुरा थिएन। त्यसरी आफूले कुनै दिन धर्म छाडुँला भनेर उसले सोचेकी पनि थिइन, तर परिस्थितिले उसलाई नसोचेको गन्तव्यतिर डोऱ्याइरहेको थियो।

घरमा पुग्दा श्रीमान्लाई बगैँचामा उभिई फूलमा पानी हाल्दै गरेको देखेर छक्क परी। त्यति चाँडो ऊ घरमा नआएको वर्षौं भएको थियो। छोराछोरी बाबुको अघिपछि गरिरहेका थिए। उसले पतिसँग आँखा जुधाउन सकिन। वर्षौंदेखि नजुधाएका आँखा जुधाउनुपर्ने आवश्यकता पनि थिएन, तर सधैँ ठाडो भएर घर भित्रिने शिर केही झुकेजस्तो आफैलाई महसुस भयो। चुपचाप कोठामा गएर तल भान्सामा झर्दा अचम्मको दृश्य देखी। लोग्ने भान्सामा खाना बनाउने तयारी गरिरहेको थियो। बच्चाहरू प्याजलसुन काट्न सघाइरहेका थिए। 'लौन, के हो यस्तो?' विश्वास गर्नै गाह्रो हुने दृश्य थियो त्यो। तरकारी के खाने होला भनेर फ्रिज खोल्दै गर्दा पतिको मुखबाट आवाज निस्कियो– "मैले ल्याइसकेको छु। तिमी आज बस, म पकाउँछु।"

छक्क पर्दै ऊ भऱ्याङ उक्लिएर कौसीमा गई। पश्चिम अकाशमा घाम डुब्न लागेको दृश्य उदास-उदास थियो। मनभित्रको सन्नाटालाई चिर्दै आएको फोन उठाई, पतिको ड्राइभरको रहेछ। भनिरहेको थियो– "म्याम, अब सर त्यो उताको म्याडमसँग कहिल्यै जानुहुन्न। ठूलो झगडा भयो आज। हजुरले सरसँग राम्रो व्यवहार गर्नुहोला।"

कोठाभित्र छिर्दा केके कुरा फरकझैँ लाग्यो। पतिको कोठाको सिरक, औषधीलगायतका कुराहरू उसको बेडरुममा थिए। कोठाका सामानहरूले करिब डेढ वर्षपछि पतिको सामीप्य पाउने निश्चित रहेको देखाइरहेका थिए। आफ्नो जीवनमा के भइरहेको छ भन्ने उसले बुझ्न सकिरहेकी थिइन। राति ओछ्यानमा पल्टिएपछि हात समाउँदै लोग्नेले भन्यो– "विगतमा जे भयो, भयो; त्यसलाई बिर्सिदेऊ। अब मबाट त्यस्तो हुने छैन।"

जवाफमा उसले प्रश्न गरी– "यदि तपाईंले जस्तै मैले गरेकी भए के गर्नुहुन्थ्यो?"

उसले आफूतिर तान्दै भन्यो– "तिमी त्यस्तो कहाँ गर्न सक्छ्यौ र? तिमीले नै धर्म छाड्यौ भने त परिवारै कहाँ रहन्छ र?"

◆

दिलीप शाह

# चङ्गा



सहरले अनगिन्ती विशेषता बोकेको हुन्छ हजार जिब्रे शेषनागलाई पनि वर्णन गर्न सकस पर्ने। तीमध्ये उल्लेख नगरी नहुने एउटा महत्त्वपूर्ण विशेषता भनेको सहरका विभिन्न स्थानमा, खास गरी खोला किनारमा सुकुम्बासी टोलको अनिवार्य अवस्थिति हो। यस्ता टोलमा प्लास्टिक, बाँसको चोया, कागजको कार्टुनले बेरबार पारी घामपानी छेक्न लायक बनाइएका छाप्रा ठडिएका हुन्छन्।

त्यस्ता बस्तीमा फोहरको डङ्गुरमाथि सुँगुरका पाठासरि नाङ्गैभुतुङ्गै खेल्ने केटाकेटी, सूर्योदयदेखि सूर्यास्तसम्म खोयाबिर्केले झुल्लमान बूढाबूढी, भोलेनाथको बुटीले लट्ठ रालसिँगानको आहालमा डुबेका अलमस्त युवाहरू यत्रतत्र देखिन्छन्। यहाँका छाप्राभित्र सूर्यको किरणको पहुँच नगण्य मात्रामा हुने भएकाले उज्यालोका लागि दिनमै मैनबत्ती सल्काउने गरिन्छ। यस्ता टोलमा चुट्कीमा शिशिर तथा वसन्तले पिठ्यूँ फर्काइहाल्छन्, हिउँद र बर्सातले भने लामै समयसम्म दाह्रा फटाइरहन्छन्।

तर आश्चर्य! नगण्य मात्रामा प्रवेश गर्ने चिम्टीभरको उज्यालो र चुट्कीभरको वसन्तमा पनि सुकुम्बासी टोलका बासिन्दाको मुहारमा लालीगुराँस फक्रेकै हुन्छ। धपक्क उज्यालो पोतिएकै हुन्छ। प्रणयलीला चलेकै हुन्छ। शिशुको चिहाँ... चिहाँ... सुनिएकै हुन्छ। चाडपर्वमा नाचगान, रमाइलो चलेकै हुन्छ। ठिटाठिटीका ओठमा मायाप्रीतिका गीत झुन्डिएकै हुन्छन्। यसको अर्थ जिन्दगीले लय समातेकै हुन्छ।

देख्नेलाई लाग्छ, उनीहरूलाई दुर्गन्धले भरिएको खोला किनारको बसाइ तथा चरम अभावसँग रत्तीभर गुनासो छैन। यो उनीहरूको कष्टकर जिन्दगीले सिकाएको जिउने कला हो कि?

× × ×

यस्तै एउटा सुकुम्बासी टोल काठमाडौँ महानगरीको सुकेधारानजिकको धोबीखोलाको किनारमा अवस्थित छ। केश पाकेका टोलवासी 'नोस्टाल्जिक' हुँदै गुनासो पोख्छन्– "कठै! त्यो पनि जमाना थियो जुन बेला यही धोबीखोलामा कलकल सङ्लो पानी बग्थ्यो। खोलामा डुबुल्की मार्दै पौडी खेलिन्थ्यो। झ्याउरे गीत गाउँदै माछा मारिन्थ्यो।"

अहिलेको पुस्तालाई बूढापुरानाको भनाइ एकादेशको कथा लाग्छ, किनभने यही धोबीखोला सहरवासीको ढलमा परिणत भइसकेको छ। विकासको नाममा स्थापना गरिएका उद्योगको निकास भएको छ। यसैले खोलामा पानी कम, मलमूत्र र केमिकल बढी बग्छ। हावा कम, दुर्गन्ध ज्यादा बहन्छ। भ्यागुताको ट्वारट्वार सुन्न असार नै पर्खिनुपर्छ। प्रत्येक बिहानीको

आगमनसँगै काग, चिल, सुँगुरका बथानले डङ्गुर फोहोर र नगरपालिकाले फालेको सिनोमाथि लुछाचुँडी गर्न सुरु गर्छन् र टोललाई रछ्यानमा परिणत गर्छन्।

बर्सातमा त झन् कहालीलाग्दो दृश्य देखिन्छ। बाढीले सहरभरिको फोहोर बढारेर ल्याउने गर्छ र निकास तिनै झुप्रालाई बनाउने गर्छ प्रसादका रूपमा फोहोर थुपारेर। प्रसादसम्म छाडे त स्वीकार गर्न हुन्थ्यो, भोलिपल्ट औषधी छर्केर गन्ध मारे भइहाल्थ्यो।

तर यस्तो बर्सातमा पूरै बस्तीलाई नै बाढीले चुर्लुम्म डुबाउने गर्छ। बाढीले डुबाउँदा सुकुम्बासीसँग रामनाम जप्नुसिबाय अर्को विकल्प रहँदैन। कुरा अर्कै हो, रामनाम जप्दा उनीहरूमा अचम्मको आत्मविश्वास फुर्ने गर्छ र यसै मेसोमा उनीहरू छोटामोटा योजना बनाउन भ्याइहाल्छन्– 'यमलोकमा हाम्रै वर्गको भीडभाडले गर्दा पक्का पनि तुरुन्तै हाम्रो नम्बर आउनेवाला छैन। नम्बर आउन कमसेकम दुईचार बर्खा लागिहाल्छ। त्यस बेलासम्म छाप्रो टालटुल गर्न कसो नसकिएला? छोराले कमाउन सकेछ भने नजिकको तीर्थ पनि भ्याउन सकिहालिन्छ कि?'

× × ×

पुड्के यही बस्तीको भुसुनो आकारको बासिन्दा हो। पुड्केलाई चार वर्षअगाडिको यस्तै त्रासदीपूर्ण र कहालीलाग्दो रातको धिपधिपे सम्झना छ। उसको उमेर त्यस्तै १४ को आसपास हुँदो हो।

भाद्र महिनाको अन्तिम हप्तातिर हुनुपर्छ। महिनाको हिसाबले बर्सात निख्रिसक्नुपर्ने थियो। निख्रिने छाँटकाँट देखिइरहेको थिएन, किनकि तीन दिनदेखि अविरल मुसलधारे वर्षा भइरहेको थियो। ऊ चिसो भुइँमाथि ओछ्याइएको जुटको बोरामाथि पल्टेर परेला चिम्लिने असफल प्रयास गर्दै थियो। उसको प्रयत्नमाथि दुई वटा चिजले व्यवधान उत्पन्न गरिरहेका थिए।

एक : त्यही अविरल मुसलधारे वर्षा।

वर्षा यति भयानक थियो कि छानोमाथि हालेको प्लास्टिक छेडेर उसकै सामुन्ने ससानो खोलाजत्रो पानीको मुस्लो बगिरहेको थियो। केही बेरसम्म त उसले पानीको मुस्लो बगेको ठाउँमा थोत्रामोत्रा भाँडाकुँडा थापेर जमिन ओभानो राख्ने असफल प्रयत्न गरेको थियो। तर लामो समयसम्म बर्सातले रोकिने नाम लिएको थिएन। पानीको परिमाण यति धेरै थियो कि भाँडामाथि पानी अटाउन सम्भवै भएन। र, पानीले आफ्नो गुण देखाइहालेको थियो। अर्थात् भेल बगेर ऊ पल्टिरहेको टाटमाथि बग्न थालेको थियो।

दिनमा भएको भए ऊ बाहिर टहल्न निक्लिन सक्थ्यो। मन्दिर, पसल अथवा त्यस्तै सार्वजनिक स्थानमा ओत लागेर समय भन्ने जन्तुमाथि छुरी चलाउन सक्थ्यो, तर त्यो पर्‍यो रात। बाहिर निस्पट्ट अँध्यारो थियो। बीचबीचमा बिजुली चम्केको, बादल गर्जेको र पानी दर्केको आवाजले वातावरण झनै त्रासदीपूर्ण बनाउँदै थियो। रातभरि भुकेर निद हराम गर्ने भुस्याहा कुकुरहरूको आवाज पनि सुनिएको थिएन। मुसो पनि दुलाभित्रै आराम फर्माउँदै थिए कि? आहारको खोजमा खुर्रखुर्र दौडेको देखिएन। च्याँच्याँचूँचूँ सुनिएन। लामखुट्टे पनि भित्तामाथि ओत लागेका थिए कि? गुनगुन सुनिएन।

दुई : बूढाबूढीको खुसुरपुसुर।

असमयमै बूढा र अशक्त भइसकेका दुई प्राणी कुनामा डल्लो परेका थिए। दुवैको स्वर दबेको थियो। उनीहरूलाई डर र भयको च्यादरले ग्वाम्लाङ्ग छोपेको प्रतीत हुन्थ्यो। मृत्युको कालो छाया दुवैको चेहरामा अङ्कित थियो होला।

"बिहान देख्न पाइन्न कि क्या माइली?" बूढाले स्वाट्ट देउरालीको सर्को तान्दै लहरे खोकी निकालेका थिए। खोकीको साथमा चरम त्रासको बाफ ह्वास्स निक्लेको थियो।

"मलाई पनि कताकता त्यस्तै लाग्छ।" बूढीले बूढाको हात मुसार्दै ल्याप्चे ठोकेकी थिइन्।

"परान सजिलै फुस्स गए त हुन्थ्यो। हातखुट्टा भाँचिएर अपाङ्ग भई थला परियो भने...।" बूढाले चिन्ताका लामालामा धर्सा कोरेका थिए। 'औषधीमुलो नपाई कुहिएर मरिने हो कि?' थप्न खोजेका थिए। थपेनन्।

"कस्तो दुर्वाच्य बोलेको? पुड्केले सुन्यो भने...।" बूढीले अँध्यारोमै हत्केलाले बूढाको मुख छोपेकी थिइन्।

पुड्केले नचाहँदानचाहँदै पनि बूढाबूढीको खुसरपुसर र खुसरपुसरमा अन्तर्निहित भावार्थ बुझिहालेको थियो। ऊ आशय बुझेर स्तब्ध र विचलित भयो पनि। यस्तो किनभने उनीहरूबाहेक यो दुनियाँमा उसको आफ्नो भन्ने कोही थिएन। मायाले चिउँडो सहलाउने आफन्त थिएनन्। शिर छिपाउने अर्को छहारी थिएन। केही गरी उनीहरूले शङ्काको टुसो उमारेजस्तै विपत्ति आइलाग्यो भने ऊ टुहुरो हुनु अवश्यम्भावी थियो। टुहुराको अर्थ र टुहुराले भोग्नुपर्ने यातना, कटाक्ष, अपहेलनाका बारेमा थाहा पाउने उसको उमेर भइसकेको थियो। यसैले पनि ऊ पहिलो पटक जानेजतिका भगवान्का नाम बेस्सरी उच्चारण गर्न थालेको थियो।

'भगवान्को साथमा मोबाइल पो छ कि छैन? चार्ज पो सकिएको छ कि? यस्तो बेलामा त्यहाँ पनि बिजुली गएकै होला।' उसले पाँच सय रुपियाँको खुइलिएको चाइनिज मोबाइल छामछुम पारेको थियो। 'ज्या... पुजारीसँग भगवान्को नम्बर माग्नै बिर्सेछु। केही छैन। सर्वज्ञकहाँ मेरो प्रार्थना नपुग्ने प्रश्नै भएन।' थाहा भएन, यस भनाइमा ठट्टाको मिश्रण थियो अथवा जस्तै असहज परिस्थितिमा पनि सहज हुन सक्नुपर्छ भन्ने उसलाई सिकाइएको संस्कार। जे होस्, अन्तमा उसले आफ्नै देशको स्थायी बासिन्दा मानिएका भगवान् पशुपतिनाथको नाम उच्चारण गर्न थालेको थियो पहिलेको भन्दा अलिकति जोडले। भगवान् शङ्करको नाम उच्चारण गर्दा उसका आँखाका पुतलीमा छमछमी आशा नामको किरण नाचेको हुन सक्थ्यो, किनकि उसकी आमाले सरल भाषामा सिकाएकी थिइन्– "भगवान् भोलेनाथ भक्तजनका वास्तवमै संरक्षक हुन्। आपत्विपत् पर्दा सच्चा मनले उनैको नाम उच्चारण गर्नू, विपत् छुमन्तर भइहाल्ने छ।"

तर उसको पुकारा र प्रार्थना सुनी पुकाराउपर कार्यवाही गर्न भोलेनाथलाई फुर्सद थिएन वा उनी कैलास पर्वतमा पार्वतीसँग रासलीला रच्दै थिए वा नन्दीभृङ्गीसँग जरुरी मिटिङमा व्यस्त थिए वा ऊ भगवान्लाई खुसी बनाउने हैसियतको बनिसकेको थिएन, उनै जाने। बूढाबूढीले आशङ्का गरेअनुसार नै उसको जीवनमा भयानक प्राकृतिक विपत् आइलागेको थियो। मध्यराततिर अचानक छाप्रो गर्ल्यामगुर्लुम ढलेको थियो र बूढाबूढी साउती गरिरहेकै

अवस्थामा भेलद्वारा हुत्याइएका थिए। भोलिपल्ट खोजी गर्दा उनीहरूका लास सय मिटरजति पर खोलाको छेउमा बालुवामा घोप्टो परेको अवस्थामा भेटिएका थिए।

ऊ भने यो सब हेर्नलाई कसरी हो, अर्ध जीवित र मरणसन्न अवस्थामा फेला परेको थियो। लीला कसको हो? थाहा भएन।

× × ×

पुड्केले पनि आमाबाबुसँगै हुरुक्क सास फालेको भए थोरै मात्र सास्ती हुन्थ्यो होला, एकै पटक मात्र कष्ट हुन्थ्यो होला। तर अभागी पुर्पुरो! उसले फेरि नमरुन्जेल हजारौँ पटक मर्नुपर्ने भयो। सबभन्दा पहिले टाउको छिपाउनलाई भत्केको छाप्रो ठड्याउनुपर्‍यो। प्वाल टालटुल बनाउनुपर्‍यो। टाउकोमाथि ओत मात्र भएर भएन, पेटभित्र चारो हाल्नैपर्‍यो। यसका लागि सरजाम जुटाउनैपर्‍यो। बूढाबूढी बाँचुन्जेल उसलाई भातभान्साको सरोकार थिएन, मतलब थिएन। बिहानसाँझ सडक नापेर झुप्रोभित्र पस्दा हातमुख जोर्न पाइहालिन्थ्यो। आमाबाबुको शेषपछि भने उसको होस खुल्यो, ज्ञान प्राप्त भयो। त्यो के भने यी सब सरजाम जुटाउनका लागि दाम चाहिने रहेछ र दाम कमाउनलाई हातखुट्टा चलाउनैपर्ने रहेछ।

× × ×

छाप्रोमाथि ओत हाल्नलाई, पेट पाल्नलाई उसले सडकमा ठेला गुडाउन थाल्यो। ज्यामी काम गर्न थाल्यो। काम नपाएको दिनमा गल्लीगल्ली नापेर थोत्रामोत्रा बटुल्न थाल्यो। यसरी ऊ पापी पेटका लागि पाएजति सब काम गर्न अग्रसर भयो। कामबाट आउने मजदुरीले उसको जिन्दगी अत्यन्त सुस्त गतिमा बग्न लाग्यो– अहिलेको धोबीखोलाजस्तै रोकिईरोकिई।

समय नामको जन्तु फड्किँदै गर्दा उसको उमेरले थपक्क २० मा टेक्यो। सधैँझैँ बर्सात सकिएर हिउँद सुरु भयो। हिउँद सुरु भएर पनि उसले नचाहेरै हड्डी कमाउने जाडोले दारा फटाइहाल्यो।

माघको १ गते। उसलाई ठ्याक्कै सम्झना छ। हो, माघको १ गते। उसले दिनभर हत्केलाभरि फोका, शिरदेखि पाइतालासम्म पसिनाको धारो बगाउँदै ठेलामाथि सिमेन्ट र छड ओसारपसार गरेको थियो। यसबाट प्राप्त मजदुरीबाट दुई छाकलाई चाहिने सामान किनेको थियो– एक किलो चामल, एक पाउ गुन्द्रुक, तेल, आधा मुठी नुन, बेसार र थोरै धनियाँ। जीउ तताउनका लागि एक गिलास लोकल किन्ने इच्छा नभएको होइन, तर मन मार्नुपर्‍यो, किनकि नुन र बेसारले नै जेब टकटकिइसकेको थियो।

प्लास्टिकको झोलामा सामान बोकेर ऊ छाप्रोभित्र पसेको थियो। छाप्रोभित्र पसी स्टोभ बालेर खाना पकाएको थियो र जसोतसो आधाउधी पापी पेट भरेको थियो। तर अधर्मी जीउलाई न्यायो गर्ने व्यवस्था त थिएन। उसको जीउमा एकसरो कपडा मात्र थिए, ती पनि चाल्नो भइसकेका। ओढ्नेको नाममा एउटा पातलो १० ठाउँमा फाटेको बर्को थियो। ओछ्याउनेको नाममा जीर्ण गुन्द्री। दिनभरिको थकाइले लस्त भएकाले ऊ त्यही फाटेको बर्को ओढेर जीर्ण गुन्द्रीमाथि पल्टेको थियो। सोचेको हुँदो हो, थकाइले गर्दा पल्टिनेबित्तिकै निद्रादेवीले निम्तो पठाइहाल्ने छिन्।

जाडोको महिना। झल्ल्याङ ओढ्ने, ओछ्याउने। चिसो सिरोटेले तारन्तार घोचिरहेको अवस्था। भुत्राको निद्रा लागोस्! उसले केही छिनसम्म मरेका आमाबाबुलाई भाग्यमानीको पगरी गुथाउँदै लामो सुस्केरा काढेको थियो– "अहिलेसम्म बाँचेको भए प्रत्येक हिउँदमा दिनदिनै हुरुक्क सास फाल्नुपर्थ्यो। बाढीमा काठ भए। धन्न दुवैलाई मासुभात खाएसरि भयो। मलाई पो...।"

जमिनमुन्तिरबाट ओस र चारैतिरबाट चिसो सिरेटोले घोचिरहेकाले केही राहत पाउने आसामा घुँडामाथि च्यापू राखी ऊ टुक्रुक्क बसेको थियो। गिजाभित्र खैनी कोचेर रस निकाल्दै कनपटीमाथि दुवै हात राखेको थियो। ऊ लामै समयसम्म 'खैनी कोच' आसनमा बसेकाले गर्धन अरराट भएको महसुस गरेको थियो। गर्धनलाई राहत दिन टाउको उठाएको थियो। गर्धन दायाँबायाँ घुमाएको थियो।

सुखद आश्चर्य! छाप्रोमा ढोका थिएन। ढोका नभएपछि आग्लो लगाउनुपर्ने कष्ट बेहोर्नैपरेन। ढोका, आग्लोको आवश्यकता किन परेन भने छाप्रोभित्र मूल्यवान् भनिने, चोरी गर्न लायक सामानमा त्यही चाल्नो ओछ्यान, फाटेको तन्ना र थोत्रा भाँडाकुँडा मात्र थिए। यही एकमात्र कारण उसका लागि ठूलै वरदान साबित भयो। त्यो के भने बाहिरको संसार अवलोकन गर्न उसलाई कुनै बारबन्देज भएन।

खोलाको पारिपट्टि लस्करै तीनचार तले महल थिए। उसले स्ट्रिट लाइटको उज्यालोमा घरको गन्ती गर्न सुरु गरेको थियो– एक... दुई... तीन... चार... दस। १० भन्दा अगाडि ऊ बढेको थिएन। गन्ती गर्न नआएर होइन कि झर्को लागेर। किन हो, १० बाट उसले उल्टो गन्ती सुरु गरेको थियो– दस... नौ... आठ... एक। एकमा ऊ टक्क अडिएको थियो। घर नम्बर १ उसको छाप्रोको ठीक पारिपट्टि थियो जसको गतिविधि बिना टिकट बडो स्वादले नियाल्न सकिन्थ्यो।

मध्यरातको आसपास भइसकेकाले घर नम्बर १ को बरन्डा, गेटका बत्ती निभाइएका थिए। साथै तेस्रो तलाको सडकपट्टिको एउटा कोठाबाहेक सबै कोठा अँध्यारा थिए। रातको समय, सिसा भएको झ्यालको पर्दा आधा खुला रहेकाले त्यस कोठाभित्रको आकृति र उसको गतिविधि पुड्केको झुपडीबाट सहजै आकलन गर्न सकिन्थ्यो।

कोठाभित्र एउटा नारी आकृति सलबलाइरहेको थियो। नारी नै किनभने उसले हल्का गुलाफी रङको बुट्टेदार नाइट गाउन पहिरेकी थिई। गर्धनसम्म आउने छोटो कपाल थियो जुन पूरै छाडेकी थिई। ऊ पटकपटक पूर्ण कदको ऐनाअगाडि उभिएर निर्वस्त्र हुन्थी र दर्जीले कपडा सिलाउन टेपले नापेजस्तो गहिरोसँग, उत्सुकतापूर्वक हरकोणबाट आफ्नो छाती, बारुले कम्मर, पोखिन तयार तालजस्तो नाभिस्थल, बेदाग पहेँला तिघ्रालगायत पूरै शरीरको नापजाँच गर्थी। नापजाँचमा चरम कौतूहलको घोल हुन्थ्यो।

यतिले चित्त नबुझेर ऊ दुवै हातले उठेको छाती, दबेको नाइटो, छिनेको कम्मर तथा अन्य संवेदनशील भागलाई अत्यन्त मुलायम तरिकाले सुमसुम्याउँथी। दायाँबायाँ, अगाडिपछाडि नियाल्थी। ढाड निहुराउँथी र केराका थामजस्ता पिँडौला हेरेर आफै मक्ख पर्दै मसक्क मस्किन्थी।

कलाकारले नाटकमा अभिनय गरेजस्तो कपाल पछाडि सारेर चेहरामा विभिन्न मुखाकृति बनाउँथी। विभिन्न भाव ल्याउँथी। एकसाथ हाँसेको, रोएको, खितखिताएको, सोकिएको, हर्षबिभोर भएको अभिनय गर्थी। यसो गर्दा उसको मुहारमा कहिले पूर्ण सन्तुष्टि नाच्थ्यो भने कहिले हल्का असन्तुष्टि। कहिले खुसीका धानका बाला झुल्थे भने कहिले दिक्दारीका काला बादल मडारिन्थे। कहिले हर्षको झरीले चुर्लुम्मै भिजेको हुन्थ्यो भने कहिले त्रासको भूतले तर्साएझैँ लाग्थ्यो।

× × ×

'कल्पना गरौँ न साथी! कल्पना गर्नलाई हात्ती नै चाहिने त होइन नि! फेरि मजस्ता हरितन्नमलाई सुन्दर कुरा सोच्नै नहुने, सुन्दर वस्तु हेर्नै नहुने, सुन्दर कल्पना गर्नै नहुने कुनै शास्त्रमा लेखेको छ जस्तो लाग्दैन। कुनै पण्डितले पनि भनेको छैन होला।' यथार्थ हो कि भ्रम मात्र, यस्तो अलौकिक सोचको दूबो गिदीभित्र झाँगिएपछि उसले हल्का न्यानो अनुभव गरेको थियो। ओठका दुई कुनामा एक चिम्टी हाँसो फनक्क नाचेको थियो। त्यही थोरै न्यायोपनलाई भाग्न नदिन आसन बदली ऊ पलेटी कसेर बसेको थियो। पुन: एक फाँको खैनी गिजाभित्र कोचेको थियो र कल्पनाको चङ्गा उडाउन थालेको थियो।

× × ×

ऊ अहिले धोबीखोलाको दुर्गन्धित किनारको झल्ट्याङ झुपडीभित्र बसी जाडोले थुरथुर काँपिरहेको थिएन। ऊ कन्थे पुड्के नभएर दन्त्यकथाको राजकुमार वा कुनै खाडी देशको सुलेमानमा रूपान्तरण भइसकेको थियो। जीउमा किमती कपडा थिए। नाडीमा रोलेक्स घडी थियो। गर्धनमा दुई तोलाको सिक्री थियो। यति भएपछि जीउमा सुट र आँखामा गगल्स हुने नै भयो।

ऊ गुलाफ, चम्पा, चमेली, सयपत्री ढकमक्क फुलेको बगैँचामा टहल्दै थियो। साथमा उही १ नम्बर घरवाली अप्सरा उसको काँधमाथि शरीरको भारी बिसाएर हिँड्दै थिई। अप्सराको जीउबाट आएको पर्फ्युमको मगमग बास्नाले उसको सारा शरीरभरि नजानिँदो झनझनाहट उत्पन्न गराइरहेको थियो। जीउको कापकापबाट अचम्मको उत्तेजित बनाउने खाले रस स्खलन हुँदै थियो। यो आनन्ददायक झनझनाहट र उत्तेजनालाई फुत्किन नदिन उसले हरसम्भव प्रयत्न गरिरहेको थियो।

टहल्दाटहल्दै उनीहरू लटरम्म फुलेको बगम्बेलीको झाडीमुन्तिर बिसाउन पुगेका थिए। धेरै बेर हिँडेको त होइन तर उसलाई हर्षमिश्रित परमानन्द भएको थकाइ लागेको थियो। केही बेर सुस्ताउन ऊ त्यहीँ लम्पसार पल्टेको थियो। अप्सराले उसको छातीलाई सिरानी बनाएकी थिई र ठाडो उकालो चढेर आएको घोडीको सास फेर्दै थिई। उसले आफ्नो दाहिने हातको हत्केलाको सिरानी बनाएको थियो र बायाँ हातका औँलाले अप्सराको मुलायम केश खेलाइरहेको थियो।

"मार्दिन्छु के! ठाउँकुठाउँ चलाउने होइन।" युवतीले नाकका पोरा फुलाएकी थिई। रोषमा मायाको चास्नी मिसिएको थियो।

"हिम्मत छ भने मार्ने!" कम्पित स्वरमा उसले दुई महिनाअगाडि शङ्खपार्कमा टहल्दै गरेकी प्रेमिकाले प्रेमीलाई हिर्काएको डाइलग दोहोऱ्याउँदै अप्सरालाई अँगालोभित्र कसेको थियो। अँगालोमा कसिरहेकै अवस्थामा अप्सराका ओठमा अनायास मजबुत किस ठोकिदिएको थियो। त्योभन्दा अगाडि बढ्ने उसले हिम्मत गरेको थिएन।

अधरपान गर्दा उसलाई तात्तातो आगोको भट्टीमा ओठ जोडेको अनुभूति भएको थियो। उसका गाला हुम्ली स्याउ भएका थिए– राता न राता। शरीरको रक्तसञ्चार एक्कासि ह्वात्तै बढेको थियो। जीउभरि लामालामा काँडा उम्रिएका थिए। काटेको कुखुरो भएर मुटु उफ्रिन थालेको थियो।

"लाछी...!" अप्सराले उसको कन्चटको रौँ थुत्त थुतेकी थिई। सायद ऐनमौकामा पछाडि हटेकोमा हुतीहाराको तक्मा भिराएकी हुन सक्थी।

"ऐ... य्या...!" ऊ चिच्याएको थियो।

"नामर्द...!" उसको अँगालोबाट छुट्टिँदै अप्सरा फत्केको फाँडो भएकी थिई। हाँसोले गर्दा झाडीभित्र चुच्चो जोडिरहेका चराहरू भुर्र उडेका थिए। जोडी लोखर्केले थुतुनोको रौँ हल्लाउँदै कान ठाडो बनाएका थिए।

"यहाँलाई मन्जुर छ भने म जिन्दगीभरि...।" उसले आसन बदल्दै परेला चिम्म गरेको थियो। उसले आफ्नो जीउ छाम्दा रनक्क रन्किएको थियो– डबल चाइनिज रग ओढेर रम पिएजस्तो।

× × ×

'थुइक्क पुड्के! तँ मोराले ऐनमौकामा परेला बन्द गर्नुपरेको।' उसले दायाँ छाम्यो। बायाँ छाम्यो। चारैतिर रित्तो, चिसो र भित्तोबाहेक केही भेटेन। भेट्ने कुरा पनि भएन। झीनो आशाका साथ उसले आफ्ना आँखालाई पुनः अप्सराको कोठासम्म तन्कायो। विडम्बना! कोठामा अन्धकारबाहेक केही थिएन।

तर ऊ अन्धकारको भुमरीभित्र भने बसिरहेन।

ऊ झुपडीबाट बाहिर निक्ल्यो। उज्यालोले बिस्तारै साम्राज्य फैलाउँदै थियो। टाढा कतैबाट चार पटक घण्टी ट्वाङट्वाङ हानेको आवाज उसका कानभित्र ठोकियो।

'कल्पनामै किन नहोस्, सहजै एक रातको जाडो त कट्यो नि! भोलिको रात देखा जाला।'

बेफिक्रीका साथ उसले जीउ तनक्क तन्कायो। आङ बटाऱ्यो। औँला पड्कायो र सुसेल्दै जिन्दगीको गाडी धकेल्न सडकमा ठेला गुडाउने सुरसार कस्न थाल्यो।

ठेला गुडाउँदै गर्दा उसले रातिको सिरेटो सम्झेन। आफ्नो नाङ्गो जीउतर्फ ध्यान दिएन। बरु घर नम्बर १ कै कोठाको बत्तीको उज्यालो, उज्यालोमा नाचेको सुन्दर मुहार र त्यसै सुन्दर आकृतिसँग कल्पनामै किन नहोस्, त्यसले दिएको न्यानो, बिताएको क्षण मात्र झलझली सम्झिरह्यो।

◆

महेश पौड्याल

# ओरालो



अविनाशले कतारबाट फोन गर्‍यो– “बाबा, म घर आउने भएँ दसैँमा।”

घनश्याम खुसी भयो। अविनाश गाउँ नआएको पनि पाँच वर्ष भइसकेको थियो। कान्छो विवेक बुहारीसहित बिर्तामोडमा थियो। बुहारी दुई जीउकी छे, यो पालि दसैँमा घर आउन सक्दैनौँ भनेर समाचार पठाएको थियो।

दसैँ खल्लो हुन्छ कि भनिरहेको बेला अविनाशको फोनले घनश्यामलाई खुसी तुल्यायो।

“अर्को हप्ता अलिकति पैसा पठाइदिन्छु आईएमई गरेर। खसी चैँ अलि ठूलो ल्याइरहनू है!”

“खसी पाए पो ल्याउनु गाउँमा!”

“बाबा पनि हँसाउनुहुन्छ। याङ्मामा खसी पाइँदैन?”

“पाइँदैन भन्दै छु त। बोका चैँ पाइन्छन्।”

“बा पनि क्या जोक हान्दिनुहुन्छ! बोका नल्याउनू है पाए पनि! मासु गनाउँछ। अनि घरमा अरू केके चाहिएको छ? धेरै ल्याउन त दिँदैन, ३० किलो दिन्छ।”

“आफू आइज न, अरू सबै छ त घरमा।”

“ल-ल, म आफै विचार गरेर ल्याउँछु। अहिले राखेँ। खसी चैँ...”

अविनाशले फोन राख्यो। उसलाई थाहा थियो– घरमा के चाहियो भनेर सोध्दा बाआमाले यो चाहियो भनेर कहिल्यै भन्दैनन्। उसले अघिल्लो चोटि आउँदा पनि उनीहरूले नभनी एउटा रेकर्ड-प्लेयर, दुई वटा कम्बल र केही लुगाफाटो ल्याएको थियो।

गाउँमा दसैँको चहलपहल सुरु भइसकेको थियो। घनश्याम र रुक्मिणी पनि आफ्नै ढङ्गले तयारीमा लागे।

दसैँको तयारी कहिल्यै एकमुस्ट नहुने। आज एउटा कुरा किनेर ल्यायो, भोलि केही छुटिराको अनुभव हुन्थ्यो। फेरि अर्को बान भर्‍यो, चाहिएको केही छुटिरहेको। अनि फेरि... घटस्थापना लागेदेखि नै घनश्यामले कि बिर्ल्याँटे जाने कि इलाम बजारै जाने र बजार भर्ने गरिरहेको थियो। आवश्यकता र विस्मरणले हरेक दिन बजार जा भन्थ्यो। तर उकालो र लामो बाटो। गोडाका जोर्नी पनि दुखिरहन्थे अचेल। डाक्टरलाई देखाउँदा भनेको थियो– “गाउट्स हो, धेरै नहिँड्नू।”

तर को जाने त बजार? रुक्मिणी नभ्याउने। ऊ गाउँकै सहकारीमा काम गर्थी। त्यतै जान्थी। त्यसैले सकीनसकी घनश्याम आफै जान्थ्यो बजार– तीन दिनमा एक दिन।

घनश्याम करिब ५० वर्षको थियो होला। ऊ बाल्यकलदेखि नै हिँडिरहेको थियो यो बाटो– उकालो-ओरालो, ओरालो-उकालो । पछि ठूलो भएपछि, बिहेदान भएपछि, घरको जिम्मेवारी आफ्नो काँधमा आएपछि र रहरहरू बाध्यतामा परिणत भइसकेपछि त उसले यो बाटो नहिँडी धरै पाएन।

उसले धेरै दिन तलमाथि गरेर दसैँ भित्र्यायो। बाटो तलमाथि नापिरहँदा सम्झ्यो– उहिले-उहिले बजारबाट ल्याउनुपर्ने चिज र ल्याउनु नपर्ने चिजको सूची आजको भन्दा बिलकुलै फरक हुन्थ्यो। केरा, चिउरा, दूध, दही, घिउ, पीठो... गाउँमै पाइन्थ्यो। त्यो दिन जुन दिन चामल, तेल, बेसार र तरकारी पनि पसलमा पाइन्छ भन्ने थाहा पायो, उसलाई संसारको एउटा नौलो आश्चर्यसँग साक्षात्कार गरेजस्तो लागेको थियो। 'यी कुरा त घरमै उत्पादन हुने होइनन् र?' उसको प्रश्न थियो। बजारबाट ल्याउने भनेको औषधी, साबुन, नुन, चिनी, बिस्कुट, लुगाफाटो, जुत्ताचप्पल, कापीकलम, घडी, टर्च, ब्याट्री, रेडियो, सियोधागो... यस्तैयस्तै। सानो सूची थियो।

र, अचेल बजार भर्न जाने भनेपछि प्रथमतः यिनै सामान उसको सूचीको शीर्ष भागमा आउने गरेका थिए। यसरी सूची लम्बिएको करिब एक दशक भएको थियो।

घरबाट करिब आधा घण्टा ओरालो हिँडेपछि गाउँलेहरू एउटा बरपीपल डाँडामा पुग्थे जहाँबाट उँधो बिब्ल्याँटेतिर जाने ओरालो निकै तलसम्म देखिन्थ्यो।

दसैँ नजिकिँदै जाँदा यो ओरालो बाटो पूर्ण रूपमा रङ्गीन देखिन्थ्यो। एक त पाकेर पहेँलपुर भएको धानको स्वर्णिम आभा अथवा पाक्ने तयारीमा झुलिरहेका धानका बालाको वयस्क हरियाली, बाटाको दायाँबायाँ उभिएका घरहरूको आँगन, करेसा बारी अथवा छेउछाउका आलीमा फुलेको सयपत्रीको मादक सुगन्ध र आकर्षक रङको खेल फरक हुन्थ्यो। र, यस अतिरिक्त बजार भरेर घर फर्कने अथवा देशविदेशबाट दसैँ मान्न गाउँ फर्कनेहरूका नयाँनयाँ लुगा, झोला, सुटकेस, उत्साह, प्रेम र अलिअलि रवाफले छरेको रङमा पुलकित हुन्थ्यो यो बाटो। घर फर्कंदै गरेका आफन्त, दाजुदिदी वा छोराछोरी हेर्न यस बरडाँडामा आइपुगेका विभिन्न वयका गाउँलेहरू धेरै तलदेखि चिनेजस्तो गर्थे आफ्नो परिवारको छाया। जति नजिक आउँछ त्यति नै अधीर हुन्थे। अझ नजिक बरडाँडैमा आइपुग्दा अनुहारहरूमा घाम पोखिन्थ्यो र वास्तवमै दसैँले गाउँ टेकेको अनुभूत गर्थे। अझ बालबालिकाहरू दसैँ भित्रिएको सङ्केत गर्ने पहेँली चरीकै प्रतीक थिए।

त्यस बरडाँडादेखि तल बिब्ल्याँटेसम्मको लामो, चिप्लो, पट्यारलाग्दो र साँघुरो ओरालो बाटोले पनि दसैँ आउँदा सामूहिकताको आभास दिन्थ्यो। उँधो झर्ने र उँभो आउने मान्छे जताततै। उनीहरूका दसैँ गफ र आपसी संवादले बाटाभरिको एकान्त झाडी, खोल्साखोल्सी, उत्तिसघारी र अम्लिसोघारी सबै सराबर हुन्थे। लाग्थ्यो, वर्षभरि सुतेको बाटो एक्कासि उठेको छ र वर्षभरिको अनुभव गाउँलेहरूलाई सुनाइरहेको छ।

तर यो भयो सुदूर विगतको कुरा।

अचेल पनि त घनश्याम यही बाटो बजार भर्न जान्छ दसैँमा।

तर अचेल कथा फरक छ।

अधिकांश परिवारको नयाँ पुस्ता तराईतिर झरेको छ– बुधबारेदेखि बिर्तामोड, चारआली, काकडभिट्टा अथवा दमकतिर। सक्नेहरू काठमाडौँ नै बस्न थालेका छन्। अरू बेला उनीहरूसँग व्यस्तता छ। दसैँमा बहाना छन्। गाउँ एक्ला बाआमाको खातामा परेको छ। अचेल गाउँमा–

– मान्छे हिँड्छन् दसैँमा त्यही बाटो तर थोरै। ओरालो जाने धेरै– छोराको घर, छोरीको घर। उकालो आउने फाटफुट।
– उहिले-उहिले जवानहरू उकालो हिँड्थे, बूढाबूढी गाउँमा हुन्थे। अचेल बूढाबूढी ओरालो झर्छन्। जवानहरू अन्यत्रै छन्।
– उहिले-उहिले दसैँ घरमा आउँथ्यो। अचेल दसैँ परदेशमा जान्छ वा सहर जान्छ गाउँघरमा बाक्लो अँध्यारो पोतेर।
– रङहरू ओरालो हिँड्छन्। अनि दसैँमा एउटा सन्नाटा गाउँ पस्छ र त्यहाँ भएका थोरै गाउँलेहरूका ओठमा विरह पोतेर जान्छ।
– उहिले दसैँ आउँदा गाउँमा मान्छेहरू खसीबोकाप्रति समवेदना दिन्थे। अचेल खसीबोकाहरू गाउँलेहरूलाई समवेदनाको दृष्टिले हेर्छन्।
– उहिले-उहिले गाउँमा कुद्ने गाडीमा खुट्टो टेक्ने ठाउँ हुँदैनथ्यो। अचेल गाडी थुप्रै छन्, तर खालीखाली कुद्छन्।

यति कुरा सोचिसक्दा घनश्याम बिब्ल्याँटे बजार पुग्यो। धेरै बेर अलमलिइरहन मन लागेन।

गाडी पाउन समस्या भएन। केही मान्छे मात्रै थिए। सिट सजिलै पायो।

ऊ केही खत्र्याकखुत्रुक किनेर घर गयो।

भोलिपल्ट षष्ठी। अविनाश घर आइपुग्यो। गाडीमै आयो। आश्चर्य कसैलाई लागेन।

घरछेउको कुइनेटोमा झऱ्यो। अँ, काम लागिहाल्ला भनेर ड्राइभरको फोन नम्बर पनि टिप्यो।

दुई हातमा सरसामान बोकेर घरतिरको उकालो लाग्दा ऊ एक्लै थियो। छेउछाउका घरबाट पुलुक्क हेर्नेले देखे, तर आश्चर्य मानेनन्। अँ, उसलाई भने अनौठो लाग्यो। उसलाई लिन मोडसम्म कोही आएको थिएन। उसको पछिपछि कुद्न कुनै बालबच्चा पनि आएका थिएनन्। यसमा भने उसलाई अलिकति आश्चर्य लाग्यो। बाटैमा घेर्न आउँछन् बालबालिका भनेर एक पाकेट चकलेट हातपुगाउ घुसारेको थियो झोलामा। त्यो त्यसै रह्यो।

घर पुग्दासम्म यो चकलेटको पाकेट उसलाई नदी किनारमा भेटेको दर्सनढुङ्गोजस्तो लाग्यो जसलाई घर नल्याउनू भनेर आमा भन्थिन्।

अविनाश घर पुग्यो। आमा सँघारमा आई र भनी– "ए, आइपुगिस्? अनि गाडी पाइयो?"

हातका सरसामान भुइँमा राखेर ढोग दियो र भन्यो– "पाएँ। पाइँदो रैछ।"

रुक्मिणीले प्राकृतिक खुसी व्यक्त गरी। लामो टिकेन। अनि अलिकति कृत्रिम हाँसो पनि दिई। तेलपानीजस्तै गरी छुट्टियो।

"खोइ बा?"

"माथि मुचुङ्गेकहाँ गाका छन् भोलि पूजा गर्ने हाँस लिन।"

"पूजा? भोलि?"

"भोलि सप्तमी होइन त?"

अविनाशको मनमा चिसो पस्यो, तर केही भनेन।

भित्र पस्यो। झोला राख्यो। सरसामान मिलायो। लुगा फेऱ्यो। हातमुख धोयो। रुक्मिणीले चिया पकाई– कालो। खायो।

अनि फुत्त निस्कियो घरबाट। वरिपरि हेऱ्यो घुमीघुमी। गोठमा गयो। करेसामा गयो। घरअगाडि हेऱ्यो। पछाडि हेऱ्यो।

अनि उदास मन लिएर फेरि भित्र पस्यो।

"आमा, खसी नल्याको?"

"पाए पो ल्याउनू! काँकाँसम्मन पुग्नुभो बा गोडा दुखाईदुखाई। पाइँदैन खसी। बोकै मात्रै पाइन्छ। बोको नल्याउनू भनेको थिस् अरे। खसी पार्ने मान्छे नै छैन गाउँमा। त्यै भर त हाँस खोज्न गए त!"

अविनाशलाई भतभती पोल्यो। भित्रैसम्म दुख्यो।

ऊ फुत्त निस्कियो घरबाट। अलि पर्तिर ठाडो बाटोछेउको कुइनेटोमा पुग्यो र लाग्यो ओरालो बिब्ल्याँटेतिर। भर्खर यही बाटो आएको। पहिलेपहिले हो भने मान्छेले सायद सोध्थे– 'अहिले यही बाटो आएको होइन? फेरि किन तुरुन्तै ओरालो?'

तर कसैले सोधेन। सोध्न कोही आएन पनि बाटोमा।

र, राति करिब नौ बजेतिर एउटा टाटा मोबाइल रिजर्व गरेरै ऊ एउटा खसी लिएर घर आइपुग्यो।

"अचम्म! काँबड ल्याइस्?" रुक्मिणीले सोधी।

"इलाम बजारै पुगेँ नि! खसी नभई केको दसैँ? मैले झन् बालाई अस्ति नै भनेको।"

"अनि बजारमा पाइन्छ त खसी?" रुक्मिणीले फेरि सोधी।

"अचेल खसी बजार लाग्छन्त ढामा! काँकाँबड ल्याका हुन्छन्।"

रुक्मिणीले जिब्रो टोकी।

घनश्यामले पनि एउटा सानो हाँस ल्याएको थियो, देखायो। खासै उत्साह आएन अविनाशको अनुहारमा।

"अब छोड्दे पनि भो यो टिउरो! खसी नै भएपछि के गर्नु यो टिउरो?" उसले भन्यो।

"अँ, छोड्दिस्! यत्ति पनि काँ पुगेर ल्याको गोडा दुखाईदुखाई।"

रातको खाना भयो। आफूले ल्याएका सरसामान देखायो अविनाशले। दिनुपर्ने जिम्मा दियो। एलसीडी टिभी आफैले माझ कोठामा फिट गऱ्यो। सबै बसेर केही बेर नयाँ टिभी हेरे अनि सुते।

भोलिपल्ट सप्तमी। नित्य पूजापाठ सके। खसी पूजाको तयारी पनि गरे। अलि पर्तिर बारीमा केराका थाम र पात प्रयोग गरेर थान पनि बनाए। रुक्मिणीले बाबर र धूपबाती तयार गरी।

"मार त तँ हान्लास् नि!" घनश्यामले भन्यो।

"म हान्दिनँ काँ हान्छु? अहिलेसम्म हानेको छैन। आबुइ!"

"कसले हान्छ त? मैले आजसम्म मार हानेको देखेको छस्? अचेल मासु त नखाऊँ जस्तो लाग्छ, मारको कुरा! कस्सम, यी हातले झिँगो पनि नमारेको पाँच वर्ष भयो।"

"ल, पहिलेपहिले हान्नुहुन्थ्यो त!"

"कहिले देखिस् हौ मार हानेको? ५० वर्षको भएँ, आजसम्म कट्टी समातेको छुइनँ।"

एकछिन हेराहेर गरे बाउछोराले एकअर्काको अनुहार।

"उसो भा आमाले हान्छे," भन्यो घनश्यामले र फिस्स हाँस्यो।

"गाउँमा कोही छैन?" अविनाशले सोध्यो।

"सोधीखोजी पनि पो गरिनँ। बेलुकासम्म खसीको कुरै थेन। हाँस मुला त काट्लास् नि भन्ठानेँ।"

अनि अविनाशले गाउँमा कोही छ कि खोज्न जान्छु भन्यो। बाउछोराले सम्भावित नाममा छलफल पनि गरे। तिनै नाम मनमा लिएर अविनाश घरबाट निस्कियो।

यस समयलाई गाउँमा भएको दसैँको चहलपहल हेर्ने मौकाका रूपमा पनि लियो उसले।

कल्पना थियो– मन्दिरमा घटस्थापनाकै दिनदेखि दुर्गा थापेर बसेका छन् पण्डितजी। आज सप्तमी– बिहानै फूलपाती टिप्ने शोभायात्रा निस्कने छ। गाउँको चउरभरि बाँस गाडेर पिङ हालेका छन् लाठेहरूले। पिङमा पालो पर्खनेको घुइँचो देखिने छ चउरमा। सेतो र रातो माटो मिलाएर पोतेका घर दुलहीजस्ता देखिने छन्। वर्षभरिको दुःख त बिरासतमा पाएको गरिबीलाई छक्याएर गाउँलेहरू शरद्को घाममा खुसी नाप्न निस्किएका छन्।

तर त्यस्तो केही देखेन। स्कुलकै प्राङ्गणमा भएको मन्दिरमा दुर्गा थापेनछन्। "तीन वर्ष भइसक्यो," कसैले अविनाशलाई भन्यो– "भँडारी बाजे दमकतिर हिँडेपछि दुर्गा थाप्ने मान्छे नै छैन। याँ अचेल सराद गर्ने पुरेत त सुरुङ्गाबड आउँछन्, पूजाको कुरा!"

केही खस आर्य र केही लिम्बूले मिलेर आफ्नै ज्ञानअनुसार निकालेका रहेछन् फूलपातीको जुलुस। 'दुर्गा माताको जय!' भनेको सुनेपछि पुलुक्क हेऱ्यो। थिए होलान् २० जनाजति। बूढाबूढी र केटाकेटी। अँ, दुर्गा बोक्ने चाहिँ दुईचार जना अधबैँसे पनि थिए। केटाकेटी बाटो मिच्दै खेतबारी नभनी कुदिरहेका देखिन्थे। बूढा बाआमाहरू आफैले पनि नसुनिने गरी थपडी मार्दै ओठमा बिना आवाजको जयगान फटफटाइरहेका थिए– "दुर्गा माताको जय!"

एकाध ठाउँमा पिङ पनि देख्यो– रूखका हाँगामा जङ्गली लहरा अथवा परालको डोरी बाँधेर केटाकेटीले हालेको। पाँचसात फिटभन्दा अग्ला कतै देखेन। उहिले आकाशकै गलाको पोतेजस्ता देखिन्थे पिङ। अहिले?

उदास, लिपपोत नभएका, गाराको माटो लडेर भुइँमा थुप्रो लागेका, भित्ताका ढुङ्गा बाहिरैबाट देखिने गरी उध्रिएका र बाहिरफेर झारले पुर्न आँटेका घर– मुर्दाघरजस्ता देखिन्थे। रित्तारित्ता टाट्नाहरू। खालीखाली गोठहरू।

करिब दुई घण्टाजति घुम्यो अविनाश गाउँभरि। अनि अपराह्ण घर आइपुग्यो।

गाउँमा मार हान्ने कुनै लाठे भेटिएन।

अनि अन्ततोगत्वा हाँसकै पूजा भयो। आँखा चिम्लेर, अर्कातिर हेरेर काट्यो अविनाशले हाँस।

पकाएर खाऊँ जस्तो पनि लागेन।

अघिल्लो दिन आफू घर आएको गाडीलाई फोन लगायो। गाडीवालाले भन्यो– "माई पोखरीमा छु, एकैछिनमा आइपुग्छु।"

एकछिनपछि आयो पनि। केही मान्छे थिए गाडीमा। अविनाश आफ्नो खसीसहित चढ्यो।

"हिजो उँधैबड ल्याको होइन? आज फेरि किन उँधै?"

"धम्की हान्दो रछ। बिरामी खसी त पुज्न भएन नि? साट्न हिँडेको।"

"ए... अनि पूजा गर्नुपर्ने होला। आइपुगिन्छ त तलबड अर्को लेर?"

"पूजा गर्न हाँस छ।"

"त्यही त! कस्ताकस्ता खसी ल्याउँछन् बजारमा! गाउँमा भए कस्ता बलिया, चिल्ला हुन्थे!" कसैले भन्यो।

"गाउँको कुरा छोड्नू दाजु! गाउँ कहाँ छ अचेल?" चालकले भन्यो।

अविनाशले खसी बिब्ल्याँटे बजारमा झाऱ्यो। गाडी उँधो इलामतिर लाग्यो।

बजारमा केही मान्छेले सोधे– "गाउँको हो? कतिमा दिने?"

ऊ भने सरासर बुच्चडकहाँ गयो र केही पैसा तिरेर खसी काट्न लगायो। १२–१५ किलो खसीको मासु पोको पारेर ऊ पुन: गाडी लाग्ने ठाउँमा पुग्यो।

साँझ घरमा रुक्मिणीले सोधी– "बुच्चडे त केके जातका हुन्छन्! भो, म त खान्नँ।"

"तेरा जात!" घनश्यामले भन्यो र आक्रोशपूर्ण दृष्टिले हेऱ्यो।

तीन जनाको जहान, १२–१५ किलो मासु। घनश्याम र रुक्मिणीले ५० टेकेपछि मासुभन्दा सागपातमा मन अड्याएर बस्न थालेका थिए। दूधदहीको समय विस्मृत बन्दै गएको थियो। सक्नेहरू घिउ बजारबाट किनेर गाउँ लान्थे।

दसैँ हो, छोराको मन थाम्नकै लागि भए पनि अलिअलि मासु खाए घनश्याम र रुक्मिणीले। तर लामो समय त्यसै मासुमा मन अल्झाइरहन सकेनन्।

टीको लगाउन कोही आएन। आफन्त थिएनन् गाउँमा।

अविनाशले पनि एक्लै कति खानु?

आधा मासु कीराको दसैँ भयो।

आधा वितृष्णाको कथा भयो।

दुई महिनापछि अविनाशले बाआमालाई कान्छो भाइसँग मिसाइदियो बिर्तामोडमा र आफू पुनः फर्कियो कतार।

ओरोलो बाटोमा कताकति बच्चाले हालेका लहराका पिङ सुकेर हावामा हल्लिरहेका देखिन्थे। दसैँले बिटुल्याएर गएका घर र समयले एक्ल्याएर हिँडेका गाउँले कुनै वृद्धाश्रममा मोक्ष कुरेर बसेका वयोवृद्धजस्ता देखिन्थे।

◆

सविता श्रेष्ठ 'बेहोसी'

# सान्निध्य



सधैँझैँ आज पनि म झ्यालको पर्दा हटाएर बाहिरको दृश्यसँग आफूलाई हराउन चाहन्छु। झ्यालको पर्दा हटाउँदा मात्र पनि एकक्षणअघि मात्र गर्मीले उकुसमुकुस भएको शरीर अहिले शीतल भएको महसुस भएको मैले गर्न पाएँ। बाक्लो पर्दाले छोपेको कोठा पर्दासँगै खुलेर उज्यालो भयो। मन पनि त्यही उज्यालो किरणमा लुटपुटिएर बाहिरको दृश्यमा मेरा आँखा अडिन पुगे।

एउटा बूढो कुकुर म बसेको घरको अगाडिको घरको गेटअगाडि चौकिदारजस्तै भएर बसेको देखेँ– दुब्लो, ख्याउटे, जीउको राँ खसेर ठाउँठाउँमा टाटापाटा भएको देखेर मन खस्रङ्ग भयो। गेटको भित्रबाट कसैले गेट खोलेको आवाजले म तरङ्गित भएँ। एउटी आइमाई एउटा हातमा पानीको बोतल अर्को हातमा प्लास्टिकको प्लेटमा दूधले मुछिएको खाना लिएर गेट खोल्छिन्।

चौकिदारझैँ बसेको कुकुर हातको खाना देखी खुसी भएर पुच्छर हल्लाउँदै र दुई हात उठाएर सायद घर मालिक्नीलाई उसैको भाषामा नमस्कार गरी कृतज्ञता फर्काएको होला। ती आइमाईले खानालाई गेटको छेउमा भएको स्टिलको प्लेटमा राखिदिइन्। कुकुर कतै नहेरी कपाकप खान थाल्यो। त्यो घरवाली आइमाईका आँखा र मेरा आँखा त्यही कुकुरले खाँदै गरेको खानामै एकत्रित थिए। कुकुरले त्यो खानालाई लपकलपक गरी क्षणभरमै सिध्यायो। आइमाईले त्यो खाली स्टिलको भाँडामा पानी खन्याइदिइन्। कुकुरले त्यो पानी पनि कतै नहेरी अति नै तिर्खाएझैँ गरी पूरै खायो। मैले लामो सास फेरेँ, सायद सन्तोषले होला।

कुकुरलाई खाना र पानी दिइसकेपश्चात् ती आइमाई गेटभित्र पसिन् र गेट लाग्यो ड्याम्म...। म झसङ्ग भएँ। सायद एकोहोरिएर त्यही दृश्यमा भएकाले होला।

प्रायजसो गेटको अगाडि बस्ने त्यो कुकुरको आवाज र गेटभित्रबाट एउटा सानो कुकुरको आवाज आइरहन्थ्यो। भित्रको सानो कुकुर कराउनेबित्तिकै बाहिरको कुकुर पनि कराउँथ्यो।

बाहिरको कुकुर भुक्नासाथ मित्रको सानो कुकुर पनि कराउँथ्यो। यो आवाज दैनिक रूपमा आइरहन्थ्यो। एकअर्कालाई दूरी बनाउने तिनीहरूका लागि त्यो फलामको गेट नै पर्खाल बनेको थियो। एकदिन त्यही फलामको गेट कसैले खोलेको आवाज आयो। म फेरि त्यही फलामको गेटमा केन्द्रित भएँ। बाहिरको त्यो कुकुर भित्र पस्न आँटेको थियो। भित्रबाट तिनै आइमाईले 'चुप, बाहिर...!' भनेर कुकुरतिर औँलो ठड्याउँदै भित्र नपस्ने सङ्केत दिँदै थिइन्।

एक दिन म मर्निङ वाकबाट फर्किंदै थिएँ। अगाडिको घरकी ती आइमाईले एउटा घाँटीमा पट्टा लगाएको सानो कुकुरलाई बाहिर घुमाएर फर्काउँदै थिइन्। सायद दिसापिसाब गराएर ल्याएको होला। त्यही बाटोका पर्खालहरूको भित्तामा ठाउँठाउँमा लेखिएका शब्दहरू सम्झेँ– 'कुकुरलाई जथाभाबी दिसापिसाब नगराउनुहोला, स्वच्छ र सफा राख्नु हाम्रो कर्तव्य हो।' उनी र मेरो जम्काभेट भयो। छिमेकीको नाताले परिचयको आदानप्रदान मबाटै सुरु गरेँ।

हाम्रो व्यक्तिगत परिचयपश्चात् मैले कुकुरतिर हेरेर सोधेँ– "यो कुकुर...।"

मेरो कुरा पूरा हुन नपाउँदै ती दिदी बोलिन्– "यो कुकुर र त्यो गेटमा बस्ने कुकुर आमाछोरी हुन्।"

मैले सम्झेँ– आमा र बच्चा बेग्लाबेग्लै भएकाले तिनीहरू मायाको सान्निध्य खोज्न पालैपालो भुकिरहेका होलान्। मेरो समय सोचाइमा थियो। यति नै बेला त्यो दिदीको मोबाइल फोनको घण्टी बज्यो।

"सरी बहिनी ! म गएँ, फोन आयो।" उनी मभन्दा अगाडि फटाफट कुकुर लिएर गेटभित्र जान खोज्दा गेटमा भएको कुकुर र त्यो सानो कुकुर सँगै उभिए। ठूलो कुकुरले सानो कुकुरलाई जिब्रो निकालेर चाट्न मात्र आँटेको थियो, 'टमी !' भन्दै ती आइमाईले तानेर लगिन् र गेट बन्द गरिन्। त्यो ठूलो कुकुर सानो कुकुरलाई गेटमुनिको खुल्ला भागबाट हेर्दै भुक्दै थियो। म छेउमा बसेर हेऱ्याहेऱ्यै भएँ। १० बजेतिर मैले बाहिर रहेको कुकुरलाई मासुभात टन्न खान दिएँ। निकै स्वाद मानीमानी खाएको मैले धित मरुन्जेल हेरिरहेँ।

साँझ पर्न लागेको थियो। छिमेकीको घरबाट भगवान्लाई साँझबत्ती बालेको घण्टीको आवाज कोठामा प्रस्ट सुनिन्थ्यो। म पनि साँझबत्ती बालेर तुलसीको मठमा बत्ती बाल्दै थिएँ, अगाडिकी दिदीले मतिर फर्केर बोलाइन्। नमस्कारको आदानप्रदान भयो। उनले आफ्नो घरमा आउन आग्रह गरिन्। मैले 'पछि कुनै दिन आउँछु' भन्दा मानिनन्। 'हुन्छ त, एकक्षणका लागि आउँछु' भनेर स्वीकृति दिएँ।

छिमेकी दिदीले मलाई उनको बैठक कोठामा लगिन्। लगभग १० वर्षको सानो बालक त्यही कोठामा होमवर्क गरेर बसिरहेको थियो। 'आन्टी हो, नमस्ते गर्' भनेर एक्लो छोरालाई चिनाइन्। त्यो बालकले हातमा लिएको डटपेन टेबलमा राखेर नमस्ते गऱ्यो। मेरा दुई हात पनि ऊसँगसँगै जोडिए। ऊसँग छोटो गफ गरेँ, रमाइलो महसुस गरेँ। गफसँगै दिदीले चियाको चुस्की लाउन पनि अनुरोध गरिन्।

म त्यहाँ बस्दाबस्दै गेटअगाडिको कुकुर जोडले भुक्न लाग्यो। गेटभित्रको सानो कुकुर पनि गेटलाई चलाउँदै भुक्दै थियो। पिउँदै गरेको चियाको कप टेबलमा राखेर दिदी बोलिन्–

"हन कति कराएको त्यो फोहोरी कुकुर! उमेर पनि बूढो भएछ, हेर्दै घिनलाग्दो! हन जति खान दिए पनि नपुग्ने, भुकेकोभुक्यै गर्छ। मैले त रिसले नै गेटबाहिर राखिदिएँ। मान्छेले के भन्छन्, खानै नदिएजस्तो। खान त दिएकै छु। कति कराउन सकेको?"

मलाई त्यो बाहिर बस्ने कुकुरप्रति झनै दया लागेर आयो। तिनीहरूलाई अलग्याएर राख्नुको कारण बुझेँ, एक किसिमको दु:ख र नरमाइलो लाग्यो। म केही बोल्न आँटेकी थिएँ, होमवर्क गरिरहेको बालक एक्कासि बोल्यो– "ती कुकुरहरू खान नपाएर भुकेका होइनन् नि मामू! तिनीहरू त एकअर्काको मायाले छटपटिएर पो भुकेको त!" केही सोचेर त्यो बालक अलिक कडा स्वरमा फेरि बोल्यो– "आजदेखि तपाईं हैन, म गेटबाहिर बस्छु। तपाईं यहीँ बस्नोस्!" उसले आफ्नी आमालाई हेर्‍यो।

"के भनेको बाबू तैँले?" छिमेकी दिदी अचम्भित हुँदै बोलिन्।

"मैले जे भनेँ, ठीकै भनेँ। म बाहिर बसेको परिणाम के होला, एक पटक ती कुकुरलाई दाँजेर हेर्नोस् त!" बच्चा जोसले बोल्यो।

त्यति सानो बच्चाले मन छुने गरी भनेको सुन्दा म खुसीले गद्गद भएँ। बच्चा उठेर बाहिर जान खोज्यो। उसकी आमाले उसलाई रोकेर यति मात्र भन्न सकिन्– "बाबू! तैँले मेरा आँखा खोलिदिइस्, धन्यवाद!"

◆

मणि लोहनी

# पुरानो प्रेमकथा



मस्त नाचियो डिस्कोमा।

एकपछि अर्की सुन्दरी युवतीसँग। ती गोरो छाला भएका चिनियाँ युवतीहरू नेपाल घुम्न आएका हुन्। ठमेलको यो डिस्कोथेक विदेशी पर्यटकका लागि मात्र होइन, उपत्यकाका हाम्रा लागि पनि आकर्षण स्थल हो। फराकिलो डिस्कोथेकमा सङ्गीत गुन्जिइरहेकै थियो।

म निस्किएँ। सात घुम्तीबाट अलि अगाडि बढेँ। भगवान्बहालमा रहेको विक्रमशिला महाविहार पुगेपछि निकै प्यास लागेको अनुभव भयो। नाचुन्जेल प्यास लागेको यादै भएन।

नजिकैको पसलमा पानी किनेँ र महाविहारको ढोकामा अडेस लागेर पिउन थालेँ। अलिअलि टाउको पनि दुखिरहेको थियो। रातको १० बजेदेखि नाच्न थालेको, रातको एक बजिसकेछ।

पानी पिएँ र बाँकी रहेको पानीले अनुहार पखालेँ। अनुहारको केही भागमा अबिर अझै बाँकी रहेछ। दिनभर फागू पूर्णिमा मनाएर साँझमा ठमेल छिरेको। त्यति बेला साथीहरू

पनि सँगै थिए। खाना खाएर डिस्को छिरेपछि को कता पुगे, को कता, कुनै हेक्का भएन। एकदुई पेग ह्विस्की र तिनै चिनियाँ युवतीबाहेक अरू याद पनि रहेन।

"मलाई पनि पानी देऊ न!" मेरो अघिल्तिर एउटी चिनियाँ युवती देखा परी। अघि मसँगै डिस्कोमा नाचेकी केटी हुनुपर्छ।

"तिमी यहाँ?" अनुहार पखाल्दापखाल्दै म रोकिएँ।

"हो, म यहीँ छु वर्षौंदेखि। मलाई पनि प्यास लागेको छ। पानी देऊ न!" उसले फेरि पानी मागी।

म छक्क परेँ। त्यो चिनियाँ युवतीले प्रस्टसँग नेपाली बोलेकी थिई।

"ह्विस्की धेरै भयो कि के हो?" पानीको बोतल दिँदै मैले जिस्काएँ।

"होइन, प्यास बढी भएको हो।"

"प्यास बढी?"

"हो। म अतृप्त छु। यो अतृप्तिमा एउटा युग बितिसक्यो।" उसले मेरो हात समाउँदै भनी।

"ए, होइन-होइन। म त्यस्तो मान्छे होइन। मलाई डिस्कोमा नाचेर नै पुगिसक्यो। म अहिले घर जान लागेको। प्लिज, मलाई नसमाऊ।" मैले हात फुस्काउन खोजेँ।

"तिम्रो घर यहीँ त हो, एकछिनमै पुगिहाल्छौ। तर म घर जान सक्दिनँ। यो अतृप्त मन वर्षौंदेखि भड्किरहेछ।"

"के भनेको? किन जान सक्दिनौ घर?"

"सक्दिनँ। वर्षौंदेखि म यतै छु र अतृप्त छु। तिमी सक्छौ भने मलाई घर जाने प्रपञ्च मिलाइदेऊ।" उसले झन् कसिलोसँग मलाई समाई।

यो तिब्बतको ल्हासाबाट देहव्यापारको सिलसिलामा यता आएकी हुनुपर्छ। हुन सक्छ नेपाल घुम्न आएकी उसलाई कसैले बलजफ्ती देहव्यापारमा फसाएको पनि। त्यसो त नेपाल घुम्नलाई मस्तीमा खर्च जोहो गरिरहेकी पनि हुन सक्छे। मैले यस्तै अनुमान गरेँ।

"त्यसो भए हिँड, तिमीलाई म प्रहरीको जिम्मा लगाइदिन्छु। उसैले तिम्रो चिनियाँ दूतावासमा सम्पर्क गराइदिने छ र तिमी आफ्नो घर फर्कन पाउँछ्यौ। पासपोर्ट नभए पनि तिम्रो दूतावासले तिमीलाई सकुशल तिम्रो देश फर्काउने छ।" मैले भनेँ।

"दूतावास गएर म तृप्त हुन्नँ। तृप्त नभई म घर फर्कन सक्दिनँ। मलाई तृप्ति देऊ।"

"के हो यो तृप्ति भनेको? कस्तो तृप्ति? के सेक्स खोजेको तिमीले मसँग?" मैले सोधेँ।

"होइन मूर्ख! म सेक्सका लागि प्यासी छैन। म त मायाकी प्यासी हुँ। मलाई मायामा तृप्त हुनु छ। मायामा तृप्त नभई मेरो मुक्ति सम्भव छैन र मुक्त नभई म घर फर्कन सक्दिनँ।"

के कुरा हो यो मध्यरातमा? मैले चारैतिर हेरेँ। सबैतिर सुनसान छ। फाट्टफुट एकदुई मानिस हिँडिरहेका थिए। केही पर एउटा पसल छ जहाँ मैले पानी किनेको थिएँ। त्यहाँ अहिले केही केटाहरू पानी र चुरोट किनिरहेका छन्। बत्तीहरू बलेर विक्रमशिला महाविहारभित्र झलमल्ल छ। विहारभित्रको सिंहसार्थबाहुको मूर्ति प्रस्ट देखिन्छ। रातको समय बिजुली बत्तीको उज्यालोमा सिंहसार्थबाहुको मूर्ति निकै आकर्षक देखिएको छ।

"कस्तो मुक्ति चाहन्छ्यौ तिमी?"

"कुरा धेरै वर्षपहिलेको हो।" मेरो हात समातेरै ऊ विहारभित्र छिरी। म उसको पछिपछि गएँ। "चिन्छौ यो को हो?" उसले सिंहसार्थबाहुको मूर्ति देखाउँदै भनी।

"चिन्छु नि! यिनी सिंहसार्थबाहु हुन्। यिनको जात्रा छ भोलि– चकंद्यः। त्यही भएर विहारमा धुमधामको तयारी छ। सर्वत्र रङरोगन गरिएको छ।"

"यसैले हो मलाई अतृप्त राखेको। यसैले हो मलाई मुक्त हुन नदिएको। अब मलाई तिमीले मुक्ति दिनुपर्छ। तृप्त बनाऊ मलाई र मुक्ति देऊ।" विहारको पटाङ्गिनीमा ऊ थचक्क बसी। उसले मेरो हात समातिरहेकी थिई। मलाई पनि उसले सँगै बस्न भनी। म उसको नजिकै बसेँ।

× × ×

यो उहिलेको कुरा हो।

काठमाडौँ र ललितपुरवासीहरू व्यापारको सिलसिलामा ल्हासा आउनेजाने गर्थे। यसै क्रममा सिंहसार्थबाहु पनि व्यापार गर्ने भनी आफ्ना केही सहयोगी साथीहरू लिएर दिनरात डाँडाकाँडाको कठिन यात्रा पार गर्दै ल्हासा आइपुगे।

उनले ल्हासामा व्यापार गरेर असङ्ख्य धनसम्पत्ति जम्मा पारे। सिंहसार्थबाहु आफ्ना सहयोगी साथीहरूसँगै स्वदेश फर्कन चाहन्थे। आफ्नो देश फर्कन उनले साथीहरूलाई आग्रह पनि गरे, तर सहयोगी साथीहरूले फर्कन मानेनन्।

सिंहसार्थबाहुका साथीहरू चिनियाँ सुन्दरीहरूको मायाजालमा मग्न थिए। चिनियाँ युवतीको मायाले उनीहरूलाई स्वदेश फर्कन मन थिएन। ती अप्सराजस्ता सुन्दर युवतीहरू कम नसालु थिएनन्। उनीहरूको आक्रामक किसिमको मायामा नेपाली नेवारहरू तिरमिराए, अलमलिए; फर्कन मानेनन्। सिंहसार्थबाहुले अनेक पटक फर्कन अनुरोध गर्दा पनि आफ्ना सहयोगीहरूलाई फर्काउन सकेनन्। उनी निकै दुःखी भए। सँगै आएका साथीहरूलाई छाडेर कसरी फर्कने?

उनले साथीहरूलाई स्वदेश फर्काउन निकै प्रयास गरे, तर उनका साथीहरूले मानेनन्। असफल भएपछि सिंहसार्थबाहु निकै निराश बने। एक रात बलिरहेको बत्तीसामु प्रार्थना गर्दै 'हे करुणामय! मेरा सबै साथीलाई फर्काउन मलाई शक्ति दिनुहोस्' भने।

यो त्यति बेलाको कुरा हो जतिखेर भगवान्हरू थिए। अहिले त तिमीलाई भगवान् छन् भन्ने नै लाग्दैन होला। भगवान् हुँदा हुन् त यति धेरै कठिन हुने थिएन जीवन। त्यतिखेर त जसको प्रार्थना गऱ्यो त्यही अगाडि आइदिन्थ्यो। अहिले अगाडि भएको मान्छेले समेत कुरा बुझ्दैन। त्यतिखेर हुँदै नभएको अस्तित्वले पनि कुरा बुझ्थ्यो र सहयोग गर्थ्यो।

बलिरहेको बत्तीसामुको सिंहसार्थबाहुको प्रार्थना सार्थक बन्यो। पानसको बत्तीभित्रबाट श्री करुणामय प्रकट भई दर्शन दिए। सिंहसार्थबाहुको सबै कुरा सुनिसकेपछि करुणामयले भने– "साथीहरूलाई राम्रोसँग सम्झाउनू। यी सुन्दरीहरूले जति मायामोह देखाए पनि फर्केर नहेर्नू। जसले फर्केर हेर्छ र उनीहरूप्रति मोह राख्छ त्यो बाँच्दैन। सुन्दरीहरूले मारेर खाने छन्। ती सुन्दरीहरू राक्षस्नी हुन्। तिनीहरू तिम्रा साथीहरूलाई मार्ने मौका खोज्दै छन्।"

"यति राम्रा सुन्दरीहरू कसरी राक्षस्नी हुन सक्छन् करुणामय?" सिंहसार्थबाहुलाई करुणामयको कुरामा पत्यार लागेन।

“ती सुन्दरीहरू राक्षस्नी हुन् कि होइनन्, परीक्षण गर्न तिनीहरूका खुट्टामा हेर्नू, कुर्कुच्चा र औँलाहरू हेर्नू। कुर्कुच्चा अगाडि फर्केका हुन्छन् भने औँलाहरू पछाडि फर्केका हुन्छन्।” करुणामयले भने।

“करुणामय, ती राक्षस्नीहरूबाट मैले मेरा साथीहरूलाई कसरी जोगाउन सक्छु?” उनले सोधे।

“ती सुन्दरीहरू आफू नजिक आउनुअघि नै भागेर नदीको किनारमा पुग्नू, केही हुँदैन।” करुणामयले भने– “नदीको किनारमा एउटा वायुपङ्खी घोडा आउने छ। तिमीहरू सबै वायुपङ्खी घोडामा चढ्नू र ती सुन्दरीहरू आउनुअघि नै वायुपखे घोडा चढेर नदी पार गर्नू।”

निकै लामो प्रयासपछि सम्झाईबुझाई आफ्ना साथीहरूलाई लिएर सिंहसार्थबाहु नदी किनारमा पुगे।

अग्ला-अग्ला पहाडहरूको बीचमा रहेको नदी निकै आकर्षक थियो। टुप्पामा कालो चट्टानी पहाड, त्यसमुन्तिर घना जङ्गल र त्यही जङ्गलको फेदमा बगिरहेको हरियो नदी। चिसो सिरसिरे हावाका बीच उनीहरू वायुपङ्खी घोडा कुरिरहेका थिए।

करुणामयले भनेझैं वायुपङ्खी घोडा आइपुग्यो।

उनीहरू वायुपङ्खी घोडामाथि चढे। जब वायुपङ्खी घोडा उड्नै लागेको थियो। चिनियाँ सुन्दरीहरू आइपुगे।

राक्षस्नी भनिएका चिनियाँ सुन्दरीहरू निकै लोभलाग्दा थिए। उनीहरूको शरीरबाट उमेरको मीठो सुगन्ध आइरहेको थियो। निकै उज्याला र आकर्षक देखिएका ती सुन्दरीहरूको आगमनसँगै चिसो सिरेटोमा थरथर कामिरहेका सिंहसार्थबाहु र उनका साथीहरूलाई निकै न्यानो अनुभव भयो। उनीहरूको शरीर तात्यो।

चिनियाँ सुन्दरीहरूले फर्केर नजान भावनात्मक आग्रह गर्न थाले– “हामीलाई छाडेर नजाओ। तिमीहरू हाम्रो प्राण हौ। तिमीहरूले नै हो हामीलाई प्रेम गर्न सिकाएको। हामीले खोजेको न्यानो प्रेम तिमीहरूबाट मात्र अनुभूत भयो। हामीलाई तृप्त नगरी नजाओ। हामीलाई प्रेमले भरिदेओ र जहाँ जान मन लाग्छ जाओ। तर हामी तृप्त नभई तिमीहरूलाई छाड्दैनौँ।”

चिनियाँ सुन्दरीहरू रोइकराइ गर्दै पछिपछि दगुर्दै आए। सुन्दरीहरूको कारुणिक रोदन सुनेर केही साथीहरूले फर्केर हेरे, उनीहरूको नजिक पुगे। तिनीहरू सबै मारिए।

अन्ततः सिंहसार्थबाहु केही सहयोगी साथीहरूलाई मात्र फर्काउन सफल भए। सिंहसार्थबाहु त्यस्ता व्यक्ति थिए जसले यात्राको दौरान कहीँकतै आफू विचलित नभई मन र चित्तलाई नियन्त्रण गरे। सिंहसार्थबाहु र सहयोगी साथीहरूलाई बचाउन दया र करुणाका प्रतीक करुणामयले वायुपङ्खी घोडाको रूप धारण गरेका थिए।

उनी र उनका सहयोगी साथीहरू फर्केर त आए तर एउटी सुन्दरी दया र करुणाका प्रतीक करुणामयले धारण गरेको वायुपङ्खी घोडाको पछिल्तिर झुन्डिएर काठमाडौँ आइपुगी। त्यो राक्षस्नी थिइन, सुन्दरी थिई। साँच्चिकै मन भएकी एक साधारण चिनियाँ युवती थिई। त्यो युवती काठमाडौँ त आइपुगी तर महिलाहरूसँग संसर्ग गर्न नरुचाउने सिंहसार्थबाहुबाट उसले

प्रेम पाउन सकिन। ऊ घोडामा झुन्डिएर काठमाडौँ आइपुगेको सिंहसार्थबाहुले थाहा पाए, तर उनले लोकलाई बताएनन्।

सदियौँपछि तिब्बततिर व्यापार गर्ने सिंहसार्थबाहु भगवान्मा रूपान्तरित भए। ठमेलको विक्रमशिला महाविहारमा विराजमान भए। तर सिंहसार्थबाहुको घोडामा झुन्डिएर काठमाडौँ आइपुगेकी त्यो अभागी चिनियाँ सुन्दरी कालान्तरसम्म अतृप्त आत्मा बनेर बाँचिरही।

म त्यही अतृप्त आत्मा हुँ।

× × ×

"गन एला टोना वया ठन गाराटुल? थोइट ठँ। उखे एन्का गारटू का ब्यू। जात्रा सुरु या गू समय जुल।" (कहाँ जाँड खाई आएर यहाँ लडेछ यो। यसलाई उठा। उता लगेर लडाइदे। जात्रा सुरु गर्ने बेला भइसक्यो।) मान्छेहरूको हल्लाले म ब्युँझिएँ। आँखा उघारेँ। वरपर मानिसको भीड थियो, तर त्यो युवती त्यहाँ थिइन। कहाँ गई त्यो चिनियाँ केटी? के भनेकी थिई उसले रातभरि मलाई?

म जऱ्याकजुरुक उठेँ। यसो लुगा मिलाएको जस्तो गरेर त्यहाँबाट टाप कसेँ।

त्यहाँबाट घर नपुगुन्जेल एउटै कुरामा थकथक लागिरह्यो– मैले राति त्यो चिनियाँ युवतीको खुट्टा किन हेरिनँ? के त्यसको कुर्कुच्चा अगाडि र औँला पछाडि फर्केका थिए?

(चिनियाँ सुन्दरीहरूको पन्जाबाट बाँचेर घर पुगेको उपलक्ष्यमा सिंहसार्थबाहु र उनका साथीका परिवार र देशवासीहरूले उनीहरूको सम्मानमा अबिर छरेर उत्सव यात्रा गरेका थिए। त्यो दिन फागू पूर्णिमाको दिन थियो। काठमाडौँमा अहिले सिंहसार्थबाहुलाई चकंद्य:का रूपमा पुजिन्छ। काठमाडौँको ठमेलमा विक्रमशिला महाविहार, भगवान्बहालमा यिनको मूर्ति रहेको छ। होली पूर्णिमाको भोलिपल्ट राति चकंद्य: जात्रा मनाइन्छ। सिंहसार्थबाहुको मूर्तिलाई खटमा राखेर सहर परिक्रमा गरिन्छ। काठमाडौँको भित्री सहरमा एकअर्कालाई अबिर दलेर होली खेल्दै खट घुमाउँदै जात्रा मनाउने चलन अहिले पनि छ।)

◆

भानु बोखिम

# आश्वासनको जालो

नेपालगन्जको तापक्रम उम्लिएको चियाझैँ उच्च थियो।

कामको सिलसिलामा विश्वास यादवले गम्छाले निधारमा तप्किरहेको पसिना पुछ्यो। आँखा उम्लिरहेको चियामाथि सोझिएका थिए। उसले मध्यम आकारका डेढ दर्जन कप चिया राख्नका लागि तयार पारेको थियो।



ग्यास चुलो निभाएपछि बायाँ हातले चियादानी पक्ड्यो। दायाँ हातले एउटा ठूलो कप पक्डेर चियाको भाँडामा डुबायो। हरेक कपलाई चियादानीमार्फत खन्याउँदै चियाले भऱ्यो। भरिएका कपहरू एकएक गरेर ट्रेमाथि राख्यो। ट्रे उचाल्नुअघि फेरि पसिना पुछ्नु उपयुक्त ठान्यो। गम्छाले पसिना पुछ्यो अनि चियाको ट्रे उचाल्यो।

भान्सा कोठाबाट बाहिरिने ढोकाको सामुन्ने माथि जाने लिस्नो थियो। लिस्नोमा फलामे बार थियो। सिङ्गमर्मर छापिएका खुड्किलाहरू चिल्ला थिए। विश्वासले ती चिल्ला खुड्किलाहरू सुस्तरी टेक्दै उक्लियो। माथिल्लो तलामा पुगेपछि लिस्नो छेवैको ढोकामा पुग्यो। यो जीवन श्रेष्ठको कार्यकक्ष हो जसलाई कार्यालयका सबैले सर भन्थे। सबैले नमस्कार गरेको देखेर विश्वासले कार्यालयको सबैभन्दा ठूलो मान्छे यही हो भन्ने अनुमान गरेको थियो।

विश्वासका दुवै हातले ट्रे पक्डेकाले शरीरले ढोका धकेल्यो। आधा खुलेको ढोकाबाट ऊ कोठाभित्र प्रवेश गऱ्यो। नेपालगन्जको जेठको गर्मीमा पनि हाकिमको कोठा हिमालझैँ चिसो थियो। ल्यापटपको स्क्रिनमा सोझिएका हाकिमका आँखामा चस्मा थियो। उसका औँलाहरू ल्यापटपको कीबोर्डमा निरन्तर नाचिरहेका थिए।

"सर चिया!" विश्वास हाकिमको छेवैमा चियाको कप राख्दै बोल्यो।

"थ्याङ्क यू विश्वास!" हाकिम ल्यापटपबाट आँखा हटाउँदै बोल्यो– "के छ खबर तिम्रो?"

हाकिमले कहिलेकाहीँ यसरी विश्वासको खबर सोध्थ्यो। खबर सोध्दा विश्वास खुसी हुन्थ्यो। उसले नरम आवाजमा जवाफ फर्कायो– "ठीक छ सर!"

"अनि कलेज गइरहेका छौ?" हाकिमले चस्मा खोलेर टेबलमा राख्दै भन्यो।

"कहिलेकाहीँ सर!" ऊ हाकिमलाई नियाल्दै बोल्यो– "बिहान चाँडो यहाँ आउनुपर्छ, सधैँ जानै पाउँदिनँ।"

हाकिमले विश्वासको मुहारमा नियालेर केही आश्वासनका शब्दहरू खर्चियो। त्यसपछि चिया तान्यो र पिउन थाल्यो। विश्वास अन्य कर्मचारीलाई चिया बाँड्न ट्रे बोकेर बाहिरियो। हाकिमको ढोकाबाट बाहिरिनेबित्तिकै उसले शरीरले नेपालगन्जको वास्तविक गर्मी महसुस गऱ्यो।

विश्वासले गाउँकै विद्यालयबाट दुई वर्षअघि एसएलसी गरेको थियो। गरिबीका कारण कलेज जान सकेन। यस पालि गैरसरकारी संस्थामा पिउनको काम मिलेपछि ऊ क्याम्पसमा भर्ना भयो। तलबले आवश्यक किताबकपी किन्थ्यो र क्याम्पसको फिस तिर्थ्यो। बचेको पैसा आमालाई दिन्थ्यो।

उसलाई आफू काम गर्ने अफिसको काम र उद्देश्य केही थाहा थिएन। अफिसले विदेशी पैसामा काम गर्छ भन्ने सुनेको थियो। अफिसका हरेक कोठामा एसी जडान गरिएको थियो। तर ती कोठामा विश्वास बस्न पाउँदैनथ्यो। ऊ बस्ने भान्सा कोठामा भने एसी थिएन।

उसलाई दैनिक ज्यालादारीमा राखिएको थियो। तर कार्यालय शनिबार र आइतबार गरेर साताको दुई दिन बन्द हुन्थ्यो। ऊ बिहान आठ बजे अफिस आइपुग्थ्यो। बिहान चाँडै आउने हुनाले बेलुका चार बजे नै जान पाउँथ्यो। बिहान आएपछि सबै कोठाको टेबलकुर्सी चम्काउँथ्यो। भुइँमा कुचो लगाउँथ्यो। सरसफाइको काम सक्दानसक्दै नौ बज्थ्यो अनि एकएक गरेर कर्मचारी भित्रिन्थे। ती भित्रिएका कर्मचारी सबैलाई आधा घण्टाभित्र चिया पकाएर खुवाउँथ्यो।

त्यसपछि एक बजेसम्म उसको खास काम हुँदैनथ्यो। तर अरूले जे अराउँछन् त्यही गर्नुपर्ने भएकाले फुर्सद पनि हुँदैनथ्यो। खाजा खान बाहिरिएका कर्मचारीहरू दुई बजेतिर सबै कार्यालयमा फर्किन्थे। विश्वास फेरि सबैका लागि चिया पकाउँथ्यो। सबैलाई कोठाकोठामा पुऱ्याउँथ्यो। हरेक कोठामा पुगेर फोहोर कप ल्याउँथ्यो अनि सफा गर्थ्यो।

नीलो पर्खालमा अडिएको घडीमा चार बज्न लागेको थियो। विश्वास घर हिँड्ने बेलामा रिसेप्सनमा बस्ने कर्मचारीलाई खबर गरेर जान्थ्यो। एउटी अग्ली केटी बसेर फोन उठाउने काम गर्थी त्यहाँ। विश्वास त्यहाँ पुग्दा त्यो केटी फोनमा कुरा गरिरहेकी थिई। विश्वासले आफू अफिसबाट निस्कन लागेको बतायो। त्यो कर्मचारीले हातको इसाराले बिदा गरी। विश्वास त्यहाँबाट निस्किएर अफिसको पछाडिपट्टि भएको पार्किङमा गयो। त्यहाँ कार्यालय तथा कर्मचारीका गाडी र मोटरसाइकलहरू थिए। त्यसकै एक छेउमा थियो विश्वासको पुरानो साइकल। साइकल डोऱ्याउँदै गेटसम्म पुग्यो। गेट पालेले विश्वासको कुनै मतलब गरेन। ऊ आफै गेट खोलेर बाहिरियो। गेट पालेले अफिसका बाँकी सबै कर्मचारीलाई आउँदाजाँदा गेट खोलिदिन्थ्यो।

गेटबाट बाहिरिएपछि बायाँ मोडिएर कच्ची सडकमा साइकल डोऱ्याउन थाल्यो। ५० मिटरअगाडि पुगेर कच्ची बाटो मूल सडकमा ठोकियो। मूल सडक जोडिने ठाउँमा उकालो थियो। त्यो उकालोसम्म विश्वास साइकल डोऱ्याएरै पुग्यो। सडक किनारमा एकैछिन रोकिएर हाकिमले पढ्न उकासेको कुरा सम्झियो। त्यसले उसमा छुट्टै स्फूर्ति आयो। उसले उत्साहको साथ दायाँ खुट्टाले साइकलको स्ट्यान्ड लगायो। साइकल आफू उभिएकैतिर कोल्टो परेर अडियो। हातका औँलाहरू बैजनी रङको कमिजको टाँक खोल्न मस्त भए। भित्रको गन्जी पसिनाले भिजेर पूर्ण रूपमा सेतो थिएन, तैपनि उसलाई देखाउने रहर जाग्यो।

दुवै हातले साइकलको ह्यान्डल पक्डेर सिधा बनायो। दायाँ खुट्टले स्ट्यान्डमा हिर्काएर माथि उठायो। बायाँ खुट्टाले पाइडलमा टेकेपछि हुत्तिएको साइकलमा दायाँ खुट्टा घुमाएर साइकलमाथि बस्यो। साइकल बेगिएपछि दुवै हात ह्यान्डलले छाडेर हावामा फैलायो। उसको पातलो ज्यानमा झुन्डिएको कमिज हावाले पछिल्तिर बत्तिएका थिए। ऊ गुडिरहेको साइकलमा मनमनै गुनगुनाइरहेको थियो– 'जिन्दगी एक सफर रुक्साहाना लगता है।'

सधैँझैँ हातमा पोचा र सानो बाल्टी बोकेर हाकिमको कोठासँगै जोडिएको कोठामा छिऱ्यो। त्यो कोठाको बाहिर 'फाइनेन्स सेक्सन' लेखिएको थियो। यो लेखापालको कोठा थियो। महिना मरेपछि त्यही कोठाको मान्छेले विश्वासलाई आफ्नो तलबको चेक थमाउँथ्यो। त्यो

कोठाको भित्ते घडीमा उसको आँखा ठोकियो। सानो आवाज निकाल्दै चलिरहेको घडीमा आठ बजेर तीन मिनेट गएको थियो।

टेबललाई चिटिक्क पार्ने कोसिस गऱ्यो। कोठाबाट बाहिरिनै लाग्दा ढोकानिर लेखापाल देखा पऱ्यो।

"सर नमस्कार!" विश्वासले दुवै हात एकतिर ल्याउँदै भन्यो, तर बाल्टी र पोचा समाएको हात मज्जाले जोडिन पाएन।

"नमस्कार, नमस्कार!" लेखापाल कुर्सीतिर बढ्दै थियो।

लेखापालले भिरेको झोला काँधबाट छुटाएर टेबलछेउ राख्यो। उनको शरीर खाइलाग्दो थियो। टाउको अग्रभागमा कपाल थिएन। तर पछाडितिर पालेको लामो कपाल घुमाएर अगाडिको खाली भागलाई ढाक्न खोज्थ्यो। ऊ बस्दा शरीरको भारले कुर्सी हल्का लच्कियो।

"अनि विश्वास, के छ खबर तिम्रो?" अदपसाथ कर्मचारीले सोध्यो।

"ठीक छ सर!" ढोकाको सँघारमा पुगेको विश्वासले बोल्यो।

"तिमीसँग एउटा कुरा गर्नु छ," लेखापाल विश्वासतिर हेर्दै बोल्यो– "भित्र आऊ।"

विश्वासलाई धर्मसङ्कट पऱ्यो। बसूँ भने बाँकी कोठा सफा गर्न समय पुग्दैन। नबसूँ त आफूभन्दा ठूलो मान्छेको कुरा कसरी काट्ने?

"आऊ, आऊ," लेखापालले आश्वस्त पार्दै भन्यो– "एकछिन ढिलो भएर केही हुँदैन।"

विश्वासले ढोकाकै छेउमा बाल्टिन राख्यो। टेबल पुछ्ने कपडालाई त्यही बाल्टिनमा हाल्यो अनि चार कदम चालेर कर्मचारीछेउ पुग्यो।

"बस!" लेखापालले आफ्नो दायाँ हातले अगाडिको कुर्सी देखाउँदै बोल्यो।

विश्वास सङ्कोच मान्दै बसेको थियो। उसलाई कताकता डर लाग्यो। कार्यालयमा भएका सबै कुर्सी सफा गर्थ्यो, तर ती कुनै पनि कुर्सीमा ऊ बसेको थिएन। उसका लागि छुट्ट्याइएको कुर्सी भान्सा कोठामै थियो।

"तिमी झाडूपोचा मात्र लगाउने कि अलि राम्रो काम पनि गर्ने?" लेखापालले विश्वासलाई सोध्यो।

"यही काम त मुस्किलले मिलेको छ," विश्वासले हातको औँलाहरू मिच्दै बोल्यो– "राम्रो काम त हाम्रो भाग्यमा कहाँ छ सर?"

"भाग्य भनेर हुँदैन," जोस्याउन खोज्दै बोल्यो– "ट्राई गरेपछि हुन्छ।"

"खै सर!" विश्वासले दबिएको आवाजमा भन्यो।

"खै सर हैन, आर्मीमा भर्ना खुलेको छ, फर्म भर।" उसले जोस्याउँदै बोल्यो।

अफिसको काम सकिएपछि तिनै कर्मचारीको कोठामा प्रवेश गऱ्यो। कर्मचारीले उसको कम्प्युटरबाट केके गऱ्यो भन्ने कुरा विश्वासले भ्याउ पाएन। एकैछिनमा प्रिन्टर मसिन चलेको आवाज आयो। त्यहाँबाट क्रमशः तीन वटा कागजका पानाहरू निस्किए। विश्वासको नागरिकताको प्रतिलिपि लेखापालसँगै थियो। नागरिकतामा भएअनुसार सबै कुरा मिलाएर

फाराम त्यही कर्मचारीले भरिदियो। अरू आवश्यक कागजपत्रका बारेमा पनि बतायो। आज शुक्रबारको दिन थियो। उसले आइतबार गएर फाराम बुझाउन सल्लाह दियो।

"घरबाट प्रमाणपत्रको फोटोकपी थप्नू अनि बुझाउनू।" लेखापालले भन्यो।

"म जान्छु सर!" कुर्सीबाट उठ्दै विश्वासले खाम समात्यो।

"हुन्छ, अहिले यो सबै कागज मैसँग हुन्छ," लेखापालले भन्यो– "घर जाने बेला मलाई भेटेर लिनू।"

"हुन्छ सर!" विश्वासले कुर्सीबाट उठ्दै बोल्यो।

कार्यालय समय सकिएपछि विश्वास लेखापालको कोठामा छिर्‍यो। लेखापालले ठूलो आकारको काम दिँदै शुभकामना दियो। विश्वास अफिसको भान्सा कोठामा आयो। त्यहाँ प्रयोग गरिसकेको प्लास्टिकको झोला निकालेर लेखापालले थमाएको खाम राख्यो।

मूल सडकमा आएपछि आज पनि विश्वासले वेगले साइकल दौडायो। साइकलको ह्यान्डलको बायाँ साइडमा खाम राखेको पोलिथिन झुन्डिएको थियो। सडकमा बेगिँदै गर्दा उसले सैनिक पोसाकमा सजिएको कल्पना गर्‍यो। कतिपय अवस्थामा बन्दुक बोकेर हिँडिरहेको देख्यो।

आइतबार ऊ फाराम बुझाउन पुग्यो, तर फाराम बुझ्नेले ओल्टाईपल्टाई हेर्‍यो। फाराम हेरेपछि विश्वासतिर आँखा सोझ्यायो अनि भन्यो– "तपाईंको नागरिकता र प्रमाणपत्रमा नाम मिलेन।"

फाराम हेर्नेको कुरा सुनेर विश्वास झसङ्ग भयो। उसले फाराम हेर्‍यो। उसको प्रमाणपत्रमा विश्वासकुमार यादव थियो, तर नागरिकतामा विश्वासकमार यादव थियो। कुमार र कमारले उसलाई फसादमा पार्‍यो। तर त्यही फाराम हेर्नेले सुझाव दियो– "जिल्ला प्रशासन गई यी दुइटै नाम एउटै हो भनेर प्रमाणित गराउनोस्।"

फाराम बुझाउने लाइनमा बस्दाबस्दै आधा दिन गइसकेको थियो। ऊ तेज गतिमा जिल्ला प्रशासन कार्यालय पुग्यो।

"सर, मेरो नाम मिलेनछ, एउटै हो भनिदिनुपर्‍यो," विश्वासले जिप्रकाको कर्मचारीलाई नागरिकता र प्रमाणपत्र देखाउँदै भन्यो।

"यत्तिकै हुन्छ?" कागज हेरेर कर्मचारीले तर्किंदै भन्यो– "गाविसको सिफारिस ल्याउनुपर्दैन?"

ऊ जिल्ला प्रशासन कार्यालयबाट हतारमा बाहिरियो। गाउँ विकास समितिको कार्यालय जाने बाटो अरू नै कामले धेरै चोटि हिँडेको थियो। कच्ची सडकमा सानातिना खाल्टाखुल्टी थिए। अन्य दिन त्यस्तो बाटामा साइकल बिस्तारै चलाउँथ्यो, आज तेज गतिमा चलायो। यो बाटामा यति तेज साइकल पहिले कहिल्यै चलाएको थिएन।

गाउँ विकास समितिको कार्यालय पुग्यो, तर त्यहाँ पिउन मात्र थियो। उही पिउनले गाविस सचिव निस्किसकेको बतायो। ऊ निराश भएर निस्कियो। अघि गएकै बाटो फर्किरहेको थियो, तर पहिलेजस्तो साइकलको गति तेज थिएन। बस, उसलाई आज घर पुग्नु मात्र थियो।

भोलिपल्ट बिहान नौ बजे कार्यालयको रिसेप्सनिस्टलाई फोन गरेर आफू आउन नसक्ने बतायो। ऊ आरामले पुग्ने हिसाबले गाविस कार्यालयतिर लाग्यो। गाविसमा सचिव भेटिएन। ऊ बिरामी परेर अफिस नआएको जानकारी पायो। त्यसपछि निराश भएर घर फर्कियो। अब अफिस गएर काम थिएन, त्यही भएर घरमै बसिरह्यो।

भोलिपल्ट फेरि गाविस भवनमा प्रवेश गऱ्यो। त्यहाँ मान्छेहरूको भीड थियो, तर गाविस सचिव थिएन। मध्यदिनमा गाविस सचिवको मोटरसाइकलको आवाज गुन्जियो। त्यहाँ भएका केही सेवाग्राहीले सचिवलाई नमस्कार टक्ऱ्याए, तर सचिव नदेखेझैँ गरेर अगाडि बढ्यो। सेवाग्राहीको भीड थियो। विश्वास निकै बेर अलमलिइरह्यो। त्यत्तिकैमा उसले पिउनसँग गएर आफ्नो समस्या बतायो।

"तिमी यता आऊ," पिउन झ्यालबाट पिच्च थुक्दै बोल्यो।

"किन आउने?" विश्वासले सशङ्कित हुँदै सोध्यो।

"आऊ न यार!" पिउन विश्वासको दायाँ हातमा पक्डेर तान्दै बोल्यो– "तिम्रै भलोका लागि हो।"

पिउन अगाडि र विश्वास पछाडि हिँडिरहेको थियो। उनीहरू दुवै कार्यालयको पछाडि पुगे।

"तिमीलाई अर्जेन्ट रहेछ," पिउनले गालाको दाह्री मुसार्दै भन्यो– "पाँच सय रुपियाँ दिनू, म तुरुन्त काम निप्टाइदिन्छु।"

"पाँच सय किन दिने बे?" विश्वास जङ्गिँदै बोल्यो।

"बिस्तारै बोल्नोस्," पिउनले सम्झाउँदै भन्यो– "अरूले सुने भने गडबड हुन्छ।"

विश्वासलाई रिस उठेको थियो, तर आफूलाई शान्त पार्दै बोल्यो– "किन दिने पाँच सय?"

"त्यसो भए पालो कुरेर बस," पिउनले उसको हत्केलो विश्वासका आँखासामु यताउता हल्लाउँदै भन्यो– "तर दिनभरिमा पनि पालो आउँदैन, ग्यारेन्टी भन्छु।"

पिउनको कुरा सुनेर विश्वासलाई डर लाग्यो। सेवाग्राहीको भीड हेर्दा दिनभरिमा पनि काम नबन्न सक्थ्यो। विश्वासले पाँच सय टक्ऱ्यायो। करिब २० मिनेटजतिमा पिउनले उसको कागजपत्र र सिफारिसपत्र ल्याएर दियो। विश्वास त्यहाँबाट निस्कँदा दुई बज्न लागेको थियो। हतारमा जिल्ला प्रशासन कार्यालय प्रवेश गऱ्यो। हिजोको ठाउँमा गयो, तर कर्मचारी थिएन। अरूबाट थाहा पायो कि त्यो कर्मचारी मिटिङमा गएको छ। विश्वास उसको कोठाको ढोकानिर उभिइरह्यो। पाँच बज्न २० मिनेटजति बाँकी थियो। कर्मचारी आफ्नो कोठामा प्रवेश गऱ्यो। विश्वासले आफ्नो कागजपत्र कर्मचारीलाई टक्ऱ्यायो।

कुर्सीमा बसेपछि कर्मचारीले सरसर्ती कागज पल्टाएर हेऱ्यो अनि भन्यो– "आज समय सकियो बाबू, भोलि आऊ।"

"मलाई हतार छ सर!" विश्वासले दुई हात जोड्दै भन्यो।

"भोलि भनेको सुनेनौ?" अलि ठूलो स्वरमा बोल्यो कर्मचारी– "घडी पनि हेर न, पाँच बजिसक्यो।"

"सर, मलाई सेनामा फाराम बुझाउन कागज चाहिएको हो।" विश्वास हात जोड्दै बोल्यो– "यता र उता गर्दै समय गइसक्यो।"

"ए...!" कर्मचारीले भन्यो– "अनि आज फाराम बुझाउन मिल्छ त?"

"आज त मिल्दैन होला सर!" विश्वास झुकेर बोल्यो।

"मिल्दैन होला हैन, मिल्दैन नै!" कर्मचारी ठोकुवा गर्दै बोल्यो– "भोलि १० बजे नै आऊ, म तिम्रो कागज बनाइदिन्छु अनि गएर फाराम बुझाउनू। सबै कुरा भोलि भ्याउँछौ।"

"हस् सर! नमस्कार!" विश्वास बिदा हुन हात जोड्दै बोल्यो।

"हुम्, ल जाऊ!" कर्मचारी दायाँ हात उठाएर निधारमा पुऱ्याउँदै बोल्यो।

विश्वासले भोलिपल्ट बिहान नौ बजेतिर रिसेप्सनिस्टलाई फोन गरेर नआउने जानकारी गरायो।

"तिमी आज पनि आउँदैनौ?" रिसेप्सनिस्टले चर्केर भनी– "तिम्रो कारणले हिजो पनि अफिस राम्रो सफा भएन।"

"माफ गर्नोस् म्याडम!" विश्वासले नम्र स्वरमा भन्यो– "मेरो काम परेको छ।"

"हेर विश्वास, तिमीले आफ्नो सम्झौताअनुसार काम गर्नुपर्छ।"

त्यसपछि फोन काटियो। जुन तरिकाले रिसेप्सनिस्टसँग कुराकानी टुङ्गियो त्यसले खल्लो बनायो। तर ऊ जिल्ला प्रशासन कार्यालयतिर जान निस्कियो।

जिल्ला प्रशासनमा पुग्यो, तर हिजोको कर्मचारी थिएन। उसले अरूबाट कामको कारण बाहिर गएको थाहा पायो। करिब दुई बजेतिर कर्मचारी आइपुग्यो। विश्वासको काम सकिँदा तीन बज्यो। ऊ फाराम बुझाउने ठाउँतिर गयो, तर ढिलो भएकाले फाराम बुझाउन पाएन। त्यसपछि ऊ निराश भएर घर फर्कियो, तर कागजपत्र बनेकोमा ऊ खुसी भने थियो।

भोलिपल्ट बुधबारको दिन थियो। विश्वासले फोन गरेर रिसेप्सनिस्टलाई जानकारी गरायो। आज रिसेप्सनिस्ट अझ बढी धम्कीको भाषामा बोली। तर उसले सबै कुरा पचाउने साहस गर्दै फोन राख्यो। ऊ फाराम बुझाउने ठाउँमा गयो। १२ बजेतिर उसले फाराम बुझायो र घर फर्कियो।

दिनको चार बजेको थियो। विश्वास आँगनको चारपाईमा पल्टिरहेको थियो। घरको छेवैमा जामुनको रूख थियो। जामुनको छाया परेकोतिर विश्वासले चारपाई राखेको थियो। ऊ मीठो कल्पना गर्दै चारपाईमा पल्टिएको थियो। सिरानीका रूपमा आफ्नै दुई हत्केला टाउकोमुनि खापिएका थिए। बायाँ खुट्टालाई त्रिभुजको स्वरूप दिएर चारपाईमा अड्याएको थियो। त्यसमाथि खापिएको बायाँ खुट्टो दिमागको सलबलाहटकै गतिमा चलमलाइरहेको थिए।

मोबाइल बजेपछि एकाग्रता खलबलियो। सिरानी बनाएको हात झिक्यो र प्यान्टको खल्तीमा हात घुसाऱ्यो। उसले नम्बर अफिसको हो भनेर ठम्याइहाल्यो। फोन उठाउनेबित्तिकै रिसेप्सनिस्टको रूखो आवाज विश्वासको कानमा ठोकियो।

"अब तिमी आउनुपर्दैन!" रिसेप्सनिस्ट कार्यालयको निर्णय सुनाउँदै बोली– "हामीले अर्कै मान्छे राख्यौँ।"

"त्यसो नभन्नू म्याडम!" विश्वास बिन्ती बिसाउँदै बोल्यो– "म भोलिदेखि आउँछु।"

"निर्णय भइसक्यो, अब तिमीले भनेर हुँदैन। तिम्रो काम गरेको पैसा लिन म केही दिनमा बोलाउँछु।"

विश्वास अनुरोध गरिरहेको थियो, तर उताबाट फोन काटियो। फोन राखेपछि मुटुको गति तेज भयो। शरीर शिथिल भयो। उसले पानीकलतिर जान खोज्यो, तर पाइला चल्न मानिरहेका थिएनन्।

केही दिनमै विश्वास यादव सैनिक भर्ना प्रक्रियामा सामेल भयो। उसको उचाइ नापियो। छाती पनि नापियो। परिवार, गाउँ, अभिभावक, सपनाका बारेमा सोधियो। उफ्राइयो। दौडाइयो। सैनिक बन्ने सपनामा उसले नेपालगन्जको गर्मीलाई वास्ता गरेन। नेपालगन्जको गर्मी नौलो त थिएन विश्वासलाई तर गर्मीमा यसरी दौडिएको, उफ्रिएको भने थिएन। उसले सक्दो प्रयास गऱ्यो, तर सेनामा भर्ना हुने सपना पूरा हुन सकेन।

जागिर पनि गयो। सेनामा नाम पनि निस्केन। विश्वासका दिनहरू उदासीमा बितिरहेका थिए। प्रायः मौन रहने उसको मोबाइल फोन बज्यो। उसलाई काम छोडाइएको अफिसको फोन थियो। दायाँ हातको बूढी औँलाले कीप्याडमा भएको हरियो बटन दबायो अनि कानमा टाँस्यो। रिसेप्सनिस्ट बोलिरहेकी थिई। आज उसको आवाज पहिलेझैँ रूखो थिएन।

"विश्वास, तिम्रो चेक रेडी छ," रिसेप्सनिस्टले हालचाल सोधेपछि भनिन्– "लिन आउनू।"

"हस् म्याडम!" विश्वासले उत्साहहीन भएर प्रतिक्रिया दियो।

उताबाट ल्यान्डलाइन फोनको रिसिवर सेटमाथि खप्टयाएको आवाज विश्वासको कानमा पऱ्यो। त्यही मोबाइल सेटले तीन पटक आफ्नो निधारमा हिर्कायो अनि गोजीमा राख्यो। उसको शरीरमा प्यान्ट र गन्जी अडिएका थिए। कमिज चारपाईको किनारमा लत्रिएको थियो। चारपाईबाट उठाएर दुई पल्ट हावामा झट्काऱ्यो। त्यसपछि जालहारीले जाल घुमाएझैँ कमिजलाई फनक्क घुमाएर शरीरमा लगायो।

विश्वासको साइकल एकै चोटि अफिसको गेटअगाडि रोकियो। सधैँझैँ पछाडि गएर साइकल राख्यो अनि रिसेप्सनिस्टको अगाडि उभियो। दुई हात जोडेर नमस्कार टक्र्यायो। फोनमा बोल्दै गरेकी रिसेप्सनिस्टले दाहिने हातले आफ्नो निधार छुन खोज्दै नमस्कारको प्रत्युत्तर दिई अनि बस्न इसारा गरी। यसभन्दा पहिले रिसेप्सनको कुर्सीमा नबसेको हुनाले अप्ठ्यारो मान्दै बस्यो।

फोन राखेपछि रिसेप्सनिस्टले विश्वासको हालचाल सोधी। विश्वासले सबै ठीक भएको प्रतिक्रिया दियो, तर भनेजस्तो ठीकठाक चलेको थिएन जिन्दगी। रिसेप्सनिस्टले विश्वासलाई एउटा कागजमा सही गराई। सधैँ यस्तो कागजमा तलब दिनुअघि लेखापालले सही गराउँथ्यो। उसले आफूलाई रिसेप्सनबाटै बिदा गरिने भन्ठान्यो।

"यो लेऊ!" रिसेप्सनिस्टले चेक दिँदै भनी।

"धन्यवाद म्याडम!" विश्वास चेक समात्दै बोल्यो।

"ल, राम्ररी जाऊ," रिसेप्सनिस्टले सभ्य शैलीमा बिदा गरी।

"म सरलाई एक पटक भेटेर जान्छु!" विश्वासले रिसेप्सनिस्टलाई भन्यो।

रिसेप्सनिस्टले फोन उठाएर तीन वटा नम्बर दाबी। फोनबाटै विश्वासले भेट्न खोजेको कुरा बताई अनि हाकिमको आज्ञा शिरोपर गर्दै फोन राखी। त्यसपछि विश्वासलाई हाकिमको कोठामा जान भनी। विश्वास हाकिमको ढोकामा पुग्यो। सङ्कोच मान्दै ढोका धकेलेर भित्र प्रवेश गर्‍यो।

"के छ विश्वास?" हाकिम हात तेर्स्याउँदै बोल्यो।

"ठीक छ सर!" विश्वासले अप्ठ्यारो मान्दै हात तेर्स्यायो।

यसभन्दा अघि कहिल्यै पनि हाकिमसँग हात मिलाएको थिएन। उसले विश्वासलाई कुर्सीमा बस्न इसारा गर्‍यो। विश्वास असहज मान्दै बस्यो। ऊ हाकिमजसरी खुट्टामाथि खुट्टा खापेर बस्न सकेन। दुवै हातका औँला एकअर्कामा च्यापिएका थिए। हाकिमले भने फोन गरेर चिया मगायो।

"विश्वास, तिमीले जानीजानी गरेको हैन भन्ने थाहा छ," हाकिम एकोहोरो बोल्न थाल्यो– "तर तिमीले आफ्नो काममा ढिलो खबर गरेर गल्ती गर्‍यौ। म त तिमीलाई माया गर्ने मान्छे। दुई दिन चुप लागेर बसेँ, तर तिमीले तेस्रो दिन पनि ढिलो खबर गरेर मलाई अप्ठ्यारोमा पार्‍यौ। तिमीले सम्झौतापत्र पढेका छौ?"

विश्वासले कुनै कागजमा हस्ताक्षर गरेको थियो। त्यसको एक प्रति ऊसँग पनि थियो, तर के लेखेको छ भनेर हेरेको थिएन। उसले पढ्न जरुरी पनि ठानेन। त्यहीअनुसार जवाफ दियो– "छैन सर!"

"त्यो सम्झौतापत्रमा प्रस्ट लेखिएको छ," हाकिमले भन्यो– "तिमी छुट्टीमा बसेको बेला यहाँ सफा गर्ने मान्छे तिमीले नै ल्याइदिनुपर्छ भनेर, तर तिमीले त बेलामा खबर पनि गरेनौ।"

विश्वास केही पनि बोलेन। त्यत्तिकैमा एक जना उसकै उमेरको केटो कोठामा छिर्‍यो। छालाको रङ, उचाइ, मोटाइ सबै विश्वाससँग मिल्थ्यो। ऊ दुई कप चिया त्यहाँ छाडेर बाहिरियो। विश्वासले सोच्यो, उसको ठाउँमा काम गर्ने मान्छे यही हो।

"जे हुनु भइगयो।" हाकिम आश्वासन दिँदै बोल्यो– "म तिम्रा लागि कुनै काम मिलाउने कोसिस गर्छु।"

हाकिमको बोलीले विश्वासको शरीरमा खुसीको सञ्चार भयो। अचानक बोल्यो– "कहिलेसम्ममा मिल्छ सर?"

"भएपछि फोन गर्छु नि!" हाकिमले कूटनीतिक जवाफ दियो– "आशा गरौँ, चाँडै हुन्छ।"

विश्वास हाकिमसँग बिदा मागेर निस्कियो। कार्यालयको गेटमा आइपुग्दा अघि प्रवेश गरेको तुलनामा मन हल्का भएको थियो। ऊ चाँडै फेरि काम गर्न पाउने सपना साँचेर घर फर्कियो।

उसको मोबाइल सेटमा खासै फोन आउँदैनथ्यो। फोन बज्दा अफिसबाट फोन आयो कि भनेर उत्साहित हुन्थ्यो। तर महिना दिन बित्दा पनि आफूले पहिले काम गरेको अफिसबाट फोन आएन। करिब तीन महिनापछि थाहा पायो, उसलाई आश्वासन दिने हाकिम स्वयम् राम्रो काम पाएर काठमाडौँ फर्कियो। अहिले नयाँ हाकिम आएको छ जसले विश्वासलाई चिन्दैन।

उसले हाकिमहरूको आश्वासन सम्झियो। जति सम्झियो उति उसलाई पीडा भयो। पीडा र उदासीमा उसले ११ कक्षाको परीक्षा पनि दिएन।

◆

सविता विमली

# परिचक्र



विद्यालयको शैक्षिक भ्रमणबाट फर्केकी साहना चुपचाप कोठामा बसेकी छ। यात्राको थकानमा होली भन्ने सबैको अनुमान छ। आइपुगेको केही घण्टापछि बाथरुम पसेकी ऊ एक घण्टा भइसक्यो, निस्कन्न। हजुरआमा अर्को तलाको बाथरुम दुई चोटि गइसकिन्। साहना निस्कन्न।

साहना नीरप्रसाद उपाध्यायकी नातिनी। नीरप्रसाद चलेका कानुन व्यवसायी। स्रेस्ता पाठशालाका हेड मास्टरका छोरा नीरप्रसादले कानुनी लिखतका धेरै कुरा घरमै सिके। १२–१३ वर्षकै उमेरदेखि लेखापढीमा उनी आफ्ना पितालाई सघाउने भइसकेका थिए। छोराको पढाइप्रतिको लगाव थाहा पाएका पिताले उनलाई एसएलसीपछिको अध्ययनका लागि भारत पठाए। विवाह गरेको दुई दशकपछि जन्मिएका नीरप्रसाद आमाबाबुका आँखाको नानी थिए। सन्तानको आस मारिसकेका दम्पतीका लागि सन्तानसुख चमत्कार थियो। करिब आठ वर्षमा नीरप्रसाद कानुनमा स्नातकोत्तर गरेर फर्किए।

यही बीचमा उनको विवाह भयो। दुई छोराछोरीको बाबु पनि बने। चाँडै विवाह गर्ने उनको विचार त थिएन तर बाबुआमाको आग्रह उनले टार्न सकेनन्। विद्यालयमा पढ्दै गरेकी श्रीमतीलाई पनि आफूसँगै राखेर पढाउन चाहन्थे, तर नातिनातिनाको रहर गरेका बाबुआमाका लागि उनले यो इच्छालाई पनि माया मार्नुपर्‍यो। दुवै छोराछोरी आमाबाबुभन्दा बढी हजुरबुबा र हजुरआमासँग इयाम्मिन्थे। बडो प्रेमले सिञ्चन गरेर राखे नीरप्रसादले परिवारलाई। पढाइ सकेर जब उनी फर्किए, त्यो पञ्चायतको उत्कर्षको समय थियो। कानुनमा उनको जति शैक्षिक योग्यता भएका मानिस औँलामा गन्न सकिन्थे। उनीसँग शैक्षिक योग्यता मात्र थिएन, बिरासतमा पाएका केही पुर्ख्यौली कला पनि थिए जसले उनलाई छिट्टै नै कानुन व्यवसायमा स्थापित गरिदियो।

उनले फर्किएको दुई वर्षमै काठमाडौँमा घर बनाए। अहिले बसिरहेको घर त उनले आफ्नै लागि भनेर बनाएको तेस्रो घर हो। छोराछोरी बढ्दै गएपछि घर साँघुरो भयो। त्यसपछि उनले दोस्रो घर बनाए। बढेका छोराछोरी वृद्ध आमाबाबुका लागि अट्याच शौचालयसहितको घर विशाल थियो। तर यो विशालताले नीरप्रसादबाट पितृस्नेह खोस्यो। बन्द कोठाभित्रको शौचालय पसेका वृद्ध बाबुको कतिखेर प्राणपखेरु उड्यो, कसैले थाहै पाएन। चिसोले अररो बनेको शरीर मात्र उनले भेटे। यो तीतो अनुभूतिले उनलाई उक्त विशाल घरमा रमाउन दिएन र यो तेस्रो घर बनाउन लगायो।

बीसौँ वर्षअगाडि जमिनदार दाजुभाइको अंशबन्डाको मुद्दा जिताइदिएबापत भाइले बक्सिस दिएको तीन रोपनी बारीमा अहिले उनको परिवार बसेको छ। कबुल गरेको रकमको बदलामा पक्षले उनलाई यो जग्गा दिएको थियो। सहरभन्दा पर भक्तपुरको यो सुनसान खेत केही वर्षमै यसरी गुलजार होला भन्ने अनुमान उनलाई कहीँ थिएन। सम्भवत: सहरको भीडभाडसँग पनि उनको मन भरिइसकेको थियो। र, उनी लागे खाल्डोको पूर्वी कुनातर्फ।

बाबु गुमाउनुभन्दा पनि अन्तिम अवस्थामा बाबुलाई शौचालयभित्र पाउनुको पीडा उनले बिर्सिन सकेनन्। उनको भव्य नयाँ घरमा अट्याच बाथरुम बनाइएन। अट्याच बाथरुमका कारण परिवारभित्र हुर्किने एकाङ्गीपनलाई पनि उनी राम्रैसँग पढिरहेका थिए। हुर्किएका छोराछोरीलाई घरमै हुँदा पनि देख्न गाह्रो थियो। खाना खाने बेलामा मात्र उनीहरू देखा पर्थे। कहिले त घरका सबैले खाएपछि मात्र उनीहरू खान आउँथे। कहिले पढ्नु छ भन्दै कोठाभित्र बसेका उनीहरूलाई भित्रै खाना लगिदिनुपर्थ्यो। कम्तीमा साँझमा भए पनि छोराछोरी नातिनातिनासँगको सामीप्य पाउनु बडो दुर्लभ हुँदै गइरहेको थियो।

जतिखेर पनि जसको पनि कोठा खुल्लै रहने समय यो थिएन। जतिखेरै पनि जसको पनि कोठामा पस्ने सुविधा पनि अहिले रहेन। कम्तीमा एउटै शौचालय भए घरमा भएको मानिसको अनुहार त देखिन्छ। उनले एउटा तलामा एउटा मात्र शौचालय बनाए नयाँ घरमा।

साहना उनको छोराकी जेठी छोरी। साहनाको भाइ पनि छ। साहनाको बाबुले वैष्णव ब्राह्मणको घरमा छेत्रीकी छोरीलाई बुहारी बनाउन चाहेको कुराले लामो समय परिवारको शान्ति हराएको थियो। नीरप्रसादले छोरालाई मनाउने थुप्रै प्रयास गरे। हृदयको हृदयबाट सलिनाको प्रेम हराउन सकेन। अन्तत: हृदयले विद्रोह गऱ्यो र सुटुक्क सलिनासँग विवाह गरेर बस्यो। जागिरको सिलसिलामा घरबाहिर रहेको छोराले विवाह गरेको छ भन्ने कुरा उनले साहना जन्मिएपछि मात्रै थाहा पाए। नातिनी प्रेमले नीरप्रसादका सारा गुनासा पखालिएर गए। सलिना घरमा सबैकी प्रिय बनिन्। साहना त हजुरबुबाकी छाया भने पनि हुन्छ। आफ्ना छोराछोरी हुर्किएको राम्रोसँग देख्न नपाएका नीरप्रसादले त्यो अभाव साहनाको बालापनसँग साटेर पूरा गरे।

घरबाट पहिलो पटक पाँच दिन बाहिर गएकी थिई साहना। शैक्षिक भ्रमणसँग कति धेरै उत्साहित थिई। हजुरबुबालाई सोधेर हैरान बनाएकी थिई जानुअघि। नातिनी आएपछि उसलाई उसै गरी सोधेर हैरान बनाउन चाहन्थे नीरप्रसाद। उसको नवीन अनुभूति सुन्न चाहन्थे। साहनाबिनाका

यी पाँच दिन घर सातो गएजस्तो भएको थियो। कोही कोहीसँग नबोलेको जस्तो सुनसान, चकमन्न घर नीरप्रसादलाई मन परिरहेको थिएन। साहनासँगै यो घरको बोली हराइरहेको अनुभूति गरिरहेका थिए उनी। हल्ला गर्दै कतिखेर साहना पस्ली र यो घरमा प्राण भरिएला भन्ने उनको आस पूरा भएन। शनिबारको दिन। अदालत बिदा। एउटा क्लाइन्टलाई घर नजिकैको रेस्टुराँमा बोलाएर भेटेका थिए। अहिले पहिलाको जस्तो मिहिनेत गर्नु पनि पर्दैन। मुद्दा मस्यौदा गर्ने, नजिर खोज्ने, फाइल पढेर आवश्यक बुँदा टिप्ने वा ब्रिफिङ गरिदिने मान्छे छन्। बस, अदालतमा गएर बोले पुग्छ। कहिले इजलासमा उभिए मात्र पनि हुन्छ। बेन्चले वरिष्ठ आएपछि भइगो नि पनि भनिदिन सक्छ। वकालती जीवनको बडो सुन्दर प्रहर हो यो। मिहिनेत कम, फल ज्यादा! मिहिनेत त उनले वर्षौंअघि गरेकै हुन्। अहिले त्यसैको ब्याज खाइरहेका छन्। उक्त क्लाइन्टलाई भेटेर फर्किएपछि उनलाई साहनाकै प्रतीक्षा छ। घरसम्म विद्यालयकै गाडीले छाड्ने कुरा शिक्षकले गरेका थिए। साहनाले धेरै फोन नगर्न भनेकी थिई। उसले पहिलो दिन फोन र त्यसपछिका दिन लामा मेसेज गरेर आफू रमाइरहेको बताएकी थिई। हिजो भने उसको न फोन न त मेसेज केही आएन। फर्किने सुरमा बिर्सिहोली भन्ने ठाने नीरप्रसादले। आज उनले गरेको फोन साहनाकी साथीले उठाएर ऊ सुतिरहेको बताएकी थिई।

थुप्रै पटक बोलाएपछि मात्र साहना बाथरुमबाट निस्की। कसैसँग आँखा नमिलाई ऊ कोठाभित्र पसी। नातिनीको यो व्यवहारले नीरप्रसादलाई सोचमग्न बनायो। उनी तातो पानीको गिलास बोकेर साहनाको ढोकामा उभिए। निकै बेरमा उसले ढोका खोली। उनका अनुभवी आँखाले गहिरो गरी हेरे साहनालाई। पहिलो पटक महिनावारी भएको त आएर दौडँदै हजुरबुबालाई नै सुनाउने नातिनीको यस प्रकारको मौनताले नीरप्रसादलाई नराम्ररी खाइरहेको थियो। ढोका खोली साहना आफ्नो ओछ्यानमा गएर बसी। उसले घाँटीमा बेरेको सल केही तल झ¥यो। उसले कातर आँखा झुकाई। यही निमेषभरमा नीरप्रसादले अनिष्ट महसुस गरे। नातिनीलाई डो¥याई शनिबारको सुनसान सडक छिचोलेर कतिखेर अस्पताल आइपुगे, उनले थाहै पाएनन्। यात्राभरि कोकोसँग कुरा गरे त्यो पनि उनलाई हेक्का छैन।

वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. अतुला शर्माले उनलाई स्वागत गरिन्। उनी भर्खरै नीरप्रसादकै आग्रहमा अस्पताल आइपुगेकी थिइन्। वर्षौंअघि आफ्ना पतिसँगको सम्बन्ध विच्छेद मुद्दामा नीरप्रसादले गरेको सहयोगले अतुलालाई नयाँ जीवन दिएको थियो।

साहनाको चेकजाँच रिपोर्ट हातमा परेपछि भने नीरप्रसादले जीवनमै पहिलो पटक आफूलाई सबैभन्दा कमजोर महसुस गरे। उनको हातको रिपोर्टले भनिरहेको थियो– 'रिसेन्ट्ली टियर हाइमेन एन्ड स्टिल ब्लिडिङ।' अतुलाले शैक्षिक भ्रमणको संयोजक सामाजिक शिक्षाको शिक्षक रघुवीर छेत्रीको नाम बताइन्। यो नाम सुनेपछि त झन् उभिइरहेका नीरप्रसाद थचक्कै बसे। रघुकै भरमा त उनले नातिनीलाई पठाएका थिए। त्यो विद्यालय उनको साथी रामेश्वर छेत्रीको थियो। रघु रामेश्वरको छोरा हो। हृदय र रघुले सँगै पढेका हुन्। छोरो थियो रघु उपाध्याय परिवारको, तर उसले साहनालाई छोरी भनेन।

नीरप्रसादले आँखा चिम्लिए। उनका आँखाबाट बर्र आँसु झरे।

उनी कानुन व्यवसायको प्रारम्भिक दिनमा थिए। एउटा खानदानी परिवारको छोरो विरुद्ध जबर्जस्ती करणी मुद्दामा उनले यस्तो डिफेन्स गरिदिए कि पीडित श्रमिक किशोरीलाई यौन व्यवसायी नै बनाइदिए। किशोरीका दुईचार कथित ग्राहक अदालतमा उभ्याइए। अदालतले खानदानी युवकलाई सफाइ दियो। खातेपिते परिवारको छोरालाई बलात्कारको आरोप लगाएर सम्बन्ध र सम्पत्तिमा दाबी गर्ने किशोरीको अभीष्ट रहेको उनले अदालतमा पुष्टि गरिदिए।

आफूलाई काम गर्न घरमा बोलाएर जबर्जस्ती गरिएको किशोरीको आरोप आरोप मात्र थिएन, त्यसको साक्षी स्वयम् उसको शरीर थियो। बलात्कारमा बोल्ने भनेको पीडितको शरीर हो। पीडितको बयान हो। पीडितले होस्टाइल हुन मानिन। घरजग्गा, रुपियाँपैसामा ऊ लोभिइन। उसले एकोहोरो आफूमाथि हिंसा भएको बताइरही। किशोरीको एउटै रटानले गलेका नीरप्रसादले नै उसलाई यौन व्यवसायी बनाउने उपाय सुझाएका थिए। यसले गज्जब काम गर्‍यो। उनी आफ्नो पक्षलाई सजायबाट मात्र नभएर आरोपबाट समेत बचाउनसमेत सफल रहे। अदालतबाट निस्किँदै गर्दा पीडित किशोरीका भरिला आँखाले उनलाई जसरी खबरदारी गरे त्यसलाई त्यही साँझको विजयी भोजमा भरिएको निट ह्विस्कीको गिलासको चियर्ससँगै उनले बिर्सिदिए र आजसम्म सम्झिएनन्।

तर आज किशोरीले गरेका प्रश्नहरू यसरी गुन्जिए कि उनले सुन्न नसकेर आँखा उघारे। अगाडि त्यही किशोरी उभिएकी थिई। उनले हठात् हात जोडेर उक्त स्वाभिमानी किशोरीसँग माफी मागे। र, आफूले उसको विरुद्ध गरेका सम्पूर्ण गल्ती स्वीकार गरे। उक्त मुद्दामा खानदानी युवकभन्दा धेरै आफूले गल्ती गरेको स्वीकार गर्दै किशोरीका खुट्टामा घोप्टिए।

नीरप्रसाद के भनिरहेका छन् र गरिरहेका छन्, अतुला र भर्खरै आइपुगेकी साहनाले बुझ्नै सकेका थिएनन्। साहनाले आफ्ना खुट्टामा घोप्टिएका नीरप्रसादलाई उठाई। नातिनी देखेर नीरप्रसाद झनै निचोरिए।

र, जीवनमा पहिलो पटक नीरप्रसादले पीडितको पक्षबाट बहस गरे।

◆

दिवाकर सुवेदी

# होसोहवास



मान्छेले होस कतिखेर गुमाउँछ भन्ने प्रश्न गर्‍यो भने धेरैका धेरै थरी जवाफ आउलान्। कोही भन्लान् रिसाउँदा, कोही एक्लो हुँदा, कोही माया नपाउँदा, कोही कुलतमा लागेर आदि। आज म मैले आफ्नो होसोहवास गुमाउँदाको सत्य कथा भन्छु। के कारणले र किन मैले आफ्नो होस गुमाएँ भनेर सोध्दा कसैले पनि आजसम्म तार्किक जवाफ दिन सकेको छैन। बरु

उल्टै 'मेरो होस खाने काम नगर्' भन्ने गाली थापेको छु। सायद यसको उत्तर तपाईंले पो दिन सक्नुहुन्छ कि! जति धैर्यवान् र शान्त मान्छे भए पनि एकाएक होस सबैले गुमाउँछन्। मलाई थाहा छ, तपाईं त्यस्तो हुनुहुन्न।

'दसैँ नै हो कि मेरो दशा, टाउको खाएको...।' योगेश्वर अमात्य कुनै कन्सटिपेसनको बिरामीझैँ कन्दै थिए रेडियोमा। आवाजले कानलाई पिङ खेलाउँदै थियो। मनमा रहर नाच्दै थिए। दसैँ जो लागिसकेको थियो। राजधानीका गल्लीहरू कसैको मृत्युको शोकमा डुबेझैँ मौन देखिन्थे। कालोपत्रे सडकहरू एक्लै लम्पसार परिरहेका थिए। बेलामौकामा छिटफुट हिँड्ने पैदल यात्रुले ती सडकको छातीमा काउकुती लगाउँथे। गाडीहरू चिच्याउन कम भइसकेको थियो। कुनै बिरानो कोठामा लाग्दै गरेको भातको सिठी नै दैनिक अलार्म बन्दै थियो। मान्छेहरू घरमा कम, बसपार्कमा ज्यादा थिए। यस्तो लाग्थ्यो, बसपार्क बिहेमा जन्तीको ताँती देखाएर आफ्नो पहिचान दर्साउँदो छ। दसैँमा घर कसको रहर होला नजाने?

जबजब कोही सहरबाट गाउँमा छिर्छ, गाउँले उसलाई विलक्षण देख्न थाल्छ। आशाका आँकुराहरू पाइला लम्किएसँगै पलाउन थाल्छन्। सपनाको अद्भुत रहस्योद्घाटन गर्न समय व्याकुल हुन्छ। घर नपुग्दै कुरा पुग्छ। कुरासँग इतिहास पुग्छ। इतिहाससँग मन पुग्छ। मनसँगै जीवन पुग्छ। त्यसपछि के चाहियो? सुरु हुन्छ जीवनको लेखाजोखा।

मलाई कसैले न कुरा काटेको मन पर्छ न त कुरा बनाएको। कहिलेकाहीँ लाग्छ, यो जिब्रो नभइदिएको भए वाहियात कुराहरू न सुन्नुपर्थ्यो न त कसैलाई कुराले 'मिसअन्डरस्ट्यान्डिङ' गराउँथ्यो। जीवन खुसीले मगमगाउँथ्यो सायद। पीडाहरू कम भएर जान्थे। मन पोल्ने औजार नभएपछि मान्छेहरूले जीवनका दुःखहरू पोल्थे सायद। अनि वसन्त जीवनैभरि फक्रिन बाध्य हुन्थ्यो। हा... हा... यस्तै फाल्तू कुरामा मन डुल्छ मेरो आजभोलि। सायद जोबनले काँचुली फेर्दा यस्तै हुँदो हो सबैलाई। मनपरी यत्रतत्र बिछ्याउन मन लाग्छ जीवनका रागहरू। चाख्दै उड्न मन लाग्छ सपनाका परागहरू। कसैको मुहारमा पूर्णिमाको गोलाकार चन्द्रमा सजाउन मन लाग्छ। लियोनार्दो दा भिन्चीले बनाएको मोनालिसाको तस्बिरजस्तै यो मन कसैलाई उधारो दिन मन लाग्छ। मन लाग्छ हरेकका आँखामा ज्योति बनेर सजिन। मन लाग्छ हरेकको मनको बगैँचामा फूल बनी फक्रिन। मन लाग्छ...।

हातमा पश्चिम बस व्यवसायी सङ्घको लोगोसहितको टिकट, डाक्टरले लेखिदिएको 'प्रेसक्रिप्सन नोट'-झैँ कोरिएका अक्षर, भेडाको बथानझैँ सलबलाइरहेका मान्छे, नसुन्ने भीडमाझ बर्दीवालाले निरन्तर बजाइरहेको सिठी, धूवाँ र धूलोको बाक्लो कुइरीमण्डल– सबै कुरा अस्वाभाविक लाग्दै थियो। सहरले रहर जन्माउँदो रहेछ क्यारे! अस्वाभाविक लागेको भीडमाझ बिस्तारै आफूमा समाहित हुँदै गरेको आभास हुन लाग्यो।

निदाइरहेका सडकहरू यस बेला जाग्राम देखिन्थे। आकाश वर्षौंभरिको पीर आँसुमा बगाएर मन बुझाउँदो थियो। नजिकैको जुगल हिमालले आफ्नो चिसो घुम्टो सहरका गल्लीगल्लीमा पसाउँदो थियो। मान्छेभन्दा गह्रौँ कपडा झोलाभित्र बोक्नु र लगाउनु नियति बन्दै थियो। मलाई यो नियति पटक्कै मन पर्दैन।

जडीबुटी, कोटेश्वर, गौशाला हुँदै नयाँ बसपार्कसम्मको व्यस्त सडक पनि निकै फुर्सदिलो बनेको जोकोहीलाई प्रतीत हुन्थ्यो। चाडपर्व त्यसैले गाउँमा भन्दा सहरमा छिटो देखिन्छ। सहरमा कृत्रिम बत्ती, माला र रङहरूले जति सजाए पनि अधिक मनहरूमा गाउँको प्रेमिल वातावरणले सजाइसकेको थियो। मलाई लाग्दै थियो, आधुनिकता र रवाफ सहरमा सुस्ताएर गाउँमा पसेका अनुहारमा गरिबीबीचमा पनि चैन कसरी आउँदो हो? मुस्कान स्वयम् कसरी मुस्कुराउँदो हो? आजसम्म नभेट्टाएको उत्तर खोज्ने धृष्टता गर्दै थिएँ। सायद कसैलाई नसोधी उत्तरको खोजी गर्नुलाई परिपक्वता भन्छ क्यारे हाम्रो समाज। आमा भने मौका पाउँदा बैँसले छोयो भनेर मेरो आत्मविश्वासमा धमिरा लगाउनुहुन्थ्यो।

ओहो, एक घण्टाको बाटामा एक हजार विचार कसरी सलबलाएका? झसङ्ग झस्किएँ। यति बेलासम्ममा बसले गोङ्गबू बसपार्कभित्र पाइला मोडिसकेको थियो। घडीले साँझको सात बजाइसकेको थियो। शुक्रबारको त्यो दिनले सकेसम्म छिटो कोल्टे फेरोस् भन्ने इच्छा थियो, तर के गर्नु? भाग्यभन्दा धेरै र समयभन्दा पहिले कसैले केही पनि त पाउँदैन। आफैसँग हराएका अनुहारहरू, मनसँग कम र धनसँग बढी संवाद गर्दै गरेका शब्दहरू र सधैँ चाडपर्व नजिकिँदै गर्दा सहरियासँग पारपाचुके गर्ने बसपार्कलाई बिदाइको अन्तिम हात हल्लाउन बस चालकले आधी घण्टा खर्च गरे। मन भावनात्मक भएको बेला समय चिप्लिएको पत्तो नचल्नु प्राकृतिक र स्वाभाविक न हो। गुनासो गरिनँ। अरूको भावनामा चोट पुऱ्याउन मलाई मेरो धर्मले दिएन।

प्रदूषण र सपनाको प्रादुर्भावलाई चिर्दै कलङ्की हुँदै धार्केलाई पछाडि पाऱ्यो गाडीले। कहीँकहीँ उबडखाबड परेको सडकमा सर्पले झैँ गाडीले आफ्नो जीउ घिसार्न थाल्यो।

"पश्चिम... पश्चिम... बुटवल... भैरहवा... सुनौली...।"

यति बेलासम्म यो आवाज हावामै विलीन भइसकेको थियो। युवा मनलाई उद्वेलित पार्ने हिन्दी आइटम गीतहरू सहचालकको रोजाइमा परे। श्रव्यदृश्यभन्दा अदृश्य मन बढी उफ्रिरह्यो। भर्खर आँकुरिएका एक जोडी आँखाहरू अन्तिम सिटमा प्रणय भावको प्यासी देखिन्थे। समय गुड्दै थियो गाडी पैयाँहरूसँगै। सायद उमेर खाइसकेका केही मानिसहरूलाई श्रव्यदृश्यमा आपत्ति भएछ क्यारे, नेपाली गीतको चर्को माग गरे। सहचालक बाध्य भए। त्यसपछि अस्ताइसकेका नारायणगोपाल रात्रि प्रहरमा प्रेमिल संवादमा जोडिए। त्यो पल थाहा भयो कि नयाँ र पुरानो भन्ने कुरा पनि परिस्थिति र मनको अवस्थाले परिभाषित गर्दो रहेछ। मलाई मेरै पुरानो घरतर्फको यात्रा नयाँ र नौलो लाग्दै थियो।

जतिजति रात छिप्पिँदो थियो, निदरीले आँखाका परेलीमा उति नै दबाव दिँदो थियो। त्यही दबाव अति भएपछि हुनुपर्छ गहिरो निद्राले सिरानी र बिस्तरा पनि नभनी मलाई सुत्न विवश पारेको। मजाले निदाएछु। लामो यात्रा कति छिटै सकिएछ– बिहानीले बताउँदै थियो।

जब एकाबिहानै घर पुगेँ, मेरा खुसी र उमङ्ग सबै उजाडिन पुगे। घरको आँगनभरि गाउँले भेला भएका थिए, केही सुरक्षाकर्मी पनि देखिन्थे। पुलिस बर्दीले मनमा थुप्रै ज्वारभाटाहरू तरङ्गित बनाइदियो। आफ्नै मन आफ्नो काबूमा थिएन। खुट्टा र मन दुवै लरबराउन थालिसकेका थिए। जस्तै विषम परिस्थिति भए पनि घरको आँगनमा आफ्ना पाइला टक्क अड्याएँ। मन र

आँखा त अघि नै पुगिसकेका थिए। आँगनमा सेतो कपडाले केही ढाकेको थियो। पल्टाएर रहस्योद्घाटन गर्न मन लाग्यो। थरथर काँप्दै गरेको हातले त्यो सेतो कपडाको एउटा टुप्पो उघार्न पुगेँ। त्यसपछि जे देखेँ, मेरा आँखाले त्यो पत्याउनै सकिरहेका थिएनन्। रगतको धाराप्रवाह रोकिएजस्तो भयो। शरीरभन्दा मुटु र मुटुभन्दा आत्मविश्वास थिलथिलो भयो। म कसरी पत्याउन सक्थेँ? अलि अस्तिसम्म दादा भन्ने कलिली बहिनी आज बिदा भइसकेकी थिई। भर्खर बाह्रौँ वसन्तको हरियाली देखेका ती आँखा एकाएक बन्द कसरी हुन सक्थे? अहँ, मेरो मनले पत्याउनै सकिरहेको थिएन।

अविरल बग्दै गरेको आँसुले एकपछि अर्को प्रश्न तेर्स्याउँदै थियो। मनभित्र हुन्डरी मच्चिरहेको थियो। कोही मलाई सान्त्वना दिँदै थिए, सम्झाउँदै थिए। तर जति सम्झाए पनि सत्य सत्य नै थियो– मेरी बहिनी अनामिका अब फेरि कहिल्यै मसँग लड्न आउने छैन, उसले मलाई दादा भन्ने छैन। मेरी बहिनी अनामिका अब विगत भइसकेकी थिई। प्रहरी जवानमध्ये एक जना घटनाबारे बताउँदै थिए। उनको बोली मलाई निकै कर्कश लागिरहेको थियो। "तपाईंकी बहिनीको मृत्यु बलात्कारपछि भएको देखिन्छ," उनको यो वाक्यले मलाई लास बनाइदियो। म छाँगाबाट खसेजस्तै भएँ। लाग्यो, पूरै आकाश ममाथि आएर बज्रियो। उनी भन्दै थिए– "बाँकी कुरा अनुसन्धानपछि मात्र थाहा हुने छ...।" मैले भने त्यो नरपिशाचलाई सम्झेर मनभित्रको आवेश रोक्न सकिनँ, बेस्सरी चिच्याएछु।

झसङ्ग भएँ। सहचालकले गाडीको बत्ती बाले। सबैले मतिर क्वारक्वार्ती हेर्न लागे। कस्तो नराम्रो सपना देखेछु! घडी हेरेँ, बिहानको तीन बज्दै थियो। ओहो, बिहान देखेको सपना लाग्छ भन्छन्! सोच्दा मात्रै पनि आङ सिरिङ्ग भएर आयो। ग्लानि बोध भयो मैले सबैको निद्रा बिथोलिदिएँ भनेर। अझ बढी त सपनाले होसोहवास गुम पारिदियो। सायद यो बैँसालु उमेरले धेरै सोच्दो हो अनि सपना पनि उस्तै धेरै देख्दो हो!

गोजीमा निदाइरहेको मोबाइललाई ब्युँझाउन मन लाग्यो, ब्युँझाएँ। घरबाट दाइले पाँच, भाउजूले आठ र काकाले दुई गरेर जम्माजम्मा १५ 'मिस्ड कल' आएको रहेछ। कस्तो थाहै पाएनछु! कहाँ आइपुग्यो भनी सोध्न होला भनेर त्यति वास्ता गरिनँ। त्यसपछि समाचार सुन्न इयरफोन घुसारेँ र रेडियो 'अन' गरेँ। गीत बज्दाबज्दै चार बजेको समाचार फलाक्न थाल्यो रेडियो– 'प्रधानमन्त्रीले आज देशवासीको नाममा सम्बोधन गर्दै, चितवनमा एक जना पुरुषको बेवारिसे लास बरामद, बुटवल निवासी १२ वर्षीया बालिका अनामिकाको बलात्कारपछि हत्या...।'

आफैलाई चिमोटेँ सपना हो कि भनेर। पीडा महसुस गरेँ चिमोटेको ठाउँमा भन्दा मुटुमा धेरै। आँखाबाट झरेको आँसुले हत्केला चिसो पारिसकेको थियो। सहचालकले केही समयदेखि मलाई ख्याल गरिरहेका रहेछन्। म रोएको देखेर सोधे– "ओ दाइ, फेरि अर्को सिरियस सपना देख्नुभयो कि क्या हो? रुन लाग्नुभो त! लास्ट 'साइको' यार तपाईं त!" उनको कुरा सुनेर आफैलाई लाग्यो– हो, म 'साइको' भइसकेँ। मैले आफ्नो होसोहवास गुमाइसकेँ।

यति कथा सुनिसकेपछि डाक्टर साबजस्तै देखिने मान्छे 'पागल' भन्दै बाहिरिए। मलाई मभन्दा धेरै उनी पागल भएको लाग्यो र खित्का छाडीछाडी हाँसेँ। डन्डी नै डन्डीले घेरिएको कोठाबाहिर मेरा दाजुभाउजूसँग ती डाक्टरले के भने कुन्नि, उहाँहरू गहभरि आँसु पारेर फर्किनुभयो। अनि एकैछिनमा एक हूल 'पागल'-हरू 'करेन्ट ट्रिटमेन्ट' दिने भन्दै मेरा हातखुट्टा बाँध्न थाले। त्यसपछि सायद मैले होसोहवास गुमाएँ।

◆

मञ्जु बिमली

# नजुवा जफार र लन्डनको प्याज



"ए बुइनी! फोन आयो त!" आत्तिँदै दिलूले भनिन्– "हेलो भन न।" अझ जोड दिँदै– "हेलो भन न।"

आफ्नो मोबाइल बोकेर हतारहतार दौडँदै मनूतिर आइन्। डायरी लेख्दै थिई मनू। उनको फोन उसतिर किन तेर्स्याइन् होला? मनूलाई आश्चर्य लाग्यो।

"होइन के, त्यो मेरी मालिक्नीले तिमीसँग कुरा गर्ने अरे। बोल न बोल।"

"मसँग? को मालिक्नी?" निधार, नाक, भृकुटी सबै खुम्च्याउँदै मनूले भनी।

"ला..., काटियो फोन त!" दिलूले भनिन्।

"तिम्री मालिक्नीसँग मैले के बोल्नु नि चिन्नु न जान्नु?"

फेरि घण्टी बज्यो। दिलूले भन्न छाडिनन्– "हेलो भन न भनेको।" उनको स्वरमा कम्पन थियो। "तिमीलाई के, तिमीलाई, तिम्रै जागिरका लागि।"

"जागिर? मलाई?" सिकार देखेको भोको बाघको झैँ आँखा तीखा भए मनूका, कान ठाडा भए। "मलाई फोन? तर कसरी? अहिलेसम्म केही भनेकी थिइनौ त? बिना जानकारी कसको-कसको फोन के उठाउनु त? फोनमा बोल्नुअघि मैले के उत्तर दिने मलाई थाहा हुनुपर्दैन त?" भनी मनूले।

"ला..., फोनै काटियो। अब आएपछि चाहिँ उठाऊ है तिमी!" दिलूले भनिन्।

फेरि फोन बज्यो, फेरि दौडिँदै आइन् र भनिन्– "मलाई अङ्ग्रेजीमा उत्तर दिन आउँदैन क्या, तिमी बोल न!"

मनूको मनमा लाग्यो– 'हे भगवान्! लन्डन बस्ने मान्छे फोन आउँदा आत्तिन्छिन्। कति वर्ष भयो होला यिनी आएको, यिनले काममा चाहिँ कसरी संवाद गर्छिन् होला? मभन्दा जान्ने छिन् कि भनेर उचालिएको मन फिका भयो मेरो।' आश्चर्य मानिरही उसले। लाग्यो– 'काम पो पाइन्छ कि?' आशाको बिरुवा सऱ्यो मनको गमलामा।

"मैले काम गर्ने ठाउँमा तिम्रो लागि भन्देको छु क्या! घरमा त्यत्तिकै बस्न बोर लाग्यो, केही काम भए बुझ्नू है भनेको होइन त?"

मनू अलमल्ल परी। कामका बारेमा उनीसित त कुरा भएकै थिएन। भेट पनि भर्खरै हो उनीसँग। काममै बस्छिन्। आइतबार कोठामा आउने, सोमबार गइहाल्ने भन्थिन्। एक रात छुट्टीमा आएको बेला घरमा पनि बसिनन्। पाहुनासित बाहिर निस्किहालिन्। मनूले सोधेको पनि थिइन उनको कामका बारेमा। त्यति थाहा थियो– लिभ-इन हो रे।

उनले भनिन्– "काम पाए त तिमी नि लिभ-इन बसे भइगो नि! सरहरूले पकाएर खाइहाल्नुहुन्छ नि!"

यो दोस्रो भेट थियो, तर उनी चिरपरिचितझैँ गफ गर्थिन्।

फेरि फोनको घण्टी बज्यो।

"ऐले चाहिँ उठाऊ है!" आफू पन्छिँदै भनिन्।

मनुले निर्धक्क फोन उठाई। 'हेलो' भन्न नपाउँदै उताबाट झर्किंदै बोल्यो कोही– "दिलू, तिमी कहाँ छ्यौ? किन नउठाएकी फोन? उता मालिक्नीले मलाई फोन गरिराख्या छे। 'दिलू किन फोन उठाउँदिन? उठाए पनि बोल्दिन, अर्को मान्छेलाई पास गर्छे' भन्दै छे। मेरो काममा फोन चलाउन पाइँदैन भन्ने थाहा छ नि तिमीलाई?"

उनकै बूढो पो रहेछ।

"ल, बोल। तिम्रै बूढाको फोन रहेछ, मलाई उठाउन लाएर।" हाँस्दै मनूले मोबाइल दिलूलाई पास गरी। बेस्सरी गाली खाएझैँ गम्भीर देखिई ऊ। जागिरको भूत खत्र्याकखुत्रुक ओर्ल्यो। 'बेकार अर्काको फोन उठाएको!' पछुतो पनि लाग्यो उसलाई। केके भनेर कुरा सके, थाहा भएन।

एकछिनपछि फेरि बज्यो फोन।

"यो त्यै बूढीको नम्बर हो क्या! उठाऊ न, हेलो भन न। उठाऊ न उठाऊ, मलाई बोल्न आउँदैन के!" दिलूले भनिन्– "मोबाइलमा कहिल्यै बोलेकी छैन, कसरी उत्तर दिने त?"

मनूले केही डराउँदै फोन उठाई। उताबाट आएको बोली अङ्ग्रेजी थियो– "म दिलूसँग बोल्न सक्छु?"

आवाज बाहिरै सुनियो।

"तिमीलाई पो खोजेको छ त!"

"म नै दिलू हुँ भनेर बोल न।" उनी भागिन्, बोल्नै चाहिनन्।

मनूले दिलूको अभिनय त गरी तर दुरुस्त गर्न सकिन होला। दिलूकै कानमा फोन राखिदिई उसले। रिसाएकी मालिक्नीले भनी– "के भो तिमीलाई? किन फोन नउठाएकी? आज तिम्री साथी लिएर आउँदै छ्यौ नि?" 'सी यू' भन्दै फोन काटियो।

"ल, सुन्यौ होइन त? तिमीलाई लिएर जानू अरे। तिम्रो पनि काम गर्ने भाग्य खुलेजस्तो छ।"

मनूले सोची– 'यत्तिको बुझ्ने मान्छेले किन नजान्ने नाटक गरेकी होला अघि चैँ?'

"आजै पो आउनू भन्छे त!" अलमल्ल परी मनू। मुटु र छातीभरि बतास छिरेजस्तो लाग्यो। केही महिना भइसकेको थियो आफ्नो घर छाडेको। सबै काममा जान्छन्। उता आफ्नो मुलुकमा भने यहाँ अयरपोर्टमा उत्रिएदेखि पैसाको हिसाब गर्न थालिसके हुन्। विदेश जानेबाट घर बस्नेको आशा-अपेक्षा पनि त्यही रहन्छ। यहाँ भने कुहिरोको काग भएको कसले देख्छ र? यो त काम नपाउँदाको खटपटी। पाएपछि झन् कस्तो हुने हो? कौतूहलले आकाश छोएको थियो।

नयाँ ठाउँ। कहाँ जाने काम खोज्न? के भन्ने? काम गर्न के चाहिन्छ भन्ने कुरा भने थाहा थिएन। पहिले त बाटाबाटैमा पाइन्छ जस्तो लाग्थ्यो काम। कसैले भन्थे– ढोकाढोकामा टाँसेको हुन्छ कामको सूचना, गएर चेक गर्ने। त्यसो पनि गर्थी, फोन नम्बर टिपेर ल्याउँथी। काम लाग्ने हुँदैनथे। झन् दिक्क लाग्थ्यो। जस्तो काम पाए पनि खुब खटेर गर्छु भन्ने अठोट गरेकी मनूलाई रहर र कहर दुवै थियो। लामो बस्नु थिएन उसलाई। साइबर पस्न सक्ने भएकी थिई। २५ पेनी तिरेपछि आधा घण्टा चलाउन पाइन्थ्यो। केही हेर्नु थिएन इमेलबाहेक। हतारहतार हेरेर सक्थी। त्यही आधा घण्टा पनि धेर हुन्थ्यो कहिलेकाहीँ त। बिस्तारै टाइप गरेर उत्तर गर्थी। मनमा भने कामकै चिन्ताको कुहिरो मडारिन्थ्यो।

चिनेजानेका सबैलाई भन्ने गरेकी थिई कामका बारेमा। हुँदैन कसैले भन्दैनथ्यो। काम नभएपछि पल्टियो, उठ्दा टाउको भारी भएर दुखेको हुन्थ्यो। साँझ परेपछि खाना बनाउन पनि नसक्ने हुन्थी। बूढो कामबाट फर्किंदा मुड अफ भइराखेको हुन्थ्यो। बेखुसी देखिनुको कारण सोधेर वाक्क पार्थ्यो उसले। उसलाई के थाहा भर्खरै तोते बोल्न थालेको दूधे बच्चा छाडेकी ममतामयी आमाको मन? न काम हातमा न त छोरो साथमा।

कामको कुरा गऱ्यो कि ऊ भन्थ्यो– "किन गर्नुपऱ्यो काम अहिल्यै? पढ्नू, घुम्नू, अङ्ग्रेजी भाषा बनाउनू।" सजिलो उपाय देखाउँथ्यो।

कामका लागि कतैबाट केही खबर नआउँदा त्यत्तिकै छटपटी हुन्थ्यो। रातभरि भर्थी मन, बिहान रित्तिन्थ्यो– उदास-उदास भएर। रातदिन घरको याद, हुटहुटी, छटपटी र दिक्दारीले बोल्न मन लाग्दैनथ्यो। हरेक पसलमा सोधी काम। जब सेन्टर गएर पनि केही नभएको तीतो यथार्थ थियो। यस्तै तनावमा एक्कासि आएको यो कामको कुराले अचम्मको उत्साह भरेको थियो। सिङ्गो आकाशै अटाउलाजत्रो भएको थियो मन।

भाषाको उस्तो ज्ञान नभएकी मनूले 'एक्चुअली आई एम लुकिङ फर द जब' यो वाक्य चाहिँ कण्ठै पारेकी थिई। काकाको साथीले कामका लागि अप्टन पार्कको सुन पसलमा लैजाँदा उसले भनेको थियो– "एक्चुअली सी इज लुकिङ फर जब।" इन्डियनजस्तो देखेर हिन्दीमा उत्तर दियो, तर ऊ अङ्ग्रेजीमै बोलिरह्यो। कुरा सकेर निस्किएपछि भन्यो– "हिन्दीमा बोल्यो भने यिनले नमीठो गरी हेर्छन्, सकेसम्म अङ्ग्रेजीमै बोल्नुपर्छ।"

× × ×

बिहानै काममा हिँडिहाल्थे अरू। आज त दिलू पनि आएकी थिइन् कोठामा। फोन आएपछि आत्तिँदै आउँथिन् उसको कोठामा।

"कस्तो काम होला?" जिज्ञासा थियो मनमा।

"म देखाइदिइहाल्छु नि!" दिलूले भनिन्।

सुन्नासाथ उत्साहित भई। 'हिजै भनेकी भए पनि त बूढासँग कुरा गर्थें नि!' मन भारी भइरह्यो। उसलाई थाहै नदिई कसरी जाने होला?

"काम पाइयो भने भन्नू है भनेर अस्ति भनेको होइन तिमीले मलाई? म त त्यो काम छाड्दै छु नि! तिमी गर्छ्यौ भने गर। मालिक्नीले मलाई 'तिम्री कोही साथी छे भने लिएर आऊ' भनेकी थिई। साथी चाहिन्छ रे उसलाई। उसको कामदार छुट्टीमा छ क्या! म पनि त्यसकै रिप्लेसमा गएकी नि! अब मेरो रिप्लेसमा तिमी जाऊ।" दिलू गलल्ल हाँसिन्। "भर्खर आएकी नयाँ मान्छे हो, थुप्रै पढेकी छ, मभन्दा राम्रो इङ्गलिस बोल्छे भनेकी छु।" दिलूले भनिन्– "काम छाडे पनि आफ्नै मान्छेलाई लगाइराखूँ भनेर नि! काम नपाएर कति मान्छे पानीबिनाको माछोझैँ छटपटिइराखेका छन्।"

फोनमा बोल्न त धकाउनेले कसरी त्यत्रो कुरा भनिन् होला? आश्चर्य लाग्यो मनूलाई।

"मभन्दा त धेरै पढेकी छ्यौ नि तिमीले! राम्रो बोल्छ्यौ अङ्ग्रेजी पनि!" फेरि भनिन् दिलूले।

जेजस्तो काम भेटे पनि गर्छु भन्ने मानसिकता बनाएकी मनूले मनमनै सोची– 'यिनले छाडेकै राम्रो नि काम! आफू पनि माछो नै भइएको छ।'

"के काम गर्नुपर्छ जान त्यहाँ?"

"लाटी नै रैछ्यौ के बुइनी तिमी पनि! म देखाइहाल्छु नि त्यहाँ गर्ने काम त! थोरै तिमी मात्र जाने हो र?"

उनको बोल्ने शैली र आत्मीयता देखेर अचम्म लाग्दैथ्यो मनूलाई।

लोग्नेको डर रूखजस्तै बढ्दै गयो। सकिँदै गरेको चुरोटको ठुटो हुँदै थियो मन। पहिले पनि यस्तो कामको कुरा आउँदा उसले मन पराएको थिएन।

घडी हेर्दै उनले भनिन्– "केही बुझ्दिनँ हौ म त! कस्ती मुडी छे त्यो मालिक्नी त!" फेरि एकछिनपछि भनिन्– "त्यसको कुरै बुझ्दिनँ हौ म त! भुराहरूसँग त धेरै बोल्नैपर्दैन। दुई महिना भयो राम्रो बोलेको पनि छैन म त!"

मनूले अनुमान लगाई– सायद भाषाका कारण उनले काम छाड्न लागेको हुनुपर्छ। मालिक र नोकरको त्यति धेरै के कुरा हुन्छ र बोलिरहनू नि! खुरुखुरु काम गरिरहे त भइगो नि! फेरि सोची– 'उनले नबुझेको म कसरी बुझुँली त!' आँटिली बनाई मनूले आफूलाई।

फोनमा बूढासँग सल्लाह गरी। उसले कुरा भुइँमा खस्न दिएन– "काम? त्यो पनि उतै बस्दै? पऱ्या छैन।"

निराश भई, तर जाने इच्छा भने मरेको थिएन। सम्झाई– "सँगै गएर बुझी आउँछु। कति बसिरहनु हौ कोठा रुँगेर पनि?"

'म त लिभ-इन हुँ,' दिलूले अघि भनेको याद आयो। 'के रहेछ यो लिभ-इन भनेको?' सोचिरहेको बेला एक्कासि दिलूले भनिन्– "वहीँ बस्ने हो नि! हप्ताको एक दिन छुट्टी हुन्छ। इः, मेरो जस्तै।"

बडो दोधार भयो। बल्लबल्ल मिल्न आएको काम पनि भीरको चिन्डोजस्तो। उतै बस्नुपर्ने रे। विदेशमा बूढोसँग बस्न आएकी, फेरि अर्काको घरमा बस्न के जानू? के भन्ला उसले पनि? कामै नगर्नू भनिरहेको छ अफ।

भसङ्ग हुने गरी दिलूले भनिन्– "टोलायौ त! बूढो छोड्नुपर्छ भनेर चिन्ता लाग्यो कि क्या हो? विदेशमा आएपछि त केके गर्नुपर्छपर्छ नि! मैले छाडेकी छैन र? त्यस्तो रहर सबै खल्तीमा अब।" अर्कातिर फर्केर मुस्कुराइन्।

बूढाको डर आफूभन्दा अघिअघि हिँडिरहेको थियो। मनमा कुरा खेलिरह्यो। पुगेपछि बस्दिनँ भन्न पनि मिल्दैन होला।

"मेरो त जाने बेला भयो। तिमीलाई ल्याउनू भनेको छ। के गर्ने?" दिलूले ढोकाबाट चियाउँदै भनिन्।

बूढाले त पर्दैन भनिसक्यो। लागिरह्यो, अब मुखमा आएको काम पनि उम्किने भयो।

"एक चोटि फेरि सोध्छु है त!" दिलूको मोबाइलबाट फोन लगाई।

"खोइ लेऊ यता, म आफै बोल्छु।" फोन तानिन् उनले।

"काम त ठीकै छ, राति बस्ने भन्ने कुरा मात्र हामीलाई गाह्रो हो। बिहान बच्चालाई तयार गरेर बससम्म पुऱ्याउने हो। मैले सकेको काम गरिहाल्छिन् नि बुइनीले पनि। के भो त? अर्को कामका लागि अनुभव हुन्छ। पछि मसँगै आइहाल्छिन्। हामी जान्छौँ है?"

मनूसित नबोलीकन फोन काटियो। हिँड्न हतार लगाइन्।

मनूको मनमा कुरा खेल्दाखेल्दै स्टेफ्नी ग्रिनबाट दुइटा टिकट काटेर रेलमा चढे। लाग्यो रेल नाइट्सब्रिजतर्फ। उनी बाटो त देखाउँथिन्, तर उनैलाई पनि हराइएला भन्ने ठूलो त्रास थियो। मनूको मनमा उत्सुकता र कौतूहल लोग्नेको डरभन्दा कम थिएन। कामप्रतिको लोभ फूलसितै टाँसिएको भुसिलकीराभैँ मनमै टाँसिएको थियो।

कस्ती होली मालिक्नी? अब कसरी बोल्ने होला? कहिल्यै नदेखेको उसको अनुहार आँखामा ल्याउँदै बिर्साउँदै गर्दै थियो मन।

दिलूले भनिन्– "अब आज त उतै बस्नुपर्छ एक हप्तालाई। कपडाहरू पनि हाल्यौ होला नि?"

भसङ्ग भई मनू। बूढाको डर नाकैअगाडि ठूलो रूखभैँ ठिङ्ग उभियो।

"केको हाल्नू नि? अघि किन नभनेकी त? म बस्न त सक्दिनँ। बूढाको अनुमति छैन।"

"जे गर्नुपर्छ गर्नू भनेकै छ त तिम्रो लोग्नेले। म त भरे उतै बस्छु, आउँदिनँ। भरे मेरै लुगा लाउनू अब।"

त्यो मालिक्नीलाई भेट्ने इच्छा र लोग्नेको डर दुवै सँगसँगै थिए।

निकै बेरको रेल र पैदल यात्रापछि गन्तव्य आइपुगेछ। दिलू बिस्तारै गुनगुनाइन्– "यही हो त्यसको गेट। आज ढिलो भयो, अब के भन्ने होला?" भित्ताको अङ्क देखाएर 'यो उसको ढोका नम्बर हो' भन्दै ११६ थिचिन्। "उताबाट स्क्रिनमा हामीलाई देख्छे अनि चिनेपछि बल्ल लक खोलिदिन्छे। राम्ररी उभिऊ है! उः, माथिबाट पनि सीसी क्यामेराले हेरिरहेको हुन्छ।"

भित्ताको स्पिकरमा आवाज आयो– "हू इज देयर?"

दिलूले लटपटिएको स्वरमा भनिन्– "दिस दिलू। चिनेर पनि सोध्छे हेर न। दुई जना देखेर भुक्किईजस्तो छ। तर उसले लिएर आउनू भनेकी थिई, बिर्सी कि क्या हो?"

आफै खुल्यो गेट। भित्र छिरे दुवै जना।

"किन ढिलो नि?" सोधी त हाली।

"आई लस्ट रोड।"

चुप लागी मालिक्नी।

मनुलाई हेर्दै 'हेलो, हाई, हाऊ आर यू?' भनी अनि हातले इसारा गर्दै 'प्लिज कम इन, कम इन' भनी ढोकामा भुन्डिएको साङ्लो लकमा घुसारी।

मनूले भनी– "एस, आम फाइन। थ्याङ्क यू सो मच।"

अग्ली, सुलुक्क परेकी, गोरी, हँसिली थिई ऊ। भनी– "आई एम नजुवा जफार, एन्ड यू?"

"दिस इज मनू। एक्चुअली आम फ्रम नेपाल।"

मुन्टो हल्लाउँदै आफ्ना साना ओठ तनक्क पारेर नक्कलीनक्कली मुस्कानका साथ गोरा, चिटिक्क र सलक्क परेका हात औपचारिक परिचयका लागि मनूतिर तेर्स्याई। कामको सिलसिलामा जाँदा भेटिएकी पहिली आकर्षक महिलासँग हात मिलाएकी थिई मनूले। जीउमा सुलसुले चढेजस्तै भयो हुन पनि।

हातले सोफातिर देखाउँदै बस्न आग्रह गरी।

बडो सानदार फ्ल्याट। एक चोटि आँखा घुमाई देखेसम्म। ठूलठूला फोटो फ्रेमले सजिएका कलापूर्ण भित्ता। प्राचीन कालमा पुगेभैँ लाग्ने। भुइँमा, टेबलमा, कोठाका कुनाकुनामा सजिएका धातुद्वारा निर्मित जनावरहरूका ठूलठूला मूर्ति। ऐतिहासिक सङ्ग्रहालयमा छिरेको अनुभव हुँदै थियो।

सामान्य कुराकानीपश्चात् बूढीले भनी– "चिया, कफी, टोस्ट केही मन पर्छ कि? बनाएर खानू। देखाइदेऊ दिलू यिनलाई। लेट्स ह्याभ अ स्मल च्याट।" अनि अङ्ग्रेजीमै भनी– "सम्भवत: दिलूले तिमीलाई भनेकै होलिन्। मेरो परिवारमा म, मेरो श्रीमान् अनि दुई छोरा छौँ। बच्चाहरू स्कुल जान्छन्। उनीहरूलाई बेलुका ओछ्यानमा पठाएपछि बिहान सात बजे उठाएर खाजा खुवाई बससम्म पुऱ्याउने हो। बाटो काट्दा ध्यान दिनुपर्छ। फर्केर आउँदा दूध ल्याउनुपर्छ। बाटैमा छ पसल। त्यो सबै दिलूले देखाइहाल्छिन्। तिमी मलाई सहयोग गर्न बस्न सक्छ्यौ त? एक महिनाका लागि त हो! मेरी कामदार होलिडेमा गएकी छ, त्यसकै रिप्लेसमा हो। तिमी आजैदेखि सुरु गर। आजैबाट पाउँछ्यौ स्यालरी पनि। यू क्यान अन्डरस्ट्यान्ड। इङ्गलिस बेटर द्यान हर। नाइस टू मिट यू हियर। आई लाइक यू। दिलू, यिनलाई सबै काम देखाइदेऊ। बस्दै जाँदा थाहा भइहाल्छ।"

आफ्नो कोठातिर लागी।

दिलूले भनिन्– "आजैदेखिको पैसा पाइन्छ रे देख्यौ त?"

मनूले सबै आफै बुभिसकेकी थिई उसको कुरा। सोधेजति सबै राम्रोसँग उत्तर दिई मनूले। दिलूले सुनिरही। मालिक्नी ढुक्क भई उठेर गई। अङ्ग्रेजीमा बोलेर पार लगाएकोमा मनू पनि मक्ख परी। दिलू कनीकुथी मालिक्नीसँग बोलिरहँदा साह्रै अप्ठ्यारो सुन्थी मनू। उनी बोल्नुभन्दा हाँसेर लजाउँथिन्। अहिले पनि दिलूले हाँसेरै टारिन्।

दिलूले कानेखुसी गरिन्– "मेरो साथी धेरै पढेकी छ। अङ्ग्रेजी राम्रो बोल्छे भनेकी थिएँ नि! धन्ना बोल्यौ। अब तिम्रो जागिर पक्का भो।"

'जागिर पक्का भन्छे। बूढाले खुसी भएर जा भनेकै छैन, कसरी बस्नु?' लाटिई मनू।

दोधारमै अल्भेको बेला दिलूले भनिन्– "बस्छ्यौ होइन त? तिम्रो बूढाले जे मन लाग्छ गर्नू भनेकै छ त!"

सोची– 'एकै महिनाको कुरा न हो। मालिक्नी पनि ठीकै छे। घरको काम यस्तै त हो नि! बस्नुपर्ला । केही अनुभव होला। अर्को महिना अर्कै खोज्नुपर्ला नि! घर बस्दाबस्दा बोर भएको बेला नहुनु मामा भन्दा त कानो मामा जाती!'

दिलूले काम देखाउन लगिन्। पछिपछि लागी मनू। ठूलो अस्पतालको वार्डजस्तै लाग्यो हिँडेर नसकिने, हिँडिरहनुपर्ने।

दिलूले भनिन्– "आज पहिलो दिन धेरै ठूलो लागेका हो, तर केही छैन। इः, यो डस्टबिन चाहिँ दिनहुँ फेर्नुपर्छ। खासमा यी दुइटा केटाको ध्यान दिनुपर्ने हो। उठ्न अल्छी गर्छन्, उठाएर नास्ता गराउनुपर्छ। रेडी गरी बाटोपारिसम्म पुऱ्याउने अनि दूध ल्याइदिने। त्यो पातलो दूध खान्छे कडा कफीमा, सेमी स्किम मिल्क भन्छन्। नआत्तिनू है काम सुनेर, अभै छ भन्नु।" मूर्च्छा पर्ने गरी हाँसिन् अनि भनिन्– "बानी परेपछि सजिलो हुन्छ। म त छाडेर जाने हो तिमीलाई काम देखाइदिएर। उता फुल टाइम पाएको काम छाडेर को गर्छ हौ यो एक महिने काम? तिमी त नयाँ छ्यौ र पो! त्यसको मान्छे नआउन्जेल त हो नि! उता त अङ्ग्रेजी पनि बोल्नुपर्दैन, इन्डियन हो। यिनेरु पनि ठीकै छन्। यै गोरी चाहिँ सनक्क सन्किन्छे कैलेकाहीँ। त्यसको लोग्ने हामीसँग बोल्दै बोल्दैन। त्यति राम्री स्वास्नी छे, बोलोस् पनि किन? कतिखेर जान्छ, आउँछ थाहै हुँदैन। एक दिन देखेकी थिएँ, महाभारतको भीमजत्रै पो रहेछ!" उनको हाँसो निरन्तर थियो। "केटाहरू आफ्नो काम आफै गरिहाल्छन्। खाजा मात्र ठीक पारिदिनुपर्छ।"

अघि नै बस्ने नभनेकोमा अभै रिस उठिरहेको थियो दिलूसित। मनमा भने डरको गह्रौं पोको भुन्डिरहेको थियो।

पहिले पनि एउटा घरको काम पाएकी थिई। 'मेरी श्रीमतीले अर्काको भाँडा माझ्ने? घर सफा गर्नुपर्ने? त्यस्तो मुला काम गर्नुपर्दैन, घरमै बसिरहनू बरु' भनेर लोग्नेले जानै दिएको थिएन। उसको हठी र घमन्डी बानीले सानो कुरामा विवाद परिहाल्छ। जे काम पनि गर्न तयार हुनु मनूको बाध्यता थियो। देशमा नाबालक बच्चा छाडेर आएकी थिई। यसै पनि यो विदेशमा एकछिन मन अडिँदैनथ्यो। छिटै यता आउँदाको खर्च उठाएर फर्कनु थियो उसलाई। हातमा काम भए मन भुलिन्थ्यो कि भन्ने पनि थियो।

तनावमा देखिएकी नजुवा कामदार बस्ने सानो कोठामा आई र सोधी– "सोध्यौ त तिम्रो हजबेन्डलाई?"

"नट येट।" मनूले उत्तर दिई।

"कि बस्दिनौ त? दिलू त बस्छे भन्दै थिई। ऊ त जाँदै छे यो घरबाट तिमीलाई काम सिकाइदिएर। तिमी मलाई मन पऱ्यौ। म मन परिनँ तिमीलाई?"

मनूले भनी– "येस आई डू लाइक यू।"

"कति चार्ज गर्छ्यौ तिमी? तिमीलाई दिलूलाई जति नै दिए हुँदैन?"

पैसाका बारेमा केही नसोचेकी मनू झन् अलमल्ल परी। कति पैसा पाइन्छ, कति लिनुपर्छ, त्यो पनि थाहा थिएन। दिलूले केही भनेकी थिइनन्।

"किन नसोधेकी त तिम्रो हजबेन्डलाई? लेट मी टक टू योर हजबैन्ड।"

मनूसँग मोबाइल थिएन। नम्बर भने डायरीमा लेखेर राखेकी थिई। नजुवाले घरको फोनबाट नम्बर थिची। सम्झाई उसलाई। लामो संवादपछि उसले ओके भन्दै मनूलाई दिई।

मनूले लोग्नेलाई भनी– "यो मालिक्नी हो। म बस्नू अरे।"

तर ऊ रिसायो फोनमा– "अघि त्यहाँ गएर आफैले ताल मिलाइस्? अब जेसुकै गर्। आफ्नो थान्कोमा बसेर गर्।" यति भनेर उसले फोन काट्यो।

मनूलाई छाड्नु न समाउनु भयो। साँझ पर्न लागेको थियो। मनमनै लाग्यो– 'आखिर म कामै त खोज्दै थिएँ। पाइयो नै यस्तै काम। यो हस्रा त दिलू पनि हुन्छे।'

"परिवार राम्रो छ। पछि सँगै कोठा गइहाल्छ्यौ। आफै खाना बनाई खान अल्छी लागेर नबस् भनेका होलान् नि लोर्केले!" दिलूले भनी– "घर सफाइ गर्न अर्कै एउटी सजिरा नामकी फिलिपिनो केटी आउँछे। बाहिरको केही गर्नुपर्दैन। भान्साको सरसफाइ गर्नुपर्छ। साबुन हालेर भाँडा डिस वासरमा हालिदिनुपर्छ, आफै धोइन्छ।"

अनौठो लागिरहेको थियो उनले भनेको कुरा। पहिलो चोटि सुनिरहेकी थिई त्यो डिस वासर भन्ने शब्द।

उनी भन्दै थिइन्– "अनि सुकेपछि दराजमा आआफ्नो ठाउँमा मिलाएर राखिदिनुपर्छ। चिसो छ भने रुमालले पुछेर सफा बनाउनुपर्छ। केशको टुक्राजति पनि दाग हुनु हुँदैन। खाना पनि त्यही सजिराले बनाउँछे। कहिले आफै बनाउनुपर्छ उसको निर्देशनमा। कहिलेकाहीँ मालिक्नी आफै पकाउन तम्सिन्छे, बनाउँछे पनि। त्यति बेला उसले भनेको सबै थोक ठीक गरिदिनुपर्छ। चिकेन, तरकारी धोएर ठिक्क पारिदिनुपर्छ। सिङ्गै प्याज मसिनो पारेर काट्न लगाउँछे। आकारप्रकार सबै मिलेको ठिक्कको पिस हुनुपर्छ अनि बटुकोमा हाली क्लिन प्लास्टिकले ढाकेर राखिदिनुपर्छ। सिङ्गै कुखुरो पकाउँछे यो ओभनभित्र। कहिले भन्टा, कहिले सुठुनी पोलेर मासुजस्तै बनाउँछे। खान चाहिँ खाँदैनन् है! सबै नाश पार्छन्। त्यो खाना फालेको देखेर म कति सम्झिन्छु हाम्रो गाउँका मान्छेहरूलाई। यो फ्रिजमा राख्छेराख्छे अनि मिति हेर्दै फुत्तफुत्त डस्टबिनमा फ्याँक्छे। प्राय: बाहिरबाटै ल्याएको रेडिमेड खाना खान्छन्। यहीँ नजिकै छ ह्यारोड्स फुड हल। मलाई पनि ल्याइदिन्छे कहिलेकहिले त!"

दिलूको कुरा गर्ने शैली देखेर आश्चर्य लाग्थ्यो मनूलाई। बोल्नुभन्दा बढ्ता हाँस्छिन् उनी। कति कुरा नौला लाग्थे मनूलाई। यति कुरा देख्न पाउँदा पनि आफू अचम्मको भाग्यमानीजस्तो लागिरह्यो उसलाई। घरमै बसिरहेको भए यी सबै कसरी थाहा हुनु नि! धन्यवाद दिइरहेको थियो मनले दिलूलाई।

दिलूले आफू सुत्ने कोठातिर लगिन्– "अब आजदेखि यहीँ सुत्ने हो।"

सानो सिङ्गल खाट अट्ने कोठा, सानो टी टेबलमा प्लास्टिकको फूल भएको गमला। एक छेउमा आइरन गर्ने बोर्ड। यो त देखेभैँ लाग्यो। त्यसमाथि एक डोकोजति कपडा।

"यो सबै आइरन लाउने लुगा हो। अब तिमीले लाउनुपर्छ। झिँगाको खुट्टाजति पनि खुम्चिनु हुँदैन उसको कपडा। एकदम नयाँजस्तो पार्नुपर्छ। ५० वटाभन्दा बढी छन् त्यसको पोइका सर्ट। अझ अरू दामी लुगा त ड्राइक्लिनमा पो दिन्छ त! इः, उसका राति सुत्दा लाउने नाइटी र पेन्टीमा धरी धस्नुपर्छ आइरन! उसका छोराहरूका कट्टू, मोजा, टिसर्ट सबैमा लाउने हो। पट्याउँदा खुम्चेको छ भने लाउन मान्दैन सानो केटाले त! नयाँभैँ पट्याएर उनीहरूको दराजमा अलग-अलग मिलाएर राखिदिनुपर्छ। उनीहरू त छिनमै फेर्छन् नि! अहिले एउटा, एकछिनमा अर्को। कहाँ हामीजस्तो डुङडुङ्ती गनाएर बस्छन् त नि!" फेरि हाँस्छिन्। "उनीहरू उता प्यासेजमा हिँड्दा पनि यतै पो आउँछ पर्फ्युमको बास्ना नाकै भाँचिने गरी।"

फोनको घण्टी बज्यो। नजुवाले उठाई। मनूलाई थियो फोन।

"हू इज अन द फोन?"

"माई हजबेन्ड।" मनूले भनी।

"डोन्ट ह्याभ योर मोबाइल? न्युली कमिङ पिपल, अलरेडी ह्याङ्गिङ अन द फोन?"

मनूले सम्झी– 'निकै छुच्ची छे कि क्या हो? कामकै बारेमा त कुरा भएको हो नि!'

"हामीले हाम्रो भाषामा बोलेको मन पराउँदिन यो। इङ्गलिस बोल् भन्छे मलाई पनि।" दिलूले भनिन्।

मनू मालिक्नीले सुन्ने गरी अङ्ग्रेजीमै बोली। उता बूढाको पारो तात्यो– "एक दिन अर्काको घरमा के गइस्, अङ्ग्रेजी पो छाँट्ने भइस्?"

मनूले फेरि बिस्तारो आफ्नै भाषामा सल्लाह गरी। अहिले भने निकै नरम भएको थियो ऊ। उसले मनूलाई स्वीकृति दियो, बल्ल ढुक्क भई ऊ।

उसले गर्ने काम सबै देखाई। मनू हेर्दै हिँडिरही एक दिनभरि घुम्दा पनि नसकिनेजस्तो उसको घर। कोठाको चारैतिर ऐना राखिएकाले धेरै ठूलो कोठाजस्तो लाग्दो रहेछ।

जता गए पनि आफ्नै प्रतिबिम्ब देखिँदा झसङ्गझसङ्ग हुन्थी मनू। आफ्नो पूरा शरीर देखी पहिलो चोटि। आफै हो के भैँ विश्वासै नलाग्ने। लिस्नो चढ्न नपाउँदै टिँक... टिँक... आवाजले मुटु हल्लाउँथ्यो।

"के रहेछ यो चाहिँ?" मनुले सोधी।

दिलूले भनिन्– "सेन्सर।"

साँझ पऱ्यो। त्यो रात सँगै बसे दिलू र मनू। बेलुका नामै नजानेको केके खाना खाई मनूले। केटाहरूले काँचो सागमा केके राखेर सुकेको मालबाँसजस्तो सारो रोटी तताई छुरी र काँटाले रमितलाग्दो गरी काटेर खाए। नजुवाले कालो कडा न कडा इटालियन कफी मात्र खाई।

खाना खानुअघि केटाहरूको बेड मिलाइदिन र नाइटी झिकेर राखिदिन फेरि माथि चढ्नुपर्ने। उनीहरूलाई गुड नाइट भनेर आफ्नो सानो कोठामा आए। त्यही सानो खाटमा सुते खाँदिएर। एकअर्काको जीउ छोइन्थ्यो। जीउ छोइएझैँ उनीहरूका कुरा पनि छोइए। आधा रातसम्म त सुत्नै सुकेनन्। दिलू र मनूको कथा उस्तै रहेछ।

मनूले जस्तै सानो बालक छाडेर परदेश आएकी रहिछन् उनी पनि। श्रीमान् पहिलेदेखि नै यतै बसेको हुनाले आएकी उनले नानी पाएर १० महिनाको पारी घरमा छाडेकी रहिछन्। त्यो अघिल्लो सालको कुरा रहेछ। बच्चा ल्याउन पनि नसकेको र आफू पनि जान नसकेकाले दु:खी भएकी थिइन्। योभन्दा पहिले पनि उनी लिभ-इन काम गर्दी रहिछन्। त्यस्तो घरायसी कामबाट वाक्क भएकी उनी कुनै स्टोरमा काम गर्न चाहन्थिन्। केही दिनका लागि मात्र उनी यो काममा आएकी रहिछन्। अब उनी यो काम अरू कसैलाई जिम्मा लगाउन चाहन्थिन्। त्यही सिलसिलामा मनू त्यहाँ पुगेकी थिई।

जति गन्थन गरे पनि टुङ्गिँदैनथ्यो। दुवैको व्यथा एउटै थियो। मनुको आलो घाउ थियो भने दिलूको एक वर्ष पुरानो। तर सन्तानको माया कहिले पो पुरानो हुन्छ र? मायाममताको तृष्णा कहिले पो पूर्ण हुन्थ्यो र? कहिले भरिन्थ्यो? दुवैका आँखाबाट बलिन्द्र आँसु बगिरहेको थियो। स्याँकस्याँकी सिगान तान्दै आँखा र गाला पुछ्दै गरे। उस्तै पीर भएका उनीहरू आपसमा आत्मीय लाग्न थाले।

कामको मेसो पाएकी दिलूले 'भोलि बिहान सात बजे केटाहरूलाई स्कुल पुऱ्याउनुपर्छ; सुतौँ है, निदाएकोनिदायै भइयो भने बित्छ' भन्दै अलार्म लगाइन्। आँखा चिम्लने कोसिस गरे, तर मन चिम्लिएन। सुतेको केही बेरमा मूल ढोकाको घण्टी बज्यो। मालिक्नीले खोलिदिई।

दिलूले भनिन्– "चुकुल नलगाउनू भनेकी छ हाम्रो कोठामा।"

ढोका ढप्किएको मात्र थियो। बाहिरको उज्यालो र आवाज भित्रसम्म डुल्न आउँथ्यो। डर पनि सँगसँगै आउँथ्यो।

"मालिक आयो।" दिलूले भनिन्।

'त्यस्ती आइमाईको लोग्ने चाहिँ कस्तो होला!' कौतूहल जागिरह्यो। निदाउनुभन्दा पनि कतिखेर उज्यालो होला भन्ने मात्र लागिरह्यो। दिलू निदाई, तर मनू निदाउन सकिन। आँखाभरि भर्खरै कोट्याएर आलो पारेको दूधे बच्चाको याद आइरह्यो। बलेसीमा चुहिएको पानीको थोपाले भुइँमा पारेको खोपिल्टोझैँ खोपिरह्यो मन। सँगै बस्न आएको लोग्नेलाई पनि छाडेर अन्तै बस्नुपर्ने बाध्यता सम्झी। हठी र शङ्कालु स्वभावको लोग्नेले भोलि कस्तो प्रतिक्रिया व्यक्त गर्ला? प्रश्नका जालोभरि घुमिरह्यो निद्रा। कतिखेर अलार्म बज्यो, पत्तै भएन।

"बुइनी, उठौँ! सात बजेछ। अब केटाहरूलाई उठाउनुपर्छ।"

मालिकहरूको कोठा पार गर्दै उनीहरूलाई उठाउन सिँढी चढेर जानुपर्थ्यो। सिँढीमाथि एउटा सानो बक्समा बल्ने रातो बत्तीले झिलिक र मिलिक गर्दै आवाजै निकालेर आतङ्कित पार्दो रहेछ। वरिपरि हिँडुन्जेल बजिरहने, आफू भित्र पसेपछि चुप लाग्ने त्यसले थरहरी बनायो। त्यो किन राखिएको हो, पछिसम्म पनि थाहा भएन उसलाई।

बेलुका सामान्य परिचय भएका केटाहरू भर्खरका थिए– ठूलो चाहिँ नौ वर्षको, सानो पाँच वर्षको। 'गुड मर्निङ' भनी पर्दा खोलिदिएर ब्युँझाइदिनुपर्ने रहेछ। उनीहरू आफै उठ्दा रहेछन्। उनीहरूको नाम फाहद र तलाल रहेछ। ब्रस गरेर लुगा लगाई रेडी भएर झोला बोकी तल खाजाका लागि झर्दा रहेछन्।

तर सानोलाई भने उठाउनै गाह्रो। अलार्म मार्दै सुतिरहने। ढिलो भएको चाल पाएर नजुवा आफै आई र एकछिन सँगै सुतेर फकाउँदै उठाई। यति बेला मनूको मातृवात्सल्य छताछुल्ल भयो। आफ्नो छोरा काखैमा आइपुग्यो। हेरेर बस्नै सकिन।

दिलूले भनिन्– "यिनेर्ले सिरियल खान्छन्।"

भान्सामा गएर खाजा ठीक पार्नु थियो। ठूलो केटाले एउटा बट्टाबाट सुकेका सिम्टाजस्तो खोस्टा बटुकामा खरर्र खन्यायो, फ्रिजबाट दूधको जर्किन निकाल्यो र चिसो दूध पनि त्यसमै खन्यायो। सानोलाई तयार गर्न बाँकी नै थियो। लुगा र जुत्तामोजा लगाइसकेपछि खाजा खाने उसको पालो थियो। उसको बेग्लै थियो खाजा। रङ्गीबिरङ्गी कानमा लाउने मुन्द्राजस्ता खोस्टा थिए ती। उसलाई भने तातो दूधमा दिनुपर्ने रहेछ। दाना गन्दै खाएर समय बिताउन खोज्थ्यो ऊ।

दाजु चाहिँ भन्थ्यो– "गेटिङ लेट तलाल, हरी अप।"

कहिल्यै नसुनेका शब्द पनि अनुमान लगाउन सक्ने भएकी थिई ऊ। केटाहरूलाई पठाएपछि बल्ल फुर्सद हुने रहेछ। त्यसपछि मालिक्नीका लागि केट्लीमा पानी उमालेर कडा कफी तयार गर्नुपर्ने रहेछ। आफूले पनि पाउरोटी टोस्ट गरी जामबटर लागाएर चियाकफी बनाई खाएपछि बल्ल आइरन लगाउन थाल्नुपर्ने रहेछ।

बूढी उठेर २० जनाजतिलाई फोन गर्दी रहिछ। कफी खाँदै उसले बोल्ने भाषा केही गरे पनि बुझ्न सकिन मनूले।

"यिनीहरू कुन भाषा बोल्छन्?" दिलूसित सोधी उसले।

"उसको देश त उता इरान हो नि! उताको सुलतानकी सन्तान अरे।" दिलूले भनिन्।

दिलू पहिले भन्थिन्– "मेरा बूढा ब्रुनाईको सुलतानकी रानीकहाँ काम गर्थे।" उनीहरू ब्रुनाईको माछाको चटनी भन्दै खुब मीठो मानेर खान्थे। चार परिवार मिलेर एउटा फ्ल्याट लिएका थिए। त्यहाँ दिलू र मनूका परिवार पनि अरू दुई परिवारसँग मिलेर बसेका थिए।

× × ×

"नेपाली खानाको विशेषता के हो? आज बनाऊ। केके चाहिन्छ, लिस्ट बनाइदेऊ।" नजुवा भन्थी। ठट्टा गरेजस्तो लाग्थ्यो। उसले एक दिन सोधी– "तिमीहरूले बनाउने तरकारीमा केके हाल्छौ?"

आफूले प्रयोग गर्ने गरेका मसलाको नाम मनभरि भए पनि अङ्ग्रेजीमा भन्न नजान्दा लाजले रातापीरा भए दुवै। उसको भान्सामा उनीहरूका मसला कुनै पनि थिएनन्। नाम नजाने पनि देखाउन पाए हुन्थ्यो भन्ने लागिरह्यो। उसले आँखामा आँखा जुधाएर सोधिरही।

अन्य मसला त्यति प्रयोग नगरेकी मनूले भनी– "हामी त मसला त पिसेरै हाल्छौँ।" एउटा हत्केलामाथि मुठीको लोहोरो बनाउँदै पिधेजसो गरेर देखाई। 'त्यसमा जिरा, धनियाँ, लसुन, अदुवा, ल्वाङ, सुकमेल इत्यादि सिलौटामा पिसेर हाल्छौँ' भन्नु थियो। तिनीहरूलाई अङ्ग्रेजीमा के भन्ने, थाहा नभएर दुवैलाई लाजमर्नु भयो। मनभरि जानेको कुरा पनि अङ्ग्रेजीमा भन्न नसक्दा कति औडाहा भयो। उनीहरूले विभिन्न उदाहरण दिएर बुझाउन खोजे, तर केही गरी बुझिन उसले। मनूले चित्र बनाएरै देखाई। नजुवा हाँस्दै लागी आफ्नो कोठातिर नबुझे पनि बुझेझैँ गर्दै।

× × ×

तीन दिनसम्म सँगै बसेर मनूलाई काम देखाइदिएपछि दिलू आफ्नो कोठामा गइन्। दिलूको अन्तिम दिन थियो। उनलाई सधैँका लागि बाई भनी मालिक्नीले। उनी बाहिर निस्किन् दाम्लोबाट खुस्किएको बाछोझैँ। दिलूले गेटबाट निस्किँदै गर्दा ठूलो सास फेरिन्– बल्ल सकियो जेल जीवन। अब मनूको सुरु भएको थियो।

दिलू नहुँदा कस्तोकस्तो शून्यजस्तो लाग्यो। रुटिनअनुसार सबै काम मिलिक्कै सक्थी। अब जे भए पनि आफैले सँभाल्नुपर्ने थियो सबै। नौला थप कुरा थिएनन्। सबै उस्तै। खाली बस्न मन लाग्दैनथ्यो। म्याम जता हुन्थी त्यतै तैनाथ भएर उभिइरहन्थी मनू। भान्सामा केके गरेर घुमिरहन्थी। कुनै भाँडो पनि छोइसक्दा सिङ्कमा राखिदिइहाल्थी। तुरुन्तै टिपी माझेर थान्को लगाइहाल्थी।

यत्तिकैमा पाँच दिन बित्यो। आइतबार बिहान डेरा जाने बेला आयो।

'कसरी जाने होला!' आत्तिइरहेकी थिई। पहिलो चोटिको एक्लो यात्रा रेलबाट। कतिखेर के भनेर बिदा पाउने होला भनी सोच्दै थिई। एक्लै डेरा पुग्ने उपाय थिएन।

"लौ तिम्रो एक हप्ताको स्यालरी। मनू, सी यु अन मन्डे इभनिङ, बाई।" भनी मालिक्नीले।

आफ्नो झोला च्यापेर बाहिर निस्की पिँजडाको सुगाझैँ पखेटा फिँजाउँदै। मुठीले सानो पारेर त्यो खाम चेपिरहेकी थिई। एक हप्ताको ज्याला हातमा छ, कौतूहल थियो हेर्ने। पहिलो कमाइ हेरी– १५० पाउन्ड।

डर भरिएको मन बोकेर डेरातिर जाने रेल स्टेसनतर्फ लागी। सिङ्गल टिकट काटेर प्ल्याटफर्मतर्फ लागी।

उस्तै मान्छे पनि अलमलिने विशाल थियो नाइट्सब्रिज स्टेसन। लोग्नेलाई फोन गर्न पनि नभ्याईकन हिँडेकी मनू अलमल्ल परी र भित्तामा राखेको ट्राभल म्याप हेर्न थाली। रेल पत्ता लगाएर चढ्न पर्खिरहेको बेला लोग्ने आउँदै गरेको देखी। उसले हातले इसारा गरेर रोकी।

"ला, रेल त छुट्यो!" मनूले भनी।

"छुटोस् न त, अर्को आइहाल्छ नि! यो देशको मौसम, यातायात र केटीको केही भर हुँदैन। मरिहत्ते गर्नु हुँदैन, एउटा गए अर्को आइहाल्छ।" उसले भन्यो।

आफूले फोन गर्न नपाएकोमा दुःख लागिरहेको बेला उसलाई एक्कासि त्यहाँ देख्दा आँखा भरिएका थिए।

उसले भन्यो– "किन आँखा भरेकी नि? तैँले खोजी नगरे पनि म त्यसो गर्दिनँ त!" शिरदेखि पाउसम्म हेर्दै भन्यो– "के हो मैयाँ, हिँडेदेखि एक कल फोन पनि गर्न नहुने?"

बूढीले पहिलो पल्ट विदेशमा काम गरेर कमाएको देखेर दङ्ग पर्ला भन्ने उसको सोचाइ अलमल्ल पर्‍यो।

बरु झर्किंदै सोध्यो– "कस्तो छ काम? फेरि आउने कि सकियो?" एकछिनपछि भन्यो– "कहिले आउनुपर्छ? फोन गर्न पनि नपाइने यस्तो ठाउँमा आउनुपरेको छैन अब। तँ यो काममा आउने छैनस् फेरि!"

उसले चुपचाप सुनिरही। लाग्यो, अहिले उत्तर दिने बेला होइन। सोची मात्र रही– 'बल्ल भेटेको काम। त्यति गाह्रो पनि छैन, तर अब यिनले पठाउँदैनन्।'

एकछिनपछि बिस्तारै भनी– "आउनुपर्छ नि अरू तीन हप्ता। काम पाउन कति गाह्रो छ। यो छाडेर फेरि कुन सजिलो काम पाइएला र? राम्रो काम पाउन योग्यता पनि त हुनुपर्‍यो नि! काम पाउन गाह्रो, टिक्न झन् गाह्रो रैछ।"

"खुब मलाई सिकाउने भएकी सारो-कमलो!"

क्रोध भरिएका आँखाले निलुँलाजसरी हेर्‍यो उसले। डर लाग्यो। केही अनर्थ पो हुने हो कि? मनमा कत्ति नि शान्ति हुँदैन ऊसँग भेट भए पनि। हरेक पल तनावमा परिणत हुन्छ। रेल आयो।

"छाडिदे रेल, बसमा जानुपर्छ। मेरो काम छ अक्सफोर्ड स्ट्रिटमा दिउसोदेखि भोलि बिहानसम्म। खाजा खाएर तँ डेरा जालिस्, म काममा।"

दुई तले बस चढे। अक्सफोर्ड स्ट्रिटमा ओर्लिएर हतारहतार म्याकडोनाल्डभित्र पसे। निकै व्यस्त अङ्ग्रेजी फास्टफुडको एउटा कुनाको टेबलमा बसेर आआफ्नो भाग खाए। उनीहरू न्यास्रिएजस्ता देखिन्थे। चपाइरहे सानो छोराको इच्छा चिकेन स्यान्डविचसँगै। पिइरहे सोडाको घुट्का बिछोड र वेदनाको आँसुसँगै।

पहिलो कमाइ भनेर देखाउँदै मुसुक्क हाँसी मनू।

"जिन्दगीमा सबै कुरा पहिलो नै हुन्छ र त्यही अन्तिम पनि। राख् अहिले, यसको बेग्लै खुत्रुके बनाउनू।"

आँखा भरे दुवैले। अँगालोमा बाँधिए।

"यतिका दिनपछि तँ आइस्, मेरो नाइट ड्युटी पर्‍यो।" दुःखी हुँदै भन्यो– "पर्सि गए हुँदैन?"

"हुँदैन नि!" मनूले भनी।

"अब यस्तै भए अर्को हप्ता पनि नाइट नै पर्छ जस्तो छ।"

एकछिन बसेर आआफ्नो बाटो लागे।

बसमा लामो यात्रा थियो। अर्काको घरमा नपरेको निद्रा। कोक्रोजस्तो बसमा घरी उँघ्दै र घरी मनभरि कुराको जालो बुन्दै रही। विदेशको काम, आफन्तको माया, लोग्नेस्वास्नीको सम्बन्ध, भविष्यको अनिश्चितता, सम्झनाको हजारौँ डोरीले तान्दैतान्दै कति बेला डेरा पुऱ्यायो, थाहै पाइन। कोही पनि थिएन त्यहाँ। आफ्ना सामानहरू देखेर रुन मन लाग्यो। केके न चाहिन्छ भनेर ल्यायो, चलाउनुपरेको छैन। रातभर निद्रा परेन। बिहान मनू उठेपछि आएर सुत्यो ऊ। मनू भान्साको तयारीमा लागी। जानु थियो बेलुका उसले आफ्नो काममा।

× × ×

त्यो दिन सकिएको थियो। लोग्ने निदाइरहेको थियो। दुई जोर लुगा झोलामा खाँदेर निस्की।

स्टेफ्नी ग्रिनबाट चढी रेल पहिलेजस्तै। ह्यारोड्स सपिङ सेन्टरछेउमै थियो त्यो गेट। मनू अलमलिई एकछिन। फेरि पत्ता लगाएर खुसी भई। उसै गरी गेटको नम्बर थिचेर भित्रिई। आज त्यति अनौठो लागेन। मालिक्नी पनि उज्यालो देखिन्थी। सबै जना घरैमा थिए। पुगेर किचनको टाइडी गरी। बेड मिलाइदिएर आफ्नो कोठातिर लागी। एक डोको लुगा थुप्रिएका थिए आइरनका लागि।

आज दिलू थिइनन्, तर पनि एक्लै थिइन ऊ। आफन्तको याद र माया थियो मनभरि। आफ्नो कोठामा पसेर खाटमा लमतन्न परी। हेर्ने कुरा केही थिएन। डायरी लेख्यो, सधैँ उही कुरा दोहोरिने। बिहान साढे छ बजेको अलार्म सेट गरेर पल्टेकी ऊ कतिखेर निदाई, थाहै पाइन।

आज बिहान केटाहरूलाई उठाउनु थिएन, छुट्टीको दिन रे। टोस्ट खाएपछि आइरन लगाउने ठाउँमा गई। दिनभरि यताउता गर्दै आफूलाई व्यस्त राखी। ठूलो काम केही नभए पनि बसिरहन डर लाग्थ्यो। कोठाभित्र पनि आइरन लगाउँदै बस्थी। घरीघरी ढोका ठेलेर चियाउँथी मालिक्नी। कामबिनाको डर विशाल भएर वरिपरि घुमिरहन्थ्यो।

दिलूले भनेको सम्झिन्थी– "त्यसै बसिरहनु हुँदैन है!"

दिन त्यत्तिकै बित्थ्यो। न टिभी थियो न त मोबाइल नै। टिभी थिए तर उनीहरूका कोठाकोठामा।

बूढी उठेको केही समयसम्म पनि बूढो नउठेपछि बोलाउन थाल्थी। पहिलो दिन के भनेर बोलाई, अनौठो आवाज मात्र आयो। पत्ता लगाइन। उसलाई त्यो नाम जान्ने उत्सुकता थियो। नजुवा उता लागेको बेला पोस्टबक्सबाट ल्याएर राखेका चिठीको चाङमा गएर हेरी। उसको नाम मसाल जफार रहेछ। उसले उच्चारण गर्दा 'मिसाल, मिसाल' सुनिन्थ्यो। उसले सुनेको ठीकै रहेछ।

कानुनसम्बन्धी धेरै किताबहरू टेबलतिर देख्दा कानुनको मान्छे हो कि झैँ लाग्थ्यो, तर सोध्ने आँट भने गरिन।

कहिलेकाहीँ उसलाई श्रीमान्सँग बोल्न मन भए पनि मालिक्नी घरमै हुनाले गाह्रो लाग्थ्यो। फोनको घण्टी बज्दा पनि उसका लागि पो हो कि भन्ने आशा लाग्थ्यो। नेपालमा छँदा

पनि दिनको एक पल्ट फोनमा बोल्नुपर्ने श्रीमान्-श्रीमती अहिले दूरदराजका जस्ता भएका थिए। कहिलेकाहीँ त घरको फोनबाट मिस कल गरूँ झैँ लाग्थ्यो। आँट आउँदैनथ्यो। दिउसो एकछिन बाहिर निस्किएकी नजुवा भित्र पसिसक्दा फोन सेटमा कल डिटेल चेक गरिहाल्थी। नभन्दै एक दिन मनूको श्रीमान्ले फोन गरेको थियो, पाँच मिनेटजति बोलेको रहेछ। उसले कल ब्याक गरेर पत्ता लगाई र त्यो नम्बरमा फोन नगर्न आग्रह गरी।

"मनू, तिमीलाई यो फोन चलाउने अनुमति छैन। चलाउने भए आफ्नो मोबाइल चलाउनू, त्यही पनि राति मात्र। दिउसो तिम्रो ड्युटी आवर हो।" उसले नरम भाकामा कडा कुरा भनी।

एक दिन सानो केटो तलाललाई मनूको साथमा छाडेर पार्टी छ भन्दै सबै गए। उसलाई खाना ठिक्क पारेको थियो, भोक लागेपछि खायो। 'उसलाई बेलैमा बेडमा सुताएर तिमी पनि सुत्नू साङ्लो नलगाई' भनेकी थिई। मालिक्नीले भनेअनुसार केटाले खायो पनि, तर सुत्न मानेन।

सुत्ने बेला भइसक्दा पनि कोठामा नआई सिँढीमै बसेर खेलिरहेको थियो। ऊ पनि उसकै छेउमा बसेर हेरिरहेकी थिई। उसले एक्कासि सानो सुमधुर स्वरमा गम्भीर तरिकाले भन्यो– "तिमीलाई थाहा छ मनू, सबैको प्राइभेसी हुन्छ। मेरा पनि यहाँ प्राइभेट कुराहरू कति छन्। तिमी किन मलाई पछ्याइरहन्छ्यौ? मेरा आमाबाबा रमाइलो गर्दै छन् पार्टीमा, मैले गर्न पाउँदिन र? तिमी जाऊ। तिमी पनि रमाइलो गर। मेरो पछि लागेर तिमीलाई के रमाइलो हुन्छ र? जाऊ, प्लिज जाऊ।"

उसको कुराले मनू अवाक् भई– निःशब्द। त्यति सानो बच्चाले आफूलाई नामै काढेर बोलाउँदा कति हो कति अनौठो लाग्यो उसलाई। सबैले साइनो लगाएर बोलाएको सुन्ने अभ्यास भएका उसका कानलाई सानो फुच्चेले नाम काढेर बोलाउँदा अचम्म लाग्यो। यो अङ्ग्रेजी भाषामा आफूभन्दा ठूलालाई सम्मान गर्ने शब्द छैन कि जस्तो लाग्यो।

काममा व्यस्त रहँदा पनि कति बेला मालिक्नीले बोलाउली भनी कान थापेर बस्नुपर्ने थियो। बाहिरको सरसफाइ सजिराले गर्थी। खाने कुरा पनि बनाउँथी। पित्तलका भाँडा, फोटो फ्रेम, ढोकाका ह्यान्डल सबै ब्रासो नामक क्रिमले मस्काएर टिलिक्क पार्थी।

हप्तामा तीन दिन आउँथी सजिरा। कहिलेकहीँ सजिरा र मनू मात्र हुन्थे घरमा। सिटिङ रुमको बीचमा एउटा ठूलो बोर्ड थियो। बडो मिहिनेतका साथ लट्ठीले गेडो लडाएको देख्थी फिल्मतिर। नाम थाहा थिएन। सजिराले भनी– "मनू, डू यू अन्डरस्ट्यान्ड दिस गेम? तिमीलाई आउँछ यो खेल्न?"

मनूले भनी– "म यो गेम बुझ्दिनँ कैल्यै पनि।"

"के चाहिँ बुझ्छ्यौ त?" गलल्ल हाँसी सजिरा।

'यो स्नुकर हो' भन्दै लट्ठीले रङरङका दुईचार वटा गेडा ठटाइहाली।

कोठाको बाहिरपट्टि ठूलो नीलो तलाउ थियो। "उः, त्यो स्विमिङ पुल हो।" उसले भनी। फेरि थपी– "यो घर म्याडमकी आमाको हो। पहिले आमा पनि यहीँ बस्थिन्। उनी मरेपछि यी

सबै सामानसहितको यो घर यिनकै भयो। कति हो कति अथाह सम्पत्ति छ यिनको। यी त रिच वुमेन पो हुन् त!"

सामान पनि सबै दरबारिया शैलीका प्राचीन कालका जस्ता थिए। विभिन्न रङका चित्रहरू र राजामहाराजका तस्बिरहरूले भित्ता छपक्कै छोपिएका थिए। चित्रको महत्त्व नबुझ्नेका लागि ती केही थिएनन्। ती चित्रहरूको दाम पनि सुनाई। पत्याइसक्नु थिएन। जति महँगा भए पनि तिनीहरू खालि सजाउनका लागि थिए।

भान्सामा हेऱ्यो, सबै एन्टिक पाराका थिए भाँडाहरू। चिया, कफी, चिनी राख्ने भाँडाहरू कति आर्कषक थिए। उहिल्यै बाल्यकालमा बेलायती माटोका सामान भन्थे, यिनै होलान् जस्तो लागिरह्यो।

मालिक्नीको चिया पिउने कप त झन् गैँडाको सिङजस्तो थियो। त्यो केबाट बनेको रहेछ, हेर्ने बहुत रहर थियो। कफी पिइसकेर अलग्गै माथि घोप्ट्याउँथी। छुने मौकै मिलेन मनूलाई। बिहानै केट्लीमा पानी उमालिदियो अनि कफी बनाउने सानो चिटिक्क परेको भाँडामा चार चम्चा इटालियन कफी हालेर छोपिसकेपछि कडा न कडा आधा लिटर कफी त्यो गैँडासिङे कपमा खन्याएर सोफामा बस्थी अनि घण्टौँसम्म फोनमा व्यस्त हुन्थी। घरभरि कफीको तीतो बास्ना आइरहन्थ्यो पछिसम्मै।

× × ×

दिलूले भनेझैँ फुड हलबाट खाने कुरा ल्याउँथी र फ्रिज भर्थी। अनि खाँदै नखाई केही दिनपछि मिति हेरेर फोहोर फ्याँक्ने भाँडामा फाल्थी। यो देखेर मनुलाई आफ्नो देशको गरिबी याद आउँथ्यो। मनू खालि टोस्ट र कफी खाएर दिन बिताउँथी। बूढीले कहिल्यै 'फ्रिजमा भएको खाने कुरा खानू' भनिन।

कहिलेकाहीँ चिकेन, आलु र भन्टाको तरकारी आफै बनाउन खोज्थी। यसका लागि ठूलठूला प्याजमध्येको एउटा प्याज मसिनो पारेर काटी छोपेर राखिदिनुपर्थ्यो। एउटा पूरै प्याज भनेसम्मको मसिनो पार्दा आँखाबाट बलिन्द्र आँसु आउँथ्यो। प्याज काटिरहँदा, आँसु पुछिरहँदा भिसा लागेको दिनको याद आउँथ्यो। आँसु आइरहँदा नाबालक छोराले आँसु पुछिदिएको पनि याद आउँथ्यो। भिसा लागेको कुरा अफिसमा सुनाउँदा हाकिमले भनेको कुरा त झन् झलझली याद आउँथ्यो– "तपाईंले पनि काट्नुहुने भएछ लन्डनको प्याज!"

लागिरहन्थ्यो– कस्तो होला त्यो लन्डनको प्याज? जबजब प्याज काट्ने बेला हुन्थ्यो, उही हाकिमको कुरा याद आइहाल्थ्यो।

एक दिन भनी– "तिमीलाई राइस खान मन लाग्यो होला, कुनै दिन तिम्रो तरिकाले पनि पकाउनू। तर आज चाहिँ दुई कप चामल भिजाउनू, राम्रोसित भिजेपछि उम्लेको पानीमा हालिदिनू, मजाले फुलेपछि पूरै पानी तारिदिनू अनि भाँडामा तेल खन्याउनू अलिकति। फेरि तेल निकालेर राख्नू अनि पाकेको चामल त्यो भाँडामा खन्याइदिनू। माथिबाट त्यो पानी मिसिएको तेल हालेर सानो आगोमा नचलाईकन छोपेर छाडिदिनू।"

सजिराले पहिल्यै उसलाई त्यसरी पकाउन सिकाइसकेकाले उसले खुरुखुरु गरेको देखेर मक्ख पर्दै भनी– "उम्! यू आर अ गुड सेफ।" ऊ बेलाबेला आउँदै चेक गर्थी र भन्थी– "नट रेडी येट, नट रेडी येट।" यसो भन्दै क्याचक्याच हात गाड्दै चाटिरहन्थी।

झन्डै एक घण्टाजति मधुरो आगोमा राखेपछि निभाइदिई। सेलाउन दिई। उसको छोरो प्लेट, काँटा र छुरी लिएर डाइनिङमा बस्यो। आमाले भातभात चाहिँ एउटा प्लेटमा खन्याई अनि बिस्तारै निकालेर भाँडो आकारको भातको माम्री टोपीजस्तो आकारको उसको प्लेटमा हालिदिई। प्लेटभरि भयो। फहादले छुरीले काट्दै काँटाले घोचेर एउटा बटुकामा राखेको झोलमा चोप्दै कड्याङकड्याङ मकै खाएजस्तो आवाज निकालीनिकाली स्वादले खायो। मनू हेरेकोहेर्‍यै भई। उसलाई भने अर्को प्लेटमा अघि झिकेको बीचको भातले पर्खिरहेको थियो। उनीहरूले खाइनसकी खान नहुने। आफूलाई पुरानी बुहारीझैँ लाग्थ्यो।

बानी पर्दै गएको त्यो जागिर चल्दाचल्दै आइपुगी मेरी। उसको घर तमिलनाडू। ऊ छ महिनाको छुट्टीमा गएकी आमाको संस्कार गर्न। ऊ आएपछि मनूको जागिर सकियो।

एक महिनाको बसाइमा उसले जम्मा ७५० पाउन्ड थापी। जागिरबाट बिदा पाएको दिन २० मनको भारी बिसाएजस्तै भयो। दबिएर बसेको स्तन्त्रता बल्ल फुल्न पायो। बोल्न र हाँस्न नपाएको हाँसो बाहिरियो। अन्तिम पल्ट अक्सफोर्ड सर्कसतिरको बस पक्रिई। अनि म्याकडोनाल्डको फ्रेन्च फ्राईसँगै साटिरही धेरै बेरसम्म मनका दु:खहरू।

◆



*कृष्ण मानन्धर*

**निबन्ध / संस्मरण**

विमल कोइराला

# अनुत्तरित प्रश्नहरू



असम्भव भन्ने शब्द डरछेरुवा र मूर्खको शब्दकोशमा मात्र हुन्छ। हरेक समस्याको समाधान हुन्छ र हरेक प्रश्नको उत्तर पनि हुन्छ, तर मेरो हकमा भने त्यसो भएन। म प्रश्नैप्रश्नको दलदलमा कैयौँ पटक फसेको छु। उपयुक्त समाधानका उपायहरू ननिस्किँदा समस्याले जेलिएको, बाँधिएको छु। आँट हुँदाहुँदै पनि खुम्चिएको छु। मैले धेरै 'किन'-को उत्तर खोज्नै रुचाइनँ। कुट्दा दुख्छ, कसैले नराम्रो बोल्दा वा गाली गर्दा पनि दुख्छ। किन दुख्छ पनि थाहा छैन र ती दुखाइहरूको अन्तर पनि थाहा छैन। खिस्रिक्क हुन्छु र आफूभन्दा कमजोरलाई त्यसै गरी हेपेर शान्त हुन्छु। के ठीक, के बेठीक भनेर निर्क्योल गर्न पनि गाह्रो हुने रहेछ। आफूले ठीक ठानेका कुराहरू अर्काले गलत देखिरहेको हुन्छ। आफूले यतिसम्म चाहिँ हुँदैन है भनेका कुरामा अर्काले सोह्रै आना ठीक भनिदिन्छ। कहिलेकाहीँ त यी सबै (ठीक-बेठीक) सापेक्षतामा निर्माण हुने विषय हुन् जस्तो लाग्छ, तर निरपेक्षतामा पनि ठीक-बेठीक हुन्छ होला नि ! गणितमै पनि दुई र दुई जोड्दा चारभन्दा बढी भएजस्तै मेरो मानवीय र समाज विज्ञानको प्रयोगशालामा एउटै प्रश्नका थुप्रै उत्तरहरू उत्पादन हुने गर्छन्।

सन् १९५५ मा म जन्मँदा जापान दोस्रो विश्वयुद्धबाट तङ्ग्रिने सुरसारमा थियो। कोरिया सन् १९५० को युद्धपछि अघि बढ्ने उपायको खोजीमा थियो। तात्कालिक सोभियत रुस र अमेरिकामा विभाजित दुई ध्रुवीय विश्व शीतयुद्धको उत्कर्षमा थियो। दक्षिण एसिया अस्थिर थियो। स्कुल जाँदा हेड मास्टरले 'तिमी सङ्क्रमणमा जन्मिएको बालक हौ' भन्थे। मलाई सङ्क्रमणको अर्थ थाहा थिएन। पछि हाइस्कुल टेक्दा वि. सं. २०१७ को घटना भइसकेको थियो। अन्योल थियो नेपाली सामाजिक, आर्थिक र राजनीतिक परिवेशमा। त्यस बेला भन्न थाले– अहिले मुलुक सङ्क्रमणकालीन अवस्थामा छ। त्यो सङ्क्रमणको अर्थ पनि मैले बुझेको थिइनँ। पछि कलेज हुँदै जागिर खाने बेलामा नियुक्तिपत्र बुझ्दै सविचले भने– "भूतले खाजा खाने बेलामा जागिर खान आयौ।" झल्याँस्स भएँ– अहिले पनि सङ्क्रमण टुङ्गिएको रहेनछ। त्यसपछि २०३६, २०४२ र २०४६ सालले ठूलाठूला सङ्क्रमणको आँधीबेरी ल्यायो। अझै हाम्रा नेताहरू देश सङ्क्रमणमा छ भन्छन्। मलाई 'सङ्क्रमण' काम नगर्ने बहाना हो जस्तो लाग्छ। यो सङ्क्रमण मेरा निम्ति अनुत्तरित नै छ। मैले यसको परिभाषा कहिल्यै खोजिनँ।

मलाई विश्वासको पनि उत्तर खोज्न मन लागेन। विज्ञानको विद्यार्थी भएकाले होला, कतिपय सूत्रहरू घोकेरै राखेँ, तिनको जरासम्म पुग्ने जाँगर नै देखाइनँ। पृथ्वी गोलो छ भन्ने भूगोलमा पढाइ हुने पाँच कारणहरू पनि घोकेको हुँ। त्यसलाई पुष्टि गर्ने तर्क खोजिनँ।

बाआमालाई आदर गर्नुपर्छ, ढोग्नुपर्छ भन्ने कुराको पछाडि पनि थुप्रै तर्कहरू होलान्। मैले भने यी सबैलाई विश्वासको दर्जा दिएँ र विश्वास तर्क गर्ने विषय होइन भन्नेमै अड्डी लिएँ। कहिलेकाहीँ मसँग यस्ता विषयमा प्रश्नोत्तर गर्न तम्सिन्छन् साथीहरू, तर म भने सधैँ तर्किन्छु। कुनै एउटा विश्वासमा विश्वास गर्नु मेरो कमजोरी हो, तर तर्क गरेर टुङ्गोमा पुग्न सकिँदैन भन्ने विश्वासले जितेकाले यो प्रश्न पनि अनुत्तरित नै छ। समाज विज्ञानमा पुष्टि भएका थुप्रै कुराहरू विश्वासका रूपमा स्वत: लिने गरिन्छ। सायद मैले पनि त्यसैको नक्कल गरेको हुँ। विश्वासको गणतन्त्रमा मेरो विश्वासले कति प्रभाव पार्छ, यकिन भन्न सक्दिनँ; तर विश्वासको पनि महत्त्व हुन्छ भन्ठानेरै उत्तर नखोजेको हुँ। हाम्रो न्याय प्रणालीले प्रमाण खोज्छ, विश्वासलाई प्रमाण मान्दैन। प्रमाण नपुगेरै थुप्रै अन्यायमा परेको देखेको छु। जालीले मात्रै प्रमाणको जोहो गर्छ, सोझो प्रमाण नपुगेरै बिलखबन्दमा पर्छ।

म साह्रै अन्तर्मुखी स्वभावको पनि होइन, तर फटफट बोलिरहने पनि गर्दिनँ। धेरै कुरा सहन्छु, तर सहनशीलताको सीमा नाघ्न थाल्यो भने मेरो शरीरका अवयवहरू चलायमान हुन थाल्छन्। यो स्वभाव मैले बदल्न चाहेको हुँ, तर कहिलेकाहीँ जबर्जस्त रूपमा प्रकट भइहाल्छ। त्यस्तो बेलामा म कहिल्यै प्रश्न गर्दिनँ, जवाफ पनि खोज्दिनँ। दुवै एकै पल्ट दिन्छु। ती प्रश्नहरूको उत्तर पनि आफ्नै खालको हुन्छ। सहीगलतको कसीमा परख गर्दिनँ। दीर्घ कालमा मेरा प्रतिक्रियाले कस्तो प्रभाव पार्ने हुन् भनी ख्याल गरिएको हुँदैन। किन्सले भनेजस्तै 'दीर्घ कालमा त हामी सबै मरिसकेका हुन्छौँ'-को प्रभावले होला, मेरो प्रतिक्रिया तत्कालका लागि हुन्छ, पछिको विचार गर्दिनँ। म किन त्यसो गर्छु? त्यसको उत्तर म आफैसँग छैन।

मलाई तानाशाह भनेको सैनिक पोसाक लाएको, जुँगा पालेको र हेर्दा कठोर देखिने व्यक्ति लाग्थ्यो। यो भ्रम सिर्जना एडोल्फ हिटलर र बेनेडिटो मुसोलिनीको तस्बिर देखेकाले भएको हो। बाक्लो जुँगा पालेकाले हिटलर मुसोलिनीभन्दा कठोर लाग्थे। मुसोलिनीको भने नाकमुन्तिर रौँ थिए। पछिल्ला निर्वाचित तानाशाहहरू कसैले सैनिक पोसाक लाए, कसैले लाएनन्; कसैले जुँगा पाले, कसैले पालेनन्। तर अझै जुँगामुठे सैनिक पोसाक लाएको व्यक्तिको तस्बिर देख्दा तानाशाहजस्तो लाग्छ। तानाशाह वा अधिनायकवादी सैनिक कू गरिरहनुपर्दैन। स्टालिनले जस्तो कार्यकारीलाई अन्तिम निर्णयकर्ता बनाए पुग्छ। जनताको अभिमतलाई बेवास्ता गरी नियमकानुन आफूअनुकूल बनाए पुग्छ। स्वतन्त्र प्रेसको गला दबाएर नक्कली न्यायालय खडा गरिदिए पुग्छ। आफूअनुकूलका धुपौरेहरूलाई नियुक्ति दिलाई तीबाटै शासनको बागडोर आफ्नो अधीनमा राखे पुग्छ। उदार प्रजातन्त्रमा पनि आधुनिक तानाशाहहरू जन्मिन्छन्, जन्मिरहेका हुन्छन्। जब साधारण व्यक्तिको स्वतन्त्रता कुण्ठित हुन्छ, जब प्रेसले डराईडराई लेख्नुबोल्नुपर्ने हुन्छ, जब न्याय शासकको स्वेच्छाचारितामा रहन्छ त्यस्तो बेला जुँगा पालेको व्यक्तिको तस्बिर हेरिरहनैपर्दैन। म भने त्यस्तो भ्रमबाट मुक्त भइनँ। किन घरीघरी त्यस्तै मानिसको चित्र याद आइरहन्छ?

विष भनेकै आवश्यकताभन्दा बढी उपयोग गर्दा वा प्रयोग गर्दा हुन्छ। अत्यधिक शक्तिको लालसा पनि विषै हो। अत्यधिक अल्छीपन, आवश्यकताभन्दा बढ्ता खाने कुराको

उपभोग र कामप्रतिको उदासीनता पनि विषै हुन्। कुनै मन्द विष हुन्छन् त कुनैकुनैले झट्ट छोइहाल्छन्। फरक मात्रा र समयको हो। हाम्रो जस्तो विकासोन्मुख मुलुकमा शासन व्यवस्था विषले लट्ठिएकाहरूबाट हुने गरेकाले जनता यति धेरै प्रताडित भएका हुन्। मनखुसी गर्न नपाउँदा शासन गर्नेको मनोग्रन्थिमा स्वेच्छाचारिता पैदा हुने रहेछ। मैले गर्न खोजेको हुँ, अख्तियारले दिएन। मैले धरपकड गर्न लाउँदा 'मानव अधिकार' बाधक भयो। सरकारको बेरुजू देखाउने महालेखालाई त्यत्रो अधिकार? स्वेच्छाचारिता हाबी गराउन रेखदेख गर्ने निकायको अधिकार कटौती गर्दा शासन व्यवस्थाले निर्वाचित तानाशाह जन्माइसकेको हुन्छ। अझ न्यायालयले बाधा नगरोस् भनेर दलका आसेपासेहरूलाई नियुक्त गरेपछि त पूरै मुलुक कब्जा गरेको ठान्छ। उसले जुन जनताको मत लिएर शासनको बागडोर सँभालेको हुन्छ तिनै जनतालाई बिर्सिएर तिनको स्वाभिमानमा प्रहार गर्छ। हाम्रो जस्तो मुलुकमा सरकारप्रति जनताको विश्वास टुट्नुमा यही महत्त्वाकाङ्क्षा कारक हो। सरकार नबनुन्जेल 'हामीले मत दिएको' भनेर गर्व गर्ने जनता सरकारले काम गर्न थाल्नेबित्तिकै 'थुक्क! कस्तालाई मत दिएछौँ?' भन्दै थकथक गर्छन्। जुन उदार लोकतन्त्रले हामीलाई विस्तारित हुने मौका दियो र जसका आधारमा हामीले आफ्नो पहिचान बनायौँ त्यसैलाई विकृत बनाउन किन उद्यत हुन्छौँ? किन क्षणिक लाभका निम्ति मुलुकको दीर्घकालीन स्वास्थ्यसँग खेलबाड गर्छौं? लोकतन्त्रका कैयौँ खेलाडीहरू व्यक्तिगत रूपमा वा सार्वजनिक समारोहमा बोल्दा कुनै पुस्तकको आदर्श वाक्यभन्दा उम्दा बोल्छन्, देखिन्छन्; तर शासन व्यवस्थाको परखमा कमजोर प्रमाणित हुन्छन्। हामीले विभिन्न राजनीतिक प्रणाली भोग्यौँ, तर जनताका सास्ती घटेनन्। समाजको संरचना र राज्यव्यवस्थाको बलमिच्याइँले सीमान्तीकृत र गरिब जनताको अत्यावश्यक र न्यूनतम सुविधासम्म पहुँच पुगेन। गाउँ विभाजित भयो, सहर विखण्डनमा छ र गाउँ-सहरको द्वैधता अझ बढ्दो छ। नेपाल राज्य निर्माण भइसकेपछि शासन व्यवस्थामा राणाकाल, पञ्चायत, बहुदल हुँदै गणतन्त्रसम्म आइपुग्दा कुन बेला कसको पालामा दुर्दिन हराए, भन्न सकिने अवस्था छैन। यसो हुनुमा व्यवस्थाको खोट त देखिएन। शासन व्यवस्थाका यिनै खेलाडीहरू दोस्रोतेस्रो संस्करणमा देखा परे, नतिजा दिन सकेनन्। जनताको हातमा निराशा र कुण्ठा पर्‍यो। यस्तो किन हुन्छ? किन हाम्रो चेत नफर्केको? के हाम्रो नियति नै यही हो? यी अनुत्तरित प्रश्नहरूसँग सधैँ खेल्ने गर्छु, तर उत्तर बताउन सकेको छैन।

मानव स्वतन्त्रता र बजारको पनि अनोठो सम्बन्ध हुन्छ। आपूर्ति व्यवस्था र प्रतिस्पर्धाले मूल्य सन्तुलनमा राख्छ र उपभोक्ताले उत्तम विकल्प खोज्छन्। बजारमा त्यसैले राज्यको हस्तक्षेव वाञ्छित मानिँदैन। कोरोना भाइरसको प्रकोप देखिनासाथ बजारबाट अत्यावश्यक सामग्री अलप भए। विक्रेताले 'छैन' भने वा भाउ बढाए। राजमार्गको कुनै भागमा सानो अवरोध आउनासाथ मूल्यमा मनपरी चलिहाल्छ। अमेरिकामै पनि सामुद्रिक आँधी आएको बखत ४० डलरमा पाइने होटलको कोठालाई १५० डलरसम्म असुलेको कथा छ। राज्य विक्रेताको मात्र हो कि उपभोक्ताको पनि हो? अभर परेको बेला विवशताको मूल्य तिर्नु नपरोस् भनेर कतिपय अमेरिकी राज्यहरूले कृत्रिम मूल्य वृद्धिसम्बन्धी कानुन ल्याए। हामीकहाँ भने संसद् मौन छ।

सार्वजनिक नीति जनताको पक्षमा बन्न सकेन। शिक्षा नीति स्कुल/कलेज सञ्चालकहरूको पक्षमा, ब्याङ्क नीति लगानीकर्ताहरूको पक्षमा र अनुदान नीति धनीहरूको पक्षमा बन्ने हो भने शिक्षाको गुणस्तर, निक्षेपकर्ताले दु:ख गरेको रकम र लक्षित समूह जोखिममा पर्छन्। भएको यही छ। मानव स्वतन्त्रता र कानुनको पनि अनौठो सम्बन्ध छ। मोटरसाइकल चलाउँदा हेलमेट लाउनुपर्ने कानुन मोटरसाइकल चालकहरूको सुरक्षाका लागि ल्याइएको हो, तर कसैले म यो जोखिम उठाउन तयार छु, मेरो स्वतन्त्रता हनन गरिदिन भएन भन्यो भने राज्य मौन रहने? मोटर कारमा लगाउनुपर्ने सिट बेल्टलाई पनि त्यही प्रसङ्गमा हेर्न सकिन्छ।

राजनीतिमा सिद्धान्त वा वाद विचारधाराको सामीप्यबाट तयार भएको देखिन्छ। यही विचारको सहमतिका आधारमा व्यक्ति विभिन्न मोर्चा वा दलमा आबद्ध हुन्छ। आफ्नो विचारको सर्वोच्चता स्थापना गर्न बहस मात्र गर्दैन, कतिपय अवस्थामा हिंसामै उत्रन्छ। हिजोको मित्र बिर्सन्छ र नयाँ मित्र बनाउँछ। शीतयुद्धकालीन विश्वमा विचारधाराको प्राधान्यले नातागोता, छिमेकी र सामाजिक सम्बन्धमा नयाँ समीकरण जन्मायो। तर विचारधारामा आधारित सामाजिक सम्बन्ध धेरै टिकेन। विशेष गरी सोभियत युनियनको विखण्डनपछि 'हामी को हौँ?' भन्ने सांस्कृतिक पहिचान विभाजन र एकताको सूत्र बन्न पुग्यो। युगोस्लाभियाको विखण्डनमा बोस्नियाली विद्रोहीलाई टर्की, इरान र साउदी अरेबियाले सहयोग गर्नुमा सांस्कृतिक सामीप्य नै कारक थियो। राजनीतिक विचारधारा गौण हुन गयो। के अबको विश्व हेनरी किसिन्जरले भनेझैँ सांस्कृतिक पहिचान वा सभ्यताका आधारमा ध्रुवीकृत होला? पहिचानको संस्कृति भावनात्मक हुन्छ, विचारको जडसूत्रमा बाँधिँदैन भन्ने कुरा त जर्मनीको एकीकरणले देखाइसकेको छ। उत्तर कोरियाली जनता र दक्षिण कोरियाली जनताबीचको भावनात्मक सम्बन्धले कुनै पनि समय विचारको फलामे डन्डी भत्काउन सक्छ। त्यसो भए के कुराले राष्ट्र/राज्य संयोजित हुन्छ त? अर्थशास्त्र र राजनीतिका यावत् सूत्रहरू असफल भइसकेपछि के संयोजनको आधार संस्कृति मात्र हो? यी र यस्तै तमाम अनुत्तरित प्रश्नहरू मेरो मथिँगलमा अझै सलबलाइरहेका छन्।

मनका कुराहरू लेख्न मन लाग्छ र लेख्छु। मनका संवेगहरू बादलझैँ मडारिन थाल्छन् र प्रज्ञासँग ठोकिन्छन्। सृजनाको वर्षा हुन्छ, तर मभित्र भने इयार्र आउँछ र जान्छ। किस्ताबन्दीमा सोच्छु र पटकपटक गरेर लेख्छु। कोलाज बन्छ। त्यहाँबाट टिप्नुपर्ने हुन्छ। म यसरी पाठकलाई पनि दु:ख दिने गर्छु। यो मेरो कमजोरी हो वा तागत? यो प्रश्न पनि अनुत्तरित छ। म वर्षौंदेखि यही गल्ती दोहोऱ्याइरहेको छु। यतिखेर प्रश्न उठिरहेको सुन्छु– सभ्यता सभ्य भएन, मान्छेमा मानवता क्षय हुँदै गयो र समाज सामाजिक हुन सकेन। यो प्रश्न शब्द निर्माणको कारणले मात्र उठेको हो कि यसको सामाजिक-सांस्कृतिक मूल्य पनि छ? मानवीय मूल्य र सामाजिक मूल्यको निर्माणकर्ता को हो? हाम्रा बानीबेहोरा मूल्यअनुसार भए-भएनन् भनेर के कानुनले हेर्छ कि अदालत मात्र यसको व्याख्याता हो? न्याय-अन्यायको सुरुवात नै यही विन्दुबाट भएको हो भन्ठान्छु म। तर मेरो ठम्याइको निरूपण कसले गरिदिने?

अभर परेको बेला विज्ञान, प्रविधि र राजनीति अर्थहीन हुने रहेछन्। यिनले सभ्यता जोगाइराख्न र मानव जातिलाई सम्मानित जीवन बाँच्ने अधिकार दिन नसक्ने रहेछन्। जसोतसो

मानवीयता, धर्म र सामाजिक पारस्परिकता नै प्रयोगमा आउने हुँदा महत्त्वहीन ठानिएको यो समाज विज्ञानले नै थोरै भए पनि आत्मविश्वास जगाइरहेछ। निराशा र कुण्ठाबीच मनोबल बढाउने काम गरिरहेछ। आकस्मिक व्यवस्थापनमा विज्ञान-प्रविधिका सूत्रहरू पनि भैपरी आउने अवस्थाका लागि तयारी हालतमा नहुँदा राजनीतिले मानवमूल्य गिजोल्ने र त्यहीँभित्रबाट 'माइलेज' खोज्ने हुँदा जनता राजनीतिको अनिच्छित हतियार हुने रहेछन्। अहिले कोरोना सङ्क्रमणले आक्रान्त विश्वका धेरैजसो शासकहरू आत्मरतिमा छन्। सोझो गणित प्रयोगमा नआउने राजनीतिको छिर्के दाउ वा जिद्दी दाउपेच नै प्रभावकारी अस्त्र देखियो। जहाँ पनि र जता पनि मडारिन सक्ने फुक्काफाल दादागिरीले गर्दा जनता दासको दास भइरहे। उही जनतालाई लोभ्याएर, फकाएर वा धम्क्याएर मत लिन्छ; उही जनताको मतले वैधानिक शक्ति पाउँछ र जनतामाथि क्रूरता लाद्छ र विवश बनाउँछ। यसलाई कसरी बुझ्ने? जनता विकल्प चाहन्छन्, तर राजनीति बक्सिस दिन खोज्छ। जनता आफूभित्रको सामाजिक ऊर्जा परिचालन गरी पुँजी निर्माण गर्न चाहन्छन्, तर राजनीतिले कथित वैचारिक विभाजन खडा गरी समाजको कित्ताकाट गरिदिन्छ। विकल्पको चाहनामा रहेका जनता र शक्तिको राजनीतिले मानव जीवनलाई यतिखेर सङ्कटबाट महासङ्कटतर्फ धकेल्दै छ। के यसलाई नियति भनेर चित्त बुझाउने?

हाम्रो पुस्ताले भुइँचालोको कष्ट खेप्यो र यही पुस्ताले कोभिड-१९ को कहर खेपिरहेको छ। यस्तो बेलामा पनि चाहिँदानचाहिँदा उखानहरूमा हामीलाई अलमल्याउने प्रयत्न हुँदै छ। मानव जीवन, स्वतन्त्रता र मानव जीवन सञ्चालन पद्धतिमध्ये एक रोज्न भनिँदैन। यी परिपूरक र परिपोषक मान्यताहरूमध्ये 'कुनै एक' भन्नु भनेको विषयान्तर गर्नु हो र जनताको अपमान गर्नु हो। मानव जीवनको रक्षा राज्यको प्राथमिक कर्तव्य हो, तर त्यसैका निम्ति पनि स्वतन्त्रता र मानव जीवन सञ्चालन चाहिन्छ। किन हामी यस्ता विषयहरूमा जनतालाई अलमल्याउन खोज्दै छौँ? कतै हाम्रो राजनीति आफै दिग्भ्रमित त छैन?

◆

डा. गोविन्दराज भट्टराई

# महाकालसित एक छोटो संवाद



यो कुरा पनि अटलान्टिक महासागरको किनारमा अकस्मात् समुद्री आँधी क्याट्रिना उठेको बेलाको हो। एक्लै उनीहरूले केही क्षण प्रतीक्षा गरे र तत्क्षण विकल्परहित भई मृत्यु वरण गरे; अथवा इटालीको भिसुभियस पर्वतमा ज्वालामुखी पड्केजस्तै हो। एक्लै उनीहरू 'हामी समाप्त भयौँ' भन्न नपाउँदै लाभा र खरानीले पुरिए। त्यो उम्लँदो अग्निको लेदो कस्तो थियो? भर्खरै अस्ट्रेलिया महादेश सिङ्गै बेरेर उठ्ने अग्निज्वाला कत्रो थियो? अब जीव, वनस्पति

खरानी मात्र रहला भन्ने लागेको थियो। सबैभन्दा ठूलो दोस्रो विश्वयुद्ध थियो। त्यो ता हामी आफैले सल्काएको मृत्युको हवनकुण्ड थियो। मृत्युको जीवन्त रूप विश्वव्यापी खाण्डव वन दनदनाइरह्यो। त्यसैमा हामीले भाग लिइरह्यौँ। त्यसको पूजा गरिरह्यौँ। देशदेशबाट उत्कृष्ट शक्तिका, शौर्यका, तेजका, बलका युवाहरू छानेर पठायौँ– यसरी त्यहाँ गएर हाम फाल्नू र समाप्त हुनू भनेर सिकायौँ। उनीहरूले त्यस्तै गरे।

उनीहरू संसारका कुनाकुनाबाट बिदाइका माला भिरेर निस्के– भय मिश्रित परन्तु निर्भीकता र साहसको रापमा किञ्चित् मुस्कुराउँदै मुटुमा पनि किञ्चित् मूर्खताको लेप लगाएर।

यसरी हामी कहिलेकाहीँ चुप लागेर खेलिरहेको मैदानमा उम्लेर मृत्यु आफै आउँथ्यो; ऐय्या भनी नसक्दै, आत्था भन्न नपाउँदै एकै गाँस चपाउँदै जान्थ्यो। कति हजारले, कति लाखले एक गाँस हुन्छ? कति अक्षौहिणीले? हामीलाई के थाहा छ र! त्यो त उसैलाई थाहा छ! ऊ कत्तिको भोकाएको हुन्छ। हामीलाई कसरी थाहा हुन्छ र? हामीसित संवाद भए पो! उसको यस्तो अवतार एकै पल्ट देख्न पाएको भए पो अनुमान गर्न हुन्थ्यो।

त्यसैले मानिसले उसका रूपहरूको कल्पना गरे, उसको अस्तित्व मनमा स्थापित गरे; उसको आकृति, स्वभाव र आगमनको आवृत्ति पनि देखेजस्तै गरे। कल्पनामात्रले पनि बाँच्न सहारा दियो। अधिकांश धर्मग्रन्थहरू मृत्युको रूप बयान गर्छन्; त्यसको चरित्र, स्वभाव र आवृत्ति बताउँछन्। लेखकले भेटेर आएजस्तो पारेका छन्। यसलाई फकाउने, यसको उत्पात स्वरूपलाई सामना गर्ने मन्त्र छन्, तन्त्र छन्, पूजा-आराधना, भक्तिसूत्र र अनेक उपाय छन्; तर पनि सबैसबै निरुपाय भएरै बिदा माग्छन्। ती बिदा भएपछिका फेरि बिदा माग्नेहरू पनि त्यस्तै निरुपायै रहेका छन्– सृष्टिको आरम्भदेखि।

कत्रो रमाइलो खेल छ कत्रो रहस्यको! अलिकति मात्रै थाहा पाए मानिस कसो गर्थ्यो होला! कुनै रहस्य नबुझेर, केही नजानेर मात्रै मानिस अलिक विवशझैँ छ; बेलाबेला निरीहझैँ ठान्छ आफूलाई। तर ऊभित्र 'म अजर-अमर छु' भन्ने भावले नै उसलाई सचेत राखेको छ। त्यही भावले उसलाई कर्मशील राख्छ। हामीले गरेका साहित्य-कला-कर्महरू पनि त्यसैले गराएको, हाम्राहरूले गरेका परहितका कर्महरू पनि त्यसैले गराएको होला। हाम्रा पितामाताले गर्दै आएका, अझ पुर्खादेखि गरिँदै आएका कर्महरू पनि त्यसैका परिणाम होलान्।

अचानक, अनायास उफ्रेर झम्टिने उसको कला हो। कोशीमा पानीका रूपमा आएर एकै रातमा आधा लाख मानिसको घर, आँगन, गोठ र खेतबारी बालुवा बनाएर छाड्यो। हाम्रै आँखासामु त्यो दसैँको बेला थियो २०६५ सालको। कति अज्ञात बेनामीहरू उसले लग्यो, सम्झन सकिएको छैन। पर्नेले भोग्छ, सकियो भनेजस्तो रहेछ। यस्तो एउटा कला हो। अचानक बिना सूचनाको तर मानिसलाई सृष्टिको आरम्भदेखि अनुभव हुँदै आएको छ, थाहा भएको छ। जल पनि जीवनदायिनी औषधी हो। उपनिषद्मा 'आपो हि मातर' (यजुर्वेद) भनिएको छ। जसरी माताको स्तनपानले जीवनको सुरक्षा गर्छ, पृथ्वीरूपी माताले त्यस्तै प्राणदायिनी जलको सृष्टि गरेर मानव सभ्यता बचाएकी छन्। तर जल नै मृत्युको भयङ्कर ठूलो कारक तत्त्व पनि बन्दो रहेछ। डुबेर, बगेर, पखालिएर, हकालिएर दिनमा कतिले मृत्यु वरण गर्छन्; वर्षभरिमा कति हो कति!

अग्निले त्यसै गरी बचाएको छ। ग्रिसेली मिथकमा झैँ प्रमिथसले स्वर्गदेखि अग्नि चोरेर नल्याएको भए मानिस कठ्याङ्ग्रिएर धेरै अघि समाप्त भइसक्थ्यो। हाम्रो पूर्वीय विश्वासमा अग्नि स्वयम् देवताका रूपमा छन्। उनको महत्त्व गाउने अग्नि पुराण छ। हरेक कर्ममा अग्नि साक्षी राखी सत्य पथको अनुसरण गरौँला भन्ने वाचा गर्छौं, किनभने जुन ग्रहमा बसेका छौँ यसलाई नै अग्निगर्भा भनिएको छ। यता ग्रह, नक्षत्र, पिण्डहरू अग्निको लप्का र लेदो फुटेर बग्दै-चिसिँदै गएर सृष्टि भूमि बनेको हो भन्ने भ्रान्ति छ। कति करोड वर्षअघिको कुरा हो त्यो, त्यसको कोइला-अँगार-खरानी केही अवशेष छैन– अनुमान मात्रै।

मानिसलाई यो 'ग्रान्ड डिजाइन'-बारे केही थाहा छैन, तर भएझैँ गर्छ र आफ्नो जीवनकलामा त्यसलाई जोडेर अर्थ दिन्छ। उता अग्नि मात्र पनि मृत्युको कत्रो कारक छ। ठूलठूला डढेलाले बारम्बार पृथ्वी नै विकृत पारिदिन्छन्। प्राणी, वनस्पति सबैसबै स्वाहा पारेर अँगार र खरानी मात्र छाड्छन्। तर फेरि त्यहीँ जीवन सुरु हुन्छ यिनै जल, वायु, तेज र आकाशको संयोगले। यस्तो विशाल अगम्य तारतम्य मिलाउने के होला, को होला? त्यो अथक छ, दुर्दमनीय छ, अदृश्य छ र निरन्तर सक्रिय। एउटै कर्म रहेको छ जन्माउने र मार्ने, सृष्टि गर्ने अनि ध्वंस गर्ने। नयाँ कुरा केही छैन। केवल यही पुनरावृत्ति छ। एक पल्ट अनादिमा भएका सृष्टिको बीज पलाउँछ, फेरि सुक्छ। फेरि पलाउँछ। नित्य आफै छ। हिउँदमा पाकेर कोसा फुट्छन्, बियाँ झर्छन्, जलवायु-तेज-प्रकाश पुगेपछि ती पुनः आफै टुसाउँछन्, पलाउँछन्।

यो विशाल चक्रतिर फर्केर हेर्दा मानिस अत्यन्तै तुच्छ लाग्छ। यहाँ अवतरित भई एकछिन खेलेर जानू, रमाएर-हाँसेर जानू, छिट्टै आफ्नो पालो सिद्धिन्छ भनिएको छ उसलाई; तर उसको यस (संसार)-प्रतिको मोह र आसक्तिले गर्दा ठूलो बतास चल्दा कराउने, आगो सल्किँदा आत्तिने, भूकम्पमा भाग्नेजस्ता लक्षण निकालिहाल्छ। यो सृष्टिको सुन्दरता र रहस्यले मात्र जीवन सुखमय बनाउनू भनेको छ, तर मानिसले अरू पनि तत्त्वहरू उपहार प्राप्त गरेकाले ऊ तिनको सेवा गर्न लाग्छ– भय छ, त्रास छ, सन्देह छ, घृणा छ, द्वेष छ, ईर्ष्या छ, वाञ्छना अलग्गै। यस मनको गोठभित्र गाई, भैँसी, बोका, सुँगुर, भेडा, बाख्रा, उँट, कुकुर, बिराला, मृग सबैसबै पालेपछि के थामिसक्नु हुन्छ र! उता सर्प र अजिँगर छन्, न्याउरीमुसो छ, यता खरायो पनि छ। बाघ र चितुवाको जङ्गलमा मलसाँप्रो पनि। यति लोभी नबन् न मान्छे! दुई कुरा मात्र राख्– यो सृष्टिको सुन्दरता र यसको रहस्य। अरू बाहिर निकाल्। बेलाबेला आफू आएको बाटो सम्झी, आफू जाने बाटोतिर पनि हेर्दै गर् अनि आफ्नो घडी पनि कति बेला आइपुग्छ, हेर्दै गर्। कोरोना सुनेर किन आत्तिनु, देखेर किन आत्तिनु? यो उसैको डिजाइन न हो। तैँले टार्न सक्दैनस्। निश्चिन्त भएर बस्।

समयले आफै उत्पन्न गरेको 'स्पोन्टयानिअस जेनेरेसन' भन्ने हुन्छ– स्वतःस्फूर्त उत्पत्ति वा आफै हुने सृष्टि। यो कोरोना त्यस्तै हो। औलो मारिस्, बिफर मारिस्, टीबी मारिस्, क्यान्सर मार्दै छस्, सके यसलाई पनि मार्लास्। नसके केही पीर छैन। अनिकाल लागेको बेला मकै पाक्न धेरै बाँकी छँदै गाउँमा धेरै बालबालिका र वृद्धवृद्धाको मृत्यु आउँथ्यो। बिघ्नै भए यस पालि पनि त्यस्तै होला। यो सृष्टि मार्ने डिजाइन होइन अवश्य उसको। तँ डरले कत्तिको काम्दै

छस्, त्यो मात्रै हेर्ने इच्छा हो उसको। तँ लालसाको डोरीले कत्तिको कसिएको छस्, त्यो हेर्ने मात्र इच्छा हुनुपर्छ उसको।

नकाम्, पर्दैन काम्नु तैँले। उसको डिजाइनमा तेरो कम्पनको कुनै अर्थ छैन। तँलाई थाहै छ, भिसुभियसझैँ यो अचानक छैन, क्याट्रिनाजस्तै अचानक छैन, कोशीको बाढीजस्तो अथवा अस्ट्रेलियाली अग्निज्वालाजस्तो उसले 'म आउँछु' भनेकै थियो। उसको कटुवालले अघि नै भेरी फुकेकै थियो। माथि चीनदेखि अचानक होइन, आकस्मिक होइन। महाकाल सारा आकाशदेखि ब्रह्माण्ड ढाकी वायुमा मिसिएर बिस्तारै पाइला सार्दै अघि बढेको हो। एकछिन बिसाउनुपर्थ्यो। तैँले एकछिन बाटो छाडिदिनुपर्थ्यो। भित्र लुकेर सडक खाली गर्दिनुपर्थ्यो, गरिनस् होला। आज पनि थैली भर्ने आकाङ्क्षा लिएर तँ दौडिरहिस् होला। आज उसले बाटामा भेटिएकाहरू टिप्दै छ, खाँदै छ, चबाउँदै छ, निल्दै छ। त्यसो त धेरैलाई दरफन्याएर छाडेछ दुईचार मुड्की हानेर। आज बिहानै बेलायती प्रधानमन्त्री दरफरिएको शरीर छाम्दै उठेर चिया बाँड्दै देखिए। उनैसित सोध्नोस्– मृत्युसित पौँठेजोरी खेल्दा कस्तो हुँदो रहेछ? आजसम्ममा त्यहाँ २६ हजार आत्माको पालो मिलाइदिए। तिनीहरू आफू मात्र भागेर निस्केका हुन्, उता यो महाव्याधिलाई मार्न्ने पनि बल गर्दै छन्। आजसम्मको तथ्याङ्कले हेर्दा युरोपमै बेलायत पहिलो भयो। स्पेन, फ्रान्स, जर्मनी, इटाली सबैलाई उछिनेर मृत्युको खेललाई उसले अत्यन्त तीव्र गतिमा खेलायो। तैपनि अमेरिकालाई भने जित्न सकेको छैन।

विश्वका वैज्ञानिक आविष्कार, उन्नति र प्रगतिमा पहिलो स्थानमा पुगेका देश यसरी हुरीमा नुहेका डाँडाका बाँसजस्ता हुन्छन् भने अरूको के लाग्छ भन्ने पनि लाग्छ। संसारलाई जित्ने शूरवीर, धनवान्, अहङ्कारी र स्वाभिमानको सगरमाथाजस्तो अमेरिकाले अग्रस्थान लियो यो मृत्युको खेलमा। उसले महाकाललाई आफ्ना देशवासीका घरघरमा परिभ्रमण गरायो। धेरै जना मूर्च्छा पर्दै जाग्दै गरे, धेरै जना नजाग्ने गरी बाटो लागे। एक स्रष्टाले भनेका छन्– धेरै त माथि नै छन्। के आश्चर्य छ र? माथि गएर तिनीहरूसँगै मिल्ने न हो, प्रविधिको भाषामा 'जोइन' गर्ने न हो।

कतिलाई पाश्चात्ताप हुन्छ यति काम बाँकी थियो भन्ने। तिनीहरूलाई सजाय गर्छ उसले। जसले उर्बर जीवनलाई आलस्य ओढाएर दुर्व्यसनहरू चाख्दै आजको काम भोलिपर्सि अर्को साललाई राख्दै गरे तिनीहरूले अवश्य पश्चात्ताप गर्ने हो। नत्रभने इन्द्रबहादुर राईले बिदा हुने बेलाको अन्तिम अन्तर्वार्तामा भनेर गएका छन्– "म एक पूर्ण सन्तुष्ट मानव बिदा हुँदै छु।" त्यस्तै हुन सिक्नुपऱ्यो।

महाकालसित दोहोरो संवाद हुँदैन। एकोहोरो बिहानको रातिदेखि उठेर बोल्ने हो। भन्ने, सुनाउने, गाउने, अलिकति प्रार्थना गर्ने, अलिकति घुर्क्याउने मात्र हो। शिवरात्रिमा दर्शनार्थीलाई भित्र पुगेर देवताको दर्शन गरौँ, उनले देख्ने गरी पूजा र प्रार्थना गरौँ, फूलमाला र प्रसाद चढाऔँ भन्ने हुन्छ; तर प्रवेशद्वारमै उभिएको महसुर डन्ठे पुलिसले उसलाई घोक्र्याइहाल्छ, 'तपाईंको पालो पुग्यो; जानोस्, जानोस्' भन्छ। जगत्को खेल त्यस्तै हो। महाकालले ताकेपछि घोक्र्याइदिन्छ बस्ने इच्छा हुँदाहुँदै। ढोकाकै छेउमा नजानू।

उसको अघि विनयशील भएर बोल्नोस्, चल्नोस्। आफ्ना कामहरू नबिसाई गरिरहनोस्, सिध्याउनोस्। दिनभरिमा नसिध्याउने कामहरू नताक्नोस्। एउटा जीवन भनेको एक दिन मात्र हो। यस्तो झलमल्ल घाम छ। कलासाहित्य लेख्नेले यी सारा कुरा देखिरहन्छ, लेखिरहन्छ।

कोरोनादेखि डगडगी कामेर समय नाश गर्ने होइन। अझै पनि एउटा कविता रच्न भ्याइन्छ, एउटा कथा लेख्ने समय छ। उज्यालो नहुन्जेल लेख्दा एउटा लघु उपन्यास भ्याइन्छ, महाकाव्यै आधा भ्याइन्छ। लेखिराख्नोस्, तपाईं गए पनि अरूले पढ्ने छन्, समयले पढिरहने छ महाकालले महाप्रलय नरचुन्जेल। लाखौँलाई उठाए पनि आखिर तपाईंको समय भोग्ने तपाईं नित्य एक्लैको समय हो, जहाँ पुगे पनि तपाईं एकै मात्र हो। अरूको चिन्ताले शरीर नसुकाउनोस्। निहुरेर आफ्नो काममा लाग्नोस्।

◆

हरिप्रसाद मानसाग्नि

# बाँसको माहात्म्य



मलाई एक दिन बाँसघारीमा डुलेका गुलेली र चैतन्यको चिरबिरमा अहिंसाको नाच नाचिरहेका चराचुरुङ्गीबीच प्रेमको प्रसाद बन्नुपर्‍यो।

मनुष्यता हारेको गुलेली एवम् चेत-चेतना निभेका मटेङ्ग्राहरू र अनादि सत्ताको चिरबिरमा उसैको मङ्गल धुन सर्वमङ्गल नृत्यबीच बाँसको विराट्ता। म साक्षी हिंसा, अहिंसा र विराट्को। चराहरू मेरो प्रेमले उडे। के भन्दै उडे, मलाई थाहा छैन। चराका शब्द बुझ्दिनँ, मौनता बुझ्छु। गुलेली र मटेङ्ग्राहरू मानव इतिहासको हृदयमा अर्को एक शूल रोपेर शूलीतर्फ बढे। बाँस मेरो कानमा भूत, वर्तमान र भविष्यको कथा सुनाइरहेथ्यो– कालजयी महर्षिले जस्तो।

मेरो त्यो बाल्यकाल उत्सवहरूका बीच महोत्सव थियो। त्यति बेला मस्तिष्क कमजोर थियो र हृदय महाबली। आज पनि उस्तै छ, फेरिएन कुनै पतझडका साउतीहरूले। वसन्तमा आएको म; शरीर त बदलिइरह्यो, तर ऋतुचक्र बदलिएन।

आज त्यही बाँसको निष्काम कर्मयोगको शिक्षा सङ्कल्प, प्रतीक्षा र प्रसाद मेरो सौन्दर्य र सुवास बनेको छ। सम्झनाको विन्यासमा विराट्को माहात्म्य लेख्न कलमका समिधा र मसीको घिउमा प्रकृतिको जौतिल बोकेर बाँसको यज्ञ थालिरहेको छु।

चीन देशका एक किसान मित्र लीले उनकै जीवनमा भएको 'चाइनिज बाँस'-को वृत्तान्त सुनाएपछि म रोमाञ्चित भएँ। उनले भने– "वर्षभरिको मिहिनेतले उब्जेको अन्नले म र मेरो गाउँका किसानहरूलाई जसोतसो जीवन धान्न त पुग्थ्यो। बन्जर जमिन र रैथाने खेतीले भोक त मेटिन्थ्यो तर धनधान्य र आनन्द घरबाहिरै बस्थ्यो। मलाई लाग्थ्यो, सन्तानले उच्च

शिक्षा पढून्; घरपरिवारलाई स्वास्थ्यकर खाना, भरपर्दो छाना र सुन्दर नाना होस्। गाउँका सबैमा सुखसमृद्धि आओस्। एक दिन बिहान बाटोसँगैको खेतको आलीमा सोचमा झोक्राएर बसेको बेला सन्तस्वरूपका बटुवाले चिन्ताको कारण सोधे। मैले सबै बताएँ। उनैले चाइनिज बाँसका बारेमा सबै बताए। मैले सङ्कल्प गरेँ र त्यही दिन सहर गई चाइनिज बाँसको बीज लिएर आई पूरै जमिनमा रोपेँ। बीचका खाली ठाउँ र छेउकुनामा अन्न पनि। आवश्यकताअनुसार मल र दैनिक हरेक बीजलाई पानी राख्थेँ। एक वर्ष बित्यो, अङ्कुर आएन। दुई, तीन, चार, पाँच हुँदै वर्षहरू बिते; तर मेरो सङ्कल्प, धैर्य र विश्वास बितेको थिएन। गाउँका किसानहरू हरेक मौसम र वर्षमा अनाज उब्जाउँथे। मेरो बन्जर जमिन र बाँसको बीजको अङ्कुरणको प्रतीक्षामा दैनिक मलजल एवम् गोडमेल गरेकोमा उपहास गर्थे। पागल भन्थे, सम्झन्थे। यो सोच गाउँबाट आफ्नै घरमा पनि पसिसकेको थियो। पाँच वर्षे यात्राको अन्तमा बिहानको सूर्योदयसँगै म खेतमा साँच्चै पागलजस्तै नाचिरहेको थिएँ। मसँग पहिलो पटक बाँसका अङ्कुर पनि नाचिरहेका थिए। घरपरिवारलाई दौडाएर खेतमा लगेँ। गाउँलेहरूले झ्यालबाट नाक खुम्च्याएका थिए। पाँच वर्ष माटोमुनि आफ्ना जराहरूलाई फैलाउँदै मेरो माटोमाथिको सङ्कल्प, प्रतीक्षा र प्रकाशित चेत-चैतन्यको परीक्षा लिइरहेको बाँस देख्दादेख्दै छ हप्तामा ९० फिट पुग्यो। पाँच वर्षको प्रतीक्षा पाँच हप्तामा देखियो। हिजो होसमा म पागल थिएँ, आज गाउँले बेहोसीमा पागल छन्। सुन्दै छु, विश्वका मानिसहरू मेरो बाँसको कथा पढेर विराट् भए, गरे।"

जन्मदेखि मृत्युसम्म, आहारदेखि औषधीसम्म, बाँसदेखि कपाससम्म, खेलौनादेखि खेलसम्म, जङ्गलदेखि मङ्गलसम्म, धनदेखि धर्मसम्म, शान्तिदेखि युद्धसम्म बाँसबिना जीवन कहाँ छ र?

वंशलोचनद्वारा कैयौँको वंश जोगाइयो। यौन जीवनको आँसुमा हाँसो भरियो। सास र आस मर्दै गएका श्वास रोगीले लामो जीवन र सास फेरे। अरू थुप्रै रोग र पीडामा स्वास्थ्य र आनन्द बाँसले नै त दिएको हो। धर्मग्रन्थहरूमा बाँसको कलिलो मुना अर्थात् तामाको शिवलिङ्ग मानी स्थापना गरेर रुद्राभिषेक गर्दा उत्तम सन्तान र वंश विकास हुन्छ भन्ने देख्दा लोकभाषा सम्झिएँ– 'मेरा सन्तान त तामाको मुनाजस्ता छन्।' बूढापाका अर्ती दिन्छन्– 'बाँसजस्तै बढ्नू र बाँसजस्तै विनम्र नुग्नू।" कस्तो विलक्षण प्रतीक– मजबुत जरा, बलियो र अग्लो बोट, बहु उपयोगी तर पनि अहङ्कारशून्य शिर विनम्रताले झुकेको। बाँसका बारेमा विश्वभर अनेकन् लोकप्रिय कथा छन्। अर्ती-उपदेश छन्। उखानटुक्का छन्। लोकगीत र कविता छन्। औषधी र स्वास्थ्यका सूत्र छन्। बलशाली भएर आफ्नै पैतालामा उठ्न, बहु उपयोगी भएर सबैको सेवा गर्न र सर्वसामर्थ्यमा पनि विनयशील भएर झुक्न सिकाउनु बाँसको लालित्य हो।

आमा-हजुरआमाले पकाएको तामाको मुनाको नुनिलो तरकारी, अमिलो अचार र गुलियो मुरब्बा स्वास्थ्य, स्वाद र सन्तुष्टिको त्रिवेणी मात्र होइन; प्रेम र प्रसाद थियो मेरा लागि। स्वास्थ्य, स्वाद र सन्तुष्टि त भारत यात्राका क्रममा छत्तीसगढको ताजा तामाको मुना र भिजाएको चनाको दाल मिलाएर बनाएको लोकप्रिय तरकारीमा पनि थियो। थाइल्यान्ड आदि देशका गाउँको भ्रमणको बेला हरियो बाँसको ढुङ्ग्रोमा पकाएको भातमा पनि थियो। बाम्बो

स्टिमरमा उसिनेका सागपात र भेगान मममा पनि थियो। चीन, जापान र अन्य एसियाली देशमा बाँसका उसिनेका कुरा खाने भाँडा अर्थात् बाम्बो स्टिमर खुब मन पराउँछन् भन्ने सुनेको। नेपाली मम पसल र घर-होटल त रोगी भाँडा आलमुनियमै रमाएका छन्।

हजुरआमाको कपालको लट्टा फोर्ने सानो कुचोजस्तो र कपाल कोर्ने दुईतिर दाँत निस्केको ब्रस र काइँयो अझै मसँग छ। बाँसका ती काइँया हजुरआमालाई विवाहमा आमाले दिएको रे। उहाँ ७० वर्षमा कालो र बाक्लो कपाल आँगनको डिलमा बसेर कोर्नुहुन्थ्यो। प्लास्टिकका ब्रस र काइँयोले मेरो तालु अधबैँसमै मरुभूमि भइसकेको थियो। हजुरआमाको सिन्दूर, टीका, चुरादेखि पैसासम्म राख्ने बाँसैका बट्टा थिए रे। लुगा राख्न पनि काठको बाकस बन्नुपहिले बाँसका बुनेका बाकस हुन्थे रे। गर्मीमा खेतबारीबाट थाकेर घर फर्केपछि गर्मी भगाई शीतल बनाउन होस् या हामीले भोक लाग्यो भन्दा हरियो मकै पोल्न आगोको गर्मी बढाउन बाँसकै पङ्खा त हुन्थ्यो। सुकेको मकै भुट्न होस् या आगो फुकेर बाल्न ढुङ्ग्रो। हरियो पातका दुनाटपरी बनाउन मसिना सिन्का हुन् या तातो तेलबाट सेलरोटी निकाल्न झिर। धान भण्डार गर्ने भकारी होस् या अन्न सुकाउने मान्द्रो। ढिकीजाँतो गर्दा अन्न राख्न डाली-डालो हुन् या निफन्न नाङ्लो। भुइँघास काट्दाको आँखेडोको होस् या पाहुर बोक्ने सोली। सबै त बाँसका थिए। हजुरआमालाई सबैले नजिकबाट चिनेका थिए। बाँसको चोया र भोर्लाको पातले बनेको सेगू (सेऊ) वर्षाभरि घरको पेटी र भित्तामा बस्थ्यो। पानी पर्नेबित्तिकै मुख खोलेर मुस्कुराएको बच्चाजस्तै पिठ्यूँमा चढिहाल्थ्यो। पानी रोकिनेबित्तिकै लज्जावतीले जस्तै नमस्ते गर्दै छेउ लाग्थ्यो। कहिले पिँडालु र केराको पातले पानी ओत्यो त कहिले सेगूले। छाता त परदेशी हो धेरै पछि गाउँ पसेको।

आज मलाई चित्रे दाइको पनि याद आइरहेको छ। वर्षमा एक पटक हाम्रै आँगनमा बसेर बाँसको चोयाको डाली-डालो, नाङ्लोका साथै अन्य सामान र चित्राको मान्द्रो, भकारी, डोको आदि बुन्थे। बाँसको बाहिरी हरियो पातलो भाग चोया, त्यसभित्रको चित्रा। सायद त्यस बेला बाँसको कलाकर्म या काम गर्ने बाँसकर्मीलाई चित्रे भनिन्थ्यो। चित्रे नाम/पदवी बाँसको कलात्मक वस्तु बनाएर चित्रकारबाट आयो कि चोयाको भित्री भाग चित्रोबाट, मलाई थाहा छैन। जे होस्, बाल्यकालका ती चित्रे दाइलाई सम्झँदा आज गौरव बोध भएको छ। उनको पसिनाको सुगन्धमा मैले इन्द्रकमल फूलको उद्यान भेट्थेँ। पीडाको बीचमा कमल भेट्थेँ। भगवान्का शिल्पी विश्वकर्मा, उनी पनि विश्वकर्मा नै थिए।

मेरा पैतालाका यात्रा र औँला, आँखा, कानका यात्राहरूमा या कुर्चीदेखि क्रुजसम्मका यात्रामा मानव सभ्यताको विलक्षण-विराट् वनस्पति बाँस धेरै पटक जम्काभेट भएको छ। पृथ्वीमा मानिस आउनुभन्दा पहिले मानिसलाई चाहिने अत्यावश्यक सबै कुरा आइसकेका थिए। त्यही लर्कोमा ज्ञानविज्ञानको आधार बनेर १६–१७ सय प्रजातिका बाँस विश्व यात्रामा निस्किए। खै, एन्टार्कटिकामा किन रमाएनन्? बाँकी विश्वमा उत्सव मनाइरहे, मनाइरहेका छन्। हुन त पृथ्वीमा जीव-वनस्पति सबैलाई दैनिक चाहिने अत्यावश्यक कुरा उनीहरू आउनुभन्दा पहिले नै आएर स्वागतमा बसिसकेका थिए। वनस्पति विज्ञानले घाँस भनेर के भयो र? विश्व

मानव सभ्यताले रूख र सुख त्यसैमा देख्यो। जङ्गल र मङ्गल त्यसैमा देख्यो। देख्यो धन र धर्म, खेती र यति, धारण र धनुष, सबैसबै। ग्रिन गोल्ड, ग्रिन डाइमन्ड र अरू थुप्रै मालाले अभिनन्दन गऱ्यो। बाँसले पनि मानिसको आस कहाँ तोडेको छ र? जापानको हिरोसिमा र नागासाकीमा मानवता मरेको बेला हरियाली र जीवनले बिदा लिएको थियो र पनि बाँसले मानिसको साथ छाडेन। पुनःसृष्टिको बाँसुरी बजाइरह्यो। मानिसले विषाक्त धूवाँ भरेर आफ्नो, पृथ्वीको, पृथ्वीवासीको र आकाशगङ्गाकै फोक्सो बिगारिरहँदा छिटोछिटो सर्लक्क र हर्लक्क बढेर अरू बिरुवाले भन्दा ३० प्रतिशतभन्दा बढी अक्सिजन मात्र दिएन, सबै विष आफूले पिएर नीलकण्ठ बन्यो।

ढुङ्गा, काठ र धातुभन्दा पहिले बाँसले आसदेखि वाससम्म, आभूषणदेखि युद्धसम्म, भोजनदेखि भेषजसम्म केमा साथ दिएन र? ढुङ्गे युगको इतिहास लेख्नेले बाँसे युगको इतिहास, वर्तमान र भविष्य सम्भेन। बाँसको आँसु सुकेर त्यसै वंशलोचनको दाँत भएका होइनन्। आफ्नो पीडालाई पनि जगत्को हाँसोखुसीमा रूपान्तरण गऱ्यो।

हजुरबा भन्नुहुन्थ्यो– "बाँस त ग्राम देवता हुन्। देवताका प्रिय हुन्। यज्ञयागादिमा मण्डप पवित्र गर्न र तोरण, ध्वजापताकाले शृङ्गार गर्न टुप्पामा हरियो पातको भुप्पा भएको अग्लो बाँस चाहिन्छ। पूजा गरेर ठड्याइएको बाँसको लिङ्गो नै त मण्डपको मूल द्वार र सबै दिशाको गौरवगान हो। प्राणप्रतिष्ठादेखि वास्तु पूजासम्म, आकाश बत्तीदेखि लाख बत्तीसम्म र कोट पूजादेखि कोटिहोमसम्म बाँस नै त अघि लाग्छ।" हजुरबाले सुनाएको एउटा कथा अभै याद छ– भगवान् विष्णुले भगवान् शिवसँग 'हजुर बाँस भइदिए म त्यसको बाँसुरी बनाएर सदा दिन मुखले चुम्बन गरी स्नेहपूर्वक बस्थेँ' भनी वर माग्दा शिवको बाँसमा वास भएकाले बाँस सदा पूज्य र पवित्र छ। द्वापर युगमा भगवान् विष्णु कृष्ण अवतार लिई जन्मनुभयो। भगवान् शिवको स्नेहस्वरूप बाँसको विद्याधर मुरली (वंशी) बजाई गाईबस्तु, वनस्पति र सम्पूर्ण चराचर जगत्लाई प्रकम्पित गर्नुभयो। आनन्द र उत्सवमा नचाउनुभयो। आज पो थाहा पाएँ, त्यो पौराणिक कथा त शिवपुराण-विष्णुपुराणको सौन्दर्य पो रहेछ। हरियो बाँसको अर्थीमा अन्तिम बिदाइको अर्थ पनि शवलाई शिव समर्पण नै रहेछ। जन्म पूजनको लिङ्गोदेखि घाट पूजनको घारोसम्म साथ शिवको। तन्त्रमन्त्रले बाँसको जराको साथमा धर्म, अर्थ, काम र मोक्षको माला जपिरहेछ। वास्तु सौभाग्यको खोजमा बाँसका नानीहरू टेबलमा रमाइरहेछन् र बाजेहरू भित्ताको कलात्मक फ्रेममा।

प्रकृति र मानवको अन्तःसम्बन्धको वेद वाचन गर्दै हिँड्ने स्वधर्मको सारथि भएर होला; मानिस, जीवजन्तु, चराचुरुङ्गी, बोटबिरुवा सबैले मलाई माया गर्छन्। मेरा कुरा सुन्छन्, आफ्ना कुरा सुनाउँछन्। विदेशबाट, स्वदेशबाट प्रकृतिमैत्री उपहार आउँछन्-जान्छन्। कडा बाँसका मुलायम कपडा देख्छु, रेसमी जीवन जिउन लाखौँ जीव मार्नुपर्ने रहेनछ। र पनि मानिस किन अरूको जीवन र आनन्द लुटेर रमाउन खोज्छ? पानी पिउने बोतलदेखि चिया पिउने कपसम्म, खाना खाने प्लेटदेखि चम्चासम्म बाँसले दिँदादिँदै मानिस किन प्लास्टिकमा आत्महत्या गरिरहेछ? पहिरोको भरदेखि कलात्मक सुन्दर घरसम्म बाँसले दिइरहेको छ, फेरि पहाडको

मन फोरेर ढुङ्गा किन? जापान, चीन, थाइल्यान्ड आदि देशका बाँसकला त्यहाँ नवयौवना रूपसारूपसीजस्तै त्राटकीय छन्। बाँसमा सास छ, आस छ र मधुमास छ। प्रकृति, कृति र संस्कृति छ। खेलौना छ, खेल छ र खिलखिलाहट छ। स्व छ, स्वस्ति छ र सुबोधता छ। पल छ, पन छ र पवित्रता छ। यो लयबद्ध महानदीमा कसले फोहोर फ्याँक्यो? विज्ञानको नाममा अज्ञानका नगल्ने विषाक्त झोल र झोलाहरू फ्याँक्यो?

बा भन्नुहुन्थ्यो– "खोलाखेतको बाढी बाँसका झाङकीलाबाहेक केहीले रोक्न सक्दैन। बाढीपहिरो रोक्न त बाँसै रोप्नुपर्छ। मलजलको सङ्गीत पाएमा नाच्दै दिनमै दुई हात बढ्छ। बाघबुट्टे निगालोको कलमले मैले लेख्न सिकेको हुँ। खप्तड क्षेत्र, बझाङको निगालोको कलमले सयौँ विद्वान् भए; फेरि तमाखू खाने नलीले रोगी पनि। सबै बोटबिरुवा बर्सेनि फुल्छन्, फल्छन्। बाँसमा त ५० नाघेपछि एक पटक वसन्त श्रवण गर्छ बीज जन्मभूमिलाई चढाएर सदाका लागि बिदा हुन्छ। मेरा यो उमेरमा बाँसको वसन्त एक पटक मात्र देखेको छु। बाँस नभएको भए त घरगृहस्थी नीरस हुने थियो।" बाले यो सुनाइरहँदा बच्चामा म अचम्म मान्थेँ। उमेर बढ्दै जाँदा देवतुल्य बाँसको महिमाले मण्डित हुँदै गएँ। छिमेकी चीन र भारतले दसौँ हजार रूपस्वरूपमा बाँसलाई शृङ्गार गरेर करोडौँ डलर कमाउँदा हाम्रा आँखाले झाङबाट उडेको अर्बौं रुपियाँ देख्ने सकेनौँ, तर दिनभर ढुकेर निरीह सानो चरो खसाली नाचिरह्यौँ।

पाइप जन्मनुभन्दा पहिले पानी बोकेर तिर्खा मेटाइरह्यो। ग्यास र तेल पनि त बोकेको हो। आफू पोलिएर पटकाको चेत र चिन्तन दियो। डुङ्गा बन्यो, पानीजहाज बन्यो, पुल बन्यो, भऱ्याङ बन्यो। खर्पन, झोला र लट्ठी बन्यो। मानिसको विश्व यात्रामा के बनेन बाँस? बाँसको लालित्यमा त मानव विकासको लाली चढेको हो। थोमस अल्बा एडिसनको प्रथम बिजुलीको बल्प झलमल्ल बनाउन फिलामेन्ट बाँसले नै त दिएको हो। उनको थकाइ मेटाउने पौडी पोखरीका बाँसहरू प्रतीक्षामा झन्नै डेढ सय वर्षदेखि पानी भरेर बसेका छन्। फिलामेन्ट पनि साक्षी बनेर बसेको छ उज्यालो युगको। सङ्गीत, आभूषण, औजार र हतियारदेखि छाना, खाना, नाना अनेकतामा एकताको प्रतीक बनेर मानव विकासको आदि, मध्य र आधुनिक कालमा बाँस मानिसको आस बनेको छ।

पटकपटक थाइल्यान्डका गाउँको भ्रमण गर्ने तिथि जुरेको थियो। ती यात्रामा बाँसका अनेकन् बाजा बजाउने कलाकार भेट्न पाएको थिएँ। कलाकार पनि बाँसबाजाको ध्वनिजस्तै मनमोहक र कलात्मक। हजारौँ श्रोता-दर्शकबीच एक्लै एकाग्र। आफ्नै धुन, आफ्नै नृत्य र आफ्नै संसारमा ध्यानस्थ मधुशालाका मधुहरू।

संसारमा धेरै 'बाम्बू ब्यान्ड' रहेछन्, मलाई थाहा थिएन। लुम्बिनी यात्राका क्रममा एक 'बाम्बू ब्यान्ड'-का फिलिपिनो कलाकार भेटिए। म योगध्यानको साधक भनेपछि दिनभर छाडेनन्। मैले ध्यान सिकाएँ, उनले बाँसबाजाको सङ्गीत सरोवरमा लगे। उनको देशमा बाँसका सयौँ बाजाहरू पाइन्छन् रे। झोलाबाट एउटा सानो बाजा निकालेर मुखले बजाउन थाले। रूप, ध्वनि र बजाउने विधि नेपाली मुर्चुङ्गाजस्तै। हाम्रो फलामको हुन्छ, उनको बाँसको। मलाई एउटा उपहार पनि दिए। मैले नभुलेको भए त्यो बाजाको नाम 'बाम्बू जुइस हर्प' (Bamboo Jew's

Harp) हो। उनले बाँसबाजाको कला, संस्कृति र लालित्यमा मलाई लछप्पै भिजाए। जापान, भियतनाम, इन्डोनेसियाका लोकसङ्गीतका अनेकन् बाँसबाजाका बारेमा उनलाई सुन्दा व्याख्यान होइन, सङ्गीत नै बर्सिरहेको थियो– बुद्धको महा उद्यानमा।

घरैमा बनाएका १५–१६ बाँस समूहका परम्परागत बाजा बजाइरहेका पपुआ न्यू गिनीका युवा र त्यसको धुनमा धन्य हुँदै नृत्य गरिरहेका युवती देख्दा कसको मन मधुशाला हुन्न र?

भरत मुनिले नाट्यशास्त्रमा नवरसको परिकल्पना गरे। रसका बारेमा उनको दृष्टिकोण कहीँ पढेको थिएँ– 'विभावानुभावव्यभिचारीसंयोगाद्ररस' अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस जन्मन्छ। फेरि कहीँ पढेको थिएँ– 'रसात्मकं वाक्यं काव्यम्' अर्थात् रसयुक्त वाक्य नै काव्य हो। भरत मुनिको नवरसमा वात्सल्य र भक्ति दुई रसले साहित्यलाई रसात्मक बनाए। ११ रसले रसना रसालय भएको छ। बाँसको आकाशमा चेतना महाकाश भएको बेला सबै रसहरू बाँसमै रसाएको पाएँ। रसाएको मात्र होइन, मूल फुटेर महानदी नै बगेको देखे दृष्टिले।

प्रेम, प्रकृति र सौन्दर्य श्रीकृष्णको बाँसुरीबाट शृङ्गार रस बनेर राधारमण गरिरहेछ। करोडौँ कृष्ण र राधाहरू आज पनि प्रेमको प्रतीक मान्छन् बाँसको बाँसुरीलाई।

बाँसको सुप्लामा भिरालो हरियो चउरमा चिप्लेटी खेल्दा बीचैमा तीन भुर्लुङ खाएर ठोकिन्थ्यौँ। घुँडामा छाला जान्थ्यो, टाउकामा टुटुल्को। त्यो विचित्र अवस्थामा खित्का छाडेर हास्य रसमा पौडिन्थ्यौँ। बाल्यविनोदको यथार्थ थिएटरका मुखौटाहरूमा कहाँ पाउन सकिन्छ र?

बाँसको बाण, तीर र लौरो साथी बनाएर महलवासीबाट वनवासी बन्दै गरेका सीता, राम, लक्ष्मणको त्रिवेणी तीर्थ सुकेर शोकको महासागर बनेका अयोध्याका राजा दशरथ र अयोध्यावासीको शोक या १४ वर्षे कठोर वनवासपछि रामद्वारा सीताको परित्याग र पुनः जङ्गलमा बाँसकै कुटी वास करुण रसको रसालय होइन र? करुण रसमा पटकपटक बाँस रोएको छ।

राक्षस वधका महायुद्धहरूमा महाकाली र महादुर्गाको क्रोधमा बाण, तीर, शूल, सुइरो र अन्य रूपस्वरूपमा मात्र होइन; ध्वजध्वजा लहराएर बाँसले दिएको साथ रौद्र रस होइन र?

द्रोणाचार्यले आफ्ना चेलाहरू कुशल योद्धा भएपछि गुरु दक्षिणास्वरूप आफूलाई अपमान गरेका पाञ्चाल देशका घमन्डी राजा द्रुपदलाई बन्दी उपहार माग्दा अर्जुनको धनुर्विद्याले गुरु दक्षिणा चढाउँदा धनुबाँसको योगदान छैन र? योद्धाको युद्धगाथा वीर रस होइन र?

महाभारतको सरक्ति (रगतको नाता) कौरव र पाण्डव युद्ध मानव मनोविज्ञानको रोचक र रोमाञ्चक ऋतु परिवर्तन हो। महायुद्धमा हतियार, ध्वजापताका, रथ आदिसँग बसेर बाँस वंशले युद्ध विनाशको रक्तसागर देखेको छ। यो भयानक रस होइन र?

महाभारतको महायुद्धका वीरहरूको शव होस् या प्रभास तीर्थको वार्षिक मेलामा यादव कुलको सर्वनाश, द्वारकामा लुटेराहरूको बीभत्स नाङ्गो नाच होस् या यादव स्त्री र

बालबच्चाको पीडा सागर, श्रीकृष्णको निरीह बिदाइ होस् या शक्ति र सामर्थ्यले घुँडा टेकेर गाण्डीव उठाउन नसकेका अर्जुनका पाखुराहरू; धनुबाँस साक्षी छ। यो बीभत्स रस होइन र?

बाँसका गोष्ठी, सभा, सम्मेलनमा यसको बहु आयामिक प्रयोग, विराट् उपस्थिति र सर्वमङ्गल रूपस्वरूपको व्याख्यानमा मलाई सुन्नेहरूले विस्मय र आश्चर्यको अनुहार र प्रश्न बर्साउँदाको क्षण अद्भुत रस होइन र?

सानासाना बाबूनानीहरू बाँसका सुन्दर खेलौनासँग खेल्दा रिसाउने-खुसाउने, लात मार्ने-अँगालो मार्ने, रुने-हाँस्ने निर्दोष वर्तमान र पावन-पवित्र त्यो क्षणक्षणिका शान्त रस होइन र?

बाँसको सिप्किनो देखाएर आमाबाले विद्यालय नलखेटेको भए या गृहकार्य नगर्दा विद्यालयका गुरुले सिप्किनोले हत्केलामा रेखा नकोरिदिएको भए आज अक्षरदेखि अक्षरसम्मको यात्राबीच जागेर अनादि सत्ता मिल्ने थिएन। आमा, बा र गुरुको यो निर्दोष वात्सल्य 'वात्सल्य' रस होइन र?

बाँसको एकतारे हातमा बोकेर प्रेम र गायनद्वारा प्रेमस्वरूपा भक्तिमा मग्न भई चराचर जगत्‌लाई विषयानन्दबाट परमानन्दमा प्रवेश गर्ने मोक्षकला प्रेमाभक्ति सिकाउने देवर्षि नारदको दर्शन भक्ति रस होइन र?

बाँस रसहरूमा रस भनेर महारसको महाकाव्य बनेको छ। जन्म, जीवन र मृत्युमा ताण्डव नाचेर शिव बनेको छ। कला, संस्कृति र विज्ञानको त्रिवेणी स्नान गरेर सभ्यता बनेको छ। जीव, पञ्चतत्त्व र आकाशगङ्गाको महासमुद्रमा सप्तरङ्गी रत्न बनेको छ।

◆

जङ्गब चौहान

# पितरबुर्गमा एक दिन गोर्कीको नाममा



सन् २०१२ मेरा लागि विशेष रूपमा अविस्मरणीय रहेको छ। त्यो सालको अगस्ट-सेप्टेम्बरमा मैले रुसी भाषासाहित्यका दुई वटा गोष्ठीमा सहभागी हुने अवसर पाएको थिएँ– पहिलो नयाँ दिल्लीमा आयोजित क्षेत्रीय गोष्ठी र दोस्रो सान्त पितरबुर्ग (लेनिनग्राद)-मा आयोजित अन्तर्राष्ट्रिय गोष्ठी।

यी दुवै गोष्ठीमा अन्य नेपाली सहभागी मित्रहरू पनि भएकाले मेरो मन झन् खुसी थियो। नयाँ दिल्लीको एक हप्ते गोष्ठीमा मसँगै त्रिभुवन विश्वविद्यालय, विश्व भाषा क्याम्पसका प्राध्यापक डा. बलराम अर्याल र रुसी विज्ञान तथा संस्कृति केन्द्रका रुसी भाषा शिक्षक शिशिरानन्द मिश्र हुनुहुन्थ्यो भने सान्त पितरबुर्ग गोष्ठीमा मास्कोमा १० महिना रुसी

भाषा प्रशिक्षण लिनुभएकी रुसी विज्ञान तथा संस्कृति केन्द्रकी कार्यक्रम संयोजक कामना दीक्षित हुनुहुन्थ्यो।

सान्त पितरबुर्गको दुई हप्ते गोष्ठीमा सहभागी हुने कुराले भने म निकै रोमाञ्चित भएको थिएँ। रुसको सर्वाधिक सुन्दर सहर र विश्वकै पाँच सुन्दरतम सहरहरूका रूपमा परिचित यो सहरसँग मेरा अनेकौँ अतीत-सम्झनाहरू गाँसिएका छन्। यो मेरो सातौँ पटकको लेनिनग्राद यात्रा थियो। यस सहरको नाम परिवर्तन हुँदै आएको छ इतिहासका विभिन्न मोडहरूमा। सन् १७०३ देखि १९१४ सम्म यो सहरको नाम सान्त पितरबुर्ग थियो। त्यसपछि यसलाई पितरबुर्ग भन्न थालियो। सोभियत सङ्घका संस्थापक समाजवादी नेता लेनिनको मृत्युपछि सन् १९२४ बाट यसलाई उनै महान् नेताको सम्मानमा लेनिनग्राद भन्न थालियो। सोभियतकालभरि लेनिनग्राद रहेको यो सहर सोभियत सङ्घ विघटनपश्चात् पहिलेकै नाममा फर्कियो– सान्त पितरबुर्ग। औपचारिक नाम सान्त पितरबुर्ग भए पनि 'बुर्ग' शब्दमा जर्मन गन्ध आउने भएकाले रुसीहरू 'पेत्रोग्राद' भन्न रुचाउँछन्। आम जनतामा अझ सरलीकृत भएर 'पितर'-का रूपमा चिनिन्छ। सोभियतकालका ऐतिहासिक प्रसङ्गहरूमा लेनिनग्राद नै भन्ने गरिन्छ। पितरबुर्गसहित अन्य धेरै भूभाग ओगटेको क्षेत्रलाई अहिले पनि लेनिनग्राद क्षेत्र नै भनिन्छ। यो सहर रुसको पुरानो राजधानी मात्र नभएर विश्वकै एक ऐतिहासिक, राजनीतिक, सांस्कृतिक र आर्थिक केन्द्र पनि हो। यस सहरलाई रुसको सांस्कृतिक राजधानी पनि भन्ने गरिन्छ।

जिन्दगीमा फेरि एक पटक पूर्वपरिचित लेनिनग्रादका तिनै सुन्दर सडक, नदी, नहर र पार्कहरूमा स्वच्छन्द घुम्दै विश्वविख्यात रुसी स्रष्टाहरूको क्रीडास्थलमा झुम्न पाउने कल्पनाले मेरो मन एउटा मृदुल धुनमा तरङ्गित भइरहेको थियो।

सोभियत सङ्घ विघटन भए पनि सोभियत सङ्घकै सम्झना दिलाउने लेनिनग्रादको पाँच तारे होटल 'गात्सिनित्सा सोभेत्स्काया' (सोभियत होटल)-मा हाम्रो कार्यक्रम आयोजना गरिएको थियो। बसाइ, गोष्ठी र खानपिन सबै यही होटलमा। नोभेम्बर महिना भएकाले हिमपात नभए पनि निकै चिसो लाग्थ्यो।

एसियाली, युरोपेली र अमेरिकी मुलुकबाट रुसी भाषासाहित्यका शिक्षक तथा अनुवादकहरूको बाहुल्य रहेको त्यस गोष्ठीमा यस पटक रुसका उम्दा लेखक-प्रोफेसरहरूको विशिष्ट व्याख्यान नै आकर्षणको केन्द्रमा थियो। सधैँझैँ यस पटक पनि मेरो सहभागिता रुसी साहित्यका सत्रहरूमा नै केन्द्रित रह्यो। यसै क्रममा सान्त पितरबुर्गको रात्रिकालीन नेभा नदीको तटीय इलाकाको भ्रमण आज पनि मीठो सपनाझैँ लागिरहेछ।

पेत्रोग्राद यात्राको मूल उद्देश्य अन्तर्राष्ट्रिय गोष्ठी भए पनि म भने कुनै सिङ्गो एक दिन खोजिरहेको थिएँ। एक्लैएक्लै आफ्नै इसारामा यस सहरको नीलो र बालदबुट्टे आकाशमुनि सहरको ऐतिहासिक केन्द्रीय सडक 'नेभ्स्की प्रास्पेक्ट' हुँदै फिनल्यान्डको खाडीमा मिसिन गइरहेको विशाल नेभा नदीको किनारैकिनार हिँड्न चाहन्थेँ; गोर्की-पेत्रोग्राद र गोर्की-लेनिनग्रादबीचको गहिरो सम्बन्धले कोरेका पदचिह्नहरू पछ्याउँदै सारा दिन गोर्कीमय हुन चाहन्थेँ।

मैले खोजेजस्तै एक दिन आइपुग्यो। गोष्ठीको त्यो दिन मध्याह्नपछि कुनै कार्यक्रम थिएन। यस पटक पेत्रोग्राद आएपछिको यो नै मेरो पहिलो र अन्तिम एकल घुमघाम कार्यक्रम थियो– अन्तरात्माको आवाजलाई पछ्याउँदै आफ्नै स्वतन्त्र तालिकामा रम्ने। अझ यस किसिमको हिँडाइलाई बरालिनु भन्दा उपयुक्त होला।

समय यस्तै नौ बजेको थियो होला। सान्त पितरबुर्गमा बिहान सबेरैजस्तो लाग्थ्यो। प्रसन्न मुद्रामा म होटल सोभेत्सायाबाट बाहिरिएर नजिकै रहेको मेट्रो स्टेसन तेख्निचेस्कायासम्म अतीतमा लेनिनग्रादका नेपाली मित्रहरूसँग आत्मिक कुराकानी गर्दै हिँडेका युवाकालीन रमणीय क्षणहरूलाई सम्झिँदै हिँडिरहेँ।

नेभ्स्की प्रास्पेक्टमा निस्किएर त्यही ऐतिहासिक मार्गको फराकिलो पेटीमा हिँड्न थालेँ जहाँ विगतका प्रत्येक यात्राका क्रममा विविध परिवेशमा हिँड्ने गर्थें। विश्वलाई नै छक्क पार्ने ऐतिहासिक परिवर्तनका लहरहरूमा निर्मित तिनै महान् रुसी लेखक माक्सिम गोर्कीका जीवन सङ्घर्ष र सिर्जना संसारलाई हल्काहल्का स्पर्श गर्न चाहन्थेँ म आज। मेरा पाइलाहरू उमङ्गमय गतिमा अगाडि बढिरहे। गोर्की अर्थात् तिनै विश्वप्रसिद्ध रुसी लेखक माक्सिम गोर्की, जारशाहीको निरङ्कुश शासन विरुद्ध आगो ओकल्ने योद्धा, निम्नवर्गीय मानिसहरूका भरपर्दो साथी, क्रान्तिको गीत गाउने 'हुरी चरा', प्रगतिवादी चिन्तक जसको नाम पाँच पटकसम्म नोबेल पुरस्कारका लागि मनोनयनमा परेर पनि उनले बोकेको कम्युनिस्ट राजनीतिक पक्षधरताका कारण अस्वीकार भएको थियो।

आफ्ना रचनामा मात्र होइन, स्वयम् जीवनमा पनि सामाजिक रूपान्तरणमा सक्रिय भएर लागेका गोर्कीको नाम नजोडिएको कुनै रुसी धरती छैन, यो सान्त पितरबुर्ग त्यही सहर हो जहाँ गोर्कीको पहिलो पुस्तक प्रकाशित भएको थियो, जहाँबाट उनी प्रतिभाशाली साहित्यिक व्यक्तित्वका रूपमा चर्चाको शिखरमा पुगेका थिए, जहाँका सडक, गल्ली र गल्छेडाहरूमा, चोक र नदीतटहरूमा जतातते उनको क्रान्तिकारी व्यक्तित्वका निसानाहरू छापिएका छन्।

कति पटक हिँडे होलान् गोर्की नेभ्स्की प्रास्पेक्टका यी सडकहरूमा! एक्लै पनि हिँडे होलान्, सहयोद्धा कमरेडहरूसँग पनि हिँडे होलान्, आफ्ना प्रिय पात्रहरूसँग पनि हिँडे होलान्। आज म त्यही सडकमा गोर्कीमय हुँदै हिँडिरहेछु, हिँडिरहेछु– एक्लैएक्लै।

कष्टपूर्ण बाल्यकालले गोर्कीको जीवनलाई वास्तवमै 'तिक्त' (गोर्की) बनाएको थियो। उनको बाल्यकाल बाल्यकाल नै थिएन। १० वर्षको उमेरदेखि नै उनी जीवन धान्नका लागि अनेकौँ किसिमका कष्टसाध्य काम गर्न विवश भए। बाल्यकाल, किशोरकाल र युवाकाल प्रारम्भ हुँदासम्म गोर्कीले विशाल रुसका अनेकौँ भूभागहरूमा पैदल यात्रा गरेका थिए। यिनै विविध किसिमका श्रमपूर्ण काम, विभिन्न किसिमका निम्नवर्गीय मानिसहरूसँगको निकटतम उठबस र दरिद्र रुसी गाउँघर, उजाडिएको रुसी धरती नै उनका 'विश्वविद्यालयहरू' बने।

अलेक्सेई पेस्कोभबाट लेखक गोर्की बनेका माक्सिमले सान्त पितरबुर्ग सहरमा पिहलो पटक सन् १८९९ मा पाइला टेकेका थिए। त्यस बखत उनी प्रशंसक पत्रकार मित्र भ्लादिमिर पोस्तिनकहाँ पाहुना भएर बसेका थिए। पोस्तिनको आवास सान्त पितरबुर्गको एउटा रमणीय

इलाकामा रहेको नादेभ्फदेन्स्काया गल्लीमा थियो। हाल यसलाई प्रतिभाशाली रुसी कवि भ्लादिमिर मायाकोभ्स्कीको सम्झनास्वरूप मायाकोभ्स्की गल्लीका रूपमा चिनिन्छ। यस बेलासम्म गोर्कीको पहिलो आख्यानात्मक कृति (संस्मरणसङ्ग्रह) **ओदेर्की ई रासकाजी**ले तहल्का मच्चाइसकेको थियो। उनले रुसी साहित्यमा पहिलो पल्ट निम्न वर्गका पात्रहरूलाई नायकका रूपमा अघि सारेका थिए। त्यसैले आफ्नो पहिलो कृतिबाटै उनी जनताको लेखकका रूपमा स्थापित भए। पहिलो कृति प्रकाशनपछि छोटो समयमै गोर्की रुसी पाठकहरूबीच सर्वप्रिय लेखकका रूपमा देखिए। पुस्तक बिक्रीको हिसाबले पनि गोर्कीले तत्कालीन रुसका सर्वाधिक चर्चित लेखकहरू तोल्सतोई र चेखबलाई समेत उछिनेर नयाँ कीर्तिमान कायम गरे।

रुसी जनताबीच लोकप्रिय छवि बनाइसकेका यिनै गोर्की पहिलो पटक सान्त पितरबुर्ग पुग्दा उनलाई भेट्न भनेर लेखक, बुद्धिजीवी र सर्वसाधारण पाठकहरूको भीड नै लागेको थियो। त्यस बेला गोर्कीलाई भेट्न आउने चर्चित व्यक्तित्वहरूमा चेखब, मेर्भ्फकोभ्स्की, रेपिन, मिलाइलोभ्स्की, जिनाइदा गिपुस आदि थिए। सर्वसाधारण जनताले गोर्कीलाई आफ्ना भावनाहरूको प्रतिनिधि ठान्थे। यही कारण गोर्कीको साहित्यिक आगमनलाई रुसी जनताको ठूलो हिस्साले हृदयदेखि नै स्वागत गऱ्यो। बुद्धिजीवीहरू गोर्कीमा रुसी साहित्य र जीवनमा बढिरहेको चरम निराशामा दह्रो चुनौती देख्थे। गोर्कीको लेखनीमा आफ्नै जीवनको अवमूल्यन गर्ने निम्नवर्गीय समूहको जीवन वितृष्णाप्रतिको आसलाग्दो विकल्प पाउँथे। हुन पनि गोर्कीले जन्माएका पात्रहरूले आफूलाई मात्र होइन, संसार नै परिवर्तन गर्न सक्ने आँट गर्थे। उनका प्रत्येक नयाँनयाँ रचनाहरूमा उज्यालो भविष्यप्रति दृढ आस्था र विश्वास हुन्थ्यो।

गोर्कीको लेखनीमा पाइने यही नौलो ऊर्जाका कारण उनी त्यस बेलाका आम बुद्धिजीवी लेखकभन्दा भिन्नै देखिएका थिए। यस्तो लाग्थ्यो, पातलो, अग्लो कद, लामालामा जुँगासहित भरपर्दो शारीरिक र शालीन व्यक्तित्वका धनी, घुमक्कड लेखक गोर्कीको अनुहारमा सारा रुसको स्पष्ट चित्र अङ्कित छ। जब उनी बोल्न थाल्थे, यस्तो लाग्थ्यो, उनी अर्कै लोकबाट वैकल्पिक संस्कृतिसहित पृथ्वीमा उत्रिएका छन्। उनी जहिले पनि बडो जोस र उमङ्गका साथ कुराकानी गर्थे। जोडजोडले हात हल्लाउँदै सक्रियताका साथ बोल्ने उनको व्यवहार सामान्य जनका लागि असाधारण लाग्थ्यो। निइनीको साधारण स्कुलमा चार कक्षासम्म मात्र औपचारिक शिक्षा पाएका गोर्कीको व्यक्तित्वबाट तत्कालीन बुद्धिजीवीहरू पनि छक्क पर्थे। उनको हरेक नयाँ रचना सारा रुसको नयाँ घटना बनेर उदाउने गर्थ्यो अनि स्वयम् गोर्कीको जीवन र मानिससँगका सम्बन्धहरूमा पनि नयाँनयाँ आयामहरू थपिँदै गएका थिए।

ऐतिहासिक सहरको फराकिलो केन्द्रीय सडकमा म रुसी इतिहासको एक गरिमामय कालखण्डमा प्रवेश गरिरहेको छु। गोर्कीबारेका समग्र मेरा अध्ययनहरू चलचित्र हलको फराकिलो पर्दामा झैँ एकएक गर्दै झुल्किरहेका छन्।

रुसी जनताका यी प्रिय लेखक गोर्कीको तेस्रो विश्वका मुलुकहरूमा गहिरो प्रभाव रहेको छ। विश्व साहित्यमा समाजवादी यथार्थवादका प्रणेता गोर्कीको नेपालको राजनीति र प्रगतिशील साहित्यिक आन्दोलनमा गहिरो प्रभाव रहेको छ। नेपालमा सर्वाधिक पढिने विदेशी

लेखकहरूको शीर्ष स्थानमा गोर्कीको नाम पनि आउँछ। गोर्कीको नेपालको राजनीतिमा प्रभाव रहेको कुरा जगजाहेर छ। सम्झिन्छु नेपाल अध्ययनमा लागेका बेलायती विद्वान् डा. माइकल हटसँगको केही वर्षअगाडिको एउटा भेट। त्यो साल उनी मलाई खोज्दै धोबीघाट आएका थिए। मेरो घरको छेवैमा रहेको सिद्धार्थ कटेजमा हामीबीच लगभग एक घण्टा कुराकानी भएको थियो। साथमा छोरी डा. शैली पनि थिइन्। त्यस बेला डा. हट 'नेपालको राजनीतिमा रुसी र चिनियाँ साहित्यको प्रभाव' विषयक अध्ययनमा लागेका रहेछन् र मसँग भेट्नुको कारण थियो– नेपालको राजनीतिमा रुसी साहित्यको अध्ययन र प्रभावका सम्बन्धमा कुराकानी गर्नु। वास्तवमा गोर्कीलाई मन पराएर पढ्ने पाठकहरूमा गैरवामपन्थीहरूको पनि कमी छैन।

गोर्कीका कृतिहरू नेपालमा नेपाली, हिन्दी र अङ्ग्रेजी अनुवादमा पढिन्छन्। मैले माध्यमिक विद्यालयको विद्यार्थी हुँदै पहिलो पटक पढेको गोर्कीको पुस्तक हो **इटलीका कथाहरू**। यो पुस्तक मैले मेरै टोलको नवीन युवक साहित्यिक समितिद्वारा सञ्चालित विष्णुमाया पुस्तकालयमा भेट्टाएको थिएँ। त्यही कृति पढेपछि ममा क्रमशः रुसी लेखकका कृतिहरू भेटेसम्म रुचिका साथ पढ्ने बानी बस्यो। पछि मेरो नियतिले पनि मलाई रुसी साहित्यमै उच्च शिक्षाका लागि रुस पुऱ्यायो।

नेपाली भाषामा गोर्कीका दर्जनौँ कृतिहरू प्रकाशित छन्। यस कारणले पनि गोर्की आम नेपाली पाठकहरूमाझ सहज छन्। रुसी स्रष्टाहरूमध्ये सबैभन्दा बढी कृतिहरू नेपालीमा अनुवाद भएका लेखक गोर्की नै हुन्। अहिलेसम्म नेपाली भाषामा प्रकाशित भएका गोर्कीका कृतिहरू हुन्– **बाज** (कथासङ्ग्रह, सन् १९६८), **आमा** (उपन्यास, सन् १९६८), **शत्रुहरू** (नाटक, सन् १९६८), **योगोर बुलिछेभ र अन्य नाटक** (सन् १९८४), **अँध्यारोमा निसास्सिएका मानिसहरू** (नाटक, सन् १९८४), **भास्या भेलेजनोभा** (नाटक, सन् १९८५), **मैले अध्ययन कसरी गरेँ** (सन् १९९८), **माक्सिम गोर्कीका उत्कृष्ट कथाहरू** (सन् २००६) र **गोर्कीका छानिएका रचनाहरू** (सन् २००८)। उनका विश्वप्रसिद्ध आत्मकथात्मक उपन्यासहरू **बाल्यकाल** (सन् १९६८), **मान्छेहरूको माझमा** (सन् १९८५) र **मेरा विश्वविद्यालयहरू** (सन् १९८९) पनि नेपाली भाषामा प्रकाशित छन्। जर्मन लेखक ह्याबरमनद्वारा लिखित **माक्सिम गोर्कीको जीवनी** (सन् १९८३) पनि नेपाली पाठकहरूबीच निकै चर्चित कृति हो।

नेपालमा गोर्कीको लोकप्रियताको मापन उनका केही कृतिहरूका नयाँनयाँ संस्करणमा प्रकाशन र तिनका अनेकौँ अनुवादहरूबाट पनि गर्न सकिन्छ। गोर्कीको विश्वप्रसिद्ध औपन्यासिक कृति **आमा** सर्वाधिक पढिने कृतिहरूमध्ये आउँछ। यसका अनेकौँ संस्करणहरू पाइन्छन्– अङ्ग्रेजी, हिन्दी र रुसीबाट। त्यस्तै गोर्कीको जीवनीसम्बन्धी पुस्तक **माक्सिम गोर्की**का पनि छ वटा संस्करण प्रकाशित भएको देखिन्छ। यस पङ्क्तिकारको अनुवादमा प्रकाशित प्रतिनिधि रुसी कथाहरूको सङ्ग्रह **रसियाको गहिराइमा र अन्य कथाहरू** (सन् २००५)-मा गोर्कीका तीन वटा कथा समेटिएका छन्– 'इजरगिल आमै', 'देशद्रोहीकी आमा' र 'पेपे'।

रसियाको राजधानी मास्को पुगेपछि माक्सिम गोर्कीको नामसँग म विशेष रूपमा जोडिँदै गएँ। रुसी भाषासाहित्यमा एमए गर्ने क्रममा मेरो शोधपत्र गोर्कीमाथि नै थियो। गोर्की

विज्ञ प्रोफेसर लाजारेभको निर्देशनमा गोर्कीको त्यही कृतिमा मैले काम गरेको थिएँ जुन पहिलो पटक विष्णुमाया पुस्तकालयमा भेटेर पढेको थिएँ। त्यस बेला हिन्दी अनुवादमा पढेको कृति अब त मूल भाषा रुसीमै पढ्ने, बुझ्ने र लेख्ने भइसकेको अवस्था थियो।

म तत्कालीन लुमुम्बा विश्वविद्यालय (हाल रुसी जनमैत्री विश्वविद्यालय)-मा दोस्रो वर्षको विद्यार्थी हुँदा रुसी भाषासाहित्यमै अध्ययनका लागि हिलेका शशाङ्क लामा आउनुभएको थियो। उहाँलाई तयारी वर्षमा नै क्षयरोगको सुरुवाती प्रभाव देखिएकाले सोभियत चिकित्सा प्रणालीको नियमअनुसार पूरै एक वर्षका लागि मास्कोको विशेषीकृत अस्पताल सोकल्निकीमा राखिएको थियो। लामालाई ती दिनहरूमा नियास्रो नलागोस् भनेर हामी केही उहाँ निकटका साथीहरू पालैपालो नियमित रूपमा भेट्न जाने गर्थ्यौं। हाम्रो होस्टल मिकलुखो माकलायाबाट मेट्रोमा जाँदा त्यहाँ पुग्न पूरै एक घण्टा लाग्थ्यो। त्यसै बेला हो एउटा अविस्मरणीय घटना भएको। सोकल्निकी अस्पतालमा लामासँगै एउटै कोठामा बस्ने रुसी साथी पेसाले मजदुर थियो, रमाइलो मानिस तर अराजक अनि मस्तराम। हँसीमजाकमै पिउँदापिउँदै जिन्दगी बिताइदिन सक्ने। लामालाई मैले गोर्कीका सम्पूर्ण कृतिहरूको सङ्कलन गर्ने चाहना राखेको कुरा पहिले नै थाहा थियो। गोर्कीका छानिएका रचनाका १६ भागहरू मास्कोका पुस्तक पसलहरूमा किन्न खोज्दा पनि पाइँदैनथ्यो। मेरो यो चाहना बुझेका लामाले यस सम्बन्धमा एक दिने कोठे साथीसँग कुरा राख्नुभएछ। समस्या समाधान हुने भए पनि उहाँले मलाई यो शुभ समाचार तुरुन्त सुनाइहाल्नुभयो। एक दिन म पूर्वनिर्धारित समयमा सोकल्निकी पुगेँ र एक घण्टाजति सोकल्निकी पार्कमा हार्दिक कुराकानीपछि गोर्कीका सबै कृतिहरू रुकस्याकमा बोकेर प्रसन्न मुद्रामा होस्टेल फर्केको थिएँ। तर त्यो खुसीसँगै आत्म अपराधको अनुभूतिले पनि कताकता छोइरहेको थियो। ती पुस्तकहरूको बजार मूल्य कुल १६ रुबल मात्र थियो, तर मैले १०० रुबल तिर्नुपरेको थियो– त्यस बेलाको मेरो एक महिनाको छात्रवृत्तिमा १० रुबल थपेर। यही कारणले भने मलाई छटपटी भएको होइन। गोर्कीका दुर्लभ पुस्तकहरू पाएर खुसी नै थिएँ। तर मस्तराम रुसी मित्रले श्रीमतीको व्यक्तिगत पुस्तकालयबाट सुटुक्क ल्याएर मलाई बेचेको (उसको दृष्टिमा सहयोग गरेको) थाहा पाउँदा साह्रै दु:ख लाग्यो। उसकी पत्नी साहित्य मर्मज्ञ हुनुपर्छ, सुसंस्कृत बौद्धिक महिला तर म भने अर्कै दुनियाँको मनुवा। हिजोआज पनि मेरो घरको पुस्तक दराजमा रहेका गोर्कीका ती सङ्कलनहरूमा जबजब मेरा आँखा पर्छन्, म झसङ्ग हुने गर्छु।

ओहो, कति सुन्दर छ यो नेभ्स्की प्रास्पेक्ट! जति पटक आए पनि नघाइने! दायाँबायाँ जता दृष्टि फाल्यो त्यतै इतिहास बोलिरहेझैँ लाग्छ। म कजान्स्की साबोर (कजान गिर्जाघर) आइसकेको छु। आकर्षक वास्तुकला भएको यो गिर्जाघरको अगाडि फराकिलो स्क्वायर छ भने दायाँबायाँ दुवैतिर नहर र सडकहरू छन्। यो ठाउँसँग पनि गोर्कीको नाम जोडिएको छ। सन् १९०१ मा गोर्की दोस्रो पटक सान्त पितरबुर्ग आएका थिए। रुसी इतिहासको पहिलो राजनीतिक प्रदर्शनमा सहभागी हुन आएका गोर्की यहाँ आइपुग्दा कजान्स्की साबोरअगाडिको फराकिलो आँगन र सडकभरि खचाखच मानिसहरू भेला भइसकेका थिए। रुसी समाजका विभिन्न वर्ग र पेसाका मानिसहरू विद्रोहमा आक्रोश बोकेर भेलामा आएका थिए। जारशाही

विरोधी युवा विद्यार्थीहरूको सहभागिता उल्लेखनीय थियो। शाही प्रहरीहरूसँग विद्रोही जनताको भीषण भिडन्त भएको थियो। रसियाका लडाकू जाति कजाक घोडचढी प्रहरीहरूको विशेष डफ्फाले भीडमाथि अन्धाधुन्ध कोर्राका निर्मम प्रहारहरू गर्न थाले। कैयौँ प्रदर्शनकारी गम्भीर रूपमा घाइते भए। कैयौँ महिला कपालमा समातेर लछारपछार पारिँदै कुटिए। कतिका टाउकाहरू फुटेर रगताम्मे भए। यो सारा घटना गोर्कीकै आँखाअगाडि भएको थियो। यो निर्मम दिनलाई समर्पण गरेर गोर्कीले त्यसै रात 'हुरी चराको गीत' लेखे।

विद्रोही युवाहरूले यो गीतलाई क्रान्तिको आह्वान नै ठाने। जनजनमा 'हुरी चराको गीत' हावासरि फैलियो। वास्तवमा प्रतीकात्मक शैलीमा गोर्कीले यस रचनामार्फत रुसी जनतालाई क्रान्तिकै लागि आह्वान गरेका थिए। गोर्कीको यो गद्य कविता त्यस बेलाको चर्चित पत्रिका **झिज्न** (जीवन)-मा तुरुन्तै प्रकाशित भएको थियो। यही कविताका कारण त्यो पत्रिका पनि प्रतिबन्धित भयो। मैले गोर्की जयन्तीको सन्दर्भ पारेर अनुवाद गरेको यो कविता रुसी सांस्कृतिक केन्द्रको कार्यक्रममा कवि मञ्जुलले प्रभावकारी शैलीमा वाचन गरेको क्षण अहिले पनि सम्झना आइरहन्छ। साहित्यिक पत्रिका **झिसमिसे** (पूर्णाङ्क २२–२५, २०४०–४१, वर्ष ६–७)-मा प्रकाशित उक्त कविताको अनुवाद–

सागरको सेतो सतह, छल्केको छाल, काला बादलहरू
ठक्कर खाँदै छालहरूमा, बादलहरूमा
विद्युत् वेगमा उडिरहेको हुरी चरा, हुरी चरा
हेर उडेको हुरी चरा
कहिले सागर लहरहरूमा, कहिले माथिमाथि
उमङ्ग भर्दै विद्रोहहरूमा, वेगहरूमा
तीरझैँ गतिमान्, उडिरहेको हुरी चरा, हुरी चरा
हेर उडेको हुरी चरा
आँधीलाई बोलाइरहेछन् उसका दृढ आवाजहरू
आक्रोशहरूमा त्रसित छ कालो बादल
वायुवेगमा उडिरहेको हुरी चरा, हुरी चरा
हेर उडेको हुरी चरा
ए, जीवन सङ्घर्षको आनन्द नबुझी भाग्नेहरू!
उः, हेर एक्लो भेडालाई, हुरी चरा, हुरी चरा
हेर उडेको हुरी चरा
कालो बादल तलतल गर्दै सागरछेउ आइरहँदा
हुरी-बतास सबतिरबाट बाटो छेकी उर्लिरहँदा
प्रचण्ड गतिमा उडिरहेको हुरी चरा, हुरी चरा
हेर उडेको हुरी चरा
लहर-तुफानको द्वन्द्वबीच उम्लिरहेका फिँजहरू

चट्टानमाथि बज्रिरहेका खण्ड-विखण्ड थोपाहरू
अदम्य साहसी हुरी चरा, हुरी
हेर उडेको हुरी चरा
बादलले सूर्य छेक्न सक्दैन, त्याग सारा सुस्केराहरू
भन्दै गर्जने भीषण दानवजस्तो
दृढ विश्वासी हुरी चरा, हुरी चरा
हेर उडेको हुरी चरा।
हावा आइरहेछ, मेघ गर्जिरहेछ, निमेषभरमा प्रलय हुन्छ
आँधीमय परिस्थितिको कामना गर्दै
गाउँदै, बज्दै उडिरहने हुरी चरा, हुरी चरा
हेर उडेको हुरी चरा।

'हुरी चरा' प्रकाशित भएपछि गोर्की पितरबुर्गबाट एक वर्षका लागि निर्वासित भए। निर्वासनकालको धेरैजसो समय उनले कृष्ण सागरका लहरहरू हेर्दै क्रिम (क्रिमिया)-मा बिताए। गोर्कीमा त्यस बेला रुसका अनेकौँ साहित्यिक हस्तीहरूमा देखा परिरहेको क्षयरोगका सुरुवाती लक्षणहरू देखा पर्न थालिसकेका थिए।

यसै बेला क्रिमियाली सहर सेभास्तोपोलमा गोर्कीको जीवनमा एउटा महत्त्वपूर्ण घटना भयो। गोर्कीको जीवनयात्रामा एक ऐतिहासिक मोड। अप्रत्याशित रूपमा उनीसँग भएको मास्को ललित नाट्यकी कलाकार मारिया आन्द्रेएभासँग परिचय भयो। मारिया आन्द्रेएभा तीक्ष्ण बुद्धि भएकी कलाकार थिइन्। नाट्य निर्देशक स्तानिस्लाभ्स्कीसँग मास्को ललित नाट्यमा उनको सक्रिय भूमिका रहेको थियो। मारिया आन्द्रेएभा चेखबको नाटक 'चाइका' (समुद्री चरो) प्रदर्शनका लागि सोभास्तोपोल आएकी थिइन्। त्यो भेटको सम्झना गर्दै आन्द्रेएभाले लेखेकी छन्– "हामी सबै कलाकार गोर्कीका सम्बन्धमा राम्ररी परिचित थियौँ। म उनको प्रारम्भिक चरणतिर छापिएका कथाहरू पढेर उनको शब्दसौन्दर्य शक्तिबाट उहिल्यै प्रभावित भइसकेकी थिएँ।"

सेभास्तोपोलको पहिलो भेटले नै गोर्की र आन्द्रेएभाको सम्बन्धमा नौलो आयाम लिएर आयो। आन्द्रेएभालाई ललित नाट्यकी सबैभन्दा राम्री कलाकारका रूपमा चिनिन्थ्यो। २० वर्षकै उमेरमा आफूभन्दा १८ वर्ष जेठो, आर्थिक रूपमा सम्पन्न एक उच्च अधिकृतसँग आन्द्रेएभाको विवाह भएको थियो। एक छोरो र छोरीकी आमाले घरगृहस्थी सँभाल्नुभन्दा नाटकमा धेरै समय दिन थालिन्। यसै कारण उनको दाम्पत्य जीवन बीचैमा भत्कियो। यसो हुनुमा उनमा रहेको अभिनय मोह मात्र प्रमुख कारण थिएन, उनी जार विरोधी सामाजिक प्रजातन्त्रवादी पार्टीको राजनीतिबाट प्रभावित हुनु र पार्टीका लागि आर्थिक सहयोग व्यवस्थापनमा व्यस्त रहनु पनि कारण थियो। यिनको व्यवस्थापकीय क्षमताको लेनिनले समेत प्रशंसा गरेका थिए। अतः मारिया आन्द्रेएभामा कलाकार मात्र नभएर निडर क्रान्तिकारी व्यक्तित्व भएकी

महिला पनि थिइन्। उनमा अनेकौँ युरोपेली भाषाहरूमा राम्रो दखल थियो। अङ्ग्रेजी, फ्रान्सेली, जर्मन, इटालेली र फिनिस भाषामा दोभासेका रूपमा काम गर्न सक्थिन्।

सन् १९०५ को प्रथम रुसी क्रान्तिको असफलतापछि गोर्कीमाथिको गुप्तचर प्रहरीहरूको निगरानी झन्झन् कडा हुँदै गएपछि पुन: गिरफ्तारीबाट जोगिन उनी यिनै आन्द्रेएभासँगै विदेशतिर लागेका थिए। युरोपका विभिन्न मुलुक हुँदै अन्तत: इटालीको काप्री टापूमा सात वर्ष लामो निर्वासनकालमा आन्द्रेएभा सँगै थिइन्। गोर्कीको निर्वासनकालको राम्रो व्यवस्थापनमा यिनको ठूलो हात रहेको छ। गोर्कीलाई आफ्नो मातृभाषाबाहेक कुनै विदेशी भाषा आउँदैनथ्यो। बहुभाषिक प्रतिभाकी धनी मारिया आन्द्रेएभाले काप्रीमा गोर्कीको स्वकीय सचिव मात्र होइन, दोभासेका रूपमा काम गर्थिन्। विदेशी पत्रकार र अतिथिहरूसँग कुराकानीमा आन्द्रेएभा सँगै हुन्थिन्। गोर्कीका कृतिहरूको सम्पादन, व्यवस्थापन, प्रकाशन र विदेशी भाषाहरूमा अनुवाद मात्र होइन; काप्रीमा रहँदाको सारा आर्थिक व्यवस्थापन आन्द्रेएभाकै जिम्मामा हुन्थ्यो।

गोर्कीको बिग्रिँदै गएको स्वास्थ्यबारे आन्द्रेएभा निकै चिन्तित थिइन्। त्यसैले स्वास्थ्य लाभका लागि उपयुक्त हावापानीसहित न्यानो ठाउँ उनैले रोजेकी थिइन्। समुद्री किनारमा, पहाडको फेदीमा समुद्रभन्दा अलिक माथि व्यवस्था गरिएको गोर्कीको आवास वास्तवमै प्रकृतिको सुन्दर काखमा थियो।

घरको झ्यालबाट विस्तृत नीलो समुद्र देखिन्थ्यो। टाढा, धेरै टाढा स्पष्ट नदेखिने दिशामा थियो इटालीको मुख्य भूमि जहाँ कहिलेकाहीँ मात्र जाने गर्थे गोर्की र आन्द्रेएभा।

इटालीको यो सुन्दर टापूमा बसेको बेला गोर्कीलाई भेट्न भनेर कलासंस्कृति र राजनीतिका हस्तीहरूसहित अनेकौँ भूमिगत नेताहरू आइरहन्थे। यिनीहरूमध्ये लेनिन, क्रुप्सकाया, बुनिन, सान्यापिन र काप्रीमै भूमिगत जीवन बिताइरहेका लुनाचास्की, बगदानोभजस्ता व्यक्तित्वहरू हुन्थे। लेनिन त काप्रीमा दुई पटक गोर्कीको पाहुना बनेर बसेका थिए। लेनिनको मृत्युपछि लेनिनसम्बन्धी संस्मरणात्मक पुस्तकमा गोर्कीले यसबारे अझ विस्तृत रूपमा वर्णन गरेका छन्। **इटाली कथाहरू** यसै बेला लेखिएको हो। यो कृति गोर्कीले यिनै मारिया आन्द्रेएभालाई समर्पण गरेका छन्।

काप्रीमा गोर्कीलाई भेट्न आउने यी सबै देशीविदेशी पाहुनाहरूको व्यवस्थापन कार्य आन्द्रेएभाले नै कुशलताका साथ गर्थिन्।

यो निर्वासनकाल मूलत: काप्री टापूमै बिते पनि गोर्कीले यसै बेला कैयौँ युरोपेली मुलुकहरूको भ्रमण गरेका थिए। निर्वासनकालभरि गोर्की साहित्यिक सिर्जनासँगै पार्टीको सङ्गठनात्मक कार्यक्रममा बल पुऱ्याउने गतिविधिमा संलग्न रही क्रान्तिका लागि अर्थ सङ्कलनमा व्यस्त रहे। यसै क्रममा अमेरिकी भ्रमणको प्रसङ्ग गोर्कीको जीवनमा अविस्मरणीय रहेको छ। अन्य युरोपेली देशमा जस्तै अमेरिकामा पनि दोभासेका रूपमा आन्द्रेएभाले नै सहयोग गरेकी थिइन्। तर अमेरिकी यात्राका क्रममा आर्थिक सङ्कलन कार्यमा गोर्कीले सोचेजस्तो सफलता पाएनन्। आन्द्रेएभासँगको सम्बन्धलाई लिएर गोर्कीको चरित्रहत्या गर्ने प्रयाससमेत भएको थियो। तर यो अमेरिकी यात्राको विशेष महत्त्व चाहिँ अमेरिकी लेखक मार्क ट्वेनसँगको

भेटघाट रह्यो। यिनै अमेरिकी लेखकले गोर्कीको अमेरिका यात्राको व्यवस्था मिलाएका थिए। रुसी जनताको आन्दोलनमा अमेरिकी बुद्धिजीवीहरूको समर्थन जुटाउन भने गोर्कीलाई सफलता मिलेको थियो। अक्टोबर क्रान्तिको क्रान्तिस्थलमै रहेर ताजाताजा समाचार लेख्ने अमेरिकी पत्रकार जोन रिड यसैको उपलब्धि थियो। यिनै जोन रिडले लेखेका हुन्– 'दस दिन जसले सारा संसार हल्लायो'।

गोर्कीकी भरपर्दो साथी एवम् सहयोगी आन्द्रेएभासँग लामो समयसम्म सँगै बसेको र उनीहरूबीच रहेको निकटतम सम्बन्धका कारण पत्नी एकातेरिना पाभ्लोभ्नाका बारेमा गलत धारणा बन्न सक्छ। एकातेरिनासँग गोर्कीको भोल्गाको तटवर्ती सहर सामरामा भेट भएको थियो। त्यस बेला एकातेरिना **सामरा** पत्रिकामा प्रुफ रिडर थिइन्। गोर्कीको पनि रुसको विस्तृत भूभाग घुम्दै सामरा आइपुगेका थिए। सामरा आउँदा गोर्कीको स्वास्थ्य राम्रो थिएन। सामरावासी मारिया सेर्गेभ्नाको परिवारले उनको राम्रो हेरविचार गरेको थियो। कसैको हार्दिक सहयोग गोर्की कहिल्यै भुल्दैनथे। यही कारण आभारस्वरूप आफ्नो एउटा कथासङ्ग्रह यिनै मारिया सेर्गेभ्नालाई समर्पण गरेका छन्। गोर्कीको स्वास्थ्यमा युवाकालदेखि नै समस्या आउनुमा उनको बाल्यकालदेखि नै रहेको कष्टप्रद अनियमित जीवन, नियमित आर्थिक सङ्कट र राजनीतिक रूपमा सचेत हुनुअघि उनमा आएको चरम निराशा नै कारक बनेका थिए। यस्तै परिस्थितिमा युवावस्थाको प्रारम्भिक कालमा एक पटक आत्महत्या गर्ने प्रयाससमेत भएको थियो। पेस्तोलको गोलीबाट उनी घाइते भए, मरेनन्। तर आजीवन उनको स्वास्थ्यमा यसको असर बाँकी नै रह्यो।

सामरा आइपुग्दा गोर्की अर्कै भइसकेका थिए। उनी भूमिगत राजनीतिक कार्यकर्ताहरूको सङ्गतमा आइसकेका थिए। जीवन र जगत्प्रतिको दृष्टिकोणमा एउटा दृढ वैचारिक धरातल निर्माण भइसकेको थियो। भूमिगत क्रियाकलापमा संलग्न रहँदै केही समय गोर्की यही पत्रिकामा संलग्न रहे।

गोर्कीको छापाखानाका सबै मजदुरहरूसँग घनिष्ठ सम्बन्ध थियो। यिनै प्रेस मजदुरका छोराछोरीका लागि गोर्कीले सन् १८९६ को नयाँ वर्ष धुमधामसँग आयोजना गरेका थिए। सम्पादकीय कार्यालयमा नववर्ष वृक्ष सजाइएको थियो। सबै केटाकेटीका लागि कुर्सीहरू राखिए र उपहार दिइयो। राति दीपावली भयो। सारा सहभागीहरू नयाँ वर्षको उत्सवीय पोसाकमा थिए, तर गोर्की मात्र घुमन्ते वेशमा थिए। बिहानसम्म नववर्ष पार्टी चलिरह्यो। बिहानीपख गोर्की एकातेरिनालाई घरसम्म पुऱ्याउन गए। त्यही बिहान उनीहरू एकअर्काको प्रेम बन्धनमा बाँधिए जुन पछि गएर विवाहमा परिणत भयो। एकातेरिनाले एक छोरा र एक छोरी जन्माइन्। गोर्कीको जन्मथलो निझ्निनोभगारेदमा उनले जिन्दगीको लामो समय छोराछोरीलाई हुर्काउँदै समाज सेवामा बिताएकी थिइन्। पछि क्रान्तिकारी गतिविधि, पटकपटकको निर्वासन, जेल र भूमिगत जीवनका कारण गोर्की आफ्नो परिवारबाट टाढै रहे। पत्नीसँग सम्बन्ध विच्छेद पनि गरेनन्। उनीहरूबीच आजीवन रहेको प्रेमपूर्ण र हार्दिक सम्बन्धका बारेमा एकातेरिनालाई लेखेका गोर्कीका पत्रहरू र एकातेरिनाको संस्मरणबाट थाहा पाउन सकिन्छ। गोर्कीले लेखेका छ सय वटा चिठी पनि प्रकाशित छन्।

गोर्कीकी छोरी कलिलै उमेरमा मरिन्, तर छोरा माक्सिम अलेक्सेइभिच पेस्कोभका बारेमा गोर्कीको जीवनी पढ्दा कमै जानकारी पाइन्छ। सन् १८९७ मा जन्मेर सन् १९३४ मा दुःखद मृत्यु वरण गरेका माक्सिम ३६ वर्षको कलिलो उमेरमै यो संसार छाडेर गए। उनको असामयिक मृत्युबाट गोर्की निकै मर्माहत भएका थिए। यसको दुई वर्षपछि स्वयम् गोर्की पनि यो संसार छाडेर गए। उनको अन्त्येष्टि कार्यक्रममा गोर्कीकी पत्नी एकातेरिना पाभ्लोभ्ना कालो शोक पोसाकमा उभिएकी थिइन्, छेवैमा मारिया आन्द्रेएभा पनि शोकाकुल मुद्रामा थिइन्।

सन् १९२२ मा दोस्रो पटकको इटाली प्रवासको बेला आठ वर्षसम्म गोर्की छोराबुहारीका साथमा सोरेन्टोमा बसे। समुद्री तटको एउटा साधारण घरमा जीवनका बिरामी दिनहरू काटिरहेका गोर्कीका समकालीन सहयोद्धाहरू भने नवनिर्मित विश्वको पहिलो समाजवादी मुलुक सोभियत सङ्घको नेतृत्वदायी स्थानमा बसेर सत्तासीन थिए। तर बिरामी भए पनि गोर्की आफ्नो क्षेत्रमा सक्रिय थिए।

माक्सिमले औपचारिक रूपमा उच्च शिक्षा लिन पाएनन्; तर उनमा देशविदेशको समाज, संस्कृति र इतिहासको राम्रो अध्ययन थियो। सन् १९३१ मा उनी बाबुसँग मास्को फर्केका थिए। मास्कोको बेलोरसियाली रेलवे स्टेसनमा ओर्लिँदै गर्दा स्वागतमा विशाल जनमुदायको भीड देखेर गोर्कीका आँखाबाट आँसु झरिरहेको बेला छोरा माक्सिम निकै भावुक भएर बाबुसँगै उभिएका थिए। यही रेलवे स्टेसनअगाडिको चोकमा हिजोआज पनि गोर्कीको पूर्ण कदको सालिक देख्न सकिन्छ।

माक्सिम ग्राफिक आर्ट र कार्टुन बनाउन माहिर थिए। ड्राइभिङ र सिकार उनको सोख थियो। समकालीन साथीभाइबीच उनी प्रिय पात्र र सहयोगी थिए। हिमपात भइरहेको एक बिहान उनी रातभरि हिउँमा लडेर बेहोस भई मृत्युको भएको अवस्थामा भेटिएका थिए। एउटा रहस्यमय मृत्यु!

मास्कोको प्रसिद्ध चिहान 'नोभदेभिचे क्लादबिसे'-मा उनको समाधि आमा एकातेरिनासँगै राखिएको छ। लहर र तरङ्गहरूमा बग्दै म नेभा नदीको किनारमा रहेको उनिभरसिचेत्स्काया नाबेरेझ्नाया आइपुग्छु। किनार मार्गमै दरबारिया शैलीको भव्य भवन उभिएको छ। यही हो रुसको पहिलो शाही विज्ञान प्रज्ञाप्रतिष्ठान। यो प्रज्ञाप्रतिष्ठानसँग गोर्कीको नाम गहिरोसँग जोडिएको छ। सन् १९०२ को जारकालीन रुसमा एउटा असहज घटना भयो। प्रज्ञाप्रतिष्ठानको भाषासाहित्य विभागले गोर्कीलाई मानार्थ प्राज्ञका रूपमा मनोनयन गरेको खबर सारा रुसमा फैलियो। गोर्की कृष्ण सागरको तटलाई चुमेर बसेको सुन्दर प्रायःद्वीप क्रिम (क्रिमिया)-मा तोल्सतोई र चेखबको सामीप्यमा रमाइला दिनहरू बिताइरहेका थिए। यो अप्रत्याशित समाचारबाट गोर्कीलाई बधाई तथा शुभकामनाहरू आउन थाले। उनले पनि त्यसलाई स्वीकार गरिसकेको अवस्थामा गृह मन्त्रालयले जार निकोलाई द्वितीयलाई गोर्कीको मनोनयनका सम्बन्धमा एउटा आपत्तिजनक प्रतिवेदन बुझायो जसमा गोर्कीको क्रान्तिकारी गतिविधिहरूसँग गहिरो सम्बन्धका कारण निरन्तर प्रहरीको निगरानीमा रहेको व्यक्तिलाई अहिलेको जटिल समयमा प्रज्ञाप्रतिष्ठानमा प्राज्ञ बनाएर ल्याउनु भनेको गम्भीर गल्ती हुने कुरा उल्लेख गरिएको थियो। निकोलाई द्वितीयले यही

प्रतिवेदनमा टेकेर गोर्कीको प्राज्ञ नियुक्तिलाई तुरुन्त बदर गर्ने आदेश जारी गरे। जारको आदेशपछि स्वाभाविक थियो, शाही प्रज्ञाप्रतिष्ठानले गोर्कीको नियुक्तिलाई तत्कालै बदर गऱ्यो। यस्तो निरङ्कुश निर्णयको विरोधमा प्रतिष्ठानका प्राज्ञद्वय प्रसिद्ध स्रष्टा चेखब र कोरोलेन्कोले तुरुन्तै राजीनामा दिए। यसरी पदभार ग्रहण नगरेकै अवस्थामा राजीनामा दिए। यसरी पदभार ग्रहण नगरेकै अवस्थामा गोर्कीलाई बर्खास्त गरिएको थियो। यसबाट रुसी सम्राट्को वास्तविक रूप प्रस्ट हुन्छ। यो अतिवादी घटनाको संस्मरण गर्दै त्यो हल्का सेतो भवनतर्फ हेरिरहेकै बेला नेभा नदीको एउटा चिसो लहरले मेरो मन मात्र होइन, आङ पनि सिरिङ्ग भयो।

यो घटना भएको १५ वर्षको समयावधिमा भएका तीन वटै रुसी क्रान्तिमा गोर्कीको सक्रिय सहभागिता रह्यो। सन् १९१७ को अक्टोबर क्रान्तिको सफलतापछि विश्व इतिहासमा पहिलो समाजवादी राष्ट्रको उदय भयो। जारशाहीको पतन भएकै साल २० मार्च १९१७ का दिन समाजवादी राष्ट्रको प्रज्ञाप्रतिष्ठानमा माक्सिम गोर्की दोस्रो पटक सम्मानित प्राज्ञका रूपमा छानिए।

पितरबुर्गको यो मनै लोभ्याउने सुन्दर प्रास्पेक्ट नेभ्स्कीको दायाँबायाँ, छेउछाउमा विश्व नै चकित पार्ने ऐतिहासिक घटनाहरू आँखैअगाडि छरपस्ट भएझैँ लाग्छ। रुसी इतिहासको एक गौरवशाली कालखण्डका एक सक्रिय नायक गोर्कीका पदचापहरू पछ्याउँदै अहिले म नेभ्स्की प्रास्पेक्टको घर नम्बर ९२ अगाडि आइपुगेको छु। यही ऐतिहासिक घरमा त्यस बेलाको चर्चित प्रकाशन गृह 'जनानिए' (ज्ञान) रहेको थियो। बीसौँ शताब्दीको प्रारम्भतिर गोर्कीले यस प्रकाशन गृहमा सक्रिय नेतृत्वदा दिइरहेका थिए। रुसी प्रकाशनको इतिहासमा गोर्कीको त्यो प्रभावकारी व्यवस्थापन अविस्मरणीय पृष्ठका रूपमा रहेको छ। उनको नेतृत्वमा पत्रिका प्रकाशन-व्यवस्थापनमा लेखकहरूको पक्षमा एक किसिमको क्रान्ति नै भएको थियो। यहाँ प्रकाशित रचनाहरूका लागि लेखकहरूले अन्यत्रभन्दा २० गुना बढी पारश्रमिक पाउँथे। प्रकाशनका लागि भने गोर्कीको निर्णायक छनोट हुन्थ्यो। गोर्कीकालीन 'जनानिए'-अन्तर्गत प्रकाशित लेखकहरूको त्यस बेलाको सन्दर्भमा राम्रै जीवन बाँच्न सक्ने अवस्था बनेको थियो। पितरबुर्ग, लेनिनग्रादको ऐतिहासिक स्थलहरूतिर गोर्कीमय हुँदै म विश्वप्रसिद्ध कला सङ्ग्रहालय 'एरमिताज'-अगाडिको फराकिलो ऐतिहासिक चोकमा प्रवेश गरिरहेको छु। यो पहिलो रुसी सम्राट्को हिउँदे महलका रूपमा चर्चित दरबार थियो। सन् १९०५ को पहिलो रुसी क्रान्तिको केन्द्र यही ठाउँ थियो। जार शासन समाप्त भएपछिको केरेन्सी नेतृत्वको अन्तरिम सरकार पनि यही भवनमा थियो।

सन् १९०५ जनवरी ९ आइतबारको घटना हो, मजदुरहरूको विशाल जुलुस हिउँदे महलतिर अगाडि बढ्दै यही दरबारको भव्य चोकमा भेला भइरहेको थियो। एक्कासि मानिसहरूको भीडमा गोलीका पर्राहरू छुट्न थाले। त्यस आन्दोलनमा सहभागी गोर्कीकै अगाडि न्यायको माग गर्ने निर्दोष मजदुरहरू भटाभट ढालिए। हेर्दाहेर्दै गोर्कीकै आँखाअगाडि ६० जना ढलिसकेका थिए। १४ जना घाइतेलाई गोर्की आफैले भेटेका थिए जसमध्ये पाँच जना महिला थिए। भेटिरहेकै बेला तीन जना घाइते महिलाको मृत्यु भयो। अहिले जहाँ म उभिइरहेको छु यही

विशाल दरबारको चोकमा रगतको खोलो बगेको थियो। नजिकैको त्रोत्स्की पुल र विशाल हिउँदे महल (हालको कला सङ्ग्रहालय एरमिताज) अहिले पनि साक्षीका रूपमा त्यही ठाउँमा उभिइरहेका छन्। रुसी इतिहासमा यो दिनलाई 'रक्तरञ्जित आइतबार' नामले चिनिन्छ।

यो रक्तरञ्जित आइतबारको राति गोर्कीले एक जना निकट मित्रलाई लेखेका थिए– "मेरा मित्र, तिमीलाई आत्मिक भावनाका साथ गम्भीर हुँदै बधाई दिन चाहन्छु। आज धेरै आन्दोलनकारीहरूले सहादत प्राप्त गरे। यही रक्तरञ्जित आन्दोलनबाट सारा रुसमा अब जनक्रान्तिको शङ्खघोष भएको छ। भोलि झन्झन् कठिन र बलिदानी दिनहरू आउने छन्।"

गोर्कीले यो रक्तरञ्जित आइतबारपछि तुरुन्तै रुसी सम्राट्लाई निर्दोष जनताको हत्यामा दोषी ठहर गर्दै एउटा कडा विज्ञप्ति निकालेका थिए। रुस र विश्वभरिका न्यायप्रेमी जनतालाई आह्वान गर्दै सो विज्ञप्तिमा जारशाही निरङ्कुशता विरोधी रुसी जनताको आन्दोलनमा ऐक्यबद्धताका लागि आह्वान गरिएको थियो। विज्ञप्ति जारी गरेपछि ११ जनवरीका दिन गोर्की बाल्टिक सागरको तटवर्ती सहर रिगातिर हिँडे। तर त्यहाँ पुग्नेबित्तिकै उनलाई पक्राउ गरेर अपराधीका रूपमा पितरबुर्गमा ल्याइयो र पेत्रोपाभ्लोभ्स्काया क्रेपोस्त (जारकालीन रुसमा राजबन्दीहरूलाई राख्ने जेल)-मा बन्दी बनाइयो।

पेत्रोपाभ्लोभ्स्काया क्रेपोस्तको बन्दी गृहको कोठा नं. ३९ अहिले पनि सम्झिरहेको छु। त्यहाँ मलाई पहिलो पटक भ्रमण गराउने मेरा आत्मीय मित्र मुकुन्द जोशीसँग बिताएका लेनिनग्रादका दिनहरू कलाकारको क्यानभासमा जस्तै मेरो हृदयमा सुरक्षित छन्। नौजवान थियौँ हामी त्यस बेला। जीवनको अगाडि कैयौँ सपनाहरू बुन्न बाँकी नै थियो। रमाइलो त्यो ग्रीष्मकालीन लेनिनग्रादमा म प्रिय मित्रको पाहुना भएको थिएँ। लेनिनग्रादका नेपाली साथीहरूको आतिथ्य कहिल्यै बिर्सिन सक्दिनँ। मुकुन्द त्यस बेला रेडियो इन्जिनियरिङमा अध्ययनरत हुनुहुन्थ्यो। उहाँकै सहयोगमा मैले लेनिनग्राद/पितरबुर्गका थुप्रै ऐतिहासिक ठाउँहरूको अवलोकन गर्ने अवसर पाएको थिएँ। विश्वको दोस्रो ठूलो कला सङ्ग्रहालय पनि त्यसै बेला हेरेको हो।

हामीलाई त्यस बेला विश्वको पहिलो समाजवादी मुलुकमा उच्च शिक्षा लिने अवसर मिलेको थियो। भौगोलिक मानचित्रमा अब त्यो देश छैन। इतिहास मात्र बाँकी छ। सम्झँदा पनि सपनाजस्तो लाग्छ। कति सुखद थियो त्यो युवाकाल! कति स्वर्णिम थिए ती दिनहरू! सम्झिन्छु, त्यो समयमा इन्टरनेट थिएन, मोबाइल थिएन। हामीसँग प्रशस्त समय हुन्थ्यो। साथीभाइसँग गफिन्थ्यौँ, तर्कवितर्क गर्थ्यौं, खेल्थ्यौँ, घुम्थ्यौँ, रमाइलो गर्थ्यौं। आर्थिक र पारिवारिक जन्जाल केही थिएन। लाग्छ, त्यो समयमा हामी वास्तविक रूपमा जीवन्त थियौँ। नयाँनयाँ सिर्जनात्मक कुराहरू सिकिरहेका हुन्थ्यौँ। आफ्नो मुलुकको झन् बढी माया लागेर आउँथ्यो।

म गोर्कीलाई बन्दी बनाएर राखिएको पेत्रोपाभ्लोभ्स्की क्रेपोस्तको कुरा गर्दै थिएँ। एकातिर फराकिलो नेभा नदी र तीनतिरबाट नेभाबाटै नहर काटेर बनाइएको सानो टापू। टापूमा जान एउटा सानो पुल छ। बीचमा छ अग्लो धरहरा त्रुबेत्सकोई बास्तियोन। यहाँबाट अलिक पर अघिल्तिर एउटा एक तले लामो टहरोजस्तो घर छ। त्यसैमा छन् बन्दी गृहका अँध्यारा कोठाहरू। तीमध्येको कोठा नं. ३९ मा गोर्कीलाई बन्दी बनाएर राखिएको थियो। त्यो सानो

कोठाको एकापट्टिको भित्तामा एउटा सानो प्वाल थियो। लगभग अँध्यारो कोठा। त्यही सानो कोठामा गोर्कीले बन्दी जीवन बिताएको बेला पनि उनको सिर्जनशील व्यस्तता कायमै रह्यो। यहाँ उनले **सूर्यका नानीहरू** लेखे भने **आमा** उपन्यासको सुरुवात पनि यहीँबाट भएको थियो। मानिस नै भाग्यविधाता हो; मानिसको त्याग, बलिदान र महान् विचारभित्रको पवित्रता नै ईश्वर हो भन्ने गोर्कीको धारणा यस कालकोठरीमा अझ प्रबल हुँदै **आमा** उपन्यासका केन्द्रीय पात्रहरूको खोजी भयो।

पेत्रोपाभ्लोभ्स्काया क्रेपोस्तमा गोर्कीको बन्दी जीवन लामो भएन। उनको गिरफ्तारीको विरोधमा रुसमा मात्र होइन, विश्वका विभिन्न सहरहरूमा प्रतिक्रियाहरू देखिन थाले। युरोप-अमेरिकाका पत्रपत्रिकामा जताततै गोर्की छाए। रुस र जर्मनीका सहरहरूमा गोर्कीको पक्षमा जुलुसहरू निस्किए। कलासाहित्य, संस्कृति र दर्शन क्षेत्रका चर्चित व्यक्तित्वहरूले गोर्कीको रिहाइका लागि विज्ञप्तिहरू निकाले।

रुसी सम्राट् चारैतिरबाट दबावमा परेपछि १४ फेब्रुअरीमा १० हजार रुबल धरौटीमा गोर्कीलाई रिहा गरियो। यस घटनाले गोर्कीको मनमा जारशाही विरुद्ध सशक्त क्रान्ति नै आवश्यक रहेको कुरामा अझ बढी विश्वास बढ्यो। उनी यस बेलासम्म रुसका सर्वाधिक चर्चामा रहेका स्थापित लेखक भइसकेका थिए। उनका कृतिहरू विदेशी भाषामा समेत धमाधम प्रकाशित भइरहेका थिए। लेखनबाट गोर्कीलाई राम्रै आमदानी भइरहेको थियो। तर उनले आफ्नो कमाइको एकतिहाइ मात्र आफ्ना लागि खर्च गर्थे, बाँकी सबै पार्टीलाई चन्दा दिन्थे। सशस्त्र विद्रोहका लागि हतियार खरिदमा गोर्कीले ठूलै आर्थिक सहयोग गरेका थिए। यसरी उनी क्रान्तिको उद्घोष गर्दै रचना गरिएको रोमान्टिक क्रान्तिकारी कविता 'हुरी चराको गीत'-मा जस्तै आफै क्रान्तिको हुरी बनेका थिए।

सन् १९१३ मा जारशाहीको शासनकालको तीन सय वर्षको उपलक्ष्यमा आम माफीको घोषणा भयो। यही खुकुलोपनको प्रयोग गर्दै इटालीको लामो निर्वासनपछि गोर्की आफ्नो मातृभूमि रुस फर्किए। उनीसँगै गएकी मारिया आन्द्रेएभा गोर्कीभन्दा अगाडि नै रुस फर्किसकेकी थिइन्। फर्किंदा पितरबुर्गको उत्तरी सीमामा रहेको फिनल्यान्डमा केही समय बिताएपछि गोर्की आफ्नो क्रान्तिभूमि पितरबुर्ग आएर यस सहरको एक ऐतिहासिक मार्ग क्रोनेभेस्की प्रास्पेक्टमा बसेका थिए।

अब मेरो गन्तव्य त्यतैतिर सोझिएको छ। म यथासम्भव गोर्कीसँग सम्बन्धित स्थलहरूमा पाइला टेक्न चाहन्थेँ, गोर्कीको जीवनयात्राका अनन्त कहानीका केही दृश्यहरूमा रुमल्लिन चाहन्थेँ।

इटालीबाट फर्केपछि पूरै सात वर्ष गोर्कीले आफ्नो मुकाम बनाएको गोर्की आवास खोज्दै जाँदा दिन निकै ढल्किसकेको थियो। अक्टोबर क्रान्तिको पूर्वसन्ध्याका यी वर्षहरूमा गोर्कीको पितरबुर्गमा उपस्थिति निकै अर्थपूर्ण थियो। उनी भूमिगत गतिविधिहरूमा सक्रिय थिए। गोर्कीको जीवनमा महत्त्वपूर्ण मानिएका यी वर्षहरूमा उनी जहाँ बसेका थिए त्यही घर खोज्दै म 'मेट्रो गोर्कोभ्स्काया' (गोर्की स्मारक मेट्रो स्टेसन)-बाट बाहिर निस्किएँ। बाहिर छ

सुन्दर पार्क। पार्कको पल्लो कुनाबाट फराकिला बाटाहरूको माझमा एउटा घर स्पष्ट देखा पर्छ जसको अगाडिपट्टि नजिकै एउटा अग्लो ओभरकोट लगाएको माक्सिम गोर्कीको पूर्ण कदको भव्य सालिक उभिएको छ। गोर्कीको मृत्यु भएको ३२ वर्षपछि सन् १९६८ मा यो सालिकको निर्माण गरिएको थियो। गोर्कीको सम्मानमा राखिएको यो स्टेसन चाहिँ सन् १९६३ मा खोलिएको रहेछ। यो बाटो सोभियतकालभरि गोर्की मार्ग भनेर चिनिन्थ्यो, तर सोभियत सङ्घ विघटनपश्चात् सन् १९९१ मा यसले पुरानै ऐतिहासिक नाम क्रोनोभेर्स्की मार्ग पाएको रहेछ।

रसियामा राजनीतिक उथलपुथल र परिवर्तनहरूसँगै कतिपय सडक र गल्लीका नामहरू फेरिने गरेको पाइन्छ। यसै क्रममा यो गोर्की मार्गको नाम परिवर्तन गरिए पनि गोर्कीको सम्झनामा रहेका अन्य अनेकौँ मार्ग, सङ्ग्रहालय, मेट्रो स्टेसन, पार्कहरूको नाम भने यथावत् रहेको पाइन्छ। मास्कोस्थित गोर्की साहित्यिक अध्ययन संस्थानको नाम पनि यथावत् छ। गोर्कीका सालिकहरू भत्काइएका छैनन्।

पितरबुर्ग सहरको यस इलाकामा त्यस बेला केन्द्रीय पात्र गोर्की नै थिए। पार्कबाहिर पुगेपछि बाटो काटेर म सात तले घरको एउटा द्वारअघि राखिएको स्मृति पाटीनेर पुगेर उभिएँ। त्यहाँ लेखिएको थियो– 'यस घरमा सन् १९१४ देखि १९२१ सम्म अलेक्सेई माक्सिमोभिच गोर्की बसेका थिए।' मैले खोज्दै हिँडेको ऐतिहासिक गोर्की आवास मेरै अगाडि थियो। मेट्रोबाट निस्केर धेरै हिँड्नै नपर्ने। कुनै अलमलबिना सजिलै टुङ्गोमा पुग्दा मेरो मनमा सन्तुष्टिका लहरहरू उर्लिए। यहाँबाट पनि नेभा धेरै टाढा रहेनछ।

पार्कको हरियो चउरनेर उभिएर म गोर्कीको अग्लो सुन्दर सालिक हेर्दै गोर्कीको जीवनयात्रामा यस कालका रमाइला पृष्ठहरू मनको तरेलीमा पल्टाउँदै जान थालेँ। मेरो स्मृति उडानलाई तरङ्गित पार्दै छेवैबाट एउटा पहेँलो ट्रली बस हुइँकिँदै गयो।

हल्का पहेँलो रोगनको यो पाँच तले भवनमा रहेको ११ कोठे आवास गोर्कीको आवास मात्र थिएन, भूमिगत क्रियाकलापको केन्द्र पनि थियो। कहिलेकाहीँ त यहाँ दर्जनौँ पाहुनाहरूको वास हुन्थ्यो रे। यो पितरबुर्गको साहित्यिक-सांस्कृतिक केन्द्र मात्र थिएन, राजनीतिक केन्द्र पनि थियो। गोर्कीको आवासमा विश्वचर्चित ब्रिटिस लेखक एवम् पत्रकार हर्बर्ट वेल्स पनि केही समय पाहुनाका रूपमा बसेका थिए।

मारिया आन्द्रेएभा इटाली निर्वासनबाट गोर्कीभन्दा अलिक अगाडि नै रुस आएकी थिइन्। त्यसको केही अन्तरालपछि मारिया र गोर्की फेरि पाँच वर्षसम्म यस आवासमा सँगै थिए। ती दिनहरूमा पनि मारिया आन्द्रेएभाले गोर्कीलाई दिलोज्यानले सहयोग गरेकी थिइन्।

सन् १९१७ को क्रान्तिपछि नयाँ समाजवादी राष्ट्रमा नयाँ उमङ्ग र उत्साहका साथ एकपछि अर्को गर्दै नयाँनयाँ जनवादी परिवर्तनका लहरहरू उर्लिरहेका थिए। गोर्की पनि नयाँ समाज निर्माणका लागि रातदिन नभनी चार वर्षदेखि खटिरहेका थिए। तर अचानक गोर्कीले इतिहासको यो गौरवशाली घडीमा लामै समयका लागि प्रबासिनुपर्ने भयो। यसरी समाजवादी व्यवस्थाका लागि प्राणलाई हत्केलामा राखेर निरन्तर सङ्घर्षको मोर्चामा खटिरहने सर्वहारा

वर्गका सांस्कृतिक योद्धा मातृभूमि छाडेर टाढा जानुपर्दा गोर्की स्वयम्का लागि पनि सुखद थिएन।

गोर्कीको अक्टोबर क्रान्तिपश्चात् अचानक प्रबासिनुपर्ने विषयबारे रुसी साहित्य र राजनीतिका केही समीक्षकहरूले भिन्न कोणबाट पनि टिप्पणी गरेका छन्। गोर्की क्रान्तिकारी लेखक भए पनि लेखक हुनुको नाताले उनीभित्र कोमलताका अनेकौँ पत्रहरू छँदै थिए। उनलाई आफ्नो प्रिय पार्टी बोल्सेभिक पार्टीभित्र देखिएको संस्कृति विरोधी अतिवादबाट चित्त बुझिरहेको थिएन। भिन्न विचारका बुद्धिजीवीहरूमाथि भएको कारबाईका सम्बन्धमा पनि उनी असन्तुष्ट थिए। त्यस बेलाका एक होनहार कवि गुमिलेभको प्राणरक्षाका लागि उनले लेनिनलाई समेत अनुरोध गरेका थिए, तर उनको कुरा सुनिएन। गोर्कीको उदार हृदयलाई बुझेका सत्तापीडित बुद्धिजीवीहरू मद्दतका लागि उनको आवासमा आइरहन्थे। यिनीहरूसँग गोर्कीको सहानुभूतिपूर्ण सम्बन्ध रहेको थियो। सकेसम्म सहयोग गर्थे। यिनै कुराहरूलाई लिएर लेनिनसँग गोर्कीका केही गुनासा र असहमतिहरू प्रकट भइरहन्थे। उनमा देखिएको यस किसिमको उदार भावका कारण गोर्कीलाई हृदयदेखि माया गर्ने र हरहमेसा साथमै रहेर सहयोग गरिरहने मारिया आन्द्रेएभालाई चित्त बुझिरहेको थिएन। उनी बफादार बोल्सेभिक कार्यकर्ता थिइन्। नयाँ सोभियत शासनकालमा उनलाई महत्त्वपूर्ण जिम्मेवारी दिइएको थियो। लेनिनसम्म उनको प्रत्यक्ष पहुँच थियो। यस बेला निरन्तर मिहिनेतपूर्ण सक्रियताका कारण गोर्कीको स्वास्थ्य पनि दिनप्रतिदिन खस्किँदै गएको अवस्थामा गोर्कीलाई मानिसहरूको भीडभाडबाट टाढा आरामको जरुरत थियो। स्वास्थ्य लाभका लागि आवश्यक व्यवस्था गर्नुपर्ने महसुस गरी एक दिन यिनै मारियाले गोर्कीका सम्बन्धमा लेनिनसमक्ष स्पष्ट कुरा राखिन्– "अलेक्सेईका सम्बन्धमा गम्भीरताका साथ सोच्नुपर्ने समय आयो। यस्तै परिवेशमा पितरबुर्गमा व्यस्त रहिरहने हो भने उहाँको हालत हदैसम्म बिग्रिने पक्का छ।"

लेनिनले तुरुन्तै गोर्कीलाई लिखित रूपमै निर्देशनात्मक सल्लाह दिए– "तपाईंको खोकी बढिरहेको छ। कफमा रगत आउन थालिसक्यो। अब यसरी यहाँ बसेर हुँदैन। आफैप्रति अन्याय हुने स्वास्थ्यप्रतिको लापर्बाही अनैतिक हो। युरोपमा राम्राराम्रा न्याना स्वास्थ्य केन्द्रहरू छन्। कतै अनुकूल हावापानी भएको ठाउँमा गएर तपाईंले आराम गर्दै स्वास्थ्य लाभ गर्नैपर्छ। भीडभाडबाट टाढा, शान्त, सुन्दर ठाउँको आराम गृहमा स्वास्थ्य लाभ गरिरहँदा तपाईंले गर्नुपर्ने धेरै कामहरू छन्। कृपया उपचार र आरामका लागि बाहिर गइहाल्नोस्। मेरो हार्दिक अनुरोध छ।"

गोर्कीलाई हरेक अप्ठ्यारोमा सँगै रहेर साथ दिने आन्द्रेएभालाई सोभियत समाजवादी मुलुकमा महत्त्वपूर्ण जिम्मेवारी दिइएको थियो। गोर्कीलाई क्षयरोगले गलाउँदै लगेकोमा उनलाई मुलुकबाहिर पठाउने व्यवस्था मिलाएर सायद आन्द्रेएभा पनि स्वतन्त्र हुन चाहन्थिन्।

गोर्कीको अगाडि कुनै विकल्प थिएन। छोरा माक्सिम र बुहारीलाई साथमा लिएर आखिर गोर्कीले सोभियत सङ्घ छाडे। युरोपका विभिन्न मुलुक हुँदै अन्तमा उनी न्यानो र स्वच्छ

हावापानी भएको इटालीको सोरेन्टोमा गएर बसे। यस पटकको गोर्कीको यो प्रवासकाल पूरा आठ वर्ष लम्बियो।

माक्सिम गोर्कीको लेनिन र स्टालिनसँगको सम्बन्धलाई लिएर केही अन्योलपूर्ण टिप्पणीहरू भएका छन्।

लेनिन र स्टालिनमा नयाँ समाजवादी राष्ट्र सोभियत सङ्घको सङ्क्रमणकालमा दृढता र कठोरता हुनु समयको माग हुन सक्थ्यो, तर गोर्की थिए आखिरमा एक कलाकार। सायद यही कारणले लेनिन र स्टालिनसँग धेरै सहमति हुँदाहुँदै पनि केही कुरामा असहमतिहरू देखिन्थे। तर सोभियत सङ्घका दुवै नेताले यसलाई स्वाभाविक रूपमा लिएका थिए र सर्वहारा वर्गका सांस्कृतिक योद्धाका रूपमा गोर्कीलाई माया र सम्मान गर्थे। यो तथ्यलाई पुष्टि गर्ने केही प्रसङ्गहरू मात्र उल्लेख गर्नु काफी हुन्छ।

लेनिनलाई मास्कोको एउटा कार्यक्रममा भाषण गरिरहेको बेला गोली हानिएको थियो, तर उनी चिकित्सकहरूको कुशलतापूर्ण प्रयासबाट बाँचे। सोभियत नेताका लागि औषधोपचार र आराम गर्दै राजकाज चलाउन मास्को नजिकै रहेको वन्य इलाकामा एउटा आवासको व्यवस्था मिलाइएको थियो। लेनिनको जीवनका अन्तिम दिनहरू यहीँ बितेका हुन्। यसलाई हिजोआज 'लेनिन्स्की गोर्की' भनेर पनि चिनिन्छ। लेनिनको मृत्युपछि यस ठाउँमा उनकै स्मृतिमा सङ्ग्रहालय छ। यही सङ्ग्रहालयको एक आरामदायी कार्यकक्षको टेबलमा दुइटा कृति राखिएको देख्न पाइन्छ। माक्सिम गोर्कीको आत्मकथात्मक उपन्यास **मेरा विश्वविद्यालयहरू** तीमध्येको एक हो। मृत्युपूर्व लेनिन यही पुस्तकका पृष्ठहरूमा डुबिरहेका थिए।

लेनिनले अक्टोबर क्रान्तिपश्चात् देशमा गोर्कीको आवश्यकता अपरिहार्य हुँदाहुँदै पनि उनको स्वास्थ्य लाभ र एकान्त वासको आवश्यकता महसुस गरी त्यसको उचित व्यवस्था मिलाउन निर्देशन दिएका थिए।

इटालीको तटवर्ती सहर सोरेन्टोमा स्वास्थ्य लाभ गरिररहेको भए पनि त्यहाँ गोर्की आराम गरिरहेका थिएनन्। उनी अनेकौँ साहित्यिक, सांस्कृतिक, सामाजिक तथा राजनीतिक भेटघाट र कामहरूमा व्यस्त रहन्थे। इटालेली जनतामा गोर्कीको राम्रो छवि थियो। पहिलो पल्ट इटाली पुगेको बेला गोर्कीको भव्य स्वागत भएको थियो। सोरेन्टोबाट बोलाएर गोर्कीलाई साहित्य र संस्कृति फाँटको नेतृत्व दिने स्टालिन नै हुन्। सोभियत सङ्घमा गोर्कीको ठूलो सम्मान थियो। सन् १९३१ मा मास्कोको बेलारसियाली स्टेसनमा उत्रिँदा स्टेसनअगाडिको ठूलो स्क्वायरमा खुट्टा टेक्ने ठाउँ थिएन। आफ्ना प्रिय लेखकको सम्मानमा त्यो दिन त्यहाँ जनसागर नै उर्लेको थियो।

सोभियत सङ्घ फर्केपछि गोर्कीलाई मास्कोको केन्द्रमै एउटा सुन्दर वास्तुकला बोकेको भव्य घरमा आवासको सुविधायुक्त व्यवस्था गरिएको थियो। यहाँ गोर्की सन् १९३१ देखि जीवनको अन्तिम समय सन् १९३६ सम्म बसेका थिए। यही घरमा गोर्कीका पुराना मित्र चर्चित फ्रान्सेली लेखक रोमाँ रोलाँ निकै दिन पाहुनाका रूपमा बसेका थिए। माक्सिम गोर्कीको

स्थान सोभियत सङ्घका शीर्षस्थ व्यक्तित्वका रूपमा थियो। यही आवासमा गोर्कीलाई भेट्न र कुराकानी गर्न बेलाबेलामा स्टालिन आफै गइरहन्थे।

सन् १९३६ मा मृत्युपछि गोर्कीको शवलाई रेड स्क्वायरमा लेनिनको समाधिको छेउमा क्रेमलिनको भित्तैनेर समाधिस्थ गरियो। राष्ट्राध्यक्ष स्टालिन स्वयम्ले त्यस बेला शीर्षस्थ नेताहरूसँगै गोर्कीको शवलाई समाधिस्थलमा पुऱ्याउँदा काँध लगाएका थिए। यसरी रेड स्क्वायरमा समाधिस्थ गरिने एकमात्र सोभियत लेखक हुन् माक्सिम गोर्की। अन्त्येष्टि कार्यक्रमका दिन चर्चित सोभियत लेखक तोल्सतोईले रेड स्क्वायरमा बोलेका शब्दहरू स्मरणीय छन्– "इतिहासको क्रान्तिकाललाई गहिरो र सत्य चित्रण गर्ने कलाकारहरूको जिन्दगी साँच्चै अनौठो हुन्छ। स्वतन्त्र विश्व र सच्चा मानवतावादका लागि लडेर लेनिन जुन लहरमा उभिनुभयो, गोर्की ठीक त्यही लहरमा प्रतिष्ठित हुनुहुन्छ। यस्ता महापुरुषहरूको मरण दिन हुँदैन, हुन्छ त केवल एउटा दिन– यिनीहरूको जन्मदिन। महान् गोर्की अमर हुनुहुन्छ।"

क्रोन्भेर्स्की मार्गको गोर्की आवास भएको ऐतिहासिक भवन, गोर्कीको सालिक उभिएको चउर र मेट्रोअगाडिको हरियो पार्कमा रुमल्लिँदै गोर्की स्टेसन आइपुग्दा साँझ परिसकेको थियो। म 'सोभेत्स्काया गास्तिनित्सा' (सोभियत होटल)-तर्फ तिनै बाटाहरूबाट फर्किएर आएँ जहाँबाट बिहानै आएको थिएँ।

रात्रि भोजनभन्दा एक घण्टाअगावै म आफ्नो कोठामा पुगेको थिएँ। कोठे साथी आर्मेनियाली मित्र ताभेदोस टेलिभिजन हेरिरहेको थियो। उसले समुस्कान साङ्केकित जिज्ञासा पोख्यो। हामी दुवैले एकै चोटि सन्ध्याकालीन अभिवादन आदानप्रदान गऱ्याैँ। यस बेलासम्म पितरबुर्गमा पूरै अँध्यारो छाइसकेको थियो। मैले झ्यालको पर्दा हटाएर नगिचै बगिरहेको फोन्तान्का नदी र नदीपारिको सहरतिर एक विहङ्गम दृष्टि फ्याँकेँ। सारा सहर बिजुलीको प्रकाशमा उत्तरी रुसको चिसो मौसम ओढेर चम्किरहेको थियो।

खाना खाने समयमा ताभेदोसले आजको कार्यक्रममा मेरो अनुपस्थितिबारे जिज्ञासा राख्यो। मैले सङ्क्षेपमा नेभाको किनारैकिनार त्रेभ्स्की र क्रोन्भेर्स्की प्रास्पेक्टहरूमा बरालिँदै हिँडेको कथा सुनाएँ। उसले आफूलाई पनि त्यसरी नै बरालिने इच्छा भएको तर थाहा नदिई एक्लै गएकोमा असन्तुष्टि प्रकट गऱ्यो। उसको यो असन्तुष्टि कोठे साथी हुनुको नाताले स्वाभाविक थियो। त्यसपछि उसले भोलि बिहानको सत्रमा तुर्गेनेभका गद्य कविताहरूबारे चर्चित तुर्गेनेभ विज्ञ प्रोफेसरको व्याख्यान हुने र त्यसमा मेरो नाम पनि टिपाएको कुरा बतायो जसमा हामी दुवैले सक्रिय सहभागिता जनाउने निधो गऱ्याैँ। भोलि बिहानको खानापछि नौ बजे हामी त्यही सुन्दर सानो सेमिनार कक्षमा हुने छौँ जहाँको फराकिलो झ्यालबाट देखिने बगैँचापारि फोन्तान्का बगिरहेको पृष्ठभूमिमा रुसी जनताका प्रिय लेखक इभान तुर्गेनेभको सौन्दर्य-संसारको मञ्चन हुने छ।

भोजन कक्षबाट छुट्टिएपछि ताभेदोस दिनभरि बाहिर ननिस्केकाले नदी किनारतिर केही बेर टहल्न निस्कियो, म भने सोझै कोठामा आएँ। झ्यालबाट देखिने त्यही ऐतिहासिक पितरबुर्ग, त्यही ऐतिहासिक लेनिनग्रादको रात्रि दृश्यमा निकै बेर झुमिरहेँ। झुम्दाझुम्दै यस्तो लाग्यो– यो

सहरको आकाश पनि कवितामय छ। नेभा नदी प्रतिभाशाली रुसी स्रष्टाका अनन्त कहानीहरू भनिरहेछ। यहाँ सुन्दर पार्कहरूले पुस्किनका पात्रहरूको सम्झना गराउँछन्। नेभाको डेल्टाभरि ब्लकका कविताहरू पोखिएका छन्। यहाँका साँघुरा गल्लीहरूमा दोस्तोएभ्स्की घुमिरहेझैँ लाग्छ। यहाँका कतिपय गल्लीहरूमै जन्मेका हुन् गोगोलका कालजयी पात्रहरू। तुर्गेनेभ, त्युत्चेभ, तोल्सतोई, देर्झाभिन, लेर्मोन्तोभ, आख्यातोभा, गुमिलेभ, एसेनिन, चुनोभ्स्की, ग्रिन, मान्देल्सताम कति हो कति शीर्षस्थ रुसी स्रष्टाहरूका अनेकौँ कथा र व्यथा छरिएका छन् यो सहरको छातीभरि। विश्वकै एक सुसंस्कृत यो सुन्दर सहरको कलात्मक क्यानभासले मभित्र यतिखेर एउटा सुमधुर सङ्गीत बजिरहेछ। त्यही मृदुल धुनमा म गोर्कीको आवाज सुनिरहेछु–

"संसारमा राम्रा कुराहरू थोरै छन्। सबभन्दा राम्रो वस्तु कला हो अनि कलाहरूमा सर्वोत्तम हो सुन्दर विचारहरूको कल्पनामा डुब्ने कला!"

◆

आत्माराम खरेल

# एक कहानी साहित्यमा पुनरारम्भको



३३ वर्षपछि अर्थात् वि. सं. २०६७ सालमा पुनः लेखनारम्भ गरेको थिएँ समसामयिक विषयमा। मेरो साहित्यिक सिर्जना भने ३८ वर्षदेखि नै ठप्प थियो। २०७० साल जेठको अन्तिम सातातिर यो मनले एकाएक भन्यो– 'आत्माराम! अब त साहित्य सिर्जना पुनरारम्भ गरे पनि हुने। किन थप विलम्ब गरिरहन्छौ? हेर, पुनरारम्भ त अबको पाँच वर्षपछि गरे पनि आखिर तिमी सिकारु नै हुने छौ; बरु अहिले नै पुनरारम्भ गरे लेखनमा परिष्कृत हुँदै जाने छौ!' यसरी यो मनले बडो राम्रो कुरो सुझायो। सायद यही घटनाले हुनुपर्छ, मलाई बेलाबखतमा आत्मसंवाद गर्ने बानीसमेत बसायो।

त्यो दिन। मिति २०७० साल असार १ गते शनिबार। पढ्दै थिएँ– दैनिक पत्रिका समाचारपत्र। पृष्ठ पल्टाउँदै जाँदा देखिएथ्यो– एक आत्मपरक निबन्ध 'फेरि के लेख्ने?'। त्यो रचना हेरेर एकछिन टोलाएथेँ। निकै भावुक भएथेँ– हराएको सन्तान धेरै वर्षपछि भेटिएझैँ। अनुभूत गरेथेँ– लेख्नकै लागि आफ्नो हातमा छैटौँ औँलो उम्रिएझैँ। 'के लेख्ने?' निबन्ध लेखेका ती युवा दिनहरूबाट अब त ज्येष्ठ नागरिक समूह नजिक आइपुगेको थिएँ। ३८ वर्षपछि साहित्यमा भएको यो पुनरारम्भ मेरा निम्ति खुसी यात्राको शुभारम्भ थियो। मेरो दिनचर्या बदलिने यो नयाँ घुम्ती पनि थियो।

साहित्यमा पुनरारम्भपूर्व दैनिक पत्रिकामा बाहेक अन्य साहित्यिक सामग्री त्यति पढेको थिइनँ। अब त साहित्यिक पत्रपत्रिका पनि पढ्नुपर्‍यो भनी साहित्यिक मासिक, द्वैमासिक,

त्रैमासिकलगायतका पत्रपत्रिकाहरू धुइँधुइँती खोज्न थालियो। भोटाहिटी, कान्तिपथ, बागबजार र पुतलीसडकतिर पनि निकै खोजखाज गरियो। केशर पुस्तकालय पनि गइयो; तर अहँ, यिनको कुनै नामनिसाना देखिएन। कतिपय पुस्तक तथा पत्रिका विक्रेताले 'त्यस्तो पत्रिका यहाँ राख्दैनौँ!' भनेको सुनेर तीनछक्क परेँ। मनमनै भनेँ पनि– 'हैन, हाम्रा साहित्यिक पत्रिकाहरू कसरी चलिरहेका छन्? कहाँ बिक्री भइरहेका छन्? तिनको अवस्था कस्तो छ?' साहित्यिक पत्रिका खोज्दै विद्यार्थी पुस्तक तथा स्टेसनरी, जामे मार्केट, रत्नपार्क गएँ। आफूले सुन्दै आएकामध्ये **रचना**, **अभिव्यक्ति** र **दायित्व** द्वैमासिक साहित्यिक पत्रिका त्यहाँ पाएँ। चार दिनसम्मको धुइँपत्ताल खोजी कार्यपश्चात् फेला परेका यी पत्रिकामार्फत नै नेपाली साहित्यिक संसारलाई चिन्ने अवसरको शुभारम्भ गर्न पाएँ।

फुटकर साहित्यिक रचनाहरू क्रमश: **रचना**, **अभिव्यक्ति**, **दायित्व** र **भानु**मा दिइयो। त्यसपछि **कपन-बानेश्वर** र **सुलेख**तिर पाइला सारियो। **मधुपर्क** र **वनिता**का साथै **वैजयन्ती**, **कलाश्री** र **हिमाली गुराँस**का लागि पनि लेखियो। ती नयाँपुराना साहित्यिक पत्रिकाहरूमा मेरा रचनाहरू क्रमश: अटाउँदै गए, छापिँदै गए। यिनले मेरो लेखनमा ऊर्जा, उत्साह र खुसी थप्दै गए। साथै मलाई सम्पादक, प्रकाशक र पाठकमाझ चिनाउँदै पनि गए। मैले साहित्य सिर्जनातिर क्रमश: समय बढाउँदै गएँ। समसमायिक विषयका लेख लेखन पातला हुँदै गए। केही समय त दैनिक पत्रपत्रिका नै शून्य पनि लाग्न थाले, तर यो शून्यताबाट विचलित हुनबाट जोगिएँ, किनकि मेरो मनले चाहेकै रचना हो, लेख होइन। अर्कातिर साहित्यका विविध विधाका सिर्जनामा रुचि राख्थेँ, तर एउटैमा पनि जमेको थिइनँ। (त्यसो त अहिले पनि एउटै विधामा पनि जमिसकेको छैन!) पठनमा पनि निकै अग्रसर हुन्थेँ, तर पछाडिको पछाडि नै रहन्थेँ। (अझै पनि पछाडि छु।) त्यसको कारण एक दिन पत्तो पाएँ– आफ्नो मस्तिष्क भारवहन क्षमताको सीमितता रहेछ। अन्तत: २०७१ साल माघमा 'केही समयका लागि आत्मपरक निबन्धमा मात्र केन्द्रित हुँदा कसो होला?' भनी यो मस्तिष्कले अरायो। 'त्यसै गर्दा ठीक हुन्छ' भनी यो मनले सुझायो। पत्तो पाएँ– लेख्नु र छापिनु मात्रै पनि सबै थोक होइन रहेछ। भेटघाट, छलफल, संवाद र सम्बन्धको पनि आआफ्नै महत्त्व र आवश्यकता हुँदो रहेछ। पुनरारम्भले सम्पादक, प्रकाशक र पाठकलगायतका शुभेच्छुक एवम् मेरा सचेतक सबैसितको नातोमाथि थप नातो गाँस्दै आइरहेछ। सम्बन्ध थप प्रगाढ भइरहेछ। साहित्यिक मित्रवर र सहृदयी पाठकवृन्दले मेरो लेखनप्रति देखाउँदै आएको स्नेह र विश्वास नै मेरा लागि प्रेरणापुञ्ज बनिरहेछ।

केही समययता पूर्णकालीन पाठक-लेखक भइरहेछु। त्यसमा पनि पठन धेरै, लेखन थोरै। कारण पठन र सङ्गतको अभावले ग्रस्त छु। यसर्थ पनि यिनलाई प्राथमिकतामा पारिरहेछु। हरदैनिकी बिना स्वार्थको लेखन नै मेरो मानसिक खुराक बन्ने गर्छ। यसले मलाई आत्मसन्तुष्टि दिने गर्छ। अर्कातिर खुला प्रतिस्पर्धामा एकदमै क्षमताहीन छु। आफैसित भने पूर्ण प्रतिस्पर्धी भइरहन्छु। पहिलो रचनाभन्दा दोस्रो, दोस्रोभन्दा तेस्रो अझै राम्रो बनाउने प्रयास भइरहन्छ। बिकाउ त भुस पनि हुन्छ, टिकाउ त गुणात्मक पक्ष नै हुन्छ। यही मानसिकतामा अघि बढिरहेछु। रमाउँदै पनि आइरहेछु– सम्पादक, पाठक र समालोचकका प्रतिक्रिया सुन्न पाएर।

कुनै सम्पादक भन्छन्– “अब त एउटा निबन्धसङ्ग्रह निकाल्नुपर्छ है!” अर्का सम्पादक भन्छन्– “एउटा कथासङ्ग्रह त शीघ्रातिशीघ्र निकाल्नुपर्‍यो है!” कसैले निबन्धलाई एक लाइन माथि राख्छन्। कसैले कथा चाहिँ एक लाइन माथि छ भन्छन्। यसबाट एउटा ज्ञान मिल्छ– आफ्नो एउटा विधाले आफ्नै अर्को विधासित प्रतिस्पर्धा गर्दो रहेछ। यिनै परिणतिबाट नयाँनयाँ ऊर्जा पनि मिल्दो रहेछ।

वि. सं. २०७५ जेठ मसान्त गयो– मेरो साहित्य पुनरारम्भलाई आधा दशक बनाएर। यति बेला बडो आनन्द लागिरहेछ– तीन जुगपछि साहित्य सिर्जना पुनरारम्भ गर्न सकिएर। त्यसो त दर्जन वर्ष विदेशमा बसे पनि साहित्यमोहले कहिल्यै छाडेन। व्यस्त व्यावसायिक जीवनमा पनि यो मनले साहित्य कहिल्यै बिर्सेन। जीवन म्याराथनका क्रममा उकाली-ओराली भइरह्यो, तर ‘मैले पठन-लेखन पुनरारम्भ गर्नुपर्ने’ मानसिकता पनि ममा सधैँ रहिरह्यो। साहित्य सिर्जना पुनरारम्भ नगर्दो हुँ त सायद यति बेला मानसिक रोगले ग्रस्त भइरहेको हुन्थेँ होला। जति नै बेला पनि झोक्राइरहेको हुन्थेँ होला। फलतः एक अलेखकका रूपमा रोगाइरहेको हुन्थेँ होला। साहित्यले दिएको ज्ञान र ऊर्जाकै कारण हो– जीवनपथमा आइलागेका एकपछि अर्को समस्याबाट कहिल्यै आत्तिइनँ। थरीथरीका रोग लागेर पनि कहिल्यै छटपटाइनँ। केही रोग बिसेक भए। केही रोग नियन्त्रणमा आए। नयाँ रोग परै रहे। त्यस्तै साहित्यिक कार्यक्रममा सहभागी हुन कहिले प्रज्ञा भवन त कहिले पर्यटन बोर्ड पुगिरहन्छु। कहिले साहित्य सदनमा त कहिले राष्ट्रिय नाचघर र राष्ट्रिय पुस्तकालयतिर पनि दौडिरहन्छु। पठन, लेखन र साहित्यिक कार्यक्रममा गरिने सहभागितालगायतका गतिविधिमा साहित्यिक स्नान गरिरहेको हुन्छु। प्रतिदिन पाउँदै गएको साहित्यिक सङ्गत मेरा लागि आत्मिक खुसी र लेखन खुराक भएको छ। पहिले रुचि बनेको साहित्य अहिले त पूर्णकालीन नसा नै बनेको छ। मेरा निम्ति साहित्य अब त दैनिक आवश्यकता नै भएको छ।

दशकअघिका ती क्षण संस्मरण गर्दा पनि कति आनन्द लाग्छ! ‘लयहीन जिन्दगीलाई लयबद्ध बनाऊँ’ भन्ने मानसिकताको उपज नै मेरो साहित्य सिर्जनारम्भ हो। यही नै जीवन उत्तरार्द्धको समय सदुपयोगारम्भ पनि हो। यसले मलाई उत्तरोत्तर पथमा उन्मुखरत हुन निरन्तर ऊर्जा दिइरहेछ। पुनरारम्भयताका मेरा हरपाइला र हरघुम्तीमा साहित्यले मलाई डोर्‍याइरहेछ। साहित्य मेरो युवा कालदेखिको रुचि हो, सपना हो र यो मेरा लागि आँट पनि हो। भनिन्छ नि– ‘आँट गर्नु आधा सफलता हो।’ मेरा औँलाहरू कहिले कलम र कापीमा त कहिले कीबोर्ड र माउसमा जोडतोडले लागिपर्दै आइरहेछन्। यिनले मेरो शारीरिक र मानसिक सक्रियता बढाइरहेछन्। साहित्यको ‘स’, मानवताको ‘म’ तथा जीवन र जगत्को ‘ज’ पछ्याउनु नै मेरो पठन-लेखनको मूल ध्येय बनिरहेछ। यति बेला मलाई अनुभूत भइरहेछ– ‘मेरो युवा कालदेखिको सुषुप्त मनले जीवनयात्राको जुनसुकै विन्दुबाट होस्, अन्ततः साहित्यिक यात्रा नै चाहेको रहेछ। सायद यही कारण हुनुपर्छ, मेरो हरपाइलाले साहित्य पछ्याइरहेछ। हरहेराइले साहित्य पढिरहेछ। हरदृष्टिले साहित्यिक चिन्तन गरिरहेछ। हरदिन साहित्यमय बनिरहेछ। मेरो शब्दसंसार नै साङ्गीतिक लय भइरहेछ। यसर्थ पनि मेरा लागि साहित्य जीवनलय समाउने अभिन्न टेको बनिरहेछ।’

जीवनको यस उत्तरार्द्धमा साहित्यले मलाई कतिपय कृष्ण पक्षबाट लगेर शुक्ल पक्षमा उभ्याएको छ। यसैले स्नेह, माया, प्रेरणा, सम्मान र पुरस्कार पनि दिलाएको छ। त्योभन्दा पनि महत्त्वपूर्ण कुरा त जिउने कला परिमार्जन गर्न सिकाएको छ। जब मैले पठन र लेखन पुनरारम्भ गरेँ तब मेरो प्रत्येक दैनिकी 'ब्लू प्रिन्ट'-मा हिँड्न थाल्यो। यो सत्य हो– मसँग धन कत्ति पनि छैन। ममा धनकारी मन पनि छैन। त्यसो त म धन 'खुब जोडजाड' पथमा लागेको पनि त थिइनँ। धन कमाउन नसकेर साहित्यमा लागेको पनि त होइन; बरु जीवनका हरप्रात:काल खुसी हुँदै, हरसाँझ सन्तोषी बन्दै आफू मानिस भई बाँचिरहेको आभास हुनु नै मेरा लागि राम्रो कमाइ भइरहेछ।

शिरको केश प्रतिदिन फुल्दै गएको र मुहारमा थपिँदै गएका एकपछि अर्का धर्साहरू देख्दा अनुभव र ज्ञानको बर्को (पातलै भए पनि) ओढ्न थालिरहेको अनुभूत हुन्छ। ५८ वर्षकै उमेरमा भए पनि साहित्यमा भएको आफ्नो पुनरारम्भ सम्झेर यति बेला खुसी मनाइरहेछु। ज्येष्ठ नागरिककालीन यो अवस्थामा साहित्यमै रमाइरहेछु। यस कारण साहित्यको खुला आकाशमा रमाउनुको मज्जा नै बेग्लै छ। शब्दसागरमा आफूलाई डुबाउनुको मानसिक आनन्द नै अद्भुत छ।

आधा दशकअघिको हिउँदताकको कुरो। साबिकको जीवनपथ एकदमै परिष्कृत गर्न चाहिरहेथेँ, कारण आफ्नो सपना हराइरहेथेँ। आफैलाई पनि हराइरहेथेँ। विचारशून्य भइरहेथेँ। सम्झन्छु ती क्षण– आफ्नो हराएको सपनालाई ३८ वर्षपछि भेट्टाएर कलम समाइरहँदा आफ्ना आँखा बल्ल खुलेको महसुस गरेथेँ। जब मानिस स्वप्निल हुन बाध्य हुन्छ तब ऊ वर्तमानसित लय मिलाउन खोज्छ। अनि त मानसिक प्यासले चुर मजस्तो मान्छेले साहित्यालयमै आफ्नो जीवनलय खोज्छ। सिर्जना रोकिएदेखि पुनरारम्भ नगरेसम्म शब्दमोहको छटपटी भइरहन्थ्यो। साहित्यिक तलतल लागिरहन्थ्यो। जब साहित्यमा पुनरारम्भ गरेँ तब भएँ आनन्दित पनि। खुसीको सागर उर्लंदो रहेछ– साहित्यिक पठन र फुटकर लेखनमै पनि। सन्तुष्टिको मुहान भेटिँदो रहेछ– आफ्नो रुचि र त्यसबाट प्राप्त ससाना उपलब्धिमै पनि। साहित्यिक गतिविधि वृद्धि हुँदै जाँदा चिन्न थालेँ आफैलाई पनि। चिन्तनमन्थन गर्दै जाँदा बुझ्न थालेँ आफ्नै जिन्दगी पनि।

यति बेलाको उमेरले ६४ भएको छु। लेखन-पठनमा भने आफूलाई एकदमै सिकारु ठानिरहेछु। यति हुँदाहुँदै पनि केही खुसी र सन्तोषका कुरा पनि छन्। मबाट फुर्ने शब्दशब्दले पनि श्वासप्रश्वास गरिरहेछन्। मेरा एकएक शब्द मुटुका एकएक धड्कन बनिरहेछन्। यिनै साहित्यिक मनोभाव नै ममा नयाँ जाँगर र उत्साहको मूल आधार बनिरहेछन्। यिनैले मलाई मानसिक र शारीरिक रूपमै हररोज पूर्णकालीन सिर्जनामा अग्रसर गराइरहेछन्। अब त आधा दशक भएछ– साहित्य सिर्जना पुनरारम्भ गरेकै पनि। एउटा नयाँ कहानी बनेछ– साहित्यमा पुनरारम्भको आधा दशक पनि।

◆

डोलीन्द्रप्रसाद शर्मा

# कैलास पर्वत : जहाँबाट नियालिरहेछु हाम्रो समाज



पशुपतिबाट गुह्येश्वरी जाने डाँडाको टुप्पामा बसेर पढिरहेको छु– मान्छेको जिन्दगी! के रहेछ र आखिर? धूवाँ र खरानी!

जलिरहेको लासबाट आगोले आगोका लप्का निकाली जीवित भएर पनि मरेतुल्य भएका मानिसलाई गिज्याइरहेको छ।

आगोले भन्छ– 'हेर, तिमीहरूको जिन्दगी आखिर जति दौडे पनि, जति भागे पनि अन्तिम गन्तव्य त सबैको समान छ, एउटै छ। मैले सबैलाई यसै गरी विगतमा निलैँ, वर्तमानमा निल्दै छु अनि भविष्यसम्म निलिरहनेछु। चेतनशील भनिने तिमी मानवहरू शून्य चेतनाभित्र दिनप्रतिदिन रुमल्लिएको देख्दा म आफैले आफैलाई खुद जलाइरहेको छु।'

म आर्यघाटको चितामा जलिरहेको एउटा लासलाई निर्निमेष हेरिरहेको थिएँ। टोलाउँदैटोलाउँदै म आगोको रापको नजिक पुगिसकेको रहेछु। मेरो दायाँ पाखुराको रौँलाई आगोको रापले सुकेको खरबारीलाई झैँ आफ्नो कब्जामा लिइसकेको रहेछ। पछाडि सरेर मैले बायाँ हातले दायाँ हातमा सलबलाउन थालेको आगोको ज्वाला निभाएँ। यसो हेर्छु, मेरो हात त डढेलोले खाएको जङ्गलजस्तो हेरिनसक्नुको पो भइसकेछ। म सोच्छु– आगो नभई पनि नहुने, भएर पनि नहुने, कस्तो आगो! कस्तो जिन्दगी! कस्तो मेल, कस्तो बेमेल!

म दुई पाइलाअगाडि बढ्दै थिएँ, एउटा साँढेले मतिर थान थारिरहेको रहेछ। हेर्दै डरलाग्दो। मासु नै मासुको थुप्रोले उसको अस्थिपञ्जरलाई किचिरहेको थियो। ऊ हिँड्दा लाग्थ्यो– पशुहरूका पतिदेव लसकलसक लम्किएर ताण्डव नृत्य प्रस्तुत गर्न गुह्येश्वरीतिर जान लागेको।

शिवको नन्दी देख्दा शिर झुक्नुपर्ने हो, तर किन झुकेन? म घोत्लिन थालेँ। हुन सक्छ, उसले मलाई सिङ देखाएर वा यो पनि हुन सक्छ, मेरो शिरले भोले बाबाको पाउ नै चुम्न खोजेर।

यिनै तर्कवितर्क गर्दै म अगाडि बढिरहेको थिएँ। टूँ.. एकोहोरो शङ्ख बजाउँदै हरियो बाँसमाथि कपडाले बेरी थोरै अनुहार मात्रै देखाएर मान्छे बोकी ल्याएको देखेपछि म एकछिन स्तब्ध भएँ। उ... अ... भित्रभित्रै अनायास यी शब्दहरूले मेरो मनमस्तिष्कलाई घोचे।

सास भएको मान्छेले सास गएको मान्छेलाई यसै गरी बोकेर आफ्नो पालो कुरिरहेको हुन्छ, तर अन्तिम दाहसंस्कारका लागि मलामीमा सामेल भएको समयबाहेक किन मान्छे यो यथार्थ बुझ्न सक्दैन? कि बुझेर पनि बुझ पचाउँछ? म रनभुल्लमा परेँ।

पाइला पछि सारेँ। मैले सुरुमा देखेको लासको अस्थिपञ्जरलाई आगोले निलिसकेको थियो। जसरी मानिसले खाना खाएपछि जुठा भाँडा माभेर अर्को छाकका लागि तयारी गर्छ त्यसै गरी कुरूप बाल्टिन पवित्र मानिएको वाग्मतीको जलमा डुबाउँदै घाटेहरूले हरियो बाँसले घोच्दै जल्न बाँकी रहेका दाउराका ठुटा, कोइला र खरानीलाई पखालेर वाग्मती नदीमै खसालेको देख्दा म एकाएक यशकुमारको स्वरसङ्गीत र बिनू काफ्लेको रचनालाई भलक्क सम्भन पुग्छु–

बिरानो यो मन्दिरमा कुनै दियो बल्दैन
नआऊ मेरो सामु तिमी, मैले छोएको पानी चल्दैन
हेलामा बाँचिरहेछु, कसरी तिमीलाई समेटूँ?
के लेखिदियो भावीले, कसरी यसलाई म मेटूँ?
शीतको थोपा हुँ म, मन्दिरको जल होइन
नआऊ मेरो सामु तिमी, मैले छोएको पानी चल्दैन।

यश कुमारको यो गीत पहिलो पटक सुन्दा म कति रोएको थिएँ, कति विचलित भएको थिएँ, कति सोचमग्न भएको थिएँ..! म सोच्थेँ– समाजमा रहेका विकृति र विसङ्गतिलाई सरल र सहज रूपमा सङ्गीतको माध्यमबाट परिवर्तन गर्न खोज्दै छन्। तर यही गीत आज वाग्मतीले गाएर मलाई सुनाउँदा सामाजिक विकृति होइन, मानवको दिमागमा रहेको विकृति सुनिरहेजस्तो भान भयो। यस विकृतिलाई नजलाई वास्तविक रूपमा समाजमा के चेतना ल्याउन सकिएला र?

दियो बलिरहेको छ। धूपहरू जलिरहेका छन्। मन्दिरमा जल चढिरहेको छ। त्यही जलले मलामी र भक्तजन आफूलाई शुद्धीकरण गरिरहेका छन्। तर सबैका निधारमा गाँठाहरू छन्। कसैले पनि त्यो जललाई हत्केलामा राखेर खुसीका साथ सुरुप्पसुरुप्प गरी अचाएको आवाज सुनिँदैन किन? किन कसैको अनुहारमा चमक छैन? सबैले औपचारिकता मात्र किन निर्वाह गरिरहेका हुन्? वाग्मतीले मेरो कानमा कानेखुसी गर्दै भनिरहेकी छ– 'अरूलाई देखाउन सबैले मलाई स्नेह गरेभैँ गरी मेरो छेउछाउमा आएर फोटो खिच्छन्। कोही त सेल्फी नै हान्छन्, फेसबुकमा पोस्ट गर्छन्। कोही त मसित लाइभ प्रसारण गर्छन्। तर मलाई आफ्नै फोहोर र टुटेफुटेका सिसाहरूले हान्न कसैले छाड्दैनन्। उनीहरूका घरको मलमूत्र पनि मैले नै पान गर्नुपरेको छ। फेरि पनि यिनीहरूले लाजघिन नमानी आफैले पचाएको विकार वस्तुलाई अमृत मानेर खाइरहेका छन्।'

ए जिउँदा लासका भावी खरानीहरूहो, स्पष्ट बुभिदेओ– 'मैले छोएको पानी चल्दैन...।'

वाग्मती बोलिरहेकी छन्– 'स्वदेश, विदेश, यत्रतत्र-सर्वत्रबाट मेरो आशीवर्चन लिन निजी विमानदेखि भाडाका सवारी साधनमा खचाखच-घचाघच गर्दै भक्तजन भनाउनेहरू यहाँ आउँछन्, तर तिम्रो यो पवित्र भावना उनीहरूसित म खोइ कसरी व्यक्त गरूँ? कुन पुस्ताले यस्तो कुरूप बनायो मेरा अङ्गप्रत्यङ्गलाई? जबसम्म यी प्रश्नको उत्तर खोजिँदैन, मेरो नाममा अर्बौं बगाएर एक हातमा कुचो र अर्को हातमा मोबाइल लिई सेल्फी हान्दै सरसफाइ महा अभियानको नाममा हिँड्नेहरूलाई मेरो भन्नु केही छैन। बरु म शीतको थोपा भएको भए हुन्थ्यो,

म ढलमतीमा परिणत भइसकेकी छु। के तिमीले कतै मलाई जलका रूपमा देखेका छौ र? तिम्रो हजुरबा पुस्तालाई सोध, त्यस बेला म कस्ती थिएँ।'

म वाग्मतीको कुरा सुन्दै जब हात डुबाएर अँजुलीमा जल लिन खोज्छु, नदी मेरा हातलाई रोक्दै भन्छिन्– 'अब म पवित्र वाग्मती रहिनँ, अपवित्र ढलमतीमा परिणत भइसकेँ। त्यसैले म फेरि पनि भन्छु, मलाई अँजुलीमा नलेऊ। तिम्रो अँजुली कुहिएर झर्छ। म साह्रै विषाक्त भइसकेकी छु। भो, मलाई कतै नचढाऊ।'

विचारको भुमरीमा पौडी खेल्दाखेल्दै अर्को भुमरीमा हेलिएँ म। ननिक्ली भएको छैन, निक्लन पनि महाभारत भएको छ। केही मानिससँग बाँदरहरू जिस्कँदै भन्दै छन्– 'हाम्रा परिष्कृत सन्तान तिमीहरू! अहिले पनि हामीभन्दा असभ्य र आत्मरतिमा रमाएका छौ। हाम्रो पनि वाग्मती नदीको भन्दा अझ दर्दनाक अवस्था छ। श्रमजीवी युवाहरूलाई खाडी मुलुकमा पठाएर रेमिट्यान्सले विदेशी खाद्य वस्तुहरू आयात गरी आफ्नो खेतबारी बाँझो राखेर हामीले कहिलेकाहीँ चोरी खाने खेतबारीमा पनि अनिकाल लगायौ। जङ्गल पूरै फँडानी गऱ्यौ। फलफूल र कन्दमूल रोप्नै छाड्यौ। सन्तान पढाउने बहानामा गाउँबाट सहर छिऱ्यौ। अहिले शरीरभरि रोग बोकेर तिमीहरू हिँडेका छौ। हामीभन्दा पनि तिमीहरू रोगी छौ। यही पाप काट्न तिमीहरू यहाँ आएका हौ। हामीलाई जङ्क फुड खुवाएर तिमीहरू धर्मात्मा बन्ने? तिमीहरू सब पटमूर्खलाई हामी पनि नियालिरहेका छौँ।'

पेटमा बच्चा च्यापेको एउटा बाँदरलाई मैले जिस्क्याउँदै केरा र नरिवल दिएँ। त्यो बाँदरले केरा हातमा लिएर नरिवल फालिदियो। अर्को बाँदरले त्यो नरिवल लियो। सिङ्गो नरिवलसँग उसले जुहारी खेल्यो, तर केही सीप नगालेपछि नरिवललाई अघिल्लो बाँदरले झैँ छाडिदियो। त्यसै भनिएको रहेनछ 'बाँदरको हातमा नरिवल'।

मृगस्थलीको डाँडामाथि पुगेपछि म स्वस्थानीमा वर्णित शिवपार्वतीको कथा स्मरण गर्न पुग्छु। म सानो छँदा बुबाले स्वस्थानी कथा भन्दा शिव भगवान्‌ले पार्वतीलाई छल गरी विभिन्न रूप धारण गरेर कैलास सरोवरमा मृगका रूपमा सबभन्दा सुन्दर, चम्किलो, अग्लो र सबै मृगलाई आफ्नो वरिपरी घुमाएर नृत्य प्रस्तुत गरेको सुनेको थिएँ। आज यो मृगस्थलीलाई देख्दा त्यो मृगस्थली यही हो कि अथवा अन्त कतै हो भन्ने प्रश्न मनमा उब्जिरह्यो।

घुम्दाघुम्दै योगी नरहरिनाथको समाधिस्थल पुगेँ। बाँदरहरू छरिएका चामलका गेडा टिपेर खाँदै थिए। मृगस्थली के यही हो त? आदि प्रश्नले प्रश्न नै गरिरह्यो। अलि पर योगीकै नाममा स्थापित पुस्तकालय र सङ्ग्रहालय पुगेर बाहिर टाँसिएका सन्देश र रचनाहरू पढ्दै गर्दा मनले गोडालाई रोकेर यी काव्यांशहरू घर लिएर जान भनिरहेको थियो–

हाम्रो मौलिकता कतातिर गयो, मूलस्थली हो कता?<br>
भाषा, भूषण, भेष, संस्कृति, कला आदर्श शैली कता?<br>
कस्मा छन् थला तल हुँदा थारु कसोरी भयो?<br>
जेठो वेद हिमाल हो सकलको कैलास साक्षी छ यो।

(**ऐतिहासिक शिखरिणी यात्रा**, पृष्ठ ३४)

छेउमा उभिएका एक जना यात्री भन्दै थिए– “बडो गहिरो रूपमा पढ्नुभयो बाबु, के रहेछ?”

मसँगै रहेका सहयात्री ‘संस्कृत भाषाको रूपान्तरण तल नेपालीमा पनि लेखिएको छ, पढ्नोस् न’ भन्दै थिए।

मलाई **समयोचित मञ्जरी**को यो वाक्यले पनि गम्भीर बनायो– ‘खानु, सुत्नु, डर मान्नु, मैथुन गर्नु आदि कर्म त पशुपक्षी-कीटपतङ्ग सबैको देहमा बराबरै हुन्छ। मानिसमा विवेक भन्ने कुरा बढी हुनुपर्छ, त्यही ज्ञान र विवेक छैन भने मानिस पशुसमान नै हुन्छ।’

यस्ता ज्ञानवर्द्धक श्लोक र वाणीहरू हाम्रा सम्पदास्थल र ग्रन्थहरूमा यत्रतत्र-सर्वत्र पाइन्छन्। मानिस पढ्छ, तर मनमा लिँदैन किन?

पाशुपत क्षेत्रमा कैयौँ भक्तजन र पर्यटक घुमिरहेका छन्। घामपानीको कुनै पर्वाह छैन। कीर्तन-भजन गरी नै रहेका छन्। निषेधित भनिएका गाँजा, भाङ, धतुरो, रक्सी सेवन गरी लट्ठिएकाहरू छाडा जनावरभन्दा पनि छाडा छन्। जवानीको उन्मादलाई रूखमुनि बसेर बाँदरलाई यौनक्रीडा गर्न प्रेरित गर्नेहरूको दृश्यको वर्णन नगरौँ।

यो क्षेत्र वेद र पुराणमा वर्णित ११ ज्योतिर्लिङ्गमध्येको एउटा पवित्र स्थल हो भनेर कतै पढेको थिएँ। भारतमा मैले आफ्नो श्रम बेच्न जाँदा पनि हिन्दूहरूको आस्थाको केन्द्र पशुपतिनाथ नेपालको काठमाडौँमा छ भनेको सुनेको थिएँ। राष्ट्रदेव, आराध्य देव आदि-इत्यादि नामबाट देशविदेशसम्म सुपरिचित र विश्व सम्पदाको सूचीमा सूचीकृत क्षेत्र पनि हो यो। त्यही भएर होला यस क्षेत्रले संसारको मन तानेको। म पनि त्यसको अपवाद रहिनँ।

प्राय: छातीभित्र आतङ्कको कालो बादल मडारिन थालेपछि अस्थिर मन बहलाउन पशुपति क्षेत्रतिर लाग्ने गर्छु। यसले मलाई विगत, वर्तमान र भविष्य अनि समग्रमा मानव बनेर जीवन जिउन सिकाउँछ। बालबालिका, युवा, वृद्धवृद्धा, धनी, गरिब, उचनीच, दु:खी, सुखी, दाता, भिखारी सबैको सङ्गमस्थल भएरै हुनुपर्छ– घुइँचोमाथि घुइँचो मान्छेहरूको।

पवित्र क्षेत्रभित्र अपवित्र कामहरूको वर्णन गरिसक्नु छैन। यही क्षेत्रलाई उपयोग गरेर जीवन यापन गर्नेहरूको दिनचर्या पनि कम रोचक, घोचक र पीडादायी छैन। दृष्टिविहीनहरूले आफ्नो जीवन गुजारा गर्न कोइलीको कुहूकुहूजस्तो धुनमा गीत गाइरहेका छन्। मानिसहरू सुनिरहेका छन्। चन्दा दिन कोही खल्तीमा हात हालिरहेका छन्। कोही झोला खोलिरहेका छन्। कोही अर्काको खल्तीको पैसा कसरी चोर्न सकिन्छ भन्ने ध्याउन्नमा बसिरहेका छन्। कोही कपडा खोलेर हिँडिरहेका छन्। कोहीकोही त कपडा लगाउँदा पनि सामाजिक मर्यादाभन्दा बाहिर छन्। कोही रोइरहेका छन्। कोही हाँसिरहेका छन्।

म वृद्धाश्रमभित्र छिर्छु। ‘अनेकन् दु:ख झेलेर पालनपोषण गरेका छोराछोरीले हामीलाई छाडेर गए बाबू’ भनेर रुने ती वृद्ध बुबाआमाको दर्दनाक कहानी सुनी साध्य छैन। त्यसमा पनि चोरको सिकार हुनुपरेका पीडा अझ कहालीलाग्दो छ। समाज लुटेर आफ्नो पाप पखाल्न गएकाहरूले दालभात खुवाइरहेका छन्, मिठाई र फलफूल बाँडिरहेका छन्। उनीहरूको चेहरामा कुनै चमक छैन। पीडैपीडा देखिएको छ। तर श्रम गरेर आर्जित रकमबाट स्वच्छ मनले

दिनहीनलाई सहयोग गर्नेहरूको चेहरामा चमक देखिन्छ। गहन रूपमा त्यहाँ बसेर एकछिन हेर्ने हो भने समाज अध्ययन गर्न अन्त जानुपर्दैन।

पैसा नभएका भिखारी पशुपतिनाथ मन्दिरबाहिर बसेर माग्छन् भने सम्पत्ति भएका भिखारीहरू भित्रै गएर भीक माग्छन्। त्यसैले पशुपति क्षेत्रमा भिखारी नै भिखारीको जमात देख्छु।

अर्धकदको नाङ्गो विरुपाक्ष मूर्ति यहीँ छ जसले कलिको अन्त्य मात्र होइन, मातृसम्भोगको दर्दनाक दन्त्यकथा प्रस्तुत गर्छ। आमासँग छुट्टिएको विरुपाक्ष घुम्दैफिर्दै पाशुपत क्षेत्र पुग्छ। त्यही छोरालाई खोज्दै हिँडेकी आमा फागू पूर्णिमाको दिन पशुपति क्षेत्र आइपुग्छिन् र त्यहीँ वास बस्दा अन्जानमा आमाछोराबीच शारीरिक सम्पर्क हुन पुग्छ। भोलिपल्ट उज्यालोमा हेर्दा आफ्नै आमालाई चिनेपछि आफूबाट भएको अपराध मोचन गर्न विरुपाक्षले शिवको कठोर तपस्या गर्छ। तपस्याबाट शिव प्रसन्न भई आफ्नै पशुपति क्षेत्रमा प्यारो शिष्यका रूपमा विरुपाक्षलाई अर्धकदमा राखेको पौराणिक कथा छ। यो मूर्ति पूरै बाहिर निस्किएपछि कलि युगको अन्त्य हुने किंवदन्ती पाइन्छ।

वास्तवमा सृष्टिसँग जोडिएको छ पाशुपत क्षेत्र। शिवलिङ्गरूप पशुपति र योनिरूप गुह्येश्वरी...।

पशुपति परिसर विविध रङको कोलाज चित्रजस्तो लाग्छ। दैनिक बिहान देखिने भक्तहरूको घुइँचो छ। मन्दिरमा आरती र पूजा भइरहेको छ। लासहरू जलेको धूवाँ मडारिइरहेको छ। रोदन एवम् चीत्कार हेर्दासुन्दा आखिर यही नै हो जीवनजस्तो लाग्छ। मनमा केके, कस्ताकस्ता भावना लिएर आएका होलान् ती? माग्नेहरूका अनेक कथाव्यथा छरपस्ट छन् यहाँ। भुस्याहा कुकुरहरू, प्रेम जोडीहरू प्रणयलीलामा मग्न छन्। शङ्खघण्टको ध्वनि। केके मात्र सम्झनु पशुपति यात्राका...?

धेरै पटक त्यहाँ पुगेर फर्कंदा पनि फरकफरक मिथकका ढाकर बोकेर घर फर्कन्छु।

सृष्टिदेखि प्रलयसम्मका सम्पूर्ण कथाव्यथा खोज्न अन्यत्र कतै जानुपर्दैन, यही भूमिमा पाइन्छ।

पाशुपत क्षेत्रको परिक्रमा गर्दा संसार यहीँ देखिन्छ। सृष्टि, स्थिति र प्रलयका कथाव्यथा यहीँ खचाखच पाइन्छन्। मृत लास र जिउँदा लासको मनोभाव पढिरहन्छु। आजको खरानी र भोलिका खरानीले भावविह्वल बन्छु। यही बिम्बमार्फत समाजको हरेक पल नियाल्न खोजिरहन्छु, खोजिरहन्छु।

◆

डा. अञ्जना भट्टराई

# कोरोनाको लकडाउनमा सृजना



यो विश्वमा अहिले (२०७६ चैत २४)-सम्ममा धेरै प्रकारका भाइरस (विषाणु) देखा परिसकेका छन्। धेरैजसो निश्चित स्थानमा देखा परे, विनाश गरे; तर बिस्तारै नष्ट गरिए। कुनैकुनै विषाणु छुट्टाछुट्टै समयमा अन्यत्र पनि फैलिए, तर एउटा निश्चित परिधिभित्र रहे। हामीले सुनेका यस्ता विषाणु र तिनले ल्याएका रोगमा औलो, बिफर, हैजा, एचआईभी, स्वाइन फ्लू, इबोला, सार्स कोरोना, मर्स कोरोना, जिका भाइरस प्रमुख हुन्। चीनको हुवान प्रान्तको वुहान सहरमा डिसेम्बर १३, २०१९ का दिन ४१ बिरामीमा अनौठो निमोनिया देखियो। त्यो रोग लगाउने भाइरस अत्यन्त जब्बर निस्कियो। सार्स कोभ-२ नामक भाइरसबाट लाग्ने त्यो निमोनियालाई कोरोना रोग भनियो। चीनले यस रोगको विवरण ३१ डिसेम्बर २०१९ मा विश्व स्वास्थ्य सङ्गठनको वुहान कार्यालयमा दर्ता गरायो। यस सङ्गठनले ११ फेब्रुअरीमा यसलाई नोबेल कोरोना भाइरस डिजिज (कोभिड-१९) नामकरण गऱ्यो। यसै संस्थाले यस रोगको द्रुत गतिमा भइरहेको सङ्क्रमणलाई ध्यानमा राखी ११ मार्च २०२० मा अन्तर्राष्ट्रिय चासोको सार्वजनिक स्वास्थ्य सङ्कट घोषणा गऱ्यो। त्यसको लगत्तै यस रोगलाई महामारीको सञ्ज्ञा दिइयो। बिस्तारबिस्तारै कोभिड-१९ ले वन डढेलोजस्तो हुँदै संसारका अनेकौँ देशमा आफ्नो क्रूर र विस्फोटक उपस्थिति देखाउन थाल्यो।

सुन्दासुन्दै दिनानुदिन चीनको वुहानमा मृत शरीरका पहाड अग्लिँदै गए। त्यसै गरी फ्रान्स, स्पेन, जर्मनी, इरान, इटाली, बेलायत र अमेरिकामा मृत शरीरका चाङ वृद्धि हुँदै गए। बिस्तारबिस्तारै कोरोनाको त्रासदीय रूप बेलायत, इटाली, इरान र अमेरिकातिर देखिन लाग्यो। चैत्र २४, २०७६ (६ अप्रिल २०२०) वा भनौँ कोभिड-१९ फैलन लागेको तीन महिनाभित्र यसले आफूललाई २०० भन्दा बढी देशमा पुऱ्यायो अनि १२ लाखभन्दा बढीलाई सङ्क्रमित तुल्यायो भने ६६ हजारभन्दा बढीलाई मृत्युको मुखमा धकेल्यो।

कोभिड-१९ पहिलो चोटि चीनमा देखिएको हुँदा जन आवागमन ठप्प बनाउन लकडाउनको थालनी पनि उसैले गऱ्यो। विषाणुको गम्भीरता र विस्तारित हुन सक्ने सम्भावनासँग अपरिचित अन्य देशले आफ्नो देशमा कोभिड-१९ प्रवेशका लागि भिसा आवश्यक पर्नेजसो गरी चीनको खिल्ली उडाउनसम्म उडाए। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले त यसलाई 'चाइनिज भाइरस' सम्बोधन नै गरे। अमेरिकन, इटालियन, भारतीय र अन्य देशका नागरिकले समेत चीनलाई होच्याउने गरी कोरिएका चित्र, कार्टुन अनि कविता वाचन गरेका र गीत गाएका भिडियो क्लिपहरू सामाजिक सञ्जालमा प्रेषण गरे। यसै गरी ती देशका पत्रकारहरूले चीनप्रति नकारात्मक धारणा वृद्धि गर्ने किसिमका अनगिन्ती समाचार बनाए। सत्यतथ्य सम्प्रेषण गर्नुपर्ने

संस्थाहरू मिथ्या र भ्रमको खेती गर्न कत्ति हिचकिचाएनन्। इटाली, अमेरिका, भारतलगायत देशमा चाइनिजहरू विभेदित, प्रताडित तथा अभद्र व्यवहारको सिकारसमेत हुन लागे।

कोरोनाको चीनबाहेक अन्य देशमा विस्तार भएसँगै सामाजिक सञ्जाल विविध भाषामा लेखिएका यस रोगका लक्षण र रोकथामका उपायहरूले भरिन थाले। आधिकारिकभन्दा अनधिकृत सूचनाको सङ्ख्यामा तीव्र रूपले बढोत्तरी हुँदै गयो। आम मानिसको बिलखबन्दी झन् गहिरिँदै जान थाल्यो। फलस्वरूप आम मानिस कोरोनासम्बन्धी सूचनाभन्दा अन्य सामग्री निर्माण, पोस्ट र सेयरमा रुचि देखाउन थाले। टिकटकले विविध रूप र रङका भिडियो क्लिप बनाउन सहज पारिदियो। त्यसैले सुरुसुरुमा व्यङ्ग्यभन्दा बढी हास्य भएका क्लिपहरूले सामाजिक सञ्जाल ढाकिन थाल्यो। त्यस्ता उटपट्याङ क्लिपका केही उदाहरण– नेपाली प्रौढ महिलालाई किशोरीहरू मिलेर 'कोरोना के हो?' भनी सोध्दा उनले 'अस्ट्रेलियामा भएकी मेरी बहिनीकी छोरी' भनिन्; मदिराको गिलास हातमा समाएर पिउन ठिक्क परेका हिन्दीभाषी पतिलाई पत्नीले 'इससे कोरोना जायेगा क्या?' भन्ने प्रश्न गर्दा पतिले 'मेरा बाप गया, उन का दौलत गया, ये कोरोना क्यों नहीं जाएगा?' भने; एक पतिले ढोकाबाट भित्र पस्नेबित्तिकै खोकेपछि पत्नीले लात्तले उसका पछाडि ठोक्दै बाहिर निकालेर ढोका लगाइन्। यस्ता क्लिपहरूले आम मानिसमा क्षणिक हाँसो ल्याए पनि कोभिड-१९ रोगबारे अनगिन्ती धारणा र रोकथामको सुझावका असङ्ख्य क्लिपहरू आउन थालेपछि मानिस त्रस्त बन्दै गए।

मानिसमा विविधता भएकै कारण हरेक क्षेत्रमा नौलानौला कार्य हुँदै गएका होलान्। कोरोना प्रकोपका सम्बन्धमा पनि मानिसहरू सकारात्मकता खोज्न लागे। मानिस घरभित्रै कैद भएपछि धूवाँधूलोको प्रदूषण कम हुँदै गएर प्रकृति स्वच्छ देखिन लागेकाले कतिपय मानिसहरू प्रकृतिको बदलिएको स्वरूप भएको तथा जनावर स्वच्छन्द रूपमा सडकमा घुमेका क्लिपरू पोस्ट र सेयर गर्न, स्टाटस राख्न अनि कार्टुन बनाउन लागे। दुई वटा क्लिप अनेकौँले सेयर गरे। पहिलो, कोरोना विषाणुको धतुराको दानोजस्तो तर अलि ठूलो आकृतिलाई आधा भागमा हरियो र आधामा रातो रङ भरी हरियोले बोटबिरुवा, कीटपतङ्ग, चराचुरुङ्गी र जनावर रमाएको अनि रातोले मानव विनाश गरेको दर्साइयो। दोस्रो, मानवले वातावरण प्रदूषित गर्दै गएपछि पर्यावरणीय प्रणाली लोप हुँदै जान लागेका अन्य प्राणीहरूले बिस्तारबिस्तार आफ्नो अस्तित्व देखाउन थालेको दोखाइएको थियो। मान्छेको चेतना ब्युँझाउने यी क्लिप समाजिक सञ्जालमा प्रिय बने।

नेपालमा चैत्र ११, २०७६ देखि घोषित लकडाउनले मानिसहरू जीवनका छोपिएका पाटाहरू खोतल्न थाले। खोतलिएका पाटाहरूका तस्बिरले सामाजिक सञ्जाल चम्कन लाग्यो। मौकाको सदुपयोग गर्दै कोही सुस्वादु परिकार तयार गर्न लागिपरे भने कोही सिउनेबुन्नेमा तन्मय भए। त्यसै गरी कोही घरको सरसफाइ गर्नमा लागे त कोही फूलबारीमा रम्न। यस्ता क्रियाकलापका तस्बिरले तृप्त भएपछि मानिस नवीनता खोज्दै आआफ्नो बाल्यावस्था, किशोरावस्था वा कोरोना विस्तारभन्दा अगाडि-अगाडिका तस्बिर प्रेषण गर्न लागे। यस्ता तस्बिरमा आफ्नो, साथीभाइ र आफन्तको विगतसँग साक्षात्कार हुँदा मानिस धेरै रमे।

अक्षर साधनामा रम्नेहरूले कोरोनाकै सेरोफेरोमा रहेर रचिएका गीत गाएका र कविता वाचन गरेका क्लिपहरू सामाजिक सञ्जालमा सार्वजनिक गर्न लागे। छन्द कविता प्रशस्त देखिए– लेख्ने र पाठ गर्ने एकै व्यक्ति भएका वा फरक व्यक्ति भएका बराबरजस्तै आए। भनौँ छन्द कविताको भेल नै बग्यो। साना छ वर्षे बालक नायक देवकोटाले अङ्ग्रेजीमा लेखेर (सो स्याड सो स्याड कोरोना इज ब्याड...) आफै वाचन गरेको अनि प्रौढ (८० छेउछाउका) बद्रीप्रसाद दाहालले रचना गरी उनकी बुहारी चन्दू शर्मा दाहालले वाचन गरेको छन्दोबद्ध कविताले दुई उमेर समूहको प्रतिनिधित्व गऱ्यो। यसरी हरेक उमेर समूहका अनेकानेक गीत र कविता सुन्न र हेर्न पाइन लाग्यो।

गद्य लेखनले पनि गति लिँदै गयो। लेख, निबन्धले कोरोना रोगको ऐतिहासिक, दार्शनिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, सामाजिक अनेक कोणको वृत्तान्त प्रस्तुत गरे। च्याउसरि सञ्चालनमा आएका अनलाइन पत्रिकामा यस्ता रचना प्रशस्तै पढ्न पाइन लाग्यो। मानिसको एउटा ठूलै समूह सृजनातिर आकर्षित भयो भने अर्को समूह तिनको आस्वादनतिर। मेरो नितान्त व्यक्तिगत सोचमा बहुल सर्जकहरू अरूका सृजनाको सीमित पठन गर्छन्।

बन्दाबन्दीको सुरुवातमा आफूले पढेका केही सृजनाको चर्चा गर्दा अत्युक्ति नहोला भन्ने ठान्छु। तनुजा पोखरेलले 'कोरोनाको त्रास र सेल्फ क्वारेन्टाइन'-मा आफू अमेरिकाबाट नेपाल आएको समयमा अप्रत्याशित रूपले आफ्नी ममतामयी आमा गुमाउनुपर्दाको पीडा अनि अमेरिका फर्किंदा कोरोना त्रास सुरु भइसकेकाले आफूलाई सामाजिक र पारिवारिक रूपमा शारीरिक पृथकीकरण गरेर १५ दिन एउटै कोठामा बिताएको अनुभव मर्मस्पर्शी शैलीमा प्रस्तुत गरेकी छन्। उनले कोरोना रोगसँग लड्न शारीरिक पृथकीकरण एकमात्र प्रभावकारी अस्त्र भएकाले सम्पूर्ण विश्वलाई नै यसमा अमल गर्न आह्वान गरेकी छन्। साधना प्रतीक्षाले 'पूर्वीय संस्कृतिलाई सम्झने बेला'-मा अभिवादन र सरसफाइको पूर्वीय संस्कार यो महामारीको समयमा अब्बल देखिएकाले तिनको अनुसरण गर्दा उपयुक्त हुने विचार राखेकी छन्। रेणुका 'सोलू'-को 'सरकार पक्षलाई खुला पत्र : कात्रोमा गोजी हुँदैन भन्ने पनि मनन गरौँ'-ले यो विपत्को समयमा सबैले सरकारलाई सहयोग गर्नुपर्ने अनि व्यापारीले यो सङ्कटमा दोब्बरतेब्बर कमाउने कुटिल व्यवहार गर्न नहुने सन्देश बोकेको छ। ऋचा भट्टराईले आफू अमेरिका पुग्नेबित्तिकैदेखि कोरोनाको प्रकोप वृद्धि हुँदै गएकाले आफूले नेपाल छाडेदेखि त्यहाँ पुगेर भोगेको अनुभव 'फेरिरहेको सासप्रति आभारी छु'-मा व्यक्त गरेकी छन्। यसमा विपन्न वर्गप्रतिको, कोरोना सङ्क्रमण विस्तारको अनि आफ्नो परिवारका सदस्यले उनको विदेश पुग्नेबित्तिकैको एकल बसाइमा देखाएको संशयसमेतको सम्मिश्रण व्यक्त गरिएको छ। उषा आचार्यले 'कोरोनाले बदलिदिएको जीवनको सचेतना'-मा आफ्नो व्यस्त दैनन्दिनीले रोकिएर हेर्न र बुझ्न नभ्याएको जीवनको आनन्द लिएको सकारात्मक पाटोलाई आगाडि ल्याएकी छन्। वन्दना राणाले आफू कोरोनाको त्रासबीच अमेरिकाबाट नेपाल फर्किएपछिको अनुभव सकारात्मक सन्देशका रूपमा प्रस्तुत गरेकी छन्। उनले एयरपोर्टको ट्रान्जिटमा ड्युटीफ्री सपकी पसलेले देखाएको मानवीय

व्यवहार, काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखाइएको सरसफाइ, सतर्कता अनि आफू कोभिड-१९ परीक्षणका लागि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकू पुग्दा त्यहाँका डाक्टर तथा स्वास्थ्यकर्मीले देखाएको सद्व्यवहारको खुलेर प्रशंसा गरेकी छन्।

अभि सुवेदीको 'लकडाउनमा प्रोफेसर : मन्डिखाटार डायरी'-मा व्यक्त शृङ्खला पढ्दा एउटा सिङ्गो पुस्तक पढेको भान हुन्छ। प्रकृति वर्णनबाट सुरु भएको लेखमा परिवारका प्रत्येक सदस्यको लय, विद्युतीय सञ्चारले ल्याएको गतिशीलता, कालिदासको 'कुमारसम्भव', मानवताको सन्देश भरिएको 'रामायण'-देखि लिएर आफ्नी आमाले वैधव्यपछि एक्लै सात सन्तान हुर्काउँदाको पीडा, कार्ल मार्क्स, बीपी, भर्खरै भएको डीपी भण्डारी सरको मृत्यु, ज्याक डेरिडा अन्य कति हो कति प्रसङ्गसँग जोडिँदै हराउँदै गर्छ कोरोना प्रकोप। यस लेखले पाठकमा भिन्दै प्रकारको रक्तसञ्चार भएको अनुभूति दिलाउँछ। डा. जयराज आचार्यको 'मेरी आमाले उति बेलै देखेको खतरा र कोरोनासँग मिलेको संयोग'-मा आफ्नी आमाले घर र वातावरणलाई सफा राख्न गरेको प्रयासलाई अन्यले अति ठानेका प्रसङ्गहरू र अहिले कोरोना प्रकोप बढेपछि आफ्नो डाक्टर छोराले गरेको सरसफाइलाई जोडेर कोरोनाले जगाएको सरसफाइ चेतना धेरै अगाडि आफ्नी आमामा रहेको यथार्थ चित्रण गरेका छन्।

हरेक क्षेत्रका दुई पाटा हुन्छन्– सकारात्मक र नकारात्मक। लकडाउनका सकारात्मक पाटाहरू उपर्युक्त लेखहरूले चर्चा गरेका छन्। नकारात्मकता केन्द्रित भएको लेख 'लकडाउनमा पारिवारिक हिंसाले लिएको उग्र रूप' 'इनेप्लिज'-ले प्रकाशित गरेछ। यसमा सधैँ बाहिरी काममा व्यस्त रहने परिवारका सदस्यहरू चौबीसै घण्टा एकसाथ हुँदा खटपट बढ्दै कलहको रूप लिएका घटनाको चर्चा गरिएको छ।

लकडाउनको अवधि निकै लम्बिएसँगै रचनाहरूको बाढी आएको छ। सामाजिक सञ्जालमा छन्दोबद्ध कोरोना कविता छाएका छन्। धेरैजसो कविताले मानिसको क्षणिक आनन्दका लागि जोडिएका घर, घडेरी, वस्त्र, आभूषणको तुच्छतालाई विषय बनाएका छन् भने केहीले प्रकृति विरुद्ध गरिएको वैज्ञानिक चमत्कारले भित्र्याएका पर्यावरणीय विविधता र विनाशको। लेखहरूको विविधता मानव र उसको सम्पन्नता-विपन्नताबाट प्रकृतिमा समेत विस्तार हुँदै गइरहेको छ।

सृष्टि रहुन्जेल रहिरहने होला महिलालाई हास्यको पात्र बनाइने प्रवृत्ति, त्यसैले त महिला केन्द्रित निम्नस्तरीय हास्यको पर्रा नै छुट्न थाल्यो यो लकडाउनको समयमा। त्यस्ता हास्यले समाजले महिलालाई पुरुषको समान स्तरमा नराख्ने अनि विभेदित व्यवहार गरिरहने सामाजिक संरचनाको सत्यतर्फ इङ्गित गर्छन्। गौरी तमूले 'लकडाउनमा खुलेका पुरुषहरू' अनि रेणुका 'सोलू'-ले 'लकडाउनमा भालेवाद' लेखेर त्यस्ता महिला केन्द्रित निकृष्ट हास्य प्रवृत्तिप्रति प्रतिक्रिया जनाए। बन्दाबन्दीको एक महिना बितिसकेपछि वैशाख १३ गतेको 'कान्तिपुर'-मा श्रेयज सुवेदीको 'टुक्काको नाति ट्रोल' शीर्षकको लेख पढ्ने अवसर मिल्यो। उनले उठाएको विचार महिला केन्द्रित हास्य लक्षित छ। हाम्रा सामाजिक संरचनामा हजुरबाको समयमा महिला केन्द्रित निम्न स्तरका टुक्का बनिए र तिनले निरन्तरता पाइरहे। नातिको पालामा टुक्काकै प्रतिनिधित्व

गर्ने खालका ट्रोलले टाउको उठाइरहेका छन्। भलै महिलाको कार्यक्षेत्र घरपरिवारबाट विस्तार भएर कार्यालय पुगेको छ, तर उनीहरूलाई हास्य पात्र बनाइने दृष्टिकोणले भने निरन्तरता पाइरहेको छ वा उनीहरूको खिल्ली उडाइने या लेखिने हास्यको विषय र माध्यम बदलिए, तर पात्र महिला रहिरहे। केही पुरुषलाई समेत यो प्रवृत्ति बिझेको पढ्न पाउँदा समाजको सोचमा थोरै परिवर्तन देखिन लागेको आभासले मात्र पनि महिलाका मुहार उज्यालो देखिएलान्। यस्तो कठिन विपत्को समयमा समेत मानिस भन्नाले राजनीतिक, न्यायिक, प्रशासनिक, गैरसरकारी संस्था, शिक्षा, साहित्य, सङ्गीतकर्मीहरू आआफ्नै डम्फू बजाउनमै केन्द्रित हुने तथ्य शरच्चन्द्र वस्तीको 'बेमौसमी बाजा' शीर्षकको व्यङ्ग्यात्मक लेखले प्रस्ट्याएको छ।

भारतमा भएको मेरो भाइले हिन्दी भाषाका त्यस्ता हास्यको सङ्कलित पुलिन्दा पठाएको थियो। मैले सबै महिला केन्द्रित भएको जिज्ञासा राख्दा उसले त्यस्तै मात्र भेटिने उत्तर दियो। महिला हास्यका पात्र हुन् भनेजसरी समाजको एउटा वर्ग उनीहरू केन्द्रित हास्य रचनामा लागिरहन्छ। त्यस्तो विषमतालाई मध्यनजर गरेर होला, हिन्दी भाषाका मासिक पत्रिका 'सरिता' र 'मुक्ता'-ले 'ये पतियाँ' र 'ये पत्नियाँ' भन्ने कोलम नै राख्छन्। यसले नारी र पुरुष दुवैलाई समानान्तर रूपमा हेर्ने दृष्टिकोण दिन्छ। हो, यिनमा 'श्रीमतीजी' भन्ने छुट्टै कोलम पनि हुन्छ। तथापि 'ये पतियाँ' कोलमले पुरुष-महिलाप्रति समानान्तर दृष्टिकोणको विकासमा सहयोग पुग्छ।

सम्झन्छु, २०६२/६३ को जन आन्दोलनमा र २०७२ को भूकम्पमा पनि धेरै रचना गरिए। जन आन्दोलनताक त सामाजिक सञ्जालको प्रयोग सुरु भई नसकेकाले हो कि भेलालाई बाँधिराख्न हो, विश्वविद्यालयका विद्यार्थीले भेलास्थलमा 'लाइभ' कविता वाचन गर्थे। हाम्रै अङ्ग्रेजी शिक्षा विभागका विद्यार्थी मणिले नयाँ बजार चोकको कविता वाचनमा अग्रस्थान बनाएका थिए। ती सबै कविता बिलाए होलान्। कवि कता होलान्? क्षणिक संवेगले रचित भए। तिनको जगेर्ना गर्नतिर होसै भएन क्यार! त्यसै गरी २०७२ को भूकम्पका बारेमा पनि अनेकौँले गीत, कविता र लेख लेखे हुन्। केही वाचन गरिए, केही प्रकाशित गरिए। डा. गोविन्दराज भट्टराई र डा. विष्णुसिंह राईले आफ्ना भूकम्प कविताहरू २०७२ श्रावण २ गते हार्दिक होटल, बागबजारमा कार्यक्रम गरी वाचन गरेका थिए। गान्धीराज काफ्लेले लेखसङ्ग्रह **शब्दको ऐनामा महाभूकम्प** प्रकाशित गरेका थिए। २०७४ सालतिर होला, बेलायतको एसियन स्टडिजमा कार्यरत नेपाली भाषाका विद्वान् माइकल हटले नेपालमा भूकम्पबारे गरिएका सृजनाको अनुसन्धान गरेका थिए। अहिलेको अवस्थामा समाजिक सञ्जालमा छरिएका सुमधुर, सुललित कविता एकत्रित गरेर राख्न पाए निर्दिष्ट समयको इतिहास बन्ने थियो होला। त्यसै गरी विविध विषयका लेखले अलग-अलग विषयवस्तुको समयसापेक्ष इतिहास झल्काउँथे होलान्।

विद्वान् ज्योतिषीहरूको सृजना २०७६ चैत २३ को साँझ सात बजेर सात मिनेटदेखि नौ बजेर नौ मिनेटसम्म देखियो। आइतबार त्रयोदशी तिथि पर्दा रवि प्रदोष भनिने र यो दुर्लभ संयोग हुने शास्त्रीय मान्यताअनुसार चन्द्रमा सिंह राशिमा परेको त्यो समयमा दीप प्रज्वलन गर्नाले संसारमा शुभ हुने अनि कोरोना प्रभाव निस्तेज भई विश्व शान्ति हुने विश्वासमा राष्ट्रभर

दीप प्रज्वलनको आह्वान गरियो। त्यो अनुसरण गर्दै राष्ट्रभर दीपावली मात्र गरिएन; शङ्ख, घण्ट र थाल बजाएको ध्वनिले एकछिन त सम्पूर्ण वातावरण झङ्कृत बन्यो।

कोरोनाले विश्व भयभीत हुँदा देखिएका क्षणिक उत्तेजना र भावना अभिव्यक्तिको लेखाजोखा भविष्यले गर्ला जसरी यो सङ्कटको घडीमा यसभन्दा अगाडिका महामारीको लेखाजोखा गरी मानव अहिलेको विपत् त्यस्तै महामारीको एउटा शृङ्खला मान्दै आफूलाई ढाडस दिँदै छ। कोरोना नेपालमा पहिलो पटक देखिएको चार महिना पुगिसक्यो। लकडाउन सुरु भएको पनि एक महिना कटिसक्यो। सिर्जनाको भेल निरन्तर बगिरहेको छ। यस बीचमा आफूले पढेका केही रचनासँग आफ्ना विचार मिसाएर यस लेखमा लिपिबद्ध गरेकी छु।

◆

केशव सिग्देल

# झ्यालबाहिर



म बस्ने कोठाको पूर्वी मोहडाबाट एउटा बाटो हिँड्छ। झ्यालबाट म त्यो बाटो भएर गुज्रिने समयको राप र तापको भावभङ्गी हेर्छु। मानिसका मुर्झाइरहेका सपना, सुस्केरा र बिस्मात पनि देख्छु। ती र त्यस्ता अनेकौँ भाव र दृश्यहरू त्यो बाटो भएर ओहोरदोहोर गरिरहन्छन्। एक हिसाबले आउँछन् र हराउँछन्। कहिलेकाहीँ कुनै घटना वा भावले उद्वेलित गर्छन् र ती दृश्यहरू मेरो दृश्यपटलका आकस्मिक नियमितता भएर गुज्रिरहन्छन्। झ्यालबाहिरको त्यो राग र त्यसको प्रभाव झ्यालभित्र पनि महसुस हुन्छ। सोच्दासोच्दै कुनै समय म स्वयम् त्यही सडक भइदिन्छु। र, मानिसहरूको त्यो चाप, त्यो दबाव मेरै शरीरमा उत्पन्न हुन्छ। त्यो तापले शरीरको चिन्तनधारालाई ब्युँताइदिन्छ र म विचारोत्तेजित एउटा फिलिङ्गो हुन्छु। त्यो फिलिङ्गोले मेरो आसपासमा रहेका सबै वस्तु अब वस्तु नभएर मेरो मानस भवका, मेरो चिन्तन मण्डलका सामल हुन विवश हुन्छन्।

भावनाजन्य अनेक प्रकारका यस्ता झञ्झावात मसम्म आइपुग्नुमा यही झ्याल दोषी छ कि जस्तो पनि लाग्छ। तर दृश्य वा विचार झ्याल वा ढोका भएर मात्रै हिँडेका त अवश्य हुँदैनन्। त्यो त एउटा सन्जोग हो। झ्याल सूत्रधारजस्तो भयो, सेतुजस्तो भयो। ती सबै हुनुको पछाडिको आर्किटेक्ट त यही मन हो। बस, चाहनुपर्छ, इन्द्रप्रस्थ बनाइदिन्छ एकैक्षण। तर मन आफै लाक्षागृह पनि हो। आफ्नै अभिमान, आफ्नै षड्यन्त्रको फन्दामा परेर दनदनी बलिरहन्छ। त्यो झ्याल न इन्द्रप्रस्थको याचक थियो न त अभिमानमा जलिरहेको यो मानस समयका बारेमा विलाप गर्नुपर्ने कुनै अभीष्ट राख्छ ऊ। यही समता भाव नै झ्यालको अर्थ हो। जे आउनु छ, उसका लागि स्वागतापेक्षी भइदिन्छ। जे जानु छ, बिदाइको पनि साक्षी रहिदिन्छ।

तर झ्यालबाट आजकाल देखिने दृश्य अलिक फरक छ। प्रत्येक मान्छे आफ्नो क्षमता र गच्छेअनुसारका मुकुन्डो लगाएर हिँडिरहेका छन्। सायद हाकाहाकी हिँड्नलाई यो समय उपयुक्त छैन। महाव्याधिको भयले मनमा भयङ्कर कम्प ल्याइदिएको छ। म देखिरहेछु, अगलबगलका घरमा सुदूर गाउँका तमाम विद्यार्थीहरू अन्यमनस्क यताउता छटपटाइरहेछन्। आफ्ना साथी सम्पर्कदेखि राजनीतिक प्रभाव सबै लाइफलाइन प्रयोग गरिसकेपछि यो खाल्डोमा अब बाँचिराख्न असम्भव हुँदै छ भन्ने आभास उनीहरूको मुखमण्डलमा प्रस्ट हुँदै जाँदै छ। जो जहाँ जेजस्तो अवस्थामा छ त्यहीँ त्यसरी नै रहनू भन्ने सरकारी फर्मानको उपेक्षा गरेर यिनीहरूका झोलागुन्टा कलङ्की चोक पुग्ने दौडमा निस्किएका छन्। त्यसपछिको अत्यास र सास्ती सायदै अहिले यिनीहरूको कल्पनामा होला। मेरा एक जना परिचित छन् बडो उत्साही र जागरूक। सरकारको फर्मान तामेली गर्नै यो लोकमा जन्मिएका हुन् जसो गरी मानिसहरूको केरकार गरिरहन्छन्। आफै पुलिस र कानुन भई ओठतालु सुकाएर बेसहारा सडकमा हिँड्ने ती मानिसको हुर्मत लिइरहन्छन्। तर जब भनसुनको प्रभावले सरकारी पास हात पार्छन्, त्यसपछि अन्य लोकलाई वर्जित सडकमा आफू भने साँढे भएर मोटर कुदाउँछन् र त्यसको भिडियो बनाएर फेसबुक र ट्विटरबाट हामीलाई झस्काइरहन्छन्।

मेरो झ्यालसँगैको एक टुक्रा खाली जमिनमा छिमेकी बज्यै भर्खरै हुर्किन लागेका मकैका बोट गोड्दै छिन्। सँगसँगै बोडी र सिमीका बीउ पनि रोपिरहेकी छन्। सुकेका बाँस चिरेर बारबेर लगाइएको छ। त्यही बारमा हाइजम्प हानेर दुई थान कुकुर बारीमा लडीबुडी गर्न आइपुग्छन्। हाई ब्लडप्रेसरको सिकायत खेपिरेहेका ती बज्यैका अधबैसेँ छोरा खाली गोडाले बारीको छेउ उम्रिएको दूबोमा हिँड्ने चेष्टा गरिरहेछन्। बाटोको सिरानतिर घर भएका हिराकाजी नयाँ ग्राहकलाई अलि परै उभिएर हातको इसाराले यही जमिनको टुक्रोतिर सङ्केत गरिरहेछन्। तर जग्गाको मालिक सायद अरू कोही हो। उसैको आदेशमा दुई जना मानिस फित्ता लिएर जग्गाको चार कुनो नापिरहेछन्।

खाली रहेको यही एक टुक्रो जमिनले मेरो झ्याललाई उसको धर्म निर्वाह गर्न सामर्थ्यवान् बनाइदिएको हो। म र त्यो बाटोलाई आमनेसामने बनाइदिएको हो। कथम् यहाँ अर्को घर ठडियो भने यो जमिनको पूर्वी मोहडाबाट हिँड्ने बाटो मेरा लागि एउटा कथा हुने छ। झ्यालको अहिलेको सत्ता एउटा इतिहास बन्ने छ। म ढोकाबाट निस्किएर त्यो बाटोसम्म पुग्न त सकुँला, तर अरू कोही नै मलाई आफ्नो झ्यालबाट हेरिरहेको हुने छ। फगत एउटा अवसाद बोकेर हिँडेको पात्र हुने छु त्यतिखेर। म आफै द्रष्टाबाट दृश्य भएको हुने छु। कार्मिक दृष्टिले यो पतनको एउटा स्वरूप पनि हो। तर फेरि स्वरूप भन्नु भनेकै त्यो नै त्यसको अन्तिम सत्य होइन भन्ने पनि हो। फेरि द्रष्टा हुने, कर्ता हुने सम्भवाना जीवितै छ। मलाई पतन र उत्थानको कुराले भन्दा पनि कुनै व्यक्ति र वस्तुको अस्तित्व कसरी पराधीन हुँदो रहेछ भन्ने प्रकट ज्ञानले बढी तरङ्गित गरिरहेको छ। झ्यालको अस्तित्व त्यो खाली जमिन र खुला आकाशमा निर्भर रहेछ। स्वयम् म द्रष्टा हुनुको भावमा अडिएको रहेछ। अथवा सडक र त्यहाँ हिँडिरहेका मानिसहरू दृश्य हुनुको भावमा टिकेको रहेछ।

इयाल आफै कारक होइन। त्यो त जानिएकै कुरा हो। तर जति पटक म त्यसको माध्यम भएर बाहिर दृष्टि पुऱ्याउँछु, दृश्यहरू फेरिँदै जान्छन्, मानौँ आकाश आफै एउटा सिनेमाको पर्दा हो र त्यसमा कोही निरन्तर असम्पादित दृश्यहरू देखाइरहेछ। आधुनिक प्रविधिको भाषामा एउटा लाइभ टेलिकास्ट। यसको छायाङ्कन कसले गरिरहेको होला? यसको कन्सेप्ट कसले तयार पाऱ्यो होला? निर्देशक को होला? मलाई अकारण यस्तो लाइभ टेलिकास्ट हेर्ने सुविधा किन प्राप्त भएको होला? यी र यस्ता अनेकौँ प्रश्नहरू मेरो मनमा नआउने होइनन्। तर ती प्रश्नहरूले मलाई चिन्तनको गहिरो भुमरीमा पुऱ्याइदिन सक्छन् जहाँबाट सजिलै उत्रन सम्भव छैन। अरूले सोधेका भन्दा आफ्नै मनमा अकारण आइदिने यस्ता प्रश्नहरूले मलाई बढी भयभीत तुल्याइदिन्छन्। यी केवल प्रश्नहरू होइनन् जसले सपाट उत्तरहरू खोजिरहेका होऊन्। यी समयले बुनेका चक्रव्यूह हुन्। कसै गरी त्यसभित्र पसी नै हालियो भने पनि त्यसबाट उम्किएर आउन सम्भव हुने छैन। सिङ्गै मानव सभ्यता यही चक्रव्यूहको रचनागर्भ थाहा पाउन आदिम कालदेखि लागिपरेको हो। टुक्राटुक्रामा, हिस्साहिस्सामा केही बुझिएको जस्तो भएर पनि केही नबुझिएको समयको यो व्यूहको कल्पनाले म क्लान्त हुन्छु।

इयालबाट देखिने बिहानीको दृश्य हेर्न लायक हुन्छ। हरेक दिन घाम आउनुअघि बाटोमा आइपुग्छन् स्वास्थ्य विभागका रिटायर्ड हाकिम ओम्नीकान्त। बिहान वाकमा निस्कनुअघि उनले आज दाँतका सेट राख्न बिर्सिएपछि चिनेजानेकाहरू पनि झुक्किएर नमस्कारै नगरी हिँडिरहेका छन्। दोस्रो पटकसम्म सेनामा छनोट हुन नसकेपछि अन्तिम दाउ छोप्न प्रतिबद्ध भएर एउटा युवक नियमित दौड लगाइरहेछ। उसको स्यान्डो गन्जीबाट देखिने तन्किँदै र खुम्चिँदै गरेको उसको छातीको आयतनमा ऊ अझै आफ्नो आशा भेट्टाउन खोजिरहेछ। बाटोमा बिस्तारै अरूअरू दृश्यहरू थपिन्छन्। दूधको केन झुन्ड्याई हिँडेको साइकल, फूलकोपी र टमाटर बेच्न हिँडेको ठेलागाडी, घरका छोराछोरी र लोग्नेलाई खाजाखानाको व्यवस्था गर्ने हतारोमा फटाफट तरकारीको मोलमोलाइ गरिरहेकी गृहिणी, काँधमा खर्पनको सन्तुलन मिलाउँदै बाटो काटिरहेको ज्यापू, अल्छीले हाई काढ्दै पाउरोटी बेच्न हिँडेको बेकरी भ्यानको ड्राइभर, एउटा हातले साइकलको ह्यान्डल र अर्को हातले खबरकागत समाएर गुडिरहेको हकर र 'वेट लस'-का लागि मर्निङ वाकमा हिँड्दै गर्दा आपसमा सिमानाका बारेमा आफ्नो पार्टीका नेताले राखेको चट्टानी अडानका बारेमा फुइँ लगाइरहेका र नक्कली राष्ट्रवादको आयु सोध्दै गरेका दुई छिमेकीहरू। घाम तन्नेरी हुँदै गएपछि यी दृश्यहरू आफै ओझेल पर्दै जान थाल्छन्।

इयाल जहाँ थियो त्यहीँ छ। इयालमा ती पुराना दृश्यहरू छैनन्। तर त्यसको अर्थ अहिले त्यो शून्यता भोगिरहेछ भन्ने पनि होइन। फेरिएका दृश्यहरू छन्। अथवा निरन्तर फेरिइरन्छन् ती दृश्यहरू। कोही त छ जो यसरी यति सजिलै पात्रहरू बदलिरहेको छ, दृश्यहरू बदलिरहेको छ, यो भवलाई एउटा रङ्गमञ्च बनाइरहेछ। सतहमा हेर्दा इयालले बाह्यताको झाँकी देखाइरहेको भए पनि कहिलेकाहीँ त्यसको प्रवाह र प्रभाव अन्तर्मुखी छ कि जस्तो लाग्छ। इयाललाई बिम्ब बनाएर रचिएका अनेकौँ सिर्जनाहरू छन्। चिन्तनको कुन धाराले ती सर्जकहरूलाई इयालबाट बाहिर हेर्न लगायो होला? बाहिर हेरेर केके देखे होलान्? अथवा अन्तर्मनमा सादृश्य भइरहेको

भावलाई उनीहरू प्रकट रूपमा इयालबाहिर खोजिरहेका पो थिए कि? यी प्रश्नहरू अवश्यमेव सजिला छैनन्, तर दैनन्दिनीलाई भङ्ग गरेर नयाँ चिन्तनधारालाई कुतकुत्याउन अवश्य सक्षम छन् भन्ने म महसुस गरिरहेको छु। गोविन्दबहादुर मल्ल गोठालेले **पल्लो घरको इयाल**मा मिस्त्रीलाई पात्र बनाएर इयालबाट के हेर्न वा नहेर्न खोजेका हुन् भन्ने विचार आफैमा रोमाञ्चक लाग्छ। यसको कथानकले पाठलाई असजिलो भावदशामा पुऱ्याएर छाडिदिन्छ जहाँ इयालबाट हेरिहेकी पात्रप्रतिको सदाशयता न त्याग्न सकिन्छ न त बचाइराख्न नै। इयालले कोहीकसैलाई यस्तो विवशतामा लगेर किन छाडिदिन्छ? यसको उत्तर सायदै सरल होला।

कैयौँ पटक मैले यो इयाल भन्ने चिजै नभइदिए पनि हुने भन्नेसम्मको कल्पना पनि गरेकै हुँ। आफूलाई सुन्नदेख्न मन नलागेका तर अरूलाई नसुनाई-नदेखाई नभएका थुप्रै कुरा आइदिन्छन्। यस्तो अवस्थामा विदीर्ण भएको मनलाई, चेतनालाई कसरी सन्तुलित राख्ने भन्ने समस्या हुँदो रहेछ। तर अहिले फरक दृश्य छ इयालबाहिर। पल्लो घरको छतमा एक युवती लियो टोल्सटायको **अन्ना केरेनिना** पढिरहेकी छन्। त्यसमा अन्ना र अलेक्सेय दुई मुख्य पात्रबीच विवाहेतर प्रेम सम्बन्धको गज्जबको वर्णन छ, तर पढ्दापढ्दै ती युवती सोचमग्न हुन्छिन् र हत्तपत्त छेउमा रहेको आफ्नो मोबाइल डायल गर्न थाल्छिन्। मानौँ उनी स्वयम् अन्नामा रूपान्तरित भएकी छन् र अचानक अलेक्सेय बोरोन्स्कीको सम्झनाले उनलाई उत्ताउलो बनाइदिएको छ। छेउमा एउटा दाह्रीवाल युवक दाह्री क्लबका आफ्ना साथीहरूलाई आजको ताजा तस्बिर पठाउन पोजपोजमा सेल्फी लिइरहेको छ। उसले हातमा लिएको अरिस्टोटलको **निकोमेकियन एथिक्स** उसका लागि अहिले अर्थपूर्ण छैन। उसको क्लबको कार्यव्यापारको एथिक्स अलग छ। उसको आफ्नो खुसीको एथिक्स त्योभन्दा झन् भिन्न छ।

यो नैतिकता भन्ने कुरा सर्वमान्य मानक चाहिँ होइन। स्थान र समयअनुसार, आवश्यकता र रुचिअनुसार, अनुकूलता र प्रतिकूलताअनुसार मानिस फरकफरक मूल्यहरू बनाउँछ। नैतिकता सापेक्षिक हुन्छ जसलाई या त बुद्धि वा तर्कको शक्तिले वा सत्ताको शक्तिले मात्र प्रमाणित गर्न सकिन्छ। डबल स्ट्यान्डर्डको चुरो पनि यही नै हो सायद। बाटोमा देखिने मास्क लगाइरहेको मान्छे मलाई त्यही डबल स्ट्यान्डर्डको भौतिक कायाजस्तो मात्र लाग्छ। यो इयाल यस्ता कैयन् सत्यको साक्षी छ जसलाई केवल दृश्यको सञ्ज्ञा दिएर अवमूल्यन गर्न मिल्दैन। मैले हेर्न नभ्याएका ती तमाम सत्यहरूलाई यो इयालले आफ्नै मौनताको गर्तमा सुरक्षित पारिदिएको छ।

◆

हरिप्रसाद सिलवाल

# बिचौलिया ट्रिक सफर !



बिचौलिया मानसपटलको पर्याय र विपर्यायका छिर्कामिर्काहरूमाथि विद्वान् मस्तिष्क र हृदयशील मनहरूले विमर्श गर्दै गर्नुहोला भन्ने आशा राख्दै यहाँहरूलाई मीठो अभिवादन !

सुन्दर फूलबारीमा फूलहरू चोर्न, फूलभित्रको रस आफ्नो घैँटामा जोर्न र तिनका रङहरू फेर्न पनि माहिर बिचौलियाहरूको बिगबिगी सहने महान् सहनशील समस्त मनहरूमा शक्तिशाली सलाम !

लुक्दैछिप्दै अलिअलि बिचौलियाको हुलियामाथि हिलो छ्याप्ने प्रयत्नमा लागेका खुबीवाल कलाकार, गाउने गलाकार, बोल्ने बोलाकार, सोच्ने सोचाकार, कल्पने कल्पनाकार सबैमा मुटुभरिको नमस्कार !

व्यक्तिको बकपत्र, आलोचकले आलुचनाका कारण ओकल्न नसकी भित्रै अमिल्याएको पुरानो आलोचना, सत्यतथ्य र नित्यमा निरन्तरता गुमाएका निकायको निकम्मापन र दर्शक द्रष्टाको दयनीय मलिनता सबैप्रति हार्दिक समवेदना !

शब्दहरू अभिनयको नौटङ्कीमा आउलान् यहाँ, वाक्यहरूमा व्यङ्ग्य भाटा ताकिएलान् यहाँ, वर्णहरूको छनाइ र बुनाइमा गुलेलीको गुच्छा बन्लान् यहाँ, अर्थहरूको विषवमनको दुर्गन्ध ह्वास्स निक्लेला यहाँ, जो जहाँ जेजसरी जागे पनि कलमले कोरेका र बिचौलियाले फोरेका शब्दहरूलाई धेरै धन्यवाद !

भएभरका दूध अनि दुग्ध पदार्थहरू स्वदेशीलाई विदेशसम्म र विदेशीलाई स्वदेशसम्म ल्याएर पिउन हैन, चपाउन सक्ने; दूध चपाएर मोटाउन हैन, सुन्निन सक्ने; किसानका पसिना दानालाई गनीचुनी धनी बन्न बारीमै आधी र बजारसम्म आधी ल्याएर चपाएर हैन, पिएर सबका सब तरकारीहरू ठेगान लगाउन सक्ने र विदेशका तरकारीहरू स्वदेशका कराहीमा उग्र तापसँगै मन्द विषाग्निभित्र मीठोसित पकाएर आधुनिक बिचौलियामय पाकशाला निर्माण गरी सिउँदोमा भाग्य र चन्द्रमामा घडेरी जोर्न तथा नैतिकताको घ्याम्पो फोर्न र ब्याङ्कका पतकरहरू सोर्न सक्ने; हरप्रकार र आकारका घरालु, बजारु सरसामानहरू आकाशको पाताल र पातालको आकाशसम्म बजार्न र थचार्न सक्ने अनि त्यसबाट महान् दरबारदेखि साम्यवादी झुप्राबारसम्मलाई जिल्लारामको नाटकमा सशुल्क अर्थात् सात पुस्तासम्मको शुल्क हसुर्न सक्ने आँटी, खाँटी र ढाँटी भएर सत्तासारथिजस्तै जिउँदै वैकुण्ठवासका निम्ति रजगजमा जमेर रमेका मानवाकृतिधारी चमेराहरू अर्थात् शब्दान्तरमा महान् बिचौलिया महोदयबाट आफ्नो नित्य कर्मबारे मनपेट खोलेर, सत्यमा रही संस्मरणहरू घोलेर भविष्यसम्मका योजनाहरू पनि सुसेलेर यति मीठो र पारदर्शी भाषामा बोलेर आत्मदर्शन दिनुभएकामा ती अघोषित तर स्वघोषित महाजनहरूप्रति कलेजाभरिको नमन !

लामो समय बिचौलियाले आफ्नो मुख खोलेको थिएन। उसलाई साह्रै खसखस लागेर आत्मवृत्तान्त सुनाउन मन लागेछ। उसले आफ्नो कम्पनीको नाम पनि राखेको रहेछ– 'बिचौलिया ट्रिक सफर'! अर्थात् बिचौलियाको जुक्ति यात्रा। यो कानुनले देख्दैन। देख्न मिल्छ, तर देख्ने बेलामा कानुनबाट आफ्नो पछिल्लो 'न' स्वत: हटाउँछ र घरमा पसेपछि दङ्ग पर्दै कानुन आफ्नो अघिल्लो अक्षरको 'क' स्वत: हटाउँछ। 'न' हटेको कानुनको न्यायले जे देख्छ, 'क' हटेको बिचौलिया ट्रिक सफरको सफलता त्यहीँबाट हाँस्न सुरु हुन्छ। आफैमा सुन्दर मुहारमा झल्के पनि देख्ने बेला 'न' हट्ने र खाने बेला 'क' हट्ने, साथै दुनियाँदारी श्रोताले भने कानुनको 'नु' हटेपछि कान छाम्दै दौडने वास्तविकतावादको ऐनाकरण! यसका मतियारहरू चलाउने-चल्ने, लगाउने-लाग्ने, अराउने-मान्ने, भनाउने-भन्ने, सिकाउने-सिक्ने, निर्देशक-पालक सबका सब बहुमत मस्तिष्कधारीले लत्तो छाडेकाले बिचौलिया यात्राको निरन्तरता टुलुटुलु हेर्नुको अर्को ट्रिक नभएको अवस्था जन्मेको छ भन्ने मत यो कलम समात्नेको मनमा जरा गाडेर बसेको छ।

'बिचौलिया ट्रिक सफर!' कम्पनीका बहुमुखी मार्गदर्शनहरू रहेका छन्। 'ट्रिक'-को भरमा मन लागेको खाने माम छ। कसैलाई थाहा छैन, त्यो माम खाने दाम कमाउन जाने सुदूर गोप्य ठाम छ। त्यो काम जान्ने मजस्तालाई त निकट छ, नजान्नेका लागि धेरै टाढा छ। धेरै रहस्य र धेरै अन्धकार। यसभित्र मह चाट्न हैन, सोर्न र घार र चाकासमेत चपाउन सक्नेका लागि त यो काम निकै गाढा छ। यहाँ के छैन, तमाम छ तमाम! हुतीहारालाई के थाहा ट्रिकवालाको पो पूरा जिन्दगीमा तामझाम छ। हो, बुद्धिभन्दा जुक्तिको नै बढीभन्दा बढी तामझाम छ। त्यसले चिनेको संसारमा कतै गुलाम छ त कतै रातोतातो सलाम छ। बाँच्न नजान्ने लाटाबुङ्गालाई त न सिलाम छ न ऊ मर्दा कोही मलाम छ।

पूर्वमा इलाम त पश्चिममा अछाम छ। नसक्नेलाई न काम न दाम न माम, तर सक्नेलाई यसभित्रका पूर्वदेखि पश्चिमसम्म अनि उत्तरदेखि दक्षिणसम्म आकाशमा, हावामा, जमिनमा, पानीमा, जङ्गलमा, ठाँटीमा, ढाँटीमा, पार्टीमा, घाँटीमा जहाँजहाँ पनि भित्रभित्र क्रियाशील सुलसुले व्यापारको अपारमय धन्दा मालामाल कमाल छ। मान्छेहरू मरून् या जन्मून्, पृथ्वी हल्लोस् वा घर ढलोस्, बाढी पसोस् वा झुप्रामा बाघै घुसोस्। स्यालले कुखुरा लगोस् वा दार्चुलामा सीमा भत्कोस्। किसानले पासो लगाओस् वा ब्याङ्कले कालो सूची जारी गरोस्। अख्तियारले औँठा जाँचोस् वा अदालतले आदेश अराओस्। कविले कविता सुनाओस् वा निबन्धकारले व्यङ्ग्य झट्कारोस्। नीतिले नाक लुकाओस् वा प्रीतिले बिछोड गाओस्। उब्जनीकारले उत्पात मच्चाओस् वा उपभोक्ताको ढाड दुन्नियोस्।

यी सबैको मतलब राखेर बाँचेको भए वा यसो गर्न नसकेको भए मेरो ट्रिक सफरको जुरो निमिट्यान्न हुने गरी कानुनको कैँचीले चटक्कले काटिन्थ्यो। मेरो रजाइँमाथि कानुनको दफाले दमाहा बजाउँथ्यो र मेरो बिस्तरामा त यमराजको चौतारा नजिकै टाउको पड्किने गरी प्रशासनको ढोलकवालाले १२ बजेको घण्टा बजाउँथ्यो। तर यी र ती सबलाई मैले मिचेको छु। थिचेको छु। जितेको छु र मन लागेको जिब्रो फट्कारेर घिचेको छु। त्यसउसले म बिचौलियालाई मै बिचौलियाको बिचौलो सलाम छ!

म सबल बिचौलिया हुँ, दुर्बल हैन। दुर्बलहरू बिचौलिया हुन नसकेर सबल भएका हुन्। खराबीलाई तिरस्कार गर्न सक्नेहरूले सबल ठान्छन् आफूलाई। तिनले शक्तिको स्रोत नभेटेर दुर्बल बन्नबाट जोगिएको महसुस भएको छ मलाई। मैले देखेको छु– मान्छे गलत गर्न सक्ने ठाउँ नपाई सज्जन बनेर बाँचेका छन्। भित्रभित्र रोएर बाहिरबाहिर सज्जने हाँसो हाँसेका छन्। मौका पर्खिन्छन् चौकाका निम्ति। अवसरसित जम्काभेट नभएपछि अभिनयमा आँखा लोलाउँछन्– भोलाभालाको। निकै थोरै मात्र होलान् बिचौलिया परिभाषामा नपर्नेहरू। ती थोरैको मनमा पनि कतै बिचौलियापनको बटुको बाउँठिरहेको हुँदो हो। सज्जनहरूप्रति म बिचौलियाले धेरै उपदेश छाद्नु हुँदैन, नत्र उपदेशको भाउ घट्छ।

मेरो कथा लामो छ, तर छोटकरी मात्रै कहन्छु। म बिचराबाट बिचौलिया अनि त्रिचौलिया बनेको हुँ। जति बेला मेरा गोडामा चप्पल थिएनन् (स्थानीय ग्राम्य बोलीमा चट्टी भनिन्थ्यो), आङमा न्याना नाना थिएनन्, परिवार ओतिने भरलाग्दो छाना थिएन, ताउलोमा पाक्ने मीठो माना थिएन, मनमा सुसेल्ने मायालु गाना थिएन, काला अक्षर चिन्ने कापीको पाना थिएन, बाँच्ने चाहना थियो तर धनीमानी बन्ने कुनै बहाना थिएन, मलाई माया गर्ने लोभलाग्दो जमाना र दिवाना थिएन; हो, त्यो मेरो बिचरा जिन्दगी थियो, मात्र प्राण धान्ने आहारा पाइने बिचरा! धन्य बनेको छु। म मेरै पौरखले बनेको छु र भनेको छु– आज दुनियाँको सामु नाकानाकी नै हाकाहाकी यति धनधान्यमा गनिएको छु।

मलाई कसैले बिचौलिया भनून् त के भो? मेरो खुबिलिटीमाथि कसैलाई आरिस लाग्छ त के भो? म काम गर्नेसितै मिलेर काम नगरी धनको मालिक बन्छु त के भो? म दोहोरो कमिसनको चक्करमा बेरिँदा अरूलाई ईर्ष्यामा सेरिन मन लाग्छ त के भो? मैले जसको कमाइबाट धुतेर पैसा बटुलेको छु उसले विरोध नगर्ने, उसले मलाई नमस्कार गर्ने, उसले म विरुद्ध उजुरी नहाल्ने, उसले मेरो तन-मन-धनलाई मेरो भाग्य र आफ्नो बाँच्न अनि मर्न नसकेको जीवनलाई पूर्वजन्मको पापको परिणाम मान्ने गर्छ त के भो? म के गरूँ? जो मबाट राप-ताप-प्रभावमा बाँचेका छन् तीभन्दा परका मान्छेले मेरो खोइरो खन्न घोइरो आँखाले हेर्छन् त के भो? मलाई धनको सत्र परेको छ, त्यसैले मेरा १८ पुस्ताले सुतीसुती खान पाउँछन् त अरूलाई के भो? जो मलाई बिचौलियाको बहादुरीमा बढुवा हुनु थियो, भएँ। जहाँ मैले रवाफमा कवाफ सेकाउनु थियो, सेकाएँ। जसरी होस्, मैले नियामकधारीलाई मेरो पक्षमा बोल्न वा नबोल्न, देखेजस्तो गर्न वा नदेखेको गर्न, चिनेजस्तो भन्न वा नचिनेजस्तो भन्न लगाउनु थियो, लगाएँ। मैले कुचीकारदेखि कलमकारसम्म, देशीदेखि विदेशीसम्म, भाज्यदेखि राज्यसम्मलाई चखाउनु, चटाउनु र निहुराउनु थियो; चखाएँ, चटाएँ, निहुराएँ।

अब म जहाँ पोलेको छ, पोलेरै ठीक पार्छु। जहाँ पेलेको छ, ठेलेरै ठीक पार्छु। जहाँ बाँड्नुपर्छ, बाँडेरै ठीक पार्छु। जहाँ तान्नुपर्छ, तानेरै ठीक पार्छु। जहाँ दब्नुपर्छ, दबेरै र जहाँ दबाउनुपर्छ, दबाएरै ठीक पार्छु। जहाँ खानुपर्छ, खाएरै; पिउनुपरेको बेला पिएरै र पिलाउनुपर्छ, पिलाएरै अनि जहाँ मिलाउनुपर्छ, मिलाएरै र घिचाउनुपरेको बखत घिचाएरै ठीक पार्छु। जहाँ घचेट्नुपर्छ, घचेटेरै; अँठ्याउने बेला अँठ्याएरै; चिमोट्नुपर्दा चिमोटेरै र निमोठ्नुपर्दा निमोठेरै ठीक पार्छु। जहाँ फकाउनुपर्छ, फकाएरै र जहाँ लत्राउनुपर्छ, लत्राएरै ठीक पार्छु।

मेरो बिचौलियापनको जन्म नाताबाट नै सुरु हुन्छ। म जन्मन लाग्दा असङ्ख्य प्रतियोगी बिचौलिया भ्रूण कीटहरू मसँग जोरी खेल्दै थिए। तिनीहरूलाई त्यहीँ जितेर आमाको कोख आफ्नो बनाउन सक्नु नै मेरो सफरको सम्भावना रोपिएको हो। बिचौलिया हुँ भन्ने थाहा नभईकन पनि त्यो प्रकृति र प्रवृत्तिको भूमिकामा तिनीहरूको तँछामछाड मजैले मच्चिएको थियो। मैले सबैलाई पछारेँ, लछारेँ र आमाको गर्भमा टाउको घुसारेँ।

ती कमजोर बिचौलियाहरू सबै जन्मेका भए मैले टेक्ने धर्तीमा एक इन्च स्थान बाँकी रहन्नथ्यो। मेरो भागमा व्यापार गर्न एक त्यान्द्रो साग पनि हातलागी हुँदैनथ्यो। मेरो यस्तो धुमधडाका मिसन र यसबाट प्राप्त मीठो कमिसनको उपभोगमा म आजका सज्जनहरूजस्तै निम्छरो हुन्थेँ। गर्भको गरामा आकार लिन नभ्याउँदै म फतुरहरूलाई दबाउन, तिनका जिन्दगी चपाउन र आफ्नो भलो हुने उकालोको खाँबो समाउन सक्षम भइसकेको जिनिस हुँ। म कहिलेकाहीँ मुटुमा मानवता भुल्केको बेला जीवनै हुँ, तर अरू समय त एक खुँखार जिनिस नै सही।

मलाई कसले हुर्कायो बाल छैन! म कसरी हुर्कें, त्यसमा सवाल छ। मैले कसलाई के दिएँ बाल छैन। मलाई कसले के दिए र मैले कोसँग के लिएँ, त्यसमा सवाल छ। मेरो चतुर चालालाई अरूले मूर्खताको नाला ठान्छन्। म त्यही मभित्रको मूर्खतालाई आफ्नो ब्रह्माण्ड यात्राका बाधकहरूबाट बच्ने ढाला ठान्छु। त्यही जीवनलाई आनन्द वन मान्छु र सक्छन् भने सक्दो बिचौलिया बन भनेर आदेशवाची वचन सुनाउँदै आफ्नो हर्कतको आय २० औँलाले सोरेर हसुर्दै खान्छु।

म कुन देशको हुँ? मलाई किन चाहियो? म यस देशबाट केके लिन सक्छु? त्यो मेरो महत्त्वको विषय हो। मैले यो देशलाई के दिने? यो कसैको टाउकामा किन दुख्छ? म यो देशबाट केके लिन सकिरहेको छु? त्यही मेरो टाउकामा दुखिरहन्छ, घुमिरहन्छ। म मेरो देशको इतिहासमा किन घोत्लूँ? म मेरो निजी विलासी भविष्यको मार्गमा यात्रिरहेको छु। म राष्ट्र र भ्रष्टको फरक छुट्ट्याउन किन ग्रस्त हुने? म त आफ्नो शौर्यवीरताको खोसुवामा कोही मेरा घोर न्यायिक शत्रुहरू लाग्दै-जाग्दै छन् कि भन्नेमा मात्रै त्रस्त छु। त्यसो भइहाले पनि म कसैसित क्षमा मागेर हैन, आफ्नै बिचौलिया पथको पथैपथबाट भागेर भागसान्ती बटुल्ने सुरमा छु। अत एव म मेरै बिचौलिया ट्रिक सफर! बिचौलिया विलासको निकटवर्ती धुरमा छु। मेरो ट्रिक सानदारले सरिरहेछ शक्तिको सयरमा।

अब म मेरो आफ्नै बिचौलिया यात्राको तुरनतारन वर्णन गर्नतिर लाग्छु।

आमा! तिमीले मलाई जन्माउनु थियो, जन्मायौ, धन्यवाद! खुवाउनु थियो, खुवायौ, धन्यवाद! हुर्काउनु थियो, हुर्कायौ, धन्यवाद! बुबा! तिमीले मलाई उठाउनु थियो, उठायौ, धन्यवाद! हिँडाउनु थियो, हिँडायौ, धन्यवाद! वंश र अंशको आस मेटाउनु थियो, मेटायौ, धन्यवाद! अब मलाई मेरै मस्तनाको माद लाग्नु थियो, लाग्यो। अब मलाई मेरै दु:साहसको आस जाग्नु थियो, जाग्यो। मलाई तिम्रो दुर्दशाको दन्कुटीमा डढ्नु थिएन, डढिनँ। मेरो बिचौलिया मनलाई तिम्रो आदर्शको सेवामा मेवा ढुकेर बस्नु थिएन, बसिनँ। मभन्दा कमजोर बनेर मलाई

परास्त गर्ने आँट नगरेका कसैले पनि मेरो बिचौलिया ट्रिक सफरमा बाधा नपुऱ्याऊन् भन्ने मेरो इरादा थियो, ठीकठाक भइरहेछ। ती कमजोरहरू यथास्थितिमै कायम रहुन्जेल मेरो यो कम्पनीको कमालमा तिनको छड्के नजरले केही उचनीच बनाउन सक्दैनन्।

प्रिय! तिमीले मलाई प्रेम देखाउनु थियो, देखायौ, धन्यवाद! तिमीबाट मैले प्रेम पाउनु थियो, पाएँ, धन्यवाद! तिमीले मबाट प्रेमको पानामा लटपटिएर ठेस खानु थियो, खायौ, ठिक्क भो! मेरो नाम मुछेर विष नपिउनु थियो, पियौ, थुइक्क! भयो। अब मलाई मेरो रोज्जाको प्रेममा पातलिनु छ। मलाई मैले चाहेजस्तै प्रेमको पसन्दमा मात लिनु छ। मलाई मैले छानेका मतियारहरूसित नुन, सुन, खुनजस्ता बैगुनहरूको भण्डार भर्नु छ र यिनको मालिक बनेर दुश्चक्रवादी कर्तुतको जिउँदो सालिकमा ठडिनु छ। यो मेरो पेसाले पैसा कमाउन र मन रमाउन दिएको बिचौलिया ट्रिक सफरमय गज्जबको सफलता हो।

व्यापारमा अल्भिनेहरू अल्भिरहेछन्, खुच्चिङ! जागिरे जीवनमा महिना मार्न जोतिनेहरू जोतिइरहन्छन्, थच्चिङ! उत्पादनमा उँघ्नेहरू उँघिरहून्, किन्नेहरू भाउ छाम्न नसकी तड्पिरहून्। मलाई व्यापार हैन, अपारमा पार पाउनु थियो, पाएँ। मलाई सेटिङ, डेटिङ र चेटिङमा पिङ खेल्नु थियो, खेलेँ, आहा! मलाई गाउँ होस् या सहरिया ठाउँ, आफ्नो रोज्जाको रजाइँमा रम्नु थियो, रमेँ। रम्य छु साथी, म रम्य छु। जहाँजहाँ हालीमुहाली हुनुपर्दा किफायत हुन्छ त्यहाँत्यहाँ बहाली भएको छु मस्तीमा छु! म आफ्नै ट्रिक नभत्कने गस्तीमा छु।

माता र पिता, पत्नी र पति, पुत्र र पुत्री, भात्री र दात्री चाहे जे होस्, होस्-नहोस्। कुल र गोत्र, वंश र अंश हुन् वा नहुन्, म मेरो ट्रिक सफरमा मात्रै विश्वास गरी त्यसैमा निःश्वास चढाउँछु। मेरो सफर किन जब्बर भएर बढेको छ भने निकायका आदेशलाई म निकम्मा बनाउन सक्ने शस्त्रधारी हुँ। हुकुम पस्कने हाकिमको मुखमा पुलाउले टाल्न सक्ने शस्त्र मसित छ। मलाई भन्नेहरू भन्छन्– अति गरेपछि देखिन्छ क्षति! तर म सोध्छु– कहाँ हुन्छ? मेरो भवनको लिफ्टमा बबुराहरू जो मलाई चियाउँछन् तिनको एक नजर पनि अट्न सक्दैन। मसित आज बाल मति, युवा मति बढ्दै जान्छ र चतुर मानव मति सुपर गममा परेर टाँसिन्छ। दायाँबायाँ बुझ्दै जाँदा जीवनका झल्काहरू पैसामा देख्छु र यमराजलाई लेख्नै परे 'हे यम! मेरो पालो अलि पछि पारिदेऊ है! बरु म तिमीलाई मैले खर्चिन बाँकी बिटाहरू कात्रोको कुनामा मेरो लासका मलामीहरूका आँखा छलेर ल्याई टक्र्याउँछु' भनी यमपत्र लेख्छु। आज त यमराजलाई पनि बिचौलियाको भाषामा आशा राख्ने बानी परेको छ। मै मरेपछि मेरो लासभन्दा मेरा मलामीहरू बढी हुस्सू हुने छन्, किनभने त्यो क्षण तिनले मेरो अवगुण हैन, बिचरा बिचौलिया भए पनि मलाई गर्जो टार्न भनेर दुईचार हजार काम चलाएको थियो भन्छन्, सराप्दैनन् मलामबाट फर्कंदा। जिउँदाहरूलाई लाग्दो हो– मरेपछि बिचौलिया, विचारक, विद्वान्, महात्मा, डकैत, बलात्कारी, शोषक, उत्पीडित सबैको लास लास नै हो। लास हेरेर के गाली, के ताली! त्यस कारण मेरो बिचौलिया सूत्र भन्छ– बाँचुन्जेल जे गर, तर गरेर मर्न मात्रै पाउनुपर्छ। लासमा फूल चढ्छ, जुन फूल महात्माको लासमा पनि उसै गरी चढिरहेको हुन्छ। अनि संवेदनाको आँसुले लेखेका भावुकतामय मेरो फोटो पत्रिकाका पानामा हाँस्न थाल्ने छन्।

ती मलामीहरूले भन्ने छन् कि यसरी मरेर जाने चोलामा कोही कसैको रिस गर्नु व्यर्थ छ अनि उसले कमायो त कमायो केको खोजी? ढाँट्यो कि, तर चाट्यो कि, कसैलाई काट्यो कि, मरेर गइहाल्यो। त्यो नै मलाई चोख्याउने भावुकतावादी अख्तियार दस्तावेज बन्ने छ जो मेरो नचाइमा नाचेको समाजमा चलेकै छ। यही हो मेरो बिचौलिया आत्मविश्वास!

बढाउँदै जाँदा नाफाखोर मतिले म कहाँ पुग्छु, मैलाई थाहा हुन छाड्छ। अरूको लाभ देखेर लोभिँदा र अरूको लोभमा चोभिँदा मेरा दुर्गतिहरू बाङ्गिन्छन्, अघि सोझा गोडाको पनि गतिको दुर्मतिको दिन आउँछ। तर म नसामा छु भने कसरी उम्कन छाड्छु, खैनीले ओठ खिइएको चित्र ऐनामा हेरेर पनि खैनी माडेजस्तै छ मेरो बिचौलिया ट्रिक सफर धमासा। मेरा विरोधी नैतिकताका खोलुवाहरूलाई समस्या छ– लोभको निवारणमा के ख्वाउनु? के घस्नु? के कस्नु ओखती? पैसावादको जीवनमा जवानी चढाउँदै, मानव विवेकको द्वारमा मदानी घुमाउँदै, कलेजोको फसलमा मसल सेकाई खुब रोमरोम लस्तलस्त भएर मनको मादल बजाउँदै, बुद्धिमा बादल ढकाएर, सत्यको सासमा असतीको खुर्पा छप्काएर रमण रमाउँदै हुन मन छ मलाई नोटपति। बढाएर दायरा हजारपति, नपुगेर रहरले बन्नु छ चाँडो लखपति, नाथे लाखले के लछार्न सक्छ भन्दै गुनागुनामा र गुड्डीको भरमा कमाऊ र रमाऊ बाटो समाउँदै हुनु छ छिटो करोडपति, अघिसम्म थियो यो चोला लखरलखर रोडपति।

समुद्रमा बाल्टी डुबाएर त्यहाँ पानी सुक्दैन। बिचौलियाको मनलाई करोडले १३ दिने गरुड लाउन पनि अझै पुग्दैन। बरु समाऊ कालाकाला खम्बाहरू। बेच समाजका देहधारी रम्भाहरू। कहाँकहाँ उम्रेका छन् पैसाका अम्बाहरू? दगुरदगुर, रात चौगुना दगुर! बन्नैपर्छ कम्तीमा अरबपति। अलि माथि चढ्दा कसो नपुगिएला त रकमको खरबारीमा अनि बनिएला त्यहाँ खरबपति। स्वर्गदेखि नर्कसम्मलाई पुऱ्याउनु छ आफ्नै हातबाट घुसदानी नचाउँदैनचाउँदै आफ्नो नाममा जाम नहुने गरी लालचको लाममा लाग्दालाग्दा यथार्थलाई कतै असरल्ल थाती राखेर भाग्दाभाग्दा पुगिन्छ टुप्पोमा धनेश्वर महोदयले सिफारिस गर्ने उपल्लो उपाधि धनपति। अरूले मेरो धनलाई कालो देख्छन्, तर म सदा सेतो।

हतियारहरू सबै देखाएर हिँड्छु म। मतियारहरू सबैलाई खेलाएर बाँच्छु म। म जोकर भए पनि मेरै वरपर बाँच्नुपर्छ तँ। संसारको सेरोफेरोको हुनु छ मलाई अधिपति। बढ्दै छ चाह मनका महत्त्वाकाङ्क्षाहरूमा चुलिँदै च्याँखे चलाखीहरू जतिजति। निम्छरा र हुतीहाराहरू मलाई बिचौलिया भन्छन् र मेरो बद्ख्वाइँमा समाचार लेख्छन् अनि सज्जन पल्टेका मेरा आँखाका दुर्जनहरू त्यही बिचौलियालाई खुइल्याइएका आचारविचारहरू मात्रै देख्छन्। भाले बास्दै गर्छ, सँगै स्याल कराउँदै गर्छ– मेरो ट्रिक सिद्धान्त अर्थात् बिचौलिया दर्शन। यसरी चलेको छ मेरो कम्पनी। अनवरत-अनवरत कानुन र मनुवाको आँखी भएर पनि चलिरहेको छ बिचौलिया ट्रिक सफर!

◆

गोविन्द भट्टराई

# माननीयज्यूको मोटरसाइकल



सङ्खुवासभाका प्रणीत बस्नेत स्वयम्मा अत्यन्तै सज्जन र इमानदार राजनीतिक कार्यकर्ता हुन्। एक हिसाबले पुराना र परिचित नेतै पनि भन्दा हुन्छ।

सांसद पनि भएका एक पटक। सिधा मान्छेको एउटा समस्या के भने अलिक बाङ्गो भएपछि अररो हुन्छ रे अनि थोरै बाङ्गो र घुमाउरो कुरा पनि बुझ्न र बुझाउनसमेत कठिन हुन्छ रे। खैर जे होस्, ती दुवै चरित्र उनमा थिए कि थिएनन्, उनै जानून्।

लामो समय जिल्लामा राजनीति गरेका उनी एक पटक सांसद निर्वाचित भए। काठमाडौँमा बस्नु त पर्‍यो अब संसदीय मिटिङमा सहभागी बन्न। लामो प्रयत्नपछि कलङ्की साइडमा डेरा पनि पाए। राजनीति गर्नु एक हिसाबले गाह्रो काम, सांसद बन्नु महागाह्रो, काठमाडौँमा डेरा पाउनु झन् सारो। अब भने कलङ्की-सिंहदरबार गर्न उनलाई सांसद बन्नभन्दा पर्‍यो अप्ठ्यारो। काठमाडौँको सार्वजनिक यातायातले न जनता देख्छ न त सांसद।

काठमाडौँ भित्रिएको छोटो समयमै कलङ्की-सिंहदरबार सार्वजनिक यात्राले नै उनको सम्पूर्ण उत्साह र जाँगर मक्किसकेको थियो। गाडी किन्न सक्ने अवस्था थिएन। सार्वजनिक यातायातको हबिगत त्यही हो। साथीभाइहरू पनि मोटरसाइकलवाला समेत थिएनन् नजिकैका। मान्छेलाई खुसी हुन पनि खासै विषय चाहिन्न कहिलेकाहीँ। अनि दुःखी हुन पनि ठूलो कारण नचाहिँदो रहेछ– खुट्टाको नङमा ठोकिँदा सम्पूर्ण शरीरले नै पीडा भोगेको जस्तो। अब उनमा दुई वटा विकल्प थिए– पहिलो सिंहदरबार नजिकै डेरा सर्नु र दोस्रो मोटरसाइकल किन्नु।

हो, यो कथा त्यही मोटरसाइकलको हो। माननीयले किन्नेवाला मोटरसाइकलको। अझ माननीयको व्यथा पो भनूँ कि!

संसदीय समितिको काममा जाँदा एक दिन उनले दोलखा जिविसको पुरानो मोटरसाइकल बिक्रीको टेन्डर देखेछन्। मोटरसाइकल किन्ने कि डेरा सर्ने? दोधारमै रहँदा एक्कासि निकै सस्तो तर पुरानो र ठूलो अनि लक्जरियस मोटरसाइकल भेट्टाउँदा को खुसी नहोला र! आफ्नो काम सकेर दुई दिन त्यसमै भिडेछन्। प्रक्रिया त मिलाउनुपर्‍यो। बढाबढमा पार्नु र पर्नुपर्‍यो। सन्जोगले उनलाई नै त्यो मोटरसाइकल पर्‍यो।

आफूले पारेपछि माननीयज्यू खुसी हुँदै हेर्न थाले ठूलो अनि आरामदायी जापानिज मोटरसाइकल। तर निकै वर्षदेखि कार्यालयमा थन्किएकाले स्टार्ट हुने त कुरै थिएन। एउटा मिनी ट्रकको व्यवस्था गरी काठमाडौँ ल्याए उनले। नेपालमा गाडी त मान्छेको पिठ्यूँमा बोकिएर आएको इतिहास छ। माननीयको हुनेवाला मोटरसाइकल गाडी चढेर आयो त केको अचम्म!

त्यतिखेर मोटरसाइकललाई १० हजारजति पऱ्यो। दुई दिनको बसाइ र गाडी भाडासमेत गरी अर्को १० हजारजति थपियो होला। जब काठमाडौँ आइपुग्यो त्यो मोटरसाइकल, माननीय चढेर कलङ्की होइन, महाराजगन्जको मर्मतसम्भार ग्यारेजमा पुग्यो महेशको। त्यसलाई राम्रो कन्डिसनयुक्त बनाउने सल्लाहमुताबिक ग्यारेजले इस्टिमेट निकाल्यो।

त्यसपछि भने माननीयले पसिना निकाले काठमाडौँको ठिहीमा पनि। लगभग एक लाख ५० हजारको मर्मतसम्भार र पार्ट्सको प्रारम्भिक लागत १० हजारको मोटरसाइकललाई। अब भने २० हजार माया मार्ने कि एक लाख ५० हजार थपेर बाइक चढ्ने भन्ने द्विविधामा पुगे माननीयज्यू। चार आनाको मासुलाई आठ आनाको मसला त सुनिएको हो यहाँ। चार आनाको बाइकलाई ६४ आनाको मसला भो पहिलो पटक।

जे होस्, बाइक मर्मतसम्भारका लागि ५० हजार एड्भान्स पनि दिइयो र सकेसम्म छिटो बाइक बनाइसक्ने कुरा भो। कलङ्की-सिंहदरबारको नियमित समस्या जो थियो। पुरानो बाइक, त्यो पनि जापनिज। अधिकांश पार्ट्स खत्तम थिए र काठमाडौँमा त के, जापानकै बजारमा पनि पाउन मुस्किल। आजभोलि गर्दागर्दै छ महिना बित्यो। ५० हजारबाट सुरु भएको एड्भान्स छ महिना पुग्दा अर्को एक लाख थपियो। नेपालका अधिकांश अटो वर्कसपवालाको कार्यशैली हो, हतारमा लतरपतरमा इस्टिमेट निकाल्यो, क्रमशः लगानी बढ्दै जान्छ अनि गाडीधनीसँगको लफडा सुरु हुन्छ।

अर्को एउटा अनौठो अवस्था के आयो भने माननीयज्यूको मुख्य गन्तव्य सिंहदरबार र सङ्खुवासभा होइन, अब महाराजगन्जको महेशको ग्यारेज बन्न पुग्यो।

लगभग एक वर्षमा बाइक एकसरो बन्यो। त्यसमा लगानी भने तराईको मारुतीजत्तिकै पो भो। अनि पार्ट्स? सर्कसको कामदारको ड्रेसजस्ता। सायद दर्जनौँ कम्पनीका पार्ट्सको संयोजनमा बनेको बाइकको गुड्ने ग्यारेन्टी भने अझै ग्यारेजवालाले गर्न सक्ने अवस्था नै थिएन।

एक लाख ५० हजारजति त माननीयज्यूले दिनुभो। वर्कसपको भनाइअनुसार अर्को एक लाखजस्तो वर्कसपले समेत हालिसक्यो, माननीयज्यूको जुन इज्जत जो छ। जब बाइक तयार भो र हिसाब गरेर लानुपर्ने दिन आयो, माननीयज्यूको संसद् सकियो र निकै महिना जिल्ला जानुपर्ने भो। दुई लाखको बाइक खर्च र दुई वर्ष झन्डैको कुरो यता। जीवनभरिको राजनीतिको वर्चस्व उता। माननीयज्यू जानुभो जिल्ला। अब तयार भएको बाइक वर्कसपमा। कहिले यता, कहिले उता।

नयाँ घर बनाएर एक वर्ष छाड्यो भने त्यत्तिकै त्यो घरको अवस्था कस्तो हुन्छ? माननीयको बाइक त झन् टालटुले र मुभिङ पार्ट्सले बनेको।

वर्कसपका बिराला खेद्ने मुसा, धूलो, पानी र घामको हमला, कहिले एकापट्टि ट्वाक्क, कहिले अर्कापट्टि ट्वाक्क। कुनै पार्ट्स मेकानिकले निकाल्यो, कुनै लडेर फुट्यो। लगभग छ महिनामा त्यो बाइक टिठलाग्दो बन्यो माननीयको राजनीतिजस्तै।

जिल्लाको काम सकी छ महिनापछि बाँकी पैसो बोकेर माननीयज्यू जब वर्कसपमा पुग्नुभो झन्डै, मूर्च्छा पर्नुभो। त्यति पीडा त उहाँलाई अघिल्लो पटक संसद्को चुनाव हार्दा पनि परेको थिएन, किनकि त्यही हराइले समानुपातिकको ढोका खोलेको थियो नि यस पटक। यो बाइकको फोकट खर्च र दु:खले मारुतीको ढोका त खुल्दैन नि!

डेढ लाख पैसो गयो। फिलिली जापानिज बाइकमा सिंहदरबार छिर्ने आस डेढदुई वर्ष अधुरै रह्यो। साथीको अगाडि बेइज्जत भयो। घरमा श्रीमती र छोराछोरीसँग त्यस बाइककै निहुँमा झगडा भइरह्यो।

हे भगवान्! दोलखाबाट ल्याउँदा बाइक जस्तो थियो झन्डै त्यही हालतमा पाउनुभो माननीयले। अब लफडा सुरु भो। नहोस् पनि कसरी? उहाँ डेढ लाख माग्ने, ग्यारेजवाला एक लाख। अब बाइक भने झर्दै १० हजारको जत्तिकै भइसक्यो फेरि। दुवै मर्कामा। माननीयज्यू भन्ने 'बाइक सद्दे ले'। वर्कसपवाला भन्ने 'सद्दे त के, थोत्रै लान पनि मेरो लाख दे'। अहिलेको हो र त्यो रकम, झन्डै २० वर्षअगाडिको। चक्रपथबाहिर सानो टुक्रो घडेरीकै मूल्य हो त्यो। अब सुरु भो लफडा, दर्जनौँ छलफल भए। सानातिना झगडा त कतिकति!

त्यति बेलासम्म बाइक त के, उहाँलाई काठमाडौँदेखि नै विरक्ति लाग्न थालिसकेको थियो। अब त सांसदको म्याद नै कति थियो र!

लगभग अर्को एक वर्ष ग्यारेजवाला उहाँकहाँ धाउन थाल्यो अब। एक लाख फसेको जो छ। तर मिलाउन, तिर्नेतिराउन र माननीयलाई सहीसलामत मोटरसाइकल दिलाउन सकेन कसैले पनि। कसरी तिराउनु, कसलाई तिराउनु?

सायद ढङ्ग नपुऱ्याउँदा, लहडमा योजना बनाउँदा, राम्रोसँग मिहिनेत र अध्ययन नगर्दा, राम्रो नियत भएर पनि व्यवस्थापन शून्य हुँदा अनि अलिअलि नियत खराब हुँदा देशको हालत पनि त्यही बाइकको जस्तो हुने त होला नि जुन हामी भोगिरहेका छौँ!

बेलाबेलामा त्यो वर्कसपमा जानेहरू निकै लाख खर्च भएको, टोलदेखि राष्ट्रिय रूपमा चर्चा पाएको, कवाडीदेखि कवाडीसम्म बन्ने तरखरमा रहेको त्यो बाइक हेर्थे, रमाइलो चर्चा गर्थे।

लगभग एक वर्षजति चल्यो त्यो क्रम र दुवै पक्ष सेलाए भनूँ या थाके। पुरानो, थन्किएको, ठूलो, लक्जरियस र जापानिज बाइक थियो त्यो माननीयज्यू, ग्यारेजवाला र भद्रभलादमीको पहुँचभन्दा निकै टाढाको प्राविधिक र व्यवस्थापकीय कुरो।

सायद अदालतमा नै त्यो केस पुगेको भए न्यायाधीशहरूले कसरी फैसला गर्थे होलान्? मुद्दा सुनेर इजलासमा कति हाँसो छुट्थ्यो होला न्यायाधीशसमेतको!

अहिले नेपालमा चीनले एउटा किन्दा अर्को एउटा उपहारमा दिएको, करोडको उपहारमा अर्बौं मर्मत खर्च भइसकेको, पाइलट नपाउने, सदैव बिग्रिरहने दुई वटा हवाईजहाजको लफडा चलिरहेको छ। र म भने झलझली माननीयको पुरानो मोटरसाइकल सम्झिरहेको छु।

आज धेरै वर्षपछि म महाराजगन्जको त्यो ग्यारेजमा पुगेँ एक्कासि। त्यहाँ त ठूलो सपिङ सेन्टर पो बनेछ! झलझली माननीयज्यूको सज्जन अनुहार याद आयो, उहाँको दु:खले मनै

चसक्क गरायो अनि सम्झना आयो बिचरा माननीयज्यूले चढ्न नपाएको लाखौँको त्यो मोटरसाइकलको !

◆

बलराम अधिकारी

# अस्तित्व विस्तारको इच्छा र विच्छेदनको चिन्ताको दोभानमा



म अस्तित्वात्मक जिजीविषा हुँ सदा शारीरिक, मानसिक, बौद्धिक र आत्मिक शक्तिको खोजीमा रहने। तर आफूले इच्छाएको शक्ति प्राप्त हुन्छ भन्नेमा म विश्वस्त हुन सक्दिनँ। त्यसैले म चिन्तामा डुब्छु। आफ्ना प्रयत्नहरूमाथि चिन्तन गर्छु, सम्भावनाका बारेमा घोत्लिन्छु, अनेकौँ विकल्प रोज्दै छाड्दै गर्छु। कहिले आनन्दको उन्मादमा रहन्छु, कहिले आशङ्कामा डुब्छु अनि विषादको अन्धकारमा हराउँछु। शक्तिप्राप्तिका लागि म कहिले प्रतिस्पर्धामा उत्रिन्छु, कहिले आफूभन्दा शक्तिवान्को प्रतिरोध गर्छु त कहिले तीसँग सम्झौता। मेरो मस्तिष्कको अगम्य गर्तमा गडेर बसेको अर्को पनि चिन्ता छ– त्यो हो अनुपस्थितिको। मसँग जुन शक्ति छ, मलाई जेबाट आनन्द प्राप्त भइरहेको छ त्यो शक्ति र आनन्दको स्रोत गुम्ला भन्ने चिन्ताले मलाई टोकिरहन्छ। एकातर्फ म नवीन परिवेश, नवीन चिन्तन, नवीन विकल्प, नवीन सम्बन्धहरूतर्फ खिचिइरहेको हुन्छु। नवीनतातर्फको मेरो आकर्षण अरोध्य छ। अर्कातर्फ आफ्नो नियन्त्रणमा रहेका वस्तुहरू, आफ्ना प्रियजनहरू गुम्ने चिन्ताले पनि उत्तिकै सताइरहन्छ। नयाँ खोज्दा पुरानो गुम्छ भन्ने चेत छ, तर मेरो अवचेतन मन नयाँ र पुरानो दुवैमा झुन्डिरहन्छ। म विभक्त छु यी दुईबीच।

मेरो जिजीविषा मनोवैज्ञानिक सिग्मन्ड फ्रोइडको आनन्दको सिद्धान्तबाट सञ्चालित छ। उनले सम्झाएका छन्– मानिस आनन्दमुखी प्राणी हो। ऊ सदा आनन्दको खोजी र त्यसको प्राप्तिको यत्नमा रहन्छ। आनन्दको प्राप्ति र उपभोगको इच्छाले उसलाई गतिशील बनाउँछ। पीडाको त्याग र आनन्दको खोजीले नै उसको जीवन चलाउँछ। म पनि फ्रोइडले बुझेको आम मानिस हुँ जो आनन्दको स्रोततर्फ खिचिइरहन्छ र पीडाबाट मुक्त हुने यत्न गर्छ। आफूलाई शारीरिक एवम् मानसिक आनन्द दिने वस्तु, विचार, वचन या व्यक्तिप्रति सधैँ आकर्षित हुन्छु; तर जसले मलाई पीडा दिएका छन्, दिन्छन्, दिने छन् तिनबाट विमुख हुने यत्न गर्छु। आफ्नो अस्तित्वलाई अनुकूल हुने वस्तुतर्फ आकर्षण र प्रतिकूल हुनेबाट विकर्षण हुने अस्तित्वात्मक चेतले मेरो जीवन चलेको छ। जुन अनुभूतिले आनन्द दिन्छ म त्यसैको निरन्तरताको कामना

गर्छु, आनन्ददायी अनुभूति उत्पन्न गर्ने स्रोतको सामीप्यको खोजीमा हुन्छु। त्यसैतर्फ आकर्षित हुन्छु। यतिखेर विपश्यना साधक सत्यनारायण गोयन्काको वचन मेरो मनमा प्रतिध्वनित हुन्छ– जुन अनुभूति प्रिय छ, हामी त्यसको निरन्तरताको कामना गर्छौं, जुन अनुभूति अप्रिय छ त्यसलाई रोक्ने र पर धकल्ने गर्छौं। यही आकर्षण र विकर्षणको समग्रताबाट नै मेरो मनःसंस्कारको निर्माण भएको छ।

मलाई के पनि चेत छ भने शारीरिक, मानसिक, आत्मिक कुनै पनि प्रकारको शक्ति सहजै प्राप्त हुँदैन। यसका लागि प्रयत्न र सङ्घर्षको आवश्यकता पर्छ। शक्ति आर्जनका लागि मैले कुनै न कुनै प्रकारको त्याग गर्नैपर्छ। हरेक सङ्घर्ष र त्यागमा पीडा लुकेको हुन्छ। तर पनि मलाई यो पीडा स्वीकार्य छ, किनभने मलाई थाहा छ, आनन्दको आकाङ्क्षालाई पीडाबाट अलग्गिन सकिँदैन। अझ महत्त्वपूर्ण त सामान्य अवस्थामा प्राप्त हुने आनन्दको अनुभूतिभन्दा पीडाबाट गुज्रिएर प्राप्त हुने आनन्दको अनुभूति कैयौँ गुणा फरक हुन्छ। तर यस्तो पीडा स्वस्वीकृत हुनुपर्छ। पीडा भोगेर प्राप्त हुने उपलब्धिमा एक प्रकारको चरम आनन्दको अनुभूति हुन्छ। प्रायः मेरो चेतन-अवचेतन मन यस्तै प्रकारको अनन्दतिर खिचिइरहन्छ। मैले देखे-सुने-पढेको छु यस्ता पीडा मिश्रित आनन्दका अनेकौँ दृष्टान्तहरू।

सन्तानप्राप्तिको आनन्दका कारण महिला प्रसव पीडा सहन्छन्। आध्यात्मिक आनन्दको खोजीमा सन्तहरू चरम कष्टबाट गुज्रन्छन्, आफ्ना शारीरिक र अन्य भौतिक इच्छालाई मनभित्रै मर्न दिन्छन्। मानप्रतिष्ठाका लागि खेलाडीहरू असामान्य शारीरिक अभ्यास गर्छन्, ज्ञानका लागि अध्येताहरू कठोर मानसिक अभ्यासमा लाग्छन्, सिर्जनाका लागि लेखक तथा चिन्तकहरू जस्तोसुकै पीडादायी एकाकीपन पनि सहन तत्पर हुन्छन्। अतः पीडालाई अलग्याएर आनन्दको अनुभूति गर्न सकिँदैन, न त आनन्दलाई पीडाबाट अलग्याउन नै सकिन्छ। मानिसको चरम आनन्दको खोजी नै यथार्थमा चरम पीडाको खोजीमा रूपान्तरित भइरहेको हुन्छ। त्यसैले मानिस पीडा मिश्रित आनन्दको खोजीमा हुन्छ। यसलाई मैले पीडानन्दको इच्छाका रूपमा बुझेको छु। पीडानन्दको इच्छालाई फ्रान्सेली मनोचिकित्सक एवम् दार्शनिक ज्याक लकाँले जुइसाँस (Juissance) भनेका छन्।

म फैलावटको इच्छा र सङ्कुचनको चिन्ताको दोभान हुँ। हरेक व्यक्तिको इच्छा हुन्छ– जैविक, भौतिक, मानसिक, आध्यात्मिक आयामहरूमा फैलिऊँ। वास्तवमा व्यक्तिको फैलिने इच्छा पनि उही आनन्दप्राप्तिको इच्छाबाट नै परिचालित हुन्छ। कतिपय इच्छाहरू व्यक्त हुन्छन् त कतिपय अव्यक्त नै रहन्छन्। कतिपय अचेतन तहमा गुम्सिएर रहन्छन् त कतिपय चेतन तहमा तैरिन्छन्। इन्द्रबहादुर राईको एक पात्रले भनेको बेलाबेला सम्झन्छु– *फैलिअ नत्र सकिन्छौँ।* हुन सक्छ, यही फैलने आदिम इच्छाका कारण म पढ्छु, पढाउँछु, लेख्छु, अनुवाद गर्छु, संवादद्वारा अरूसँग जोडिने प्रयत्न गर्छु। पढ्नु भनेको दिककालको सीमा छिचोलेर अरूको चेतनासम्म यात्रा गर्नु हो, आफ्नो चेतना लेखकको चेतनामा अन्तर्घुलित हुनु हो। यदाकदा म सोच्ने गर्छु– देवकोटा, लामिछाने, दौलतविक्रम, विश्वेश्वर, नित्से, सार्त्र, चेखब, दोस्तोएभ्सकी, मार्केज, जिब्रान, कृष्णमूर्तिहरूको चेतनाको अंशसँग मेरो चेतना नजोडिएको

भए आज म सङ्कीर्णताको कुन भासमा गडिरहेको हुने थिएँ होला। लेखन र अनुवाद मेरो चेतनाको विस्तृतिको अर्को पाटो हो। यसमा पीडा र आनन्द दुवै मिश्रित छ। प्राय: सोच्ने गर्छु– यदि मसँग अभिव्यक्तिका यी माध्यम हुने थिएनन् भने म कुन उकुसमुकुसमा हुन्थेँ होला। हरेक व्यक्ति आफू फैलिने माध्यमको खोजीमा रहन्छ।

चेतनाको फैलावटको कुनै सीमा छैन भन्ने मलाई थाहा छ। म कति फैलिन सक्छु भन्ने कुरा मेरै इच्छाशक्तिमा निर्भर रहन्छ। मेरा आधारभूत जैविक आवश्यकता पूरा हुँदैमा म सन्तुष्ट रहन सक्दिनँ। जैविक भोक पूरा भएपछि मानिस अभिव्यक्तिको खोजीमा रहन्छ। आफूलाई अभिव्यक्त गर्नु भनेको आफ्नो अस्तित्वात्मक चेतनाको विस्तार गर्नु हो। दिककालको सीमाभन्दा बाहिर जानु हो। मानिस भौतिक सीमामा सङ्कुचित भएर रहन चाहँदैन। यतिखेर मलाई सद्गुरुको विचार सान्दर्भिक लाग्छ– अन्य प्राणीका लागि प्रकृतिले सीमा तोकिदिएको छ। तिनीहरू त्यही सीमाभित्र जन्मन्छन्, मर्छन्। मानिसका लागि केवल पिँध विन्दु छ, तर उसको उपल्लो सीमा भने तोकिएको छैन। ऊ कति माथिसम्म फैलिन सक्छ भन्ने कुनै सीमारेखा नै छैन। उसमा सीमाहीन भई फैलने इच्छा हुन्छ। मानिसको सीमाविहीन भई फैलने इच्छा र सम्भावनालाई देखेर नित्सेले लेखेका छन्– मुक्ति र स्वतन्त्रताको इच्छा राख्नु नै वास्तवमा अस्तित्वको विस्तारको आसक्ति हो। नित्सेको विचारमा घोत्लिँदै म आफैसँग प्रश्नोत्तर गरी हेर्छु–

– म किन मुक्त हुन चाहन्छु?
– किनकि म फैलिन चाहन्छु।
– म किन स्वतन्त्रता रोज्छु?
– किनकि म आफ्नो तन्त्र अर्थात् शासन व्यवस्था आफै बनाउन चाहन्छु।

मेरो अवचेतन मन तोकिएका सबै प्रकारका बन्धन र सीमाहरूबाट बाहिर आउन सङ्घर्षरत हुन्छ। ऊ कृत्रिम नैतिकताको बन्धनभित्र निसास्सिन्छ। यस्तो नैतिकता परतन्त्र हो। यसमा अरूले निर्धारण गरेको सीमाभित्र व्यक्तिले आफ्नो स्वलाई सीमित राख्नुपर्ने हुन्छ। नैतिकताले बाँधिएको व्यक्तिको स्व तलाउको पानीजस्तै हो। तर ऊ स्वनिर्मित तन्त्रमा विश्वास गर्छ। स्वतन्त्र भई बग्न चाहन्छ। अवचेतन तहमा प्रतिध्वनित मेरो यस इच्छालाई नित्सेको वचनले बल दिएको छ। उनी बुझाउँछन्– हरेक व्यक्ति स्वतन्त्र आत्मा हो। कुनै पनि प्रकारको दासत्व उसलाई स्वीकार्य छैन, किनभने दासत्व प्राकृत होइन। परनियन्त्रण नै दासत्व हो। दासत्वबाट स्वतन्त्रता चाहनेले स्वनियन्त्रणको उपयोग गर्नुपर्छ। व्यक्ति आफ्नो नियन्त्रक आफै बन्न सकेमा मात्र ऊ परनियन्त्रणबाट मुक्त हुन सक्छ। परमूल्य अस्वीकार गर्नेले स्वमूल्यको निर्माण गर्नुपर्छ। जसलाई परसत्ता अस्वीकार्य छ उसले स्वसत्ताको निर्माण गर्न सक्नुपर्छ। हरेक सत्ता कुनै न कुनै मूल्यमा उभिएको हुन्छ। त्यसैले स्वसत्ताका लागि व्यक्ति आफैले आफ्ना लागि मूल्य र मान्यताको निर्माण गर्नुपर्छ। तब मात्र ऊ भीडले थोपरेको नैतिकताको बोझबाट बाहिर आउन सक्ला। स्वमूल्य र स्वसत्ताको निर्माणका लागि उसले आफ्नो विवेकको प्रयोग गर्नुपर्छ। विवेकको अभावमा स्वतन्त्रता कुँजो हुन्छ।

मभित्र सलबलाइरहने स्वतन्त्रताको इच्छा वास्तवमा अस्तित्व फैलावटको इच्छा हो। फैलिनका लागि शक्ति आवश्यक हुन्छ। यो गतिशीलताको नियम हो र शक्तिको अनुपस्थितिमा कुनै पनि अस्तित्वको उपस्थिति कल्पनासम्म गर्न सकिँदैन। अशक्तता रुग्णता हो, मृत्युको लक्षण हो। जैविक या मानसिक जुनसुकै प्रकारको मृत्यु होस्, मृत्युले सबै प्रकारका अस्तित्वलाई अनुपस्थित बनाउँछ। म खुम्चिन चाहन्नँ, म अनुपस्थित हुन चाहन्नँ। त्यसैले आफ्नो अस्तित्वको विस्तारका लागि शारीरिक शक्तिको आर्जनमा लाग्छु। प्रथमत: म देह अर्थात् शरीर नै हुँ। मेरो देह अनेकौँ अमूर्त इच्छाहरूको मूर्त अभिव्यक्ति हो। म देश हुँ चेतनाको विराट्ता बोक्ने। यदि आत्मा ईश्वर हो भने मेरो देह मन्दिर हो। म यस मन्दिरलाई सजाउँछु, सिँगार्छु, सुरक्षित राख्छु। मेरो देह मानसिक ऊर्जाको भट्टी हो। जुन दिन यो भट्टी निभ्छ त्यस दिन मेरो भौतिक अस्तित्व पनि समाप्त हुन्छ। अध्ययन र चिन्तनबाट यो ऊर्जा केन्द्र चलेको छ। मानसिक ऊर्जाका लागि म अध्ययन मार्ग रोज्छु। म शरीर र मस्तिष्कभन्दा पर र उपल्लो चेतना पनि हुँ। यो विराट् विश्व चेतनाको एक अंश हुँ र उक्त चेतनाको लघु धारक पनि हुँ। यो विराट्ताको बोध केवल एकाग्र मौनता र ध्यानबाट सम्भव छ। यसका लागि म स्व-अवलोकन र ध्यान मार्ग रोज्छु।

शरीर, मस्तिष्क र मनको विस्तारको इच्छाले हरेक व्यक्तिलाई चलाइरहेको हुन्छ। म देख्छु र केही बुझ्छु पनि। आफ्नो अस्तित्वको त्रि-आयामिक विस्तारका हरेक व्यक्तिको अगाडि हिंसात्मक र शान्तिपूर्ण दुवै मार्ग खुला हुन्छ। म आफ्नो अस्तित्वको फैलावटका लागि हिंसात्मक मार्गको पक्षमा छैन। कारण आफ्नो अस्तित्वको विस्तारका लागि हिंसात्मक मार्ग रोज्नेले अन्यको अस्तित्वमाथि अतिक्रमण गर्छ। ऊ दमनद्वारा अरूको स्वलाई आफ्नो नियन्त्रणमा लिन चाहन्छ। यस्ताको जीवन हिंस्रक स्वामित्वको भावनाले चलेको हुन्छ। यिनमा दासत्वको मानसिकता रहेको हुन्छ। दासत्वको मानसिकता भएको व्यक्ति कि त शक्ति आर्जन गरेर अरूलाई दास बनाउन चाहन्छ कि शक्ति आर्जनका लागि अरूको दास बन्न तत्पर रहन्छ। यी दुवै प्रकारको दासत्वमा हिंसा लुकेको हुन्छ। आफ्नो अस्तित्वको विस्तारका लागि शान्तिपूर्ण मार्ग रोज्नेहरू अन्यको अस्तित्वलाई सहजै स्वीकार गर्छन्। उनीहरू अरूको मालिकभन्दा पनि आफ्नै मालिक बन्न रुचाउँछन्। अर्थात् आफ्नो स्वामी आफै बन्ने प्रयत्नमा रहन्छन्।

अस्तित्व विस्तारको इच्छासँगै जोडिएको छ अस्तित्व सङ्कुचन र विच्छेदनको चिन्ता। मलाई थाहा छ, मेरो विस्तारको सम्भावनाको कुनै सीमा छैन र मलाई मेरा सम्भावनाहरू अनेकौँ सीमाहरूभित्र बाँधिएका छन् भन्ने पनि थाहा छ। मेरा सम्पूर्ण इच्छा-आकाङ्क्षाहरू फिजिकालिटी अर्थात् भौतिकताको सीमाभित्र बन्द छन्। भौतिकताको निर्धारित सीमा र आयाम हुन्छ। यही सीमा र आयामले गर्दा नै म भौतिक रूपमा उपस्थित छु। तर भौतिकताको सीमाभित्र उम्लिरहने इच्छाहरूले भने मलाई असीमितताको उडानतर्फ घचघच्याइरहन्छन्। म यही सीमितताबाट असीमितताको प्राप्तिका निम्ति सङ्घर्षशील रहन्छु। यसले ममा तनाव उत्पन्न गर्छ। एकातर्फ मलाई आफूभित्रको विस्तारको सम्भावना र क्षमताको चेत छ भने अर्कातर्फ आफ्ना सीमाहरूको पनि चेत उत्तिकै छ। यस्तो अवस्थामा भौतिकताको सीमाभित्र म आफूलाई निसास्सिएको अनुभव गर्छु। त्यसै गरी समाजद्वारा निर्मित नियम, कानुन, आचरण, नैतिकताले

पनि मेरो अस्तित्वलाई उत्तिकै खुम्च्याइरहेका हुन्छन्। यी सबै कुरा समाजले निर्माण गरेका व्याकरण हुन्, तर हरेक व्यक्तिको जीवन एक अलङ्कार हो। समाजको व्याकरणभित्र म आफ्नो अस्तित्वको अलङ्कार निसास्सिएको अनुभव गर्छु। व्याकरणको बन्धन र सीमाले गर्दा मलाई बारम्बार क्लस्ट्रोफोबिया हुन्छ।

अर्को चिन्ता छ विच्छेदनको। म क्षयवान्, नाशवान् देह हुँ। हरेक क्षण यो गलिरहेछ, मरिरहेछ र अन्त्यको एक निर्दिष्ट विन्दुतर्फ चलिरहेछ। फ्रान्सेली गणितज्ञ तथा दार्शनिक पास्कलको चिन्ता र चिन्तनमा म आफैलाई झलझली देख्छु– यो छोटो जीवनका बारेमा सोची ल्याउँदा मेरो अन्तर्मन थरथराउँछ। मैले पाएको यो मिलिक्क झैँ लाग्ने यो समयलाई अनन्तताले निलेको छ। मेरो जीवन यही अनन्ततामा बिलाउने छ। पलपल, हरपल मेरो अस्तित्वको केही न केही अंश क्षय भइरहेको छ, म केही न केही गुमाइरहेको छु। तर भएको गुमाउने क्रममा केही न केही नयाँ पनि पाइरहेको छु। तर जब म प्रापक नै गुम्छु, अन्ततः मेरा सबै प्राप्तिहरू गुम्ने छन्। क्षय र प्राप्तिको खेलमा क्षय नै अगाडि आउँछ। जीवन क्षणस्थायी छ। क्षणभङ्गुरता अकाट्य सत्य हो, तर म चाहना गर्छु चिरस्थायीको। न मैले इच्छाउँदैमा मेरो अस्तित्व चिरस्थायी हुन सक्छ न त अस्तित्व क्षणस्थायी छ भन्दैमा म चिरस्थायीको कामना गर्न नै छाड्छु। अतः अस्तित्वको निरन्तरताको चाहना र चाहना अप्राप्तिको चिन्ता मभित्र सँगसँगै चलिरहन्छन्।

अनित्य संसार, अनित्य देह यो। जीवन अनित्य छ। तर म भने नित्यताको इच्छाले बाँचेको छु। अस्थायी छ मेरो अस्तित्व, तर म सङ्घर्ष गर्छु स्थायित्वका निम्ति। म हुनुभन्दा अगाडि आरम्भहीन समय थियो र मेरो नहुनुपछि पनि अन्त्यहीन समय रहने छ। मेरो अस्तित्व भन्नु यी दुईबीचको सानो मिलिक्क मात्र हो। तर म अबुझ भने आफ्नो मिलिक्कझैँ अस्तित्व लामो समयसम्म बलिरहोस् भन्ने इच्छाउँछु। यस्तो इच्छा वास्तवमा मेरो आफ्नो जीवनप्रतिको आसक्ति हो, मेरो अस्तित्वको आधार पनि हो। जब मलाई आफ्ना यस्ता इच्छाहरू पूरा हुँदैनन् भन्ने लाग्छ तब ममा चिन्ता उत्पन्न हुन थाल्छ। आफ्नो अनित्य अस्तित्वको औचित्यमाथि प्रश्न गर्न थाल्छु। आखिर एक दिन त सबै कुरा छुट्ने छन्। जीवन नै छुट्ने छ भन्ने चिन्ताले मलाई सताइरहन्छ। अनि मलाई प्राप्त समयका बारेमा झल्याँस्स हुन्छु।

◆

अनुपम रोशी

# ऊ अर्थात् एउटा भ्रम



ऊ थियो र सबै कुरा आफ्नो लाग्थ्यो।

ऊ छैन, आज आफू पनि आफ्नो लाग्दैन।

देख्छु सडकछाप जिन्दगी। फोहोरको थुप्रो। फाटेका ढल। भित्तामा पिसाब फेर्ने चेतना। आँसुको वाग्मती र थपिँदै गएको अन्योल।

मैले हुनुपर्थ्यो महामारी, हुनुपर्थ्यो सुनामी र शक्तिशाली भूकम्प। मेट्नुपर्थ्यो सडकछाप अस्तित्व, बगाउनुपर्थ्यो फोहोरको थुप्रो। र भत्काउनुपर्थ्यो भित्तामा पिसाब फेर्ने चेतना, तर सधैँ भ्रम बाँचिएछ जिन्दगी। र त्रास हाँसिएछ खुसी। सधैँ प्रयोग भइरहने अस्तित्वले प्रयोग गर्न सक्दैन आफ्नै चेतनालाई र दास हुन्छु आफ्नै।

मनको संसार भन्नु नै असन्तुष्टिको संसार रहेछ। असावधानी र अनिर्णयको बन्दी भएर बाँच्ने जिन्दगीको एउटा छेउबाट हेर्छु। लाग्छ, हुनु र नहुनु दुवै प्रक्रिया हो जीवनको। ऊ नै अन्तिम सत्य होइन खुसीको। तर शून्य भएको छ मभित्रको मान्छे।

आफ्नै ठानेको सहर आफ्नो लाग्दैन आज मलाई। उसको असहभागिताले एकाएक बिथोलिएको छ मेरो वर्तमान। लाग्छ, पखालिएकी छु। र एउटा शून्यता थपिएको छ।

हिजोसम्म म संसार जित्न हिँडेकी थिएँ। उसैलाई अँगालेर दुनियाँ बसाउन चाहन्थेँ। केही त सपनाहरू थिए। तर पलमै ती सपनाको सेतु भत्कियो। मैले मेरै भनेको मेरो संसार आज आफ्नो लाग्दैन मलाई। यहाँसम्म कि आफ्नै जिन्दगीको रथ आफूबाट फुस्किएको अनुभव हुन्छ। आखिर दोष कसको? मैले उसलाई आफ्नो ठान्नुको? उसले मलाई आफ्नो ठान्नुको या फेरि हामी दुवैले बाँचेको भ्रमको?

यति बेला मुटुको केन्द्रविन्दु प्रयोगशाला बन्छ। चेतनाहरू आफ्नै चाहनाको परीक्षणमा पटकपटक फ्लप हुन्छन्। र उपस्थित हुन्छ एउटा भयानक शून्यता। हो, विश्लेषण गर्न सक्दिनँ मैले त्यो शून्य अस्तित्वलाई जहाँ आफ्नै अनुहार हेर्न मिल्ने कुनै दर्पण छैन। आफ्नै नियतिलाई सच्याउन मिल्ने कुनै विधाता छैन। स्खलित हुन्छ त्यो सिङ्गो स्वरूप जहाँ म निर्धक्क उभिएकी छु भन्ने गर्थें?

यो मोहको संसार।

यो भ्रमको दुनियाँ जसको म जन्मँदै दास भए। कमारो भएँ जसले निःसन्देह हिँड्न दिएन। निस्फिक्री हाँस्न दिएन। न उड्न दियो आकाशमा चराजस्तै। बस, निर्देशन गरिरह्यो। निकै अप्ठ्यारा अनुभूतिहरूको निर्देशन। अस्वाभाविक प्रक्रियाहरूको निर्देशन।

जसलाई म हेर्न खोज्दा मात्रै पीडाको तरङ्ग भएर दुःख दियो। जसलाई मैले अनुभूत गर्न खोज्दा अनुभूतिका सतह नै खारेज भए। यसरी अनाहकमा खलबलिने अन्तर्तहको ठोस स्थिति के हुन सक्ला?

आफूलाई नचिन्दी हुँ त सायद यति धेरै दु:ख हुने थिएन होला। थाहा छैन, भोकबाहेकका चिजमा अरू प्राणी कति दु:खी हुन्छन्? तर मान्छे सधैँ असन्तुष्टि र समयसँगको एउटा अराजक परिचय। हरेक प्राप्तिपछि पनि पुन: अतृप्त जन्तु जो आफ्नै पराजयमा सन्निपात बाँचेको एउटा अटेर मस्तिष्क लिएर घुमिरहन्छ। जो कसैलाई उपहारमा दिन मिल्दैन। न निकालेर धुन मिल्छ।

डाक्टरहरू मिर्गौला प्रत्यारोपण गर्छन्। कलेजो र मुटुको पनि सफल शल्यक्रिया गर्छन्। नसामा बगिरहेको रगत पूरै फेरबदल गर्न सक्छन्। तर अनुभूति किन फेरबदल गर्न सक्दैनन्? यदि मन पनि फेरबदल हुने भए कति पटक फेरबदल गर्थें होला म। मान्छेको स्वरूप मात्रै राखेर नयाँनयाँ अनुभूति साट्न हुन्थ्यो।

सबका सब एउटा कल्पना त हो। अनुभूतिका लहरहरू बग्न थालेपछि यसरी नै छाल उर्लिन्छन्। केही सुखको खोजीमा धेरै दु:खको स्वर, व्यञ्जन र पूरै वर्णमाला पढ्न बाध्य हुन्छौँ। तर भेट्दिनँ जिन्दगीको ह्रस्वदीर्घ कतै। जिन्दगीको केही अंश त्यसको आकर्षण हेरेर बित्यो। र बाँकी त्यसको विकर्षणमा बित्दै छ।

साँच्चै ममा यति बेला त्यही विकर्षणको यात्रा सुरु भएको छ। चेतन र अवचेतन मनले देखेका छुट्टाछुट्टै सपनाका रङहरू एकाएक मिसिएर कुरूप सपनाको जन्म भएजस्तो, टुक्रिएर मुटु शरीरबाट अलग्गिएजस्तो आभास भइरहेको छ। लाग्छ, कुनै अदृश्य शक्ति मभित्र समेटिएको छ। र उसले भकाभक मेरो मनोविज्ञान निलिरहेको छ जुन बाह्य हो। परशक्ति हो। तर आन्तरिक हुन खोज्ने उसको प्रयासलाई किन नकार्न सक्दिनँ म?

आफैभित्र अटेसमटेस यस्ता सवालहरूले बढाएको यो विचलनको शृङ्खला आखिर कहाँ गएर अन्त्य हुन्छ?

अँध्यारोमा पोखिएको मैनबत्तीको उज्यालोजस्तै अभीष्ट आँखाको चमक मेरो कल्पनाको अँगालोबाट किन बाहिरिन सक्दैन? म अनुभव गरिरहेको छु चेतनाशून्य हुँदै गएको। हो, रोकिएको छैन श्वासप्रश्वास। चलिरहेकै छ मुटुको धड्कन पनि, तर रित्तिँदै छ अनुभूति। खोक्रिँदै छ सपना र रहरले भरिएको जवान शरीर।

आखिर केही पनि त होइन ऊ। मेरा लागि त म नै मेरो सर्वेसर्वा हुँ। फेरि किन शासन गऱ्यो उसले? उसको साम्राज्य भइदियो किन मेरो मन?

जिन्दगीलाई टकटकाएर खोज्छु। एक पलको तृप्तिबाहेक ऊसँगको प्राप्ति अरू केही भेटिँदैन। ऊ भएर मेरो भोको पेट भरिएको पनि थाहा छैन। न त उसले एकछिन अँगालोमा बेर्दैमा मेरो नाङ्गो आङ छोपिएको छ। मेरा सपना, रहर, सङ्घर्ष सबै त मैसँग छन् र पनि भयानक शून्यता किन अनुभव भइरहेको छ? किन कालो अँध्यारो मात्र देखिएको त्यो उज्यालो आकाश?

ऊसँग बिताएका पल, सँगै देखिएका रङ्गीन सपना, अनन्तमा लुकेर बसेको तृष्णा, प्यास, तृप्ति सबै त मसँग छन्। मात्र ऊ छैन। अझ भनूँ, उसको शरीर छैन मसँग। के मेरो छटपटी उसको त्यही शरीरका लागि हो? या अरू पनि केही छ जसलाई मैले ठम्याउन सकिरहेकी छैन।

जब हेर्छु यो भौतिक संसार र मान्छेको इतिहास अनि लाग्छ, प्रयोगकै लागि जन्मिएकी हुँ म। प्रयोगकै लागि जन्मिरहेका छन् प्रकृतिका हरेक जीव। अलिकति संवेदना भरिँदैमा, अलिकति चेतनाको विस्तार हुँदैमा परिवेश मान्छेअनुकूल हुन्छ भनेर सोच्नु मेरै मूर्खता हो कि?

मन फरक तत्त्व हो भनेर दुनियाँले व्याख्या गरिरहँदा मलाई हत्केलामा लिन मन लाग्छ आफ्नै मुटु र निकालिदिन मन लाग्छ भ्रम बाँच्ने प्रवृत्ति। शरीरजस्तै आफ्नै सतहमा रहनुपर्थ्यो मनले। समुद्र बनेर संसार अँगाल्न खोज्ने असन्तुष्टिलाई किन जन्म दियो?

अशान्त, अस्थिर र अव्यवस्थित पीडाका उपमाहरूभन्दा माथि राखेर हेरिनुपर्छ भन्ने मानसिकताअनुसार त ऊ अपेक्षारहित तत्त्व हुनुपर्थ्यो जहाँ आग्रह, पूर्वाग्रहको कुनै स्थान नहुनुपर्थ्यो।

ऊ त ऊ हो, ऊ म हुन सक्दैन भन्छु। ऊसँगको सम्बन्धलाई खोज्नु हुँदैन भन्छु। लाग्छ, उसले कहिल्यै सम्बन्ध खोजेन। सम्बन्धले नै हरेक ठाउँमा उसलाई खोज्यो।

उसलाई आफ्नो ठान्नुको कुनै व्यग्रता थिएन। न कुनै विशिष्टता थियो, किनकि ऊ मसँगै थियो। तर जसै मैले उसलाई आफूबाट छुटाउन चाहेँ, एकाएक व्यग्रता भरियो। र जिन्दगीप्रतिको मेरो दर्शन नै परिवर्तन भयो।

भावनाको दृष्टिबाट माथि उठेर पटकपटक मैले उसलाई हेर्न खोजेँ। लाग्यो, आदर्श भन्नु एउटा ढोङ हो। इनारभित्रको सभ्यता हो जसको संसार भ्यागुताहरूको ट्वारट्वारभन्दा अरू केही होइन। विष नभएका सर्पहरूलाई साथी बनाएर बाँचेको मूल्यहीन जीवनजस्तै, जति उफ्रे पनि इनारभित्रै खस्ने सपनाहरूजस्तै। पानी पर्न नसकेर उकुसमुकुस भएको छ समय। केही हराएजस्तै, केही पाएजस्तै, केही अनौठो भएजस्तै अस्थिर छु म। र मसँगको ऊ जिन्दगीको सबैभन्दा ठूलो युद्धजस्तो भएको छ, किनकि सपनाहरू आवश्यकताभन्दा बढी उचालिँदै र पछारिँदै गरिरहेका छन्। अँध्यारो विष वमन गरिरहेको छ वर्तमानले। म कठोर हुने प्रयास गरिरहेछु।

जिन्दगीको अर्थ मर्नु र बाँच्नुको अन्तर। यसरी नै रकेटले छाडेर गएको धूवाँजस्तै गोरेटो, बाटो अनि बादल भएर बिलाउने छन्। हेर्दाहेर्दै तिनै बादलका टुक्राहरूसँग जिन्दगीका अन्तिम हरफहरू ठोकिन्छन्। र अश्रुवर्षा भएर पोखिन्छन्।

समयलाई अलिकति कोल्टे फर्काएर ऊ भेटिएको थियो। कुनै उत्सर्ग थिएन ऊ भेटिनुको। असान्दर्भिक र अप्रासङ्गिक पनि होइन त्यो समय जहाँ ऊ भेटिएको थियो। प्रशस्त थाहा थियो, भेटिनुको प्रसङ्ग निश्चित रूपमा छुट्टिनु हो।

त्यही भेटले मेरो जिन्दगीको औपचारिकता भत्कायो। जति बेला मान्छेहरूको भीड र मेरो सपनाको साम्राज्य आफ्नै गतिमा थियो। हत्या र आतङ्कभन्दा फरक युद्धका थप परिकल्पनाहरू थिए।

तर एकाएक रोकियो त्यो सपनाको गति, किनकि ऋतुजस्तै बदलिने समयको आयतन घटबढ भइसकेको थियो। र त्यो संवेगको धरातलभित्र कतै हल्लिएको थियो, किनकि उसले

जित्नुको नाममा आफैलाई हारेको थियो। र मैले हार्नुको नाममा उसैलाई जितेकी थिएँ। र यही एउटा सर्वोत्कृष्ट भ्रम थियो।

◆

नीलकमल

# कर्म योन्जन : मेलोडी किङ अफ दार्जिलिङ



वि. सं. २००७ तिरको कुरा हो, दार्जिलिङमा आर्ट एकेडेमी खुलिसकेको थियो। त्यतिखेरको दार्जिलिङमा रौनकै अर्कै थियो। इन्द्रबहादुर राई, शिवकुमार राई, अगमसिंह गिरी तथा लक्खीदेवी सुन्दासहरू साहित्यमा नयाँ बाटो खोज्दै थिए भने मनबहादुर मुखिया तथा किरण ठकुरीहरू रङ्गमञ्चमा पाइला नाप्दै थिए। त्यति नै बेला आर्ट एकेडेमीमा गोपाल योन्जन बाँसुरी बजाउँथे, शरण प्रधान मेन्डोलियम भने रन्जित गजमेर तबला। जितेन्द्र बर्देवा, अरुणा लामा तथा दिलमाया खातीहरू गायकीमा निर्लिप्त हुँदा आफैलाई बिर्सिन्थे। एउटा ख्याउटेख्याउटे तामाङ केटाले त्यहाँ एक दिन मेन्डोलियमको मेलोडीयुक्त धुनमा यसरी गीत गायो कि त्यहाँ उपस्थित सबै गायक तथा वाद्यवादकहरू छक्कै परे। त्यो ख्याउटे केटो थियो आजको नेपाली सुगम सङ्गीतको मेलोडी गायक तथा सङ्गीतकार कर्म योन्जन।

२० को दशक पनि टेक्न नपाउँदै कर्मका गीतहरू नेपाली बस्तीहरूमा निकै लोकप्रिय भए। सन् १९३७ को अक्टोबर २८ मा बाबु छेसाङ योन्जन र आमा रानीमाया मोक्तानको कोखबाट दार्जिलिङमा जन्मेका कर्म किशोरावस्थादेखि नै गीतमा रमाउन थालेका थिए। ब्रिटिस सरकारको कडा निगरानी रहने कार्यालयका जागिरे पिता रहेको उनको परिवारमा सङ्गीतको माहोल पटक्कै थिएन, तर बाल्यकालदेखि नै जे काममा हात हाले पनि त्यसलाई फत्ते गर्नुपर्ने उनको स्वभाव रहेको र उनले गर्ने काम पनि मुख्य रूपमा सङ्गीत नै रहेकाले उनको जीवन आजको अवस्थामा आएको हो। वाद्यवादन, सुन्दर स्वरको गायकी प्रस्तुति र मेलोडियस साङ्गीतिक धुनको परिचय त्यति बेलै नेपाली सङ्गीत क्षेत्रले पाएको हो। वरिष्ठ उस्ताद आर. बी. लामाको गुरुकुलमा शास्त्रीय सङ्गीतको अध्ययन गरेपछि उनमा सङ्गीतको सैद्धान्तिक ज्ञानको पनि बढोत्तरी भयो। सानैदेखि हार्मोनियमको रिडसित खेल्दै गीत गाएर आफ्ना छिमेकीहरूको ध्यान तान्ने उनी भ्वाइलिन र मेन्डोलियम बजाउन थालेपछि त सानो ठाउँ दार्जिलिङमा चर्चाको शिखरमा नै पुगे। जर्मनेली भ्वाइलिनवादक मि. ई. स्ट्रिनबर्गको सान्निध्य पाए उनले जसबाट उनको सीपमा अझ निखार आयो। नेपाली सुगम सङ्गीत, लोकसङ्गीत र पाश्चात्य स्वरलिपिको अध्ययनपश्चात् उनी रवीन्द्र सङ्गीतमार्फत भारतीय स्वरलिपिको अध्ययन गर्न पुगेका हुन्।

कर्मका प्रतिनिधि सिर्जनाहरू नोर्देन रुम्बाको शब्द तथा अरुणा लामाको स्वर रहेको 'फूललाई सोधेँ, कहाँ गयो, कता लाग्यो भमरा...', मनबहादुर मुखियाको शब्द र कुमार सुब्बाको स्वर रहेको 'ए फूल चुँडेर लानेहो ! यहाँ माली रोएको देख्यौ कि?...', ईश्वरवल्लभको शब्द तथा दिलमाया खाती र कुमार सुब्बाको युगल स्वर रहेको 'सँभाल पछ्यौरी, यो झरिसक्यो भुइँमा...', गोपाल योन्जनको शब्द र उनी आफैसहित दिलमायाको स्वर रहेको युगल गीत 'सम्झेरबुझेर दिइहाल त्यो जोबन; आँखा लोभी, मन पापी बुझ्दैन तिम्रो मन...' नारायण गोपालको स्वर र कर्मकै शब्दसङ्गीत रहेको 'चिनारी हाम्रो धेरै पुरानो भएझैँ लाग्दछ...'-जस्ता अजम्बरी गीतहरू नेपाली सङ्गीतको स्वर्णिम युगका स्वर्णिम रचनाहरू हुन्। आज युट्युबको जमानामा कम्प्युटरले सङ्गीत बनाउँछ र सुनेर आह्लादित हुने गीतसङ्गीत हेरिन्छ। कर्मको जमाना यस्तो थिएन। आजको कम्प्युटर र फेसबुकको पुस्ताले यी गीतहरू बिर्से पनि नेपाली सङ्गीतको इतिहासका यी स्वर्णिम नमुनाहरू हुन्।

आफ्ना निकटका नातेदार अर्थात् काकाका छोरा गोपाल योन्जनको गीत लेखन र कर्मको सङ्गीतलाई दार्जिलिङको गोरखा दुःख निवारक समितिद्वारा आयोजित प्रतियोगितात्मक नेपाली सङ्गीत सम्मेलनले सन् १९६० मा नै कर्मलाई सर्वप्रथम घोषणा गरेको हो। गोपाल छ महिनाको छँदा नै उनका बुबाको मृत्यु भएकाले उनकी आमासहित आफ्नो घरमा बस्ने वातावरण नभएपछि उनै कर्मको घरमै बस्ने गर्थे। स्थानीय टर्नबुल स्कुलमा पाँच कक्षामा पढ्दै गर्दाको कुरा हो, आइतबार स्कुल छुट्टी हुँदा अन्य साथीहरू गृहकार्य सकेर खेल्न लाग्थे, तर कर्म-गोपाल दाजुभाइ भने गाउँका एक जना धनी मान्छेकहाँ रहेको ग्रामोफोनको गीत सुन्न दौडिहाल्थे। त्यहाँ जस्ता गीतहरू बज्थे उनीहरू पूरै सुन्थे, अझ मास्टर मित्रसेन थापा र मास्टर रत्नदास प्रकाशको गीत सुनेपछि तिनीहरू आह्लादित नै बन्थे। आज पनि कर्म सम्झिन्छन्, उनीहरूको गीतले नै नेपाली सङ्गीतमा आफू यो अवस्थामा आउन सम्भव भएको हो। दाजुभाइ एउटै कोठामा बसेपछि एकै सिटिङमा नै गीतमा सुन्दर कम्पोजिसन बन्थ्यो। आफ्नै बारीको निगालो काटी बाँसुरी बनाएर बजाउने भाइ गोपाल योन्जनको खुबीबाट मनमनै अति सन्तुष्ट थिए कर्म। त्यतिसम्म कुनै गीतकारले गीत लेखेर सङ्गीतकारलाई दिएपछि उसले सङ्गीतको कम्पोज गर्ने कुरा त साधारण नै भयो, तर कर्म र गोपालको जोडी यस्तो थियो, कर्म कुनै धुनको परिकल्पना गरी हार्मोनियममा ट्युनिङ गर्थे, त्यो धुनमा आधारित रहेर गोपाल गीत लेख्थे। यो चाहिँ कर्म र गोपालको जोडीमा बडो अचम्मको गुण थियो। एक पटक दार्जिलिङमा ठूलो झरी परेको दिन थियो, कर्म-गोपालले एकै बसाइमा यस्तो गीत जन्माए जुन आज पनि अजम्बरी गीतका रूपमा चर्चित छ।

> सम्झेर, बुझेर दिइहाल त्यो जोबन
> आँखा लोभी, मान पापी, बुझ्दैन तिम्रो मन।

गोपालको शब्द र कर्मको सङ्गीत रहेको यही गीतले गोरखा दुःख निवारक सम्मेलनले आयोजना गरेको पहिलो प्रतियोगितात्मक सङ्गीत सम्मेलनमा गीत, सङ्गीत र गायन तीनै विधामा सर्वोत्कृष्ट स्थान पाएको थियो। हुन पनि हो, शरण प्रधान तथा रञ्जित गजमेरको सङ्गम,

जितेन्द्र बर्देवाहरूको सावनजस्ता हस्ती साङ्गीतिक संस्थाहरूलाई पछि पार्दै कर्म-गोपालले यो पुरस्कार पाएका थिए। कर्मको प्रतिभा यति मात्र होइन, त्यो भेगमा जति पनि प्रतियोगितात्मक गीत सम्मेलनहरू भए र कर्मले जतिमा भाग लिए ती सबैमा उनै सर्वोत्कृष्ट भए। यसबाट पनि उनको अद्वितीय गायन क्षमताको आकलन गर्न सकिन्छ।

परिवारमा एक्लो हुँदा पूर्ण रूपमा नै गीतसङ्गीतमा होमिएका कर्म सुश्री चम्पा पाख्रिनसित लगनगाँठोमा बाँधिएपछि दुई छोरीका पिता पनि बने। चम्पासितको प्रेमकथा पनि निकै रोचक रहेको कर्म-चम्पा बताउँछन्। म्हेन्दो नामक तामाङ संस्कृति सम्बद्ध नाटकमा कर्मको सङ्गीत छँदा चम्पाको स्वर गायकी थियो र यही घटनाबाट उनीहरूका बीच परिचय स्थापना भएको हो। कर्मप्रति ठूलो श्रद्धा र सम्मान भए पनि विवाहको सोच भने कर्मकै जोडले भएको हो भन्छिन् चम्पा। सन् १९७० मा उनीहरूका बीच मागी विवाह हुन पुगेको हो। छ सन्तानमध्येका जेठा उनी र अब भने उनको सङ्गीतले मात्र चार वटा पेट भरिएनन्। ती पेटहरू भर्न उनले केही अर्थोपार्जनको बाटो समाउनुपर्‍यो। शिक्षाशास्त्रमा स्नातक गर्न उनी कालिम्पोङ पुगे, तर त्यहाँबाट बीटी गरी फर्किंदा दार्जिलिङमा कर्मले नसोचको कुरा भएको रहेछ। त्यो जमानाका चर्चित गीतकार तथा नातामा पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका भाइ नगेन्द्र थापा पनि त्यति बेला दार्जिलिङमै पढ्थे सरकारी कलेजमा। यस्तो जमाना थियो त्यो– त्यहाँ साहित्यमा वैरागी काइँला, ईश्वरवल्लभ र इन्द्रबहादुर राईले तेस्रो आयामको नाममा बौद्धिक वर्गको ध्यान खिचिरहेको अवस्था। त्यो कालखण्ड विक्रमको बीसौँ शताब्दीको दोस्रो दशक थियो जति बेला काठमाडौँ र दार्जिलिङका बीच सुगम सङ्गीतमा मैत्रीपूर्ण प्रतिस्पर्धा चल्थ्यो। यताका नारायण गोपाल, नातिकाजी, प्रेमध्वज प्रधान, तारादेवी, बच्चुकैलास, फत्तेमान, पुष्प नेपाली तथा उताका अम्बर गुरुङ, गोपाल योन्जन, दिलमाया खाती, अरुणा लामा, शरण प्रधान, रञ्जित गजमेर, कर्म योन्जन, शान्ति ठटाल, डेजी बराइली तथा चन्दन लम्जेलहरूका बीचको यो मैत्रीपूर्ण साङ्गीतिक प्रतिस्पर्धात्मक युग वास्तवमा नेपाली सुगम सङ्गीतको स्वर्णयुग नै थियो। नगेन्द्र थापाले यताबाट नारायण गोपाल दार्जिलिङ गएको मौका छोपेर दुई गोपालहरू नारायण गोपाल र गोपाल योन्जनका बीचमा मित लगाइदिए। मित लाउनुका साथै नगेन्द्र र नारायणले गोपाललाई काठमाडौँमै बस्न जोड गरे। कवि ईश्वरवल्लभलाई साक्षी राखेर तिनको मित लगाइएको थियो र तिनै साक्षी वल्लभले पनि गोपाललाई नेपाल बस्न कर गरेपछि गोपाल काठमाडौँको रैथाने बने। यसअघि नै अम्बर गुरुङ राजा महेन्द्रको बोलाहटमा काठमाडौँ आइसकेका थिए। आफ्नो दिनरातको साथी र नातामा भाइ सदाका लागि नेपालवासी हुन गएपछि निकै दुःखी बने कर्म। यो तोडले केही समय सङ्गीतबाट हराए पनि, तर उनी सङ्गीतकै लागि जन्मेका थिए, क्रमशः सङ्गीतमा नै फिरे। उनलाई पनि नेपालमै आउन मन नलागेको होइन, यताका हितैषीले आमन्त्रण पनि नगरेका होइनन्, तर आफ्नी एक्ली आमालाई उनी त्यसै छाड्न सक्दैनथे। फेरि सरकारी नोकरी पनि थियो उनको भर्खरै पाएको। एक पटक आएर केही महिना बसे पनि, रेडियो नेपालले प्लेटफर्म दिएर केही गीतहरू रेकर्ड गर्ने मौका पनि दिएको हो, तर यहाँका रैथानेहरूको भाग यसअघि नै अम्बर गुरुङ, गोपाल योन्जन, लैनसिंह बाङ्देल, हरिभक्त कटुवाल, पिटर जे.

कार्थक आदिले खोसेको रिस उनलाई फेर्न खोजिएपछि उनी आजन्म दार्जिलिङ नछाड्ने निर्णयमा पुगेका हुन् पनि भनिन्छ। अत एव उनी उतै बसे, तर अर्थपूर्ण किसिमले नै बसे जसका कारण सङ्गीत क्षेत्रले त्यो भूभागमा निर्विवाद रूपमा उनको केही योगदान पाई नै रह्यो। रैथानेहरूको यस्तो रबैया भए पनि कर्मले नेपाल र नेपालीलाई सदा श्रद्धाको आँखाले नै हेरे। अवस्था यस्तोसम्म आयो कि आकाशवाणी खर्साङ नखुल्दै कलकत्ता र काठमाडौँको रेडियो नेपालमा उनका गीतहरू रेकर्ड भई रेडियोमा बज्न थालेपछि दार्जिलिङमा रेडियो सेटको बिक्री नपत्याउँदो किसिमले ह्वात्तै बढेको कर्म आज ८४ वर्षको उमेरमा पनि प्रस्ट सम्झिन्छन्।

सन् १९६१ मा कलकत्ताको एचएमभी स्टुडियोमा पहिलो गीत रेकर्ड गर्ने कर्मलाई त्यस कार्यमा रचनामा गोपाल योन्जन र स्वरमा दिलमाया खातीले साथ दिएकी थिइन्। 'अनि देउराली रुन्छ' नाटकका सबै गीतमा कुमार सुब्बाको स्वरमा कर्मकै सङ्गीत भिजेको छ। यसको अपार सफलतामा कर्मको मेलोडियस सङ्गीतको आफ्नै महत्त्व रहेको छ। राजा वीरेन्द्रको इच्छा र तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका कुलपति सूर्यविक्रम ज्ञवाली र सदस्य लैनसिंह बाङ्देलको प्रयासमा मनबहादुर मुखियाकृत यो नाटक नेपालमा प्रवेश गरेपछि नेपालका सारा सङ्गीतप्रेमीहरू उनीप्रति नतमस्तक हुन पुगे। स्वयम् राजा वीरेन्द्र सपरिवार सो नाटक हेरेपछि निकै प्रसन्न भएर सो नाटकको साङ्गीतिक पक्षमाथि चासो दिँदै आफूसित प्रभावित भएको कर्म बताउँछन्। हुन पनि हो, स्वयम् मनबहादुर भन्छन्– कर्मको सङ्गीत नभएको भए 'अनि देउराली रुन्छ'-ले यस्तो विराट् सफलता पाउने कल्पना पनि गर्न सकिँदैनथ्यो। चार सय वटाजति मेलोडीयुक्त गीतमा सङ्गीत संयोजन गरेका कर्मबाट २२ वटा नाटकमा धुन भर्ने काम भएको छ। त्यो बेलाको दार्जिलिङ भेगमा नेपाली भाषाको प्रचारप्रसार कार्यमा उनका गीति रचनाले सार्थक भूमिका खेलेका छन्। नेपालबाट वीरेन्द्र शुभराज्याभिषेक पदक, छिन्नलता पुरस्कार आदिबाहेक खासै सम्मान र पुरस्कारहरू नपाए पनि हिमालयन कला मन्दिर दार्जिलिङ, पश्चिम बङ्गाल सरकार, सिक्किम सरकार आदिबाट उनले धेरै सम्मान तथा पुरस्कारहरू पाएका छन्। पहिलो पटक नै सिक्किम सरकारले उनलाई मित्रसेन पुरस्कार दियो। यसबाट पनि उनको सङ्गीतप्रतिको अनवरत सेवाको सार्थक परिचय प्राप्त हुन्छ। उनको सङ्गीतमा जजसले गीत गाए ती सदाबहार गीत भएका छन्, गायकहरू सदाबहार भएका छन्।

> बोलाऊँ भने तिमीलाई बात लाग्ने डर
> नबोलाऊँ त तिम्रो प्रीतको पाप लाग्ने डर।

यस्तो अजम्बरी र सदाबहार गीतका सर्जक बद्रीदुर्गा खरेलमध्येका एक दुर्गा खरेल कर्मलाई दार्जिलिङका मेलोडी किङ मान्छन्। उनी भन्छन्– कर्मको सङ्गीत कानले सुन्ने त छँदै छ, श्रवणपछि उनको गीतले मुटु छुन्छ। अर्का त्यो भेगका प्रसिद्ध सङ्गीतकार मणिकमल छेत्री कर्मले नेपालको प्लेटफर्म प्रयोग गर्न पाएको र नेपालले उनको प्रतिभालाई राम्ररी चिन्न सकेको भए कर्म अम्बर गुरुङकै हाराहारीका प्रतिभामा दरिने ठोकुवा गर्छन्।

नेपाली चलचित्र क्षेत्रमा मात्र एउटा सिनेमा 'कहीँ अँध्यारो कहीँ उज्यालो'-मा उनको गायन प्रयोग भएको थियो, तर दुर्भाग्य! त्यो सिनेमा त्यति चलेन र नेपालका सिनेमा हलहरूमा

पनि आइपुगेन। स्वरसम्राट् नारायणगोपाल सांस्कृतिक संस्थानको महाप्रबन्धक छँदा दार्जिलिङको साङ्गीतिक टोलीसँगै नेपालमा 'स्मृतिका कोसेली हाम्रा गीतहरू' नामक कार्यक्रम प्रस्तुत गरेका कर्मलाई यसपछि यस्तो अवसर जुरेको पाइन्न। अब त राज्यको ढिकुटीबाट चल्ने नेपाल सङ्गीतनाट्य प्रज्ञाप्रतिष्ठान पार्टी कार्यकर्ताहरूको भर्ती केन्द्र भएपछि यस्तो आशा गर्नु पनि मूर्खताजस्तो नै लाग्छ; तर यो कर्मको कुरा होइन, हाम्रो कुरा हो। दुई छोरी घरजम गरी आफ्नै संसारमा भुलिरहेको बेला कर्म-चम्पा दम्पती हाल अवकाशप्राप्त बुढ्यौली जीवन दार्जिलिङमा व्यतीत गरिरहेका छन्। केही वर्षअघि भएको गोरखाल्यान्ड आन्दोलनताक पश्चिम बङ्गाल तथा केन्द्र सरकारले नेपाली भाषाप्रति गरेको गलत रबैयाका कारण साहित्यकार कृष्णसिंह मोक्तानसहित कर्म बङ्गाल सरकारले दिएको सम्मान तथा पुरस्कार सार्वजनिक रूपमै सरकारलाई फिर्ता गरी चर्चाको शिखरमा पुगेका थिए। आफ्ना समकालीनहरू प्रेमध्वज प्रधान, डेजी बराइली तथा शान्ति ठटालहरू मात्र बाँकी छन्, यद्यपि कर्म आज पनि नयाँ पुस्ताका सङ्गीतका जिज्ञासुहरूलाई साङ्गीतिक ज्ञान दिन लालायित रहन्छन्।

◆

मदन राई 'लामाखुले'

# स्विटजरल्यान्डको हिमालमा रमाउँदा



तेज गतिमा कोचलाई ड्राइभरले हाँकिरहेको थियो। केही ताली र केही हल्लीखल्लीको आवाज कोचभित्र भयो। मैले आफ्नो मोबाइलको घडी हेरेँ। स्थानीय समयलाई मेरो आइफोनमा सेट गरिदिनुभएको थियो ज्वाइँ भीम राईले। यस बेला ठीक चार बजेको थियो। गाडीभित्रको हल्ला र उत्साहित माहोलले हामी स्विटजरल्यान्ड प्रवेश गरिसकेका थियौँ भन्ने सोझो अर्थ दिन्थ्यो।

मेरो मनमा चाहिँ अर्को जिज्ञासा थियो– कति बेला हामीले अर्को देशको सीमा चौकीमा आफ्नो पासपोर्टमा प्रवेश आज्ञाको छाप लगाउनुपर्छ? तर त्यस्तो रहेनछ। ईयू आबद्ध देशहरूमा कतै पनि बोर्डर चेकपोस्टमा हाम्रो भिसा लाउनुपरेन। म नेपालबाटै सेन्जेन भिसा लगाएर आएको थिएँ। काठमाडौँको जर्मन दूतावासले म र मेरी श्रीमतीलाई युरोप भ्रमणको अनुमति दिएको थियो। मैले सोचेको थिएँ– प्रत्येक देशको सिमानामा भिसा लिनुपर्छ, तर युरोपेली युनियनसँग आबद्ध देशहरूमा त्यस्तो रहेनछ। खुल्ला सीमा, खुल्ला प्रवेश। कुनै छेकथुन रहेनछ। प्रवेश अनुमति पनि नचाहिने रहेछ। एउटा देशबाट अर्को देश प्रवेश गर्दाको अवस्था थाहा पाउनै गाह्रो हुने। सिमाना छ, प्रवेशद्वार पनि छ; तर हाम्रो कोचलाई कुनै ढाटले छेकेन। एकदम स्वागतका साथ कुनै चेकजाँच नगरी कुनै अर्को देशमा प्रवेश पाउने व्यवस्था युरोपेली

युनियनअन्तर्गतका देशहरूमा रहेछ। हुन पनि धेरैजसो भूबनोट, बाटाघाटा, विकास, उद्योग, व्यापारव्यवसाय, विकासको मोडल, जनजीवन, पद्धति, हावापानी प्रायः मिल्दोजुल्दो रहेछ। प्रायः एकै प्रकारको जस्तो राजनीतिक व्यवस्था। फरकफरक भए पनि आम मानिसको जीवनपद्धतिलाई नियन्त्रित र व्यवस्थित गर्ने नियमकानुन र अनुशासनको पालन एकै प्रकारको दखियो।

यस्तैयस्तै अनुभूतिका साथ अगाडिको यात्रा चलिरहँदा अलि फरक खालको, केही होचोअग्लो पहाडी भूभागमा हाम्रो कोच एउटा भूमिगत सुरुङ मार्गमा प्रवेश गऱ्यो। त्यो भूभाग स्विटजरल्यान्डको भूमि थियो। हामी एउटा घाटीमा आइपुगेका रहेछौँ– फ्रान्स र स्विटजरल्यान्डको सिमाना।

जब मलाई स्विटजरल्यान्ड प्रवेश भएको अनुभूति भयो, मेरो मन अरू उद्वेलित हुँदा मैले मोबाइलको क्यामेरा अन गरिहालेँ। धमाधम पहाड, खोँच, हरियो वनजङ्गल, खोलानालाको फोटो कैद गर्न थालिहालेँ। मेरा आँखा अति रोमाञ्चित भइरहे। मेरो देश (नेपाल)-को भू-बनावट र स्विटजरल्यान्डका डाँडाकाँडाबीच मनमनै तुलना गर्न थालेँ। यात्राकै क्रममा नजिकैको अग्लो डाँडामा बाटोबाटै देखिने सेताम्मे हिउँले गर्दा मेरो देशको हिमाल मनभरि सम्झँदै घण्टौँ बितेको पत्तै भएन।

हामी स्विटजरल्यान्डको खोँचैखोँचको यात्रापछि एउटा सानो तर अति सुन्दर बजार वाइल्डरस्विल भन्ने ठाउँको 'अल्पेनरोज एन्ड गार्डेन होटल'-को आँगनमा करिब साढे सात बजेतिर पुग्यौँ। हामी पूर्वनिर्धारित कोठाकोठामा गयौँ। हराभरा डाँडाको फेदीमा भएको काठैकाठबाट निर्मित यो होटलमा आजको हाम्रो वास भयो। भोलिपल्ट बिहान ठीक आठ बजे होटलको रेस्टुरेन्टमा बिहानको खानापछि आजको निर्धारित कार्यक्रमअनुसार हामी 'हार्ट अफ द जङ फ्राऊ' एरियाको अति महत्त्वपूर्ण विश्व सम्पदामा सूचीकृत, अति सुन्दर, युरोपभरिमा सबैभन्दा अग्लो भूभागमा रहेको रेल स्टेसन हुँदै स्विटजरल्यान्डको हिमाल जङ फ्राऊ चढ्ने छौँ। हामी सफा झर्नाखोला, वनपाखा, गाउँबस्ती इत्यादि अवलोकन गर्न लालायित छौँ।

रात बिताएको होटल नजिकै बिहान साढे आठ बजे हामी विद्युतीय रेलमा चढ्छौँ। त्यहाँबाट हामी आज त्यो हिमालसम्म रेलमा जाने छौँ। तीन वर्षसम्म पहाड छेडेर बनाइएको उच्च पहाडसम्म रेल पुऱ्याइएको रहेछ। हामीलाई तीन वटा रेल बदलेर मात्र त्यो ठाउँमा पुऱ्याइयो जहाँ हजारौँ पर्यटक रमाइरहेका थिए। तिनीहरू हिउँ खेलिरहेका थिए। पहाडमा सुरुङ खनेर रेल पुऱ्याइएको सायद यो संसारकै अद्भुत प्रयोग थियो जुन काम सम्पन्न गर्न त्यो देशले निकै पुस्ता खर्चनुपरेको थियो। करिब ४० डिग्रीको उकालोमा सानो रेल चढ्नका लागि तेस्रो लिक पनि बिछ्याइएको हुँदो रहेछ। तीन ठाउँमा रेल बदली गरेर गन्तव्यतिर जाँदै गर्दा प्रस्ट थाहा हुन्थ्यो, उकालोमा अखटामा टेक्दै रेल उकालो चढ्दै छ।

कुनै अग्लो ढिस्कामा मुसाले चारैतर्फ दुलो खनेर ओहोरदोहोर गर्छ, दुलोमा विचरण गर्छ। त्यस्तै भान हुने गर्थ्यो त्यहाँको रेलवे टनेल देख्दा। हरेक दुलो (सुरुङ मार्ग)-मा मुसारूपी रेल दौडिरहेको छ। त्यस्तै वारिपारिका भीरपहरा र पाखामा सुन्दर गाउँबस्ती, चिटिक्क परेका

काठैकाठबाट बनाइएका घरहरू, बस्तीको ८०–८५ डिग्री उकालोमा केबलकारहरू, अनगिन्ती प्याराग्लाइडिङहरू देख्न पाइन्थ्यो। मेरो मस्तिष्कमा काठमाडौँ चन्द्रागिरी र गोरखाको मनकामनामा भएको केबलकारको झझल्को आइरह्यो। अरू अनावश्यक स्वैर कल्पना पनि मनमा आयो। पाँच वर्षअगाडि रसुवाको गोसाइँकुण्ड जान भनेर तेज भाइसँगै गएको बेला पाएको दुःख सम्झिएँ। धुन्चेबाट उकालिँदाको कष्ट सम्झिएँ। त्यो पन्चनको जङ्गल र जङ फ्रऊको यात्रालाई मनमनै दाँजेर लड्डू पकाएँ। धुन्चेको पन्चन जङ्ग उत्कृष्ट हुने रहेछ भन्ने लाग्यो। हामी धनी भूगोल भएको नेपालका बेलायत निवासी गरिब मानिस आज युरोपको सबैभन्दा प्रसिद्ध पर्यटक गन्तव्यस्थल जङ फ्राऊ जाँदै छौँ।

हामी रेलद्वारा यात्रा गरिरहँदा झ्यालबाट वारिपारिको दृश्य जति सुन्दर र सफा देखिन्थ्यो त्यो सबै क्यामेरा र मनमा कैद गर्न मेरा आँखालाई फुर्सद थिएन। मजस्तै अन्यत्रबाट आएका यात्रुहरूको मनोदशा एउटै थियो। सबैले सुन्दर दृश्य, गाउँबस्ती र हिउँका ढिस्काहरू आआफ्नो क्यामेरामा कैद गरिरहँदा तीन घण्टा समयको रेलको उकालो चढाइ र ठाउँठाउँमा रेल बदली गरिरहेको समयको ख्यालै रहेन।

त्यति लामो समय लगाएर कुटो, कोदालो, गैँती, झ्याम्पल, हम्मर, छिनो आदिद्वारा मानिसले बनाएको सुरुङ मार्ग छिचोली अन्तिम शिखरको स्टेसनमा आइपुग्दा निकै चिसो अनुभव भइरहेको थियो। न्यानो कपडाको जोहो सबैले गरेकाले खासै फरक परेन। चिसोसँग राम्ररी सङ्घर्ष गर्न सबै मानिस सक्षम देखिन्थे। हामी रेलबाट बाहिर निस्किएर ठूलठूला सुरुङ पार गर्दै एउटा यस्तो अनौठो घरमा पुग्यौँ जुन पहरामा टाँसिएको एउटा ठूलो डिपार्टमेन्टल बजार थियो। त्यहाँ खाजा घर थियो। विभिन्न उपहारका सामग्री र स्थानीयद्वारा निर्मित उपहारका सामानका ठूलठूला पसलहरू पनि थिए। अवलोकन र खरिद गर्ने यात्रुहरूको भीड हेर्न लायकको थियो। त्यहाँको चकलेट लोकप्रिय छ।

हामी ३,४५४ मिटर उचाइमा रहेको विश्व सम्पदामा सूचीकृत रेन्जर सी र ठ्युन सी नामक दुइटा ठूलठूला पोखरीको बीचमा त्यो जङ फ्राऊ क्षेत्रको उच्च रेल स्टेसनमा भएको हिउँघर (दरबार)-को पाँचौँ तलामा पुग्यौँ। बाहिर भइरहेको हिउँको मन्द वर्षासँग रमाउँदा मेरी श्रीमती हिरादेवी खुब खुसी देखिन्थिन्। हिमाली देशको बासिन्दा भए पनि जीवनमा पहिलो चोटि हिउँसँग खेल्ने मौका पाउँदा म पनि कम्ती रमाएको थिइनँ। युरोपेली देशहरूमै सबैभन्दा उच्च र ३,६०० मिटर उचाइमा रहेको हिउँको समुद्र भनेर चिनिने ठाउँमा मैदान, पाखा, हिमगुफा र हिउँका अनेकौँ आकृतिहरू देखेर खुब रमायौँ। मौसमको हकमा चाहिँ –३ डिग्रीले सबैलाई पुलकित बनाइरहेको देखिन्थ्यो। हजारौँ मानिसको गन्तव्यस्थल स्वप्नभूमि नै थियो।

एडोल्फ गुयेर जेलरले पहिलो चोटि सानो सेतो कागजमा पेन्सिलले कोरेर कल्पना गरेका थिए सन् १८९३ मा। त्यसको अन्तिम डिजाइन तयार भएपछि तत्कालीन स्विस सङ्घीय सदनले २१ डिसेम्बर १८९४ मा स्वीकृति दियो र २७ जुलाई १८९६ बाट निर्माण कार्य सुरु भयो। लगभग १५० इटालेली श्रमिकद्वारा काम सुरु गरियो। करिब दुई वर्ष लगातार काम गरेर परियोजनाको एक खण्ड क्लेइनको निर्माण सम्पन्न भयो। त्यहाँसम्मको कार्य श्रमिकहरूले हाते औजारहरूबाट सम्पन्न गरे।

एडोल्फ गुयेर जेलरको प्रत्यक्ष रेखदेख र कुशल निर्देशनमा त्यो परियोजनाको काम भइरहेको थियो। तीव्र गतिले काम अगाडि बढिरहँदा कडा चट्टानको काम सुरु गर्ने बेला भएको थियो जसका लागि विभिन्न विस्फोटक पदार्थको प्रयोगसमेत गर्नुपर्थ्यो। सोही समयमा निमोनिया (चिसोको सङ्क्रमण)-ले एडोल्फ गुयेरको ३ अप्रिल १८९९ मा दुःखद निधन भयो। उनी स्विटजरल्यान्डका औद्योगिक (चुम्बकीय) र प्रतिभाशाली व्यक्ति थिए। उनी उद्योगसम्बन्धी अद्वितीय ज्ञान, सीप र क्षमता भएका नागरिक थिए। उनले जङ फ्राऊको चुचुरोसम्म विद्युतीय रेल पुऱ्याएर संसारका पर्यटकहरूको मन जित्न सकिन्छ भन्ने सपना देखे र अहिले त्यो साकार पनि भएको छ। संसारका पर्यटकहरूको गन्तव्यस्थल बनेको छ। त्यहाँ पहाड फोरेर रेल कुदाउने काम अत्ति गाह्रो र चुनौतीपूर्ण थियो। त्यहाँ काम गर्दा धेरै मान्छेको अङ्गभङ्ग र मृत्यु पनि भएको थियो। त्यो समयमा मजदुरको ज्याला केवल ४।६० फ्राङ्क थियो। त्यत्ति ज्यालामा काम गर्नुपर्थ्यो जुन ज्यादै न्यून हो। सन् १९०५ मा जब मजदुर हडतालले तीव्र रूप लियो र ज्याला वृद्धिको माग तीव्र भयो तब बाध्य भएर परियोजना स्थगित गर्नुपऱ्यो। काम बन्द भएपछि अन्योल र निराशा छायो। मानिसहरू बेरोजगार भए। यो क्रम दुई वर्ष चल्यो। तेस्रो वर्षको मे ११ तारिखमा पुनः काम सुरु भयो। बिस्तारै कामले गति लिन थाल्यो। १७ वर्षमा बल्ल काम सम्पन्न भएर विद्युतीय रेल सञ्चालन हुन थाल्यो। यसको लागत त्यस जमानामा लगभग १६ मिलियन स्विस फ्राङ्क ( करिब एक खर्ब ३२ अर्ब रुपियाँ) थियो। यो विवरण 'जङ फ्राऊ रेलवे नोट'-मा उल्लेख गरेको देखिन्छ।

संसारका आधाभन्दा बढी मूल्यवान् र लोकप्रिय घडीहरू निर्माण गर्ने थलो स्विटजरल्यान्डलाई मानिन्छ, जस्तो– रोलेक्स, टिसट, पटेको, ह्युर आदि। यसका साथै ब्याङ्किङ क्षेत्रमा पनि यो देशलाई अति सुरक्षित र भरपर्दो भनिन्छ। यसका साथै त्यहाँको गुणस्तरमा भरपर्दो विश्वासलाई पैसामा परिणत गर्ने स्विस नागरिक र त्यहाँको सरकारको राजनीतिक र व्यावहारिक कौशल ईर्ष्यालाग्दो छ। पहाडको उच्च भूभागमा स्तरीय होटलहरू, रेस्टुरेन्टहरू, हिउँमा खेलिने र रमाउने विभिन्न सामग्रीहरू र साधनहरू सो क्षेत्रमा यत्रतत्र देख्न सकिन्छ। जङ फ्राऊ क्षेत्रको २३ वर्ग माइल क्षेत्रमा फैलिएका हिउँका डाँडाकाँडा र पाखाहरू मनमोहक हुने गरी सजाइएका छन्। संसारका मानिसहरू त्यहाँ जान लालायित हुन्छन्।

बिहानको युरोपेली लन्च होटल अल्फोन्सोस गार्डेनमा गरेको एक घण्टापछि हाम्रो गाडी ठीक आठ बजे पश्चिमदक्षिणतर्फ हान्नियो। करिब २,५०० मिटर अग्लो पहाड घुम्दैघुम्दै फेरि पहाडको फेदीको विशाल तलाउ नजिकबाट खोँचैखोँच सुरुङ मार्ग हुँदै वारिपट्टिबाट हाम्रो गाडी दौडिरहेको छ। पारिपट्टिको पाखामा विद्युतीय रेल दौडिरहेको रमाइलो दृश्य हेर्दै हामी ठीक साढे १० बजे इटाली प्रवेश गर्छौं। ३५ माइल एउटै टनेलभित्रबाट करिब २८ मिनेटमा ८० माइल प्रतिघण्टाको रफ्तारमा दौडिएको कोचमा बसेर हामी इटालीको भूमिमा प्रवेश गऱ्यौँ।

◆

घिमिरे युवराज

# गोरखालीले हारेको अर्को युद्ध



म मिरिकको फुगुडी चिया कमानमा छु।

शान्तिला तामाङलाई बुबाआमाको मातृभाषा आउँदैन। उनको मातृभाषा नेपाली भयो। उनले बोल्दा खस भाषा फरक सुनिन्छ। अर्कै मिठास सुनिन्छ लवजको कारणले। "मेरो आमाले बोलेको नेपाली कस्तो अप्ठेरो सुनिन्छ।" लाज मान्दै शान्तिलाले भनेकी थिइन्। "कस्तो अप्ठेरो?" म उत्सुक थिएँ सुन्नलाई। तर उनकी आमाको उच्चारण पनि फरक र मिठासपूर्ण लाग्यो मलाई।

शान्तिलाका बुबाआमाको सहयात्राको सुन्दर कथा रहेछ। शान्तिलाकी आमा नागाल्यान्डकी नागामिज। बुबा मिरिक, दार्जिलिङको तामाङ। रतन तामाङ भारतीय सेनामा भर्ती भएर नागाल्यान्ड पुगेछन् सन् १९६८ मा। सेनाको जागिर छाडेर शिक्षक बनेका रतनको प्रेम बसेछ १७ वर्षीया सोसेली सन्ताङसँग। सन् १९८६ मा भागी विवाह गरेछन् यी दुईले। रतनले सोसेलीलाई मिरिकको फुगुडी चिया कमानभित्रको पुर्ख्यौली घरमा लिएर आए। रतन र सोसेली त्यसबीचमा कहिल्यै नागाल्यान्ड गएनन्। यहीँ जन्मिए यिनका दुई छोरी र एक छोरा।

गत फेब्रुअरीमा कान्छी छोरी शान्तिला आमालाई लिएर नागाल्यान्ड पुगिन्। ३४ वर्षपछि सोसेलीले आफ्नो माइती घर टेकिन्। आमाबुबा बितिसकेछन्। दाइभाउजू र तिनका छोराछोरी रहेछन्। "मलाई त मऱ्यो भनेर माया मारेको, जिउँदै देखेर अचम्ममा परे। मलाई र शान्तिलालाई भेटेर सबै जना खुसी भए।" तर सोसेलीले नागामिज भाषा नै बिर्सिछन्। खिन्न अनुहार लाएर उनले भनिन्– "आफ्नो आमाबुबाको भाषा बोल्छु भनेको त नेपाली पो फुत्कियो! मलाई एकदमै नराम्रो लाग्यो। उनीहरूको अपमान गरेजस्तो भयो र मैले हात जोडेर भनेँ, 'मलाई माफ गर्नोस्, नागामिज भाषा बिर्सेछु।' सुरुमा त दाजुभाउजू अचम्ममा परे, तर पछि उनीहरूले मलाई माफी दिए।" मूल घरसँगै जोडिएको सानो भान्साघरमा बसेर म शान्तिलाकी आमासँग बात मार्दै छु।

म चिया कमानभित्रको गोरखाली बस्तीमा छु। यस्तो लागिरहेको छ, मानौँ म अध्ययनका लागि कुनै विश्वविद्यालयमा छु। शान्तिलाको टोलको नाम हो २ नम्बर। सान्तिला मेरी विद्यार्थी हुन् रङ्गमञ्चकी। तालिमका क्रममा गत वर्ष यिनी पाँच महिना बसिन् काठमाडौँ। एउटा नाटकमा अभिनय गरिन्। 'निर्मलाका निम्ति न्याय' अभियानमा सरिक भइन्। त्यसपछि फर्किइन् आफ्नै जन्मथलो। काठमाडौँमा हुँदा उनले शिल्पी र अरू थिएटरमा पनि भ्याएजति नाटक हेरिन्। यसले उनीभित्र रङ्गमञ्चको रहर र तिर्खा झन् जगायो। यतै हुँदा भन्ने गर्थिन्– "सर, चिया कमानको जिन्दगीमाथि नाटक बनाउने इच्छा छ।" सिलिगुडीका कवि राजा पुनियानीले मोनोलग लेखेर पठाए चिया कमानकी एक मजदुरको– हरियो खुन।

मालिकैलाई चियाबारी रातो सुन
हामीलाई त चियाबारी हरियो खुन
धर्ती छाडी ताक्नुहुन्छ हजुर जून
हामीलाई त निस्तो गाँसमा ढिका नुन
बग्यो बालासन लैलै, सुक्यो बालासन।

मैले फिटिक्कै नबुझेको विषय हो यो। नाटकलाई कसरी बलियो बनाउन सकिन्छ भनेर केही लिटरेचर पढ्दै थिएँ। राजाले केही अनलाइन पुस्तक पठाउँदै थिए। सान्तिला मिरिकमै थिइन्। मिरिकमै नाटक कार्यशाला गरेर नाटक बनाउने योजना बन्यो। सान्तिला र राजाको निम्तोमा मिरिक लागेँ खाली दिमाग बोकेर।

फेब्रुअरी २८ को दिउसो म झरेँ भद्रपुर एयरपोर्टमा। काठमाडौँ चिसो थियो। पानी परेर हिलाम्मे पनि। झापा तातो भइसकेको रहेछ। मैले लगाएको बाक्लो ज्याकेट र मफलर मलाई धेर भइसकेको थियो। त्यसमाथि लामो बसाइका लागि बोकेको ठूलो झोलाको बोझ थियो। चारआलीमा पत्रकार पर्वत पोर्तेलसँग भेट भयो। पर्वतसँगै परिवर्तन थिएटर, काकडभिट्टा पुगेँ। त्यहीँ आइपुगेकी थिइन् मलाई लिन शान्तिला तामाङ।

मेची पुल तरेर भारतको पश्चिम बङ्गाल टेकिन्छ। पानीटङ्की हुँदै हामी पब्लिक बसमा लाग्यौँ सिलिगुडीतर्फ। सिलिगुडीमा कवि पुनियानी भेटिए। म उनकै साथ लागेँ। पब्लिक भ्यानमा मिरिक लागिन् शान्तिला।

सिलिगुडीसँगका मेरा केही सम्झनाहरू छन् २०४८ सालबाट। सुबुक मोड, प्रधान नगर, भानु नगर थोरै ठाउँ याद थियो मलाई। प्रधान नगरका प्रधानले मेरो गाउँ कर्जुनामा बीसौँ बिघा जग्गामा पोखरी खनेका थिए। अझै छ। भानु नगरमा मेरी काइँली फुपूको घर छ। विशाल हलमा केही पटक फिल्म हेरेको छु। अन्तर्राष्ट्रिय नाटक महोत्सवमा जाँदा सिलिगुडी हुँदै जान्थ्यौँ हामी बहरामपुर। अस्तव्यस्त सडक र बङ्गाली अक्षरहरू मेरो सम्झनामा गडेर बसेका थिए। तर सिलिगुडी सम्झँदा **सुनचरी** पत्रिका र यसका सम्पादक कुमार प्रधान झन् गाडा भएर बसेका छन्। फुपूको घरमा हरेक बिहान **सुनचरी** आउँथ्यो। मलाई त्यहाँ नेपाली पत्रिका पढ्न पाउँदा निकै खुसी लाग्थ्यो। त्यसभन्दा बढी यसको भाषाशैली र समाचारको किसिमले तान्थ्यो मलाई। आदरणीय कुमार प्रदान रहेनन्। अचेल **सुनचरी** पनि आउँदैन, **हिमालय दर्पण** आउँछ।

पुनियानीले **हिमालय दर्पण**को कार्यालयमै लगे। यसका सम्पादक र अरू पत्रकार साथीहरूसँग पनि भेट भयो। सम्पादक शिवु छेत्रीले आफ्नो बालकथासङ्ग्रह मलाई उपहार दिए। कला र रङ्गमञ्चको कारणले बङ्गालीहरूसँग सामीप्य रह्यो। बङ्गाली फिल्म र थिएटरप्रति विशेष रुचि रह्यो। बादल सरकार बङ्गाली भाषाका बेजोड नाटककार लाग्छन् मलाई। उनले नाटक लेखन छाडेर शारीरिक रङ्गमञ्चको अभ्यास थाले र नाम दिए आँगन रङ्गमञ्च। सन् २००४ मा कलकत्तामा आयोजित नाटक महोत्सवमा उनीसँग भेट भएको थियो। उनीसँग अन्तर्वार्ता पनि गरेको थिएँ। त्यही मञ्चमा साहित्यकार महाश्वेतादेवीसँग पनि भेट्ने सौभाग्य

मिलेको थियो। दुवै बितिगए। अचेल प्रोबिर गुहा, ब्रत्य बसू, सञ्जय गाङ्गुली, पार्थ गुप्ता आदिसँग कुरा हुन्छ। टेगोर, सत्यजित रे, ऋत्विक घटक, उत्पल दत्त, शरच्चन्द्र चट्टोपाध्याय, विमल मित्रो, शम्भु मित्रोजस्ता दर्जनौँ सर्जकले बङ्गाली कलाको समृद्धिलाई सम्झाइरहन्छन्। हामीले मानेका बङ्गाली साहित्य, कला र त्यसका सर्जकहरूको महत्त्व एकातिर छ; अर्कातिर सामाजिक संरचना र राजनीतिक कठोरताको डरलाग्दो पाटो छ। पश्चिम बङ्गालमा नेपालीभाषी र त्यहाँका आदिवासीहरूमाथिको थिचोमिचो नबुझुन्जेल बङ्गालीहरू प्रिय नै लाग्ने रहेछन्। तर यो कुरा आम मानिसको भन्दा पनि शासकहरूको रणनीतिको कुरा भयो।

त्यो साँझ राजा पुनियानीले सालबारीको एउटा गजबको चिया पसलमा लगे। दर्जनौँ किसिमका चिया किन्न पाइने र चिया पिउन पनि पाइने त्यहाँ। पसलको नाम रहेछ 'गोम्देन्स टी बार'। अनन्त गोम्देन रहेछन् यसको सञ्चालक। साह्रै मिजासिला गोरखाली। गोम्देनको पाँच पुस्ता चिया व्यापारमा रहेछ। संसारभरका धेरै चर्चित मिडियाले यो परिवारको बारेमा लेखेका रहेछन्। पसलको टेबलमा एउटा अङ्ग्रेजी पुस्तिका भेटेँ। गोम्देनका बुबा अरुण गोम्देन संसारमै प्रसिद्ध थोरै टी टेस्टरमध्ये पर्दा रहेछन्। त्यहीँ थाहा पाएँ– अफिसियल टी टेस्टरलाई धूम्रपान, मद्यपान वा पानसमेत खान वर्जित रहेछ। टी टेस्टरको जिब्रो निकै चनाखो हुनुपर्ने र स्वादको परख गर्न सक्ने हुनुपर्ने हुनाले निश्चित अनुशासनमा बस्नुपर्ने रहेछ। अनन्तकी आमा सविता गोम्देन कुशल चित्रकार र कवि रहिछन्। सविताका सुन्दर चित्रहरू चिया पसलको फराकिलो र सफा भित्तामा सजिएका छन्। उपलब्ध पुस्तिकामा लेखिएको थियो– "सन् १८७५ मा नेपालको पहाडबाट कामको खोजीमा तत्कालीन ब्रिटिस शासित भारतमा छिरेका गन्जवीर लामा गोम्देनले लिबोङ टी कम्पनीका लागि कामदार ठेकेदारका रूपमा बह तुकबर चिया कमानमा काम गर्न थाले।" कतिपय नेपालीभाषीहरू यसरी नै ब्रिटिसकालीन समयदेखि चिया कमानमा बस्दै आएको इतिहास छ। गोपालसिंह विश्वले (पुस्तक– **सन्दर्भ : डुवर्स र गोरखाहरू**) लेखेका छन्– "दार्जिलिङ पहाडमा चिया बगानको स्थापना गर्न डा. क्याम्पबेलको ठूलो भूमिका छ। उनले सन् १८४१ तिर चीनबाट चिया खेतीका प्रशिक्षकहरू झिकाएर दार्जिलिङका नेपालीहरूलाई चिया खेती र चिया तयार गर्ने प्रशिक्षण दिएका थिए। सन् १९५६ मा दार्जिलिङ टी कम्पनीद्वारा प्रथम आलुबारी चिया कमान खोलिएको थियो।" अहिलेसम्मै दार्जिलिङका चिया कमानका मजदुर नेपालीभाषीहरू हुन्। त्यसभन्दा अघिदेखि नै नेपालीभाषीहरू टिस्टासम्म फैलिएको इतिहास छ। राजा पृथ्वीनारायण शाहको राज्य विस्तारमा नेपाल देश टिस्टा नदीसम्म फैलँदा युद्धका क्रममा गएका कति नेपालीहरू उतै बसे भन्ने पनि इतिहास छ (सुवास घिसिङको लेखरचना सङ्कलनबाट)।

'गोम्देन्स टी बार'-मै भेट भए साहित्यकार ज्ञानेन्द्र खतिवडा र अनुवादक इन्द्र गिरी, त्यसै गरी मनबहादुर मुखियाको नाटक 'अनि देउराली रुन्छ'-को पहिलो प्रदर्शनदेखि नै अभियन गरेका कलाकार कालुसिंह रनपहेँली। केही क्षण हामीले मुखियाका नाटकका बारेमा कुरा गर्‍यौँ– 'क्रसमा टाँगिएको जिन्दगी', 'अँध्यारोमा बाँच्नेहरू', 'असत्यम्, अशिवम्, असुन्दरम्', 'फेरि इतिहास दोहोरिन्छ' आदि। ज्ञानेन्द्र दाइले अभि सुवेदीका नाटक र समीक्षा पढेका रहेछन्।

निकै प्रशंसा गरे। निर्देशक प्रताप सुब्बाको पनि चर्चा भयो। उनको घर त्यहीँ सालबारीमै रहेछ। ज्ञानेन्द्र दाइ दुई महिनाअघि मञ्चन भएको पर्वत पोर्तेलको लेखन र मेरो निर्देशनको नाटक 'दसगजा' हेर्न ठूलो समूह बटुलेर परिवर्तन थिएटर काकडभिट्टा पुगेका रहेछन्। एकछिन त्यही नाटकको चर्चा भयो।

साँझ झमक्क परिसकेको थियो। राजाले स्कुटरमा राखेर मलाई मिरिक पुऱ्याउने भए। ठ्याक्कै मिरिक त होइन रहेछ, पुगेर थाहा पाएँ। मिरिकभन्दा सात किलोमिटर यतै फुगुडी चिया कमानमा पुग्नु थियो हामीलाई। साँझको स्कुटर राइड गजबको भयो। बाटोमा रोकिँदै चिया पिउँदै। पान चपाउँदै। राति अबेर मोबाइल फोनको लाइटको सहरामा राजाले डोऱ्याएर चिया बगानको बाटो डाँडाकान्ला हुँदै एउटा सुन्दर घरमा पुऱ्याए। त्यही घर रहेछ शान्तिलाको।

मनभरि अनेकौँ कौतूहल जगायो रातले। पर्यटकका रूपमा घुमेको भन्दा भिन्न छ यस पटकको चिया बगान मेरा लागि। म छु फुगुडी चिया कमानको लगभग केन्द्रमा। वरिपरि टिनको छानो भएका घर छन्। शान्तिलाको घर एक तलाको छ सिमेन्टको छत भएको। छतबाट चारैतिर आँखाले देखुन्जेल चिया कमान छ। दोस्रो दिन बिहान म घरको छतमा छु चिया कमानको रमिता हेर्दै। शान्तिलाका बुबा रतन मलाई चिया कमानका बारेमा भन्दै छन्– "फुगुडी चिया कमानको पश्चिममा सौरेनी चिया कमान छ। पूर्वमा छन् अम्बटे, सिङ्गेल र मकैबारी। उत्तरमा छन् नोल, घैयाबारी, टिङलिङ मञ्जु चिया कमान। टिङलिङ चिया कमान त्यही नामले मेचीपारि पनि छ नेपालमा। दक्षिणमा छन् बालासन टर्जङ, गोपालतारा, सियोक, थर्बू, ओकाइटी, कम्बल, मिम, चुङथुङ, सम्रिक, मगरजुङ, चामुङ ।"

शान्तिला थप्छिन्– "चामुङ चिया कमानमा हाम्रा बडा काम गर्छन्।"

रतनले सम्झिए– "सुवास घिसिङको घर मञ्जु चिया कमानभित्र थियो। उनी त्यहीँ जन्मिएका।"

जता हेर्छु, आँखाले भ्याएसम्म चियाबारी। फुगुडी चिया कमान ६९.१४ एकड क्षेत्रफलमा फैलिएको रहेछ। ब्रिटिसकालीन समयमा दार्जिलिङ जिल्लामा मात्रै १८९ वटा चिया कमान थिए। अचेल धेरैजसो बन्द भएर ८८ वटा कमान सञ्चालनमा छन् (**सन्दर्भ : डुवर्स र गोरखाहरू**)।

चिया बगानभित्र चिया पिएर शान्तिला, राजा र म चिया कमानका गाउँ घुम्न हिँड्याँ। यहाँका घरहरू असाध्यै सुन्दर रहेछन्। चिया कमानले दिएको एक चोक्टो जमिनमा छरिता दुई कोठे घर छन्। चिया कमान कोतरेर सानो सागबारी र फूलबारी बनेको छ। यस्तोमा पनि चिटिक्क घरहरू, चिटिक्क कोठा, थरीथरीका फूल फुलेको चिटिक्कको फूलबारी। प्रायः घरहरू यस्तै देखेँ मैले। सफा। अपनत्वको चेतना, शृङ्गारको भावना। तर चिटिक्कका यी घरभित्रका डरलाग्दा कथाव्यथा छन्। तिनकै मुखबाट ती कथाहरू सुन्न मैले केही समय पर्खनुपर्ने छ। उहिल्यै पढेको आईबी राईको **आज रमिता छ** दोहोऱ्याएको छु। तिनका पात्रहरू जनक, सीता, रवि, भूदेव, बिना कसुर जेल परेका चिया कमानका मजदुरहरू झलझल्ती सम्झँदो छु।

फुगुडी चिया कमानको चिया फ्याक्ट्री पनि नजिकै रहेछ। वर्षमा तीन महिना फ्याक्ट्री बन्द हुने रहेछ– डिसेम्बर, जनवरी र फेब्रुअरी। मार्चबाट नोभेम्बरसम्म चिया कमान सञ्चालनको

समय रहेछ। संयोग गजबको परेछ। हिन्दू पुजारीको साइतसल्लाहअनुसार फेब्रुअरी २९ मा विशेष पूजासहित फ्याक्ट्रीको मेसिन चलाइयो। जोकोहीलाई फ्याक्ट्रीभित्र छिर्ने अनुमति छैन। शान्तिलाकी आमा चिया कमानमा काम गर्ने हुनाले उनले त्यहाँ मिलाइन् कुरा। (चिया कमानभित्र घर भएकाको हरेक परिवारबाट कम्तीमा एक जना कमानमा काम गर्न जानुपर्छ, तर अहिले त्यो अनिवार्य छैन।) फ्याक्ट्रीका मेनेजरलाई नेपालीभाषी कामदारले सोर्स लगाएपछि भेटिए फ्याक्ट्री इनचार्ज शुभम श्रेष्ठ। उनैले घुमाए ब्रिटिसकालीन त्यो चिया फ्याक्ट्री। डेढ सय वर्ष पुराना मेसिनहरू थिए त्यहाँ। उनले भने– "फुगुडी चिया फ्याक्ट्रीले उत्पादन मात्रै गर्छ। यसको मालिक हो बगेरिया कम्पनी जसको कार्यालय कलकत्तामा छ। फुगुडी चियाको बजार मूलतः जर्मनी हो। कामदार, पारिश्रमिक वा बगानको कुनै पनि निर्णय कलकत्ताबाट हुन्छ। धेरै कामदारले आजसम्म मालिकको अनुहार देखेका छैनन्।"

नाटकका लागि यो एउटा रिसर्चजस्तो थियो। तर त्यहाँ पुगेपछि त्यसै पनि यो नौलो संसारप्रति रुचि जागेर आयो। सान्तिला र म चिया बगानभित्र छिर्‍यौँ कामदारहरूलाई पछ्याउँदै। सामान्यतया कामदारहरूको रुटिन रहेछ।

घरबाट बिहान ६:३० बजे बगान निस्कियो। सात बजेदेखि ११:३० बजेसम्म चिया टिप्यो। ११:३० बजेदेखि आफूले टिपेको चिया तौलिने समय हुन्छ। १२ बजेदेखि एक बजेसम्म खानाको समय। एक बजेदेखि ३:३० बजेसम्म फेरि चिया टिप्यो। ३:३० बजेपछि आफूले टिपेको चिया तौलिएर फ्याक्ट्रीलाई बुझायो।

दर्जनौँ महिलाहरू चियाबारीमा छन्। घुँडासम्म आउने प्लास्टिकको जुत्ता (गम्बुट), हातमा पन्जा, छाता र ढाडमा डोको भएपछि चिया बगान छिर्न मिल्यो। मार्च १ देखि काम सुरु भएको छ बगानमा। अझै केही हप्ता चिया टिप्ने बेला भएको छैन। अहिले चियाको बोट सफा गर्ने समय रहेछ। खुट्टामा प्लास्टिकको जुत्ता र हातमा पन्जा लगाएका महिलाहरूको हातमा फलामको अङ्कुसे छ। त्यही अङ्कुसेले चियाको बोटमा लागेको झ्याउ, लहरा र अन्य फोहोर निकाल्न मदत गर्छ। चियाको बोटलाई यसरी स्याहारिरहेका छन् महिलाहरू, मानौँ आमाबाले कलिलो सन्तानलाई स्याहार्दै छन्। गाईले आफ्नो भर्खरै जन्मिएको बाछी/बाछालाई चाट्दै छ। ६० वर्षीया शान्ति घले भन्छिन्– "चियामा लाग्ने झार सैतानजस्तो हो। यसलाई हटाएन भने चियाको बोट मर्छ। जुन काम नलाग्ने त्यही बढी फैलन्छ। चियालाई चाहिने भिटामिनजति काम नलाग्ने झारले खाइदिन्छ। घरमा पनि काम नलाग्ने झार छ।"

मैले सोधेँ– "हो र? कस्तो झार?"

उनले हाँस्दै भनिन्– "श्रीमान्।"

५० वर्षीया बिप्साङ तामाङले भनिन्– "चियाको पात पो जोखेर थाहा लाग्छ काम गरेको, यो झार टिपेको कसले देख्छ? खोल्सामा हाल्यो भने सायबहरूले देख्दैन। त्यसैले टिपेको झार माथि रोडमा लगेर राख्छौँ काम देखाउन। ढाड दुखिसक्यो, कम्मर दुखिसक्यो। आधा घण्टामै डल्लै बोरा भरिन्छ झारले।"

यहाँका अधिकांश महिला खासमा यहाँका होइनन्, बिहे गरेर अर्कै गाउँ वा अर्कै देशबाट आएका। ४० वर्षकी मञ्जु लोहनीको माइती मोरङको पथरी हो। ३५ वर्षीया गीता राईको माइती झापाको भद्रपुर हो। मञ्जुले भनिन्– "बिहे गरेर देश नै फेरियो।"

अचेल चियाबारीमा काम गर्नेहरू महिला मात्रै हुन्छन्। चियाको बोट सफा गर्ने र चियाको पत्ता टिप्ने काममा पुरुषको मन जाँदैन। चिया टिप्नेहरूको निरीक्षण गर्नेहरूलाई 'कामदारी' भन्छन्। उनीहरू चाहिँ पुरुष हुन्छन्। कामदारीले गर्ने गाली काँचो चियाको पत्ता चपाउँदाभन्दा तीतो हुन्छ। फ्याक्ट्रीभित्र काम गर्नेहरू भने पुरुष हुन्छन्। यहाँ कामको पनि लिङ्ग हुन्छ।

आज पनि चिया कमानका मजदुरहरूको दु:ख उही छ– ज्यालाको। हरेक चिया कमान मजदुरले आज पनि पाउने ज्यादा भनेको प्रतिदिनको १७४ भारतीय रुपियाँ हो। यो अत्यन्तै न्यून हो। सामाजिक सुरक्षाको, जग्गामाथिको अधिकारको, श्रमको मूल्यको ठूलो समस्या छ। नेपालको तराईमा उखू किसानहरूको जस्तै पीडा वा कोलम्बियामा चिकिता बनानाको खेतीमा काम गर्ने मजदुरहरूको जस्तै पीडा। त्यसैले मजदुर दिवसको नारा बनेको होला– 'संसारभरिका मजदुर एक हौँ।' यो पुँजीवादी अर्थव्यवस्थामा संसारभरिका मजदूरहरूको पीडा एउटै भएको छ। तुलनात्मक रूपमा चिया कमानका मजदुरहरूको पीडा केही भिन्न छ।

आज पीडा खेपिरहेका चिया कमानभित्रका मजदुरहरू आजको व्यवस्थासँग वाक्क भएर भन्ने गर्छन्– बरु ब्रिटिसकालमै राम्रो थियो। आजको नेपालमा भ्रष्ट राजनीतिक दल र नेताबाट वाक्क भएर नेपालीहरूले बरु राजै ठीक थिए भनेजस्तो। यो वितृष्णा जातीय पहिचानसँग जोडिएको छ। भाषासँग जोडिएको छ। माटोमाथिको अधिकारसँग जोडिएको छ। ज्यालासँग जोडिएको छ। हाम्रो मधेस र उताको गोरखाल्यान्डका कतिपय पीडाहरू समान लाग्छन्। नेपाल भन्ने देश विचित्रको सङ्घीय प्रणालीमा छ, एउटा मैथिली वा नेवार विद्यार्थीलाई अझै नेपालीमा राष्ट्रगान घोकाइन्छ। उनीहरूले आफ्नै देशको राष्ट्रगान आफ्नो मातृभाषामा गाउन पाउँदैनन्। उता गोरखाल्यान्ड आन्दोलन झन् चर्कियो (सन् २०१७) जब पश्चिम बङ्गाल सरकारले सबै नेपालीभाषी विद्यार्थीहरूका लागि बङ्गाली भाषा अनिवार्य गर्ने घोषणा गऱ्यो। सन् १९९२ मा नेपाली भाषाले २२ वटा सरकारी मान्यताप्राप्त भाषासँग भारतको संविधानमा आठौँ सूचीमा स्थान पाएको थियो।

शिक्षक तथा इतिहासका अध्येता मनोज गिरीसँग एक साँझ सघन छलफल भयो फुगुडी चिया कमानभित्रै। मसँग उनका लागि प्रश्न मात्रै थिए। उनले भने– "मूलत: मालिकको जमिनमाथिको आधिपत्य अन्त्य गर भन्ने हो।" चिया कमानभित्र सयौँ वर्षदेखि गोरखालीहरू बसेका छन्। जग्गा सरकारी हो। सरकारसँग कम्पनीले चियाका लागि जमिन लिजमा लिन्छ। यो ठूलो असुरक्षा र भय हो नागरिकलाई। "कम्पनीमा काम गर्ने मजदुरहरूका लागि न फ्याक्ट्री एक्ट लागू हुन्छ न त प्लान्टेसन एक्ट। कागजमा छ, तर व्यवहारमा छैन।" उनको विचारमा नेपालीभाषी भारतीयहरूको आत्मसम्मान र पहिचानको कुरा मात्रै होइन, बङ्गाली समुदायको

अगाडि पश्चिम बङ्गालका आदिवासीहरूको स्थिति पनि दयनीय छ। उनी नेपालीभाषीहरूमा राजनीतिक-सांस्कृतिक चेतनाको आवश्यकता ठान्छन् र केही वर्षदेखि 'आह्वान' अभियान चलाइरहेका छन्। उनीबाट प्रशिक्षित विद्यार्थीहरू मरिना राई, लावा सेर्पा, विनीता राईहरू जेएनयू, दिल्लीबाट पनि अध्ययन सकेर यही अभियानमा फर्किएका छन्। उनीहरू गाउँगाउँ जान्छन् र युवाहरूलाई चिन्तनको प्रशिक्षण दिन्छन्।

फुगुडी चिया कमानमै घर भएका दिलप्रसाद सेर्पा किशोर वयदेखि नै गोरखाल्यान्ड आन्दोलनमा हिँडेका रहेछन्। सुवास घिसिङको नेतृत्वमा सन् १९८६ मा सुरु भएको गोरखाल्यान्ड आन्दोलनमा लाग्दाको कथा उनले सुनाए। सन् १९८६ मा गोरखाल्यान्डका विषयमा तत्कालीन राजा वीरेन्द्रलाई बुझाएको मेमोरेन्डमका बारेमा पनि उनले सुनाए। "कि त गोरखालीहरू हाम्रा हुन् भनिबक्स्योस्, होइन भने भारत सरकारलाई दार्जेलिङका गोरखाली नेपालका नागरिक हैनन् भनिबक्स्योस्।" यही कुरा सुवास घिसिङका भाषणहरूको सङ्कलनभित्र पनि उल्लेख छ। यो पुस्तक पढ्दा वा सुवास घिसिङको भाषण भिडियोमा हेर्दा मजस्तो सामान्य मानिसका लागि अचम्म लाग्नु स्वाभाविक छ। सुवास घिसिङले सिधै भारत सरकार र बङ्गाल सरकारलाई चुनौती दिएका छन्। सार्वजनिक भाषणमा गोरखाल्यान्डको माग गर्दै खुलेआम सत्तालाई लल्कार्ने घिसिङलाई सत्ताले छुन पनि नसकेर अन्य १२ सय गोरखाली कसरी मारिए? गोरखाल्यान्ड आन्दोलनको सुरुवाती समयका घिसिङ भोको र आक्रामक सिंहजस्तो लाग्छन्।

भारतीय नेपालीभाषीहरूको स्वतन्त्रताको कथा झन्झन् चाखपूर्ण भएर गयो जब मैले चिया बगानभित्रै बसेर डा. खेमराज शर्माको पुस्तक **दार्जिलिङका गोरखा** पढेँ। घिसिङका किताब पनि मैले उतै पढेँ। घिसिङकै **मने** र प्रकाश कोविदको **तर कहिले** उपन्यासले झन् बलियोसँग ब्रिटिसकालीन समयदेखि चिया कमानका मजदुर गोरखालीहरूको सङ्घर्षको कथा बोलेका छन्। त्यसो त युवा लेखक छुदेन काविमोको उपन्यास **फातसू**ले सन् १९८६ पछिको एक खाले स्थिति बोलेको छ। गोरखालीहरूको स्वतन्त्रताको सपना, विपन्न जीवनचर्या, गोरखाल्यान्ड आन्दोलनको असफलता र फुटको पीडादायी कथा कहेको छ। ८० कै दशकमा लेखिएका भगीरथ रावतको **वास सल्किरहेछ** र असित राईको **नयाँ क्षितिजको खोज** पढ्न पाएको छैन। गोरखाल्यान्ड आन्दोलनको उपलब्धिहीन अवसानसँगै भारत सरकारको नयाँ नागरिकता विधेयकले भारतीय नेपालीको अस्तित्वको घाउमा अझै नुनचुक छरेको छ। मिरिक बजारमा विमल गुरुङले सम्झौता गरेर ल्याएको अधिकारको बोर्ड देख्छु, गोरखाल्यान्ड टेरिटोरियल एडमिनिस्ट्रेसन र मधेसलाई सम्मानित स्थानमा पुर्‍याउँछु भनेर आन्दोलनमा ओर्लिएका तर सत्ताको गुलियोमा भुलेका उपेन्द्र यादवहरूलाई सम्झन्छु। तर साम्प्रदायिक सोचको राजनीति बडो विभेदकारी हुन्छ। अलिअलि आफ्नो समुदाय हेपिएको आक्रोश र अलिअलि पहाडे मानसिकता मिसिएर दार्जिलिङका नेपालीभाषीहरूले नेपालको राजनीतिलाई हेर्ने दृष्टिकोण निकै साँघुरो छ। पारि जाँदा धेरैले मलाई सोध्ने एउटा प्रश्न हो– "रामवरणलाई किन राष्ट्रपति बनाएको? त्यसै त भारतले सिमाना मिचेर नेपाल खान लागिसक्यो। त्यसमाथि अब 'मधिसे'-हरू छिरेर नेपाल कब्जा गर्छन्।" नेपालको एक हदसम्मको सामाजिक र धार्मिक उदारताको

चेतना उता नपुगेको स्पष्ट हुन्थ्यो। मैले भेटेका अधिकांश आम मानिसमा मोदी संस्कारको गन्ध आउँछ। सिलिगुडीका रैथाने मेरा फुपूफुपाजु र भाइबहिनीसँग यस विषयमा लामोलामो बहस (लगभग झगडाकै तहमा) भएको छ। तर मैले नेपालका हिमाल, पहाड र मधेस-तराईमा बस्ने समुदायको विविधताका बारेमा, मूलतः मधेसी नेपालीहरूप्रति आम पहाडी सङ्कीर्ण मानसिकताका बारेमा अझैसम्म बुझाउन सकेको छैन। अझ मोदीको हिन्दुत्वकरणप्रतिको उहाँहरूको भक्तिमाथि पुनर्विचार गराउन सकेको छु।

म भारतीय नेपालीहरूमाथि लेखिएको फिक्सन र इतिहासको भावनात्मक बन्दीजस्तै भएँ। अनि बिहान उठेर साँच्चै तिनै चिया कमानका गोरखालीहरूलाई भेट्दा निसास्सिएको जस्तो महसुस हुन्थ्यो। काठमाडौँ फर्किएर पनि तिनै चिया कमानका मिहिनेती, निर्दोष मजदुरहरू, भारतीय सीमारक्षाका लागि लडिरहेका हजारौँ गोरखाली सैनिकहरू, मैले चिनेका प्रिय सर्जकहरू, मेरा फुपूफुपाजुलाई सम्झिरहेछु। थाहा छैन, यसको राजनीतिक निकास कस्तो हुनुपर्छ? तर आजको भारत, आजको बर्मा वा आजको भुटानलाई हेर्दा एकल धर्म, एकल भाषा, एकल जाति वा एकल राजनीतिक पार्टीको आधिपत्यले अल्पसङ्ख्यक धर्म, जाति, भाषाका समुदायलाई अचानक गैरनागरिक बनाइरहेछ। भुटानका नेपालीभाषी वा बर्माका रोहिङ्ग्या समुदाय एकल जाति र धर्मको सिकार भई अचानक आफ्नै देशमा अनागरिक भएर लखेटिए। एक वर्षको बर्माको बसाइ अनुभवबाट भन्न सक्छु, बर्माका नेपालीभाषी वा अन्य अल्पसङ्ख्यकहरूसँग नागरिकका रूपमा चाहिने कानुनी डकुमेन्ट हुँदाहुँदै पनि सधैँ सत्तालाई म यही देशको सुधो नागरिक हुँ भनेर प्रमाणित गराइरहनुपर्ने बाध्यता छ। पहिचान र अधिकारको कुरा नगरी बन्धक मजदुरझैँ बस्नुपर्ने अवस्था छ। सत्ताको राजनीति विचित्रको छ भारतको नयाँ नागरिकता विधेयकका विषयमा राजनीतिक विश्लेषक अरुन्धती रोयले भनेजस्तो– "नागरिकहरूको भोट र सहयोगले नेताहरू सत्तामा पुग्छन् र सत्ताको उन्मादमा तिनै नागरिकलाई अनागरिक बनाउने कानुन ल्याउँछन्।"

सन् २०१७ मा गोरखाल्यान्ड आन्दोलन चलिरहँदा तत्कालीन विदेश मन्त्री सुषमा स्वराजले संसद्मा गृह मन्त्रीलाई सम्बोधन गर्दै आफ्नो धारणा राखिन्– "गोरखालीहरूको दार्जिलिङको विचलनको अरू कोही जिम्मेवार छ भने त्यो पश्चिम बङ्गाल सरकार र केन्द्रीय सरकार हो। दार्जिलिङमा गोरखाल्यान्डको माग धेरै दिनदेखि चलिरहेको छ। गोरखाल्यान्ड बन्नुपर्छ वा बन्नु हुन्न भन्ने दुई मत हुन सक्छ। हरेक राज्यका बारेमा यस्तै दुई मत हुन सक्छ, तर यो कुरा पक्का छ, यो आन्दोलन पृथक्तावादी आन्दोलन होइन। बरु यो आन्दोलन गोरखालीलाई भारतसँग जोड्ने आन्दोलन हो। हिन्दुस्तानमा पृथक् राज्यका धेरै आन्दोलन भए। उत्तर प्रदेशबाट उत्तराखण्ड, बिहारबाट झारखण्ड, मध्य प्रदेशबाट छत्तीसगढ अलग हुने आन्दोलन चल्यो। आन्ध्र प्रदेशबाट तेलाङ्गना अलग हुने, महाराष्ट्रबाट मध्य प्रदेश अलग हुने आन्दोलन चलिरहेको छ। अरू पनि धेरै सानासाना राज्यहरूको कुरा भइरहेको छ। यी सबैलाई त हामीले पृथक्तावादी आन्दोलन भनेनौँ। मैले आन्दोलनकारीहरूसँग कुरा गरेँ। उनीहरूले भने, 'म्याडम, हाम्रो तन भारतीय छ, मन भारतीय छ। खालि हामी निधारमा हिन्दुस्तान लेखाउन चाहन्छौँ।'" उनले अरू

धेरै कुरा भनिन्, तर पश्चिम बङ्गालले उनको कुरा सुनेन। सन् १९७७ देखि सन् २००० सम्म पश्चिम बङ्गालको मुख्यमन्त्री रहेका ज्योति बसू हुन् या सन् २०११ देखिकी मुख्यमन्त्री ममता बनर्जी, सबैले सैनिक शक्ति प्रयोग गरेर र फुटको राजनीति गरेर आन्दोलनलाई दबाई छाडे। गोरखालीहरू भन्ने गर्छन्– ज्योति बसूले सुवास घिसिङलाई लोभ्याए, ममता बनर्जीले विमल गुरुङलाई लोभ्याइन्। सत्तामा बसेकाहरूको राजनीतिक चक्र विचित्रको छ। एकातिर तिब्बती शरणार्थीहरू भारतमा शरण लिएर बसेका छन्, अर्कातिर कश्मीरमा भारतको डरलाग्दो हस्तक्षेप छ। करोडौँ नागरिक भएका देशहरू चीन, अमेरिका, भारत र बर्मा अल्पसङ्ख्यकहरूमाथि झन्झन् क्रूर हुँदै जाँदै छन्। संसारकै लागि मानवताको यो ठूलो घाउ हो। यी ठूला देशका शक्तिशाली शासक भनाउँदाहरू सँगै बसेर समाधान खोज्दैनन्। त्यसो त पाउलो फ्रेरेको 'पेडागोजी अफ द अप्रेस्ट' वा अगस्टो बोआलको 'थिएटर अफ द अप्रेस्ट'-ले भन्छ– पीडकहरूले समाधान दिँदैनन्। समाधानका लागि पीडितहरूले सङ्घर्ष गरिरहनुपर्छ।

चिया कमानमा १० दिनको बसाइपछि म फेरि सिलिगुडी झरेँ। 'गार्डेन्स टी'-मा सिर्जना वृत्तले मसँग अन्त:क्रिया कार्यक्रम राखेको थियो। आदरणीय कवि मोहन ठकुरीदेखि नाटककार मुक्ति उपाध्याय त्यहीँ भेटिए। छुदेन काविमो त्यहीँ थिए। सम्बोधन प्रकाशनका सुरज गुरुङ ऊर्जावान् रहेछन्। स्वागतका लागि उनले लामै भाषण गरे र आफ्ना साहित्यिक सपना बोले। मलाई त्यहाँ मेरो रङ्गमञ्चीय यात्रा र अनुभव बोल्न उभ्याइएको थियो, तर अन्त:क्रिया खण्डमा संवेदनशील प्रश्नहरू मतिर आए। धेरै प्रश्नहरूमध्ये एउटा प्रश्न थियो– "दुई वटा ठूला आन्दोलन विफल भए। पहिचानको लडाइँमा अब युवाहरूको भूमिका के हुनुपर्छ जस्तो लाग्छ?" सिलिगुडीको सिरानमा सिङ्गै नेपालको सैनिक क्याम्पभन्दा धेरै ठूलो सैनिक क्याम्प देखेको मैले भनेँ– "यस्तै लडाइँ नेपालमा धेरै अल्पसङ्ख्यकको अस्तित्वको लडाइँ हो। अब खुकुरी र युद्धको बहादुरीले काम गर्दैन। सांस्कृतिक जागरण र चेतनाबाट नै यो लडाइँ लड्न सकिएला।" साहित्य, सङ्गीत, चित्रकला र रङ्गमञ्चमा एकसे एक प्रतिभा जन्माएको दार्जिलिङ भूमिले आफ्नो श्रम र पसिनाले भारतको भूमिलाई सिञ्चित गरेको छ। सन् २०१८ मा देहरादुन घुम्दा भेटिएका नेपालीभाषी भारतीयहरूको पनि सम्झना हुन्छ। आफ्नो भाषा, संस्कृति र पहिचानप्रतिको मोह अधिक देख्छु; तर केन्द्रीय सत्ताको चापमा ओइलाउँदै गएको देख्छु।

तत्कालीन नेपाल सरकार र इस्ट इन्डिया कम्पनीबीच भएको सन् १८१५ को सुगौली सन्धिपछि मेचीपारि र महाकालीपारि भूमि मात्रै गाभिएन, त्यो भूमिसँगै नागरिकहरू पनि उतै छुटे। ती नागरिकहरूको दु:ख र सङ्घर्षका धेरै कथा लेखिएका छन्। डा. कुमार प्रधानको **द गोरखा कङ्क्वेस्ट** होस् वा लुडविङ एफ स्टिलरको **द साइलेन्ट क्राई**, यिनीहरूले सुगौली सन्धिपछि राजनीतिक सट्टापट्टामा परेका लाखौँ नागरिकको दर्दनाक कथा भन्छन्। भूगोलको एकीकरण र आम मानिसको भावनाको एकीकरण बिलकुलै फरक कुरा रहेछन्। पृथ्वीनारायण शाहको नेपाल एकीकरणका सन्दर्भमा पनि इतिहासको विवेचना चलिरहेको छ। तर यो आधुनिक युगमा आफ्नै नागरिकहरूको आत्मसम्मान दिन नसक्ने भारत नेपाल, बङ्गलादेश, पाकिस्तानजस्ता छिमेकी देशहरूका लागि सधैँ पीडक छिमेकी साबित भएको छ। आफ्नै

देशभित्र अल्पमत र किनारमा परेकाहरूलाई बेवास्ता गर्दै धार्मिक अतिवाद लादिरहेको मोदी सरकारले राजनीतिक हस्तक्षेपसँगै आज पनि भूमि अतिक्रमण गरिरहेको छ। यस्तो नेतृत्वले बङ्गालमा नेपालीभाषी र आदिवासी (गराऊँ, रावा, मुन्डा, लेप्चा आदि) वा पूरै भारतका दलित, आदिवासी वा गैरहिन्दूको पहिचान र आत्मसम्मानको कसरी रक्षा गर्न सक्छ? ठूलो सन्देह छ। यस्तो लाग्छ, हिमाचल प्रदेशको धर्मशालामा बसेका तिब्बती शरणार्थीहरू भारतीय नेपालीहरूभन्दा सम्मानित जीवन बिताइरहेका छन्।

मिरिकलाई सम्भिरहेको छु। सय वर्ष बढी उमेर भएका चियाका बोट गोरखाल्यान्डको आन्दोलनको इतिहास बोकेर मौन छन्। तिनले दिने चियापत्ती संसारमा फैलिएको छ। बरु तिनको मूल्य गहकिलो छ, तर तिनलाई हुर्काउने किसान र मजदुरहरूको मूल्य निकै सस्तो छ। गोरखाल्यान्डको चियाको ब्रान्ड संसारमा प्रसिद्ध छ, तर तिनलाई हुर्काउने नागरिकहरू अझै अस्तित्वको लडाइँ लडिरहेका छन्।

शान्तिला र राजाहरूको सांस्कृतिक लडाइँमा भावनात्मक रूपमा म सँगै छु। तर यो पीडाको इपिकमाथि कसरी नाटक बनाउने होला, म अन्योलमा छु। सिलिगुडीमा नाटककार मुक्ति उपाध्यायको घर पुगेँ। उति बेलै मलाई मन पर्ने कवि मनप्रसाद सुब्बा दाइको फोन पाएँ। लामो कुरा भयो। लामो आन्दोलन र त्यसको असफलताबाट भर्खरै तङ्ग्रिँदै आएको दार्जिलिङ जिल्लामा म बबुरोले नाटक बनाउनु फलामको चिउरा चपाउनुजस्तो महसुस भयो। मनप्रसाद दाइको अचुक सल्लाह मनमै छ। अहिले यहाँ लेख्नु सामाजिक स्वास्थ्यका लागि हानिकारक छ।


पत्रकार मित्र पर्वत र कलाकार गणेश पनि काकडभिट्टाबाट सिलिगुडीसम्म आएका थिए। अघिल्लो साँझको कार्यक्रम अनेकौँ रङका सोमरस मिसिएर तिरमिराएछ। साथीहरूका आँखा बिहान १० बजेसम्म खुलेकै थिएनन्। मेरी फुपूका छोरा पुष्पराज निरौलाले मलाई कवि मोहन ठकुरीसम्म पुऱ्याइदिए। कवि अविनाश श्रेष्ठका लागि उहाँबाट एउटा पुस्तक कोसेली (आईबी राई विशेषाङ्क) थापेर हामी काकडभिट्टातिर हान्नियौँ। उहाँसँग लामै भलाकुसारी गर्ने मन भएर पनि सकिएन। बक्यौतामा फर्किएँ।

धेरै दिनसम्म मेरो मगजमा तिनै मिरिकका चिया मजदुरहरू आइरहे। सान्तिालका बाआमा। उनको भाइ सिलासले गितार बजाउँदै गीत गाएको। दार्जिलिङे लवजमा खस भाषा बोलेको। त्यो चिया कमान। चिया कमानभित्रको गोरेटो बाटो। कमानमा काम गर्ने आमाहरू, दिदीबहिनीहरू। हृदयभरि स्मृतिका पत्रैपत्र बोकेर फर्किएँ। गोरखालीहरूले लडेको युद्धका कयौँ वीरताका कथा हामी आज पनि पढ्छौँ। दार्जिलिङको आफ्नै भूमिमा आफ्नै सरकारसँग गोरखालीहरू किन हारिरहेका छन्? कि मैले गतल सोचेँ? अनि शान्तिका लागि मोहन ठकुरीलाई पढेँ– 'फेरि दार्जिलिङ'-मा।

कतै
सुप्त ज्वालामुखी

फुट्छ कि भनेर चियाउनु आएको
म
निद्राले बोझिल छन्/आँखाहरू
सपना पर्खनु छ
बिहान पर्खनु छ
एउटा रातो घाम
पर्खनु छ।

◆



*कृष्ण मानन्धर*

**समालोचना**

प्रा. डा. कुलप्रसाद कोइराला

# माधवप्रसाद पोखरेलको निबन्धकारिता

### १.० विषयप्रवेश



निबन्धकार माधवप्रसाद पोखरेल (२००५) नेपाली निबन्धका क्षेत्रमा प्रवेश गर्नुभन्दा पहिले नै नेपाली निबन्धले आफ्ना नैबन्धिक छटा प्रकट गरिसकेको देखिन्छ। नेपाली निबन्धका क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटा र शङ्कर लामिछानेले स्थापना गरेका गोरेटामा केशवराज पिँडाली, भैरव अर्याल र अन्य अगणित निबन्ध लेखन्तेहरू आआफ्ना चमकदार अनुहार लिएर देखा परिसकेका थिए। निबन्ध रहरले लेख्नेहरूसँग त्यति रमाउँदैन जसरी गाँडा ढुकेर फकाउनेसँग भन्दा वनपाखामा सहज-स्वत:स्फूर्त पारामा गाउने गिदङ्गेसँग धेरै युवतीहरू हिरिक्क भएर पछि लाग्छन्। कविता पनि यस्तै छे। निबन्धे मात्रै त्यस्ती छाडनबिनाकी होइन, कविते त भनै पाँच पैसाको छाडन किन्न बजारमा पाइन्छ भने किनेर खा भनेर पैसा दिए हुने खालकी छ। कविता कविता भनेर हिरिकहत्ते गर्नेका साथमा जाँदै जान्न। कवितालाई कदरै नगर्ने लत्तरखाजी पारामा जे आउँछ त्यही पचापच बक्नेका कलमका नोकमा रसिली, चम्किली र भरिली बनेर त्यसैत्यसै खित्का छाडेर हाँस्दै लहसिएर आएकी देखिन्छे। अर्का थरी उसका आँखीभौँ मिलाएर उखेल्ने, एक वाक्य भन्न पनि महिनौँ लाएर कुँदेरकुँजेर भन्नेका सँगमा पनि कविता रमाउँछे, किनभने त्यस्ताले उसका गोडा मिचिदिन्छन्, हात धोइदिन्छन्, कचेरा भए पुछेर फालिदिन्छन् र आँखाका कोसमा गाजल पनि कामदेवको धनुकै आकारमा मिलाएर लाइदिन्छन्। कपाल कोरिदिन्छन्। आँखीभौँ त भन् मिलाइदिने नै भए। सारी लाउँदा पनि सबै मिलाएर सोरै सिँगार भरिभुट्ट पारेर मात्रै बाहिरफेर निक्लने अनुमति दिन्छन्। यसरी कविता र निबन्ध एकै आँतका दिदीबहिनी हुन्। दुवैलाई लचकदार भाषा चाहिन्छ। दुवैले निर्बन्ध प्रेमी खोज्छन्। धन पनि भएको र मन पनि भएको प्रेमी पाए आनन्दले त्यसैत्यसै खिलखिलाएर रमाउँछन्। लेखनाथ र माधव घिमिरेमा कविता भित्रैदेखि सर्वाङ्ग सुन्दरी बनेकी देखिन्छे। धन नभए पनि देवकोटासँग पनि कविता लट्ठिएर सकीनसकी दौराको फेर समातेर सके कुदेकी छ, नसके घसारिएर-घिस्रिएर भने पनि साथ छाड्न नमानेर कन्तबिजोक पनि देखाउन पछि परेकी छैन। निबन्धको पनि पारा यही नै हो। बेकनसँग भन्दा मोतेसँग प्रेमपिरती गाँस्न पुगेकी त्यसै कहाँ हो र?

छिप्पिएका पश्चिमा छालाको रगडघसको स्पर्श पाएकी प्रबन्ध पुरुष हर्मोन अलि बढी भएकाले जुँगाका रेखी बसेजस्तो देखिन्छे र अलि औपचारिकता रुचाउने पनि त्यसको बानी छ। जे भए पनि होला भनेर मसक्क आँटेर देवकोटा पहिले त अर्काले सुमरेकी नै भए पनि **पच्चीस प्रबन्ध**तिर आँखा लाउँछन्। तर यसमा पनि उनले आफूलाई निर्बन्ध बनाएर प्रस्तुत गरेको खोजेका रहेछन्, त्यो पाएनन्। नपाएपछि बिचरा गरून् के? **लक्ष्मी निबन्धसङ्ग्रह**भित्रका

बतुरे निबन्धसँग कतै छडछडाएर त कतै दरदराकार बनेर अनि कताकति भित्रभित्रै गुम्सेर-पिल्सिएर धर्मशास्त्रका आधार तथा अङ्ग्रेजीको महिमोद्गान गर्दै कविराजको च्याङ्ग्रे खच्चडमा बसेर गुरुलाई भन्दा गधालाई बुद्धिमान् ठान्दाठान्दै पनि ऋग्वेदको पृथ्वीसूक्तभन्दा गहन 'के नेपाल सानो छ?' भनेर सारालाई छक्याउन पुगेका देखिन्छन्। शङ्कर लामिछानेको प्याजपत्रे मगज र गाईले उडाएका धूलामा रङ्गिएको मानव जीवनका पत्रको प्रस्तुतिपछि केशवराज पिँडालीका ओठमा देखिने भित्र मुटुलाई छोएर निक्लेको हाँसो र भाषिक बान्की तथा भणितिका ताछिल्यले समाजका फटाहा तथा साधु बिरालालाई धारिलो कर्दले खुर्केझैँ कतै अलि गहिरो त कतै अलिअलि मात्रै अर्थात् गरिबकी छोरीले आँप ताछेझैँ र कतै धनीकी छोरीले रूखकटहर ताछेझैँ हातमा तोरीको तेल लाएर चिप्ल्याउने, लडाउने, पछार्ने र हँसाईहँसाई पेट बाँड्याएर मर्नु न बाँच्नु पार्ने कलाले सजिसजाउ भएपछि केही ऐँचोपैँचो र केही सशक्त भाषिक शिल्पका साथमा आँखाका इसाराले पनि पुर्खौली इतिवृत्त केलाएर पनि अनि यज्ञलाई नै ध्वनि र व्यञ्जनाको हतियार बनाएर समाजका ठालू तथा धनवान्को सातो उडाउने सामर्थ्यका साथ राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशका मैदानमा आफ्ना पाठकलाई छाती र मगजको व्यायाम गर्न विवश पार्ने कला र पुरुषार्थ लिएर तीन वटा सन्तानका साथ माधव पोखरेल नेपाली निबन्धका फाँटमा **मेरो मान्छे** (२०५४) निबन्धसङ्ग्रह लिएर देखा परेका हुन्।

### १.१ निबन्धका आवश्यक तत्त्व

**(क) विषय–** जुनसुकै विधाका संरचनाका आधार हुन्छन्। ती आधारलाई संरचक घटक या आवश्यक तत्त्व भनिन्छ। निबन्ध कुनै न कुनै विषयमा उम्रिएर फैलने-फाँगिने गर्छ। विषयका अभावमा निबन्धको कल्पना पनि गर्न सकिँदैन। विषय निबन्धको आधारभूमि हो। निबन्ध विषयमा नै इमानदार भएर त्यसका सिङपुच्छर नाप्न लाग्यो भने त्यो बेकन पाराको वस्तुपरक निबन्ध बनेर प्रविधिका सहाय्यसूत्रमा बाँधिन पुग्छ। माधव पोखरेल निबन्धमा निर्बन्ध भएर प्रस्तुत हुन्छन्। निबन्धका विषय अनेक हुन्छन्। एउटा निबन्धभित्र विषयका अनेकौँ आनुषङ्गिक शाखा र उपक्षेत्रको समेत प्रस्तुति भएको हुन सक्छ। विषयवरणका दृष्टिले पोखरेल विविधता रुचाउने निबन्धकार हुन्। उनको कुनै एउटा निबन्ध एकै विषयाश्रित मात्र छैन। सानाठूला अनेक प्रसङ्गका जुइनाले बाँधिएर एक विषयक्षेत्रको निर्मिति पूरा गरेका छन् उनका निबन्धले। निबन्धमा पोखिएको भावालोक या अनुभूति यद्वा चिन्तनको स्थिति र मात्राका आधारमा विषयवस्तु एक या अनेक अभिनिविष्ट हुने कुरो सर्जन प्रक्रियाले स्वतः नै निर्धारण गर्छ। जसरी कुवामा पानी भर्न जाने निपुण पँधेर्नीलाई पानीको कुन भाग गाग्रीका पिँधमा र कुन भरिने बेलाका भागमा राख्ने भन्ने पिरलो पर्दैन त्यसरी नै भावगहन स्रष्टा सिर्जनाका क्षणमा आनन्दको अनुभूतिले भरिएको हुन्छ, तर प्रसवपीडा बोक्दैन। हामी बाँचिरहेको या बाँच्ने या बाँचेका समाजमा सहज तथा जटिल अनेकौँ पक्षहरू हुन्छन्। निबन्धकार पनि तिनै समस्याका उत्ताल तरङ्गको भोक्ता, अनुभवकर्ता र त्यसका कारणको अन्वेषक र प्रस्तोता या व्याख्याता पनि हो। यिनै कुराका परिधिमा बसेर निबन्धकार माधवप्रसाद पोखरेलका तीन वटै निबन्धसङ्ग्रहका निबन्धका विषयलाई नियाल्न सकिन्छ। यिनको **मेरो मान्छे** भन्ने निबन्धसङ्ग्रहका

निबन्धलाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ– शिक्षासँग सम्बद्ध, देशको र विश्वको राजनीतिसँग सम्बद्ध, विचारप्रधान निबन्ध, उपदेशप्रधान, संस्कृतिसँग सम्बद्ध, व्यवसायसँग सम्बद्ध र अन्ताराष्ट्रसँग सम्बद्ध। यसरी माधव पोखरेल कुनै एक या दुई विषयमा मात्रै सम्बद्ध रहेर बसेका छैनन्। अहिले यहाँ म यी सबै निबन्धको व्याख्याविश्लेषण नगरी केवल वैषयिक विविधता यिनका निबन्धमा पाइन्छ भन्न मात्र खोजेको छु। सापेक्षित रूपले हेर्दा यस सङ्ग्रहका निबन्धकार पोखरेलमा उत्तरोत्तर परिष्कृत-व्यवस्थित बन्दै भणितिको तीक्ष्णता र प्रस्तुतिकलामा प्रौढता आर्जन गर्न बाँकी रहेको देखिन्छ। विषयको विश्लेषण र परिस्थितिविशेषमा व्यङ्ग्यका पर्रा बर्साउन पछि नपरेकै भए पनि यी निबन्धलाई अझै उजिल्याउन सकिने स्थान आजका माधवप्रसाद पोखरेलले मसिनिएर, समय दिएर हेर्दा भेट्ने छन् भन्न सकिन्छ।

**(ख) नागदहको थिति (२०५९)– नागदहको थिति**भित्रका निबन्धसङ्ग्रहका निबन्ध पनि विविधतालाई अँगालेर प्रकट भएका देखिन्छन्। यस सङग्रहका निबन्धलाई विषयगत दृष्टिले (पहिलोमा आएभन्दा भिन्नको मात्र) निम्न प्रकारमा परिगणना गरेर अध्ययन गर्न सकिने देखिन्छ– व्यक्तिको प्रभावसँग सम्बद्ध, सामान्य प्रशासनसँग सम्बद्ध र भाषा तथा वेशभूषासँग सम्बद्ध। समग्रमा यस सङ्ग्रहका निबन्ध विभिन्न नौ वटा विषयसँग सम्बद्ध रहेका देखिन्छन्। पहिलो निबन्धसङ्ग्रहका भन्दा यी तीन वटा विषयका निबन्ध थपिएका छन्। यसमा पोखरेलको समाजलाई हेर्ने दृष्टिमा निपुणता आएको छ। व्यक्तिको उपस्थिति र अनुपस्थितिले समाज, राष्ट्र, संस्कार तथा परिवारमा कुन प्रकारको रिक्तता छाउँछ भन्ने कुरामा समेत दृष्टि पुऱ्याएको देखिन्छ। यसरी नै सामान्य प्रशासनका सम्बन्धमा पहिलोमा चिन्तनै गरिएको थिएन। कुनै पनि देशमा बसोबास गर्ने आम मान्छेका निमित्त सामान्य प्रशासनको ठूलो महत्त्व रहेको हुन्छ। सामान्य नागरिकका निमित्त सबै काम गर्ने अवसर तथा चुनौती भनेको नै सामान्य प्रशासन हो। यो गलत भयो भने कालो कुकुरले नपाएको दुःख साधारणभन्दा साधारण नागरिकले पनि पाउँछ। यस सम्बन्धमा दीर्घराज कोइरालाको सचिव पद नै स्वाहा पारेको प्रसङ्ग यथेष्ट छ। भाषा र वेशभूषामा संस्कारसंस्कृतिका अतिरिक्त मान्छेका परापूर्व समयदेखिका अहम्, साझा भाव, अभाव, पूर्णता र अल्पताका चित्र खाँदिएर रहेका हुन्छन्। यसरी हेर्दा पोखरेल प्रौढ र परिपक्वतातिर अग्रसर हुँदा छन्। देशको प्रधानमन्त्रीका आदेशमा विश्वविद्यालयको उपकुलपतिलाई प्रधानमन्त्रीको सचिवालयमा दुई घण्टा थुन्नेजस्ता ऐननियम विपरीत काम हुन थाल्दा समाजमा कुन प्रकारको त्रास र विसङ्गति छाउँछ भन्ने कुरामा समेत व्यङ्ग्य भेटिन्छ। यद्यपि पहिलो उनले निबन्ध लेख्नुभन्दा १० वर्ष पहिले भएको घटना हो भने दोस्रो चाहिँ उनको निबन्धसङ्ग्रह छापिएको १५ वर्षपछिको घटना हो। यसरी हेर्दा साहित्यकार सामान्य घटनामा पनि शताब्दीपछिसम्मको समाजका गतिविधिका चित्र देख्न सक्छ भन्ने भनाइ चरितार्थ भएको छ।

**(ग) गार्गीको गाँठो** (२०६२) माधवप्रसाद पोखरेलको तेस्रो निबन्धसङ्ग्रह हो। यसमा समालोचना पनि सङ्कलित रहेको छ। 'कैकेयी : अयोध्याकाण्डकी दोषी' शीर्षक निबन्ध नैबन्धिक धर्मीभन्दा समालोचनाधर्मी बनेको भेटिन्छ। पोखरेलका पहिलो निबन्धसङ्ग्रहमा भन्दा दोस्रो निबन्धसङ्ग्रहमा तीन वटा नयाँ विषय थपिएका थिए भने यसमा पनि पहिलेका

विषयसँग सम्बद्धभन्दा केही अन्य विषय सम्बद्ध निबन्ध थपिएका छन्। अतः यसमा पनि अरू पहिलेकै र थपिएकालाई यहाँ उल्लेख गर्न सकिन्छ– आलोचनापरकता, शिक्षापरकता, मनोविज्ञानपरकता र अर्थपरकता। यसरी पोखरेलको चेतना नित्य बद्धिर्तायनशील रहेको प्रमाण पहिलोमा भन्दा दोस्रोमा विषयक्षेत्रको वृद्धि हुनु र दोस्रामा भन्दा तेस्रामा आइपुग्दा झनै विषयक्षेत्रको व्यापकता देखा पर्नु भनेको उनको नैबन्धिक चेतसँगै समाजको अवलोकनमा र उनले लिने सामाजिक जिम्मेवारीमा पनि वृद्धि हुनु नै हो। यसरी हेर्दा एउटा प्राध्यापकमा थपिएको स्रष्टा व्यक्तित्वले आफूमा नित्य जिम्मेवारी मात्र होइन, सृजनशीलतालाई पनि अझै तीक्ष्ण बनाउँदै लान सक्दो रहेछ। उसका सृजनामा झनै संवेद्यता थपिएको देखिन्छ।

## १.२ शैली

स्रष्टाले आफ्ना कुरा या विचार अथवा अनुचिन्तनलाई समाज या पाठक-भावकसमक्ष प्रक्षेपण गर्न तयार पारेका शब्द, शब्दावली, वाक्यांशहरूका योगले बनेका वाक्य तथा त्यस्ता वाक्यको सिलसिलेवार सङ्गठनलाई अनुच्छेद भनिन्छ र पूर्वापर अनुशृङ्खलित अनेक अनुच्छेद मिलेर बनेको भाषिक स्वरूप नै समग्र कथन हो। प्रत्येक निबन्ध समग्र कथन भएकाले यी सबै कुराको सम्पुटित अवस्थाको बनोटलाई नै शैली भनिन्छ। यस प्रकारको यसको बनोटलाई हेर्दा के भन्न सकिन्छ भने शैली भनेको भाव र भाषाको सङ्गमस्थल हो। प्राञ्जल भाव तथा त्यत्तिकै परिष्कारपूर्ण शैली निबन्धका निमित्त आवश्यक हुन्छ नै। शैलीका दृष्टिले माधवप्रसाद पोखरेलका तीन वटै निबन्धसङ्ग्रह निजात्मक शैलीका छन्। भाषिक सरलता र भावगत गम्भीरता पोखरेलका निबन्धगत प्राप्ति मानिन्छन्। पोखरेलको प्रस्तुति शिल्पलाई नियाल्दा यिनका सबै निबन्ध निगमनात्मक पद्धतिमा आधृत रहेका भेटिन्छन्। पोखरेलका निबन्धमा पहिले तथ्य आएका छन्। ती तथ्यमाथिका तर्क त्यसपछि आएका पाइन्छन् र तिनको पनि कार्यकारणको व्याख्यापछि मात्र निष्कर्ष दिने प्रवृत्ति यिनका हरेक निबन्धमा रहेकाले यिनी निगमनात्मक विधिका निबन्धकार हुन् भन्न सकिन्छ। वास्तवमा शैली भनेको त्यस्तो निजी कुरो हो जसका अभावमा लेखकले आफ्नो परिचयक्षेत्र निर्माण गर्नै सक्दैन। दुईचार वाक्य पढेपछि यो फलानाको पङ्क्ति हो भनेर जिज्ञासु पाठकले चिन्न सकून् भन्ने मानिन्छ। यसलाई स्रष्टाको धन पनि भनिन्छ। यिनी भाषाविज्ञानका निपुण प्राध्यापक भएकाले पनि यिनको भाषा व्याकरणसम्मत खिप्तीमा आधृत रहेको देखिन्छ। निबन्धका प्रायः शीर्षक व्यङ्ग्यात्मक र प्रतीकात्मक पनि रहेका भेटिन्छन्। यिनका निबन्ध उखान, सूक्ति र अर्थगहन उक्तिले पनि सिँगारिएका पाइन्छन्। देवकोटाको प्रवाहलाई नअँगालीकनै आफ्नै प्रवेगमा पोखरेल प्रवाहित भने रहेका भेटिन्छन्। कतिपय निबन्धमा अन्तःसंवाद सृजना गरेर निबन्धमा मिठास भरिएको पनि पाइन्छ। पोखरेल आफ्ना मन्मय कुरालाई आत्मकथनात्मक ढाँचामा प्रक्षेपण गरेर पाठकलाई आफ्ना निबन्धमा नै सहभागी हुन विवश बनाउने कौशल भएका निबन्धकार हुन्।

## १.३ विचार

विचार निबन्धको मुटु हो। निबन्धमा कुनै विचार या भाव समाजसमक्ष प्रस्तुत गर्ने विचार राखेर नै निबन्धकार निबन्ध लेखनमा प्रवृत्त हुन्छ। यसलाई लेखकले समाजलाई दिने

सूचना, समाजलाई लेखकको सन्देश पनि भनिन्छ। कतिपय समालोचक विचारलाई उद्देश्य भन्न रुचाउँछन्। उद्देश्य लेखकले समाजसमक्ष सम्प्रेषण गर्न चाहेको कुरो हो भन्ने र विषय र शैली या भवका कोलमा समाजका अनेकौँ सरल तथा जटिल समस्या जसलाई मन्थन गरेको हुन्छ लेखकले र त्यो मथाइबाट निक्लेको तत्त्व पनि उद्देश्य हो। स्रष्टाकेन्द्री समालोचनाबाट निकालिएको तत्त्व हो उद्देश्य। कृतिकेन्द्री समालोचनाले यसलाई पारिभाषिक शब्दमा विचार नै भनेको भेटिन्छ। निबन्धमा मस्तिष्क र हृदयको समुचित सामञ्जस्य आवश्यक मानिन्छ। यद्यपि देवकोटाका निबन्ध यसका अपवाद मानिएलान् तापनि त्यहाँ रमरम बौद्धिकता रहेको कुरो स्वयम् देवकोटाले स्वीकार गरेका छन्। निबन्धकार जहाँ जाओस्, ऊ मनमस्तिष्कसहित गएको हुन्छ भनिन्छ। हृत्तत्त्वले तरलताको स्थितिलाई सङ्केत गर्छ भने मस्तिष्कले बौद्धिक र ठोस तत्त्वलाई सङ्केत गरेको हुन्छ। मानव समाजका कुनै पनि विषयले प्रदान गर्ने तेरिज पनि निबन्धको उद्देश्य या विचार हो भन्न सकिए पनि वास्तवमा ती विषयलाई जसलाई निबन्धकारले ग्रहण गरेको छ र तिनलाई नै पेलेर, व्याख्या गरेर, विश्लेषण गरेर लेखकले प्रदान गर्ने प्रतीयमान सूचना या सन्देश नै निबन्धको उद्देश्य या विचार हो।

### १.४ पोखरेलका निबन्धको अध्ययन

निबन्धकार माधवप्रसाद पोखरेलका अद्यावधि मैले पढेका तीन वटा निबन्धसङ्ग्रहलाई क्रमिक रूपले (विशद अध्ययन यहाँ असम्भव प्रतीत हुन्छ) यो लेख पोखरेलको निबन्धकारितालाई सङ्क्षिप्त रूपमा चिनाउने लक्ष्यमा परिकेन्द्रित रहेको छ। पोखरेलका निबन्धमध्ये प्रकाशनका दृष्टिले पहिलो निबन्धसङ्ग्रह हो **मेरो मान्छे** (२०५४), दोस्रो हो **नागदहको थिति** (२०५९) र तेस्रो हो **गार्गीको गाँठो** (२०६२)।

निबन्ध अनौपचारिक विधा हो। यसमा प्रबन्धात्मक साहित्यका विधा-उपविधामा नभइनहुने तत्त्व या संरचक घटक आवश्यक पर्दैन भनिन्छ तापनि अति आवश्यक जसको उपस्थितिबेगर निबन्धको काया कल्पना नै गर्न सकिँदैन, सकियो भने पनि त्यसले एकोन्मुख भएर कुनै ठोस सूचना या सन्देश सम्प्रेषित गर्न सक्दैन, ती तत्त्वका सम्बन्धमा यसभन्दा पहिलेका अनुच्छेदहरूमा प्रक्षेपण गरिसकिएको छ। निबन्धमा भाव र विचारको रमणीय गुम्फन आवश्यक छ। भावका अभावमा निबन्ध बौद्धिक विलासबाहेक अरू केही बन्दैन। बौद्धिकताका अभावमा पनि सुन्दर निबन्ध बन्दैन। यसरी हेर्दा राम्रो निबन्ध लेखकले बौद्धिकता र भावनाको तारतम्य तरकारीमा नुनको मात्रा मिलाएझैँ मिलाउन सक्नुपर्छ। निबन्धलाई दिली दोस्त बनाउन हास्य र व्यङ्ग्यका पुट व्यवस्थापन गर्न सक्नुपर्छ। निबन्धको भाषा परिमार्जनको उच्च तहमा पुगेको पनि हुनुपर्छ। राम्रा निबन्धमा कल्पना, बौद्धिकता र रागात्मकताको त्रिवेणी सिर्जना गरिनु आवश्यक हुन्छ। प्रस्तुत विषयको वास्तविक स्वरूप खडा गरेर मात्र पनि पुग्दैन। कुनै कुराको वास्तविक स्वरूप त दर्शनले पनि उभ्याउँछ। विज्ञानले पनि त्यो काम गर्छ, तर तिनमा वैयक्तिकताको सर्वथा अभाव हुन्छ। निबन्धमा वस्तुता र वैयक्तिकता अन्तर्घुलित भएका हुन्छन्। उस्तै खालका पाठकले त यिनलाई छुट्याएर हेर्न नजाने पनि आनन्द भने अनुभव गर्छ नै। सर्बत बनाउन नजान्ने मजस्ता मखुन्डीले पनि सर्बतको स्वाद लिन जानेजस्तै

हुन्छ। पोखरेलका सबैजसो निबन्धमा यी गुण रहेका छन्। विशेष गरी 'धुलाबारीको अग्निकुण्ड' असाध्य नै उत्कृष्ट भएको देख्छु। यसमा ध्वन्यात्मकता रहेको छ। जसरी पृथ्वीमा गरेका हवनको धूवाँ स्वर्ग, सत्यलोक, कैलास र वैकुण्ठमा पुग्छ ठीक त्यसै गरी धुलाबारीमा भएका व्यापारिक गतिविधिले यस देशका ब्रह्मा, विष्णु र शिवको जिम्मेवारी समालेर बसेकालाई परम सन्तुष्ट पार्छ, नपारे व्यापार नै चल्दैन भन्ने ध्वनि सम्प्रेषण गरेका छन्। शङ्कर लामिछानेको 'जीवन एक प्राध्यापक' र देवकोटाको 'पाँचौटा चाहिने कुरा'-सँग यो निबन्ध तुलनीय रहेको छ। देवकोटाको **लक्ष्मी निबन्धसङ्ग्रह**, शङ्करको **गोधूलि संसार** तथा पोखरेलको **गार्गीको गाँठो** निबन्धसङ्ग्रहका कतिपय निबन्ध तुलनीय रहेका पाइन्छन्। शङ्करको र पोखरेलको आत्मपरकता, बौद्धिकता तथा व्यङ्ग्यात्मकता तुलनीय छन् भने देवकोटाको कल्पनाका प्रवेगमा पनि अडिएर कताकति मौलिक किसिमले बौद्धिकताको पुट प्रदर्शन गर्ने कला बेग्लिएर पनि समानान्तरता राख्न पुगेको भेटिन्छ। 'गार्गीको गाँठो', 'मान्छे जादू' र 'औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा' निबन्धलाई तुलनात्मक किसिमले यदि कुनै सहृदयी पाठकले पढेका दिन चाल पाउने छ निबन्ध के रहेछ भनेर। यसरी नपढीकन मेरा कथनका गहिराइमा कोही पनि पुग्न सक्दैनन् भन्ने कुरामा म विश्वस्त छु। निबन्धमा रोचकता, सजीवता र गम्भीरतालाई लेखकले सुन्दरी युवतिका अङ्गअङ्गका स्थापत्यबाट प्रकट हुने सौन्दर्यात्मक विस्मयता समान बनाएर प्रकट गर्न सक्नुपर्छ। जसरी ती अङ्गलाई व्यष्टित्वमा परिणत गर्दा त्यो सामूहिक व्यष्टित्वमा अघि प्रकट भएको लावण्य रहँदैन, निबन्धमा पनि त्यही स्थिति सृजित हुन पुग्छ। यो नै निबन्धकारको पाइन हो। 'नागदहको थिति', 'के नेपाल सानो छ?' र 'खै बुझिँदैन' निबन्धका प्रत्येक पक्षबाट मेरा स्थापना स्पस्टिने छन्। निबन्ध न धेरै छोटा न त धेरै लामा, ठिक्कका हुनुपर्छ भनिन्छ; तर मनलाई स्पर्श गरेर कुरा गर्ने, बेथिति र बेकाइदालाई पनि काइदासाथ प्रक्षेपण गर्ने कला छ निबन्धकारसँग भने १०–२० पृष्ठका पनि निबन्ध पठनीय र रोचक नै बन्न सक्छन्।

### १.५ उपसंहृति

सामाजको सदस्य भएरै पनि लेखक-स्रष्टा समाजका अरू साधारण सदस्यभन्दा कैयौँ गुना अग्रचेतनाले सुसज्जित भएको समाजसदस्य मानिन्छ। साधारण मान्छेका क्रियाकलापमा पनि कुनै न कुनै उद्देश्य रहेको हुन्छ भने स्रष्टाका कार्यमा त झनै विशिष्ट प्रकारका एक या अनेक उद्देश्य उसका सृजनामा अन्तर्निहित भएर रहेका हुन सक्छन् भन्ने हेक्का राख्नैपर्छ। निबन्धका तत्त्वचर्चाका क्रममा प्रस्तुत गरिएका विषय, शैली र विचारमध्ये विचार या उद्देश्यले लेखकीय सन्देश प्रवाहित गरेको हुन्छ। विषय निबन्धको आधारभूमि हो। यसका अभावमा अनुभूति छितरिएर दिन खोजेको सन्देश पनि दिन सकिँदैन र लक्ष्यमा एकीभूत भएर अघि बढ्न पनि सकिँदैन। लेखकका अनुभूति पढ्न समाजका सदस्यले ऋण खाएर बसेका हुँदैनन्। त्यसो भएकाले लेखक अति सरल तथा अति गम्भीर अनि सहज पनि बन्न सक्नुपर्छ। सहज बनेर हित्तचित्त मिल्ने दुई जना विषमलिङ्गीका हाउभाउ, इसारा र पारस्परिक आकर्षण गर्ने तत्त्व लेखकले पनि आफ्ना निबन्धमा भर्न सक्नुपर्छ। यो भर्ने कला भनेको शैली हो। शैली सत्याश्रित सुरुचियुक्त तथा आकर्षक पनि हुनु आवश्यक छ। कुनै घरको एउटा सानो बालकले विद्यालय


जाने तयारीका क्रममा आफ्नी आमालाई बोलाएर भनोस्– 'ए बाकी स्वास्नी, मेरो झोला खै? मेरो टिफिन बाकस खै? मेरा विद्यालय पोसाक मलाई खोइ लाइदिएको?' यस्ता वाक्य आफ्ना सन्तानका मुखबाट सुन्दा आमाको मन कस्तो होला? यद्यपि बालकले असत्य बोलेको छैन। हाम्रो परम्परामा आमा भनिने बाकी स्वास्नी नै हो। त्यसै ठाउमा 'आमा, मेरा पुस्तक भएको झोला हजुरले राख्नुभएको छ? मलाई विद्यालय पोसाक पनि लाइदिनोस् न, म जान्दिनँ; आमा, चाँडै गर्नोस् न, ढिलो भयो भने मलाई शिक्षकशिक्षिकाले कुखुरो बनाएर डल्याउँछन्' यी वाक्यले आमाको कठोरै दिल रहेछ, नसक्ने नै अवस्था रहेछ भने पनि सकीनसकी आफ्नो त्यो कलेजाका टुक्रालाई मद्दत गर्न लाग्छन्। यही कुरो पितासँग पनि लागू हुन्छ। 'आमाको पोइ' भनेर आफ्नै सन्तानले पुकारेको सुन्न तयार कुन चाहिँ बाबु होला र? यद्यपि यी जूनघामजत्तिकै सार्वभौमिक सत्य कुरा हुन्। हो, शैली भनेको यही नै हो। भणितिभङ्गिमा, लोकरुचि र सत्यश्रयणकै सम्पुटित बनोट शैली हो। यसरी समाजलाई केही कुरो भन्नु छ भने पहिले तिनको दिल आफूतिर तान्नुपर्छ लेखकले। अनि उनीहरूलाई आफ्ना कुरा सुनाउँदै लगेर विश्वासको स्थगनका अवस्थामा पुऱ्याएर छाडिदिनुपर्छ। अनि पाठक आफै सोचेर 'एहे, लेखकले भनेका कुरा त यी पो रहेछन्' भन्ने अवस्थामा पुग्यो भने त्यो सफल स्रष्टा हो भन्ने मानिन्छ।

◆

डा. घनश्याम न्यौपाने 'परिश्रमी'

# 'जीवाश्म'-को अनुगमन र उत्खनन

**१. प्रविष्टि**



शीतल गिरीको **जीवाश्म** (२०७६) आद्योपान्त पढेर सकेपछि यसबारे केही लेख्नुपर्छ भनी उत्सुकता जागृत भएको मनले अनुभूत गऱ्यो। यसको साहित्यिक गुणवत्ताले भन्दा पनि विषयवस्तुका विविध कथ्यमा अन्तर्निहित मूल्यवत्ताले मेरो अन्तःकरण प्रभावित हुन पुगेको हुनाले यो जाँगर चलेको हो। आदर्श होस् कि यथार्थ होस् वा अतियथार्थ, कला मूलतः कल्पनाको प्रकटन हो। इतिहासमा सपाट बयान हुन्छ, तर कलामा रूपान्तरण गर्नुपर्दा त्यही इतिहासले कल्पनाको अपेक्षा गरेको हुन्छ। जुनसुकै कलामा सत्यतथ्यको उद्घाटन गर्दा कल्पनाको सहयोगी भूमिका रहन्छ। **जीवाश्म**लाई निबन्धसङ्ग्रह भनिएको छ र यसअन्तर्गत २५ थान निबन्धात्मक लेखहरू समाविष्ट छन्। यीमध्ये केही सामान्य लेखजस्ता प्रतीत हुन्छन् भने केही कथाजस्ता लाग्छन् र केही निबन्धकै स्वरूपमा देखिन्छन्। यस कृतिभित्र 'जीवाश्म' नामको कुनै पनि निबन्ध रहेको छैन, न त जीवाश्मको कहीँकतै प्रसङ्ग नै छ। तर प्रतीकात्मक अर्थका दृष्टिले यो नामकरण युक्तिसङ्गत दृष्टिगत हुन्छ। यी लेखहरूमा केही सत्यतथ्य, केही तर्क र केही कल्पनाको

मिश्रण छ। पुराण, प्राक् इतिहास, किंवदन्ती, लोकगाथा, धर्मसंस्कृति, पुरातत्त्व, इतिहास, परम्परित रूपमा चल्दै आएका राजनीतिक, सांस्कृतिक तथा सामाजिक मूल्य र मान्यताजन्य विषयका प्रतिबिम्ब यसअन्तर्गतका निबन्धहरूमा अन्तर्वस्तुका रूपमा प्रयुक्त छन्। विशेषतः यी सबै नेपालसँग सम्बद्ध विषयमा केन्द्रित छन्। अचर्चित र चर्चित विषयअन्तर्गतका खोज-अनुसन्धान नभएका वा हुन नसकेका पुरातन विषयहरूको उत्खनन गरिएको छ यसअन्तर्गतका अधिकांश लेखहरूमा। लेखकले लोप हुने अवस्थामा पुगेका कतिपय संस्कृति र परम्पराका प्रसङ्गहरूको पनि सायासपूर्ण ढङ्गले खोजी गरी गम्भीरतापूर्वक चर्चा गरेका छन्।

## २. परिचर्चा

'भेडापाल'-बाट आरम्भ हुन्छ **जीवाश्म** नामकृत प्रस्तुत कृति। सुरुमा कथाजस्तो लाग्छ 'भेडापाल'। बिस्तारै इतिहासमा बदलिन्छ तर निबन्ध होइन, कथाकै कल्पनाजस्तो भएर। नेपालको प्राक् इतिहासको उत्खननमा आधारित यस निबन्धमा विक्रमाब्द आरम्भ हुनुभन्दा ५,००० वर्षपूर्व काठमाडौँ उपत्यकामा भेडापाल जाति रहेको तथ्य उद्घाटन गरिएको छ। त्यस समयमा नारी नेतृत्वप्रधान यो जाति आफ्नो जातिको रक्षा र भूभागको संरक्षण हेतु सचेत थियो भन्ने कुरा पनि यसमा उजागर गरिएको छ। गणमाता कर्मू, रङ्गुलू नामका नारी तथा लङ्वा, सिक्तान, बल्लम, घाक्तान नामका पुरुष पात्रहरूको यसमा उपस्थिति रहेको छ। 'महिषपाल' दोस्रो अनुक्रममा रहेको निबन्ध हो। सुरुमा 'महिषपाल' पनि कथाजस्तै लाग्छ। प्राक् इतिहासको अर्को उत्खनन हो यो निबन्ध। यसमा सिन्ध प्रदेशको दानापुर र नेपालको काठमाडौँ उपत्यका कार्यक्षेत्रका रूपमा रहेका छन्। महिषपाल शब्दले भैँसी पाल्ने जातिलाई बुझाउँछ। यसमा भने भैँसी पालकहरूको खास चर्चा छैन, उनीहरूको काठमाडौँ उपत्यकामा प्रवेशको सङ्केत मात्र छ। बरु अन्तर्देशीय व्यापार र कृषिका विषय उठाइएका छन्। आर्य र दस्यूका कुरा छन्, देवासुर सङ्ग्रामको प्रसङ्ग छ। यस सङ्ग्रामबाट आफ्नो नराम्रो क्षति भएपछि दानापुरका दस्यूहरू आफ्ना पशुधन र बालबच्चाहरू लिएर व्यापारी भेडापालको निर्देशनमा विक्रमपूर्व लगभग ४,७०० तिर नेपाल उपत्यकामा आएका थिए भन्ने कुरा यहाँ उठाइएको छ। दस्यूहरू नेपाल उपत्यकामा आइसकेपछि खेतीपाती र पशुपालन गर्न थाले। यिनीहरू शिश्नदेव पूजक भएकाले वाग्मती नदीको किनारमा लिङ्गदेव स्थापना गरी त्यसैलाई पशुपतिनाथ भन्न थाले भन्ने अर्को रोचक प्रसङ्ग पनि यसमा उल्लेख छ। मूलतः नेपाल उपत्यकामा रैथाने भेडापाल र दानापुरबाट भागेर आएका दस्यू मिलेर बस्न सुरु गरेको रहस्यको यसमा उद्घाटन भएको छ। दानापुरमा व्यापार गर्ने नेपाल देशको भेडापाल जातिका व्यापारी हिन्सु, हिन्सुको मित्र दानापुरकै बम्बर, किरातराज शम्बर, आर्य सेनानायक दिवोदास, ऋषि अगस्त्य आदि यसमा पात्रहरू छन्। लेखकले कृषि र पशुपालनमा समर्पित महिषपाल जातिलाई अनार्य घोषित गरेका छन्। महिषपाल जातिले आबाद गरेको नेपाल उपत्यका ठूलो भूकम्प आई वाग्मती नदी थुनिएपछि ताल बन्न पुगेको कुरा पनि यसमा उल्लेख छ। तेस्रो अनुक्रममा रहेको निबन्ध हो 'माछामार'। काठमाडौँ उपत्यकामा महिषपालपछि प्रवेश गरेको जाति माछामार हो भन्ने लेखकको मान्यता छ। सुरुमा 'माछामार' पनि कथाजस्तै लाग्छ। विक्रम संवत्पूर्व ४,५६० ताक यमुना नदीको तट

मत्स्यपुरबाट माछामार जाति नेपाल उपत्यकामा आएको कुरा यसमा उल्लेख छ। त्यसको प्रमाणका रूपमा मत्स्य गाउँ अवशेष रहेको लेखकको तर्क छ। यसमा एउटी आर्य कुलकी माछामार युवती र महिषपाल वंशको दस्यू युवकका बीच भएको भेट र प्रणय प्रसङ्ग रोचक छ। युवतीको नृत्य पेसा, सोमरस सेवनजस्ता प्रसङ्ग यसमा छन्। मुद्राको प्रतीकका रूपमा धातुखण्ड, रजतखण्डको प्रयोग गरिएको पाइन्छ। यो निबन्ध पनि नेपालको प्राक् इतिहासको अर्को उत्खनन हो। नेपालको पुरातन इतिहासको उत्खननकै रूपमा लेखिएको गोपाल चौथो अनुक्रममा रहेको निबन्ध हो। यसमा वर्णनात्मक र संवाद शैली अवलम्बन गरिएको छ। गोपाल वंशावलीका अनुसार नेपाल उपत्यकाको पहिलो बासिन्दा गोपाल वंश हो भन्ने परम्परित मान्यताप्रति लेखकले असहमति जनाएका छन्। गोपाल वंशपूर्व नै यहाँ भेडापाल, महिषपाल, माछामारजस्ता जातिहरूको अस्तित्व थियो भन्ने तार्किक धारणा छ लेखक गिरीको। यसमा प्राचीन नेपालको इतिहासले औँल्याएको गोपाल वंश परिष्कृत (वैदिक) आर्य नभएको कुरा उठाइएको छ। लिङ्गपूजा विरोधी भएकाले यस वंशको सरदारले शिवलिङ्ग उखेलेर फाल्न लागेको देखेपछि लिङ्गपूजकहरूले उसलाई मारेको र अल्पसङ्ख्यामा रहेका गोपालहरूले लिङ्ग पुज्ने सर्तमा सम्झौता गरेको तथा लिङ्गपूजकहरूसँग निकट सम्बन्ध कायम राख्न आफ्ना छोरी विवाह गरेर उनीहरूका छोरालाई दिएको रोचक प्रसङ्ग पनि यहाँ भेटिन्छ। यसमा परम्परित गणमाताको चलन भत्काएर गणपति मान्ने प्रचलन गोपालहरूको पालादेखि नै सुरु भएको जिकिर पनि गरिएको छ। यसरी नै गोपाल वंशका पहिलो राजा भुक्तमानलगायत सबै राजाको नाम उल्लेख छ। बाणासुरको वध, चोभारको पहरो काटेर उपत्यका दहको पानी निकासजस्ता काम गोपालहरूले गरेका हुन् भन्ने नयाँ प्रसङ्ग पनि यसमा भेटिन्छन्। श्रीकृष्ण र सुदर्शन चक्र बीचमा ल्याइदिँदा इतिहासमा निरीह बन्न पुगेको गोपाल वंशमा व्यापक सङ्गठित शक्तिको भरोसा थियो भन्ने लेखकको तर्क छ। यसमा त्यो बेलाका चित्रागिरि र शोणितपुर आजका चन्द्रागिरी र थानकोट हुन् भनिएको छ।

तथागतको आगमन पाँचौँ अनुक्रममा रहेको निबन्ध हो। सौन्दर्य वर्णनको मनोहर शैलीमा लेखिएको यस निबन्धमा उपत्यकामा किरातको नेतृत्व रहेको र जितेदास्ती गणपति रहेको समयमा गौतम बुद्ध नागार्जुनको डाँडामा आएको रोचक प्रसङ्ग छ। किरातहरूको स्वभाव, भाषा, पेसा आदिको बयानका साथै सिद्धार्थको जन्म प्रसङ्ग तथा तथागतको नागार्जुन आगमनले पारेको प्रभावको पनि यसमा वर्णन छ। किरातहरू शैव धर्मावलम्बी थिए तापनि तथागतप्रति उनीहरू सकारात्मक थिए। गणपति जितेदास्तीको हृदयमा पनि उनीप्रति श्रद्धाको भाव थियो। त्यसैले बिना तडकभडक उनी तथागतको स्वागतसत्कारका लागि भेट्न पुगेको चर्चासहित विरूपाक्ष नामक किराती सरदार तथागतका प्रथम उपासक हुन पुगेको प्रसङ्ग पनि यसमा छ। यहाँ तथागत शब्दले बुद्धलाई बुझाएको छ तापनि यसको व्युत्पत्ति वा प्रयोगको सन्दर्भ भने खुलाइएको छैन। वर्णनात्मक, संवादात्मक र कथात्मक शैलीमा लेखिएको, छैटौँ अनुक्रममा रहेको 'धर्मयात्रा' शीर्षकको निबन्ध मगध सम्राट् अशोक कलिङ्ग युद्धमा विजयी भएपछि उनको युद्धपिपासालाई अकस्मात् तथागतको सच्चा प्रेमले जितेको र उनी छोरी

चारुमतीलाई समेत साथमा लिएर लस्करसहित बुद्धको जन्मभूमि लुम्बिनीमा मायादेवीको मन्दिर निर्माण गर्ने र त्यहीँ नै स्तम्भ राख्ने उद्देश्यले धर्मयात्रामा निस्केको इतिहास प्रसिद्ध कथामा आधारित छ। यसै सिलसिलामा तथागतका उपदेशवाहक बनेर नेपाल उपत्यकामा आएका सम्राट् अशोकले चित्लाङमा चारुमतीको चाहनाअनुसार चैत्य बनाइदिएको, त्यहीँ नै चारुमतीको राजकाजका कामले नालन्दा जाँदै गरेका देवपालसँग भेट भएको र चारुमतीकै अनुरोधमा उनी एक रात अशोकको अतिथिका रूपमा सँगै बसेको प्रसङ्गले यसलाई अरू रोचक बनाएको छ। उपत्यकामा प्रवेश गरेपछि सम्राट् अशोकले विभिन्न विहारहरू बनाई तिनको सञ्चालन र रेखदेखको व्यवस्थासमेत गरिदिएका थिए भन्ने कुरा पनि यसमा उल्लेख छ। अन्तमा दुवैको चाहनाअनुसार चारुमती र क्षत्रिय कुमार देवपालको विधिवत् विवाह भएको, सो विवाहमा किरात गणपति (राजा) स्थुङ्कोको उपस्थिति रहेको कुरा पनि यसमा उल्लेख छ। चारुमतीले तथागत श्रद्धालुहरूको हितका लागि एउटा विहार निर्माण गराएकी थिइन् जुन ठाउँ आज चाबहिल अर्थात् चाबेल भनेर चिनिन्छ भन्ने प्रसङ्ग पनि यसमा रहेको छ। 'अशोक वाटिका' यस कृतिमा सातौँ अनुक्रममा रहेको छ। यसमा अशोक वाटिकाको र नगरवधू सितालीको रूपलावण्य र शृङ्गारको मनमोहक वर्णन छ। मूलत: यस निबन्धमा अशोक वाटिकाको वर्णनलाई भन्दा पनि तत्कालीन पाटलीपुत्रका सम्राट् चन्द्रगुप्त मौर्यको समयमा त्यहाँ ऊनबाट बनेका नेपाली सामानको व्यापार हुने गरेको, कौटिल्यले नेपालका राडीपाखीको प्रशंसा गरेको तथा दरबारमा पनि नेपाली सामानप्रति आकर्षण र विश्वास रहेको विषयको महत्त्वका साथ चर्चा गरिएको छ। यस कृतिमा आठौँ अनुक्रममा रहेको निबन्ध हो 'विक्रम र संवत्'। प्रश्नात्मक शैलीमा आरम्भ भएको यो निबन्ध केही तथ्य र केही तर्कसहित नवीन खोजमा आधारित छ। इपू ५७ मा तत्कालीन नेपालकै गणपति (राजा) विक्रमादित्यको नामबाट विक्रम संवत्को आरम्भ भएको हो, उज्जयिनी राजा विक्रमादित्यको नामसँग यसलाई जोड्नु गलत हो भन्ने कुरा किंवदन्ती र इतिहासका केही बलिया साक्ष्यसहित अनुसन्धानमूलक ढङ्गले प्रस्तुत गरिएको यस निबन्धमा लेखकले विक्रम संवत् नेपालको मौलिक संवत् भएको पुष्टि गर्न चाहेका छन्। यसभित्र इतिहास र धर्म तथा संस्कृतिसँग आबद्ध धेरै महत्त्वपूर्ण विषय रहेका छन्।

यस कृतिअन्तर्गत नवौँ अनुक्रममा रहेको र संवादद्वारा विषयको उठान र समाधान खोजिएको 'पुनर्जन्मा र प्रतिभा' नामक निबन्ध पुराण र इतिहासको मिश्रित कथाजस्तो लाग्छ। यसमा शाकल्य, याज्ञवल्क्य, पुनर्जन्मा, गार्गी, जनक, विरूपाक्ष, जितेदास्ती, बुद्ध, बाणासुरजस्ता पात्रहरू प्रसङ्गअनुसार आएका छन्। याज्ञवल्क्यसँगको शास्त्रार्थमा छलकपटद्वारा हत्या गरिएका स्वाभिमानी दार्शनिक शाकल्यको प्रशंसा र याज्ञवल्क्यको निन्दा गरिएको यस निबन्धमा पुनर्जन्माका बारेमा विशेष चर्चा गरिएको छ। चन्दन भराटेश्वर महादेवको दर्शन गर्नाले विरूपाक्ष पापमुक्त भए भन्ने प्रसङ्ग यहाँ वर्णित छ भने पुनर्जन्मा स्वयम्ले आफ्नो पुनर्जन्मको कुरालाई अन्धविश्वास मानेको रहस्य पनि खोलिएको छ। 'आभीर' यस कृतिको दसौँ अनुक्रममा रहेको निबन्ध हो। यसमा काठमाडौँ उपत्यकाको प्राचीनता वर्णित छ। विक्रमपूर्व करिब ४,६००

वर्षमा आएको प्रलयकारी महाभूकम्पका कारण वाग्मती नदीको चोभारको निकासद्वार थुनिएकाले उपत्यका जलमग्न भएको र गोपालहरूले बाणासुरको वध गरी चोभारको डाँडो काटेर उपत्यकालाई जलमुक्त पारेको प्रसङ्गसहित नेवार जातिको उत्पत्ति तथा उपत्यकामा आभीर जातिको आगमन र यसको नालीबेली खोतल्ने काम लेखकले यस निबन्धमा गरेका छन् जुन आजसम्मको खोज र मान्यताभन्दा पृथक् छ। आभीरको अपभ्रंश नै अहिर हो, तर यसको प्रत्यक्ष सम्बन्ध यादवहरूसँग छैन भन्ने लेखकको जिकिर छ। आभीर गाईभैँसी पाल्ने र श्रम गर्ने जाति भएकाले यसले सत्ताका लागि कहिल्यै लडाइँ नगरेको हुनाले इतिहासमा चर्चाबाट वञ्चित रहेको कुरा उजागर गर्दै लेखकले यो जाति लिच्छविकालमा उत्तरपश्चिमतिरबाट लगभग वि. सं. ३०० तिर नेपाल भित्रिएको, उपत्यकामा आइसकेपछि नेवार समुदायसित गाँसिन पुगेको र क्रमशः दक्षिणतिर बसाइँ सरेको लेखकले अनुमान गरेका छन्। लेखकका अनुसार आभीर मूलतः ग्वाला जाति हो। गोपाली, बलामी आदि पनि आभीरकै वंशपरम्परासँग जोडिएका जाति हुन्। 'मातृभक्त मानदेव' एघारौँ अनुक्रममा रहेको निबन्ध हो। इतिहासको विषयलाई कथाजस्तै बनाएर प्रस्तुत गरिएको यस निबन्धमा मूलतः राजा मानदेवलाई केन्द्रीय चरित्रका रूपमा चयन गरिएको छ। मानदेव बालकै हुँदा पिता धर्मदेवको मृत्यु भएको र उनले सती जान चाहेकी माता राज्यवतीलाई रोकी आफूलाई राज्य सञ्चालनमा सहयोग गर्न अनुरोध गरेको प्रसङ्गसहित सुरु भएको छ यो निबन्ध। यस निबन्धमा मूलतः राजा मानदेवमा निहित मातृभक्तिका साथै राज्य सञ्चालनका क्रममा उनले गरेका महत्त्वपूर्ण कार्यहरूको वर्णन छ। मातृ आज्ञाअनुसार अगाडि बढेर मानदेवले शत्रुहरूमाथि विजय प्राप्त गर्दै नेपालको सिमाना पूर्वमा कामरूप, पश्चिममा कुर्माञ्चल, दक्षिणमा भागीरथी र उत्तरमा हिमालयपारिसम्म पुऱ्याएका थिए भन्ने जानकारी गराइएको यस निबन्धमा मानदेवले नै चाँगुनारायण मन्दिरको पुनर्निर्माण गराएको, मानाङ्क नामक मुद्रा प्रचलनमा ल्याएकोलगायत अन्य विविध कार्यका तथ्य पनि उजागर गरिएको छ। भृकुटीलाई केन्द्रीय चरित्रका रूपमा चयन गरिएको 'उज्ज्वल र जाज्वल्यमान भृकुटी' बाह्रौँ अनुक्रममा रहेको निबन्ध हो। यो वर्णनात्मक र खोजमूलक ढङ्गले लेखिएको छ। यसमा तत्कालीन नेपालको इतिहासका केही विवादास्पद विषयलाई उठाइएको पनि छ। भृकुटीलाई अंशुवर्माकी छोरी भनिए पनि उनी उदयदेवकी छोरी थिइन् र सत्ताच्युत भएपछि पाँच वर्षकी छोरी भृकुटीलाई पनि साथमा लिएर उदयदेव शरण लिन तिब्बत गएका थिए भन्ने प्रसङ्ग यहाँ रहेको छ। तिब्बतमा भिक्षुहरूको सङ्गतले बौद्ध धर्म अवलम्बन गरेकी छोरी भृकुटीको विवाह उदयदेवले स्वार्थवश त्यहाँका राजा स्रोङ चङ गम्पोसँग गरिदिएपछि तिब्बतसँग नेपालको सम्बन्ध बनेको र त्यसपछि उनका छोरा नरेन्द्रदेवले त्यहाँबाट राजकीय सहयोग पाउन थालेको प्रसङ्ग पनि यसमा भेटिन्छ। तिब्बतमा बौद्ध धर्मको प्रचारप्रसार र विस्तारमा भृकुटीको महत्त्वपूर्ण देन रहेको, त्यहाँ हरिततारा नामले प्रख्याति पाएकी भृकुटीप्रति नेपालको इतिहासमा न्याय दिन नसकेको कुरा असन्तुष्टिपूर्ण ढङ्गले लेखकले उठाएका छन्।

यस कृतिमा तेह्रौँ अनुक्रममा रहेको निबन्ध हो 'कवि बुद्धकीर्तिको सत्य'। खोजमूलक यस निबन्धमा लेखकले पशुपतिनाथको मन्दिर नजिकै दक्षिणपश्चिम कुनामा रहेको एउटा ठूलो

शिलाखण्डमा कुँदिएको र संवत् १५७ कार्तिक शुक्ल नवमी तिथि उल्लेख भएको ३५ श्लोकको कवितालाई आधार बनाई यसका रचनाकारको समेत गहनतापूर्वक अध्ययन गरी विवेचन गरेका छन्। लेखकका अनुसार यो कविता तत्कालीन लिच्छवि राजा जयदेव द्वितीय र उनका दरबारिया कवि बुद्धकीर्तिको संयुक्त रचना हो र यसअन्तर्गतका पाँच श्लोक मात्र राजाका हुन्, अन्य ३० श्लोकका रचनाकार कवि बुद्धकीर्ति हुन्। लेखकले यस कविताका आधारमा बुद्धकीर्तिलाई प्राचीन नेपालका अद्भुत प्रतिभा भएका कविका रूपमा उच्च प्रशंसा गर्दै उनका बारेमा शोध-अनुसन्धानका लागि आग्रहसमेत गरेका छन्। कवि बुद्धकीर्ति प्रचारलाई महत्त्व नदिने र सिर्जनामा एकोहोरिने सन्मार्गी भएकाले उनको चर्चा हुन नसकेको लेखकको विचार यहाँ व्यक्त भएको छ। 'सिंह, पुर र पाल' यस कृतिअन्तर्गत चौधौँ अनुक्रममा रहेको निबन्ध हो। यसमा सुदूरपश्चिममा प्रचलित लोकगाथालाई विषय बनाइएको छ। केही दन्त्यकथा, केही किंवदन्ती र केही इतिहासको मिश्रणजस्तो लाग्ने यो गाथा कौतूहलपूर्ण र रोचक खालको छ। यसमा स्वतन्त्र र शक्तिशाली राज्य सिंहपुरको चर्चा छ। त्यहाँका राजा सिंहपाल, रानी प्रभावती र राजकुमारी रजनी तथा राजकुमारीको नृत्यमा कैफियत पत्ता लगाउने सङ्गीतप्रवीण आगन्तुक युवकलगायतका पात्रहरू छन्। युवक र राजकुमारीबीच प्रणय, राजाबाट युवकलाई निष्कासन, युवकसँगको वियोगमा राजकुमारी अस्वस्थ, पुनः युवकलाई अभयदानसहित दरबारमा स्वागतजस्ता रोचक प्रसङ्गहरू यसमा छन्। लेखक किंवदन्ती वा लोकोक्तिजस्तो लागे पनि यो गाथा अनुसन्धानको विषय बन्नुपर्छ भन्छन्। यस कृतिमा पन्ध्रौँ अनुक्रममा रहेको निबन्ध हो 'अरनिको र आदर्श'। अरनिको नै यस निबन्धका केन्द्रीय चरित्र हुन्। उनको बाल्यकाल, कलाकारी क्षमता, तिब्बतबाट आएका भिक्षु भद्रबाहुसँग भेट, भद्रबाहु अरनिकोको कलाबाट प्रभावित, उनका कलाका केही नमुना लिएर भद्रबाहु तिब्बत प्रस्थान र पुनः आगमन, अरनिकोसहित कलाकारको टोली लिएर पुनः तिब्बत र चीनका लागि प्रस्थान, यात्राका क्रममा लित्तीको वासमा एउटी छुची भनी नाम कहलिएकी आइमाईसँग भेट र उनलाई भगवान् पशुपतिनाथको प्रसाद प्रदान, अरनिकोको कलाकारिताबारे जानकारी पाएपछि छुची आइमाईको उनीप्रति सम्मानको भाव उत्पन्न, आफ्नोमा एक रातको भोजनका लागि आमन्त्रण र अरनिकोबाट स्वीकार, तिग्रीको पुरानो चैत्यको मर्मत, अरनिकोको टोली मेबुवा हुँदै साक्या चैत्यमा पुगेको, त्यहाँ एउटी युवतीसँग उनको विवाह भएको, यता नेपालमा उनकी पत्नी लक्ष्मीबाट छोरो आनक जन्मेको जानकारी, अरनिकोद्वारा धर्मगुरु वास्पका अद्भुत चित्र निर्माण, उनको चित्रकारिताको व्यापक प्रशंसा, अरनिकोसँग चित्रकारिता सिक्न आएकी एउटी धनाढ्य युवती उनीसँग मोहित भएर विवाह भएको, साक्या चैत्यसँग स्वर्ण चैत्य निर्माण, चीनका बादशाह कुब्लै खाँबाट बोलावट, अरनिको बादशाहसामु हाजिर, उनलाई परीक्षणका रूपमा दरबारमा रहेको एउटा थोत्रो र बिग्रेको मूर्ति मर्मतका लागि आग्रह, अरनिकोबाट सहर्ष स्वीकार, उनले मूर्तिको मर्मत सुन्दर ढङ्गले गरेपछि बादशाह र सभासद्हरूमा उनीप्रति विश्वास, यसपछि श्वेत चैत्य निर्माणका लागि जिम्मेवारी दिइएको, श्वेत चैत्य निर्माणपश्चात् उनलाई प्रधानमन्त्रीसरहको सम्मान र सुविधा प्रदानजस्ता मूलभूत प्रसङ्गका साथै अन्य विविध रोचक प्रसङ्गहरू पनि

जोडिएका छन् र अरनिकोबारे जानकारीमा रहेका कतिपय कुराहरू छुटेका भए पनि यसमा नयाँ कुराहरू थपिएका छन्।

'रुद्र सिंहको मुक्ति' यस कृतिअन्तर्गत सोह्रौँ अनुक्रममा रहेको निबन्ध हो। यसमा सिन्जा र कुमाऊँ कार्यपीठिकाका रूपमा रहेका छन्। सिन्जाका राजा क्रा चल्लले राज्यविस्तारका क्रममा कुमाऊँमाथि आक्रमण गरी त्यहाँका राजा रुद्र सिंहलाई बन्दी बनाएर राजसिंहासनमा बसेपछि उनको यश दिग्दिगन्त फैलिएको प्रसङ्गबाट यो निबन्ध आरम्भ भएको छ भने कुमाऊँ राज्यका मन्त्रीहरूको अनुरोध सुनेपछि दयाका सागर राजा क्रा चल्लले रुद्र सिंहलाई मुक्त गरी सभामा उपस्थित गराएको तथा केही सर्तसहित करद राजाका रूपमा हिन्दू विधिअनुसार राज्याभिषेक गराई कुमाऊँको बालेश्वर शङ्कर मन्दिरमा त्रिशूल चढाई ताम्रपत्रको बेहोरा लेखाएर आफूले जितेको राज्य र राजालाई मुक्ति दिई आफ्नो सेनासहित सिन्जा फर्केको घटनाबाट समापन भएको छ। यसरी सिन्जा नरेश क्रा चल्ललाई उदार र दयाको सागरका रूपमा प्रस्तुत गरिएको छ। 'देउसी-भैलो, बलिराज र इतिहास' यस कृतिअन्तर्गत सत्रौँ अनुक्रममा रहेको निबन्ध हो। यसमा जुम्ला राज्यको मध्यकालीन इतिहासको खण्डहरमा रहेको एउटा सांस्कृतिक पक्षको उत्खनन गरिएको छ। खास गरी नेपाली संस्कृतिमा तिहारको अवसरमा 'हामी त्यसै आएका होइनौँ, बलि राजाले पठाएको' भनेर खेलिने देउसी-भैलोको आरम्भ कसरी भएको हो भन्ने प्रश्नको उत्तर खोज्ने सन्दर्भमा यो निबन्ध सङ्केन्द्रित छ। दान गर्नमा नाम कहलिएका पौराणिक राजा बलिको सम्बन्ध यससँग नरहेको उल्लेख गर्दै लेखकले राज्यविस्तारका लागि अर्थ सङ्कलन गर्न तत्कालीन जुम्लाका राजा बलिराजले यस्तो अभियान चलाएको तर्क प्रस्तुत गरेका छन्। यस कृतिअन्तर्गत अठारौँ अनुक्रममा रहेको निबन्ध हो 'राजदेवी र नर्मदा'। राजनीतिसँग जोडिएको निबन्ध भए पनि यसको विषय कटर वनकी राजदेवी र नृत्याङ्गना नर्मदामा केन्द्रित छ। यसमा कटर वनमा राजा हरिहर सेनले शक्तिपीठका रूपमा राजदेवीको मन्दिर बनाई त्यहाँ पुजारी र गुठीको व्यवस्था गरेको एउटा प्रसङ्ग छ भने राजा प्रताप मल्लको समयमा मकवानपुर राज्यसँग राम्रो सम्बन्ध रहेको अवस्थामा शैव नृत्यमा पारङ्गत नर्मदालाई सेन दरबारमा पठाइएको र उसलाई फिर्ता पठाउन राजा प्रताप मल्लले गरेको पटकपटकको आग्रहलाई नटेरी नृत्यका पारखी राजा हरिहर सेनले आफ्नै दरबारमा भित्रिनी बनाएर राखेको, यसपछि दुई राज्यका बीचमा सम्बन्ध अवरुद्ध भएको अर्को प्रसङ्ग पनि जोडिएको छ। 'टिस्टुङ कोट' यस कृतिअन्तर्गत उन्नाइसौँ अनुक्रममा रहेको निबन्ध हो। मनोवाद शैलीमा आरम्भ भएको संवाद शैलीबाट तथ्य खोजिएको यस निबन्धमा मकवानपुर जिल्लाको उत्तरमा रहेको टिस्टुङ-वज्रवाराहीको कोटलाई विषयका रूपमा चयन गरिएको छ। स्वप्नमय रोचक ढङ्गको प्रस्तुति रहेको यस निबन्धमा पृथ्वीनारायण शाह, सत्तल सिंह, राजा जयस्थिति मल्ल, मकवानपुरका राजा दिग्बन्धन सेन आदिसँग जोडिएका विविध प्रसङ्ग छन् भने टिस्टुङको नेवारे राजा (नाम उल्लेख नभएको)-को कथामा आधारित १२ वर्षे नाचसम्बन्धी विशेष चर्चा रहेको छ। 'लाचार महारानी' यस कृतिअन्तर्गत बीसौँ अनुक्रममा रहेको छ। यसमा रानी राजराजेश्वरीको प्रशंसासहित उच्च मूल्याङ्कन गरिएको छ भने मुख्तियार भीमसेन थापामाथि आरोप लगाइएको छ। मूलतः

रणबहादुर शाहको हत्यापछि मुख्तियार भीमसेन थापाले आफूलाई बलियो बनाउने नियतले ललितत्रिपुरासुन्दरीलाई सती जानबाट रोकेर हेलम्बूबाट पतिको किरिया गर्न तीन दिनको बाटो हिँडेर आएकी राजराजेश्वरीलाई सती जान बाध्य तुल्याइएको अप्रिय घटना यसमा वर्णित छ। लेखकको भनाइ छ– राजराजेश्वरीलाई सती पठाउने घटनालाई नेपालको इतिहाकै अत्यन्त क्रूर र अत्याचारपूर्ण घटनाका रूपमा लिन सकिन्छ। यस कृतिअन्तर्गत एक्काइसौँ अनुक्रममा रहेको निबन्ध हो 'जोसमनी सम्प्रदाय र लखन थापा'। यसमा लखन थापालाई केन्द्रीय चरित्रका रूपमा उपस्थापन गरिएको छ। उनको बाल्यकाल, स्वभाव, सैनिक जीवनमा प्रवेश, जोसमनी सम्प्रदायसँग दीक्षित भएको, जङ्गबहादुरले सत्ता आफ्नो हातमा लिएपछि निर्माण गरिएको विरोधी सङ्गठन र सक्रियता आदिको चर्चासहित अन्ततः टीकादत्त भुसाल जैसीले पोल लगाएका कारण विरोधीहरूलाई बर्बर यातना दिनुका साथै लखन थापा र जयसिंह चुमिरानालगायत अन्य पाँच जनालाई झुन्ड्याएर मारेको तर कानु लम्साल र ज्ञान दिलदासलाई बाहुन भएकाले मृत्युदण्ड नदिइएको कुरा यसमा वर्णित छ। जोसमनी सम्प्रदाय, बौद्ध धर्मका महायान तथा अर्को पन्थ सहजयान, गोरखनाथ आदिको चर्चा पनि यसमा छ। यस कृतिअन्तर्गत बाइसौँ अनुक्रममा रहेको निबन्ध हो 'विवाह र व्यक्तित्व'। यो महाभारतको कथामा पुगेर खोजी गरिएको मिथकका रूपमा लेखिएको छ। रक्ष संस्कृतिसँग राक्षसहरूलाई जोडिएको यस निबन्धमा पञ्चपाण्डवमध्येका भीमसेन र राक्षस कुलकी युवती हिडिम्बाको प्रणय र विवाहको रोचक प्रसङ्ग छ। यसमा भुटनदेवीलाई राक्षसहरूकी कुलदेवी भनिएको छ र महाभारतको युद्धमा जीवन उत्सर्ग गरेका भए पनि घटोत्कच र बर्बरीकको पृथक् अध्याय बन्न नसकेकोमा लेखकको असन्तुष्टि रहेको देखिन्छ। बर्बरीकको हत्या गराउने कृष्णलाई लेखकले कायर भनेका छन्। यसभित्र किंवदन्तीका विविध प्रसङ्ग आएका छन्।

यस कृतिअन्तर्गत तेइसौँ अनुक्रममा रहेको निबन्ध हो 'साहित्य र शहीद'। प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारी रामेछापका हुन्– यही वाक्यबाट आरम्भ भएको छ यो निबन्ध। स्पष्ट हुन्छ कि यसका केन्द्रीय चरित्र **मकैको खेती** नामक कृतिका लेखक कृष्णलाल अधिकारी हुन्। अधिकारीको जीवनका विविध पाटासहित **मकैको खेती** लेख्नुको पृष्ठभूमि र यसको गलत व्याख्या गरी उनलाई राणा शासन विरोधी घोषित गरेर जेलमा हालिएको, त्यहाँ उनलाई एक छाक मकै मात्र खान दिने गरेकाले पोषण तत्त्वको कमीले गर्दा क्षयरोगबाट जेलभित्रै उनको मृत्यु भएको मार्मिक प्रसङ्गसहित पोल लगाउने प्रवृत्ति, चन्द्रशमशेरको निर्दयी स्वभावजस्ता कुरा यस निबन्धमा समेटिएका छन्। यस कृतिअन्तर्गत चौबीसौँ अनुक्रममा रहेको निबन्ध हो 'योगमाया र जलसमाधि'। राणाविरोधी अभियानमा लागेर अन्तमा जलसमाधि लिएकी योगमायालाई केन्द्रीय चरित्र बनाइएको छ यसमा। यिनकै गीति कविताका तीन पङ्क्तिपुञ्जबाट आरम्भ गरिएको छ यो निबन्ध। योगमायाको बालवैधव्य, कँडेल थरका युवकसँग विवाह गरी भारतको असम प्रस्थान, कँडेलको मृत्यु, पुनः डोटेल थरका जैसीसँग विवाह र छोरीको जन्म, पुराण लगाएको ठाउँमा कथा सुनेपछि अकस्मात् मानसिकतामा परिवर्तन र वैराग्यबोध, स्वर्गद्वारी प्रस्थान, महाप्रभुको प्रभावले जोसमनी सम्प्रदायमा आबद्धता

र सक्रियता, आध्यात्मिक तहबाट समाज सुधारमा समर्पण र निरङ्कुश राणा शासन विरोधी अभियानमा समेत प्रतिबद्ध, जेल चलान र तीन महिनापछि मुक्तजस्ता यिनको जीवनका विविध आयाम र घटनाको यसमा वर्णन गरिएको छ। यिनले राणा शासन विरुद्ध अग्निसमाधि (आत्मदाह)-का लागि यज्ञको आयोजना गरेको, तर सरकारी सेनाले हस्तक्षेप गरेपछि यज्ञस्थलबाट भागेर अरुण नदीमा पसी यिनी र अरू ६८ जना चेलाचेलीले जलसमाधि लिएको प्रसङ्ग यसमा समाहित छ। 'मृत्युको वरदान' यस कृतिअन्तर्गतको अन्तिम अर्थात् पचीसौँ अनुक्रममा रहेको निबन्ध हो। यसमा प्रमुख चरित्रका रूपमा सहिद गङ्गालाललाई चयन गरिएको छ र उनीप्रति लेखकको गहिरो श्रद्धा भाव प्रकटन भएको छ। संवाद शैलीमा आरम्भ गरिएको कथाजस्तो लाग्ने यस निबन्धमा मुख्य विषयवस्तुका रूपमा १९९७ माघमा राणा शासकहरूबाट गङ्गालाल, धर्मभक्त, शुक्रराज र दशरथ चन्दलाई गरिएको अति क्रूर र निर्मम हत्याको घनालाई लिइएको छ। यसमा पनि राणा शासन विरोधी अभियानमा खास गरी सहिद गङ्गालालमा अन्तर्निहित अदम्य साहसको उच्च मूल्याङ्कन गरिएको छ। यस सन्दर्भमा लेखक आफ्नो भाषामा यसरी मुखरित हुन्छन्– "मैले आजसम्म गङ्गालालले देश र जनताको खातिर तड्पिँदै मृत्यु स्विकारेको बिर्सेको छैन। मलाई सहिद गङ्गालालका बारेमा उनको अदम्य साहस र अन्याय-अत्याचारप्रतिको प्रबल आक्रोशबाहेक अरू कुराको जानकारी छैन। लेखकका रूपमा हुनुपर्ने गहन अध्ययन मबाट हुन सकेको छैन। सहिद गङ्गालालका बारेमा दुई शब्द खर्चेर सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूलाई सम्झिने प्रयास मात्र हो यो (पृष्ठ १५८)।"

### ३. शक्ति र सीमा तथा मूल्याङ्कन

निबन्धसङ्ग्रहका रूपमा आएको **जीवाश्म** नामक प्रस्तुत कृतिमा 'भेडापाल', 'महिषपाल', 'माछामार', 'गोपाल', 'आभीर', 'पुनर्जन्मा र प्रतिभा' आदि अति प्राचीन अर्थात् प्राक् इतिहाससँग सम्बद्ध छन् भने 'तथागतको आगमन', 'धर्मयात्रा', 'अशोकवाटिका', 'विक्रम र संवत्', 'मातृभक्त मानदेव', 'उज्ज्वल र जाज्वल्यमान भृकुटी', 'कवि बुद्धकीर्तिको सत्य', 'अरनिको र आदर्श', 'रुद्र सिंहको मुक्ति', 'राजदेवी र नर्मदा', 'देउसी-भैलो, बलिराज र इतिहास', 'टिस्टुङ कोट' आदिको स्रोत नेपालको प्राचीन इतिहास रहेको छ। सिंह, पुर र पाल तथा विवाह र व्यक्तित्व पुराकथा र लोकगाथाका विनिर्माण हुन्। आधुनिक इतिहासको शाह र राणा वंशसँग जोडिएका छन् 'लाचार महारानी', 'जोसमनी सम्प्रदाय र लखन थापा', 'साहित्य र शहीद', 'योगमाया र जलसमाधि' तथा 'मृत्युको वरदान'। यस कृतिभित्र साहित्यिक मूल्यवत्ताभन्दा पनि ज्यादा खोज-अनुसन्धानको सबलता दृष्टिगोचर हुन्छ। यद्यपि लेखन शैलीमा बेकनले भनेजस्तै कतैकतै विकीर्ण चिन्तन र मोन्तेनले भनेजस्तै कतैकतै आत्मिक अभिव्यञ्जनाले गर्दा यी लेखहरूमा नैबन्धिक स्वरूप पनि प्रतिबिम्बित हुन्छ। यी निबन्धमा मध्यम बौद्धिक स्तरको भाषागत सरलता छ तापनि कतैकतै अभिव्यक्तिगत अस्पष्टता पनि भेटिन्छ। कुनैकुनै निबन्धमा प्रसङ्गअनुसार यथास्थानमा प्रकृतिको मनोहारी चित्रण गरिएको भेटिन्छ भने युवकयुवतीहरूको सौन्दर्यको परम्परित ढङ्गले वर्णन पनि गरिएको पाइन्छ। कतिपय निबन्धमा किंवदन्तीजन्य मान्यताहरूको विनिर्माण गरिएको पाइन्छ भने प्रामाणिक तथ्यको अभावमा तथ्यभन्दा तर्क र यथार्थभन्दा

कल्पना वा अनुमानलाई प्राथमिकता दिएको अन्दाज गर्न सकिन्छ। कतैकतै एउटै निबन्धमा एउटै प्रसङ्ग पुनरावृत्त पनि भएका छन्। मूलतः नेपालको भूमिसँग कुनै न कुनै रूपले जोडिएका पुराकथा, लोकगाथा, किंवदन्ती, प्राक् इतिहास, पुरातत्त्व, धर्मसंस्कृति, राजनीति र अधुनातन इतिहासकै पनि उजागर हुन बाँकी रहेका तथा कतिपय जनजिब्रोमा मात्रै जीवित रहेका विशेष तथ्यहरूको अध्ययनको उत्खननबाट भेटिएका केही नवीन घटना, चरित्र आदिका जीवाश्महरू यसमा प्रदर्शित छन्। केही अनुमितिवादका आधारमा पुष्टि गर्न खोजिएका प्रसङ्गहरू पनि यसमा अन्तर्भूत छन्। अतीतप्रति लेखक बढी संवेदनशील छन्, सम्मोही छन् र पक्षपाती पनि छन्। यहाँ लेखकका प्रशस्त जिज्ञासा छन्। यसमा मूलतः पुराकथाहरूलाई कलामा रूपान्तरण गर्ने प्रशंसनीय प्रयास भएको छ। अतः सांस्कृतिक, ऐतिहासिक र लोकपरम्पराका दृष्टिले यस कृतिको बेग्लै महत्त्व रहने छ। यिनै विविध शक्ति र सीमालाई आधार बनाएर यस कृतिको मूल्याङ्कन गर्नु उचित देखिन्छ।

**४. समापन**

समग्रतः यो कृति निबन्ध, कथा र सत्यतथ्यको खोजीमा सङ्केन्द्रित अनुसन्धानमूलक लेखहरूको मिश्रित समाहरणजस्तो प्रतीत हुन्छ। भाषिक शुद्धताका सन्दर्भमा केही वर्णविन्यासजन्य र केही वाक्यगत त्रुटिहरू अवश्य छन् जुन सम्पादनका कमीकमजोरी हुन् भन्न सकिन्छ। पाएसम्मका तिथिमिति र स्रोतहरूको प्रयोग गरिएका हुनाले प्रायजसो यी निबन्ध तथ्य निकट छन् भने केहीमा तर्कशास्त्र, केहीमा अनुमितिवाद र केहीमा कल्पना सिद्धान्त पनि लागू भएको छ। आकारगत दृष्टिले न अति लामा न त अति छोटा यी निबन्ध पढ्दा दिक्क नलाग्ने, बरु उत्सुकता जगाउने खालका छन्। हाम्रो संस्कृति र परम्परा लोप हुँदै गएकोप्रति चिन्ता व्यक्त गरिएका प्रसङ्ग पनि यहाँ भेटिन्छन्। सांस्कृतिक, धार्मिक, ऐतिहासिक र परम्परागत लोकमान्यताका सम्पदाको खोजीनितीमा हाम्रो सम्यक् ध्यान पुग्न सकेको छैन भन्ने लेखकको धारणा छ। भाषाको साहित्यिक सौन्दर्य त्यति प्रभावकारी नभए पनि रहस्यको उद्घाटनका दृष्टिले यस कृतिअन्तर्गतका खोजमूलक निबन्धहरू निकै सञ्ज्ञानात्मक र महत्त्वपूर्ण छन्। भावना र कल्पनाले भन्दा पनि खोज-अनुसन्धानले महत्त्व पाएका निबन्धहरूको सङ्कलनका रूपमा आएको छ यो कृति। अतः नेपाली निबन्ध परम्परामा यसलाई एउटा पृथक् महत्त्वको उपलब्धि मान्न सकिन्छ।

◆

प्रा. डा. लक्ष्मणप्रसाद गौतम

# सृजनात्मक लेखनको स्वरूप

## १. विषय प्रवेश



लेखनका विविध रूपमध्ये सृजनात्मक लेखनले सबैभन्दा बढी व्याप्ति प्राप्त गरेको छ। सामान्य लेखनका व्यतिरेकमा सृजनात्मक लेखन विशिष्ट हुन्छ र यही विशिष्ट हुने अभिलक्षणले सृजनात्मक लेखनलाई अन्य लेखनबाट अलग्याउँछ। सृजनात्मक लेखनका सम्बन्धमा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तमा जेजस्ता मान्यताहरू भए पनि प्रतिभा, व्युत्पत्ति र अभ्यासको समन्वित संयोजनबाट मात्र उत्कृष्ट सृजना तयार हुन्छ। सृजनात्मक लेखन साहित्यिक लेखन हो भने सामान्य लेखन साहित्येतर लेखन हो। त्यस कारण साहित्यका सम्पूर्ण विधा/उपविधाहरू सृजनात्मक लेखन हुन्।

सृजनात्मक लेखन भन्नाले मूलतः साहित्यिक लेखनलाई नै बुझाउँछ। साहित्यका मूलतः कविता, आख्यान, नाटक र निबन्ध गरी प्रमुख चार विधा छन् र ती विधाका पनि विभिन्न उपविधा छन्। ती विधा तथा उपविधाका आआफ्नै तत्त्व, उपकरण वा लघु संरचक घटकहरू छन्। ती घटकहरूको कुलयोग वा समष्टि संरचनाबाट सिङ्गो रचना वा कृति तयार हुन्छ। प्रत्येक विधागत सृजनाका आफ्नै विधि र प्रक्रिया पनि छन्। स्फुरण, योजना लेखन र परिमार्जनका चरण पूरा गरेपछि मात्र एउटा रचना वा सृजना तयार हुन्छ। त्यसमा कल्पना शक्तिको उपयोगले शैली चमत्कारपूर्ण हुन्छ र सुन्दर सृजना तयार हुन्छ। यस आलेखमा सृजनात्मक लेखनमा यिनै विधिका बारेमा सङ्क्षिप्त चर्चा गरिन्छ।

## २. लेखनका विविध प्रकार र सृजनात्मक लेखन

लेखन अनेक प्रकारका हुन्छन्। समाचार, अखबारी लेख, सूचना, विज्ञापन आदिदेखि लिएर ठूलाठूला महाकाव्यसमेत लेखनकै विविधताका प्रकार हुन्। लेखनका सबै किसिमका प्रकारका आआफ्नै लेख्ने ढाँचा र शैली छन्। सबै किसिमका लेखनका आआफ्नै भाषा हुन्छन्। लेखनमा देखिने भाषाशैलीको आफ्नै निजत्वका कारण ती लेखनहरू एकअर्काबाट छुट्टिन्छन्। सामान्यतया लेखनलाई सामान्य लेखन र विशिष्ट लेखन गरी दुई किसिमले छुट्ट्याइन्छ। साहित्यिक तथा प्राविधिक सम्पूर्ण लेखन विशिष्ट लेखन हो भने अन्य साहित्येतर सम्पूर्ण लेखन सामान्य लेखन हो।

सामान्य लेखन दैनिक र व्यावहारिक लेखन पनि हो र साहित्यिक मूल्य र भाषाका दृष्टिले यो सृजना होइन। प्राविधिक लेखनलाई विशिष्ट मानिए पनि साहित्यिक सन्दर्भ चाहिँ यो पनि सामान्य लेखन हो र साहित्यिक लेखन मात्र विशिष्ट लेखन हो। सामान्य लेखन र विशिष्ट लेखनका बीचको भिन्नतालाई यस प्रकार देखाउन सकिन्छ–

– सामान्य लेखन तथ्यमा आधारित हुन्छ र सामान्य भाषा तथा सरल अभिव्यक्ति भएको हुन्छ भने विशिष्ट वा सृजनात्मक लेखन अनुभवमा आधारित हुन्छ र विचलनयुक्त भाषा तथा आलङ्कारिक अभिव्यक्ति भएको हुन्छ।
– सामान्य लेखनमा कल्पना, भावना र वैयक्तिकताको अभाव हुन्छ भने सृजनात्मक लेखनमा कल्पना, भावना र वैयक्तिकता अनिवार्य चाहिन्छ।
– सामान्य लेखनमा साधारण भाषा र स्थूल एवम् मूर्त प्रस्तुति हुन्छ भने सृजनात्मक लेखनमा सौन्दर्यात्मक भाषा र सूक्ष्म एवम् अमूर्त प्रस्तुति हुन्छ।

सृजनात्मक लेखन भनेको एउटा आविष्कार हो। त्यो सृजना त्यसभन्दा पहिले कहीँ पनि थिएन। जब स्रष्टाले सृजना गर्छ त्यसपछि त्यो नितान्त नयाँ वस्तु भएर बाहिर आउँछ। त्यस कारण सृजनालाई आविष्कार भनिएको हो। सृजनात्मक लेखनलाई मौलिक लेखन मानिन्छ। अझ त्यसमा पनि प्रत्येक स्रष्टाको शैलीमा निजत्व हुने हुनाले त्यो एउटाको भन्दा अर्को फरक हुन्छ। सामान्य लेखनबाट सृजनात्मक लेखनलाई अलग्याउने सबैभन्दा महत्त्वपूर्ण कुरा भाषा हो। सामान्य लेखनमा अविचलित भाषाको प्रयोग हुन्छ भने सृजनात्मक लेखनमा विचलनयुक्त भाषाको प्रयोग हुन्छ। सृजनात्मक लेखनका आफ्नै केही निजी पहिचान वा अभिलक्षणहरू छन्। तिनलाई सामान्यतया यस प्रकार देखाउन सकिन्छ–

– मौलिकता, स्वतन्त्रता र अनुभूतिको लेखन,
– कलात्मक, शब्दसौन्दर्यात्मक र अर्थसौन्दर्यात्मक लेखन,
– विशिष्ट भाषाको प्रयोग गरिएको, पाठकका मनमा प्रभाव छाड्ने र आस्वादनीय लेखन,
– यथार्थ र कल्पनाको अन्तर्घुलन भएको लेखन आदि।

सृजनात्मक लेखनमा यथार्थ र कल्पनाको कस्तो किसिमको अन्तर्घुलन हुन्छ भन्ने सम्बन्धमा मोहनराज शर्माले सटीक अभिव्यक्ति प्रस्तुत गरेका छन्– "सृजना वास्तविक हुन्छ, तर त्यसमा वास्तविकता मात्र नरहेर काल्पनिकता पनि रहन्छ। 'आकाशले धर्तीलाई घमलङ्ग अँगालो हाल्यो' यस वाक्यमा 'आकाश' र 'धर्ती' यथार्थ वा वास्तविकता हो भने 'घमलङ्ग अँगालो हाल्नु' चाहिँ कल्पना हो। अनि सृजना काल्पनिक पनि हुन्छ, तर त्यसमा पनि काल्पनिकता मात्र नभएर वास्तविकतासमेत रहन्छ" (पृ. ३१८)। सृजनात्मक लेखनमा अनुभूति, कल्पना र यथार्थको अन्तर्घुलन भएपछि त्यसलाई एकाकार बनाउने काम विशिष्ट भाषाले गर्छ।

### ३. साहित्य सृजनाका कारक तत्त्व

साहित्य सृजना गराउने वा सृजना गर्न भित्रैदेखि उत्प्रेरित गराउने केही उत्प्रेरक तत्त्वहरू हुन्छन् र यस्ता उत्प्रेरक तत्त्व सृजनाका कारक तत्त्व हुन्। "साहित्यको रचना गराउने कारणलाई सृजनाको कारक वा हेतु भनिन्छ। कारकहरू नै सर्जकमा सृजनात्मक सामर्थ्य उत्पन्न गराउने साधन हुन्। सर्जकमा पहिला सृजनात्मक सामर्थ्य उत्पन्न हुन्छन् अनि तिनैबाट प्रेरित भएर उसले रचना गर्छ" (शर्मा, २०५५ : ५४९)। सृजनाका कारक तत्त्वका बारेमा पूर्वीय र पाश्चात्य साहित्यमा त्यति धेरै मतमतान्तर पाइँदैन। पूर्वीय संस्कृत साहित्यमा पनि भामहदेखि जगन्नाथसम्मका

काव्यचिन्तकहरूले प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई सृजनाका कारक तत्त्व मानेका छन् भने पश्चिममा पनि एरिस्टोटलदेखि कार्ल गुस्ताभ युङसम्मका चिन्तकहरूले प्रतिभा, अभ्यास, शास्त्रज्ञान, चिन्तनमनन, कल्पना, आत्माभिव्यक्ति, सहृदयता, जीवनचेतना आदिलाई सृजनाका कारक तत्त्व माने पनि अधिकांश चिन्तकहरूले प्रतिभा, व्युत्पत्ति वा शास्त्रज्ञान र अभ्यासलाई मुख्य कारक तत्त्व मानेका छन्।

### ४. सृजनात्मक लेखनका स्थिति र चरण

सृजनात्मक लेखन मूलतः आख्यानसापेक्ष र आख्याननिरपेक्ष गरी दुई किसिमका हुन्छन् भने तिनका पनि अनेक भेदोपभेद हुन्छन् र ती प्रत्येकका लेखन स्थिति वा चरणहरू, लेखन प्रक्रियाहरू र विधिहरू पनि फरकफरक हुन्छन्। "सृजनात्मक लेखन विचार, योजना, लेखन र संशोधन यी चार स्थितिबाट गुज्रन्छ भन्ने कुरा धेरैले गरेका छन्। यसलाई अर्को किसिमले पनि भन्न सकिन्छ : सर्वप्रथम विचार गर, अनि योजना बनाऊ, अनि लेख, अनि त्यसलाई परिष्कृत बनाऊ" (बन्धु, २०४८ : ६)। सृजनात्मक लेखन वास्तवमा यिनै स्थिति वा चरणहरू पूरा भएपछि तयारी मालजस्तो भएर रचना वा कृतिका अवस्थामा आउँछ। सृजनात्मक लेखनका स्थिति र चरणहरूलाई सामान्यतया यस प्रकार देखाउन सकिन्छ–

**(क) स्फुरण (विचाररूपी कच्चा सामग्रीको प्राप्ति)–** लेख्नुभन्दा पहिले स्रष्टाका मनमा अचानक वा आकस्मिक रूपमा कुनै भावना, विचार, अनुभूति आदिको तरङ्गको झिल्का निस्किन्छ। यस्तो झिल्कालाई स्फुरण भनिन्छ। यस्तो स्फुरण अचानक आफै पनि हुन सक्छ वा कुनै घटना, दृश्य आदि देखेर वा भोगेर त्यसको प्रतिक्रियास्वरूप आएको पनि हुन सक्छ। जुनसुकै किसिमले आए पनि यस्ता स्फुरणहरू सृजनाको मूल बीजका रूपमा रहेका हुन्छन् र ती सृजनाका लागि कच्चा सामग्री हुन्। बिना कच्चा पदार्थ कुनै भौतिक वस्तुको निर्माण नभएझैँ बिना स्फुरण कुनै पनि सृजना हुन सक्दैन, त्यस कारण यस्तो स्फुरणलाई सृजनात्मक लेखनको कच्चा पदार्थ मानिएको हो। यसलाई सृजनात्मक लेखनको स्थितिको पहिलो चरण मानिन्छ।

**(ख) योजना (विचाररूपी कच्चा सामग्रीको मानसिक परिशोधन)–** लेखक वा स्रष्टाका मनमा स्फुरण हुनासाथ त्यसलाई केमा, कुन आकारमा ढाल्ने भन्ने एउटा अमूर्त योजनाको निर्माण हुन्छ। यस्तो अमूर्त योजना विचाररूपी कच्चा सामग्रीको मानसिक परिशोधन हो। यहीँनिर आएपछि स्रष्टाले स्फुरणबाट प्राप्त कच्चा पदार्थलाई कुन विधा-उपविधाको साँचोमा ढाल्ने भन्ने कुरा निर्क्योल गर्छ। यसै योजनाअन्तर्गत स्रष्टाले त्यसका भोक्ता वा भावकको पनि चयन गर्छ। त्यो तयार गरिने सामग्री बालबालिका, किशोर, प्रौढ, सर्वसाधारण पाठक, उच्च बौद्धिक पाठक कसका लागि हो भन्ने कुरा पनि यसैअन्तर्गत पर्छ। यसै भावकको चयनअनुसार नै उसले शब्द, वाक्य, विचार आदिको तदनुरूप प्रयोग गर्छ। त्यस कारण यस चरणलाई विचाररूपी कच्चा सामग्रीको मानसिक परिशोधन भनिन्छ। यो सृजनात्मक लेखनको दोस्रो चरण हो।

**(ग) लेखन (परिशोधित सामग्रीको रूपाकृतियुक्त व्यवस्थापन)–** सृजनात्मक लेखनमा पहिलो चरण स्फुरण अमूर्त हुन्छ भने दोस्रो चरण योजना अर्ध मूर्त हुन्छ। यो योजना बनाइसकेपछि वा कुन विधा, क्षेत्र वा लक्षित पाठकका लागि हो भन्ने स्पष्ट भइसकेपछिको चरण भएकाले यसमा स्रष्टाले त्यो परिशोधित सामग्रीलाई खेस्रा लेखनका रूपमा पहिलो मस्यौदा तयार गर्नुपर्छ। यो कुनै माल वा वस्तुले अन्तिम रूप प्राप्त गर्न लागेको अवस्था हो। यहीँनिर स्रष्टा वा लेखकको कालाकौशल पनि देखिन्छ। यदि सिद्धहस्त लेखक छ भने पहिलो लेखनमा नै त्यस रचनाले अन्तिम रूप प्राप्त गर्न सक्छ वा केही सामान्य कसरमसरसहित रचना तयार हुन्छ। यदि लेखकमा लेखनले सिद्धि प्राप्त गरेको छैन भने परिमार्जनका लागि ठाउँ रहन्छ। यो सृजनात्मक लेखनको तेस्रो चरण हो।

**(घ) परिमार्जन (रूपाकृति प्राप्त सामग्रीको सौन्दर्य प्रसाधन)–** प्रथम लेखनको समाप्तिपश्चात् त्यसलाई टल्काउने, राम्रो बनाउने वा सिँगार्ने प्रक्रिया परिमार्जन हो। नमिलेका ठाउँहरूमा मिलाएर, संशोधन गरेर अन्तिम रूप दिने काम यसमा हुन्छ। लेखिसकेपछि दुईचार दिन त्यसलाई त्यत्तिकै राखी पछि शान्त एकान्त वातावरणमा आफैले निरपेक्ष भएर पुन:पठन गरी परिमार्जन गर्नुपर्छ। अझ त्यसमा पनि कुनै स्थापित लेखक वा समालोचकलाई देखाएर परिमार्जन गर्न लगाउँदा अझ उत्तम हुन्छ। "प्रथम लेखनपछि नै प्रकाशनका निम्ति तयार गरिएको सृजनात्मक लेखन भर्सनै नपाएको चुलाबाट पस्केको कसौँडीको भातजस्तै हो" (बन्धु, २०४८ : ९)। कतिपय स्थापित लेखकहरूले पनि प्रकाशनपूर्व सातआठ जनासम्म लेखक-समालोचकलाई पढ्न दिएर प्रतिक्रिया लिई परिमार्जन गर्ने चलन छ। कतिपय ठाउँमा त आठदस जना राम्रा लेखक-समालोचक राखी अन्त:क्रिया गरेर मात्र परिमार्जन गर्ने र त्यसपछि मात्र अन्तिम रूप दिने चलन पनि छ। यो सृजनात्मक लेखनको चौथो वा अन्तिम चरण हो।

## ५. साहित्यका प्रमुख विधा-उपविधा र सृजन प्रक्रिया

संस्कृत साहित्यमा समग्र साहित्यशास्त्रलाई काव्यशास्त्र नामले बढी चिनिन्छ भने पश्चिममा पनि प्राचीन ग्रिसेली-रोमेली साहित्यमा पोइटिक्स अर्थात् काव्यशास्त्र नाम नै प्रचलित पाइन्छ र पछि क्रमश: विधागत चिन्तनमा विशिष्टता देखिन थालेपछि विधागत शास्त्रहरूको व्याप्ति देखिन थालेको हो। पूर्वमा पहिले श्रव्यकाव्य र दृश्यकाव्य गरी दुई भेद मानिन्थे। पछि पूर्वीय र पाश्चात्य दुवै क्षेत्रमा विधागत विस्तारसँगै यसका उपविधाहरू पनि प्रशस्त देखिन थाले। पूर्वीय, पाश्चात्य र नेपाली साहित्यका सन्दर्भमा समेत हेर्दा कविता, आख्यान, नाटक र निबन्ध गरी साहित्यमा प्रमुख वा मूल चार विधा मानिन्छन्। तिनका उपविधागत स्थितिलाई यस प्रकार देखाइन्छ–

### ५.१ कविता सृजन प्रक्रिया


भावना, अनुभूति, विचार र घटनाको अभिव्यक्ति भएको लयात्मक संरचना कविता हो। यसका प्रभेदहरू यस प्रकार छन्–

**(क) लघुतम रूप (मुक्तक)**

- यो चतुष्पदी हुन्छ (तेस्रो पाउ विषमतुकान्त हुन्छ)।
- यसका उत्तरोत्तर पछिल्ला पङ्क्तिहरू उत्कर्ष हुँदै जानुपर्छ।
- अन्तिम पङ्क्तिले रहस्यको पटाक्षेप गर्नुपर्छ।
- यसमा शरसन्धानको प्रक्रियाजस्तै किसिमले भावोत्कर्ष हुँदै गई अन्तिम पङ्क्ति लक्ष्यभेदन गरेजस्तै हुनुपर्छ।
- यसमा एउटा मात्र भावना वा विचारको अभिव्यक्ति हुन्छ।

**(ख) लघु रूप (फुटकर कविता)**

- यसमा भावना र अनुभूतिको अलिकति विस्तार हुन्छ।
- यस्तो विस्तार वृत्तात्मक र चक्रात्मक हुन्छ–



- यसमा एउटै भावना वा विचार र अनुभूतिको अभिव्यक्ति भए पनि त्यसलाई विस्तार गर्दै केन्द्रीय कथ्यमा लगेर टुङ्ग्याइन्छ।
- यो तीनचार श्लोकदेखि ५० श्लोकसम्म र सातआठ पङ्क्तिदेखि छसात पृष्ठसम्म पनि विस्तार भएको पाइन्छ।
- यसमा सूक्ष्म आख्यानात्मकता हुन सक्छ।

**(ग) मध्यम रूप (खण्डकाव्य/लामो कविता)**

- जतिजति कविताले विस्तृतिको यात्रा गर्छ उतिउति त्यसलाई समाउने र टेक्ने हाँगो चाहिन्छ, त्यो भनेको आख्यानात्मकता हो र यसमा त्यसको आवश्यकता पर्छ।
- यसमा भावना, अनुभूति र विचारलाई आख्यानीकरण गरिएको हुन्छ।
- यो एकदेशीय अर्थात् एउटा निश्चित कालखण्डका घटनामा आधारित हुन्छ।
- यसमा भावना, विचार र अनुभूतिलाई आख्यानीकरण गरिने भएकाले तदनुरूप पात्र, परिवेश आदिको पनि निर्माण गरिएको हुन्छ।
- यो ३०–३५ श्लोकदेखि छसात सर्गसम्म विस्तारित हुन्छ।

**(घ) बृहत् रूप (महाकाव्य)**

- यसमा जीवनका समग्र वा व्यापक पक्षको चित्रण हुन्छ।
- यसमा भावना, अनुभूति, विचार र आख्यानले विस्तृतितिरको यात्रा गर्छ।
- यसमा मूल कथालाई परिपुष्टता प्रदान गर्नका लागि प्रासङ्गिक कथा-उपकथा र घटना सन्दर्भहरू पनि जोडिन्छन्।


- यसमा जीवनको व्यापक फलकको चित्रण गरिने भएकाले तदनुरूपकै पात्र र परिवेशको निर्माण गर्नुपर्छ।
- यसमा आख्यानीकरण र कवितात्मकताका बीच समानान्तर गति हुनु अत्यन्त आवश्यक हुन्छ।
- यो आठ सर्गभन्दा माथि जति पनि लामो हुन्छ र बृहत्तर रूपसम्म विस्तारित हुन्छ।

## ५.२ आख्यान सृजना प्रक्रिया

कुनै स्वतन्त्र घटना, पात्र र परिवेशलाई आख्यानीकरण गरिएको गद्यात्मक संरचनालाई आख्यान भनिन्छ। यसका प्रभेदहरू यस प्रकार छन्–


### (क) लघु कथा (आख्यानको लघुतम रूप)

- यो २५० देखि तीन सय शब्द सीमाभित्र रहेको हुन्छ र यसले तात्क्षणिक परिवेश ओगट्छ।
- यसमा अत्यन्त सूक्ष्म तर सघन विषयलाई आख्यानीकरण गरिएको हुनुपर्छ।
- यसमा क्रमशः उत्तरोत्तर पछिल्ला वाक्यहरू उत्सुकतापूर्ण तरिकाले उत्कर्षतिर जानुपर्छ र अन्तिम वाक्यले तीव्र रूपमा रहस्यको पटाक्षेप गर्नुपर्छ।
- यसमा शरसन्धान प्रक्रियाजस्तै भावोत्कर्ष हुँदै गई अन्तिम वाक्यले लक्ष्य भेदन गर्नुपर्छ।
- यसमा एउटा मात्र मूल घटना हुन्छ, तर त्यसको गति तीव्र हुन्छ–



### (ख) कथा (आख्यानको लघु रूप)


- यो सामान्यतया पाँच सय शब्दभन्दा माथि ३,५०० शब्दसम्मको सीमामा आबद्ध भएको पाइन्छ।
- यसमा दुई वा सोभन्दा बढी स्वतन्त्र घटनाहरूलाई आख्यानीकरण गरिन्छ र तदनुरूपकै पात्र र परिवेशको निर्माण गरिन्छ।
- यसमा कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला हुन्छ र यो पूर्वदृश्य (फ्ल्यास ब्याक) पद्धतिबाट पनि लेखिन्छ।
- कथा लेख्दा विषयसूत्र वा कथासूत्रको निर्धारण गरी घटनालाई परस्पर बुन्दै र उन्दै अगाडि बढ्नुपर्छ।
- यसमा दुई वा सोभन्दा बढी मूल र सहायक घटना हुन्छन् र यसको गति यस्तो हुन्छ–




(लामो कथा र लघु उपन्यासका बीच भने धेरै समानता पाइन्छ।)

### (घ) उपन्यास (आख्यानको मध्यम र बृहत् रूप)

- यसले महाकाव्यले जस्तै जीवनको विस्तृत आयामलाई समेट्छ।
- यसमा मूल कथावस्तु एउटा हुन्छ र त्यो मूल कथालाई परिपुष्टता प्रदान गर्नका लागि अन्य उपकथा, प्रासङ्गिक कथा आदिको संयोजन हुन्छ।
- यसमा जीवनको व्यापक फलकको चित्रण हुने भएकाले तदनुरूपकै पात्र र परिवेशको चित्रण हुन्छ।
- यसलाई मुक्त र विराट् साहित्यिक विधा मानिन्छ।
- यसको कथानकको विकास प्रक्रियाको स्थिति यस्तो हुन्छ–



१. आरम्भ
२. विकास
३. उत्कर्ष
४. अपकर्ष
५. अन्त्य

### ५.३ नाटक सृजन प्रक्रिया

पात्र वा सहभागीहरूको अभिनयात्मक वा कार्यव्यापारात्मक र संवादात्मक रचना नै नाटक हो। यसका सृजन प्रक्रिया यस प्रकार छन्–

- यसमा एकदुई दृश्यको छोटो दृश्यविधान र परिवेशविधानदेखि लिएर धेरै अङ्क र दृश्यको परिवेशविधान हुन्छ।
- यो एक अङ्कमा समापन हुँदा एकाङ्की दुई वा सोभन्दा बढी अङ्कमा समापन हुँदा पूर्णाङ्कीका रूपमा चिनिने नाट्यरचना हो।
- यसले जीवनको एक खण्डको आयामदेखि व्यापक आयाम लिएको हुन्छ।
- यसको संवाद संरचना, अभिनेयता र दृश्य रचनाका बीच संयोजन हुनुपर्छ।
- यो रङ्गमञ्चीय विधा भएकाले यो सृजना गर्दा मञ्चविधानलाई पनि पूर्णतया ख्याल राख्नुपर्छ।
- यसलाई अत्यन्त जटिल प्रवृत्तिको रचना मानिन्छ।

### ५.४ निबन्ध सृजन प्रक्रिया

कुनै विषयबारे निर्बन्ध रूपमा लेखिएको गद्य रचना नै निबन्ध हो। निजात्मक र परात्मक शैलीका आधारमा यसका निजात्मक (आत्मपरक शैलीका सबै) र परात्मक (वस्तुपरक शैलीका सबै) मूलतः दुई भेद मानिन्छन्।

- साहित्यिक सन्दर्भमा निबन्ध भनेर खासमा निजात्मक वा आत्मपरक निबन्धलाई नै मानिन्छ।
- यो एउटा छोटो बसाइमा पढ्न सकिने र निजात्मक दृष्टिको प्रधानता भएको हुनुपर्छ।
- यो अनुभवमा आधारित हुनुपर्छ र निश्छल आत्मप्रकटीकरण हुनुपर्छ।
- यसमा भावना, कल्पना, अनुभूति, विचार आदिको सम्मिश्रण भई त्यसलाई विशिष्ट भाषाशैलीले संयोजन गर्नुपर्छ।

### ६. विधागत उपकरण वा संरचक घटक (तत्त्व)-हरू

सृजनात्मक लेखन गर्नु पनि एक किसिमले कपडा बुनेजस्तै वा घर बनाएजस्तै प्रक्रिया हो। जसरी कपडा बुन्दा दुईतिरबाट उनिने धागोदेखि लिएर विभिन्न उपकरणहरू चाहिन्छन्। जसरी घर बनाउँदा माटो, ढुङ्गा, सिमेन्ट, गिटी, बालुवा आदि विभिन्न वस्तुहरू चाहिन्छन् र ती विभिन्न वस्तुहरूलाई लघु संरचक घटक भनिन्छ र ती लघु संरचक घटकहरूको सिङ्गो योगबाट कपडा वा घररूपी बृहत् घटकको निर्माण हुन्छ त्यसरी नै साहित्यका विभिन्न विधाहरूको संरचनाका लागि पनि ससाना लघु संरचक घटकहरूको योग चाहिन्छ। साहित्यिक विधाका लघु संरचक घटक भनेका तत्तत् विधा-उपविधाका तत्त्व हुन्।

### ७. सृजनात्मक लेखनमा शैली

सृजनात्मक लेखनमा मूलतः के र कसरी यी दुई वटा प्रश्नको उत्तर खोज्नुपर्छ। के भन्ने प्रश्नको उत्तरमा जे आउँछ त्यो विषयवस्तु वा घटना हो। यस्तो विषयवस्तु वा घटना जे पनि हुन सक्छ। कसरी भन्ने प्रश्नको उत्तरमा जे आउँछ त्यो शैली हो, लेख्ने तरिका हो। सृजनात्मक लेखनमा 'के?'-ले भन्दा 'कसरी?'-ले महत्त्व राख्छ। शैली लेखकको निजी हुन्छ। शैली के हो भन्ने सम्बन्धमा धेरै विद्वान्हरूले आआफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन्। समग्रमा भाषाका एकाइहरूको सौन्दर्यबोधक अभिव्यक्तिकलालाई शैलीका रूपमा मानिन्छ। साहित्यशास्त्रले निर्देश गरेका शैली जेजस्ता भए पनि शैली भनेको मूलतः लेखकको निजीपन हो, त्यसैले नै कुनै स्थापित लेखकका रचना सुन्ने वा पढ्नेबित्तिकै यो यसको रचना हो भनेर चिन्न सकिन्छ। यसरी चिन्न सकिने गराउने तत्त्व नै शैली हो। आफ्नै विशिष्ट किसिमको शैली निर्माण गर्न सक्नु सामान्य कुरा होइन। अधिकांश नवलेखकहरू र कतिपय स्थापित हुन लागेका लेखकहरू अरूका शैलीको प्रभाव ग्रहण गरी लेख्छन्। प्रारम्भिक अवस्थामा यो कुरा त्यति बेठीक नभए पनि स्थापित हुन थालिसकेपछि आफ्नै शैली निर्माण गर्नु राम्रो हुन्छ।

### ८. निष्कर्ष

सृजनात्मक लेखन भनेको अन्तश्चेतनाको लेखन हो र यो नितान्त अनौपचारिक तर सुसङ्गठित लेखन हो भन्ने कुरा यसका सृजन प्रक्रिया, स्थिति, चरण, विधागत संरचनात्मक

स्वरूप र संरचक घटकहरूबाट स्पष्ट हुन्छ। सृजनात्मक लेखन पूर्णतया यथार्थपरक भइदिँदा त्यो कोरा सपाट विवरण हुन्छ भने यथार्थ नभई पूर्णतया कल्पनाबाट मात्र पनि सृजनाले ठोस रूप प्राप्त गर्न सक्दैन। तसर्थ सृजनात्मक लेखनमा कल्पना शक्तिको उपयोगबाट रचना वा कृति प्रभावपूर्ण र विशिष्ट बन्छ। कुनै पनि लेखकले साहित्य सिद्धान्त अगाडि राखेर वा सिद्धान्तका मानदण्डलाई बुझेर लेखेको हुन्छ भन्ने हुँदैन, तर पनि रचना वा कृतिमा ती मानदण्डको उपयोग भइरहेको हुन्छ। यदि लेखकले साहित्य सिद्धान्तको समेत अध्ययन गरेर लेख्छ भने त्यस्तो लेखन अवश्य प्रभावपूर्ण हुन्छ। सृजनात्मक लेखनको सम्बन्ध मनसँग, भावनासँग, अनुभूतिसँग, विचारसँग, संवेदनासँग हुने भएकाले यो मापनीय हुँदैन।

**प्रमुख सन्दर्भसूची**


गौतम, लक्ष्मणप्रसाद (२०६९), **कविताको सैद्धान्तिक विमर्श**, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन।

---------- (२०७२), **लघुकथाको रचनाविधान**, काठमाडौँ : लघुकथा समाज।

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी (२०६९), **नेपाली कथाको इतिहास**, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान।

बन्धु, चूडामणि (२०४८), **सृजनात्मक लेखन**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

---------- (२०६६), **आधुनिक तथा उत्तर आधुनिक पाठकमैत्री समालोचना**, काठमाडौँ : क्वेस्ट पब्लिकेसन।

सुवेदी, राजेन्द्र (२०५७), **सृजनात्मक लेखन, सिद्धान्त र विश्लेषण**, काठमाडौँ : पाठ्यसामग्री पसल।


◆

डा. कृष्णराज डीसी

# निबन्धकार मोमिलाको निबन्धकारिता

## १.० विषयप्रवेश

कस्तूरी मृगको सुगन्ध बहने कैलास मेरो घर
भागी हिँड्छु म ता मनुष्यहरूको दुर्गदेखिन् पर
तिम्रा खल्बलमा सुनिन्न– छहरा गुँज्छन् कसोरी यहाँ
आफैमा परिपूर्ण भै कुसुमकी फुल्छिन् किशोरी यहाँ।

– माधवप्रसाद घिमिरे



महाभारत कथाकी गङ्गा जसले प्रिय पति महाराज शान्तनुलाई छाडेर जानुपऱ्यो, रानी सत्यवती जसलाई हस्तिनापुर राजभवन त्यागेर वनमा तपस्या गर्न जानुपऱ्यो, वस्त्रहरिता द्रौपदी जसलाई कौरव सभामा अन्याय भोग्नुपऱ्यो; महाभारतका नारी पात्र अम्बा, अम्बिका र अम्बालिकाहरू जसलाई स्वयंवर सम्मुखबाट अपहरणमा पर्नुपऱ्यो, आमा कुन्तीलाई आफ्नै छोरा अर्जुनले आफ्नै अर्को (जेठो) छोरो कर्णलाई मारेको बीभत्स दृश्य देख्नुपऱ्यो। यी र यस्तै प्रतिनिधिमूलक घटनाहरू देवलोकदेखि मानवलोकसम्मका नारीहरूले भोग्दै आएका छन्। नेपाली साहित्यमा पारिजातजस्ता आदर्श नारीले ठूलो सङ्घर्ष गर्दै आएका छन्। त्यस्ता सङ्घर्षशील नारी वर्गको पङ्क्तिमा पर्ने एक विशिष्ट साहित्यिक साधकको नाम हो 'मोमिला'। साहित्यकार मोमिला (२०२४) बहु आयामिक प्रतिभावान् नारी हस्ताक्षर हुन्। स्वनामधन्य नारी स्रष्टा मोमिलाले मूलत: कविता, निबन्ध, समालोचनाका साथै अन्य विभिन्न विधाहरूमा कलम चलाउँदै आएकी छन्।

**पैयूँ फुल्न थालेपछि** (२०५२), **नीलो-नीलो आकाश र दुई थोपा आँसु** (निबन्ध तथा कवितासङ्ग्रह, २०५२), **जूनकीरीहरू ओर्लिरहेछन्** (२०५५), **दुर्गम उचाइमा फूलको आँधी** (२०६०), **भीमसेन थापाको सुसाइड नोट** (२०७०) कवितासङ्ग्रहहरू प्रकाशित भएका छन् भने **ईश्वरको अदालतमा आउटसाइडरको बयान** (निबन्धसङ्ग्रह, २०६३)-का साथै उनका विविध समालोचना तथा सम्पादनहरू यथेष्ट मात्रामा प्रकाशित छन्। प्राध्यापन पेसामा संलग्न भएर पनि यति ठूलो योगदान नेपाली साहित्यलाई स्वत:स्फूर्त रूपमा दिन सक्ने एक विलक्षण र प्रतिभासम्पन्न नारी स्रष्टाका रूपमा साहित्यकार मोमिलाले आज राष्ट्रिय र अन्तर्राष्ट्रिय साहित्यका क्षेत्रमा आफ्नो मौलिक पहिचान कायम गरिसकेकी छन्। नेपाली साहित्यमा विभिन्न उमेर समूहका स्रष्टालाई जुटाएर स्वदेश तथा विदेशमा समेत पुगी एउटा असल अभिभावकको सशक्त नेतृत्व गर्दै आएकी साहित्यकार मोमिला अहिलेको साहित्यमा सबैको प्रेरक बन्दै आएकी छन्। उनको यो जिम्मेवारीपूर्ण भूमिकाका खातिर नेपाली स्रष्टा वर्गले मुक्तकण्ठले उनको प्रशंसा गर्नैपर्छ। प्रस्तुत आलेख मूलत: साहित्यकार मोमिलाको निबन्धकारितामा मात्र केन्द्रित छ। तसर्थ उनका विभिन्न निबन्धहरूको प्रवृत्तिगत विशेषता पहिल्याई उनका समग्र निबन्धहरूको समग्रता औँल्याउने प्रयास यहाँ गरिएको छ।

नेपाली निबन्धको विकासक्रमलाई नियाल्दा वि. सं. १९७० को दशकमा निबन्धको रूपरेखा बस्न थालेको देखिन्छ (**मधुपर्क**, २०६७ : ९)। तर आधुनिक निबन्ध साहित्यको कुरा गर्दा निबन्धकार बालकृष्ण सम, बोधविक्रम अधिकारी, रुद्रराज पाण्डे, नरेन्द्रमणि आदी, प्रेमराज शर्मा, सिलवाल पण्डित, लक्ष्मीप्रसाद देवकोटा, शङ्करदेव पन्त आदिजस्ता निबन्धकारहरूद्वारा **शारदा** (१९९१), **उद्योग** (१९९२) र **उदय** (१९९३)-मार्फत निबन्ध साहित्य अगाडि बढेको देखिन्छ। तर पुस्तकाकार कृतिका रूपमा नियाल्दा निबन्धकार लक्ष्मीप्रसाद देवकोटाद्वारा अनूदित **प्रसिद्ध प्रबन्धसङ्ग्रह** (१९९८) नै पहिलो सङ्ग्रह भएको देखिन्छ। त्यसपछि देवकोटाद्वारा नै लिखित नेपाली निबन्धहरूको सङ्ग्रह **लक्ष्मी निबन्धसङ्ग्रह** नेपाली

भाषा प्रकाशिनी समितिबाट २००२ सालमा प्रकाशनमा आएको देखिन्छ। सुरुमा निबन्ध र प्रबन्धलाई समान रूपमा बुझ्ने गरेको पाइए पनि क्रमशः निबन्धको कालक्रमिक विकास यात्रामा यी दुवैको अर्थबोध र विस्तार फरकफरक भएको देखिन्छ।

नेपाली आत्मपरक-निजात्मक निबन्धका क्षेत्रमा स्पष्ट मार्गचित्र कोर्ने काम निबन्धकार लक्ष्मीप्रसाद देवकोटाबाट नै भएको हो भन्ने बारेमा आम समालोचकहरूबीच सहमति भएको देखिन्छ। हुन त निबन्धकार बालकृष्ण समको वस्तुप्रधान मूल्य भएको पहिलो प्रबन्धात्मक रचना 'बर्दहामा शिकार' दैनिकीप्रधान लेखलाई निबन्धको कोटिमा राखिएको पाइन्छ। तर जब वि. सं. १९९३ मा निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' शीर्षकको निबन्ध प्रकाशित भयो तबदेखि आधुनिक नेपाली निबन्धको औपचारिक परम्पराको थालनी भएको मान्नुपर्ने देखिन्छ, किनभने देवकोटाका निबन्धमा आधुनिक निबन्धका आवश्यक तत्त्वहरू समावेश भएका पाइन्छन्। निबन्धकार देवकोटाले आफू नै आफ्ना निबन्धको विषय भएको बताएका छन्। यसो गर्नु आत्मपरक निबन्धका निबन्धकारको मूल प्रवृत्ति नै हो र मान्यता पनि हो।

नेपाली निबन्धको विकासक्रमलाई नियाल्दा निबन्धकार मोमिला आत्मपरक शैलीमा मूलतः अस्तित्ववादी चेतना, विसङ्गतिवादी चेतना, स्वच्छन्दतावादी चेतना, उत्तर आधुनिकतावादी चेतना र नारीवादी चेतनाको केन्द्रविन्दुमा टेकेर नवीन शैली र शिल्पलाई ग्रहण गरी चित्ताकर्षक निबन्धहरू लेख्ने एकमात्र सशक्त निबन्धकार हुन्। माता सनकादेवी र पिता सिद्धिप्रसाद जोशीकी सुपुत्री निबन्धकार मोमिला प्रकृतिलाई नै महान् ठान्छिन्। आजको उत्ताउलो र चकचके मानव सभ्यताले प्रकृतिलाई निकै सताएको सन्दर्भमा कहिलेकाहीँ प्रकृति स्वयम्ले भूकम्प, ज्वालामुखी विस्फोटन, भूक्षय, बाढी, पहिरो, हैजा, प्लेग र विविध भाइरसका रूपमा मानव सभ्यतालाई बन्दी बनाएर आफूले लामो छुट्टी मनाएजस्तो कलात्मक अनुभूतिको बोध गर्ने मोमिलाले वास्तवमा आज मानव जाति प्रकृतिको बीभत्स दोहनको पराकाष्ठामा पुगेको बताउँछिन्। परिणामस्वरूप उसको अहङ्कार चुरचुर बन्दै गएको ठान्छिन् उनी। माथि उल्लिखित विविध सैद्धान्तिक अवधारणाहरूको मियोमा उभिएर निबन्धकार मोमिलाले आत्मकेन्द्री चिन्तनलाई नै एकालाप (आत्मालाप)-को शैलीमा प्रस्तुत गरेकी छन्। खास गरी आत्मपरक शैलीका निबन्धकारहरूको यो मूल प्रवृत्तिगत विशेषता नै हो। आत्मपरकताको सम्बन्ध चेतना र आदर्शवाद तथा मानवतावादको दार्शनिक पक्षसँग जोडिएको हुन्छ। आफूलाई निबन्धको विषय बनाउनु वा लेखकको व्यक्तित्व पाठकसमक्ष प्रकाशन गरिने अभिव्यक्तिगत ढाँचा नै आत्मपरक निबन्ध हो। निबन्ध (नेपाली निबन्ध परम्परा)-मा आत्मपरकताको प्रयोगको विश्लेषण र मूल्याङ्कन निम्न आधारमा गरिएको पाइन्छ– व्यक्तित्वको आधार, प्राकृतिक आधार, सांस्कृतिक आधार, चिन्तनगत आधार, हास्यव्यङ्ग्यको आधार र भाषा प्रयोगको आधार (**मधुपर्क**, २०६७ : १६)।

नेपाली निबन्धका क्षेत्रमा आत्मपरकताका आधारमा टेकेर नवीन शैली र शिल्पको चेतना ग्रहण गरी निबन्ध लेख्ने निबन्धकारहरूअन्तर्गत लक्ष्मीप्रसाद देवकोटा, कृष्णचन्द्रसिंह प्रधान, शङ्कर लामिछाने, माधव पोखरेल र मोमिला विशिष्ट श्रेणीका निबन्धकारहरू हुन्। यस

भनाइको पुष्टि विभिन्न समयका समालोचकहरूको कृतिगत समीक्षा र निबन्धकारहरूका कृतिहरूले नै गरिदिएका छन्।

## १.२ मोमिलाको निबन्धकारिताको मापन तथा मूल्याङ्कन

मूलतः मोमिला कवि हुन्। तसर्थ उनका निबन्धहरूमा पनि काव्यिक कोमलताको झङ्कार फेला पर्छ। जीवनलाई एक बृहत्तर क्यानभास ठानेर जीवनका सम्पूर्ण रङहरूमा आफूलाई भेदन गर्ने काम मोमिलाले गरेकी छन्। वानीरा गिरिका शब्दमा– "सम्पूर्ण निबन्ध प्रतीकैप्रतीक, बिम्बैबिम्बहरूको एक अद्भुत कोलाजझैँ लाग्छन् (मोमिलाका निबन्धहरू)।" उनी साहित्यको स्पर्श जीवनको बाहिरी तहभन्दा पनि चेतनको अन्तरकुन्तरको तहसँग सम्बद्ध हुनुपर्छ भन्ने मान्यतामा विश्वास राख्छिन्। आफूभित्रको कोमल संवेदनाको प्राकृतिक तर सुरुचिपूर्ण कलात्मक प्रस्फुटनलाई साहित्य ठान्छिन् मोमिला। आफ्नो अस्तित्वको भोकलाई शमन गर्नका खातिर आफू साहित्यमा हेलिएको अनुभूति प्रकट गर्छिन् उनी। हरेक स्रष्टाले आफ्नो सिर्जनामा सामाजिक अनुमोदनको आशा राख्छ, तसर्थ ऊ सधैँ आशावादी भएर समाजसमक्ष प्रस्तुत हुने गर्छ भन्ने मान्यतामा विश्वास राख्छिन् निबन्धकार मोमिला। मोमिलाका समग्र निबन्धहरूमा क्यानरीको मधुर ध्वनिको झङ्कारको तीव्र अनुभूति जुनसुकै पाठकले गर्छ। जिन्दगी कदापि सरल रेखामा हिँडेर अगाडि बढ्दैन, बरु यसले जहिले पनि वक्ररेखामा जटिल तवरले हिँडेर शिखर चढ्न सफलता प्राप्त गर्छ भन्ने मान्यतामा उनी विश्वास राख्छिन्। आफूसँग नभएको वर्तमानलाई उनी भविष्यमा कायान्तरण गर्ने लक्ष्य राख्छिन् आफ्ना समग्र निबन्धहरूमा।

निबन्धकार मोमिलाका निबन्धहरूको मापन र मूल्याङ्कनका मापदण्डहरूका आधारमा उनका समग्र निबन्धहरूको मूल्याङ्कन यसरी गरिएको छ।

### १.२.१ अस्तित्ववादी चेतनाका आधारमा मोमिलाको निबन्धकारिता

'जीवन एउटा सुन्दर र विशाल क्यानभास हो, तसर्थ जति सक्यो यसमा हामीले सुन्दर र रङ्गीन सबै प्रकारका रङहरू भर्नुपर्छ' भन्ने Danny Kaye को मान्यताअनुरूप मोमिलाले आफ्नो स्वत्वको खोजी गर्छिन् उनका समग्र निबन्धहरूमा। तर विषयवस्तु र शीर्षकको विविधता भए पनि निचोडमा मोमिलाका समग्र निबन्धहरू स्वत्वको खोजीमै मुखरित भएका देखिन्छन्। उनले जीवन र जगत्का सारा चुनौतीहरूलाई ती विशृङ्खलित भए पनि हाँसीहाँसी सुशृङ्खलित बनाएर वा पूर्वरूपमै भए पनि स्वीकार गर्छिन्। जीवनका सारा आवेग, बन्धन, श्रापित अस्तित्व आदि सबैसबैलाई सहर्ष जिजीविषाका साथ बाँच्नका लागि उनले अङ्गीकार गरेकी छन्। यसो गर्नु उनको स्व-अस्तित्वको खोज हो। उनी आफ्ना समग्र निबन्धहरूमा एक कुशल वास्तुशिल्पी बनेर प्रस्तुत भएकी छन्। मोमिलाका निबन्धहरूमा विचार, दर्शन, विद्रोह, भूत, वर्तमान, भविष्य (समय), जीवन, मृत्यु, अनुभूति, संवेदन, ईश्वर, प्रेम, पीडा, पीडक, स्व-अस्तित्व, भावक आदिको सम्यक् अनुनाद भेटिन्छ। तसर्थ उनका निबन्धहरू अस्तित्ववादी चेतनाको ओतप्रोत भएका छन् भन्नुपर्ने नै हुन्छ। आफू मानिस भएकै कारणले मानवीय अस्तित्व एवम् मूल्य र मान्यताको प्राप्ति वा अप्राप्तिमा विशेष चासोका साथ स्व-अस्तित्वको संरक्षणमा निबन्धकारको निबन्धकारिता सङ्घर्षरत देखिन्छ।

खास गरी मानिसको व्यक्तिगत जीवनलाई नूतन सन्दर्भ, नयाँ अर्थ र नवीन मानवीय मूल्यमा प्रतिष्ठापित तुल्याउन चाहने इसाको बीसौँ शताब्दीको एक विशिष्ट युरोपेली धार्मिक-दार्शनिक सिद्धान्त नै अस्तित्ववाद हो। मानिसले आफ्नो जन्मसितै मृत्यु बोकेर आएको हुन्छ। तसर्थ यस वादले मानिसलाई पलायनतर्फ होइन, जीवनको नवीन अर्थ र मूल्यको खोजतिर लाग्न प्रेरित गर्छ। साहित्यमा यस वादको प्रयोग सन् १९४० तिर फ्रान्सेली दार्शनिक जाँ पल सार्त्रले गरेका हुन्। खास गरी द्वितीय विश्वयुद्ध (सन् १९३९–४५)-ले युरोपमा महाविनाश एवम् सन्त्रासमय वातावरणको सिर्जना गर्‍यो। त्यस स्थितिमा मानवीय मूल्य र मान्यता नै नामेट हुन थाल्यो। तसर्थ केही युवाहरूको नेतृत्वमा मानवीय मूल्य र मान्यताको स्थापना गर्ने प्रयास थालियो। यसै सन्दर्भमा फ्रान्सेली युवा लेखक सार्त्रको उदय भएको हो। उनले सन् १९४३ र १९४६ मा क्रमश**: भविता र शून्यता** (बिइङ एन्ड नथिङनेस) तथा **अस्तित्ववाद र मानवतावाद** (एक्जिस्टेन्सियलिजम एन्ड ह्युम्यानिजम)-को प्रकाशन गरे। अस्तित्ववादको सन्दर्भमा यी कृतिहरूको विशेष योगदान रहेको देखिन्छ। साहित्यमा नोबेल पुरस्कार प्राप्त गर्ने सार्त्रले यो पुरस्कारलाई आरोपहीन अस्वीकार गरे। उनी मानिसको व्यक्तिगत स्वतन्त्रता र अस्तित्वमा अगाध आस्था राख्थे। आफ्नो जीवन र समग्र संसार नै विसङ्गत भए पनि मानिसले आफूमा निहित अधिकारको प्रयोग गरी स्वतन्त्र रूपमा चुन्न, छान्न, वरण गर्न, निर्णय गर्न र सर्वोच्च शक्तिको प्रयोगद्वारा आफ्नो जीवनलाई सार्थक र मूल्यवान् बनाउन पाउनुपर्छ। आफ्नो वातावरणको दासता अस्वीकार गरेर नै मानिसले आफ्नो अस्तित्व प्राप्त गर्छ भन्ने मान्यता सार्त्रको रहेको छ।

खास गरी ईश्वरवादी र निरीश्वरवादी गरी अस्तित्ववादीहरू दुई धारमा विभक्त भएका देखिए पनि जीवन र जगत्का सन्दर्भमा यी दुवैको समान दृष्टिकोण रहेको देखिन्छ। किर्केगार्ड, कार्ग यास्पर्स तथा ग्याब्रियल मार्सल ईश्वरवादी हुन् भने सार्त्र र अल्बर्ट कामू निरीश्वरवादी-अस्तित्ववादी हुन्। निबन्धकार मोमिला सार्त्र र कामूको नजिक रहेकी देखिन्छिन्। यो कुरा उनका समग्र निबन्धहरूको अध्ययनबाट पुष्टि हुन्छ। तेस्रो आयामिक छलाङ मार्ने वरिष्ठ साहित्यकार इन्द्रबहादुर राई, कवि ईश्वरवल्लभ र वैरागी काइँलाको सिर्जना देखिसकेकी मोमिला अस्तित्वको प्रखर चेतना बाँच्छिन्। एउटी विद्रोही सशक्त नारीले प्रकृतिद्वारा निर्मित जीवनलाई भाँचकुच पारेर सिर्जनात्मक विनिर्माण गर्दा जोसुकैलाई प्रतिस्पर्धात्मक डाह, छटपटी र ईर्ष्या लाग्ने मात्र होइन; दसौँ रेक्टर स्केलको भूकम्पन पनि हुन्छ (**नेपाल**, २०७१ : २७९)। आफ्नो नभएको वर्तमानलाई भविष्यमा प्राप्त गर्न सक्ने सशक्त आशा राख्छिन् उनी। आफूले जीवनमा भोगेका पीडाभित्र पनि भिन्नै किसिमको आनन्दानुभूति गर्ने मोमिलामा जीवन र जगत्प्रति पनि भिन्नै दृष्टिकोण रहेको देखिन्छ। मानव समाजमा व्याप्त परम्परावादी बोक्रे आडम्बरभन्दा सामाजिक यथार्थको गहिराइभित्र उनको निबन्धकारिता गहन रूपले डुबेको देखिन्छ। समाजमा आदर्शताको खोल ओढेर आफ्नो नग्नतालाई लुकाउनेहरूप्रति उनी तीव्र रोष यसरी प्रकट गर्छिन्– "...नैतिकताको आभूषणभित्र सुसज्जित मनुष्यको कैयौँ गुप्त अनैतिकतालाई मैले निकै नजिकबाट अनुभव गरेकी छु। आदर्शहरूको खोक्रो आडम्बरमा बाँचेका निर्लज्ज मानिसहरूलाई मैले देखेकी छु। यसरी मान्छे आफैले सिर्जना गरेको व्यवस्थामा आफै फसेको देखेँ र मस्तसित हाँसेँ..." (मोमिला, २०६३ : ७४)।

अस्तित्ववादी चिन्तक सार्त्रले भनेझैँ मोमिला आफ्नो निबन्धमा यसो भन्छिन्– "...हो, म कुनै पनि हालतमा गम्भीर छैन र गम्भीर हुनुपर्ने कुनै कारण पनि देख्दिनँ। मैले प्रकृतिमा कुनै फूललाई, चरालाई, झर्नालाई, बादललाई, पुतलीलाई कहिल्यै गम्भीर देखेकै छैन। तपाईंहरूले गम्भीर देख्नुभएको भए त्यो तपाईंको कुरा हो..." (मोमिला, २०६३ : ७६)। अस्तित्ववादी लेखकहरू स्वेच्छाले चयन गर्न, विचरण गर्न, वरण गर्न, निर्णय गर्न र सर्वोच्च शक्तिको प्रयोगद्वारा आफ्नो जीवनलाई सार्थक र मूल्यवान् बनाउन चाहन्छन्। तसर्थ आफ्नो वातावरणको दासता अस्वीकार गरेर नै मानिसले आफ्नो अस्तित्व प्राप्त गर्छ भन्ने मान्यता सार्त्रले अगाडि सारेको सन्दर्भमा निबन्धकार मोमिला स्वतन्त्र रूपमा विचरण गर्ने चाहना राख्छिन्। उनी अरूको लुटेर, खोसेर, कूटनीतिक शोषण गरेर आफू भरिनुभन्दा आफू रित्तिएर अरूमा भरिनु वा छरिनुलाई नै जीवनको सार्थकता ठान्छिन्। तसर्थ यसै सन्दर्भमा उनी यसो भन्छिन्– "रित्तिनुमा म अलिकति बाल्यकालमा रित्तिएँ, अलिकति जवानीमा रित्तिएँ र यतिखेर यिनै लेखनीमा रित्तिरहेछु। यसैले लाग्छ, रित्तिनुसँगै म प्रतिपल वृद्ध भइरहेछु। यसरी समयका छालहरूमा हुत्तिँदै, ठोक्किँदै जीवन बगिरहनु अर्थात् क्षणभरको जीवन पनि दोहोऱ्याएर बाँच्न नपाउनुमा नै त जीवन ज्यादै भोग्न लायक छ। मान्छेसित यी सब कुराहरू छन्, तर सबै कुराहरूर भएर नै ऊ दरिद्र छ, किनकि मृत्युलाई पन्छाएर उसलाई मात्र धनी बनाउने प्रकृतिको कुनै नीतिशास्त्र छैन" (मोमिला, २०६३ : ७५)।

'देवकोटासँग एउटा साँझको कायान्तरण' शीर्षकको निबन्धमा मोमिलाले आफ्नो अस्तित्ववादी सचेतनालाई यसरी प्रस्तुत गरेकी छन्– "श्रद्धेय सम्बोधन! यथार्थमा 'म' हुनुको अर्थ नभेटिनु नै यहाँ मेरो उपस्थितिको अर्थ हो, तर अब त्यही अर्थ नरहन सक्छ, किनकि मैले तिम्रा लेखकीय पङ्क्तिहरू र पङ्क्तिका बीचबीचमा समेत तिम्रो अनुरोधको मेसो जुराएरै सच्चा श्रद्धाका आँखाले पढे पनि तिम्रो लेखकीय अर्थ मैले बुझेजस्तो मात्र नभएर अरूले बुझेजस्तो पनि हुँदा रहेछन्। अर्थात् भनौँ, अरूको सत्य र मेरो सत्यको अनुहार फरक पर्दो रहेछ। यद्यपि तिम्रा वेदनाहरूको रङ र अरूका वेदनाहरूको रङ भने दुरुस्त मेरा जस्तै रहेछन् र पनि अर्थहरूको बर्सातमा निथ्रुक्क भिजेरै बिलकुल शुष्क र प्यासी म तिमी सागरसामु उपस्थित छु" (**मधुपर्क**, २०६७ : ६५)। यसरी निबन्धकार मोमिला आफ्नो स्वत्व वा अस्तित्वको खोजीमा कहिले महान् पुरुष देवकोटा, कहिले ईश्वरीय अदालतका न्यायाधीश, कहिले प्रकृति, कहिले पुतली, जीवन, हिमाल, पहाड, रूख, चरा, नदी, झर्ना, सङ्गीत, पहरा, जून, तारा, सूर्य, कोलाज, क्यानभास, फूल, फूलदान, प्रेमी, प्रेम, प्रेमपीडक आदिहरूलाई सम्बोधन गर्दै सतत रूपमा यात्रीशील बनेकी देखिन्छिन् आफ्ना समग्र निबन्धहरूमा।

### १.२.२ विसङ्गतिवादी चेतनाका आधारमा मोमिलाको निबन्धकारिता

सन् १९४२ मा मान्छेको निःसारताको चित्रण र हाम्रो परिश्रमको निरर्थकता देखाउने काम अल्जेरियाली दार्शनिक अल्बर्ट कामूले गरेका हुन्। कामूले **सिसिफसको पौराणिक कथा** (मिथ अफ सिसिफस) लेखेर मानव जीवन र जगत्को विसङ्गत पक्षलाई अगाडि सारेका हुन्। कामूले मानिसको जीवन उसले सोचेजस्तो छैन, बरु उसले भोगेजस्तो छ भन्ने मान्यताको

दार्शनिक पक्षमाथि उद्घाटन गरेका छन्। उनको जन्म सन् १९१३ मा अल्जेरियामा भएको थियो। अल्जियर्स विश्वविद्यालयमा अध्ययन गर्दा आफ्नो शैक्षिक खर्चका लागि उनले मौसम वाणी विभाग, यात्री जहाजको इन्जिन बनाउने कारखाना र अन्य थुप्रै ठाउँमा काम गरेका थिए। जीवन धान्ने क्रममा उनले पत्रकारिता पनि गरे। सन् १९३५ देखि १९३८ सम्म उनले एउटा नाट्य संस्थासँग आबद्ध भएर धेरै नाटकहरूको निर्देशन र प्रदर्शन पनि गरे। **द आउटसाइडर**, **द प्लेग**, **द फल**, **द रिबेल**, **द फर्स्ट मेन** आदि उनका अमर कृतिहरू हुन्। उनलाई सन् १९५७ को नोबेल पुरस्कारसमेत प्रदान गरिएको थियो। अस्तित्ववादी सार्त्रसँग यिनको निकट सम्बन्ध थियो। सार्त्रको अस्तित्ववादी आन्दोलनमा समेत यिनी सहयोगी बनेका थिए। जीवन र जगत्लाई विसङ्गत देख्ने कामू जनवरी ४, १९६७ मा मोटर दुर्घटनामा परी यस पृथ्वीबाट सदाका लागि बिदा लिएर गएका थिए (**गरिमा**, २०५५ : ८१)।

मानिसलाई स्वेच्छाले बाँच्न, हाँस्न, मर्न, काम गर्न पाउने अधिकार छैन भन्ने मान्यता विसङ्गतिवादले अगाडि सारेको छ। यस वादअनुसार मानिस नचाहेरै बाँचिरहेको छ र ऊ नचाहेरै मर्न विवश छ। मृत्युको अगाडि मानिस लाचार छ, किनभने भगवान्सँग मृत्युको पुकारा गर्ने मानिस यस पृथ्वीमा बाँच्न विवश छ भने बाँच्ने तीव्र इच्छा राख्ने मानिस मर्न विवश छ। यसरी मानिस आफू नचाहेरै ऊ बाँचिरहेको हुन्छ र ऊ नचाहेरै मर्न विवश हुन्छ भन्ने मान्यताको अक्षरशः पालन विसङ्गतिवादले गर्छ। यस वादका प्रणेता अल्बर्ट कामूको मृत्यु पनि मोटर दुर्घटनामा परी विसङ्गत/असङ्गत शैलीमै भएको थियो। तसर्थ मानिसको जीवन जहिले पनि सरल रेखाभन्दा वक्र रेखामै अगाडि बढिरहेको हुन्छ। एउटा भोलिको होनहार व्यक्ति बन्ने सम्भावना बोकेको शिशुको अल्पायुमै मृत्यु हुन्छ भने एक सय वर्ष पुगेको वृद्ध व्यक्ति जो मर्न चाहन्छ, तर ऊ बाँचिरहेको हुन्छ। यसरी यो सारा जीवन र जगत् नै विसङ्गत छ, तर यसैभित्र पनि कतै सङ्गतिको पक्ष भेट्न सकिन्छ कि भन्ने प्रयत्न गर्छ आजको मानवजगत्।

यस प्रकारको प्रयत्न गर्ने निबन्धकारहरूको पङ्क्तिमा मोमिला एक ज्वलन्त दृष्टान्त हुन्। कामू अस्तित्ववादका महान् प्रवक्ता हुन्, तर उनले त्यस रूपमा आफूलाई कहिल्यै प्रस्तुत गरेनन्। यथार्थमा त्यसो गर्नु पनि एउटा अस्तित्ववादी प्रवृत्ति हो। कामू यस संसारका यावत् पक्षलाई बेकार ठान्छन् र विद्रोह गर्छन्। यही विद्रोहमै उनी मानिसको नवीन मूल्य र जीवनको अस्तित्व बोध गर्छन्। तर विद्रोहको नाममा मानवीय मूल्यको हत्या भने कामू गर्न मन पराउँदैनन्। निबन्धकार मोमिला आफू नारी पनि हुनुको नाताले आफूमाथि गरिएका सामाजिक अन्यायको विरोधमा आत्मपरक शैलीका विशिष्ट कलात्मक व्यञ्जनाहरू लिएर मानव अदालतभन्दा माथि ईश्वरको अदालतको कठघरामा हाजिर भएकी छन् सामाजिक क्रान्तिका निम्ति। सामाजिक आदर्शता र नैतिकताको खोक्रो कवच ओढेर नारीको अस्तित्वमाथि प्रश्नचिह्न लगाउने मानव अदालतबाट सही न्याय नपाएपछि मानव समाजमा 'आउटसाइडर' बन्न विवश भएकी एक सचेत नारी ईश्वरको अदालतमा नारी अस्मिताको रक्षार्थ गुहार माग्नका लागि बयान दिन गएको गूढ व्यञ्जनामूलक भावमा मोमिलाको समग्र निबन्धकारिता केन्द्रित रहेको देखिन्छ (**गरिमा**, २०६४ : ७५)।

सन् १९५६ मा कलिन विल्सनको **द आउटसाइडर** प्रकाशमा आएपछि त्यसको अर्थ 'विद्रोही' वा 'बहिष्कृत' भएको कुरा दुर्गा भण्डारीले बताएका छन्, तर आउटसाइडरको नेपाली भावानुवाद 'स्वप्नद्रष्टा' भएको कुरा पनि भण्डारीले **ईश्वरको अदालतमा आउटसाइडरको बयान** निबन्ध सञ्चय (सङ्ग्रह)-मा भूमिका लेखनका सन्दर्भमा प्रस्तुत गरेका छन्। भण्डारीका अनुसार निबन्धकार मोमिलाको **ईश्वरको अदालतमा आउटसाइडरको बयान** निबन्ध सञ्चयमा उनका अनियन्त्रित एवम् अराजक धडकनहरूलाई कलात्मक व्यञ्जना दिइएको छ भनिएको छ। मानव जीवन र जगत्लाई अत्यधिक गहिराइमा डुबेर भ्याएसम्म अथवा आफूले सकेसम्म हेर्न चाहने निबन्धकार मोमिलाले आफ्ना निबन्धहरूमार्फत यसका केस्राकेस्रा केलाएर हेरेकी छन्। मोमिलाका निबन्धहरू विसङ्गतिवादी चेतनामा आधारित छन् भन्ने सन्दर्भलाई निम्न निबन्धात्मक प्रस्तुतिले पुष्टि गर्छन्– "जुन समय मेरो चाह थिएन त्यही समय म भोगिरहेछु। जीवनको यस्तै सङ्गतिहीन अस्तित्व स्वीकार गरेर पनि हिँडिरहेछु र हिँडिरहने छु। सायद हिँडिरहनु नै जीवनको नियति।" (मोमिला, २०६३ : ३८)

विसङ्गतिवादी चिन्तनको चरम अभिव्यक्तिका रूपमा उनको अर्को भनाइ यसरी प्रस्तुत गरिएको छ– "हो, जबजब जीवन घिन लागेर आउँछ, समय पट्यारलाग्दो भएर बितिदिन्छ। साँच्चै नै मृत्यु आफ्नै हातबाट हारेर फर्केजस्तो लाग्छ, कतै टा...ढा बिरानो मुलुकतिर। तर, ग्रीष्मको यो छोटो रात मध्याह्नको शीतल जून झ्यालबाट हुर्रिंदै चाल मारेर प्रेम अभिव्यक्त गरिरहेछ, म आत्मबिभोर हुँदै गइरहेछु। लाग्छ, रात साह्रै नै छोटिएर बित्न आतुर छ र सोच्छु, मृत्यु सदाका लागि अल्पिदेओस्, तर मृत्यु अवश्य आउँछ हारेर होइन जितेर नै...। केवल मृत्यु पर्खने समयहरू फरकफरक हुन सक्छन्, मृत्युका यात्राहरू फरकफरक हुन सक्छन्। तर ऊ जीवन सुमसुम्याउँदै एक प्रहर अवश्य आउँछ। खै, समय कहाँनेर सङ्गतिपूर्ण रह्यो र!" (मोमिला, पूर्ववत्)

निबन्धकार लक्ष्मीप्रसाद देवकोटा, कृष्णचन्द्रसिंह प्रधान, शङ्कर लामिछाने, माधव पोखरेलहरूको सापेक्षतामा नियाल्दा यी सबै निबन्धकारहरूसँग आत्मपरक अभिव्यक्तिका दृष्टिले मोमिलाको निबन्धकारिताले सामीप्य राख्छ, तर शैली तथा शिल्पकारिताका दृष्टिले उनी निबन्धकार शङ्कर लामिछानेसँग थोरै नजिक देखिन्छिन्, किनभने 'एब्सट्र्याक्ट चिन्तन प्याज' शीर्षकको निबन्धमा लामिछानेले सशक्त विसङ्गतिवादी चेतनालाई आत्मसात् गरेका छन्। यो एउटा निबन्ध मात्र होइन, लामिछानेका प्रायजसो निबन्धहरू विसङ्गतिवादमा आधारित छन्। शीर्षक चयनमा नवीनता, नाटकीय शैलीको (प्रयोग) प्रकटीकरण, आत्मकेन्द्री प्रस्तुति, निःसारताको बोध, निःसारता वा असङ्गतिभित्र पनि कतै सङ्गति भेटिन्छ कि भन्ने सतत प्रयास/प्रयत्न, मानवेतर पात्रको मानवीकरण, बिम्बक अभिव्यक्ति, नारीवादी स्वरको प्रयोग, आत्मप्रकाशनको प्रधानता, साहित्यिक गुणवत्ताले भरिपूर्ण रचनाहरू, निवार्ता वा नाटकीय निबन्ध लेखन परम्पराको थालनी, अस्तित्वबोधको चेतना, विनिर्माणवादको प्रयोग र प्रभाव, विशृङ्खलित चिन्तन शैलीको सघन प्रस्तुति, मृत्युबोधको पूर्वचेतना, अमूर्त लेखन, आत्मवादी चिन्तनशैली, एकालाप शैलीको प्रस्तुति आदिजस्ता निबन्धगत प्रवृत्तिगत दृष्टिले निबन्धकार

मोमिला र शङ्कर लामिछानेबीच समानता फेला पार्न सकिन्छ। शङ्कर लामिछाने सामान्य वस्तुलाई पनि विशिष्ट बनाउने क्षमता राख्थे, जस्तै– "अँ त, मनुष्यको भेडोधसानबाट अलग्गिन सक्ने, अलग्गिन चाहने मानिस ईश्वर हो। (यही म अघि भन्न चाहन्थेँ।) ईश्वर असलमा हाम्रै बीच छ। हामीले पाइताला मात्र चिन्न सक्नुपर्छ, त्यो पाइताला जसले नयाँ गोरेटो कोर्छ।" ('हामी पाइताला हौँ : फगत पाइताला')

यसरी जुन मानिसको कदम वा पाइतालाले नयाँ कदम कोर्न सक्छ त्यही पाइताला नै ईश्वर हो भनी लामिछानेले सामान्य मानव पाइतालालाई पनि ईश्वरमा आरोप गरेका छन्। निबन्धमा यस प्रकारको शैलीगत चमत्कारलाई निबन्धकार मोमिलाले मात्र ग्रहण गर्न सकेकी छन्।

त्यसै गरी मोमिलाको जस्तै विसङ्गतिवादी चेतनामा आधारित निबन्धकार लामिछानेको निबन्धगत प्रस्तुति यस प्रकार छ– "...त्यो तरुनी केटी जो अग्रवालको **थ्योरी अफ इकोनोमिक्स** बोकेर कलेज जाँदै छे, किन त्यो पढ्छे जब उसलाई विधवा हुनुपर्ने छ, सायद पोइल जानुपर्ने छ, सायद वेश्यावृत्ति अपनाउनुपर्ने छ...।" यी अभिव्यक्तिहरूमा विसङ्गतिवादी चिन्तनशैलीको सघन प्रस्तुति पाइन्छ। तसर्थ शैली र शिल्पका दृष्टिले हेर्दा मोमिला नेपाली निबन्धका सशक्त हस्ताक्षर शङ्कर लामिछानेसँग निकै नजिक छिन् भन्नैपर्ने देखिन्छ।

निबन्धकार मोमिलामा चित्ताकर्षक शैलीको सघन प्रस्तुति सर्वत्र यसरी आत्मालापको शैलीमा प्रस्तुत भएको पाइन्छ, जस्तै– "...फूलको सौन्दर्य फूलप्रेमी सबैको हो। तर, घृणा गर्नेहरूको होइन। सायद, यसरी तर्क गर्दागर्दै वृद्ध हुन्छन् प्रेमी-प्रेमिकाहरू तर वृद्ध हुँदैनन् प्रेमगीतहरू, तिम्रा कविताका प्रतिध्वनिहरू, जो जिन्दगी अनि प्रकृतिसँगको डेटिङमा नदी, पहाड, हिमाल, रूख, चरा, झर्नाको सङ्गीत बनेर बगिरहन्छन्..., बगिरहन्छन्!" (मोमिला, **मधुपर्क**, २०६७ : ६५)

### १.२.३ मोमिलाका निबन्धमा स्वच्छन्दतावादी चेतना

रोमान्टिक वा स्वच्छन्दतावादी चेतना पाश्चात्य जगत्‌बाट उदय भएको हो। ग्रिक विद्वान्‌हरूले प्रथम रोमान्टिक (स्वच्छन्दतावादी) स्रष्टा प्लेटोलाई नै मान्छन्, तर युरोपमा फ्रान्सेली राज्यक्रान्तिको समयसँगै स्वच्छन्दतावादी चेतनाको सुरुवात भएको देखिन्छ; जसको केन्द्रीय नेतृत्व रुसोले गरेका थिए। त्यसपछि अठारौँ शताब्दीको अन्त्यसम्म स्वच्छन्दतावादी चेतना पूर्ण रूपमा संसारभरि फैलिसकेको देखिन्छ। काल्पनिक उडानलाई स्वच्छन्दतावादी चेतनाको मूल केन्द्रविन्दु नै मानिन्छ (त्रिपाठी, २०६५ : ३३)। यसका साथै आत्मवादी दर्शनको व्यापक प्रभाव स्वच्छन्दतावादी चेतनाले वरण गरेको पाइन्छ। रोमान्टिक धाराको दार्शनिक पृष्ठभूमिका रूपमा जर्मन आत्मवादी दर्शनले आध्यात्मिक आधार प्रदान गरेको र रुसोको समानता, स्वतन्त्रता र भ्रातृत्वमा आधारित मानवतावादले सामाजिक धरातलसमेत प्रदान गरेको देखिन्छ। रोमान्टिक स्रष्टाहरू धेरैजसो रहस्यवादसम्म पनि पुगेको देखिन्छ। दिव्य वा ईश्वरीय वा अतीन्द्रिय सत्ताको अनुभूति रोमान्टिक वा स्वच्छन्दतावादी स्रष्टामा पाइन्छ। स्वत:स्फूर्त रचनाका लागि आत्माको विशिष्ट शक्तिका रूपमा कल्पना शक्तिलाई उपयोग गर्ने काम स्वच्छन्दतावादी स्रष्टाहरूले

गरेका हुन्छन्। ग्रामीण जीवनशैली, अतीतको सम्झना, लोकजीवनप्रति चासो, नागर जीवनप्रति उपेक्षा, आत्मपरक अभिव्यक्तिप्रति अनुराग, विद्रोह वा क्रान्ति चेतना, तीव्र भावात्मक ऊर्जाको उपयोग आदि स्वच्छन्दतावादी स्रष्टाहरूका मूल प्रवृत्तिहरू हुन्। बङ्गाली कवि रवीन्द्रनाथको माध्यमद्वारा भारतीयकरण हुँदै हिन्दी छायावादी कवि महादेवी वर्मा तथा प्रसाद, पन्त र निरालाको प्रभाव ग्रहण गरी वि. सं. १९९१ देखि महाकवि लक्ष्मीप्रसाद देवकोटाको केन्द्रीयतामा स्वच्छन्दतावादी चेतनाले उत्कर्षता हासिल गरेको हो। फ्रान्सेली विद्वान्हरू प्रतीकवाद, अराजकता र अतियथार्थवादलाई पनि रोमान्टिक धाराकै नवीन संस्करण मान्छन्। निबन्धकार मोमिलाका निबन्धमा केवल प्रतीकात्मक (ध्वन्यात्मक) अभिव्यक्तिहरू पाइन्छन्। तसर्थ उनले स्वच्छन्दतावादी चेतनाको सशक्त प्रभाव ग्रहण गरेकी छन्। यिनले नदी, झर्ना, फूल, फूलदान, जीवन, समय, मधुशाला, ईश्वर, अदालत, पुतली, कोलाज, क्यानभास, प्रकृति, संस्कृति, ऋतु, अहल्या, नित्से, सिसिफस, सिल्भिया प्लाथ, भर्जिनिया वुल्फ, हेमिङ्वे, एकलव्य, भ्यान गग, भैरव अर्याल, सम्बोधन, पीडानायक, प्रेम, प्रेमपीडक आदिलाई आफ्ना समग्र निबन्धहरूमा प्रतीक वा बिम्बका रूपमा उपयोग गरेकी छन्। तसर्थ उनका निबन्धहरूमा बिम्बात्मक अभिव्यक्तिको सशक्त भाषिक चमत्कार पाइन्छ, जस्तै–

> "प्रिय जीवन!
>
> ...आज अचानक समयको गिरफ्तारीमा आफूमाथिको छत समाएर एक झर रुन मन लागेको छ, तर मेरो आँसु पुछ्न सम्झेरै तिमीलाई निमन्त्रण गर्ने छैन, किनकि तिमीले नै मलाई रुन बाध्य गरायौ। के दुःख विज्ञापन हो र? विज्ञापनपश्चात् मात्र त्यसको औचित्य खोज्ने! मलाई थाहा छ, तिमी प्रेमी हौ, तर मित्र होइनौ। तिमी एक झिल्का खुसीका लागि उनान्सय झिल्का पीडा दिन्छौ। बरु मलाई क्षमा गर, मेरो एकाकी मधुशालामा मैले मृत्युलाई निमन्त्रण गरेको छु।" (मोमिला, २०६३ : ३)

माथिको यस प्रस्तुतिमा 'एक झर रुन मन लागेको छ...' भन्नु नेपाली निबन्ध विधामै भाषिक शैलीको एउटा नयाँ चमत्कार र प्रयोग हो। यसका साथै नेपाली निबन्धमा सम्बोधन शैलीको प्रयोग पनि मेरो अध्ययनमा मोमिलाको नितान्त नौलो र मौलिक प्रयोग हो भन्ने लाग्छ।

निबन्धकार मोमिला आफ्ना निबन्धहरूमा सम्बोधनको आफ्नो नूतन शैलीलाई विभिन्न सन्दर्भमा यसरी सम्बोधन गर्छिन्, जस्तै– प्रिय मृत्यु!, प्रिय संवेदन!, प्रिय ईश्वर!, प्रिय ह्विटम्यान!, प्रिय डायरी...!, प्रिय पीडा...!, प्रिय अस्तित्व!, प्रिय भावक...!

प्रणय चेतना, प्रकृतिप्रतिको अगाध आस्था, तीव्र विद्रोहको चेतना, सशक्त काल्पनिक उडान, आत्मवादी दर्शनप्रति आकर्षण, मानवतावादको पक्षपोषण, ग्रामीण जीवनशैलीप्रति तीव्र मोह, अतीतको सम्झनामा प्रफुल्लित, विपुल सौन्दर्य चेतना, लोकजीवनप्रति प्रेम, नागर सभ्यताप्रति उदासीनता आदि निबन्धकार मोमिलाका स्वच्छन्दतावादी प्रवृत्तिगत विशेषताहरू हुन् र स्वच्छन्दतावादका मूल मान्यताहरू पनि यिनै हुन्। तसर्थ निबन्धकार मोमिला स्वच्छन्दतावादको धरातलमा टेकेर स्व-अस्तित्वको खोजी गर्छिन्। उनी स्व-उपकारभन्दा परोपकारमा रमाउने र

दीनदु:खीहरूप्रति द्रवीभूत बन्ने रोमान्टिक निबन्धकार हुन्, जस्तै– "...तर मलाई यहाँ कसैसँग कुनै गुनासो छैन। बरु धनेकी छोरी स्कुल जाँदा जमिनदार चिन्तामा हुन्छ भने, धनेकी स्वास्नीले धोती फेर्दा जमिनदार बेचैन हुन्छ भने, धनेकी बहिनी अफिस जाँदा जमिनदार उच्छ्वास छोड्छ भने, धने हली नबस्दा जमिनदारको टाउको दुख्छ भने यो सङ्केत आजको रात भोलिको न्यानो घामको हो।" (मोमिला, २०६३ : ४५)

महाकवि देवकोटाका निबन्धजस्तै निबन्धकार मोमिलाका निबन्धहरू पनि काव्यात्मक शैलीमा लेखिएका अर्थात् कोमल गद्य (देवकोटाको भाषामा पोथी गद्य) बनेका छन्। पोथी भनेकी आमा हुन्, तसर्थ आमा स्वयम् कोमलताकी प्रतिमूर्ति पनि हुन्। मोमिला आफू नारी (आमा) हुनुको नाताले उनका समग्र निबन्धहरू नौनीझैँ तरल र फूलझैँ सुन्दर छन् भन्नुमा कुनै अत्युक्ति हुँदैन, बरु उनको निबन्धकारितामाथि न्याय गरेको ठहरिन्छ। निबन्धकार देवकोटाप्रति मोमिलाको निबन्धकारिता कति नजिक छ भन्ने कुरा निम्न उदाहरणबाट पुष्टि हुन्छ– "...मेरो शताब्दीको वेदनाग्रस्त अन्तिम साँझ गुजारेपछि अन्धकार रातको जोखिम स्वीकार गरेर तिमीसम्म आइपुग्दा फेरि साँझ परे पनि जीवनमा सारा विसङ्गत कोलाजहरू क्यानभासमा समेटेर कुनै पुरातात्त्विक आर्ट ग्यालरीको भित्तामा झुन्ड्याइसकेको छु। त्यो चढ्दो जवान रात! हृदयको सङ्गमस्थल!! कति सुन्दर छ। पर्यावरण!!! तिम्रा कविताहरू पुतली बनेर कतै दूर प्रदेशको विचरण गर्दै थकानले मेरो छातीमा अडेसा लागेका छन्। कति सुन्दर संयोग बनेछ यो भेट! म तिम्रो हृदयमा वास मागिरहेछु, तिम्रा कविताहरू मेरो हृदयमा वास मागिरहेछन्।" (**मधुपर्क**, २०६७ : ६५–६६)

निबन्धकार मोमिलाको निबन्धकारिताले निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको निबन्धकारितासँग कायान्तरणको तीव्र अभिलाषा राखेको देखिन्छ। खास गरी स्वतन्त्रताको वरण र बन्धनको मुक्ति स्वच्छन्दतावादको मूल प्रवृत्तिगत विशेषता हो। त्यसै गरी आत्मपरक प्रस्तुति, आध्यात्मिक स्तरको प्रकृतिप्रेम, व्यापक उदार मानवतावाद, अतीततर्फको मोह, सामाजिक रूढ परम्पराप्रतिको विद्रोह, रहस्यवादतर्फको आकर्षण, अतिप्राकृतिक वातावरणको प्रस्तुति, विवेकको सट्टा आवेगको वरण, ग्रामीण जीवनशैलीको मोह, नव परिवर्तनको चाहना आदि स्वच्छन्दतावादका मूल विशेषता हुन्। उपर्युक्त विशेषणहरूको केन्द्रीयतामा निबन्धकार मोमिलाको निबन्धकारिता अगाडि बढेको देखिन्छ।

### १.२.४ निबन्धकार मोमिलाका निबन्धमा उत्तर आधुनिक चेतना

विकसित पुँजीवादी समाजका खास गरी सन् १९६० तिर देखा परेका प्रवृत्तिहरूकै सङ्ग्रह उत्तर आधुनिकतावाद हो। दूरदर्शनमा, पपकलामा, भिडियोमा यसका बिम्ब र शैली देखा पर्दै छन्। यस वादले खण्डित अनुभूतिलाई, अनेकतातिरबाट लिएका विषयवस्तुलाई र कृत्रिमताको सम्मिश्रणलाई अँगाल्छ (**गरिमा**, २०६७ : ७७)। आधुनिकतावादीहरू खास किसिमको रूपरचना, मिथक र प्रतीकको योजना, बिम्ब निर्माण र जटिलताको सङ्गटन गरी अर्थको खोज गर्थे भने उत्तर आधुनिकतावादीहरू त्यसो गर्दैनन्। यस वादमा गहिराइको मोडल तिरस्कृत हुन्छ; मौलिकता, सुसङ्गति र इमानदारितामा यसले आशङ्का गर्छ। उच्च र निम्न

संस्कृतिको भेदलाई यसले वास्ता गर्दैन। तसर्थ कला र साहित्यका क्षेत्रमा यस किसिमको दृष्टिकोणको व्यापक प्रभाव पर्न गएको देखिन्छ। जोराल्ड ग्राफ तथा फ्रेडरिक जामसनहरूले यस विषयमा चर्चा गरेका छन्। जेम्स ज्वायस, जोसेफ कोनराड, टीएस इलियट आदिले उठाएको क्लासिक आधुनिकतावादले रूपको प्रयोगात्मक बनोटमा, अल्पसङ्ख्यक आभिजात्यवादको प्रभुत्वमा, एक्लोपनाको त्रासद अनुभूतिमा, अस्पष्टता र जटिलतामा ज्यादा जोड दिन्छ भने उत्तर आधुनिकतावादले त्यसतर्फ कुनै चासो राख्दैन। यस वादले इतिहासतर्फ पनि कुनै चासो राख्दैन र अतीतको वा परम्परागत सामाजिक व्यवस्थालाई यस वादले स्थान दिँदैन। खँदिला मोडेलतर्फ पनि कुनै चासो राख्दैन, बरु व्यावहारिक ढाँचाहरू उत्तर आधुनिकतावादमा पाइन्छन्। आधुनिकतावादले अँगालेको व्यक्तिको एकाकीपनभन्दा त्यसको अर्थपूर्ण विखण्डनमा उत्तर आधुनिकतावादले बढी जोड दिएको पाइन्छ। यस वादलाई वर्तमानको निरन्तरतामा बाँच्न पाए पुग्छ। उपभोक्ताको पुँजीवाद, बहुराष्ट्रिय पुँजीवाद तथा उत्तर उद्योगवादहरू यस वादका द्योतक हुन्। पम्परागत सौन्दर्यशास्त्र र कलाको यसले स्वागत गर्दैन। यसका साथै अनावश्यक व्याख्या र विधागत सीमाङ्कनलाई पनि यसले अनुसरण गर्दैन। आधुनिकतावादले कलालाई विमानवीकृत गर्‍यो भने उत्तर आधुनिकतावादले धरतीलाई नै विमानवीकृत गरी मान्छेको अन्त्य देखायो जसको लक्षण आज विभिन्न महामारीको माध्यमबाट यस धरतीमा देखा परिरहेको छ। आधुनिकतावादीहरूमा त्रासद शैली पाइन्छ भने उत्तर आधुनिकतावादीमा शून्यता, तात्त्विक अनिश्चितता, व्यक्तिको विघटन र सौहार्दताको अभाव पाइन्छ। उत्तरसंरचनावादी बार्थ र मिलरको शाब्दिक उल्लासको शैली र उत्तर आधुनिकतावादी जर्ज लुई बोर्गिजको नृत्यमय शैलीमा समानता भेटिन्छ।

थमस पिन्चन, कुर्त भोनेगट, इटालो कान्भिनो, भ्लादिमिर नाबोकोभ, विलियम एस. बरोज, एङ्जेला कार्टर आदिमा यस शैलीको लेखन पाइन्छ। तात्त्विक अनिश्चितता, गहनताको अभाव, बहुलवादको समर्थन, जोडजाड गरी मिलाउने प्रवृत्ति, सुसङ्गति र सामञ्जस्यको अभाव, विधा मिश्रण, परम्परागत सौन्दर्यशास्त्रको विरोध, व्यक्तिको विघटन, कृत्रिमता, विकेन्द्रण र भाषिक नृत्य उत्तर आधुनिकतावादका प्रवृत्तिगत विशेषताहरू हुन्।

यस वादका उपर्युक्त विशेषताहरूका आधारमा नियाल्दा निबन्धकार मोमिलाका निबन्धहरूमा उत्तर आधुनिक चेतनाको प्रबल प्रभाव परेको देखिन्छ।

खास गरी मानव समाजमा प्रचलित परम्परागत मूल्य र मान्यतासँग निबन्धकार मोमिलाको तीव्र विद्रोह शालीन शैलीमा प्रस्तुत भएको देखिन्छ। उदाहरणका लागि– “उहिल्यै सभ्यता वास बसेको एक रात तिम्रो अँध्यारो गल्लीमा नायक प्रमिथियसलाई भेटेको थिएँ। उसको हातमा आगो थिएन। एक हातमा बन्दुक र अर्को हातमा फूल लिएर नयाँ सभ्यताको खोजीमा हिँड्दै रहेको बताएको थियो उसले। कतै उसलाई भेटेछौ भने भनिदिनू, तिमी मात्र एउटा सुन्दर मिथ हौ, वर्तमान होइनौ। हौ भने केवल पागल वर्तमान हौ, पीडा हौ तर सम्मान होइनौ।” (मोमिला, २०६३ : १७)

उपर्युक्त निबन्धात्मक हरफले वर्तमानमाथि विशेष जोड दिएको छ जुन उत्तर आधुनिकतावादी चेतनाको मूल मर्म हो। साथै बम पड्काएर शान्तिको अभिमानको थालनी गर्ने आजको पाखण्डीपनमाथि पनि शालीन व्यङ्ग्य प्रहार गरिएको छ।

स्वर्गबाट आगो चोरेर ल्याई धरतीका मानव जातिलाई सेवा गर्ने महान् मानवसेवी प्रमिथियसको हातमा आगो नभई एउटा हातमा बन्दुक र अर्को हातमा फूल हुनु वर्तमान मानवजगत्ले भोगेको यथार्थ हो। यहाँ फूल मानव जीवन र बन्दुक त्रासदीपूर्ण मृत्युको प्रतीकका रूपमा प्रयोग गरिएका छन्। त्यसरी मानव सेवाको आगो बोक्ने प्रमिथियसले मानव संहारको बन्दुक बोकेको हुँदा उसलाई निबन्धकारले पागत वर्तमानको सञ्ज्ञा दिएकी छन्। ऊ पीडानायक भएको हुँदा उसप्रति सम्मान होइन, अपमानको आवश्यकता भएको बताएकी छन्।

विभिन्न विशृङ्खलित घटनाक्रमहरूलाई जोडजाड गरी नवीन शैली र शिल्पसौन्दर्यको ढाँचामा प्रस्तुत गर्ने कला उत्तर आधुनिकतावादी लेखकहरूले जानेका हुन्छन्। उक्त कला निबन्धकार मोमिलाले आफ्ना समग्र निबन्धहरूमा प्रयोग गरेको देखिन्छ। उनले आफ्ना नितान्त निजी अनुभूतिहरूलाई विभिन्न भाव र भङ्गिमाको माध्यमद्वारा प्रस्तुत गरेकी छन्। उनका निबन्धहरूमा विधागत सम्मिश्रण पनि पाइन्छ। ती निबन्ध निबन्ध भएर पनि कतै कविताजस्ता लाग्छन् भने कतै कविता भएर पनि निबन्धजस्ता लाग्छन्। निबन्धकार मोमिलाका निबन्धहरूमा भावको गहनता र शैलीको नवीन चमत्कार छताछुल्ल भएर पोखिएको पाइन्छ। विचारको विशृङ्खलता उत्तर आधुनिकतावादको मूल केन्द्रविन्दु हो जुन मोमिलाका समग्र निबन्धहरूमा ओतप्रोत छ। साथै निबन्धमा नाटकीय शैलीको प्रयोग गर्ने प्रथम प्रयोक्ता मोमिला नै हुन् भन्ने मलाई लाग्छ। आजको पुरुषप्रधान समाजमा भएको महिला हिंसाको शालीन विद्रोह गर्छिन् निबन्धकार मोमिला, जस्तै–

> "श्रीमान्!
>
> ...त्यसो त यदि यस अदालतबाट म सइज्जत रिहा भएँ भने पनि यहाँहरूले मलाई पागल नै त भन्नुहुन्छ...। एक प्रकारले म पागल नै हुँ क्यारे! जे होस्, पागल नै सही, मैले प्रकृतिको भाषा बुझेँ, चित्रकारिताको मौनता बुझेँ, कविताको बिम्ब, प्रतीक, उपमा, उत्प्रेक्षा एवम् रहस्य बुझेँ, मान्छेको पीडा, प्रेम, करुणा, दु:ख र हर्षोल्लासलाई महसुस गरेँ र मान्छेलाई प्रेम गर्न सिकेँ अनि निक्खरमा प्रत्येक मानिसभित्र विराजित मानव र दानवलाई चिनेँ, रुचाएँ, चाहेँ र मन पराइदिएँ, दुवैसित प्रीति गाँसेँ। यदि यसो गर्नु अपराध हो भने श्रीमान्, जरुर म अपराधी हुँ, एक आउटसाइडर हुँ।" (मोमिला, २०६३ : ७९)

यसरी प्रस्तुत निबन्धात्मक अभिव्यक्तिले महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'पागल' कविताले झैँ वर्तमान मानव समाजप्रति तीखो व्यङ्ग्य प्रहार गरेको छ। विगत र भविष्यभन्दा वर्तमानप्रति उत्तर आधुनिकतावादले बढी चासो राख्छ। निबन्धकार मोमिला वर्तमान मात्र होइन, भविष्यमा पनि वर्तमानको कायान्तरण गर्ने सशक्त चाहना राख्छिन्। यस वादले दुनियाँमा सापेक्ष सत्यमाथि मात्र विश्वास राख्छ, निरपेक्ष सत्यमाथि यसको विश्वास छैन। नेपाली निबन्धको

विकासक्रममा निबन्धकार मोमिलाका निबन्धहरू नवीन उपलब्धि भएको ठोकुवा गर्नमा मलाई कुनै सन्देह छैन।

### १.२.५ मोमिलाका निबन्धहरूमा विनिर्माणवादी चेतना

विनिर्माणवादी चेतनाका प्रणेता फ्रान्सेली दार्शनिक ज्याक डेरिडा हुन्। उनले सर्वप्रथम भाषामाथि आक्रमण गर्न सिक्नुपर्छ भन्ने मान्यता प्रस्तुत गरे। हामीले भाषाको सहायताले निर्माण गरेका सङ्केत, चिह्न, प्रतीक, धारणा आदिलाई आक्रमण गरी नवीनताको सिर्जना गर्न सक्यौँ भने त्यसबाट एउटा नयाँ भाषिक चमत्कारको जन्म हुन्छ जसले साहित्यलाई नितान्त सुन्दर र नवीन बनाउँछ भन्ने मान्यता डेरिडाले अगाडि सारेका हुन्। विनिर्माण भनेको एक प्रकारको कम्पन र अस्थिरता हो। यसले भाषालाई उलटपुलट पारी नवीन सौन्दर्यको सिर्जना गराउन सहयोग गर्छ। विनिर्माण गर्नु भनेको ऐठन भएको बेला कोल्टे फेरेर सुत्नुजस्तै हो। हामीले एक प्रकारले सोचिरहेकालाई अर्को कोणबाट सोच्नु, एक देखिरहेकालाई वा देखिसकेकालाई अर्को धारबाट हेर्नु, एक पटक लेखिसकेकालाई नयाँ तरिकाले पुनः लेख्नु अर्थात् नयाँनयाँ विकल्पको खोजी गर्नु विनिर्माण हो। डेरिडाले भाषामा सोचिएका सबै कुरा विनिर्मित हुन सक्ने छन् भनेका छन्। उनको पालामा चलेको भाषिक संरचनाको विरोध गर्ने क्रममा उनलाई नयाँ ज्ञान मिलेको थियो। हरेक कुराको निश्चित संरचना हुन्छ, निश्चित अर्थ हुन्छ भन्ने भ्रामक संरचनावादको प्रतिकार गर्दै डेरिडाले विनिर्माणवादी दर्शन जन्माएका थिए। त्यो भाषाबाट फैलिएर क्रमशः साहित्य, दर्शन, कला, संस्कृति आदि सबैतिर पुगेको देखिन्छ। अङ्ग्रेजी शब्द 'डिकन्सट्रक्सन'-को नेपाली अनुवाद विनिर्माण हो। यो शब्द स्वयम् यसका प्रणेता डेरिडालाई मन परेको थिएन, तर यो चौतर्फी रूपमा लोकप्रियता प्राप्त गरी एउटा 'वाद' (विनिर्माणवाद)-का रूपमा प्रचारमा आएको देखी डेरिडा आफै चकित भएका थिए। कुनै वस्तुलाई उल्ट्याउने वा भत्काउने कार्य नै विनिर्माण हो। दर्शन र साहित्यमा फ्रान्सेली दार्शनिक ज्याक डेरिडासँग जोडिएको समालोचकीय विश्लेषणको एउटा रणनीति, यो प्रश्न नउठेका पराभौतिक अवधारणा, अरूलाई उदाङ्ग पार्ने र साहित्यिक अनि दार्शनिक भाषामा अन्तर्निहित विरोधाभासहरू पहिल्याउने कार्यलाई 'डिकन्सट्रक्सन' (विनिर्माण) भनिएको छ (भट्टराई, २०६३ : ७३)। निकोलास रोयलले **आफ्टर डेरिडा** (१९९५) नामक कृतिमा विनिर्माणवादको परिभाषा यसरी गरेका छन्– "आफूले सोचेभन्दा फरक : असम्भव अनुभूति : सोच्न बाँकी रहेका कुराहरू : अस्थिरताको तर्कशास्त्र जुन अस्थिरता सधैँ नै सम्बन्धित वस्तुमै अन्तर्निर्हित हुन्छ : प्रत्येक तत्त्वलाई एकै चोटि यो आफैका रूपमा प्रस्तुत हुने र आफैसँग भिन्न गराउने तत्त्व : सैद्धान्तिक वा व्यावहारिक रूपको परजीविता : आजको समाज, राजनीति, कूटनीति, अर्थशास्त्र, ऐतिहासिक यथार्थता र यस्तै विषयमा वर्तमान समाजमा जे घटिरहेको छ त्यही कुरा : भविष्य स्वयम्को एउटा मार्ग।" (भट्टराई, पूर्ववत्)

आज महिला वर्गले हलो जोतेको, राता चुरा र पोते लगाएर आफ्नो पतिको किरिया बसेको, बोकालाई खसी बनाएको, घरको छानो छाएको, जन्ती र मलामी बनेको आदि धेरै अपरम्परित उदाहरणहरू देखिन्छन्। यी पनि विनिर्माणवादले अगाडि सारेका नमुनाहरू हुन्।

सौन्दर्यशास्त्रको क्षेत्रमा (खास गरी साहित्यमा) विनिर्माण कलाले सर्वाधिक ठूलो सफलता प्राप्त गरेको छ। यस दृष्टिले हेर्दा कुनै पनि कृतिलाई अपूर्ण मानिन्छ। एउटा लेखकले आफ्नो कृतिको अर्थ यही हो भनेर सीमाङ्कन गर्न पाउँदैन। समालोचकले पनि यसको वास्तविक अर्थ यही नै हो, योभन्दा अरू हुन सक्दैन भन्न पाउँदैन। अर्थात् यस दुनियाँमा निरपेक्ष सत्य केही छैन, सबै सत्य सापेक्षतामा आधारित छन् भन्ने मान्यता यस वादले बोकेको छ। उदाहरणका लागि सूर्य पूर्वबाट उदाउँछ भन्ने सत्य निरपेक्ष सत्य होइन, किनभने गोलो पृथ्वीको केन्द्रविन्दु जहाँ टेक्यो त्यहीँ हुन्छ।

यसरी विनिर्माणवादले मानिसलाई लघुताभास गराउँछ। परिणामस्वरूप मानिसमा सकारात्मक सोचको विकास हुन्छ। यसै कारणले मानिसभित्रको अहङ्कार चुरचुर भएर नासिन्छ। मानिसको सिर्जनाको कहिल्यै अन्त्य हुँदैन भन्ने मान्यताको बोध यस वादले गराउने हुँदा मानिस नयाँनयाँ सिर्जनामा लागिरहन्छ। निबन्धकार मोमिलाका निबन्धहरूलाई विनिर्माणवादका दृष्टिले हेर्दा सम्पूर्ण निबन्धहरूमा निबन्धकारले यस वादको प्रभाव वरण गरेको पाइन्छ। नवीन तथा अमूर्त सूत्रात्मक काव्यिक भाषाशैलीको प्रयोग, परम्परागत मूल्य र मान्यताप्रति तीव्र विद्रोहको चेतना, भाषिक अराजकता वा नयाँनयाँ बिम्ब र प्रतीकहरूको प्रयोग गरी भाषिक शैलीमा नवीनताको सिर्जना गर्न सक्नु निबन्धकार मोमिलाको विनिर्माणवादी चेतनाको बोध हो, जस्तै– "नीलो आकाशमुनि उन्मुक्त सुन्दरता फैलिएर गुराँस फुलेको अनि झुल्के घामको मृदु स्पर्शमा पुलकित झर्नाको सङ्गीतमय हरियो डाँडामा बसेर सपनाहरू बुनिरहेको वर्तमान। सपनाहरू बुन्दाबुन्दै प्रफुल्ल आकाशको पारि भित्ताबाट कालोनीलो भएर इतिहास भविष्यका झिल्काझिल्की रेखाहरूमा बेरिँदै गडगडाउँदै सवार हुन्छ म-हामीले टेक्दै गरेको उही वर्तमानको डबलीमा र आँखाहरूको क्यानभासमा रगतका बाछिटाहरूको चित्र कोरिँदै जान्छ अमूर्त!... अमूर्त!!..." (मोमिला, २०६३ : २२)

यसरी निबन्धकार मोमिलाको निबन्धगत शिल्पकारिताले मनमस्तिष्क दुवैलाई एकै चोटि रन्थन्याउने काम गर्छ। उनी भन्छिन्– "मलाई धर्म मन पर्छ, तर पाप झनै मन पर्छ।" प्रस्तुत अभिव्यक्ति निबन्धकार मोमिलाको विनिर्माणवादी चेतनाको चरमोत्कर्ष हो। यसले हाम्रो पाप र धर्मसम्बन्धी परम्परावादी मान्यतालाई ठूलो चुनौती दिएको छ।

स्वर्ग र नरकसम्बन्धी उनको यस्तो धारणा छ– "कठै! त्यो स्वर्गमा महान्ताको नाममा त्यागमय प्रेमको आदर्श लेपनभित्र तृष्णाका गुत्थीहरू कति सलबलाउँदा होलान्!...!! अप्सराको सदाबहार यौवन मातृत्वविहीन किचकन्नी बनेर कैयौँ प्रहर रोएको होला! लाग्छ, स्वर्गमा साह्रै दुःख हुनुपर्छ।" (मोमिला, २०६३ : ७६)

साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले 'साहित्यमा म अराजक हुँ' भनेझैँ निबन्धकार मोमिलाको भाषिक अराजकता, भाषागाम्भीर्यको नवीनतम उपल्लो स्तरको प्रस्तुति, शैलीशिल्पको नित्य नवीनता, पौरुषीय सत्ताको घोर विद्रोहको चेतना आदि विविध दृष्टिले नियाल्दा मोमिला विनिर्माणवादी चेतनाकी सशक्त प्रयोक्ताका रूपमा आफ्ना निबन्धहरूमा उभिएकी देखिन्छिन्।

### १.२.६ मोमिलाका निबन्धमा नारीवादी चेतना

'नारीवाद' भन्नाले नारी स्वतन्त्रताप्रति प्रतिबद्ध मान्यता, सिद्धान्त वा आन्दोलन भन्ने बुझिन्छ (**नेपाली बृहत् शब्दकोश**, २०७२ : ६८५)। खास गरी पौरुषीय सत्ताले परम्परागत रूपमा नारीमाथि अनेक शोषणदमन गर्दै आएपछि संसारभरि नारी जागरणको लहर फैलियो। यसको प्रभाव नेपाली साहित्य, संस्कृति, समाज, राजनीति आदि विविध क्षेत्रमा व्यापक रूपले देखियो। नेपाली साहित्यमा विद्यावारिधि गर्ने प्रथम महिला डा. वानीरा गिरि र साहित्यकार पारिजात नारीवादी चेतना भएका सशक्त नारी स्रष्टाहरू हुन्। निबन्धकार सुधा त्रिपाठीका रचनाहरूमा पनि नारीवादी स्वर सशक्त रूपमा मुखरित भएको देखिन्छ। राणाकालीन नेपालमा नारीमाथि चरम शोषण भएको देखिन्छ। पतिको स्वर्गारोहणपछि पत्नीलाई सती जानुपर्ने विवशतालाई चन्द्रशमशेरले अन्त्य गरे। तर त्यसको अवशेष अद्यापि नेपाली समाजमा प्रत्यक्ष र परोक्ष रूपमा छँदै छ। महिला हिंसा समाजमा बढ्दै गएपछि नारी स्रष्टाहरू जुझारु आवाज मुखरित गर्दै समाजसमक्ष प्रस्तुत हुँदै आएका छन्।

नेपाली निबन्धका क्षेत्रमा नारीवादी स्वर घनीभूत रूपमा प्रस्तुत गर्ने निबन्धकार मोमिला नै प्रस्तुत भएकी छन्। स्वगत कथन वा एकालाप शैलीमा विभिन्न बिम्बप्रतिबिम्बहरूको प्रयोग गर्दै मोमिलाका निबन्धहरू पाठक वर्गसमक्ष प्रस्तुत भएका छन्। पुरुषले नारीलाई गर्ने माया स्वार्थमा केन्द्रित रहेको तीव्र अनुभूति निबन्धकार मोमिलाले गरेकी छन्। पुरुषले नारीमाथि प्रेम गरेन, खालि माया मात्र गर्‍यो जुन दयाको मनोविज्ञानले भरिएको अनुभूति मोमिलाका निबन्धले बोध गरेका छन्। तर नि:स्वार्थ प्रेम पुरुषले नारीमाथि कदापि गर्न जानेन। उसले पत्नीलाई खालि दासीका रूपमा मात्र हेर्दै आयो भन्ने कारुणिक व्यञ्जना मोमिलाका प्रत्येक निबन्धहरूमा गूढ रूपमा रहेको पाइन्छ। निबन्धकारले आफ्ना निजी अनुभूतिहरूलाई समेत समेट्दै सम्पूर्ण नारीजगत्को नेतृत्व हुने गरी आफ्ना निबन्धहरूमा नारी आवाजहरू समाजसमक्ष उपल्लो स्तरको भाषाशैली र शिल्पको माध्यमद्वारा प्रस्तुत गरेकी छन्। उनका निबन्धहरूमा पुरुष वर्गको अत्याचारमाथि सशक्त व्यङ्ग्य प्रहार गरिएको छ। पुरुष शासित समाजमा नारीलाई उसकी खेलौना, भोग्या, दासी, छोरी, बुहारी, पत्नी, सौता, सासू बन्नुपर्ने नारीको विवशतालाई मोमिलाको निबन्धकारिताले सशक्त रूपमा सम्बोधन गरेको देखिन्छ। रामायणकालीन सीता, महाभारतकालीन द्रौपदी, गङ्गा, सत्यवती, देवकी, राधा, रुक्मिणी, अम्बा, अम्बिका, अम्बालिका, कुन्ती, माद्री, गान्धारी सुभद्रा, उत्तरा आदिजस्ता नारीहरू पनि देवलोकमा नै अन्यायमा परेका देखिन्छन्। आज मानवलोकमा हजारौँ पत्नीहरूको सिन्दूर पुछिएको छ र लाखौँ आमाका काखहरू रित्तिएका छन्। हजारौँ श्रीमतीहरू पतिदेवको स्वार्थको कारणले सम्बन्ध विच्छेदको विवशतामा परेका छन्। घर, मन्दिर, सार्वजनिक स्थल आदि तमाम स्थानहरूमा नारी वर्गले बलात्कृतको पीडा भोग्नुपरेको छ। यही पीडाको विरोधमा मोमिलाको निबन्धकारिता तीव्रताका साथ मुखरित भएको देखिन्छ, जस्तै–

"प्रिय पुरुष,

समाजमा बसेपछि कैयौँ कथित चरित्रका कुराहरू आफूमा पनि अपत्यारिलो किसिमले लागू हुँदा रहेछन्। मलाई श्रद्धेय आमाले अरूको जाती

बन्ने स्वभावको कारणले मेरा लागि यो कहिल्यै प्रिय बनिन भनेर स्पष्ट जाहेर गरिसक्नुभएको छ।... फेरि म असल पत्नी पनि बन्न सकिनँ। आफ्नी प्रेमिकाको तस्बिर टेबुलमा राख्ने पतिदेवको नजरमा... म चरित्रहीन पत्नी कहलाइएँ। कि त मेरो प्रेमिल स्वभावलाई कमजोरी ठानेर भावनाको शोषण गरियो कि त ओछ्यान न्यानो पार्ने केवल साधन बनाइयो।" (मोमिला, २०६३ : ८३)

यसरी नारी रोदनको चरम अभिव्यक्तिलाई निबन्धकार मोमिलाको निबन्धकारिताले ध्रुवचन्द्र गौतमले भनेझैँ सम्यक् विद्रोहको कलात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत गरेको छ।

**१.२.७ निष्कर्ष**

समग्रमा भन्नुपर्दा निबन्धकार मोमिला आधुनिक नेपाली निबन्ध आकाशकी उज्ज्वल तारा हुन्। उनको निबन्धकारितालाई प्राज्ञिक अदालतले केकति मूल्याङ्कन गऱ्यो वा गरेन, उसैलाई थाहा होला। यहाँका विविध पुरस्कार गुठीहरूले कति मूल्याङ्कन गरे, तर गर्नुपर्ने हो! आशा गरौँ, गर्दै जालान्। जाँ पल सार्त्रको अस्तित्ववादी चेतना, अल्बर्ट कामूको विसङ्गतिवादी चेतना, निबन्धकार लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी चेतना, उत्तर आधुनिकतावादी चेतना, ज्याक डेरिडाको विनिर्माणवादी चेतना र नारीवादी चेतनाको सम्मिश्रित स्वरूप नै निबन्धकार मोमिलाको निबन्धकारिता हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

नेपाली ललित निबन्धका क्षेत्रमा निबन्धकार मोमिलाको सर्वोत्कृष्ट स्थान छ। खास गरी निबन्धकार देवकोटापछि निबन्धकार शङ्कर लामिछानेले अवतरण गराएको नेपाली निबन्धको नवीन शैलीशिल्पलाई हुबहु आत्मसात् गर्ने निबन्ध्कार मोमिला नै हुन्। उनको निबन्धकारिता लामिछानेको नजिक रहेजस्तो देखिए पनि बरु नितान्त निजी स्वभावको देखिन्छ भन्नुमा कुनै अत्युक्ति हुँदैन। मोमिलाको निबन्धकारिताले निम्न पक्षलाई समेटेको देखिन्छ। शाश्वत जीवन दर्शन, जीवन र जगत्को क्षणभङ्गुरता, अस्तित्वका लागि सङ्घर्ष र जीवनभित्रै मृत्युबोधको चेतना, नारीवादी स्वर आदि अभिव्यक्तिहरू उनको निबन्धकारितामा मुखरित भएका छन्। मोमिलाका निबन्धहरूले कार्यकारणको मनोविज्ञानलाई अगाडि सारेका छन्। मोमिलाले आफ्नो निबन्धकारिताको कारुणिक एवम् कलात्मक व्यञ्जनालाई यसरी प्रस्तुत गरेकी छन्– "उसले भन्यो– हजार सपनाहरूको माया लागेर आउँछ, मैले भनेँ– मेरा हजार पीडाहरूको माया लागेर आउँछ। सपनालाई माया गर्नेले भविष्य देख्यो, पीडालाई माया गर्नेले विगत देख्यो। ऊ सपना भेट्न जिन्दगी हिँड्यो र वर्तमानमा आइपुग्यो, म पीडालाई माया गर्दै जिन्दगी हिँडेँ र वर्तमानमै आइपुगेँ। यसरी सपनालाई माया गर्नेले पनि जिन्दगीलाई माया गऱ्यो, पीडालाई माया गर्नेले पनि जिन्दगीलाई माया गऱ्यो र नभएको वर्तमानको दोभानमा दुवैको भेट भयो।... अर्थात् जम्मामा म शून्यमै छु, जसलाई प्रारम्भ भने पनि, अन्त्य भने पनि या दुवै नभने पनि हुन्छ। आखिर जिन्दगी एउटा यस्तो असाध्य वीणा बनिदियो, धुन आफैसँग छ तर बजाउन सकिएन।" ('हजार पीडा', मोमिला, २०६३ : ६७)

उपर्युक्त निबन्धांशले अस्तित्ववादी चेतनाको चरमोत्कर्षलाई स्पर्श गरेको देखिन्छ, यही मोमिलाको निबन्धकारिताको समग्र उत्कर्ष हो।

समकालीन नेपाली साहित्यमा विभिन्न साहित्यकारका बीचमा एक आदर्श अभिभावकका रूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने नारी स्रष्टा निबन्धकार मोमिलाको उत्तरवर्ती जीवन अझ सिर्जनशील बनोस्। उनको सार्थक जीवन प्रारम्भमा राष्ट्रकवि माधव घिमिरेले भनेझैँ आफैमा परिपूर्ण भई वनकुसुमझैँ उत्तरोत्तर फुलिरहोस् र नेपाली साहित्यको उद्यानमा सुगन्ध छरिरहोस्।

**सन्दर्भस्रोत**


**कलाश्री**, वर्ष ३, अङ्क ३, २०७१।

**गरिमा**, वर्ष २५, अङ्ग १, पूर्णाङ्क २८९, २०६३ पुस।

**गरिमा**, वर्ष २५, अङ्क ७, पूर्णाङ्क २९५, २०६४ असार।

गोविन्दराज भट्टराई, **उत्तर आधुनिक ऐना**, वासिङ्गटन : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, २०६३।

**नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान, २०७२।

**मधुपर्क**, वर्ष ४३, अङ्क १, पूर्णाङ्क ४९२, २०६७ जेठ।

**मोमिला**, ईश्वरको अदालतमा आउटसाइडरको बयान, काठमाडौँ : माउन्टडिजिट पब्लिकेसन, २०६३।

वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा**, ललितपुर : साझा प्रकाशन, २०६५।


◆


ज्ञानू अधिकारी


# कठघरामा नेपाली समालोचना



कृतिको विशेष पक्षमाथि केन्द्रित भई यसको औचित्य र मूल्य निरूपण गर्नु समालोचना हो। यो कुनै पनि साहित्यिक कृतिका विविध पक्षमाथि केन्द्रित भएर लेखिएको तथ्यपरक विश्लेषण हो। यसका विधि र पद्धतिमा विविधता भए पनि कुनै न कुनै सैद्धान्तिक आधार लिएर समालोचना विधा उभिएको हुन्छ। समग्रमा समालोचना साहित्यको अपरिहार्य विधा हो। यसले सृजना साहित्यलाई पाठकसम्म ल्याएर त्यसको औचित्य र मूल्यमाथि प्रकाश पार्ने काम गर्छ। नेपाली साहित्यमा अन्य विधामा जस्तो समालोचना विधामा बहस र छलफल भएको पाइँदैन। नेपाली समालोचनाको स्थिति र समालोचनाको प्राप्तिबारे चर्चा भएको पनि खासै पाइँदैन। झन् पछिल्लो समयमा त विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने समीक्षा, रिभ्यू, पाठक प्रतिक्रिया, टिप्पणी, बहस, चर्चा आदि सबैलाई समालोचना भनिदिने गर्नाले पनि समालोचना

विधाप्रति आम पाठकले स्पष्ट धारणा बनाउन नसकेको र यसप्रतिको साख घट्दै गएको हो। समालोचना कर्म माथि भनिएका पाठक प्रतिक्रिया, टिप्पणी, रिभ्यूभन्दा नितान्त फरक काम हो।

साहित्यमा सृजना र समालोचना दुई भेद छन् र यी दुईको पूरक र समवेती गरी दुई प्रकारको सम्बन्ध छ। सिर्जना र समालोचना फरक विधा भए पनि एकअर्कोबिना यी दुवैको औचित्य नरहने भएकाले पूरक सम्बन्ध भनिएको हो भने सिर्जनात्मक कृतिको समालोचना गर्दा कृतिमा भएका अनेक सत्य, रहस्य र अर्को सिर्जना पुन:स्थापित हुने भएकाले यी दुईबीच समवेती सम्बन्ध पनि हुन्छ भनिएको हो। वास्तवमा समालोचना भनेको सिर्जनामाथिको पुन:सिर्जना हो। समालोचकले स्रष्टाले अभिव्यक्त गरेको सत्यभन्दा पनि अझ पर पुगेर अन्य विभिन्न अर्थको समेत निर्माण गरेको हुन्छ। तर पछिल्लो समय नेपाली समालोचनाका केही गतिविधि हेर्दा यो केवल सृजना विधाका लागि गरिने कर्मकाण्डजस्तै बन्दै गइरहेको छ।

विशेष गरी समालोचनाको प्राज्ञिक बहस, छलफल र विमर्श सबैभन्दा पहिले विश्वविद्यालयको कोठाबाट नै गरिनुपर्ने हो। साहित्यको अध्ययन, अनुसन्धान, खोज तथा विश्लेषण गरिने आधिकारिक ठाउँ भनेकै विश्वविद्यालयहरू हुन्। बौद्धिक जमातको उपस्थिति रहने त्यस्ता ठाउँहरूबाट नै नेपाली साहित्यका मौलिक सिद्धान्त र मान्यताहरूको निर्माण हुनुपर्ने हो, तर त्यस्तो केही देखिँदैन। विश्वविद्यालयमा प्रमाणपत्रका लागि मात्र पढ्न आउने अर्थात् गाइड वा गेस पेपर पढेर पास हुन रमाउने विद्यार्थीहरू बढी देखिनु र विश्वविद्यालयलाई जागिर खाने ठाउँका रूपमा मात्र उपयोग गर्ने प्राध्यापकहरूको उपस्थिति बढी हुनुको कारण नै नेपाली समालोचनाले आफ्नो पृथक् मौलिक पहिचानको बलियो आधारस्तम्भ बनाउन नसकेको हो। अरू हिँडेको बाटोमा मात्र हिँडेर र अरूले बनाइदिएको सिद्धान्तमा मात्र टेकेर नेपाली समालोचनाले उचाइ लिन सक्दैन। प्रबुद्ध समालोचकहरूले नयाँ बाटो बनाउने मात्र होइन, त्यो बाटोलाई पक्का सडक नबनाएसम्म न नेपाली समालोचनाको मौलिक पहिचान रहन्छ न त समालोचकहरूको बौद्धिकता र विचार नै स्थापित हुन सक्छ।

पछिल्लो समय नेपाली समालोचनाका बारेमा दुई किसिमको प्रतिक्रिया सुन्न पाइन्छ। नेपाली समालोचनामा देखिएको सतहीपनले समालोचनाको विश्वसनीयतामाथि प्रश्न उठेको र व्यक्तिगत प्रभाव, आग्रह, गुटबन्दी आदिको कारणले पनि यस विधाले आम पाठकबाट विश्वास गुमाउँदै गइरहेको भन्ने पहिलो प्रतिक्रिया पाइन्छ भने दोस्रो प्रतिक्रियाका रूपमा नेपाली समालोचनामा कामहरू धेरै भएका छन् र समालोचना नवीन धार र नयाँ प्रयोगहरूमा सक्रिय रूपमा लागेको छ भन्ने धारणा रहेको पाइन्छ। यस्ता खाले प्रतिक्रियाहरू आइरहँदा नेपाली समालोचनाको वर्तमान अवस्था र यसका प्राप्तिहरूबारे बहस र विमर्श हुनु जरुरी छ।

प्रज्ञाप्रतिष्ठानको आयोजनामा फागुन २२ गते वरिष्ठ साहित्यकार इन्द्रबहादुर राईको दोस्रो स्मृति दिवसका अवसरमा 'नेपाली भाषासाहित्यमा इन्द्रबहादुर राईको योगदान' विषयमा प्रवचन दिने क्रममा प्राध्यापक अभि सुवेदीले 'नेपाली साहित्यमा अहिले समालोचना छैन' भन्ने वाक्य अलि जोड दिएर नै सुनाउनुभयो। अभि सरले व्यक्त गर्नुभएको त्यो वाक्यले समालोचना

विधामाथि सोच्न बाध्य बनायो। उसो भए नेपाली समालोचकहरू यति बेला के लेखिरहेका छन् त? किन लेखिएन समालोचना? कि समालोचनाको नाममा अरू थोक नै लेखिए त? अभिसरले भन्नुभएको वाक्यको आशय के होला त? अहिले समालोचनाको नाममा जेजति लेखिएको छ त्यो समालोचना होइन भन्ने आशय हो वा समालोचना विधा अहिले सक्रिय छैन वा पछिल्लो समय नेपाली समालोचनामा राम्रा समालोचकहरू आउनै सकेनन् भन्ने हो? अनुमान जे गर्न सकिए पनि उहाँको भनाइको मूल आशय भनेको नेपाली समालोचनाको पछिल्लो स्थितिप्रतिको असन्तुष्टि नै हो। उहाँ मात्र होइन, पछिल्लो समय केही साहित्यकार र स्वयम् समालोचकहरूबाट नै यस्ता खाले प्रतिक्रिया सुनिँदै आएको छ।

नेपाली समालोचनाका अधिकांश कृतिहरू विश्वविद्यालयका अध्यापकहरूले लेखेका छन्। यसरी प्रकाशित हुने कृतिहरू प्राय: नेपाली समालोचनाको आवश्यकता र स्तर वृद्धिका लागि नभई प्रमोसनका लागि प्रक्रिया पुऱ्याउन र सङ्ख्या बढाउन लेखिएका देखिन्छन्। प्रशस्त रूपमा प्रकाशित हुने यस्ता कृतिहरू न पाठकले पढ्न लायक हुन्छन् न त तिनले नेपाली समालोचना विधामा नै कुनै योगदान दिएका हुन्छन्। यसरी हेर्दा समालोचना लेखिनु र समालोचनाका कृतिहरू प्रकाशित हुनुले त्यति महत्त्व राख्दैन। नेपाली साहित्यको दिशाबोध गराउन र नवीनताप्रति उत्प्रेरित गर्न त्यस्ता कृतिहरूको केकस्तो भूमिका रह्यो त्यो कुरा महत्त्वपूर्ण हुन्छ। यस्ता केही महत्त्वपूर्ण प्राज्ञिक समालोचनाका कृतिहरू पनि प्रकाशित भएका छन्, तर यस्ता कृतिहरूको सङ्ख्या ज्यादै न्यून छ। यसरी करैले लेखिएको, बाध्यताले लेखिएको र कसैलाई खुसी पार्नका लागि लेखिएको समालोचनाले आम पाठकको ध्यान तान्न र समग्र साहित्यको प्राप्ति-अप्राप्तिको मूल्याङ्कन गर्न सक्ला?

सैद्धान्तिक र प्रायोगिक समालोचनाका विविध पक्षहरूलाई सूक्ष्म रूपमा व्याख्याविश्लेषण गरी प्राज्ञिक समालोचना लेखिन्छन्। साहित्यको कलासौन्दर्य पक्ष, विधा-सिद्धान्त पक्ष, भाषाशैली पक्ष विभिन्न विधाका साहित्यिक कृतिहरूको वस्तु पक्ष आदि समालोचनाका आधारभूमि हुन्। नेपाल प्रज्ञाप्रतिष्ठान, त्रिभुवन विश्वविद्यालयको अनुसन्धान केन्द्र तथा विश्वविद्यालय अनुदान आयोगलगायत अन्य निकायबाट यस्ता अनुसन्धानमूलक समालोचनाहरू लेखाइए पनि यस्ता सामग्रीहरू सजिलै उपलब्ध नहुने हुनाले दैनिक पत्रपत्रिकामा प्रत्येक हप्ताजस्तो साहित्यका बारेमा लेखिने लेखहरू, कृतिका बारेमा हुने छलफल, बहस र प्रकाशित हुने समीक्षालाई नै आम पाठकले समालोचना मान्ने गरेको स्थिति छ।

समालोचना विधामाथि यसरी प्रश्नहरू उठिरहँदा र यसप्रति असन्तुष्टि व्यक्त भइरहँदा अधिकांश समालोचक तथा प्राध्यापकहरू यस कुराप्रति असहमति जनाउँछन्। विशेष गरी नेपाली समालोचना ६० को दशकपछि अझ बढी लेखिन थालिएको तर्क राख्दै यसमा नवीन प्रवृत्तिहरू थपिँदै गएको र समालोचना विधा विस्तार हुँदै गएको धारणा उनीहरूको छ। यसै क्रममा वरिष्ठ समालोचक डा. गोविन्दराज भट्टराई पछिल्लो समयको समालोचनाको स्थिति र अवस्थाबारे भन्नुहुन्छ– "नेपाली समालोचनामा पछिल्लो समय समालोचनाको रूपको स्थिरता नभएको पक्कै हो, तर समालोचना नै लेखिएको छैन भन्न चाहिँ मिल्दैन। जबसम्म सिर्जना

आइरहन्छ तबसम्म समालोचना रहिरहन्छ। समालोचना नासिएर जाने, हराएर जाने विधा नै होइन। समालोचना अहिले पनि प्रशस्त लेखिएका छन्, तर कुरा के हो भने अहिले समालोचना छरिएको छ। पहिलेजस्तो एउटै धारमा समालोचना हिँडेको छैन। यसमा देखा परेको बहुलता र विविधताले गर्दा यसले कुनै खास एउटालाई पक्रिन सकेको छैन। संरचनावादी, प्रगतिवादी, नारीवादी, सीमान्तीकृत, डायस्पोराजस्ता विभिन्न लेखनले गर्दा समालोचनामा परिवर्तन आएको हो; तर समालोचना नै नलेखिएको भने होइन। समालोचनामा एक मत, एक सिद्धान्त नहुनु र कुनै खास मौलिक मान्यतालाई स्थापित गर्न नसकेको स्थिति भने अहिले देखिन्छ।"

अहिले नेपाली समालोचना लेखनमा गति नभएको वा नलेखिएको भन्ने प्रतिक्रियाप्रति समालोचक प्रा. गोपीन्द्र पौडेल विमति राख्नुहुन्छ। नेपाल प्रज्ञाप्रतिष्ठानको गद्य (समालोचना) विभागको प्राज्ञ रहनुभएका उहाँ नेपाली समालोचनामाथि पछिल्लो समय लाग्ने गरेको आरोपको खण्डन गर्दै भन्नुहुन्छ– "कुन कुरालाई आधार बनाएर यस प्रकारका प्रतिक्रियाहरू आउँछन् त्यो त थाहा भएन, तर पछिल्लो समय समालोचना अझ प्रशस्त मात्रामा लेखिएको र अझ बढी सूक्ष्म र गम्भीर बन्दै गएको छ। देशको प्रतिकूल राजनीतिक अवस्थामा अर्थात् २०३५/३६ सालतिर त समालोचना लेखिन्थ्यो भने अहिले नलेखिने कुरै भएन। अहिले सामान्य समीक्षा, टिप्पणी र बहसदेखि प्राज्ञिक समालोचनासम्मका प्रशस्त समालोचनाहरू लेखिएका छन् र यो पछिल्लो समय अझ फस्टाउँदै गएको छ।"

समालोचनाको क्षेत्रमा सक्रिय वरिष्ठ समालोचकहरूले यस विधामा पछिल्लो समय बढ्दै गएको व्यापकता र गम्भीरताका बारेमा बताउँदै गर्दा यता स्रष्टा र पाठकमा भने समालोचनाप्रति असन्तुष्टि किन बढ्दै गइरहेको छ त, किन समालोचना विधाको साख कमजोर भइरहेको छ त भन्ने प्रश्न झन् टड्कारो बनेर आउँछन्। खासमा नेपाली साहित्यको पठन संस्कृतिमा समालोचनाका कृतिहरू केकति प्रभाव जमाउन सफल भएका छन् र विशेष रूपमा कस्ता पाठकले समालोचना कृति पढ्छन् भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। जसरी कुनै प्रयोजनबिना स्वतन्त्र रूपले समालोचना पढ्ने पाठकहरू अत्यन्त न्यून छन् त्यसै गरी कुनै प्रयोजनबिना स्वतन्त्र र निर्भीक भएर समालोचना लेख्ने समालोचकको उपस्थिति पनि अत्यन्त कम छ। समालोचनामा देखिएको यो वादी र ऊ वादी त छँदै छ, झन् यसभन्दा पनि एउटा वादको चस्मा लगाएर हेरेपछि अर्को वादको साहित्य साहित्य नै होइन भन्ने रोग बढी घातक छ।

गम्भीर समालोचना लेख्न सजिलो छैन। एउटा गहन समालोचना लेख लेख्न प्रशस्त समय र श्रम खर्च गर्नुपर्ने हुन्छ। त्यसैले पनि यस्ता समालोचना कम लेखिनु स्वाभाविक नै हो। साधना, समर्पण र गम्भीर अध्ययनबाट मात्र समालोचना लेख्न सकिन्छ। लेखिन त समालोचनाको नाममा विविध किसिमका समालोचनाहरू लेखिएका छन् र प्रकाशित पनि भएका छन्, तर नेपाली साहित्यमा एउटा बलियो इतिहास बनाउने काम त्यस्तो समालोचनाले मात्र गर्न सक्छ जुन गम्भीर अध्ययनमा आधारित भएर प्राज्ञिक किसिमबाट लेखिएको हुन्छ। वर्तमान नेपाली साहित्यको सही निरूपण गरी इतिहास निर्माणमा योगदान पुऱ्याउने समालोचना लेख्ने कि समालोचना कृतिको सङ्ख्या बढाउँदै स्तरहीन समालोचनाको थुप्रो लगाउने भन्नेबारे समकालीन समालोचकहरूले सोच्नुपर्ने भएको छ।

हो, समालोचनामाथि यति लेखिरहँदा मैले आफै पनि कठघरामा उभिइरहेको अनुभूति गरिरहेको छु। पाठकको न्याय र विवेकपूर्ण फैसला मलाई स्वीकार्य हुने छ।

◆

सुरेश हाचेकाली

# इगोट्रोनको सैद्धान्तिक चस्माबाट केही समकालीन नेपाली कविताहरू



आदरणीय पाठक! समालोचना भावुकताको खहरे होइन, न त यो पाठकीय चेतनाले पक्रिन सक्ने तहभन्दा माथिको विलासी बौद्धिक अभ्यास हो। यो त निरन्तर चलिरहने सृजनशील पठन हो। समालोचना सिद्धान्तपरक हुनुपर्छ। यस्तै मान्यताको जगमा उभिएको आन्दोलन चक्रव्यूह सञ्चेतना (Labyrinth Conscience) वि. सं. २०६० देखि नेपाली साहित्यमा विद्यमान छ। सिद्धान्तपरक एकाइहरूबाट काव्यकृतिहरूको विश्लेषण गर्नुपर्ने धारणासहित हामी यो आन्दोलनका अभियन्ताले विभिन्न काव्यकृतिमाथि ऐकिक पद्धतिको विविधीकरण गर्दै आएको कुरा विदित नभएको होइन।

सैद्धान्तिक नमुनाहरूको विकास, विस्तार र प्रयोग गर्ने विषयमा चक्रव्यूह सञ्चेतनाले उदार शैली अपनाई आएको छ। यसका लागि हामी संसारभरको ज्ञानशास्त्रले निर्माण गरेको जनुसुकै उपागम पनि आवश्यकता, रुचि, पहुँच र औचित्यअनुसार प्रयोग गर्छौं। ज्ञानशास्त्रलाई जब मानिसहरू निश्चित भूगोल, समुदाय र समयसीमाभित्र मात्र जोडेर त्यसको सार्थकता र निरर्थकताको कुरा गर्न थाल्छन् त्यो बेला ज्ञान परम्परामाथि सङ्कट आइलाग्छ। ज्ञान परम्परामाथि उदार दृष्टिकोण भएन भने आजको समाजले संवर्द्धन र प्रवर्द्धन गर्न खोजेको लोकतान्त्रिक प्रणाली नै समाप्त भएर जान्छ। तसर्थ चक्रव्यूह सञ्चेतनाले समालोचनामा सैद्धान्तिक उपागमहरूको आयात नेपाली, संस्कृत, अङ्ग्रेजी, नेपालका आदिवासीलगायत जनुसुकै अन्तर्राष्ट्रिय संस्कृति, सभ्यता र वाङ्मयबाट लिन सकिन्छ भन्ने प्रकारको उदारवादी अवधारणालाई आफ्नो स्थापनाकालदेखि नै अङ्गिकार गर्दै आएको विषय स्मरणीय छ।

यो लेखमा हामी चक्रव्यूह सञ्चेतनाअन्तर्गत समालोचनामा सैद्धान्तिक एकाइको प्रयोगको मान्यताअनुरूप नेपाली साहित्यका एक गम्भीर र दर्शन विचारद्वारा निर्देशित भएर साहित्य लेख्ने लेखक सरुभक्तको अहम्-केन्द्रित मानवतावाद (Ego-centric Humanism)-को सिद्धान्तलाई एक सैद्धान्तिक औजारका रूपमा लिएर केही कविहरूको कविताको विश्लेषण गर्न लागेका छौँ। यसका निम्ति हामीले तुलनात्मक रूपमा अलि बढी पढ्दै आएका कविहरू

आहुति, विप्लव ढकाल, श्रवण मुकारुङ, मोमिला, भीष्म उप्रेती, शशी लुमुम्बू, मनु मन्जिल, मणि लोहनी, आर. एम. डङ्गोल, रमेश श्रेष्ठ, प्रोल्लास सिन्धुलीय, ठाकुर बेलबासे, फूलमान बल, सरिता तिवारी, सरस्वती प्रतीक्षा, स्वप्निल स्मृति, केशव सिग्देल र रावतका कविताहरू लिएका छौँ। यो बेला हाम्रो ध्याउन्न यी माथि उल्लिखित कविहरूका यहाँ उद्धृत गरिने कविताहरूमा कसरी अहम् अभिव्यक्त भएको छ भनेर बहस गर्नु हो। यहाँ लिइएका कविताबाहेकका अन्य कविताहरूमा अहम्को विस्फोट अझ सशक्त रूपमा भएको हुन सक्छ। यी सबै कविका सबै कविताहरू पढी नभ्याएको अवस्थामा जेजति कविता लिइएको छ तिनैलाई आधार बनाएर यो लेखमा अहम्को उद्बोधन केलाउने प्रयास गर्ने छौँ।

प्रिय पाठक! यो समालोचकीय अनुष्ठानमा हामी कतिपय अवस्थामा कविताभित्र विभिन्न पक्ष, पात्र र परिस्थितिबीच अहम्को घर्षण कसरी भएको छ भनेर हेर्न सक्छौँ। यसका अतिरिक्त कतिपय अवस्थामा कविको निजी अहम् अथवा लैङ्गिक, वैचारिक, जातीय र राष्ट्रिय अहम्को प्रकटीकरणलाई नियाल्ने छौँ। माथि उद्घोष गरेअनुसार सरुभक्तको दार्शनिक विचारलाई प्रयोग गर्ने छौँ। उनका अनुसार अहम् अथवा अहङ्कार अथवा इगोट्रोन एउटा नैसर्गिक प्राणीजन्य शक्ति हो। यसको रूपान्तरण सम्भव छ, तर निषेध सम्भव छैन।

वि. सं. २०४१ मा प्रकाशित भएको सरुभक्तको नाटक **इतिहासभित्रको इतिहास**को अग्रखण्डमा समाविष्ट 'शून्यवाद : दर्शनको खोज' भन्ने लेखलाई यहाँ मुख्य सैद्धान्तिक आधार बनाइएको छ। उक्त लेखमा सरुभक्तले आफ्नो अहम्-केन्द्रित मानवतावादको सिद्धान्तलाई विस्तृत रूपमा व्याख्या गरेका छन्। सरुभक्तद्वारा प्रतिपादित सिद्धान्तलाई चस्मा बनाएर माथि उल्लिखित कविहरूका यी कविताहरूको पठन गर्दा अहम् (Ego)-लाई विश्लेषण सूत्रका रूपमा प्रयोग गरिने छ। यसको अर्थ यी कविहरूका यी कविताहरूमा अहम् एउटा आयाम हुन सक्छ, तर सम्पूर्ण होइन। अहिलेका लागि अहम्को एकाइ एउटा एकाइ हो। अरू कैयौँ सैद्धान्तिक एकाइहरू यी कविताहरूमा प्रयोग हुन सक्छन्, तर सबै ती एकाइलाई एकै पटक उजागर गर्न सकिन्न। चक्रव्यूह सञ्चेतनाको मान्यतामा एकाइ नै एकाइको योगले सम्पूर्णता निर्माण हुन्छ। तेस्रो आयाम आन्दोलनले सम्पूर्णतालाई एकै चोटि ठम्याउन सक्ने दाबी गरे पनि त्यो असम्भव छ। आयामेलीहरूले अंश र एकाइलाई बेवास्ता गरेको कुरो चक्रव्यूह सञ्चेतनाको घोषणापत्रमा पहिल्यै उल्लेख गरिएको छ। समालोचनामा एकाइहरूमार्फत सम्पूर्णताको खोजी अभियान प्रारम्भ गर्नुपर्छ भन्ने मान्यतामा चक्रव्यूह सञ्चेतना अडिग छ।

सामाजिक यथार्थ र उच्च कोटिको काल्पनिकीको प्रयोग गरी लेखिएको उपन्यास **पागल बस्ती** सरुभक्तको सृजनात्मक कृति भए पनि उनले यसमा आफ्ना पात्रहरूमार्फत यथेष्ट रूपमा अहम्-केन्द्रित मानवतावादको सिद्धान्त बोलेका छन्। तसर्थ उक्त उपन्यासभित्रका कतिपय दार्शनिक हरफहरू पनि सिद्धान्तका रूपमा यो लेखमा उद्धृत हुने कुरा हामी पाठकसमक्ष निवेदन गर्छौं।

**इतिहासभित्रको इतिहास** नाटकको अग्रखण्डमा सरुभक्तले यसो भनेका छन्– "आदिम पाषाण युगबाट आणविक युगसम्म– मानव सभ्यताको उद्गमदेखि उत्कर्षसम्मको इतिहास

अध्ययन-विश्लेषण गर्दा एउटा निष्कर्ष-सूत्र अवगत गरेँ– मानव सभ्यता अहम्-केन्द्रित छ" (अः)। यही सिद्धान्तको आलोकमा हामी माथि उल्लिखित कविका कविता पठन गर्दै छौँ।

मार्क्सवादी दर्शनलाई समातेर आफ्नो सृजनात्मक अहम्मार्फत जीवन र समाजको व्याख्या गर्ने कवि आहुतिले 'ऐनाको जिन्दगी' कवितामा ऐनाको बिम्ब प्रयोग गरेर आफू चाहिँ परिवर्तन नहुने तर अरूलाई मात्र परिवर्तन हुन सिकाउने मान्छेको कथा भनेका छन्। उनले चित्रित गरेको एउटा मान्छे आफूसम्म आएका विचारहरूलाई परावर्तन मात्र गर्छ जसरी एउटा ऐनाले आफूलाई प्राप्त दृश्यहरू सिर्फ फाल्ने गर्छ। त्यो मान्छे आफू चाहिँ बिलकुल ऐनाजस्तै यथास्थितिमा बाँचिरहन्छ। समाज परिवर्तनको यथेष्ट आवाज बुलन्द गर्ने आहुति चेलाहरू मात्र होइन, गुरुहरू पनि परिवर्तन हुनुपर्ने सोच राख्छन्। अझ अगाडि व्यक्ति सैद्धान्तिक रूपले मात्र होइन, व्यावहारिक रूपले नै परिवर्तन हुनुपर्छ भन्ने कविको सोच देखिन्छ। आहुतिको यो परिवर्तनकामी अहम्ले व्यावहारिक धरातलमै परिवर्तनको माग राख्छ। उनले उठाएको यो समस्या नै समाजव्यवस्था र अर्थव्यवस्थामा आवश्यक रूपान्तरणका निम्ति मूल समस्या हो। उनको अहम्ले कवितामा वर्णित ऐनाजस्तो मानिस कहीँ तपाईं त होइन भनेर प्रश्न आफूतिर होइन, अरूतिर तेर्स्याएको छ। उनको अहम्ले मसहित तपाईं पनि त्यो मान्छे त होइन भनेर सोध्न नसक्नुको कारण हामी मानिसहरू आफ्नै अहम्लाई केन्द्रमा राख्छौँ। सरुभक्तलाई साथ लिएर भन्ने हो भने हामी कोही पनि अहम्मुक्त छैनौँ। जे होस्, आफ्नो वर्गीय अहम्लाई केन्द्रस्थलमा राखेर लेखिएका उनका कवितामा परिवर्तनको तीव्र अभिलाषा पाइन्छ। तलको उदाहरण हेरौँ–

हामीमध्येको एउटा मानिस
जेजे ठोकिन्छ उसको मस्तिष्कमा
सबै परावर्तन गर्छ
बदल्ने जिम्मा सब अरूलाई बाँडेर
आफू जीवनमा फड्को नमारीकनै कतै अड्किन्छ
हामीमध्येको एउटा मानिस ऐनाझैँ बाँच्छ
ऐनाझैँ मर्छ।

आहुतिको अर्को कविता 'गहुँगोरो अफ्रिका'-मा जातीय उत्पीडनको लामो शृङ्खला भोगेर आएका दलितहरूको पीडा र आक्रोशको काव्यीकरण गर्नुका साथै श्रमजीवी वर्गको परिवर्तन आकाङ्क्षी अहम् बोलेको छ। यो कविताको शीर्षकमा नै एउटा साहसी प्रयोग छ। अफ्रिका कालो छ र यो बहिष्कृत, अपहेलित एवम् शोषित छ। यद्यपि कविले अफ्रिकालाई गहुँगोरो भनेका छन्। यसको मतलब उनले वर्णव्यवस्थाको कुरूप र विभेदकारी नेपाली प्रणालीको किनारमा रहेका गहुँगोरो वर्णका दलितहरूलाई बुझाउने अर्थमा गहुँगोरो अफ्रिका भनेका हुन्। सरुभक्तले भनेका छन्– "साहित्यमा मानवीय अहम् 'अहम्सहित' पनि व्यञ्जित हुन सक्छ, अहम्रहित पनि" (ज्ञ, **इतिहासभित्रको**...)। यो सैद्धान्तिक अडानलाई साथ लिएर

भन्दा 'गहुँगोरो अफ्रिका'-मा कवि आहुतिको अहम्‌रहित जातीय अहम् यसरी प्रकट भएको छ–

कि मलाई जनावरसँग बाँध
र घाँस खुवाउने आँट गर
कि तिमी आफूलाई
जनावरभन्दा फरक पार्ने साहस गर।

अमेरिकी स्वच्छन्दतावादी कवि इमर्सनले 'मान्छेको भौतिक अस्तित्व उसको आधा हो, बाँकी आधा उसको अभिव्यक्ति हो' (५५८, **क्रिटिकल**....) भनेका छन्। यसै सन्दर्भमा कवि विप्लव ढकालको 'अलिकति हल्लाहरू हुनुपर्थ्यो' कविताले मानिससँग स्वाभाविक रूपले हुने अभिव्यक्ति अहम्‌लाई प्रस्ट्याएको भन्न सकिन्छ। विप्लवको यो कविताले निर्जन र नीरवतालाई चिरेर केही न केही हल्ला र सक्रियताको आवश्यक्ता संसारलाई पर्छ भन्न चाहेको हुनुपर्छ। उनी लेख्छन्–

अलिकति हल्लाहरू हुनुपर्थ्यो
आखिर किन नहोस्–
पशुपतिनाथको छानामा
विचारको ढुङ्गाले हिर्काएर
अलिकति आवाजहरूको
सृष्टि गर्नुपर्थ्यो।

मनिसले आफूलाई अभिव्यक्त गर्ने सयौँ तौरतरिका हुन सक्छन्। मान्छेभित्रको अभिव्यक्तिमूलक अहम् (Expressive Ego) मऱ्यो भने यो संसार सपना निखिएको बाँझो बारी बन्ने खतरा हुन्छ। सृष्टिको बोली फुटाउने काम कविहरूले नै गरेका कारण सम्भवतः सबैभन्दा बढी अभिव्यक्ति अहम् कविहरूसँग नै हुन्छ। 'च्याउको जङ्गल' विप्लव ढकालको एउटा चर्चित बिम्बात्मक कविता हो। माओवादी सशस्त्र युद्धमा लडाकू भएर फर्किएको एक पूर्वलडाकूको परिवर्तित मनोदशा यो कविताको पृष्ठभूमि भए पनि यो कवितालाई त्यही परिवेशभित्र मात्र सीमित गर्न मिल्दैन। तसर्थ यो कविताको द्वैध महत्त्व छ। निश्चित आर्थिक, सामाजिक र ऐतिहासिक परिस्थितिमा 'लोकेट' गरेर हेर्ने हो भने नेपाली समाजको निश्चित समयसन्दर्भमा मानवहत्याको बीभत्स खेलमा रमाएको एउटा व्यक्तिको स्वीकारोक्ति, पलायन र पश्चात्तापको एक सशक्त दस्ताबेजका रूपमा यो कविता सृजित भएको छ। यसलाई अप्रासङ्गिकीकरण (Decontextualization) गर्ने हो भने वैविध्य, हरियाली र सृजनशीलता नभएको च्याउको पट्यारलाग्दो जङ्गलबाट प्रेम, करुणा, सह अस्तित्व र विचारैविचारको पुञ्ज भएको स्वतन्त्र परिवेशतिर फर्किने उत्कट अभिलाषाको अभिव्यक्ति हो। यो कविताको बकन्ते आफ्नो ध्वंसात्मक अहङ्कारको अध्याय छिचोल्दै आफूसँगै आफ्नो विद्रोह जागृत गरेर अहङ्कारशून्यतामा आइपुगेको जस्तो देखिए पनि उसको अहङ्कारको रूप परिवर्तन भएको छ।

ऊ आफ्नो पछिल्लो समयको विचारशून्यतालाई विचार बनाउने र आफूले पहिले अवलम्बन गरेको विचार विरुद्ध आक्रमण गर्ने अहम्को विकास गरिरहेको छ। कविताको बकन्तेले आफ्नो विचारशून्यता नै आफ्नो शक्ति हो भनेर दाबी गरेजस्तै उसको झट्ट हेर्दा देखिने अहंशून्यता नै अहम् हो। बिर्सन नहुने कुरो ऊ आफ्नो विध्वंसकारी अहम्लाई लोककल्याणकारी अहम्मा रूपान्तरण गर्ने प्रक्रियामा छ। यो कवितामा विप्लवले विध्वंसात्मक अहम्को स्थानमा रचनात्मक अहम्को आवश्यकता औँल्याएका हुन् भन्न सकिन्छ। एउटा उदाहरण हेरौँ–

हतियार र औजारले पिटीपिटी
प्वाल पार्छु मस्तिष्कमा
र बनाउँछु रोटी!
त्यही रोटीको
गोलाकार सुरुङबाट बाहिर निस्केर
म उड्छु अब यो नीलो आकाशमा।

प्रिय पाठक! अहम्को विश्लेषण-सूत्रका आधारमा अब हामी श्रवण मुकारुङका केही कविताहरू हेर्दै छौँ। 'जाडो' शीर्षकको कवितामा एउटा नाटकीय अवस्थाको चित्रण गरेका छन् कविले। छोटो तर तीक्ष्ण भाव बोकेको यो कवितामा जाडो विपन्नताको प्रतीक हो। कविको मानवतावादी अहम्ले युगौँदेखि अहिलेसम्म कायम रहेको जाडोबाट भोलिका नानीहरू के बालेर कसरी बाँच्लान् भन्ने जीवन्त प्रश्न उभ्याएको छ। यो कविता पढ्दा यस्तो लाग्छ, कविताको बकन्ते सडकैसडक हिँडिरहेको छ र उसले ल्याम्पपोस्टमुनि आगो तापिरहेका सम्भवत: सडक बालबालिकाहरू देख्छ। त्यसपछि उसको मानसपटलमा अहम्को आगो सल्किन्छ। एक पटक यो छोटो कविताका सम्पूर्ण पङ्क्ति हेरौँ–

ल्याम्पपोस्टमुनि आगो तापिरहेछन्– नानीहरू
युगौँदेखि छ जाडो
उहिल्यै त दाउरा बाल्थे रे ताप्न
बाल्थे रे– पानी र हावा
हामीले बाल्यौँ टायर भत्केका मिनी बसका
बाल्यौँ खबर कागज र राजनेताका पम्प्लेट
आज नानीहरू बालिरहेछन्– धर्मग्रन्थका अन्तिम पृष्ठ
फिल्मफेयर र आधुनिक कविता
के बाल्लान् भोलिका नानीहरू?
के बाल्लान् हँ...?!
युगौँदेखि छ– जाडो
ल्याम्पपोस्टमुनि आगो तापिरहेछन्– नानीहरू।

जाडोको शृङ्खला युगौँदेखि चलिरहेको छ। तीव्रतर रूपमा प्रतीकात्मक यो कविताले इतिहासको गतिलाई मापन गरेको छ। सम्भवत: कृषि युगसम्म मान्छेले जाडो भगाउन दाउरा

बाले। औद्योगिक युगमा पानी र हावाबाट विद्युतीय ऊर्जा निकालेर जाडो भगाए। तर विद्युतीय ऊर्जाको पहुँच सहरका सडकमा बाँच्ने बालबालिकासम्म पुगेन। त्यसपछि बसका टायर, खबर कागज र राजनेताका तस्बिर अङ्कित पम्प्लेट बाल्ने प्रक्रिया सुरु भयो। त्यसपछि नानीहरूले धर्मग्रन्थका पृष्ठ, फिल्मका पोस्टर र कविताका पृष्ठ जलाउन थालेका छन्, तर पनि जाडो गएको छैन। प्रतीकात्मक अर्थमा भन्दा धर्मग्रन्थ, फिल्म, कविताजस्ता कुनै पनि मानव सृजनाले जाडो अथवा विपन्नतालाई परास्त गर्न नसकेको पाइन्छ। यो कविताले समाजको ऐतिहासिक विकासक्रमको नजानिँदो तरिकाले परावर्तन गरेको छ। दाउरा बाल्ने युगदेखि आधुनिक कविता लेखिएको युगसम्म आइपुग्दा पनि बालबालिकाले जाडोबाट मुक्ति पाएका छैनन्। जाडो विपन्नताको परिणति हो। भविष्यका बालबालिकाहरूले यो जाडोको सामना कसरी गर्लान् भनेर कविले यक्षप्रश्न गरेका छन्। यो कविताले सडकमा जीवन बिताइरहेका बालबालिकाहरूको वर्गीय अहम्युक्त प्रश्न उजागर गरेको छ।

यसै गरी श्रवण मुकारुङको 'पुरानो मानिस' शीर्षकको कवितामा आदिवासी र सीमान्त समुदायको अस्तित्वको अहम् मुखरित भएको पाइन्छ। उनको अहम्ले ठान्छ कि खेतमा धानको गन्ध, पहाडमा बतासको गन्ध र समुद्रमा पानीको गन्धजस्तै पुरानो मानिसको अस्तित्व नैसर्गिक छ। माथि उल्लिखित प्राकृतिक अवयवहरूलाई निमिट्यान्न पार्न नसकेजस्तै हतियार, सङ्कथन र सबैभन्दा शक्तिशाली मानिएको राष्ट्रले पनि पुरानो मानिसलाई मार्न नसक्ने भन्दै कविले दमनकारी प्रणालीलाई लक्षित गरेर अहम्मुक्त आदिवासी अहम्को अभिव्यक्ति दिएका छन्। उनी भन्छन्–

> यस धर्तीको सबभन्दा पुरानो मानिसलाई मार्न
> सबभन्दा नयाँ कुरा चाहिन्छ
> तिमीसित अब
> के छ त्यस्तो कुरा...?

सरुभक्तको अहंवादले अहम्को सर्वव्यापकतालाई पुष्टि गर्ने क्रममा 'मानव इतिहासको सापेक्षमा पृथ्वी इगोट्रोनहरूको द्वन्द्वात्मक खेल मैदान हो' (ध, **इतिहासभित्रको**...) भनेको छ। इगोट्रोन भन्ने शब्द सरुभक्तको नवप्रवर्तन हो। इलेक्ट्रोन, प्रोटोन, न्युट्रोन भनेजस्तै उनले इगोट्रोन प्रस्ताव गरेका छन्। उनको विचारमा नारीपुरुष सम्बन्धको बीचमा पनि अहम्कै महत्त्वपूर्ण भूमिका हुन्छ। यो मुहूर्तमा हामी लैङ्गिक सम्बन्धका बारेमा अहम्-केन्द्रित मानवतावादको व्याख्याबारे केही क्षण बहस गरेर कवि मोमिलाको कविता 'तिमी र म'-माथि छलफल गर्नेछौँ।

भैतिक चुम्बकत्वको नियममा समान ध्रुवहरू विकर्षित हुन्छन् भने विपरीत ध्रुवहरू आकर्षित हुन्छन् भन्दै सरुभक्तले अहम् चुम्बकत्वको नियममा 'मानव इतिहासमा समान अहम्हरू आकर्षित हुन्छन् र असमान अहम्हरू विकर्षित हुन्छन्' (ठ, **इतिहासभित्रको**...) भनेका छन्। अझ अगाडि बढेर सरुभक्तले नारी अहम् र पुरुष अहम्लाई विपरीतार्थक मानेका छन्। उनको विचारमा 'वैज्ञानिकताको रहरमा पुरुष र नारी सम्बन्धलाई दुई विपरीत ध्रुव मानेर

परस्पर आकर्षित हुन्छन् भन्ने तार्किकता खोज्न सकिन्छ, तर नारीपुरुष सम्बन्ध जैविक हुन्छ, ऐतिहासिक हुँदैन' (ड, **इतिहासभित्रको**...)। उनले यहाँ पुरुष र नारी सम्बन्ध भन्नाले पुरुष र नारीबीचको यौन सम्बन्धलाई सङ्केत गरेका हुन्। पुरुष र नारीबीचको यौन आकर्षण र यौन सम्बन्ध विशुद्ध रूपले जैविक विषय हो भने उनीहरूबीचको लैङ्गिक द्वन्द्व ऐतिहासिक विषय हो। पुरुष इगोट्रोन र नारी इगोट्रोन एकआपसमा असमान छन्। अतः यिनीहरू एकअर्काप्रति विकर्षित हुन्छन्। अहंवादको यही मान्यतालाई आधार दर्शन मानेर मोमिलाद्वारा लिखित कविता 'तिमी र म' हेर्दा नारी अहम् र पुरुष अहम्को सम्झौताबाट नै अहम्रहित हामी अहम्को निर्माण हुन्छ। मोमिलाको यो कवितामा 'तिमी' सर्वनामले पुरुष र 'म' सर्वनामले नारीलाई जनाएको छ। सो कुरा कविले कविताको शीर्षकमुनि कोष्ठकमा खुलाएकी छन्। यो कवितामा बकन्ते पात्र नारी हो भने सम्बोधित पात्र चाहिँ पुरुष हो।

मोमिलाको यो कविताले प्रारम्भमै लैङ्गिक अमैत्री पितृसत्तात्मक व्यवस्थाले खडा गरेको नारीपुरुषबीचको विभेदलाई चित्रित गरेको छ। उदाहरण हेरौँ–

हो, तिमी जन्मेको दिन
आमाको निधारको टीका एकाएक सूर्य भएर
घर-आँगनमा उज्यालो झलमलाइरह्यो
तर, म जन्मेको दिन
आमाको निधारको घामजस्तो टीका एकाएक धुम्मिएर
आफैलाई बगाउने गरी आँखा अविरल बर्सिरह्यो।

यी हरफहरूको लगत्तै पछि उनी नारी अहम् र पुरुष अहम् भने आआफ्नै शक्तिमा रहने कुरो बताउँछिन्। तलका हरफहरूमा उनी अस्तित्व भेट्ने आकाङ्क्षा भनेर अहम्लाई सङ्केत गर्छिन्–

यसरी फरक नियति लिएर प्रारम्भ भए पनि
मान्छे हुनुको अर्थमा
हाम्रो अस्तित्व भेट्ने आकाङ्क्षा भने जरुर उस्तै छ।

पुरुषको अहम्को बाटो आफ्नै हुन्छ। नारीको अहम्को बाटो आफ्नै हुन्छ। नारी र पुरुषबीच प्रेम हुनु, विवाह हुनु भनेको दुई विपरीतार्थक इगोट्रोनहरूबीच सम्झौता हुनु हो। मोमिलाकै कविताका यी हरफहरू हेरौँ–

तिमी र म अर्थात् हामी
फरक बाटो भए पनि
आज एउटै सपनामा हस्ताक्षर गरेर हिँडेका छौँ।

पितृसत्ताले पुरुषलाई प्राथमिक र नारीलाई द्वितीय मानेको कुरो उल्लेख गर्दै अघि बढेको यो कविताले नारी र पुरुष दुवैमा अहम् हुने तथ्य स्वीकार गरेर प्रेमलाई नारी अहङ्कार र पुरुष

अहङ्कारबीचको सम्मिलन अथवा व्यवस्थापन मानेको छ। वास्तवमा यो कविताले नारी इगोट्रोन र पुरुष इगोट्रोनलाई नैसर्गिक मान्दै अहम्हरू भाँचिएपछि लैङ्गिक द्वन्द्व संवादमा टुङ्गिएर समाज परिचालित हुन्छ भन्ने समाजशास्त्रीय यथार्थलाई चित्रित गरेको छ। यो कविताले प्रस्तुत गरेको कथानकमा पुरुष जीवनको उचाइ भेट्न अहम्को पर्वत चढ्छ। नारी जीवनको गहिराइ भेट्न अहम्को पर्वत ओर्लन्छे। नारी र पुरुष दुई विपरीत दिशातिर लागेका छन्। स्त्रीलिङ्गी अहम् र पुंलिङ्गी अहम्बीच साम्य स्थापना हुनुपर्ने भाव बोकेको यो कवितामा मोमिलाले लैङ्गिक अहम्को दार्शनिकतालाई सम्प्रेष्य र सूक्ष्म रूपमा प्रस्तुत गरेकी छन्। एउटा घतलाग्दो उदाहरण हेरौँ–

> अहा ! सभ्यताको सबैभन्दा सुन्दर दिन
> त्यो दिन
> हाम्रो अहम्को दूरी भाँचिएको दिन।

यसै गरी 'प्रेम, पीडा, प्यास र पानी' शीर्षकको मोमिलाको अर्को कवितामा अहंशून्यता प्रस्तुत भएको जस्तो देखिए पनि वास्तवमा लास भएर बहेको, गोधूलिको तस्बिरजस्तो धुमिल अस्तित्व भएको, एक चुम्बनमा पग्लिएको, बरफ बनेर अस्तित्वमय हुनुको साटो पग्लिएर पानी भएको स्वीकारोक्तिसहित अहम्को अर्को बान्की प्रस्तुत भएको छ। सर्जकहरूसँग अहम्को डिग्री झनै उच्च हुन्छ। स्वीकारोक्ति प्रस्तुत गर्नु सर्जकका निम्ति अहम्को झन् ठूलो आराधना हो। मोमिला पनि यसको अपवाद हुन सक्दिनन्। सरुभक्तको दर्शनअनुसार भन्ने हो भने ध्यानी, योगी र महात्माहरू त झनै ठूला अहंवादी हुन्। ख्याल गर्नुपर्ने कुरा चाहिँ यो छ कि उनीहरूको अहम् भनेको रचनात्मक तथा निर्माणात्मक हुन्छ। सम्भवतः हिटलर, मुसोलिनीजस्ता क्रूर शासकहरूभित्र भने विध्वंसात्मक र प्रलयकारी अहम् थियो। त्यसैले अहम्मुक्ति एउटा असम्भव विषय हो। सृजनात्मक अहम् नै मानव सभ्यताले आजपर्यन्त आर्जन गरेका सौन्दर्यहरूको स्रोत हो। त्यसैले मोमिलाको यो कवितामा अभिव्यञ्जित भएको अहंशून्यता रचनात्मक अहम्को वैकल्पिक पुनरोदय हो।

अर्को कविता 'सूर्य-समय'-मा मोमिलाले समयलाई सूर्यको बिम्ब प्रयोग गरेर बुझ्ने प्रयास गरेको देखिन्छ। भोलिको समयलाई झोलामा बन्द गर्न पनि नसकेको र त्यसलाई बहिष्कार पनि गर्न नसकेको एक निरीह अवस्थासहित कविको दिग्भ्रमित मनोदशा प्रकट भएको छ। यहाँ मानव अहङ्कारले समयको अहङ्कारसँग पराजित भएको तथ्य प्रस्तुत गरेर कविले आफ्नो र रचनाकारिताको अहम्लाई प्रकट गरेको पाइन्छ।

अब हामी एकैछिन अर्का सर्जक भीष्म उप्रेतीका कविताहरूको पठन गर्छौं। सरुभक्तको भाषामा 'मानवीय अहम्को सृजनात्मक विस्फोटको सर्वोत्तम अभिव्यक्ति साहित्य हो' (स, **इतिहासभित्रको**...)। यस आधारमा भन्दा कवि भीष्म आफ्नो सृजनात्मक अहम्लाई दार्शनिक बान्कीबाट प्रकट गर्न रुचाउँछन्। उनी समाजका आर्थिक-सामाजिक 'फेसनेबल' मुद्दाहरूका बारेमा भन्दा पनि जीवनका स्थायी अवयवजस्ता लाग्ने कुरामा रुचि राख्छन्। 'किताब' शीर्षकको कवितामा उनी लेख्छन्–

कति पढ्नु एकोहोरो किताब मात्र
पत्रपत्र च्यातेर समयलाई
म आज दुःख र मान्छेको जीवन पढ्छु।

भीष्मको काव्यिक अभिव्यक्तिमा एक प्रकारको स्तरीयता र चयन फेला पर्छ। उनको अर्को कविता 'हिउँ'-मा दुःख, चिन्ता र छटपटीलाई बुझाउने बृहत् बिम्बका रूपमा हिउँको प्रयोग भएको छ। उनका केही हरफ यस्ता छन्–

बेलुका ओछ्यानमा
ओभानै सुतेको म
बिहान हुँदा हिउँ नै हिउँले पुरिएको थिएँ।

मृत्यु आफैमा भयावह परिघटना हो, तर त्यो मृत्युको भयावहतालाई कवि भीष्मको सृजनात्मक अहम्ले यसरी सेलिब्रेसन गरेको छ–

ढुकढुकाउँदैमा मात्र बाँचिने हो र?
कहिलेकाहीँ मलाई
मृत्युबोधको झङ्कारले गहिरोसँग छुन्छ
मृत्यु पनि त्यस बेला सङ्गीतजस्तो लाग्छ।

यसपछि शशी लुमुम्बूका कविताहरूमा अहम्को निर्वाह कसरी भएको छ भनेर नियाल्नका लागि सरुभक्तको सिद्धान्तबाट हामी सर्वप्रथम एउटा वाक्य लिन चाहन्छौँ। उनी भन्छन्– "कार्ल मार्क्सको वर्गसङ्घर्षको इतिहास मूल रूपमा अहम् सङ्घर्षको इतिहास हो" (भ, **इतिहासभित्रको**...)। शशीको मार्क्सवादी चेतना सवार भएका कवितामा वर्गीय अहम् शक्तिशाली रूपमा प्रकट भएको पाइन्छ। 'अन्तिम विद्रोह' कविताबाट एउटा उद्धरण हेरौँ–

खोसेर मेरो आवाज तिमीले
बनायौ गायत्री मन्त्र
डाम्यौ मेरो
चेतनामा तातो पन्यूँ
खोस्यौ मेरो प्रिय गीत र बनायौ मलाई–
आफ्नै देशभित्र अनागरिक।

शोषक र शोषितबीचको पर्खाल मानव सभ्यताबाट गायब भएको छैन। इतिहासको सर्पिल पदमार्गमा मानिसहरूबीच विभाजन र भेदको अध्याय लामो समयदेखि रही आएको छ। एउटै भूमिका बासिन्दाहरूबीच अकल्पनीय पदसोपान छ। प्रमुख रूपमा शोषणको स्वरूप वर्गीय भए पनि लैङ्गिक, जातीय, सांस्कृतिक, सामाजिक र भौगोलिक स्वरूपहरूलाई बेवास्ता गर्न सकिँदैन। शोषणका बहु आयामिक स्वरूपहरूले नेपाली समाजमा पारेको प्रभावबाट उत्पन्न चेतनाको प्रयोगद्वारा यो कवितामा श्रमजीवी वर्गको अहम्लाई काव्यीकृत गरिएको छ।

स्वभावैले मानिस अहम्-केद्रित हुन्छ। साहित्यकार सरुभक्तको अहम्-केन्द्रित मानवतावादको दर्शनले यसै भन्छ। सिङ्गो मानवता नै अहम्ले निर्देशित हुन्छ। अहम्को सृजनात्मक प्रयोग सम्भव छ, तर अहम्बाट मुक्ति सम्भव छैन। यही सिद्धान्तको फेर समातेर यो सिद्धान्तलाई अझै तन्काउँदै हामी भन्न सक्छौँ– मान्छे अहम्-केन्द्रित छ। समुदाय अहम्-केन्द्रित छ। राष्ट्रियता अहम्-केन्द्रित छ। शशीको अर्को कविता 'तिमी मात्र सत्य होइनौ'-ले नकारात्मक शक्तिका रूपमा अहम्को विकास भयो भने त्यसले आफूलाई मात्र सत्य र सुन्दर देख्छ। बाँकी सबैलाई भ्रम देख्छ भन्ने प्रकारको अभिव्यञ्जना व्यक्त गरेको छ। उनले यो कवितामा आफू र आफ्नो परिवेशबाहिर पनि अस्तित्वहरू अस्तित्ववान् हुन्छन् तथा अरूले पनि आफूले जस्तै रहर र सपना पालेका हुन्छन् भनेर बुझ्नु सबैका निम्ति अनिवार्य छ भन्ने आशय प्रकट गरेका हुन्। यही बोधको विन्दुबाट नै सहिष्णुताको संस्कृति अगाडि बढ्छ। यो कविताका केही हरफहरू हेरौँ–

मूर्च्छा पर्दै बौरिँदै
मरुन्जेली खोक्दै
ओरालैओरालो झरिरहेको बूढो जोगी
उसैलाई पछ्याइरहेको
नौजवान खहरे
र, छेवैको घना जङ्गलबाट
सर्वत्र फैलिरहेको रगतको आलो गन्ध
सबै सत्य हुन्...
तिमी मात्र सत्य होइनौ।

अर्को कविता 'अनागरिक आवाज'-मा शशी लुमुम्बूले बहिष्करणमा पर्नु र अनागरिक भएर बाँच्नुको पीडालाई उजागर गर्दै आफ्नै देशभित्र शरणार्थी हुनु र आफ्नै घरभित्र जागित्र हुनुको परिबन्दलाई देखाएका छन्। आफ्नै घरभित्र जागित्र हुनुको बिम्बले देउतापितृको समकक्षताबाट विमुख हुनुलाई सङ्केत गर्छ। जागित्रले दोसाँधको अवहेलनापूर्ण जिन्दगी बाँचेको हुन्छ। अनागरिक र जागित्रको अहम्रहित अहम्लाई यो कविताले चित्रण गरेको छ।

प्रस्तुतीकरणको छुट्टै अहम् बोकेर जन्मिएका मनु मन्जिलका कवितामा एक प्रकारको मौलिक शिल्पविधान देखिन्छ। जङ्गलमा बस्नुपर्ने बाघ जब आफ्नो जङ्गली अहङ्कारलाई तिलाञ्जली दिएर इतिहासको पद्धतिभित्र छिर्छ तब उसको छुन नसकिने सौन्दर्य लोप हुने छ र पुग्न नसकिने ओढार रहने छैन भन्दै 'बाघ' कवितामा मनु मन्जिलले प्रकृतिको भयप्रदायक अहम्को विस्थापनको डर बोकेका छन्। यसै गरी 'जवाफ नभएपछि' कवितामा उनले आफ्नो अभिव्यक्तिमूलक अहम्को तुष्टि गीत गाएर, स्वर भनेर, कथा सुनाएर, कविता सुनाएर गरेको खुलाएका छन्। उनको 'पुर्खाहरूप्रति' कवितामा उनले आफ्नो सृजनशील अहम्मार्फत आफूलाई पुर्खाकै विस्तारित शाखा सम्झेका छन्। यो एक किसिमको आफ्नो अहम्को विसर्जनजस्तो

देखिए पनि प्रकारान्तरले पुर्ख्यौली अहम्को पुनः प्रस्तुति हो। केही वाचाल हरफहरू यस्ता छन्–

म पुर्खाकै झ्यालमा बसेर इन्द्रेनी हेर्छु
पुर्खाकै बार्दलीबाट बादलहरूको मेला हेर्छु
बिहानसँगै उठेर
सुनौलो हिउँको घुम ओढेका शिखरहरू हेर्छु।

कविताको अन्तमा बुद्ध र हिमालको परम्परागत बिम्ब प्रस्तुत गरेर उनले नेपालीहरूको जातीय अहम्लाई 'रिलोकेट' गरेका छन्।

अर्का कवि मणि लोहनीका कवितामा विध्वंसात्मक अहम्को विपक्षमा शान्तिकामी अहम् उर्लिएको छ। उनी हत्या, हिंसा र आतङ्कको अन्त्य चाहँदै मानवताको गजुरलाई अझै उचो राख्न चाहन्छन्। सिद्धान्तकारका रूपमा सरुभक्त ठान्छन्– "आदिम मानव झुन्ड निसर्गरूपेण पशुवत् यौन, भोक, आक्रमण र सुरक्षाका प्रक्रियाहरूमा बर्बरतापूर्वक सापेक्ष हुनु मानव जातिको अहम्-चेतनाको सबभन्दा तल्लो स्तर हो" (ग, **इतिहासभित्रको**...)। आदिम मानवसँग भएका बर्बरताहरू आजको सभ्य भनिने समाजमा पनि निमिट्यान्न नभएका कारण कवितामा मणि लोहनीले बर्बर र विध्वंसात्मक अहम्को ठाउँमा सृजनशील र शान्तिकामी अहम् स्थापित होस् भन्न चाहेका हुन्। मान्छेको मन साँघुरिएको र मूल बाटैबाटो भएर मृत्युको पहिरो हिँडेको देखेपछि 'अखबार र बालकहरू' कवितामा उनको सृष्टिप्रेमी अहम्ले यस्तो भन्छ–

बोक्सीको मनजस्तो कठघराभित्र
नागरिक अधिकारलाई खुट्टा बाँधेर
झुन्ड्याइएको देखेको हुँ सिलिङमा।

अहङ्कारले उन्मत्त भएर हत्या, हिंसा र पशुवत् प्रवृत्तिमा रमाइरहेको मान्छे संवेदनाशून्य हुँदै गएपछि मान्छेभित्रको मन दूषित छ। यस्तो अवस्थामा 'कहिले फर्केला मान्छेको मन' भन्दै 'मृत्युको पहिरो' कवितामा मणि लोहनी अहङ्कारले निम्त्याएको यस्तो दृश्य देख्छन्–

मूल बाटोमा को दौडिएको त्यस्तरी?
को चिच्याएको पर जङ्गलमा?
किन भागेका त्यस्तरी चराहरू?
कसरी हिँड्न सक्नु अब
त्यो लेकको घुमाउरो उकालो?
कालिज लुक्ने घारीहरू किन विस्फोट हुन्छन्
हामीलाई चिस्याउँदै बग्ने
त्यो कुलकुले खोली किन राताम्य देख्छु?

समाज र जीवनलाई हेर्न, बुझ्न र व्याख्या गर्न मार्क्सवादी पाठशालाबाट चेतना निर्माण गरेका कवि आर. एम. डङ्गोल कवितामा वर्गीय द्वन्द्वको अहम् प्रस्तुत गर्छन्। 'अन्तर' शीर्षकको कवितामा उनी लेख्छन्–

म स्थिरतालाई सहन सक्दिनँ
ऊ हावाको झोक्कालाई सहन सक्दैन
एउटा अन्तर छ हामीबीच
म भोको छु भन्छु
ऊ सहेर बस भन्छ।

यो कवितामा उनले यथास्थितिवादी समूहको अहम् र परिवर्तनकामी समूहको अहम्बीच भिन्नता देखाएका छन्। यो भिन्नतालाई उनले मार्क्सवादी जीवनदर्शनअन्तर्गत वर्गीय नजरबाट हेरेको देखिन्छ। 'अँध्यारोमा कविता पढिँदैनन्' शीर्षकको कवितामा डङ्गोलले म र उनीहरूबीच विपर्यास खिचेका छन्। यो भिन्नता सम्भवत: अहम्को भिन्नता हो। कविले इङ्गित गरेको उनीहरूको विध्वंसात्मक अहम्पूर्ण चर्तिकला यस्तो छ–

अथवा आमाको काखबाट ओर्लिएर
अरूको उचाइ घटाउन
छुच्चो कैँची चलाउन सिक्छन्।

यसैअनुरूप डङ्गोलको 'फूलको कथा' शीर्षकको अर्को कविताले पितृसत्तात्मक अहङ्कार पालेर बसेको हाम्रो समाजमा नारीमाथिको हिंसा मनोवैज्ञानिक र भौतिक दुवै तहमा क्रियाशील हुन्छ भन्ने देखाएको छ। हिंस्रक स्वरूपको पितृसत्तात्मक अहङ्कार नारी शरीरमाथि आक्रामक रूपमा लक्षित भएको प्रसङ्गलाई यो कविताले उठान गरेको छ।

बिम्बको विलक्षण बुनोट निर्माण गर्न खप्पिस कवि रमेश श्रेष्ठका कविताले बौद्धिकताको अहम् पालेको पाइन्छ। अमूर्त बिम्बमार्फत सकेसम्म न्यूनतम सङ्केतहरू छाडेर पाठकको विश्लेषणात्मक क्षमताको अपेक्षा राख्नु उनका कविताहरूको विशेषता हो। उनी वैश्विक विषयवस्तुको उठान गरेर अभिव्यक्तिलाई बौद्धिकीकरण गर्छन्। यही प्रसङ्गमा उनको पृथक् अभिव्यक्तिको अहम्पूर्ण चाहना प्रकट भएको पाइन्छ। 'पृथ्वीको साँझमा' कविताबाट एक उदाहरण लिऊँ–

थाहै छैन
हिँड्नेहरूलाई पनि
कहिलेसम्म हिँड्छन्
खुट्टाहरू
मनको बुई चढेर।

रमेश श्रेष्ठको सृजनात्मक बौद्धिक अहम्ले कवितालाई स्तरीय र प्राज्ञिक विषय मान्दै कविताभित्र कलालगायत अन्य अन्तर्विषयक तत्त्वहरूको समावेशीकरण चाहेको बुझिन्छ।

अस्तित्वको पीडा बोकेर उठेका रमेशका कविताले चोइटिरहेको समकालीन समय र चेतनालाई अहम्पूर्ण बौद्धिकीकरणसहित परावर्तन गरेको देखिन्छ। एउटा उदाहरण 'कविको देश' कविताबाट हेर्न सकिन्छ–

निरन्तर कुचीबाट बलात्कृत
क्यानभासहरूमा
रङहरू रोइरहेको देख्दा
मैले कविलाई सोधेँ
किन घाम हतारहतार
अस्ताउन खोजिरहेको छ
आकाशमा डढेलो लगाउँदै?

पाठक महोदय! अब हामी यो लेखमा प्रोल्लास सिन्धुलीयका तीन वटा कवितामा अहम्को विश्लेषणात्मक औजार लिएर प्रवेश गर्दै छौँ। उनको 'झन्डालाई डीभी पऱ्यो भने के हुन्छ?' कवितामा नेपाली राष्ट्रियताको अहम् तीव्र रूपमा प्रकट भएको छ। हिमाल, पहाड र तराईका नागरिकहरू सके आफ्नो संस्कार र संस्कृतिको प्राचीन अहम्लाई बचाउँछन्, नसके आर्थिक उन्नति गर्लान्। त्यो पनि नसके व्यक्तिगत पतन होला, तर झन्डालाई नै डीभी पऱ्यो भने के होला भनेर एउटा डरमर्दो जब्बर प्रश्न प्रोल्लासले तेर्स्याएका छन्। वास्तवमा झन्डा भनेको राष्ट्रियता, स्वाधीनता र सार्वभौमसत्ताको प्रतीक हो। प्रोल्लासको अर्को कविता 'शब्दकोश र देश'-ले नेपाली भाषा, जाति र संस्कृतिको गौरवमय अहम्लाई पुनर्जागृत गर्ने अहम्युक्त चाहना प्रकट गरेको छ। वजनदार शब्दहरूको परम्परागत अर्थ आजको विकृत बजारमा अलपत्र परेको हुँदा हाम्रा गौरवमय मूल्यहरू धराशायी हुँदै गएकोमा कवि चिन्तित देखिन्छन्। जब पावन अर्थ बोकेको शब्दलाई जथाभाबी प्रयोग गरिन्छ त्यसपछि शब्दले आफ्नो अर्थगत स्वत्व गुमाउँछ र त्यो शश्दले बोकेको सामाजिक र नैतिक मूल्य पनि ह्रास भएर जान्छ। यति मात्र होइन, विदेशी शब्दको बढ्दो प्रयोगले नेपाली शब्दहरूको अस्तित्वमा आएको सङ्कटप्रति पनि कविको सांस्कृतिक अहम् बोलेको छ।

अर्को कविता 'मेरी छोरी धेरैको सराप खाएर जन्मेकी छे'-मा कुलदेवतालई थर्काउने उनको नास्तिक अहम् प्रकट भएको छ। हाम्रो समाजसँग पितृसत्तात्मक अहङ्कार छ। पुरुषहरू मात्र होइन, कैयौँ महिलाहरू पनि सोचले पितृसत्तात्मक छन्। पितृसत्तात्मक अहङ्कारलाई ठेस लाग्ने गरी लेखिएको यो कविताले स्त्री अहम्लाई अग्ल्याएको छ। उनी लेख्छन्–

सायद म पनि
तिनै अभागी बाबुमध्येको एक थिएँ
जसलाई छोरी जन्मेकोमा
बधाई कम
समवेदना ज्यादा प्राप्त भइरहेको थियो।

कवि ठाकुर बेलबासे 'त्रासमा ईश्वर' शीर्षकको कवितामा हतियारधारी शासक र हतियारकै अतीत बोकेका ईश्वरबीचको अहम् प्रस्तुत गर्छन्। शासकहरू विनाशकारी हतियार बनाएर त्रासको सृजना गरिरहेका छन्। जनसाधारणको प्रतिनिधिका रूपमा बकन्ते त्रासबाट मुक्तिका लागि भगवान्सँग प्रार्थना गर्छ, तर अनपेक्षित रूपमा भगवान् नै हतियार जोहो गरेर सुरक्षित हुन सल्लाह दिन्छन् भन्ने नाटकीय ढाँचामा बेलबासेले युद्धको अहङ्कार बोकेको वर्तमान र इतिहास दुवैलाई चित्रित गरेका छन्। बेलबासेको कवितात्मक कथानकमा टाउको चोरिएको भगवान्को निरीह मूर्ति आफै असुरक्षित भएपछि आफ्नो भक्तलाई हतियार चलाउन सुझाव दिन्छन्। यो विसङ्गत अवस्थाको परिकल्पना गर्दै बेलबासेले झगडालु शासकीय र ईश्वरीय अहङ्कारको चित्रण गरेका छन्। उनी भन्छन्–

संसारभरका राज्यबाट
लखेटिएको म
विचारमग्न छु
बाँच्नका लागि
सर्वशक्तिमान आधुनिक हतियार चाहिन्छ
या आदिम ईश्वरको आस्था।

यसरी नै अर्को कविता 'जीवन पहाड'-मा मान्छेको जीवनलाई पहाडका रूपमा आरोपित गर्दै कवि मान्छेको जिन्दगी किन हरदम चोइटिरहन्छ भनेर प्रश्न गर्छन्। मानव जीवन चोइटिनुको कारण कविले नखोतले पनि आजको दुनियाँमा शासकीय अहम्का कारण जीवन र जगत् विखण्डित छ। तिमी र म भन्ने दुई विपर्यासयुक्त पात्रको चयन गरेर ठाकुरले 'प्रिय मान्छे' कवितामा दु:खैदु:खमा पनि सुखानुभूति गरेर बाँच्न सक्ने र सुखैसुखमा पनि दु:खानुभूति गरिरहने पात्रको दृश्य खिचेका छन्। अझ अर्को शब्दमा भन्दा उनले दु:खमा पनि सुख महसुस गर्न सक्ने सकारात्मक अहम् भएको पात्र र सुखमा पनि सधैँ अपूर्णताको नकारात्मक अहम् बोक्ने पात्रबीचको रमाइलो भिन्नता अङ्कित गरेका छन्।

झट्ट पढ्दा विलियम सेक्सपियरको 'मेरी मायालुका आँखा कदाचित् सूर्यजस्ता छैनन्' भन्ने सनेट (चतुष्पदीय कविता)-को झल्को दिने फूलमान बलको कविता 'मेरी प्रेमिका'-मा कविले आफ्नी प्रेमिकामा आत्मिक शान्ति दिन सक्ने शक्ति भए पनि उनी सांसारिक जीवनको अर्को नकारात्मक संवेग रिस भएकी प्राणी हुन् भनेका छन्। रिस अहम्कै एक खाले अभिव्यक्ति हुन सक्छ। उनीभित्र प्रेम र ममताजस्ता सकारात्मक संवेग मात्र होइन, रिसजस्तो नकारात्मक ऊर्जा र दैहिक प्यासजस्तो प्राणीजन्य विशेषता पनि छ। कविको पुरुष अहम्ले उनका सबै सकारात्मक तथा नकारात्मक संवेग र ऊर्जालाई स्वीकार गर्दै जीवनको गीत गाएको छ। मानव मनका यी सबै खाले ऊर्जाले नै जीवनलाई सङ्गीतमय र महँगो बनाएको छ। सामर्थ्य मात्र होइन, सीमिततालाई पनि स्वीकार गरेर आफ्नो प्रेमिल अहम्लाई कविले उजागर गरेका छन्। उनी लेख्छन्–

उठ्न त उसलाई पनि उठ्छ रिस
मैले उसका आँखामा आगोको लप्का भेटेको छु
उसले मुठी बटार्दा
आगो, पानी, माटो, हावा
र आकाश हल्लिएको देखेको छु
तर उसका आँखामा आगोजत्तिकै
पानीको समुद्री प्यास पनि छचल्किन्छ।

फूलमानको अर्को कविता 'भ्यालेन्टाइन डेको जून' पनि एउटा प्रेम कविता हो। तर यसमा हामीले अहम्को आयाम पहिल्याउनु छ। यसका निम्ति हामी एक पटक सरुभक्तको उपन्यास **पागल बस्ती**भित्र छिरौँ। उपन्यासमा आदिगुरु प्रशान्तले विन्दु नामकी कुकुर्नीले गाईको बाछोलाई दूध चुसाएको घटनालाई विजातीय मातृप्रेम नभनेर 'मातृ अहम्को सृजनात्मक महाजागरण' भनेको छ (२१४)। फूलमानको कवितामा धारिलो नाक र बाक्लो जुँगा भएको केटाले भ्यालेन्टाइन डेको दिन प्रेम र यौन दुवै दिएकी तामाङ केटीले आफू गर्भवती भएको कुरा गरेर आफूभित्रको मातृ अहम् यसरी व्यक्त गरेको पाइन्छ–

र, भ्यालेन्टाइन डेको जून
बिस्तारैबिस्तारै पूर्ण हुँदै छ
मेरो पेटमा।

'दुस्मन सहरमा दोस्रो जुनी' शीर्षकको कवितामा फूलमानले जातकै आधारमा पूर्वराज्यसत्ताहरूद्वारा तामाङ समुदायमाथि अभ्यास भएका अवहेलनापूर्ण व्यवहारहरूको सूची नै तयार हुने गरी हरफहरूको निर्माण गरेका छन्। अहंवादको सैद्धान्तिक दुर्बिनले हेर्दा राज्यसत्ताहरूको विभेदकारी अहम् विरुद्ध एउटा पत्रकारको 'पोएटिक पर्सोना' प्रयोग गरी आफ्नो समुदायको अहम्रहित अहम् कविले प्रयोग गरेका छन्। इतिहासमा अन्याय र विभेदभित्र हराएको तामाङ समुदायको जातीय अहम् फूलमानमार्फत भूतपूर्व सत्ताहरूको अहम्सँग टकराव गरिरहेको छ। अतीतमा तामाङहरूलाई सैनिक सेवामा प्रवेश निषेध थियो। उनीहरू पिपा मात्र हुन पाउँथे। पिपाका रूपमा अनगिन्ती जोखिमपूर्ण काम गर्न उनीहरू बाध्य थिए। कविले आफूलाई अघिल्लो जुनीको अपहेलित पिपा र यो जुनीको पत्रकारका रूपमा प्रस्तुत गरेका छन्। यस सन्दर्भमा फूलमान बलको यो कविताभित्र अग्रज कवि भूपाल राईको कविता 'पिपा पल्टनको हिसाब'-ले कहीँकतै पितृबिम्बका रूपमा काम गरेको हुन सक्छ।

वामपन्थी स्कुलिङबाट उठेका कविलेखकहरू अक्सर साहित्यमा विचारको महत्त्वलाई बढावा दिन्छन्। उनीहरूका निम्ति विचार भनेको मुख्यतया मार्क्सवादी दिग्दर्शन नै हो। अर्को शब्दमा भन्दा परिवर्तनकामी सोच नै उनीहरूका लागि विचार हो। यसै सिलसिलामा सरिता तिवारीको कविता 'विचारदंश'-मा कविले आफूलाई पृथक् रूपमा प्रस्तुत गर्न आफूसँग जीवनको अभेद्य पक्षका रूपमा विचार भएको तर्क गर्दै विचारको अहम् बोकेको पाइन्छ। यो कुनै

नकारात्मक कुरो होइन, विचारको सृजनात्मक अहम् हो। सरुभक्तको भनाइमा व्यक्तिले आफूलाई केन्द्रमा राख्छ। आफ्नै अहम्को परिपोषण गर्छ भनेझैँ सरिता पनि आफू विचारबाट बिलकुलै विमुख हुन नसक्ने धारणा राख्दै भन्छिन्–

पूजाकोठामा, धारोमा अथवा लुगा सुकाइरहँदा छतमा
बसमा, कक्षा कोठामा, भीडमा वा एकाङ्कीमा
जहीँकहीँ छायाजस्तै
मसँगै हुन्छ विचार।

सरिताको अर्को कविता 'जराहरूमा'-ले इतिहास, प्रादुर्भाव, मूल र जगको महत्त्वलाई उजागर गर्दै यसो भनेको छ–

कदाचित्
बिर्सिए भने जीवनका हाँगाहरूले जराको गुन
कुनै दिन
अवमूल्यन गरे भने जीवनका फूलहरूले जराको महिमा
रहने छैन जीवनको कुनै पनि मूल्य।

जराको परमार्थी र सृजनशील अहम् सरिताको सृजनशील अहम्सँग एकाकार भएर कवितामा अगाडि बढेको छ। उनको 'सुहागरात' शीर्षकको कवितामा नारी अहम् र पुरुष अहम्को द्वन्द्वात्मक संवादबाट मनाइएको सुहागरातको मीठो सम्झना पोखिएको छ।

अहम्-केन्द्रित मानवतावादको दर्शनअन्तर्गत सरुभक्त भन्छन्– "मानवीय ज्ञानका सत्यान्वेषी प्रचेष्टाहरूमा द्वन्द्वात्मकताको प्रयोग विश्लेषण दृष्टिका रूपमा प्राचीन समयदेखि नै प्रयुक्त रहेको छ... मानवीय 'अहम्' चेतनाको समग्र इतिहास 'अहम्'-को द्वन्द्वात्मक इतिहास नै हो" (थ/द, **इतिहासभित्रको**...)। यो भनाइलाई आधार मान्दा केन्द्रमा रहेको पितृसत्ता र सीमान्तमा रहेको मातृसत्ताका बीचमा लैङ्गिक चेतनाद्वारा अहम्को घर्षण हुन्छ। कवि सरस्वती प्रतीक्षाको कविता 'प्रतिपक्षको मान्छे'-ले पितृसत्तात्मक अहम्सँग मातृ अहम्को द्वन्द्वलाई काव्यीकृत गरेको छ। उनले पितृसत्तालाई सत्ता पक्ष र आफ्नो प्रतिवादी नारी अहम्लाई प्रतिपक्ष मानेकी छन्। यो कवितामा सरस्वतीको जुझारु नारी अहम् झङ्कृत भएको छ। लैङ्गिक समानताको लडाइँलाई यो कविताले बुलन्द रूपमा प्रस्तुत गरेको पाइन्छ। नेपाली समाजको पछिल्लो कालखण्डमा जनजीविकाका लागि मान्छेहरू तातो मरुभूमिमा गएको सन्दर्भमा सरस्वतीले देश फर्किएर आएको माटोप्रेमी बकन्तेमार्फत राष्ट्रियताको सृजनशील अहम् व्यक्त गरेकी छन्।

सरस्वतीको अर्को कविता 'मान्छे हुनुको अर्थमा'-ले मानव जीवनको अहम् व्यक्त गरेको छ। सरुभक्तले सिङ्गो मानवता नै अहम्युक्त हुने टिप्पणी गरेका छन्। **पागल बस्ती** उपान्यासमा उनको मुखपात्र आदिगुरु प्रशान्त भन्छ– "...जीवन अहम्युक्त हुन्छ, अहम्मुक्त हुन सक्दैन। बुद्ध मेरो दृष्टिमा अहम्युक्त पुरुष हो, महावीर र येसू अहंवादी व्यक्तित्व हुन्। सिजर, अलेकजेन्डर, नेपोलियन र हिटलर अहमयुक्त पुरुष हुन्... सम्पूर्ण मानवीय भावनाहरू

र विचारहरू अहम्-केन्द्रित हुन्छन्" (५८/५९)। सरस्वतीको कविताले ईश्वर हुनुको नि:सारता, गतिहीनता र ढुङ्गामा कुँदिएर बाँच्नुको निर्जीवतालाई खिसी गर्दै मानव हुनुको अहम्-अभिमानलाई विस्तारित गरेको छ। उनी लेख्छिन्–

आत्महत्या
कि त कायरहरूले गर्छन्
कि त एउटै ढुङ्गामा कुँजिन मन पराउने
देवताहरूले
मलाई त ज्युनु छ
मान्छे हुनुको
अन्तिम सत्यसँगै जिउनु छ
पूरापुर जिउनु छ।

श्रद्धेय पाठक! तपाईं धैर्यपूर्वक केही समकालीन नेपाली कविहरूका कवितामा अहम् सरुभक्तको भाषामा इगोट्रोन कसरी बहु आयामिक रूपमा निर्वाह भई आएको छ भनेर हामीले गरेको समालोचनात्मक अन्वेषणलाई पढेर साथ दिइरहनुभएको छ। नेपाली साहित्यमा समालोचनालाई सृजनाको अधीनस्थ शुष्क, प्राविधिक, पाण्डित्यपूर्ण र महत्त्वको हिसाबले अप्राथमिक मान्ने परम्परागत मनोरोग छ। समालोचना आफैमा सृजनशील पठन हो भनेर चक्रव्यूह सञ्चेतनाले भनेको छ। हामीले अभ्यास गरिरहेको समालोचना शैलीमा भावना, विचार, बौद्धिकता र यी तीनै पक्षलाई नियन्त्रण र संयोजन गर्न सक्ने बौद्धिक ल्याकत हुनुपर्छ भन्ने हाम्रो अटुट मान्यता छ। अत: समालोचना आफैमा सृजना हो, रचना हो। 'विभिन्न समालोचकीय पाठशालाहरूको विकास र विस्तारले मात्र काव्यहरूमाथि न्याय गर्न सकिन्छ' (१८०, ऐकिक...) भनेर चक्रव्यूह सञ्चेतनाको घोषणापत्रमा भनिएको छ। यसैअनुसार हामी यो लेखमा अहंवादको समालोचकीय एकाइ प्रयोग गरिरहेका छौँ। स्मरणीय छ, सरुभक्तको अहम्-केन्द्रित मानवतावादी दर्शनलाई हामी आफैले समालोचकीय नमुनाका रूपमा विकास गरेका हौँ। वि. सं. २०६५ तिर यही नमुना प्रयोग गरेर सरुभक्तकै उपन्यास **पागल बस्ती**को हामीले विश्लेषण गरेका थियौँ।

अब हामी स्वप्निल स्मृतिका कविताहरूमा प्रवेश गर्दै छौँ। उनको 'युद्ध सुरु... विश्वको तेस्रो युद्ध सुरु' कवितामा मिसाइल र क्षेप्यास्त्रको प्रयोग गर्ने युद्धकारी अहङ्कार विरुद्ध शान्तिकामी सृजनशील अहम् प्रस्ताव गरिएको छ। कविताको बकन्ते लिम्बूहरूको पर्व धाननाचको मोर्चामा छ। ऊ आफूलाई अन्तिम बन्दुकधारी घोषणा गर्छ र विवाह, मृत्युजस्ता सांस्कृतिक अवसरहरूमा मात्र बन्दुक पड्काउने घोषणा गर्छ। मान्छे विरुद्ध पड्किने बन्दुकलाई सङ्ग्रहालयमा कैद गर्ने निर्णय गर्छ। पश्चिमेतर अध्ययनशास्त्रका केही विद्वान्हरूको भनाइमा पश्चिमेतर दुनियाँ (Non-western World)-मा जीवनलाई धानिरहनुपर्छ भन्ने थुप्रै सभ्यताहरू छन् जसको अवलम्बन अबको विश्व सभ्यताले गर्नुपर्छ, किनभने पाश्चात्य सभ्यताले ल्याएको उत्तर आधुनिकताको दर्शन धेरै हदसम्म मानवता विरोधी छ। स्वप्निलको यो कविताको बकन्तेले स्वचालित बन्दुक खोसेर धाननाचको सांस्कृतिक मोर्चाबाट बन्दुक नबोकेको वैकल्पिक

बहादुरीको अहम् प्रस्तुत गर्छ। यसै गरी 'गुफा र माकुरा' कवितामा सुरुङ र राजा माकुराको बिम्बलाई आख्यानात्मक शैलीमा बुन्दै राजनीतिक नेतृत्वमा हुँदै आएको मूल्य ह्रासको पुनरावृत्त शृङ्खला प्रस्तुत गरिएको छ। हाम्रो समयमा एउटा आम नागरिकको राजनीतिमाथिको विरक्तिपूर्ण अहम्लाई कविताले देखाएको छ। स्वप्निलको 'ओ मेरो प्रिय युद्ध' कविताले युद्धको अहम् र शान्तिको अहम्लाई प्रतिद्वन्द्वीका रूपमा उतारेको छ। कविताको बकन्तेले आफू युद्धको अध्यायबाट अब शान्तिको अध्यायमा प्रवेश गरेको घोषणा गर्छ। युद्धको साङ्घातिक अहम् र बुद्धको शान्तिकामी अहम् एकअर्काका विपरीतार्थक छन्। युद्धसँग आफ्नो साँठगाँठ र सम्बन्ध टुङ्गिएको अहम्पूर्ण घोषणा कवितामा पाइन्छ, तर यो अहम्रहित अहम् हो। तलको उदाहरण हेरौँ–

ए युद्ध
मेरो साथी
यहीँबाट छुट्टिन्छ अब हाम्रो बाटो।

कवि केशव सिग्देलका कविताहरूको विश्लेषण गर्नुपूर्व केही वैचारिक बहस गरौँ। सिद्धान्तकार सरुभक्तले ऐतिहासिक अहंवादको प्रवृत्तिगत अध्ययन गर्ने सिलसिलामाा मानव जातिको समग्र इतिहास तीन मूलभत प्रवृत्तिद्वारा परिलक्षित हुने कुरो उल्लेख गरेका छन्। ती हुन्– प्रभुत्व अहम्, सहिष्णु अहम् र सृजनात्मक अहम्। यसको व्याख्या उनले यसरी गरेका छन्– "मानव सभ्यता निर्माण प्रक्रियामा त्यस प्रकारको अहम् समूहलाई प्रभु अहम् भनिएको हो जुन कुनै सापेक्ष समाजमा शक्ति उपासक प्रणालीअनुरूप प्रभुत्व स्थापित गर्न चाहन्छ। सापेक्ष समाजमा प्रभु अहम्द्वारा उपेक्षित र दमित अहम् समुदाय विद्यमान हुन्छ जसलाई सहिष्णु अहम् नामाङ्कित गरिएको हो। तेस्रो प्रकारको अहम् समुदाय जसले यान्त्रिक प्रकृतिको विरोधमा र आंशिक सहयोगमा सृजनशील अन्तर्दृष्टिको विकास गरी अस्तित्वगत हुने गर्छ" (छ, **इतिहासभित्रको...**)। यो सैद्धान्तिक प्रारूपबाट निर्देशित भएर हामी यति बेला कवि केशव सिग्देलका कविताहरू हेर्दै छौँ। यस प्रयोजनका लागि हामीले उनका तीन वटा कविता लिएका छौँ। सरुभक्तले तय गरेको अहम्को त्रयसत्ताको सापेक्षमा भन्नुपर्दा पर्यावरण विरोधी मानवीय प्रवृत्ति प्रभुत्व अहम् हो। मान्छेको विध्वंसकारी चर्तिकला देखेर चुपचाप सही बस्ने प्रकृति/पर्यावरण सहिष्णु अहम् हो। यसै गरी अतिक्रमणकारी मान्छेको प्रभुत्व अहम् र प्रकृतिको सहिष्णु अहम् दुवैको लेखाजोखा गरेर मान्छे र प्रकृतिबीच समधुर सम्बन्ध रहोस् भनी मान्छेलाई पर्यावरणमैत्री बन्न सल्लाह दिने कविको अहम् सृजनात्मक अहम् हो।

कवि सिग्देलको 'एक साँझ' कवितामा बुर्कुसी मार्दै आउने पाठो, धूलो उडाउँदै फर्किरहेका गाई आदि ग्रामीण बिम्बहरूको रचनासँगै वातावरण नै बिथोल्ने विध्वंस चित्रित भएको छ। मानवीय अहङ्कारले बकन्तेको बाको चोला उडाइदिएको छ। यो कवितामा आतङ्क बोकेर आएको एक बीभत्स हत्यारा साँझको विवरण छ। जे होस्, मान्छेकै अहङ्कारको कथा यो कविताले बोकेको छ। 'चराहरूको बिदाइपछि' कवितामा पग्लिएका उराठलाग्दा हिमालहरू

र मान्छेको अन्यायोचित हस्तक्षेपले रूख, गाउँ र आकाश छाडेर भागेका मालचरीहरूको विस्थापनको कथा छ। उनी लेख्छन्–

चराहरू अहिले
गाउँको सिमानामा पुगेर
परपर हेरिरहेछन्
उड्नलाई हो या छोड्नलाई यो गाउँ
हेर्दाहेर्दै
उनीहरू बसेको रूखको डाली हल्लिन्छ
त्यतिन्जेल पखेटा फटफटाउँदै
मालचरीहरू गइसक्छन्।

यो विश्लेषणमा लिइएको तेस्रो कविता 'नदी'-मा प्रकृतिको गीत छ। कविको सृजनात्मक अहम्ले मानव अहङ्कारले मैल्याउन नपाएको नदीमार्फत प्रकृति र पर्यावरणको गीत सुललित भाषामा गाएको पाइन्छ। सदाबहार नदीको सार्वभौम बिम्बलाई दार्शनिक शैलीको भाषास्वरूपमा कविले उभ्याएका छन्। पर्यावरणमैत्री हुन नसकेको मान्छेको चर्चा नगरी कविले यहाँ मात्र नदीको सृजनशील बहावलाई अर्थ्याएका छन्। एक उदाहरण हेरौँ–

जीवनको चित्र बनाउने कुचीजस्तो
पृथ्वीलाई क्यानभास बनाएर दौडिरहन्छ नदी
हिमालको उचाइ र समुद्रको गहिराइबीच सेतु भएर
सिङ्गै जीवन बगिरहेको हुन्छ नदी।

बिग्रँदो पर्यावरण तथा चराचुरुङ्गी, जीव र वनस्पतिमाथि मान्छेका तर्फबाट भइरहेको अहङ्कारपूर्ण विध्वंसात्मक हस्तक्षेपप्रति गम्भीर चिन्ता बोकेका कवि सिग्देलका कविताले प्रकृतिभित्रै निरोधात्मक उपाय देखेको पाइन्छ। तसर्थ उनी नदीको गीत गाउँछन्।

यो लेखका निम्ति लिइएका कविहरूमध्ये अन्तिम कवि रावतको कविता 'जवाफदेही'-मा जनजीविकाको प्रत्याभूतिको आग्रहसहित श्रमजीवी अहम्को गीत गाइएको छ। सरुभक्तको अहंवादी व्याख्यामा 'अर्थ (सम्पत्ति) मानव जातिको आविष्कार भएको हुनाले मानवीय चेतनामा अर्थद्वन्द्व हुन्छ, तर अर्थबाहेक मानवीय द्वन्द्वका अन्य प्रचुर भूमि हुन्छन्' (ध, **इतिहासभित्रको**...)। सरुभक्तले मार्क्सवादीहरूले भन्ने गरेको आर्थिक द्वन्द्वको सिद्धान्तलाई स्वीकार गरेको पाइन्छ। रावतको कविता 'जवाफदेही'-मा राष्ट्रिय अहम्का निम्ति गरिब नेपाली निम्नवर्गीय किसानसँग भग्नावशेष मात्र बाँकी रहेको भुत्रो टोपी छ। त्यो टोपी यदि उसले आर्थिक अभावको नाउँमा त्यागिदियो भने टोपीयुक्त राष्ट्रियताको हैसियत के होला भन्ने एउटा अनुत्तरित सबाल्टर्न प्रश्न रावतले विद्यमान आर्थिक तथा राजनीतिक प्रणालीका सञ्चालकलाई सोधेका छन्। उनको यो प्रश्नमा वर्गीय अहम् छ। यो कविताले यो राष्ट्रका धुकधुकीजस्ता टोपी, झन्डा र गुराँसको पहरेदारी गर्ने श्रमजीवी जनताको सङ्कटपूर्ण आर्थिक अस्तित्वको

अहम्लाई सरल तर शक्तिसम्पन्न मौलिक पदावलीमार्फत प्रकट गरेको छ। एक उदाहरण हेरौँ–

अभिमानको नाममा
मसँग बाँकी–
एउटा भुत्रे टोपी छ
जसलाई तुन्दातुन्दा मेरो शिरमा
टोपी हैन, धागो मात्र बेरिएको छ
यदि अभावको नाउँमा मैले
टोपी त्यागिदिएँ भने के हुन्छ?
जवाफ दिनुपर्ने छ–
टोपी पहिऱ्याइदिनेले।

गरिबीको समाधान नहुने हो भने राष्ट्रियताको धरोहर किञ्चित् सुरक्षित नहुने अहम्पूर्ण श्रमजीवी अभिव्यक्ति यो कवितामा अभिव्यञ्जित छ।

'राजधानीमास्तिरको राजधानी' कवितामा रावतले परम्परागत तामाङ बस्तीमा पाइने प्रेमको मौलिक नमुनासहित आदिवासी जनजातिहरूको सांस्कृतिक अहम्लाई प्रकट गरेका छन्। माथि बारम्बार दोहोऱ्याएर भनेजस्तै यो अहम् नकारात्मक, परपीडक र विध्वंसात्मक कदापि होइन। चेतना र समृद्धिको मिर्मिरेसम्म पनि आइनसकेको आदिवासी तामाङ बस्ती र राजधानी काठमाडौँबीचको विपर्यासलाई कविताले बुनेको छ। इतिहासमा तामाङ समुदायमाथि विगतका राज्यव्यवस्थाहरूबाट भएको अवहेलना र बहिष्करणको विषयलाई पनि कविताले उठाएको छ। एक उदाहरण तल छ–

ओइ डोल्मा!
अझ यो काफलको रूखमा चढेर हेर् त!
तेरो ढुङ्ग्रीजत्रै देखिन्छ– उः ... त्यो राजधानी
जसको सुरक्षार्थ खटिएझैँ
वरिपरि डाँडामा उभिएका हामी
चौकीदारसिबाय केही देखिएनौँ त्यहाँबाट
भरियासिबाय केही देखिएनौँ त्यहाँबाट
दाससिबाय केही देखिएनौँ त्यहाँबाट।

वर्तमान नेपाली समाजको सृजनशील जनजातीय अहम्लाई यो कविताले प्रेम, पहिचान र संस्कृतिसँग जोडेर ग्रामीण लयमा प्रस्फुटन दिएको छ। यसलाई राज्यव्यवस्थाले व्यवस्थापन गर्नुपर्छ। अहम्हरूको सकारात्मक र सृजनशील प्रवाहीकरण हुन सकेन भने गन्तव्य नकारात्मक र विध्वंसात्मक हुन सक्छ।

प्रिय पाठक! यसरी हामीले अर्थ महोत्सवमा विश्वास गर्दै अहम्/इगोट्रोनको ऐकिक समालोचकीय नमुनाबाट १८ जना नेपाली कविका केही कविताहरूको सृजनशील पठन गऱ्यौँ।

यो एउटा सानो प्रयत्न हो। हामीलाई थाहा छ, यो एकाइको प्रयोगबाट मात्र यी कविताहरूको अर्थ आविष्कार कदाचित् पूरा हुँदैन। अर्थका अन्य अघोषित आयामहरू छोपिएका छन्। यद्यपि हामीले दुई वटा इमानदार प्रयत्न गरेका छौँ। पहिलो पाठकृतिको सिद्धान्तपरक पठन र दोस्रो एक ऐकिक पद्धतिमार्फत विश्लेषणको अभ्यास। अन्तमा चक्रव्यूह सञ्चेतनाको घोषणापत्रबाट यी वाक्यहरू सापटी लिएर भनौँ– "अर्थहरूको खोजी अभियान भाषिक चक्रव्यूहभित्रको फसाइ हो जसबाट उम्केको भ्रम निश्चित अर्थमाथिको दाबी हो" (१७५, ऐकिक...)।

अर्थ महोत्सव जिन्दाबाद!

## सन्दर्भसूची

इमर्सन, राल्फ वाल्डो, 'द पोएट', **क्रिटिकल थ्योरी सिन्स प्लेटो**, सम्पा. हजार्ड एडम्स, फोर्टवर्थ: एचबीजेसी, सन् १९९२।

सरुभक्त, **इतिहासभित्रको इतिहास**, पोखरा : प्रयोग समूह, २०४१।

---------, **पागल बस्ती**, ललितपुर : साझा प्रकाशन, २०६०।

हाचेकाली, सुरेश, **ऐकिक चक्रव्यूह समालोचना**, ललितपुर : साझा प्रकाशन, २०७४।

◆



*कृष्ण मानन्धर*

**कृतिपरिचय**


केशव सिग्देल

# कन्नडा भाषामा ५० नेपाली कविता



५० जना नेपाली कविका कविता कन्नडा भाषामा अनूदित भएर सङ्ग्रहका रूपमा प्रकाशित भएको छ। यसको अनुवाद र प्रकाशनको काम बेङ्गालुरुस्थित कन्नडा साहित्य परिषद्ले गरेको हो। नेपाली कलासाहित्यको विकास र अन्तर्राष्ट्रियकरण गर्ने उद्देश्यसहित काम गरिरहेको नेपाली कलासाहित्य डटकम प्रतिष्ठानले आफ्नो १५ वर्षे रोडम्यापअन्तर्गत परिषद्सँग साहित्यिक आदानप्रदान गर्ने गरी सन् २०१८ मा सम्झौता गरेको थियो। त्यसकै कडीअनुरूप यसअघि कन्नडाभाषी ५० जना कविका कविताको नेपाली अनुवादसङ्ग्रह नेपाली कलासाहित्य डटकम प्रतिष्ठानले प्रकाशित गरिसकेको छ।

अनुवादसङ्ग्रहलाई **आधुनिक नेपाली कवानागलू** शीर्षक दिइएको छ। सङ्ग्रहमा समावेश भएका सबै नेपाली कविताको कन्नडा र अङ्ग्रेजी अनुवाद राखिएकाले त्यो कन्नडाभाषीका साथै अङ्ग्रेजी भाषा प्रयोग गर्ने पाठकहरूका लागि पनि उपयोगी हुने देखिन्छ। सङ्ग्रहभित्र लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, भूपि शेरचन, तुलसी दिवस, वैरागी काइँला, मञ्जुल, द्वारिका श्रेष्ठ, शैलेन्द्र साकार, नरेश शाक्य, बानिरा गिरी, सरुभक्त, तीर्थ श्रेष्ठ, उषा शेरचन, दिनेश अधिकारी, श्रवण मुकारुङ, विप्लव ढकाल र मोमिलालगायतका ५० जना कवि समाविष्ट छन्।




एउटा अनौपचारिक तथ्याङ्कअनुसार संसारभरि साढे चार करोड कन्नडाभाषी मानिसहरू छन्। संसारको सबैभन्दा बढी प्रयोगकर्ता भएको भाषाको हिसाबले कन्नडा भाषा माथिल्लो सत्ताइसौँ स्थानमा पर्छ। त्यस हिसाबले नेपाली साहित्यको अन्तर्राष्ट्रियकरण गर्ने कडीका रूपमा कन्नडा भाषामा अनुवाद भएर त्यस भाषासाहित्यमा काम गर्ने आधिकारिक संस्थाबाट प्रकाशित हुनुलाई एउटा उपलब्धिका रूपमा लिन सकिन्छ। नेपालको पशुपतिनाथ मन्दिरमा भारतको कर्नाटकका कन्नडाभाषी पुजारी रहने लामो समयदेखिको परम्परा छ। त्यस दृष्टिले पनि कन्नडा र नेपाली भाषाबीच अन्य धार्मिक-सांस्कृतिक सम्बन्धहरू पनि जोडिएको अनुमान गर्न सकिन्छ। त्यो सम्बन्धका


कारण पनि नेपाली साहित्यप्रति कन्नडाभाषीहरूको अभिरुचि बढी रहेको तथ्य कन्नडा साहित्य परिषद्का अध्यक्ष डा. मनु बालिगरले आफ्नो भूमिकामा पनि उल्लेख गरेका छन्।

नेपाली साहित्यलाई गैरनेपालीभाषी पाठकहरूबीच लैजान आवश्यक छ भन्नेमा विमति रहेन। तर विचारणीय कुरा के छ भने संसारको जनसङ्ख्याको ठूलो हिस्सा छिमेकी देश भारत र चीनले ओगटेका छन्। छिमेकमा ठूलो सङ्ख्याले बोल्ने भाषामा आफ्नो साहित्यलाई अनुवाद गराउने प्रयत्न गर्नु उत्तिकै महत्त्वपूर्ण छ, किनभने भौगोलिक रूपमा टाढा र सांस्कृतिक रूपमा भिन्न पाठकहरूभन्दा भौगोलिक र सांस्कृतिक सामीप्य रहेका पाठकहरूका लागि हाम्रा सृजनाहरू बढी रुचिकर र पठनीय हुन सक्छन्। यस दृष्टिबाट हेर्दा पनि प्रस्तुत अनुवाद सङ्ग्रहलाई एउटा उपलब्धिका रूपमा लिन सकिन्छ।

◆

केशव सिग्देल

# 'क्लाउड्स'-मा देखिएको सिर्जनाको उज्यालो




नेपालमा अङ्ग्रेजी भाषामा साहित्य सिर्जना गर्ने परम्परा त्यति लामो होइन। अङ्ग्रेजी माध्यममा पढाइ हुने स्कुल-कलेजहरूको स्थापना र नेपालको बाह्य संसारसँगको अन्त:क्रिया सहज हुँदै गएपछि पछिल्लो समय नयाँ पुस्ताका प्रतिभाशाली युवाहरूले त्यो आयामलाई विस्तारित गर्ने काम गर्दै गएका छन्। नेपाली सर्जकहरूले मूल रूपमै अङ्ग्रेजीमा सिर्जना गर्दा नेपाली साहित्य सजिलो गरी गैरनेपालीभाषी पाठकहरूमा पुग्न सक्ने भएकाले हिजोआज त्यस्ता लेखक र तिनको लेखनले तुलनात्मक रूपमा बढी पाठक र चर्चा पाउने गरेका पनि छन्। यद्यपि त्यस्ता लेखनमा नेपाली मौलिकता कति छ भन्नेबारे पनि प्रश्न उठ्ने गरेका छन्।

यही मेसोमा आयाम बस्नेतले आफ्नो पहिलो साहित्यिक कृतिका रूपमा **क्लाउड्स** (२०७६) शीर्षकमा आफ्ना अङ्ग्रेजी कविताहरूको सङ्ग्रह प्रकाशनमा ल्याएका छन्। ५५ वटा छोटा कविता अटाएको यो सङ्ग्रह काव्यिक अभिव्यक्ति र भाषिक पकडको हिसाबले

पनि अब्बल देखिन्छ। कवितामा समय चेतना, जीवनका विरोधाभासहरू कविताका प्रमुख विषयका रूपमा देखा पर्छन्। सृजनात्मक व्यक्तित्व र सामाजिक व्यक्तित्वबीच आफू कहाँ छु भनेर कविले खोज्ने प्रयास गरेका छन्। कवितामा परिवर्तनको सार्वकालिक धर्मलाई स्वीकार गरिए पनि त्यो परिवर्तनमा आफ्नो स्वत्वको निर्माण कसरी गर्न सकिन्छ भन्ने चिन्तन नै यसमा सङ्गृहीत कविताको मुख्य सार हो जस्तो देखिन्छ।

आयामका कविताहरू कुनै विषय वा घटनाको यान्त्रिक वर्णनमा सीमित नभएर त्यसमाथि चिन्तनलाई यथेष्ट स्थान दिइएको छ। मानिसको जीवन र त्यसको अस्तित्वको क्षणभङ्गुरतामाथि, सृष्टिको नित्य र अनित्य धर्ममाथि, सृजना र संहार चेतनामाथि उनले काव्यिक दृष्टि दिएका छन्। यिनै विरोधाभासहरूलाई मथेर उनी काव्यिक सौन्दर्यको निर्माण गर्छन्। कवि ठान्छन्, सबै कुरा एउटा संरचनाभित्र रहेर मात्र अर्थपूर्ण हुन्छ। रारा तालको अवलोकन गरेपछि एउटा तन्नेरी मन त्यसको दृश्य स्वरूपको मादकतामा लट्ठिए पनि त्यसैमा मात्र सीमित हुँदैन। प्राकृतिक सत्ताको विरोधाभासलाई उनी यसरी शब्दमा व्यक्त गर्छन्–

नीलो छ दिन
लालीमय छ साँझ
र रात्रि निस्पट्ट कालो छ
तरल र लचक तर पनि अपरिवर्तनीय। ('अ भिजिट टू रारा', पृष्ठ १०)

उनका कविताहरूमा सृजनात्मक अवकाश र अवरोधका सङ्घर्षहरू पनि देखा पर्छन्। 'थ्रू माई आइज' शीर्षकको कवितामा उनी लेख्छन्–


शाब्दिक विचारहरू
मैभित्र नाच्छन्
जसै म आँखाले हेर्छु
सौन्दर्य देख्न थाल्छु। (पृष्ठ २१)

यो संसार क्षणभङ्गुर छ, तर अनित्य छ भन्ने पूर्वीय दर्शनको मान्यतालाई आयामका कविताहरूले राम्ररी पक्डेका छन्। उनी कवितामा कल्पना र वर्णनात्मक शैलीको प्रयोगले एक किसिमको रोमाञ्च उत्पन्न गर्छन् र अन्तिममा नवीन बिम्बको माध्यमबाट सत्यलाई उजागर गर्ने प्रयास गर्छन्। नयाँ पुस्ताका कविको नयाँ प्रयास भए पनि विचारमा उनको राम्रो नियन्त्रण देखिन्छ। उनले परम्परित विचार र बुझाइलाई आफ्नो सत्य ठान्नुको सट्टा दृष्टिकोणहरूको विघटन गराउने र विचारको नयाँ सङ्गठन गराउने उत्तरसंरचनावादी शैलीको प्रयोग गरेका छन्। कविताको विषयवस्तु र त्यसमा प्रयोग भएको शिल्पका बारेमा सङ्ग्रहको सुरुमै प्राध्यापक गोविन्दराज भट्टराईले लेखिदिनुभएको समालोचकीय व्याख्यानले कविताको शक्ति र सामर्थ्य बुझ्न थप सघाउ पुर्‍याउँछ।

◆

ठाकुर बेलवासे

# 'आधि' र पुरुष पीडा



कवि, गीतकार, विशेष गरी मुक्तककारका रूपमा लोकप्रिय बन्नुभएका स्रष्टा उषा शेरचन **तेस्रो रङ्ग** कथाकृति प्रकाशनपछि आख्यानमा लोभिनुभएको छ। **तेस्रो रङ्ग** कथाकृतिमा नेपाली समाजका ससाना कुराहरूलाई कथामा बुनेसँगै पाठक र शुभेच्छुकको मायाबाट हौसिनुभएकी शेरचन उपन्यासकारका रूपमा अहिले पाठकका बीचमा चर्चामा हुनुहुन्छ। २०७६ असारमा उहाँको पहिलो उपन्यास कृति **आधि** बजारमा आएको थियो। चार दशकभन्दा लामो निरन्तरको साहित्य साधना र उत्कृष्टताप्रतिको सचेतनाले उषा दिदीलाई उपन्यासकारसम्म बनायो।

**आधि**ले पीर, चिन्ता, मानसिक चिन्ता, बन्धकी, धरौटी यी र यस्तै अन्य नाम अर्थ बोक्छ। उल्लिखित जुन नाम दिए पनि उपन्यासले बोक्ने कथालाई सुहाउँछ। साहित्यिक बनाउनका लागि 'आधि' उचित लाग्छ। 'आधि'-ले बोक्ने अर्थबाटै उपन्यासको कथाबारे अनुमान लगाउन सकिन्छ।


पीर लोग्ने मानिसको पनि हुन्छ, पीर स्वास्नी मानिसको पनि हुन्छ। स्वास्नी मानिस र लोग्ने मानिसको पीरमा आकाशजमिनको फरक छ, कारण स्वास्नी मानिसको पीरको उपज संसारभर लोग्ने मानिस हुन्छ भने लोग्ने मानिसको पीरको कारक स्वयम् आफै।

**आधि**ले स्वास्नी मानिसको पीर, चिन्ता, जीवन बन्धकी र जीवन धरौटीको कथालाई उत्खनन गरेको छ। एउटी महिला आफ्नो जीवनलाई बन्धक राखेर विवाहको नाममा पुरुषको घर सजाउन पुग्नुपर्छ। मानव सभ्यताले यसलाई ग्रहण मात्रै गरेन, प्राकृतिक नै मानिदियो र पो! होइन भने कल्पना गरौँ त, पुरुष महिलाको घरमा जानु परेको भए? महिलाको मन बुझाउन हरकाम गर्नुपरेको भए? पानीको तिर्खा लागेजस्तो यौन तिर्खा मेटाउन महिलाको अनुकूलतामा सुतिदिनुपर्ने भए? सम्झौँ न, गर्भवतीको कुरा नगरौँ। बच्चालाई दूध मात्रै चुसाउनुपर्ने भएको भए? पुरुषले एक पटक यी कुरा सोच्न पनि सक्दैनन्, सक्दैनौँ। यस कारण पुरुष र महिलाका समस्या र पीडा समान देख्ने दृष्टि सर्वथा गलत छ। उपन्यासले महिला जीवनका अत्यन्तै मसिना पीडा र समस्यालाई सहतमा ल्याउने काम गरेको छ।

म पात्र अर्थात् चाँदनी ग्रामीण भेगको सुसंस्कृत मध्यम परिवारमा जन्मिएर हुर्किंदै गरेकी हुन्छिन्। बच्चा उमेरमै आफ्नै काका पर्ने पशुमानवबाट चाँदनी बलात्कृत भएपछिको उनको जिन्दगीका कष्टहरूमाथि उपन्यास केन्द्रित छ।

हठात् एउटी किशोरी काठमाडौँ जान हताश मानसिकतामा बसपार्कमा छटपटिइरहेको दृष्यको पहिलो अध्यायमा गरिएको वर्णनले पाठकमा कौतूहल बढाइदिन्छ। नवौँ अध्यायसम्म

जिन्दगीका रोमाञ्चकता, खुसी र आनन्दले पाठकलाई कहिले आफ्ना दु:ख त कहिले आफ्ना सुखहरूमा पुऱ्याउँछ।




दसौँ अध्यायमा पुगेपछि गाँसमा ढुङ्गो लागेजस्तो मन चसक्क हुन्छ। सहज मात्रै होइन, लोभलाग्दो जीवन बाँचेकी चाँदनीले विगत कोट्याउन थालेपछि उपन्यासले भयावह कथा बोक्छ। लामो कुनै प्रेमबिना भएको विवाह। विवाहपछि दम्पतीमा देखिएको प्रेम। सार्थकले आफ्नी पत्नीप्रति गरेको माया र सम्मान आश्चर्यलाग्दो छ। हरेक महिला-पुरुषलाई डाहा लाग्छ उनीहरूको प्रेम देखेर।

दुर्भाग्य! त्यो प्रेम लामो समय टिक्दैन। ब्याङ्कको जागिरे हुन्छ सार्थक। ब्याङ्कै माया नामकी एउटी महिलासँग उसको प्रेम झाँगिन्छ। यसपछि चाँदनीमा नयाँनयाँ सास्तीहरू थपिन थाल्छन्। अन्तत: पारपाचुके गर्न बाध्य हुन्छिन् चाँदनी। यसपछि पीडित महिलाहरूको संरक्षण गर्ने काममा लागिपरेर समाजसेवीका रूपमा चाँदनी स्थापित हुन्छिन्। उपन्यासमा महत्त्वपूर्ण पात्रका रूपमा कान्छी देखिन्छिन्। अन्य पात्रहरूको उपस्थिति र भूमिका त छँदै छ। उपन्यासको साङ्गोपाङ्ग कथा यही हो।

## किन पढ्ने 'आधि'?

यो अन्यन्तै गलत प्रश्नमाथि चर्चा गर्दै छु। अक्षर या शब्द जुनसुकै विषयमा प्रयोग भएको भए पनि पढ्दा कुनै नोक्सान छैन। **आधि** नपढ्दा पुरुष पाठक आफ्नो कुरूपता देख्नबाट वञ्चित हुने छन्। महिला पाठक समान दु:ख-सन्तापका भयङ्कर रूपहरूको पीडा बोध गर्नबाट विमुख हुने छन्।

सामान्यत: परिचित मानिसका सिर्जना पढिरहँदा उसैको याद आउने या झल्को र सम्झना हुने गर्छ नै। उषा शेरचनसँग सङ्गत गरेका पाठकले **आधि** पढ्दा उहाँको स्वभाव, उहाँको आनीबानी अक्षरमा उभिएको देखिनु सामान्य हुने छ। दिदीलाई ठट्टा औधी मन पर्छ। उहाँ शालीन जोक, रमाइलो गर्नमा अग्रपङ्क्तिमा देखिनुहुन्छ।

आफूजस्तै लेखन र लेखनजस्तै आफू बन्न सक्नुजस्तो सफल लेखक अर्को हुँदैन पनि होला। उपन्यासको नवौँ अध्यायसम्मको प्रेम, सम्बन्ध र जीवन बाँच्ने तरिकामा उषा दिदीले आफूलाई पोख्नुभएको छ।

सार्थकको चटपटे र खुलस्त बानी। कान्छीको बोलिरहने शैली। घरधनीको सहयोगी भाव। सहरको मनमोजी बसाइमा लजालु स्वभावकी चाँदनीको एक्कासि प्रवेशलाई उपन्यासकारले बडो सरल सहज शैलीमा प्रस्तुत गर्नुभएको छ।

बिन्दास जिन्दगी। न रिस न त राग। यो उहाँकै मन्त्र हो। नवौँ अध्यायसम्म यस्तै छ उपन्यास।

सार्थक र चाँदनीको दैनिकीमाथिको शालीन तर लाक्षणिक लेखन शिल्पले पाठकलाई काउकुती लगाउँछ। धैरै उपन्यासकार र कथाकारले उषा शेरचनबाट सिक्नु जरुरी छ– अपाच्य छाडा शब्द प्रयोग नगरी पनि यौन या रासलीलाका बारेमा चर्चा गर्न सकिन्छ।

आम पुरुषको कुरूपता र आम महिलाको पीडा जान्न र बुझ्न पनि यो पुस्तक पढ्नुपर्छ।

## 'आधि' र पुरुष हुनुको पीडा

आमा, छोरी, दिदी, बहिनी, भाउजू, फुपू, काकी र श्रीमती यी सबै नारी। बाबु, छोरा, दाइ, भाइ, फुपाजु, काका र श्रीमान् यी सबै पुरुष। नारी नामले पुरुष नामबाट किन सधैँ त्रसित हुनुपर्ने? पुरुष नामको मानिस कति बेला पशु बन्छ, पत्तो नहुनु नै संसारभरका महिलाको पहिलो दुःख हो। काका नाताको पुरुष पशुले नै चाँदनीको जिन्दगीका सबै सुख र सम्भावनालाई अँध्यारोमा पुऱ्याइदिन्छ। अध्याँरोमा भाग्दाभाग्दै काठमाडौँ भाग्नुपर्छ चाँदनीले। केही समयका लागि सार्थक पुरुष नामको भगवान् बन्दाबन्दै राक्षसमा परिणत हुन्छ। यसपछि चाँदनीमा पुरुषप्रतिको विश्वास टुट्छ। उपन्यासमा वर्णित कथाले त पाठकको पुरुषप्रतिको विश्वास पनि भत्काइदिन्छ।

लोग्ने नाताको कारणले नै चाँदनीका सबै उज्यालाहरू अँध्यारिन्छन्। जिन्दगी जिन्दगी रहँदैन। कान्छीले देखेको घरघरको कथाले मन कुँडिन्छ। श्रीमतीलाई आफ्नै आँखाअगाडि परपुरुषलाई भोग्न लगाएर रमाउनेजस्ता अनेकन् पुरुष चरित्रको व्याख्या र वर्णनले मन सिरिङ्ग हुन्छ। पुरुष नामको अपराध पढिरहँदा पुरुष हुनुको पीडा भएर आउँछ।

## सफल उपन्यासकार

एउटा पाठकको नाताले उपन्यासकारका रूपमा उषा शेरचन पूर्ण सफल हुनुहुन्छ भन्ने देख्छु। यसका कारण छन्–

- लेखन तिलस्मी छैन अर्थात् चटक छैन। चटक देखाउने हो, पढाउने होइन।
- लेखनमा ढाँट छैन। ढाँट्ने राजनीतिले हो, लेखकले होइन। लेखन ऐना हो भन्ने बोध उषा शेरचनमा छ। उपन्यासमा उल्लिखित कुरा खबरहरूमा सधैँ सुनिएका हुन्। खबर साहित्य होइन। सुन्ने, प्रतिक्रिया दिने र छाड्ने हुन्छ। यस्तै विषयलाई साहित्यमा ढालेपछि मन बहुलाउने, आँखा बग्ने बनाइदिन्छ। **आधि**ले यो क्षमता राख्छ।
- उषा प्रकाशकसँग पटक्कै बिक्नुभएको छैन। पछिल्लो समयमा राम्रा लेखकहरू प्रकाशकसँग बिकेका धेरै दृष्टान्त छन्। साहित्य कुनै दोहोरी गीत होइन कसैले आज झुर भन्दा झुर हुने, गजब भन्दा गजब हुने। लेखनको शक्तिले बाँच्छ साहित्य। भाषालाई काइते बनाएर उत्कृष्ट लेखक होइन्छ भन्ने भ्रम उषा शेरचनमा छैन।

– **आधि** कुनै काल्पनिक कथा बोकेको उपन्यास होइन। पछिल्ला वर्षहरूमा संसारमै काल्पनिकता बिक्न छाडेको छ। यसैले जीवनीका पुस्तकहरू धेरै रुचिकर बनेका छन्। मान्छे दुःख र सुखलाई आफूमा रूपान्तरण गर्न चाहन्छ। **आधि**मा उठान गरिएका सबै कथाहरू आम नेपाली महिलाका मात्रै नभएर संसारभरका महिलाका कथा हुन्, संसारभरका पुरुषका हिंसा हुन्। यसैले यो उपन्यासले पीडक र पीडित दुवैको मनभित्रसम्म छुने क्षमता राख्छ।

– लेखनमा लेखकको शैली झल्कनुजस्तो स्वादिलो के होला! **आधि**मा उषा शेरचनको ब्रान्डेड स्वभाव छ। लेखनमा हास्य रसको प्रयोग। जिन्दगीलाई हेर्ने सकारात्मक दृष्टि। पीडाबाट हार नखाई निरन्तर सकारात्मक बन्ने प्रयास र सफलता यस उपन्यासका गुण हुन् जुन कुरा लेखक उषाको व्यावहारिक जीवनमा मुखर देखिन्छ।

औसत लेखन सापेक्ष र निरपेक्ष दुवै हुन्छ। एउटै पुस्तकका चौपट्टै मन पर्ने पाठक र चौपट्टै मन नपर्ने पाठक हुन्छन्। मलाई **आधि** मन पऱ्यो। "मन परेपछि कारण सोध्नु हुँदैन," कवि ईश्वरवल्लभ भन्नुहुन्थ्यो।

◆

ठाकुर बेलवासे

# छोटा कविताको गह्रौँ कृति

नेपाली छन्दोबद्ध कविता लेखनमा आफ्नो परिचय विशिष्ट बनाउन सफल कवि लालगोपाल सुवेदी गद्य कविता लेखनमा पनि भिन्न मानिन्छन्। नेपाली बालसाहित्यमा अब्बल मानिने सुवेदी निबन्ध, मुक्तक अनि गीत सिर्जनामा समेत आफ्नो छुट्टै परिचय बनाउन सफल देखिन्छन्।

सुवेदीको पछिल्लो कविताकृति **रोटीको दन्त्यकथा** छोटा कविताहरूको महत्त्वपूर्ण कृतिका रूपमा पाठकसामु आएको छ। छोटा कविता लेखन शून्यप्रायःजस्तै भएको बेला सुवेदीको यो कृति प्रकाशित हुनुले नेपाली छोटो कविता साहित्यमा ठूलो अर्थ बोक्ने छ।

कवि सुवेदीले आफ्ना छोटा कवितामार्फत खस्किँदै गएको मानव सभ्यता। मान्छेमा हराउँदै गएको मानवीय चेतना अनि व्यापारिकीकरणमा रूपान्तरित समाजमाथि व्यङ्ग्य प्रहार गर्दै मानव जीवनका सन्दर्भमा दार्शनिक दृष्टिकोण प्रस्तुत गरेका छन्।

दृष्टान्त–

किन मेरै देशबाट
हिमालको पानी खेर जान्छ
किन मेरै देशबाट

वीर र बुद्धको कहानी खेर जान्छ
गाउँमा भेटिन्छन्
थोते बूढाबूढी, भेटिन्छन् बाबूनानी
किन मेरै देशबाट
करोडौँकरोड जवानी खेर जान्छ। ('अभिशप्त भूमि')

सङ्ग्रहभित्रको पहिलो कविता हो यो। जति छोटो र सरल छ त्यति भावगाम्भीर्ययुक्त छ। छोटा कविता लेख्न गाह्रो छ, हुन्छ भनिन्छ। कवि सुवेदीले त्यही गाह्रो काम अत्यन्तै सहज ढङ्गबाट गरेका छन्।

५० वटा कविता समेटिएको सङ्ग्रह **रोटीको दन्त्यकथा**भित्रका सबै कविता एकसे एक छन्। सुवेदीको यस सङ्ग्रहका कविताको प्रमुख विशेषता भनेकै सरलता हो। जटिल विषयमाथि सहज ढङ्गबाट कविता सिर्जना गर्न सफल सुवेदीको अर्को कवितांश–

दिनलाई रात बनाएर
रातलाई दिन बनाएर
बाँच्नुपर्ने ठाउँ पनि छ कतै पृथ्वीमा
नगदमा भन्दा उधारोमा
हाँस्नुपर्ने ठाउँ पनि छ कतै पृथ्वीमा
ऋणमा गुड्ने
ऋणमा उड्नेहरूकै
बढ्ता भाउ पनि छ कतै पृथ्वीमा। ('आ मरी खा')


'आ मरी खा' शीर्षकभित्रको यो कविता सामान्य रूपले पढ्दा यसमा कुनै विशेष भाव नभेटिन सक्छ। तर पैसासँग साटिएको मानवता, पैसामा बिकेको हाँसो अनि तडकभडकले ताली खाएको वर्तमान परिवेशलाई आँखामा राखेर यो कविता पढियो भने यसले भौतिकवादी वर्तमान मानव सभ्यतालाई राम्रै झापड हानेको स्वानुभव प्राप्त गर्न सकिन्छ। त्यसो त कवि सुवेदी अमेरिकामा बसोबास गर्नुहुन्छ। आप्रवासीहरूको अमेरिकी जीवन निकै कठिन हुन्छ भनिन्छ। उहाँले यस कवितामा आफ्ना भोगाइ मुखर गर्नुभएको अनुभव पनि गर्न सकिन्छ। तथापि उल्लिखित कविताले भनेजस्तो परिवेश र सन्दर्भ अब विश्वजनीन जस्तै बन्न पुगेको छ।

सङ्ग्रहभित्रका केही कविता मुक्तक बान्कीका लाग्छन्। जस्तो–

रूखझैँ ठिङ्ग उभिँदा
योग विद्याको त्राटक हुन्छ
हाउभाउ र बानी बदल्दा
जीवन महानाटक हुन्छ। ('खबरदारी')

कवि एवम् साहित्यिक पत्रकार विमल भौकाजीले सम्पादन गर्नुभएको यो कविताकृति पढ्न कुनै लामो समय खर्च गरिरहनुपर्दैन। एकाग्र भएर पढ्न बस्यो भने छोटो समयमै सबै कविता पढ्न सकिन्छ। सम्पादक भौकाजी आफ्नो सम्पादकीयको पहिलो अनुच्छेदमा लेख्नुहुन्छ–

कविता लेख्नकै लागि जन्मेजस्तो लाग्छ
मलाई
लालगोपाल।
कविता नलेखेको दिन
सायद यसको आङमा घाम लाग्दैन।




सम्पादक भौकाजीले भनेझैँ लालगोपाल सुवेदी कविता लेखेर कहिल्यै अघाउनुहुन्छ जस्तो लाग्दैन। अमेरिकी व्यस्त जीवनमा पनि उहाँको कविताप्रतिको अनुराग उदाहरणीय देखिन्छ।

सङ्ग्रहमा भूमिका लेख्नुभएको छ समालोचक, कवि एवम् कथाकार महेश पौड्यालले। 'बृहत् अन्तर्दृष्टिका सूक्ष्म कविता' शीर्षकमा पौड्याल लेख्नुहुन्छ– "यस सङ्ग्रहमा उनले आजको समयको शल्यक्रिया गर्न तथा जीवनका मिहिन तर दर्शनिक पक्षको उत्खननमा केन्द्रित भएका देखिन्छन्।"

"छोटा कविता लेख्न सजिलो छ भन्ने चाहिँ होइन। थोरै शब्दमा तीक्ष्णताका साथ धेरै कुराहरू भन्नुपर्ने हुँदा यो जोखिमपूर्ण छ।" कवि सुवेदीको स्वीकारोक्ति हो यो।

सुवेदीले त्यो जोखिम सफलताका साथ उठाउनुभएको छ।

स्वार्थले चुलिँदै आएको आधुनिक मानव सभ्यता। लोभ, क्रोध र पापबाट ग्रसित मान्छे। भौतिक सुखसुविधाका लागि हर अपराध गर्न आतुर विश्व जगत्का कुरा यी छोटा कवितामा पढ्न सकिन्छ। कविताले नेपालको सामाजिक, राजनीतिक अनि सांस्कृतिक चेतमाथि गरेको प्रहारले पाठकलाई उत्तेजित बनाउँछ।

देशकै गहनाले पायो
एक दिन सुनको तक्मा
तर वर्षौंवर्षदेखि नै तक्मा
कैदी बनेको छ बाकसमा
लौन सरकार!
त्यो कैदीलाई
गहना बनाइदिनुपर्‍यो।

◆

मणि लोहनी

# खुसीको खोजमा केन्द्रित 'तृषा'



मानिसको खुसी के हो? यो हतार, भागदौड र माथापच्ची कुन खुसीका लागि हो? किन मानिस खुसीको खोजीमा पारिवारिक विचलन र सम्बन्धहरूको जालझेलमा फसिरहेछ? प्रश्नहरू अनगन्ती छन्। त्यसो त जवाफ सजिलो छ। सन्तोष नै सबभन्दा ठूलो खुसी हो। तर यही सजिलो जवाफलाई पनि आत्मसात् गर्न असमर्थ छ मानिस। जवाफ बुझेर पनि खुसीका लागि मानिसको भागदौड र खोजी जारी छ। र, यही खुसीको पछि भागिरहेको मानिसको कथा समेटिएको उपन्यास हो **तृषा**। गीत र मुक्तक लेखिरहेकी सुशीला पौडेलले नपत्याउँदो किसिमले आख्यानमा नारी जीवन र चाहनालाई उतारेकी छन्।


खुसीका लागि मानिसलाई मान, प्रतिष्ठा, सम्पत्ति र सम्बन्धहरू मात्र पर्याप्त छैनन्। केके खोजी बस्छ मानिस र आफै दु:खी भइरहन्छ। सब थोक भएर पनि केके हुँदैन मानिससँग। भौतिक रूपमा पूर्ण छ, तर मन खाली छ। र, मानिसको रित्तो मनले खुसी खोजिरहेको हुन्छ। आफ्नो अस्तित्वको खोज मानिसको पहिलो सर्त हो। तर खुसीको खोज मानिसको जैविक र आत्मिक खोज हो। मान, प्रतिष्ठा, सम्पत्ति र सम्बन्धहरू आफ्नो अस्तित्वअनुकूल मानिसले समेट्दै जान्छ। तर खुसी कहाँ, कतिखेर, कसरी मिल्छ; केही पत्तो हुँदैन।

आफ्नो सफलता र प्राप्तिका लागि यात्रारत मानिसले कहाँनेर परिवार छाडिरहेछ, हेक्का पाउँदैन। कहाँनेर जिम्मेवारीबाट चिप्लिरहेछ, पत्तो पाउँदैन। कहाँनेर खुसी चुहिरहेछ, ज्ञान हुँदैन। निरन्तरको प्रयासले एकपछि अर्को सफलताको शिखर त चुम्छ मानिसले तर यतै कतै छाडेको परिवार र सम्बन्धबाट ऊ निकै पर पुगिसकेको हुन्छ। अनि जहाँ पुगेको छ त्यहीँबाट खुसीका लागि प्यासी रहिरहन्छ।

**तृषा** एउटी महिलाको यौन मनोविज्ञानमा केन्द्रित उपन्यास हो। यसभित्र नारी संवेदना र उद्वेलनहरू छन्। एउटी स्वास्नीमानिस जो सही र गलतबारे पूर्ण जानकार छे। कति कुराहरूमा उसलाई आफूले गलत गरिरहेको आभास पनि छ। आफू सच्चिनुपर्छ भन्ने उसलाई थाहा छ र पनि ऊ त्यही 'गलत'-तर्फ आकर्षित भइरहन्छे। चाहेर पनि निक्लन नसकेको उसको यो अवस्था के प्रेम हो?

त्यसो त **तृषा**मा प्रेमको बेग्लै खोज छ। उपन्यासकार सुशीला पौडेलले चलनचल्तीमा देखिएका औसत प्रेमलाई प्रेम मानिरहेकी छैनन्। उनलाई अहिले प्रेम नै छैन भन्ने लागेको छ। प्रेमको अफबाह त छ तर प्रेमको त्यो भावनात्मक र संवेदित अवस्था सुशीला भेट्दिनन्। उनी आफ्ना पात्रहरूको माध्यमबाट समाजको बदलिँदो अवस्था र प्रेमको नाममा अस्थिर हुँदै गएको पारिवारिक सम्बन्धलाई केलाउँछिन्। उपन्यासकार सुशीला परिवारसँगको प्रेम र सन्तुष्टि नै खुसीको अन्तिम आधार हो भन्नेमा प्रस्ट छिन्। त्यही भएर पनि उनले लोग्नेस्वास्नीको

सम्बन्धलाई आदर्शका रूपमा मात्र बुझ्न नहुने बताउँछिन्। जीवन जिउने क्रममा र सामाजिक-आर्थिक हैसियत बढाउने क्रममा लोग्नेस्वास्नीका सम्बन्धमा आउने छिद्र नै विचलनको प्रमुख कारण हो। त्यही छिद्रमा आफ्नो भूमिका खोज्नेहरूको बिगबिगी छ समाजमा। उपन्यासमा उनले त्यही छिद्रमा आआफ्नो भूमिका खोज्नेहरूबाट प्रताडित परिवारको कथा भनेकी छन्।




गीत र मुक्तकको क्षेत्रमा परिचित नाम हो सुशीला पौडेल। उनले लेखेका प्रणय र प्रेमका गीत-मुक्तक चर्चामा पनि छन्। उनको साहित्यिक सक्रियता तीव्र छ। तर **तृषा** उपन्यास बजारमा आएसँगै उनीभित्रको लेखकीय क्षमता अग्लिएको छ। उपन्यासले उनको परिचय मात्र बढेन, उनलाई हेर्ने आम दृष्टिकोण पनि बदलियो। गीत र मुक्तकमा रङमङिएकी एक स्रष्टाले आफ्नो क्षमतालाई अजमाएकी छन् **तृषा** उपन्यासमा।

मातृसत्ताको अवसानपछि पितृसत्ताद्वारा महिलामाथि थोपरिएको बन्धनको बोझ उपन्यासको आधारभूमि हो। **तृषा**भरि उपन्यासकार सुशीलाले निसास्सिएको, गुम्सिएको र उकुसमुकुसिएको नेपाली समाजलाई लेखेकी छन्। यही समाजमा बाँचिरहेका आजका महिला र उनका चाहनाहरूलाई उतारेकी छन्। उनले महिलालाई महान् वा शक्तिशाली देखाउने बहानामा बलजफ्ती 'अब्बल' बनाउने काम गरेकी छैनन्। जस्ता किसिमका महिलाहरू हाम्रो समाजमा छन् उनीहरूकै कथा उपन्यासमा उतारेकी छन्।

**तृषा**की प्रमुख पात्र प्रमीलासँग नेपाली समाजका अधिकांश महिलाको अनुहार मिलेजस्तो लाग्छ। पितृसत्ताको थिचोमिचो र त्यसले समाजमा पारेको असरको पछिल्लो तस्बिर हो यो उपन्यास। समग्र नारी अस्मिताको कथा **तृषा**की प्रमुख पात्र प्रमीलाले बोलेकी छ। पितृसत्ताका जीवन्त प्रतीकको अभिमान र स्वेच्छाचारिताको छिद्र समाजमा बढ्दै गएको छ। त्यही छिद्रबाट परिवारभित्र खलपात्रको प्रवेश हुने खुलासा **तृषा**मा गरिएको छ। पितृसत्ताको प्रतीकात्मक पात्र प्रमोदलाई उपन्यासकारले यथार्थको धरातलमा उभ्याएकी छन्। उपन्यासभरि प्रमोद र प्रमीला दुवै मानसिक र भौतिक रूपमा प्रताडित छन्। यो अहिले समाजमा भइरहेकै घटना हो। हरेकले आफूले गरेको कर्मको फल भोग्छ। उपन्यासको अन्त्य मार्मिक ढङ्गबाट भएको छ।

यो स्वास्नीमानिसको जीवन र सम्बन्धलाई उजागर गरेर पुरुषलाई सचेत हुन आग्रह गरिएको उपन्यास हो। **तृषा**मा महिलाप्रतिको पितृसत्तात्मक क्रूर शासन प्रवृत्ति उजागार छ। त्यसै गरी बेलैमा आफूलाई सुधारेर आफ्नो सत्ता सुरक्षित बनाउन पितृसत्तालाई सचेत पनि गराइएको छ।

समाज बदलियो। हिजो अशिक्षित रहेका महिलाहरू आजकाल शिक्षित हुन थाले। तर हिजो अशिक्षित महिलामाथि शासन गर्ने पुरुष प्रवृत्ति आज पनि बदलिएको छैन। आजका शिक्षित महिलामाथि पनि शासन गर्न पुरुष उद्यत हुनाले नै पारिवारिक दुर्घटनाहरू हुने गरेका छन्। एक अर्काको सम्मानमा नै सम्बन्धको सन्तुलन कायम रहनु उपन्यासको सार हो। अभावको आभास हुन नदिन दुवैको समान भूमिका रहने उपन्यासले प्रस्ट पारेको छ।

सरल भाषा र वाक्यविन्यासले उपन्यासलाई एकै बसाइमा पढ्न उत्साहित बनाउँछ। प्रमीलाको दोधारे स्वभावले बेलाबेलामा केही पाठकलाई दिक्क लगाउन सक्छ। तर उसको चरित्र चित्रणका लागि त्यो आवश्यक थियो भन्ने अन्तिमतिर पुगेपछि प्रस्ट हुन्छ।

पुरुषलाई गाली नगरी नारीको पक्षमा सुशीला उभिएकी छन्। उपन्यासको सुन्दर र शक्तिशाली पक्ष नै यही हो। उपन्यासभरि कतै पनि उनले सही-गलतको वकालत गरेकी छैनन्। मात्र जे देखिएको छ, जस्तो छ अहिलेको समाज त्यही लेखेकी छन्। सही-गलतको फैसला गर्न पाठक स्वतन्त्र छन्।

आख्यानको एउटै कृति प्रस्तुत गरेर यस क्षेत्रमा आफ्नो सबल उपस्थिति देखाउनु सुशीलाको सफलता हो। आख्यानमा देखिएको उनको उपस्थितिले उज्यालो भविष्यको सङ्केत गरेको छ।

◆


महेश कार्की क्षितिज

# ज्ञानूको समालोचनामा बौद्धिकताको आयाम



ज्ञानू अधिकारी (२०३५) नेपाली समालोचना लेखनलाई रहरका रूपमा लिने समालोचक हुनुहुन्छ। समालोचनाले आफ्नै राजमार्ग निर्माण गर्नुपर्छ भन्ने मत अधिकारीको रहेको छ। समालोचना लेखनमा आएका हरेक चुनौतीलाई स्वीकार गर्ने अधिकारी त्रिभुवन विश्वविद्यालयअन्तर्गत पद्मकन्या क्याम्पसमा नेपाली भाषासाहित्य प्राध्यापन गर्नुहुन्छ। विश्वविद्यालय तहका पाठ्यवस्तुसँग सम्बन्धित समालोचनाका पुस्तकहरू लेखिसक्नुभएकी समालोचक अधिकारी विभिन्न कार्यक्रमहरूमा समालोचनाका कार्यपत्रहरू पनि प्रस्तुत गरिरहनुभएको छ र पत्रपत्रिकामा उहाँका समीक्षा-समालोचना पनि छापिइरहेका छन्। **प्रायोगिक समालोचना : केही प्रतिरूप** (२०६७), **नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण** (२०६८), **नेपाली कथाको इतिहास** (सहलेखन, २०६९), **सृजन विधाका परिवृत्तमा सनत रेग्मी** (२०७०), **विश्व नारी नेपाली साहित्य : परम्परा र प्रवृत्ति** (२०७१), **पाश्चात्य साहित्य : इतिहास, परम्परा र प्रवृत्ति** (२०७१), **भीमनीधि तिवारीको गजलकारिताको विश्लेषण** (२०७२), **वर्ष साहित्य**

**पुस्तक २०७१**, **वर्ष साहित्य पुस्तक २०७१** र **नेपाल प्रज्ञाप्रतिष्ठानको गौरवमय साठी वर्ष** (२०७३) कृतिका साथै विभिन्न अनुसन्धान, कार्यपत्र र सयभन्दा बढी फुटकर समालोचनाजस्ता थुप्रै समालोचना विधामा कलम चलाइरहनुभएकी समालोचक ज्ञानू अधिकारीको पछिल्लो **साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना** कृति बजारमा आएको छ। यस समालोचना कृतिमा सिद्धान्त खण्ड, प्रवृत्तिगत विश्लेषण खण्ड, स्रष्टा र सृजना खण्ड गरेर तीन वटा खण्डमा समालोचनाहरू राखिएको छ।




पहिलो खण्डमा दुई वटा सिद्धान्त क्रमशः 'साइबर समालोचना : मान्यता र विकास' र 'नारीवाद र नारी समालोचना' रहेका छन्। प्रविधिको विकासले सामाजिक जनजीवनमा आएको प्रत्यक्ष परिवर्तनबाट प्रारम्भ भएको साइबर समालोचना कसरी साहित्यिक कृतिको विश्लेषण गर्ने अवधारणा बन्न सक्छ भन्ने विश्लेषणको प्रारूप प्रस्तुत गरिएको छ। कृति विश्लेषणका लागि यो साइबर सिद्धान्तको अवधारणाले समालोचना एवम् शोधकार्य गर्न लागिरहनुभएका अध्येताहरूलाई ठूलो सहयोग पुऱ्याउने छ।

नेपाली साहित्यमा एमफिल गर्नुभएकी समालोचक अधिकारीसँग सांस्कृतिक अध्ययनको गहिरो ज्ञान भेटिन्छ। पूर्वीय र पाश्चात्य साहित्यका सिद्धान्तमा धेरै कृति र समालोचना लेखिसक्नुभएकी अधिकारीको 'नारीवाद र नारीवादी समालोचना' शीर्षकको समालोचनाले उहाँको समालोचकीय आयामलाई चिन्न सकिन्छ। यो समालोचनामा नारीवादको व्युत्पत्ति र अर्थ देखाउँदै नारीवादी समालोचनाको विकास, धारा, प्रकार र मान्यताहरू गहन रूपमा प्रस्तुत गरिएको छ।

दोस्रो प्रवृत्तिगत विश्लेषण खण्डमा छ वटा समालोचना रहेका छन्। 'समकालीन नेपाली कवितामा साइबर चेतना' शीर्षकको समालोचनामा नेपाली कवितामा साइबर संस्कृति कसरी आएको छ भन्ने कुरालाई अग्रज कवि र युवा पुस्ताका कविहरूका कविताको अध्ययन गरेर प्रयोग पनि गरिएको छ। यस समालोचनामा साक्ष्यका रूपमा राखिएका कवि र कविताको अध्ययनले पनि अधिकारीको खारिएको समालोचकीय आयाम प्रस्तुत गरेको छ। 'उत्तरवर्ती नेपाली नारीकवितामा प्रवृत्तिगत वैविध्य' शीर्षकको समालोचनामा नारी जीवनका विविध भोगाइको अभिव्यक्ति, नारी अस्तित्व र नारी स्वतन्त्रताको खोजी, मातृत्व चेतनाको अभिव्यक्ति, सामाजिक तथा राजनीतिक विसङ्गतिप्रति व्यङ्ग्य, अभिघात भोगाइको अभिव्यक्तिलगायतका विभिन्न प्रकारका अवधारणा राख्दै ती अवधारणालाई प्रमाणित गर्नका लागि नारी कविका

कवितालाई साक्ष्यका रूपमा राखेर विश्लेषण गरिएको छ। 'नेपाली नारी साहित्यको प्रारम्भ, विकास र विस्तार' शीर्षकको समालोचनामा नारी साहित्यका विभिन्न चरणहरू प्रस्तुत गरिएको छ। 'नेपाली नारी समालोचनाका प्रवृत्ति' शीर्षकको समालोचनामा नारी समालोचनाका क्षेत्रमा देखिएका विभिन्न प्रवृत्तिहरूलाई विभिन्न शीर्षक दिएर विश्लेषण गरिएको छ। 'समकालीन नेपाली नारीकथामा नारीवादी प्रवृत्ति' शीर्षकको समालोचनामा समकालीन नारी कथाकारका कथामा पाइने नारीवादी प्रवृत्तिको विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ। 'उत्तरवर्ती नेपाली नारीकथामा समसामयिक चेतना' शीर्षकको समालोचनामा उत्तरवर्ती नेपाली नारी कथाको पृष्ठभूमिको चर्चा गर्दै विभिन्न उपशीर्षक दिएर विभिन्न नारी कथाकारका कथालाई साक्ष्यका रूपमा प्रस्तुत गर्दै विश्लेषण गरिएको छ। दोस्रो खण्डमा रहेका यी प्रवृत्तिगत समालोचनाले नेपाली समालोचना लेखनमा रुचि राख्ने र अनुसन्धनात्मक कार्यमा लागेका शोधकर्तालाई महत्त्वपूर्ण सामग्री बन्न सक्छन्।

समालोचना कृतिको तेस्रो तथा अन्तिम खण्डमा स्रष्टा र सृजना खण्ड प्रस्तुत गरिएको छ। यस खण्डमा 'मोतीराम भट्टको सृजनधर्मिताको बहु आयामिक विश्लेषण', 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारी पात्रको उपस्थापन' र 'यौन, नारीवाद र विसङ्गत लेखनमा प्रेमा शाह'-जस्ता तीन वटा समालोचनालाई समेटिएको छ।

'मोतीराम भट्टको सृजनधर्मिताको बहु आयामिक विश्लेषण' शीर्षकको समालोचनामा मोतीरामको जीवनवृत्त, सृजनधर्मिता, काव्यकारिता, कृति र प्रमुख प्रवृत्तिलगायतका विभिन्न उपशीर्षक दिएर मोतीराम भट्टको बहु आयामिक सृजनधर्मिताको विश्लेषण गरिएको छ। 'विश्वेश्वरप्रसाद कोइरालाका कथामा नारी पात्रको उपस्थापन' शीर्षकको समालोचनामा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित कथाहरूमा प्रयुक्त नारी पात्रको विश्लेषण गरिएको छ। कथामा नारी पात्रलाई लेखकले कसरी उपस्थित गराएका छन् भन्ने प्रसङ्गलाई विभिन्न शीर्षक दिएर कथांशसहित नारी पात्रको चरित्र प्रस्तुत गरिएको छ। 'यौन, नारीवाद र विसङ्गत लेखनमा प्रेमा शाह' शीर्षकको समलोचनामा प्रेमा शाहको जीवनको आयामलाई समेट्दै उनका कृतिका आधारमा साहित्यिक मूल्य खोजिएको छ। यो मूल्यको खोजीमा हरेक कृतिलाई आधार बनाएर अध्ययन-विश्लेषण गरिएको छ। यसरी १० वटा समालोचना समावेश गरिएको यो कृति नेपाली समालोचना लेखनमा कलम चलाउने र शोध-अनुसन्धान गर्ने शोधार्थीका लागि उपयोगी कृतिका रूपमा रहेको छ।

◆

एलिसा ढुङ्गाना

# 'मृत्युको अघिल्तिर' जीवनको उज्यालो



अहिले सर्वत्र त्रास र भय छ। कोरोना भाइरस अर्थात् कोभिड-१९ का कारण सारा विश्व प्रताडित छ। विश्वभर महामारीका रूपमा फैलिएको यस भाइरसका कारण मृत्युको भयले मानव समुदाय त्रसित छ। यस्तो बेला म पढिरहेकी छु– **मृत्युको अघिल्तिर**।

पुस्तकको नाम सुन्दै कस्तोकस्तो हुने! मृत्युको भय भनौँ कि शाश्वत मृत्युको आहत भनौँ। तर कविताको यो पुस्तक हातमा पर्दा मलाई झैँ भिन्न अनुभूति जोकोहीलाई पनि हुने छ। मसिना र छोटा कविताहरूको यस पुस्तकमा मृत्युको डरभन्दा बढी जीवनको उज्यालो भेटिन्छ। जीवन जिउने क्रममा मानिसले भुलिरहेका कैयौँ सत्यहरूसँग आत्मसात् गरिन्छ। कविताको माध्यमबाट जीवन जिउने कलासँग साक्षात्कार भइन्छ।


जन्म र मृत्यु निश्चित छ, अरू सब अनिश्चित। तर हरेक मानिस मृत्युप्रति लगभग बेखबरजस्तै बनेर बाँचिदिन्छ। त्यसो त पलपलमा मृत्युको भय लिएर बाँच्न पनि सकिँदैन। तर मृत्युको भयबाट ग्रसित भएर होइन, मृत्युको सत्यसँग आत्मसात् गरेर जिउन कवि मणि लोहनीले सुझाएका छन् आफ्नो पछिल्लो कविताकृति **मृत्युको अघिल्तिर**।

नेपाली कविताको क्षेत्रमा मणि लोहनी नयाँ नाम होइन। तीन वटा कवितासङ्ग्रहले उनलाई स्थापित गरिसकेको छ। छोटा र गम्भीर कविताका कारण उनी नेपाली कविताका क्षेत्रमा परिचित छन्। उनका कविताहरू सरल र मनलाई झङ्कार दिने खालका हुन्छन्। नयाँ कवितासङ्ग्रह **मृत्युको अघिल्तिर** उनले आफ्ना पुराना परिचय र विशेषतालाई कायमै राख्दै मृत्युमाथिको चिन्तनलाई विशेष जोड दिएको देखिन्छ। आफ्ना मसिना-साना कविताको माध्यमबाट उनले जीवनका सत्यहरू उजागर गरेका छन्। उनी कवितामार्फत पाठकको मन र मस्तिष्कमा प्रवेश गर्छन् र सजिलोसँग जीवनजगत्का सांसारिकताबाट पाठकलाई अध्यात्मको गहिराइमा डुबाउछन्। उनी कुनै अमुक जात वा धर्मको पक्षमा छैनन्। समग्र चराचर जगत्को हितमा रहेर उनको सृजनशीलता अघि बढेको छ।

नभएको भए मानिस
कहाँ हुन्थे होलान् ईश्वरहरू!
म सोचिरहेछु
मानिस आफू चोइटिएर जोगाइरहेछ ईश्वर
नभएको भए मानिस
के सम्भव छ ईश्वरको अस्तित्व? ('धर्मध्वनि', पृष्ठ ८७)

अवश्यभाम्वी मृत्युलाई नदेखेझैँ गरेर होइन, यसको सत्यलाई स्वीकार गरेर अघि बढ्न यस सङ्ग्रहभित्रका कविताले प्रेरित गर्छन्। 'देशको नाममा', 'प्रेमको लय' र 'जीवनको

उज्यालो' गरेर तीन खण्डमा विभाजन गरिएका ३२ वटै कविता समग्र जीवनको चिन्तन र जीवनको शाश्वत आवाजमा केन्द्रित छन्। मानिस-मानिसको सम्बन्ध, उनीहरूले देख्ने सपना र त्यसको प्राप्तिका लागि राज्यले गरेको असहयोगप्रति कवि मणि लोहनी आक्रामक छन्। उनी कवितामा राज्यसँग अधिकारका लागि विद्रोह गर्छन्। समग्र देशको नेतृत्व गर्नेले आम मानिसको पक्षमा बोल्नुपर्ने र उनीहरूको खुसी र सपनाका लागि प्रतिबद्ध रहनुपर्ने उनको जिकिर छ।




सङ्ग्रहमा रहेका 'अँध्यारोका विरुद्धमा', 'सम्बन्धको पाठशाला', 'जीवनको रीत', 'दर्शन ढुङ्गा', 'मृत्युको अघिल्तिर', 'प्रेमशास्त्र', 'धर्मध्वनि', 'इच्छामृत्यु' यी सङ्ग्रहका सर्वोत्कृष्ट कविता हुन्। त्यसो त हरेक कविता पठनीय र सुन्दर छन्। केही कविताले राजनीतिक विसङ्गतिमाथि प्रहार गरेका छन् भने केहीले प्रेम र जीवनको उज्यालोलाई मुखरित गरेका छन्। त्यसो त सङ्ग्रहका अधिकांश कविताले जीवनको शक्ति र सौन्दर्य देखाउन मृत्युको चिन्तन गरेका छन्।

लाग्छ, कविता लेखेकै कारण मारिने छु म
प्रेम गरेकै कारण रोकिने छ मुटुको चाल
सोच्नु काफी छ
यस्तै केही सोच्दासोच्दै एक दिन मारिने छु म
जसरी मारिन्छन् मानिसहरू। ('मृत्युको अघिल्तिर', पृष्ठ ७६)

कविताले मानिसका सपनाहरूको मात्र होइन, सिङ्गो जीवनको सम्मान गर्नुपर्छ भन्ने ठम्याइका साथ मणि लोहनी कविता लेखिरहेका छन्। उनी जीवनलाई प्रेम गर्छन्। जीवन जिउने क्रममा मानिसले गर्ने सङ्घर्षलाई उनी प्रेम गर्छन्। हरेक मानिसले बाँच्नका लागि गरेको सङ्घर्षमा सौन्दर्य भेट्ने उनी जीवनको हरेक पक्षमा एकसाथ हुर्किरहेको मृत्युलाई नभुल्न आग्रह पनि गर्छन्। मृत्यु कवि लोहनीको चाह होइन, तर मृत्यु अनिवार्य सत्य हो भन्ने मानिसहरूले भुलिरहेकोमा उनी चिन्तित छन्। मृत्युको सम्मुख रहेर पनि मानिस किन यति धेरै लोभीपापी छ भनेर उनी हैरान छन्। मणि चाहन्छन्, हरेक मानिसलाई मृत्युको शाश्वत सत्यको जानकारी हुनु आवश्यक छ। मृत्युको अघिल्तिर उभिएर मानिस किन अरूमाथि अन्याय गर्न उद्यत छ? हरकोही आफ्नो दुनो सोझ्याउन व्यस्त छन्।

हैरान र भयभीत छन् मानिसहरू
सम्बन्धको गहिरो घाउ छ सबैसँग
नयाँनयाँ आविष्कारसँगै बढ्दै गएको दु:खको आकार।

('डिलिट दु:ख', पृष्ठ ९१)

कथा र निबन्धका क्षेत्रमा पनि सक्रिय मणिले १५ वर्षअघि **मलामी साँझ** कविताकृतिसँगै नेपाली कविताका क्षेत्रमा जब्बर उपस्थिति देखाएका थिए। अहिले यस कवितासङ्ग्रहमार्फत उनले आफ्नो समयको आवाज मुखरित गरेका छन्। देश, जनता र राज्यका विसङ्गतिका कुराहरू गर्दै उनले जीवन, प्रेम र मृत्युको शाश्वत कुरा गरेका छन्। उनले आफ्ना कवितामा हरेक मानिसले देख्ने सपना र त्यस सपनाका लागि गरेका सङ्घर्षहरू लेखेका छन्। हरेक मानिस सङ्लो र सक्षम भएको देख्ने अभिलाषामा उनका कविताहरू लेखिएका छन्।

**मृत्युको अघिल्तिर** साहित्यिक बजारमा पठनीय कृतिका रूपमा आएको छ। यसले कविता पढ्न रुचाउने पाठकहरूलाई कविताको आनन्द मात्र दिँदैन, कविताले झङ्कृत भएको मन र मस्तिष्कले समग्र जीवनको उज्यालोलाई महसुस गर्न बाध्य पार्छ। अझ कोभिड-१९ बाट प्रताडित यो पछिल्लो अवस्थामा मानिसले आफ्नै जीवनशैलीमा रूपान्तरण खोजिरहेको बेला यो सङ्ग्रहले उठाएको जीवनप्रतिको धारणा धेरैका लागि प्रिय र अनुकरणीय बन्ने निश्चित छ।

◆

जिचेन स्याङ्तान

# 'ऐकिक चक्रव्यूह समालोचना' : सिद्धान्तपरक पठनहरूको एउटा सँगालो



**ऐकिक चक्रव्यूह समालोचना** नेपाली साहित्यका विविध विधामा कलम चलाइरहेका १५ जना कलमजीवीका कृतिहरूमाथि समालोचक सुरेश हाचेकालीद्वारा गरिएको सिद्धान्तपरक पठनहरूको एउटा सँगालो हो। नेपाली वाङ्मयको फाँटमा सुरेश हाचेकालीको अगाडि कवि, गीतकार, अनुवादक र समालोचकजस्ता थुप्रै बिल्लाहरू झुन्डिएका छन्, तर यस सङ्ग्रहमा भने उनी नितान्त समालोचकको हुलियामा देखा परेका छन्। यति हुँदाहुँदै पनि डेरिडाको पदसोपानभङ्गजस्तै गरी उनीभित्रको मिश्रित अस्तित्वहरूको अन्तर्घुलन भने यदाकदा अनुभूत गर्न सकिन्छ।

साझा प्रकाशनद्वारा प्रकाशित यस सङ्ग्रहमा ज्ञानशास्त्रका विभिन्न आयामका ज्यावलहरूमार्फत कृतिहरूको सिद्धान्तपरक विश्लेषण गर्ने क्रममा समालोचकले आफ्नै मौलिक दर्शन 'चक्रव्यूह सञ्चेतना'-लाई पार्श्वभूमिमा राखेका छन्। उक्त पार्श्वभूमिले आम पाठकलाई फिल्मी पटकथामा झैँ एकाएक पूर्वदीप्ति शैलीमा झन्डै आजभन्दा दुई दशकअघिको कालखण्डमा पुऱ्याइदिन्छ जहाँ तीन युवाहरू सुरेश हाचेकाली, दुर्गाप्रसाद पोखरेल र एचबी भण्डारी 'प्रभात' नेपाली साहित्यमा त्यस बेला विद्यमान तथाकथित समालोचना परम्पराको भाष्यमाथि तीव्र असन्तोष जनाउँदै आफ्नै मौलिक दर्शनसाथ देखा पर्छन्। साहित्यिक कृतिका अर्थहरूमाथि क्याननहरूको एकाधिकार, साहित्यलाई विशुद्ध आनन्दवर्द्धन र ज्ञानवर्द्धन मान्ने अतिवादी प्रवृत्ति, आफू इतरका हरेक फरक नूतन विचारलाई म्लेच्छ देख्ने बनारसी बौद्धिकता, मार्क्सवादी चिन्तन र यसको उत्तर आधुनिक विचारधारासँगको कटु सम्बन्ध, उत्तर आधुनिक विचारधाराको अहम्युक्त हुङ्कार र आयामेलीहरूको सोलोडोलो हेराइमाथि आफ्नो सुस्पष्ट धारणासहित नैमिषारण्यको पूर्वीय मिथकमा आधारित चक्रव्यूह सञ्चेतना (Labyrinth Conscience)-लाई आफ्नो बकन्ते बनाउँदै यी युवाहरू त्यस बेलाको साहित्यिक बजारमा देखा पर्छन्। यति हुँदाहुँदै पनि मूलतः नेपाली समालोचना परम्परामा त्यस बेला र अहिले पनि जरा गाडेर बसेको बनारसी बौद्धिकता, जीवनीपरक, प्रभावपरक, विवरणात्मक र सूत्रपरक प्राध्यापकीय शैलीका समालोचनाले बनाएको भाष्यमाथि टेकेर यसले प्रतिवादी सङ्कथनको विकास गरेको देखिन्छ।

परिशिष्टमा उल्लिखित घोषणापत्रलाई आधार मान्ने हो भने कुनै पनि कृतिको सोलोडोलो पठन आयामेलीहरूले भनेजस्तो सम्भव नभएको र यसका लागि अंश र एकाइहरूमार्फत मात्र अर्थहरूका अनन्त सम्भावनाहरूको खोजीमा यसले आम पाठकलाई झकझक्याइदिन्छ। यसरी अर्थहरूका अनन्त सम्भावनाहरूलाई पर्गेल्ने क्रममा ज्ञानशास्त्रका अनेक चस्माहरू लगाएर हेरेपछि मात्र कृतिहरूमाथि न्याय हुन सक्ने तर्क समालोचक हाचेकालीले गरेका छन्। उनले यस सङ्ग्रहमा समेत पाश्चात्य तथा नेपाली माटोमा नै हुर्केका सिद्धान्तहरूको धरातलमा टेकेर कृतिहरूको विश्लेषण गरिरहँदा आफूले प्रस्तुत गरेको सत्यलाई नै अन्तिम नमान्नसमेत आग्रह गरेका छन्। यसरी आम पाठकलाई समेत सिद्धान्तनिष्ठ पाठक प्रतिक्रिया पठन र विपठनमा लाग्नसमेत उनले प्रश्रय दिन खोजेको देखिन्छ।

उनले यस कृतिमा आख्यान र गैर आख्यान दुवै फाँटका १५ वटा कृतिलाई समावेश गरेका छन्। यसमध्ये छ वटा कवितासङ्ग्रह, दुई वटा निबन्धसङ्ग्रह, एउटा कथासङ्ग्रह र चार वटा उपन्यासलाई पठनभूमिका रूपमा लिएका छन् र यिनै कृतिहरूलाई केन्द्रमा राखेर १३ वटा समालोचनाका अध्यायहरू तयार पारेका छन्। यसमा उल्लेखनीय पक्ष के छ भने समालोचनाको नाममा उनले कतै पनि बजारिया ठुटे चिया गफलाई समावेश गरेका छैनन्। आम पाठकले प्रत्येक अध्यायसँगको यात्रामा कतै न कतै सिद्धान्तका काठे साँघुहरू भेटिरहने छन्। कतैकतै आम पाठकले नेपाली वाङ्मयमा विरलै प्रयोग हुने अचिनारु सिद्धान्तहरूसँग पहिलो पटक ढोगभेट गर्ने मौका पनि पाउने छन्। यात्राका क्रममा समालोचक सुरेशले हामीलाई अभय श्रेष्ठको 'तेस्रो किनारा'-मा मिसेल फुकोको वशीभूत पात्रत्व, अभि सुवेदीको 'निबन्ध र टुँडिखेल'-मा विलयन लेखन प्रक्रिया र डेरिडाको पदसोपान, अनिल पौडेलका कविताहरूमा

फ्रान्सेली कवि पौल भ्यालरीको सगन्तव्य नृत्यात्मकता, अविनाश श्रेष्ठका कवितामा पर्यावरणीय चेत, विप्लव ढकालको 'प्रोफेसर शर्माको डायरी'-मा बनारसी बौद्धिकतासँग परिचय गराउँछन्। त्यसै गरी विष्णुविभु घिमिरेका कविताहरूमा नारीवादी एवम् उत्तरनारीवादी चेतना, कृष्ण धरावासीको **शरणार्थी**मा उत्प्रवासी र बसैँयारी चेतना, विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**मा वर्णसङ्कर संस्कृति, मोमिलाको **ईश्वरको अदालतमा आउटसाइडरको बयान**मा प्रतिवादी हाँसो, नारायण वाग्लेको **पल्पसा क्याफे**मा ध्वनि महोत्सव, मित्रलाल पंज्ञानी-रामप्रसाद ज्ञवाली-जगत्प्रसाद उपाध्याय 'प्रेक्षित'-का कवितामा द्वन्द्वात्मक अखिलता, सरुभक्तको **पागल बस्ती**मा सरुभक्तकै अहम्-केन्द्रित मानवतावाद र टङ्क उप्रेतीको




कवितामा फ्रेडरिक जेमिसनको सज्ज्ञानात्मक नक्साङ्कनलाई पनि हामीमाझ चिनाइदिएका छन्। यसरी कृतिहरूको सिद्धान्तपरक पठनका क्रममा अभि सुवेदीको 'निबन्ध र टुँडिखेल', अनिल पौडेलका कविताहरू र नारायण वाग्लेको **पल्पसा क्याफे**मा मात्र उनले साहित्य सिद्धान्तका औजारहरूको प्रयोग गरेका छन्। यसबाहेक अन्य कृतिहरूलाई चिरफार गर्ने क्रममा भने सौन्दर्यशास्त्रका अन्य विधाहरूबाट विभिन्न सिद्धान्तहरूलाई सापटी लिएका छन्। यसले के प्रमाणित गरिदिएको छ भने कृतिपठनको प्रक्रियामा अन्य आयामहरूमार्फत कुनै पनि कृतिलाई हेर्दा यसले उद्घाटित हुन बाँकी नयाँ अर्थहरूसमेत पहिल्याउने सामर्थ्य राख्छ। विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**माथि गरिएको विश्लेषण होस् वा कृष्ण धरावासीको **शरणार्थी**माथि गरिएको विश्लेषण होस्, आम पाठकले निश्चय पनि फरक स्वाद लिन पाउने छन्। कोइरालाको **सुम्निमा**माथि चर्चा गरिरहँदा मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद र तत्कालीन माओवादीको एक्काइसौँ शताब्दीको नौलो जनवादलाई वर्णसङ्कर चेतना भनी समालोचकले गरेको टिप्पणी पनि कम रोचक छैन।

यस सङ्ग्रहमा प्रयुक्त लेखनशैली पनि सामान्यता समालोचना परम्परामा प्रयोग हुने रूखो भाषाभन्दा धेरै फरक रहेको छ। समालोचकले आम बोलीचालीको भाषालाई प्राथमिकतामा राखेको देखिन्छ। पाठकसँग सोझै बातचित गर्नु पनि यस सङ्ग्रहको अर्को नौलो प्रयोग हो। यसले गर्दा आम पाठकलाई आङ तान्दै यताउति बहकिने फुर्सदसमेत दिँदैन। बोधगम्यतालाई मध्यनजर गरेर पनि होला, वाक्य गठनका क्रममा भने समालोचकले ठिमाहा शब्दहरूको बाढी नै ल्याएका छन्। समग्रमा यस पुस्तकलाई पठनीय र सङ्ग्रहणीय मान्न सकिन्छ। तर यति कुरा चाहिँ पक्का हो, एकातिर तथाकथित समालोचकहरूलाई शालीन चेतावनी दिँदै गर्दा अर्कातिर यसले आम पाठकलाई भने बजारिया चाउचाउ पाठकभन्दा माथि उठ्न हार्दिक उर्दी जारी गरेको छ।

◆

**प्रवासबाट / कविता**

गोविन्द गिरी प्रेरणा

# आमा र विश्वविद्यालय



पर्खालहरू भत्किएका छन्
भित्ताहरू नाराले पोतिएका छन्
थरीथरीका झन्डाहरू खुइलिएका छन्
झ्यालका सिसाहरू
चकनाचुर भएर फुटेका छन्
पसाङ्गिएर बाङ्गिएको छ ढोका
ढलेका छन् बेन्चहरू र डेस्कहरू
र पनि पर्खिरहेछ कक्षा कोठा
शिक्षक, विद्यार्थीहरू।

ठीक त्यही विश्वविद्यालयजस्तै
एउटी आमा हेरिरहिछन् बाटो
आफ्नो सन्तानको
बिहेबारी गरेर गएकी छोरी
परदेश गएको छोरो
माइत गएकी बुहारी
फुलो परेको छ आँखामा
टाढासम्म देख्न सक्दिनन्
र खुइय्य गर्छिन्।

माया र वात्सल्य सिकाउने
ज्ञानको पहिलो खुट्किलो चढाउने
मीठो गाली गर्ने
तीतो अर्ती दिने
कहिल्यै नरित्तिने स्नेहको भण्डार
आमा भनेकै
विश्वविद्यालय हैन र भन्या?

रुग्ण विश्वविद्यालय
भग्न विश्वविद्यालय

वृद्धा आमाजस्तै किन लाग्छ
फुङ्ग उडेकी वृद्धा आमा
बेसहारा वृद्धा आमा
किन विश्वविद्यालयजस्तै लाग्छ?

*अमेरिका*

◆

रक्ष राई

# छोरालाई चिठी



घर फर्किने बाटो भुलेर
कहाँ पुगिस् छोरा!
पृथ्वीको पल्लो छेउ?
कि आफैभन्दा पर?
थाहा छ?
घाम पनि मेरै जीउमा टाँसिन्छ अचेल
आकाश पनि मेरै निधारले छुन्छ अचेल
नक्षत्र मेरै सिरानीमा सुत्छ अचेल
ब्रह्माण्ड मेरै वरिपरि घुम्छ अचेल
तर तँ चाहिँ
आफ्नै पाइला मेट्दैमेट्दै
आफैलाई नभेट्ने ठाउँ पुगिस् छोरा!

अभागीले मात्र देशलाई माया गर्दो रहेछ
यही बाटोमा हिँड्दाहिँड्दै मुटुमा
देशको माया बस्यो
यही माटोमा घस्रिँदाघस्रिँदै छातीमा
देशको नक्सा बन्यो
अब त्यो नक्सा फेर्न म कहाँ जाऊँ छोरा!
तेरो यात्रामा पछि लाग्न सकिनँ
न त तेरी आमाको महायात्रामा अघि लाग्न नै सकेँ
म यहाँ वितलमा छु

अलन्तरमा छु
र महाशून्यमा छु
तँलाई के थाहा!
यता तेरो माटोले तेरो नाम बिर्सिसक्यो
तेरो देशले तँलाई विदेशी भनिसक्यो
तेरो नागरिकताले तँलाई अनागरिक बनाइसक्यो
सुन्दै छु– उता पो लड्दै छस् रे!
नागरिकताको युद्ध
यता तेरो भाइ छ नि भाइ!
छिमेकी आउँदा उसलाई पार्सल पठाउँछस्
घर खर्च भनेर उसलाई आईएमई गर्छस्
तर ऊ कहिलेदेखि तेरो दुस्मन भयो
तँलाई होसै छैन
ऊ बहुलाएर अचेल
भाइ हुनुको सत्य पनि भ्रम रहेछ भन्छ
एक्लो मान्छे नै बलियो हुन्छ भन्छ
जङ्गलमा सिंह एक्लै हुन्छ भन्छ
र, ऊ रातभरिभरि छातीमा आगो फुक्छ
हत्केलामा खरानी जप्छ
चुलामा खुकुरी अर्जाप्छ
भेट्यो भने उसले अब
तेरो छायालाई पनि छाड्दैन
छोरा, अर्काको बारीमा त्यसरी हात्तीबार नगोड्नू!
बाटो छेक्ने मान्छे त्यत्तिकै पनि भेटिन्छ
छोरा, अर्काको फूलबारीमा त्यसरी नसुत्नू!
काँडैकाँडाघारीको सपना देखिन्छ।

छिट्टै आउँछु भन्दै
मुटु सँघारको चोकमा झुन्ड्याएर गइस्
र, याताबाट मान्छे गएर उता मेसिन भइस्
मैले त तँलाई यो माटोमा बामे सर्न सिकाएँ
तर कसरी तैँले कमिलाको प्वाँख लगाइस्
र यता फर्किने प्वाँख उतै खसाइस्?
के छ त्यहाँ?

तेरा सब थोक यतै छन्
तैँले ओछ्यान लगाएर मुतेको आमाको गुन्यू
यतै छ
तैँले सिरानी लगाएर सुतेको मेरो भोटो
यतै छ
उता मान्छेको मुत पिउन सिकिस् कि?
तेरी आमाको दस धारा दूध बग्ने ढुङ्गे धारा
यतै छ
तेरो सालनाल झुन्ड्याएको चुवाको रूख पनि यतै छ।

थाहा छ? पोहर साल
तेरी आमालाई त्यही चुवाको फेदमा राखेँ
र, तेरी आमालाई चुवाको रूख बनाएर फर्किएँ
अब हरेक साल
तेरी आमा त्यही चुवाको रूखसँगै फुल्छे
त्यही चुवाको फूलको सुवाससँगै यो गाउँ डुल्छे
कथङ्कदाचित् तँ फर्किहालिस् भने
त्यही चुवाको रूखलाई ढोग्नू!
र, त्यही चुवाको रूखलाई आमा भन्नू!
अनि चिहान डाँडाको भाले ढुङ्गालाई मेरो देश भन्नू!
छोरा, बाँकी सबै बिर्सिदिनू!
बिर्सेर पनि डुब्दै गरेको घाम हेरेर
यही गाउँमा
आमाले चिनाएको
एउटा लोग्नेमान्छे थियो भनेर नसम्झिनू!
बिर्सेर पनि बग्दै गरेको खोलो देखेर
यतै कतै
जँघार तरेपछि छाडिएको लट्ठी थियो भनेर नकल्पिनू!

*बेलायत*

◆

मिजास तेम्बे

# बहादुर जीवनसँगिनी हुँ म



कालो पहिरनमा आएका ती बेलायती कर्मचारीहरू
जसले भर्खरै मेरो श्रीमान्को मृत्युको खबर दिएर गए
यस्तो लाग्छ–
कि
यो भइदेओस् एउटा भ्रम
र, भइदेओस् एउटा नमीठो सपना।

यो भित्ताको उसको फोटो किन हल्लिएको त्यस्तरी?
दराजमा उसका ती जङ्गी लुगाहरू लौ किन थरथरिएका यसरी?
अनि त्यो कालो बुट जुत्ता किन बजारिन्छ ढोकैनेर?
आज सबेरै कस्तरी झरेको थियो
गोरखा ह्याटैमाथिको नम्बर टू खुकुरी!

फोनको रिङ बज्छ, झस्कन्छु
कतै उसैको कल पो हो कि त?
फेसबुक खोल्छु र पर्खन्छु
कतै अनलाइन पो हुन्छ कि ऊ!
साँझपख यसो पर्दा हटाएर झ्यालको
प...रसम्म हेरिपठाउँछु
परेड छुटेपछि नम्बरी दाजुहरूको हूलमा मिसिएर
आउँदै छ कि त?

के हो यो का...लो छाया?
जसले मलाई गमलङ्गै अँगालोमा बाँध्छ र ऐठन हाल्छ
के हो यो सुरुङजस्तो अँध्यारो
जसले मलाई निल्न खोज्दै छ
मेरो जमिन खोस्दै छ र आकाश लुट्दै छ।

हरेक पटक
परेडको आवाजले झस्कन्छु म

ढोकाको ढकढकाइमा तर्सन्छु म
अनि हरेक रात
यो ओछ्यानको रिक्तताले कहालिन्छु म।

आँसु पिएर ढुङ्गा बनाउँछु मुटु
र भन्छु
अनि फेरि भन्छु–
म पनि बहादुर जीवनसगिनी हुँ
ऊ रुनुपर्ने गरी कहाँ गएको हो र?

*बेलायत*

◆

प्रगति राई

# मूर्ख मानिस



'कसैले सोधे के माग्छौ भनी
म माग्थेँ बालापन।'

गीत सुनेर उदास भएको हो?
मूर्ख मानिस!
जीवन त्यस्तो किताब हो
जुन पढिसकेर फेरि पढ्नमा कुनै मज्जा हुने छैन
जीवन त्यस्तो धुन हो
जुन दोहोऱ्याईदोहोऱ्याई सुन्दा कुनै मिठास आउने छैन
बरु
एकै पल्ट मात्र छुन पाइने अक्षरहरूलाई
बिस्तारै पढ, मायाले पढ
एकपछि अर्को आउने पानाहरूलाई
चारै सुर छोएर पल्टाऊ, त्यसको बास्ना सुँघ
त्यो एक चोटि मात्र बज्ने धुनलाई
कान, दिमाग, हृदय र शरीरको लचकताले पनि सुन।

जीवनलाई किताबजस्तो दोहोऱ्याएर पढ्न पाइन्न
जीवनलाई रेकर्डेड धुनजस्तो दोहोऱ्याएर सुन्न पाइन्न।

यसरी दोहोऱ्याउन नपाएर नै
जीवनको मूल्य सबैभन्दा उच्च भएको हो।

फेरि बालापन खोज्नु?
यात्रा दोहोऱ्याउनुसिबाय अरू केही होइन
समयको दुरुपयोगसिबाय अरू केही होइन।

जीवन पुन: भोग्दा पनि कुनै मज्जा आउँदैन सायद
कुनै मूल्य हुँदैन सायद
जीवन त
बैँसको त्यो शिखर आरोहण पछि
उपभोग गरिसकेको अस्थिपञ्जर चिहानको आधार शिविरमा फालिराखेर
चञ्चल आत्मा मात्रै
अनन्त हावामा फुर्र उडी जानु पो अथक जीवन यात्रा हो
मूर्ख मानिस!
पुन: उही जीवनको खातिर गरेर
जाँतोजस्तो एकै ठाउँमा घुमिरहने जिन्दगीको किन रहर गर्छौ?

*दक्षिण कोरिया*

◆

जुनू राना

## आमा



यो संसारमा
अजम्बरी त केही छैन आमा!
फूल पनि छैन
ढुङ्गा पनि बालुवा भएर उड्छ
पानी माटोमा बिलिन्छ

तर
तिम्रो माया त्यही माटोमा समाहित छ आमा!
जुन माटोमा म पनि समाहित हुने छु।

विशाल पहाड
र महासागरहरू चहार्ने बादल पनि
हावाको एक झोक्काले हराउँछ
तर
तिम्रो माया आमा, यही हावासँग समाहित छ
जुन हावा
मैले फेर्ने सास बनेर म जिउँदो छु!

धनले सम्पूर्ण किन्न सकौँला
शरीर निरोगी र बलियो हुन्जेल
कसैको सहारा नचाहिन सक्ला
तर
तिम्रो माया किन्ने कुनै
धनवान्को जन्म भएको थाहा छैन आमा!

तिमी सम्पूर्ण हौ
म पनि आमा हुँ
तर
तिम्रो काखको चाहना अझैसम्म उस्तै छ
जति चाहना
म बोल्न नजान्दा थियो
जति चाहना
म हिँड्न नजान्दा हुन्थ्यो...
आमा!

हङकङ

◆

**संस्मरण**

जानू काम्बाङ लिम्बू

# बेल्जियमको माटोमा वीर गोरखालीका समाधि



केही वर्षअघि बेल्जियम आएको बेला नै मैले जर्मनी, फ्रान्स, लक्जमबर्ग र हल्यान्ड घुमिसकेकी थिएँ; तर नजिकको तीर्थ हेला भनेझैँ बेल्जियमभित्रका धेरै प्रसिद्ध ठाउँ भने घुम्नै बाँकी नै थियो।

बेल्जियमको इपर सहरमा पहिलो विश्वयुद्धताक बम पड्केर एकै ठाउँमा लाखौँ मान्छेको संहार भएको थियो। यस पल्ट पहिलो विश्वयुद्धले इतिहासमा नराम्ररी कोतरेको यही इपर सहर घुम्ने योजना थियो।

भाइहरू बसेको ठाउँ लुभेनबाट इपर पुग्न डेढ घण्टा मात्र लाग्ने रहेछ; तर भाइ, बुहारी र नानीहरूसमेत काम गर्ने हुनाले फुर्सद नामको चिज उनीहरूबाट धेरै टाढा थियो। म लुभेन आइपुगेको सात दिनपछि एउटा शुक्रबार बल्ल भाइ र बुहारी दुवैको छुट्टी मिल्यो। मनमा इपर पुग्ने औडाहा त थियो नै, फेरि यत्रो दिनपछि आएको एउटा छुट्टी पनि के खर्च गरिदिनुहोला भनेर चुपचाप थिएँ म। तर बुहारीले नै 'जाऔँ दिदी, केही छैन' भनेपछि त सजिलो भइहाल्यो।

बिहान नौ बजेतिर घरबाट निस्कियौँ हामी। म, बुहारी रोजी, सानो भदा रिजेन्स अनि भाइ त गाडी कुदाउने भइहाल्यो। अघिल्लो दिन निकै खुलेको थियो, तर त्यस दिन हल्का मसिनो जुम्रे झरी पर्दै थियो। यसले रोक्नै त के सक्थ्यो हाम्रो यात्रालाई ! तै हामी हुइँकिइरहेको कारको अगाडिको सिसालाई जुम्राका बाक्लो लिखाले झैँ डम्म ढाकिदिन्थ्यो। र, त्यसलाई हटाउन भाइले इपर पुगुन्जेल नै वाइपर चलाइरहनुपर्‍यो।

थुप्रै चुच्चाचुच्चा थुतुनाधारी एउटा ठूलो बिल्डिङअगाडि थुप्रै कारसँगै हाम्रो कारलाई पनि पार्क गर्‍यौँ। त्यो बिल्डिङ म्युजियम रहेछ। म्युजियम पनि पस्ने कि भन्दै थिए भाइहरू, तर मलाई समाधिस्थल नै हेर्ने हतार थियो। म्युजियमवरिपरिका दोकानमा बिक्रीमा राखिएको पपी फूलले समाधिस्थल नजिकै रहेको भान गराइरहेको थियो। मात्र तीन वटा रातो पत्ता भएको साधारण पपी फूल लडाइँको प्रतीक फूल भनेर चिनिन्छ संसारमा। एक मनले भन्यो– 'पपी, तिमी कति भाग्यमानी !' अर्को मनले भन्यो– 'होइन, तिमी कति अभागिनी !'

मान्छेहरूको बाक्लै चहलपहल थियो कार पार्कअगाडि रेस्टुरेन्टहरूमा। त्यो देखेर सानो भदाले केही खाने रहर गर्‍यो। हामीलाई पनि दिसापिसाब लागिरहेकाले एउटा रेस्टुरेन्टभित्र छिर्‍यौँ। रेस्टुरेन्टको बाहिर 'खाना नखाई पाइखाना मात्र प्रयोग गरे ५० सेन्ट युरो लाग्ने' अफर भनूँ कि चेतावनीपत्र टाँसिएको थियो। त्यो देखेर मलाई मनमनै हाँसो पनि उठ्यो।

भाइ र बुहारी खाने कुरा अर्डर गर्न थाले, म रेस्टरुम (पाइखाना)-तिर लागेँ। कुर्सीटेबलको पछि ठूलो ऐनाको भित्ता रहेछ। त्यो ऐनाले यता बसेर खाना खाइरहेका मान्छेलाई धेरै पर

देखाउँदो रहेछ। पाइखाना खोज्दै जाँदा म झन्डै त्यो सिसामा ठोक्किएँ। साँघुरो कोठालाई ठूलो देखाउने चलाखीपूर्ण तरिका रहेछ यो।

रेस्टरुमबाट म आउनेबित्तिकै खाना आउन सुरु गर्‍यो। दुई थाल ठूलठूला पिजा, बुहारीका लागि एक माना क्रिम हालेको पास्ता। बल्ल पो हेरेँ, रेस्टुरेन्ट त इटालियन रहेछ। म उस्तै चिज खान नसक्ने मान्छे, बलैले चिज हटाउँदै दुई टुक्रा पिजा खाएँ। चिसो हटाउन ग्रिन टी पनि मगाएँ।

एकछिन आराम गरेर हामी स्मारकको गेटतिर लाग्यौँ। गेटको पहिलो खम्बामै हाम्रा वीर गोरखाली योद्धाहरूको नाम कुँदिएको थियो। त्यहाँ त्यसै गरी ब्रिटिस साम्राज्यका लागि लडेका अन्य देशका योद्धाहरूको नाम पनि थियो। त्यो बिल्डिङका सबै भित्ताहरू पहिलो विश्वयुद्धमा मर्ने मान्छेहरूका नामले भरिएका थिए। सबैको दाँजोमा गोरखालीहरू कम, त्यसपछि इन्डियन पर्दा रहेछन्। अन्य देशका त गन्न नसकिने हजारौँ नामहरू रहेछन्। समयाभावले सबै ठाउँ घुम्न र सबै नाम पढ्न नसके पनि मैले मेन गेटमा यी गोरखाली नामहरू भेटेँ जसले वीरगति प्राप्त गरेका थिए। फोर्थ गोरखा राइफल्सबाट जमदार नैनसिंह राना, कलर सर्जेन्ट गन्जसिंह गुरुङ, नायक मानबहादुर गुरुङ, रतिभान पुन, लेस नायक ऐमानसिंह गुरुङ, हर्कसिंह गुरुङ, रञ्जित गुरुङ, राइफलमेन बलेसुर राना, बेलबहादुर गुरुङ, बुधिबल गुरुङ, धनवीर गुरुङ, दिलु पुन, दुर्गराज गुरुङ, गजवीर गुरुङ, गजवीर थापा, गारबहादुर गुरुङ, कालु गुरुङ, करणसिंह गुरुङ, केशवीर गुरुङ, लोहासुर राना, मानवीर थापा, मनिकरण गुरुङ, मनराज गुरुङ, मोतीलाल थापा, पहलसिंह गुरुङ, रणबहादुर बुढा, रतनवीर राना, सरुगे थापा, तुलाराम पुन, बजिरसिंह गुरुङ, बुग्लेर देओखै राना गरी जम्मा ३१ जना त्यस खम्बामा आआफ्नो नाममार्फत अमर थिए।

त्यसै गरी अर्को खम्बातर्फ फस्ट पनय गोरखा राइफल्स (द 'मलौन' मलाया रेजिमेन्ट)-का हवलदार मानध्वज थापा, पदमध्वज गुरुङ, लेस नायक बलबहादुर गुरुङ, राइफलमेन आसवीर गुरुङ, बखतबहादुर गुरुङ, चन्द्रवीर गुरुङ, चन्द्रवीर राना, जहरसिंह थापा, कुलवीर थापा, लालवीर गुरुङ, मनिराज पुन, माथवर चन्द, नरसिंह घर्ती, पहलमान राना, पुनाराम बुढाथोकी, शिवचन्द्र आले, टीकाराम राना, तुलवीर गुरुङ गरी जम्मा १८ जना वीरगतिप्राप्त गोरखाली नामहरू थिए।

पहिलो विश्वयुद्धको बेला १५ भन्दा बढी देशमा ब्रिटेनले उपनिवेश कायम गरेको थियो। तीमध्ये भारत पनि एक थियो। पहिलो विश्वयुद्ध लड्न ब्रिटेनका तर्फबाट १३ लाख सैनिक भारतबाट मात्र आएका थिए। ती १३ लाख लडाकूहरूमा कति नेपाली थिए? आज यी नामहरू पढिरहँदा गुमनाम ती लडाकूहरूप्रति माया पलाएर आयो। मैले पढेका यी नामहरू नै यकिन गणना हो भन्नेमा मलाई पटक्कै विश्वास लागेन।

विभिन्न खाले युद्धमा कुन देशका कति मरे, कति घाइते भए र कति हराए? यी नाम पढिरहँदा थाहै नपाई आँखा रसाए। जे होस्, यस्ता नरसंहारक युद्धमा ज्यान गुमाई पृथ्वीको यो गोलार्द्धमा जुगजुग अमर भई बसेका हाम्रा वीर गोरखाली पुर्खाका नामलाई मनैदेखि सलाम गरेँ

मैले, दिलैबाट श्रद्धासुमन व्यक्त गरेँ। र, यो नियात्रा लेखिरहँदा मेरै बाजे र ठूलो बाबुको पनि मलाई याद आयो। मेरा बाजे र उहाँका जेठा छोरा नेप्टे लिम्बूले दोस्रो विश्वयुद्ध लड्नुभएको थियो रे। राणा शासनको बेला, दोस्रो विश्वयुद्ध लड्न मान्छे अपुग हुँदा उमेर पुगेका सबै छोरालाई भर्ती गराउनैपर्ने जङ्गी उर्दी थियो रे। मेरा बाजे र उहाँका छोरा बर्माबाट लड्दै जाँदा छोराले इटाली पुगेर वीरगति प्राप्त गरे रे। युरोपसम्म लड्दै आएका बाजे सख्त घाइते भएर नेपाल फर्किनुभएको थियो रे। यो इपर युद्ध स्मारकमा जस्तै मेरा ठूलो बुबाको नाम पनि इटालीको कुनै युद्ध स्मारकमा कुँदिएको होला। मलाई त्यो प्रिय नाम खोज्दै कुनै दिन त्यता पनि जान असाध्यै मन भयो।

बुहारी पारिपट्टि तरेर अर्को तर्फका नामहरू हेर्दै रहिछन्।

“दिदी, हेर्नोस् त यहाँ पनि रैछन् नेपाली नामहरू!”

यतापट्टिका नामहरूको फोटो मोबाइलमा खिचेर पारितिर लागेँ म पनि। साँच्चिकै उता पनि उति नै नेपाली नामहरू रहेछन्। उतापट्टिका नामहरू हेरेर थोरै देख्ने मन यताका नामहरू थपिएपछि झन् गरुङ्गो भयो। अचानक त्यो स्मारक बडो विरहलाग्दो लाग्न थाल्यो।

हामीजस्तै अन्य देशका पर्यटक पनि आआफ्नो देशका योद्धाका नाम हेरिरहेका थिए। हामी उत्तरपट्टिको भऱ्याङ उक्लिँदै गयौँ, म पछाडि थिएँ।

“ओ माई गड! यहाँ त झन् सब अस्ट्रेलियन सोल्जर्सहरू पो रैछन्!” रिजेन्स करायो।

उसको पछिपछि म पनि हेर्दै गएँ। त्यो भऱ्याङको दुवैतर्फका भित्ता अस्ट्रेलियन आर्मीहरूका नामले भरिएका थिए। तल भुइँमा पपी फूल चढाइएको थियो। आफ्नो ज्यान दिएर विश्वको इतिहास रच्ने वीरहरूलाई नमस्कार! मैले चढाउने उही शुद्ध नेपाली नमस्कारबाहेक केही थिएन। विरहले मन भक्कानियो।

माथिल्लो तलामा उक्लेर वरिपरि टहलियौँ। फोटो खिच्यौँ। आँगनमा ठूलो ताम्रपत्रजस्तो फलामको पाता फिँजाइएको थियो। त्यसमा युद्धमा संलग्न देश, युद्धमा मर्ने र घाइते हुनेको नामावली कुँदिएको रहेछ। त्यहाँ नेपालीहरूको छुट्टै नाम थिएन, ब्रिटिसहरूको सङ्ख्यामा जोडेर हेऱ्यौँ। त्यहाँ मर्ने र घाइते हुनेको सङ्ख्या यसरी तालिकामा सुरक्षित राखिएको थियो–

१. फ्रान्स (मर्नेहरू १२ लाख र घाइतेहरू ४० लाख)

२. ब्रिटिस एम्पायर (मर्नेहरू १० लाख र घाइतेहरू २० लाख)

३. बेल्जियम (मर्नेहरू १३,८०० र घाइतेहरू ४४,७००)

४. जर्मनी र अस्ट्रिया (एक करोड ५० लाख र घाइतेहरू तीन करोड ५० लाख)

युद्धमा मारिएका र घाइते भएकाको यो आँकडाले स्मारकस्थल नै थरथरी काँपेजस्तो मलाई भान भयो। त्यहाँ केही फोटो खिचिसकेर अर्कातर्फ जानका लागि तल ओर्लिई बाटो काट्दै माथि उक्लियौँ। त्यहाँ उतापट्टि अस्ट्रेलियनहरूको जस्तै क्यानाडियनहरूको नामावली भित्ताभरि कुँदिएको थियो।

पहिलो र दोस्रो विश्वयुद्ध दुवैमा सबैभन्दा धेरै विध्वंस युरोपमै भएको थियो। त्यो त विश्व इतिहास साक्षी छ। सारा संसार संलग्न यी युद्धमा वीरगति पनि संसारभरिकाले नै पाएका

रहेछन्। यी नामावलीले सम्भाउने हिजोको युरोप र आजको युरोपलाई हेर्दा विनाशपछि नै विकास हुन्छ कि क्या हो जस्तो पनि लाग्यो। उसै पनि युद्धबिनाको संसार छैन। विश्व इतिहास पढ्दा पनि युद्धपछि नै युरोपले कायापलट गरेको भेटिन्छ। तर के परिवर्तनका लागि युद्ध अपरिहार्य हो त? यी युद्ध स्मारकमा उल्लिखित नामका चिहानहरूले के भन्छन्?

भनिन्छ, आजको विश्व नै पहिलो र दोस्रो विश्वयुद्धकै परिणाम हो। दोस्रो विश्वयुद्धले देश, सिमाना, शक्ति, अधिकार र सत्तालाई थपघट तथा फेरबदल गरेको पाइन्छ। दोस्रो विश्वयुद्धपछि यसअघि उपनिवेश फिँजाएर अर्काको देशमा शासन चलाउँदै आउने ब्रिटेनलाई घुमीफिरी रुम्जाटार भनेझैँ युरोपमै फर्काइदियो। यसरी ब्रिटेन अरू देशमा चहारिरहँदा उता अमेरिका र रुस शक्तिशाली देश भएर निस्किए।

जापानले पर्ल हार्बरमा बम खसालेपछि विश्वयुद्धमा तानिएको अमेरिकाले फेरि हिरोसिमा र नागासाकीमा अणु बम खसाल्दै, अन्त्यमा रुजवेल्टको नेतृत्वले चर्चिल र स्टालिनलाई समेट्दै जर्मनीको बर्लिनसमेत कब्जा गरिदिएको थियो। यसरी आफ्नै घमन्डले बादशाह हिटलरले बङ्करभित्रै आत्महत्या गर्नुपऱ्यो। सायद दोस्रो विश्वयुद्धमा जर्मनीले हार बेहोर्नु नपरेको भए हिटलर बन्थे विश्व बादशाह र संसार पनि उनले देखेको नक्साजस्तै हुन्थ्यो! तर उनको हारले विश्वको नक्सा बदलिएर आजको वर्तमान विश्व बन्यो।

यो संसार बन्नुमा र खास गरी युरोप बन्नुमा मेरा पुर्खाहरूको पनि ठूलो योगदान छ भनी मैले दाबी गर्न मिल्ला कि नमिल्ला? युद्धबाट ध्वस्त युरोपले मानव सभ्यताका विकासक्रममा युद्धविरामपछि झन् सभ्य, शिष्ट र सुसंस्कृत समाजको निर्माण गरेको देखिन्छ।

यतिखेर हामी सन् १९१४ देखि १९१८ सम्म चार वर्ष लामो पहिलो विश्वयुद्धको दसीप्रमाण बोकेर बसिरहेको मेन गेट बिल्डिङबाट सुरु भएको पुरानो युद्धकालीन बङ्करमाथि हिँड्दै थियौँ। पानीको दहमाथि बनेको त्यो लामो बङ्करमाथि पर्यटकहरू हिँड्दै वारपार गर्न सक्ने पर्यटकीय बाटो निर्माण गरिएको रहेछ। त्यो बङ्करको दायाँपट्टिको इलाकामा ठूलठूला होटलहरू अवस्थित थिए। दुईतिरका आँगन उस्तै र एकै साइजका थिए।

उतापट्टि युद्धमा मर्नेहरूको सङ्ख्या र देशहरूको तालिका थियो भने यतापट्टि त्यही मेन गेट बिल्डिङको दुरुस्त सानो नमुना घर बनाएर राखिएको रहेछ। त्यो छाडेर हामी अब बङ्करमाथिको पदपथ पछ्याउँदै अघि बढ्यौँ। त्यहाँ सिधै अगाडि हेर्नेबित्तिकै गर्वले छाती ढक्क फुल्ने एक वीर गोरखाली प्रतिमा देखियो। प्रथम विश्वयुद्धमा बेल्जियमको इपरमा वीरगति प्राप्त गरेका वीर गोरखा सैनिकहरूको सम्मानमा कमनवेल्थ वार ग्रेभ कमिसनसँगको सहकार्यमा यो स्मारक स्थापना गरिएको रहेछ। नेपाल सरकारका तर्फबाट नेपाली दूतावास बेल्जियमले निर्माण गरेको उक्त प्रतिमा नेपाली कलाकार पञ्चरत्न डङ्गोलले तयार गरेका रहेछन्। धातुबाट निर्मित अढाइ फिट अग्लो पूर्ण कदको गोरखा सैनिकको प्रतिमा १.७५ मिटरको ढुङ्गाद्वारा त्यो स्तम्भ निर्माण गरिएको रहेछ। त्यो स्तम्भमा अङ्ग्रेजीमा पनि 'इन मेमोरी अफ द नेप्लिज नेसनल्स हू लस्ट देयर लाइव्स फाइटिङ एज गोरखा सोल्जर्स इन द फर्स्ट वर्ल्ड वार १९१४–१८' भनी कुँदिएको छ। उक्त स्तम्भमा उभिएर फोटो खिच्ने काम हामीले पनि भुलेनौँ।

गोरखालीहरूको नाम रहेको त्यो स्मारकस्थल मात्र हेरेर पुगेन हामीलाई, अब उनीहरूको पार्थिव देह राखिएको विशाल समाधिस्थल पनि खोज्नु थियो। त्यो बङ्करमाथिबाट रमिता हेर्दैहेर्दै पल्लै छेउ पुग्यौँ, तर त्यहाँ कुनै समाधिस्थल थिएन।

घडी आफ्नै गतिमा घुम्दै थियो, हामीलाई वास्तै नगरी दिन उसै गरी ढल्दै थियो। मेरो मन भने समाधिस्थल नहेरी नजाने भन्छ।

“ठीकै छ न त! लु जाऔँ, म पुऱ्याउँछु जसरी नि!” मेरो अनुहार पढेछ क्यारे भाइले। समाधिस्थल पुऱ्याइछाड्ने भयो उसले।

उसको पछिपछि लाग्यौँ हामी। कार पार्क पुगेपछि उसले जीपीएस सेट गर्दै गुगलबाट सर्च गर्न थाल्यो समाधिस्थल। खासै टाढा रहेनछ, जम्मा चार मिनेट लाग्ने रहेछ।

जीपीएसलाई पछ्याउँदै हामी ठूलो खुल्ला ठाउँमा अवस्थित समाधिस्थल पुग्यौँ जहाँ हरेक वर्ष नोभेम्बर ११ तारिखमा ११ बजेर ११ मिनेट जाँदा ठूलो मेला लाग्ने गर्छ। त्यस दिन संसारका मान्छे भेला भएर युद्धमा वीरगति प्राप्त गरेका वीर योद्धाहरूलाई सम्मान गर्छन्। सैनिकहरूले परेड खेल्दै सलामी दिन्छन्। यो दिनलाई पहिलो विश्वयुद्ध विराम भएको दिन मानिन्छ। पुरानो भनाइअनुसार लडाइँ सकिएको एक वर्षपछि उही युद्धमा मर्ने मान्छेहरूको चिहानमाथि रातो पपी फूल फुलेको थियो रे। त्यसैले यो दिनलाई ‘पपी डे’ पनि भनिन्छ।

दुःखको कुरा हामी समाधिस्थल पुग्न त पुग्यौँ तर प्रवेशद्वार बन्द भइसकेको रहेछ। मलाई वीर गोरखालीहरूको चिहान एक पल्ट छुने र ढोग्ने ठूलो इच्छा थियो। समाधिस्थल देखेर मनभरि ढकमक्क फुलेको लालीगुराँस पनि बन्द गेटले मनमै ओइलायो। उही मनमै ओइलिएको लालीगुराँस मनमनै लडाइँको इतिहास छातीमा खिलेर पपी फूल फुलाउने देशलाई चढाएँ, सलाम गरेँ। अनि मेरो देशको सम्झनामा एक थुँगो पपी फूल टिपेर युद्धमा लड्दालड्दै सहादतप्राप्त वीर गोरखाली महापुरुषहरूलाई हार्दिक श्रद्धाञ्जली चढाउँदै बिदा भएँ।


समय निकै घर्किसकेको थियो। हामीलाई नेपाली प्रतिभा प्रतिष्ठान बेलायतकी अध्यक्ष बहिनी दीपा लिम्बू राईले आफ्नो घर हुँदै फर्किने निम्तो पनि गरेकी थिइन्। दीपा बहिनीहरू अझै सर्भिसमै भएकाले भर्खर जर्मनीबाट सरुवा भएर बेल्जियमको मौन्स भन्ने ठाउँमा आइपुगेका थिए। हामी बहिनीको घर खोज्दै मौन्स नेटो क्याम्प पुग्दा बेलुकीको चार बजेको थियो। बहिनीले खादा ओढाएर ढोकैमा स्वागत गर्दा पो थाहा भयो, हामीले त नानीहरूका निम्ति कोसेलीसम्म पनि किन्न भुलेछौँ। खाली हात पुगेकोमा सरम लागिरहेको थियो। फेरि बहिनीले खाने कुराको बिस्कुन लगाइदिँदा त लाजले फक्ताङलुङ (कुम्भकर्ण) नै ढलेसरि भयो। तै मेन्जो नारा सिरेप सिरेप (सर्माउँदै) गर्दै दिदी र दाइलाई हार्दिक आतिथ्यका लागि धन्यवाद दिएर हाम्रो अन्तिम गन्तव्य लुभेनतिर फर्क्यौं।

*बेलायत*

◆

जर्मेन डुगेनब्रुट (स्पेन)

# याक्टिओन*



उनलाई देखेर
आँखा होइन
शरीर भयभीत भयो।

डायना– उनका स्तनहरू
बियोसियाका हिमालभन्दा पनि सुन्दर
जो परावर्तन गर्छन्
सायङ्कालीन चमक।

आऊ, मेरो प्रिय
बोल्छिन् स्त्री– आऊ
र सर्वाङ्ग देखाऊ
र ऊ कलाविहीन हुन्छ
मृगजस्तै ओजविहीन।

उसले सिकारी कुकुरहरूलाई विश्वास गऱ्यो
देवीलाई विश्वास गऱ्यो

●

हाडा सेन्डो (मङ्गोलिया)

# गोबी मरुभूमि

(डान्जाराभ्जामा समर्पित)

पूर्वी गोबीपट्टिबाट आएको वायु
जब मेरो शरीर भएर बहन्छ

* बोयसियाको एक सिकारी। सिकारकी देवी स्नान गरिरहेको बेला हेरेबापत सजायस्वरूप उसलाई मृग बनाइयो जसलाई आफ्नै सिकारी कुकुरहरूले खाइदिए।

जब आकाशजस्तो गहिरो भावना
मेरो काव्यको स्रोत बनिदिन्छ



जब जून र कोइली
हिमालको माथितिर देखा पर्छन्

जब राताम्मे मरुभूमिबाट अविच्छिन्न गीत बौरिन्छ
मेरा आँखा बुद्धको आँसुले भरिन्छन्।

*डान्जाराभ्जा (सन् १८०३–१८५६) उन्नाइसौँ शताब्दीका मङ्गोलियन दार्शनिक र कवि हुन् जसलाई जीवित बुद्धको दर्जा दिइएको थियो।*

●

कैरात दुइसेनोभ पारमान (काजकस्तान)

# कुहिरो र आगो



कठ्याङ्ग्रिइरहेका भँगेराहरू मलाई हेर्छन्
म भयभीत हुन्छु
घरको सानो आँगनमा थुप्रिएको हिउँको दृश्यले
मलाई हिउँको भुवाले जमिनलाई ढाक्न
हिउँद आएको सम्झना गराउँछ
यसले पृथ्वीलाई हेर्न लायक तुल्याएको छ
तर भँगेराहरू जाडोले काँपिरहेका छन्
मानौँ उनीहरूका खाली खुट्टा भित्रैसम्म चिसिएका छन्
र खाने कुरा हिउँले पुरिएका छन्
अहो, यो कस्तो दारूण दृश्य!
सिङ्गै संसार सिरकभित्र गुटमुटिएको छ
अत्यन्त सुन्दर अनुभूतिमा
तर दृढसङ्कल्प महिलाजस्तै
यो मुटु घोप्ने जाडो बेइमान छ
मैले घरको आँगन सफा गरी सिध्याएँ
साँझ परेको छ... सबैतिर अँध्यारो छरिएको छ

म ती चिसिएका भँगेराहरूलाई हेर्छु
तर म उनीहरूका लागि केवल रुन सक्छु
म असहाय छु वायुको त्यो चिसो झोक्काअगाडि
किनकि त्यसलाई पठाउने ती अदृश्य हातकै नियन्त्रणमा छ
कुहिरो र आगो पनि।

●

भिचेस्लाभ कुप्रियानोभ (रुस)

# शरीर रचनासम्बन्धी पाठ



मलाई माफ गर
प्रिय विद्यार्थीहरू
तर मेरो अस्थिपञ्जर
एउटा असल दृश्य सहयोगी
हुन सक्ने छैन
जीवित छँदै
मलाई जीवन र स्वतन्त्रता यति मन पर्थ्यो कि
मैले मेरो छाती खोलिदिएँ
मुटुलाई मुक्त गर्नका निम्ति
र हरेक करङहरूबाट
मैले एउटी स्त्री बनाउन खोजेँ

जीवित छँदा मैले
मेरो मस्तिष्कलाई च्यातेर अलग पार्थें
जीवनवादी प्रश्नहरू गर्दै
अब मैले के पो भन्नुपर्ला
खोपडीका बारेमा।

●

गाम्बोजाभ मेन्ड-ओयो (मङ्गोलिया)

# एउटा पुरानो मन्दिरमाथिको जून



जून पुरानो मन्दिरको माथितिर उदाउँछ
त्यसको रूपान्तरित उज्यालोले गजुरलाई सजाउँछ
बाँसुरीबाट वायु बहन्छ
र हृदय फेरि एक पल्ट सुदूर सम्झनाले भरिन्छ।

ढुङ्गाका कापहरूबीचबाट जङ्गली घाँसहरू उम्रिन्छन्
ती सडकहरूमा जहाँ बुद्धहरू भेला हुन्छन्
तर म देखिरहेको छैन, कहाँ गएका छन् बुद्धहरू
किनकि समयअगावै प्रकाश अति बिघ्न चम्किएको छ।

जून त्यो पुरानो मन्दिरमाथि उदाउँछ
त्यसको रूपान्तरित प्रकाश प्रत्येक हृदयमा चम्किन्छ
बाँसुरीले मलाई पीडाको संसारबाट टाढा पुऱ्याउँछ
बुद्धको सुदूर उज्यालोलाई बोलाउँछ।

मन्दिरको छायाले यसको अर्थ छोपिदिन्छ
जसरी शब्दहरू प्राचीन मसीमा विलोप हुन्छन्
मानवीय पीडाको छायामाथि
मस्तिष्कको मैनबत्तीले कुनै उज्यालो दिन सक्दैन।

बुद्धको एउटा चम्किलो परिदृष्टि
सुन्दरतम धूलोको कणमा पनि भेट्न सकिन्छ
बाँसुरीको धुनमा स्वर्ग छ
र पुरानो मन्दिरमाथि जून उदाइरहेछ...।

●

जिडी माजिया (चीन)

# निकिता स्तानेस्कू*को चिहानमा



एक मिनेट मात्रै ढिलो भएको भए
तिम्रो देहले विश्राम लिइरहेको यो चिहानको गेट
अँध्यारोबाट अतिक्रमित हुनलाई बन्द भएको हुने थियो
माटोमुनिको तिम्रो शयन मुद्राले
समयको तरबार आफै तिम्रो ढाल बनेको छ
यति बेला तिम्रो पाखुरा हड्डीको बाँसुरी बनेको छ
शब्दहरू अर्को छायाको सङ्गीत हुने छन्
एकोहोरो हेरिरहेका आँखा निस्तब्धताको चट्टान भएर गुज्रिने छन्
विचारहरू लहराजसरी अनन्तताको मेरुदण्ड उक्लने छन्
नजिकै हिँडिरहेको आगन्तुक भाषाको स्पाती बाटो समातिरहेछ
ऊ भोका तारा र शून्यताका खाँबाहरू निलिरहेछ
जब जीवन एउटा कालो रथमा परिणत हुन्छ
जब मृत्युले तिम्रो जीवनरेखा परिभाषित गरिदिएको हुन्छ
र तिम्रो स्थिर खप्परले ताराहरूलाई अनदेखा गरिदिन्छ
एउटा महान् चराजस्तो गरी केवल तिम्रा सत्यनिष्ठ कविताहरू
शान्तिपूर्वक रोमानियाको आकाश हुँदै बहँदै जाने छन्।

●

तियान युआन (चीन/जापान)

# स्मृति

कुनै भूमिगत खोलाजस्तै
मानिसको स्मृति पनि सुसाउँदै जान्छ
थकानको अनुभवबिनै
र मृत्युपछि पनि बगिरहन्छ।

---

* निकिता स्तानेस्कू (सन् १९३३–१९८३) रोमानियाका एक प्रमुख आधुनिक कवि हुन्।



इतिहासको स्मृति
कहिल्यै विलोप नहुने महासागरजस्तो हुन्छ
पृथ्वी आफै नष्ट हुन सक्ला
तर स्मृति अरू ग्रहहरूतर्फ बहँदै जान्छन्।

ईश्वरको स्मृति
सधैँ शान्त आकाशजस्तो हुन्छ
मूक भएर बसिरहने
सत्यमाथि आक्रमण हुँदा समेत।


युद्धको स्मृति
चिहान छोपिरहेको बालुवाजस्तो झर्दै जान्छ
बमका अवशेषहरूमा खिया लाग्दै गए पनि
पीडा रहिरहन्छ त्यस ठाउँमा।

बोटहरू सम्झन सक्दैनन् हरियो रङ
यद्यपि त्यो लुकेको हुन्छ उनीहरूभित्रै
त्यसको खुलासा गर्ने छ स्टिलको आरीले दयाहीन भएर।

●

बेङ्गट बर्ग (स्विडेन)

## निर्वासन



नबुझिने भाषा भएको एक निर्जन सहरमा
तिमी अपरिचित सडकहरूसँगै हिँडिरहेछौ
पुलको वृत्त खण्डमुन्तिरबाट बग्ने
त्यो खोलो
जसको नामसम्म पनि थाहा छैन तिमीलाई
र त्यहाँ तिमी छौ उभिएका
पूर्ण रूपमा एक्लो, आफ्नै छायामा
जुन बिस्तारै बिलाउँदै जान्छ अलकत्राको कालोमा
धुन बिग्रिएको वाद्य यन्त्रबाट निस्किएर

टाढाबाट आइरहेको सङ्गीतजस्तो
तर अचानक
एउटा सानो चराले तिमीलाई देख्छ
र मिर्मिरेमा हराउनुअघि
तिम्रो नजरलाई
आफ्ना मरीच रङको आँखाले हेर्छ।

●

तानिया चक्रवर्ती (भारत)

## फुटेको सिसा




फुटेको सिसालाई जोड्दै गर्दा
मेरै हातमा गहिरो घाउ लाग्छ
र त्यो घाउको छिद्रबाट म देख्छु
अर्धशून्य शरीर
जुन अस्तित्वका लागि
दीर्घवृत्ताभले जसरी
पृथ्वीलाई अँध्यारोमा विलीन गरिदिने भय उत्पन्न गरिरहेछ।

●

ड्यान डिस्ने (अस्ट्रेलिया)

## कविहरू



मानौँ कि
हाम्रा पाइतालामा चिहानको धूलो लागेको छ, मानौँ कि
हामी सिसाले ढाकिएका घरमा बस्छौँ, मानौँ कि
प्रत्येक मध्यबिहान हाम्रो ओछ्यानबाट उक्लिन मिल्ने दाहिने भाग हुँदैन
मौनताका कैयौँ कोलाहलहरू
देव अवतारको प्रचार गरिरहेछन्


विवरणविहीन हाम्रो कार्यसूचीजस्तो
आदिम समयका लागि सन्देश बनाइरहेछ
समय र प्रेमका बारेमा प्रशस्त चिन्तनहरू जुन अर्थहीन भएर जान्छन्
कुनै दिन मुटु पनि कम्पित हुने छ

जसै हामी सबेरै आइपुगेका दर्शक ताराहरूतिर झुकेर
शोक गर्ने छौँ निमेषभरमै।

●

इस्तभान दाबी (हङ्गेरी)

## घाँसाको एउटा मुलायम मुना



घाँसाको एउटा मुलायम मुना
माटोबाट
आनन्दपूर्वक आफ्नो शिर उठाउँछ
खुसीले घामलाई हेर्छ आकाशमा
र दु:खपूर्वक जम्मा गर्छ शक्ति
ढुङ्गाको चेपबाट बचाएर आफ्नो पिठ्यूँ सोझो राख्ने
त्यति नै खेर समूहको एउटा हाँस
अप्रत्याशित त्यसलाई उखेलिदिन्छ आफ्नो धारिलो चुच्चाले।

●

क्रिस्टोफर ओकेम्बा (केन्या)

## चरनमा गोधूलि



चरनमा मौनता छ गहिरो र सुगन्धित
जतातातै फक्रिरहेको गोदावरीको बास्नाले
गोधूलिको पहिलो प्रहर हरियो घाँसमा लट्टिएको छ

झाडीहरूलाई शान्ति र वैभवले छोपिदिएको छ
र काठका छेकबार र पाकिरहेका अम्बाका रूखहरू
सूर्यास्तको सुन्तला रङको चमक र मनोहरताले ढाकिएको छ

हुर्किरहेका मकै र कोदोका बोटहरूले
बाक्लो ज्याकेटलाई चुम्छन्, न्यानो पाइजामालाई अँगालो हाल्छन्
जसै म सङ्घर्ष गर्छु बाटो छिचोल्न, स्वारीले प्रेमपूर्वक अभिवादन गर्छन्

थोप्लाजस्ता गिद्धका आकृतिले नीलो आकाशलाई सुसज्जित पार्छन्
जो हावामा उडिरहेछन् अल्छी पाराले, आकाश सफा छ
जून अब उघ्रिँदै छ फिका तर झन्डै गोलाकार भएर।

●

अमिनुर रहमान (बङ्गलादेश)

# अतीतको याद



म साङ्लोको झङ्कार सुन्छु
र आफूलाई निरन्तर त्यो अविच्छिन्न आवाजमा समाहित गरिदिन्छु
पुरानो तमाखूको तिक्खर गन्धले मलाई रिँगटा लाग्छ
फेरि उल्लासले मेरो आत्मा छोइदिन्छ।

म साङ्लोको झङ्कार सुन्छु
र मुटुदेखि आत्मासम्म अदृश्य अनुभव गर्छु
अरूहरूजस्तै म आफूलाई विनयी बनाउँछु
अँध्यारोबाट माथि उठ्ने इच्छा राख्छु म
तर फेरि गहिरो अचेतनमा आफूलाई हराउँछु
म साङ्लोको झङ्कार सुन्छु
म त्यसलाई घन्द्र्याङघुन्द्रुङ आवाजमा भेट्न खोज्छु
तिनीहरूलाई सामना गर्न आफ्नै सहारा लिन्छु
तिनीहरू मलाई झन् जोडले हिर्काउँछन्
मेरुदण्डबाट म श्वास महसुस गर्छु।

म साङ्लोको झङ्कार सुन्छु
म आफूलाई ती अनुहारमा परावर्तित भएको पाउँछु
जुन माटोले लुकाइएको गेगरमा
रक्तरञ्जित शव बाकसले ढाकिएका छन्

म भयले काँप्छु
र फर्किने बेलामा लड्छु
शब्दहरू हतकडी जसरी आउँछन्
र मेरा दुई हात बाँध्छन्
साङ्लोको आवाज नबिलाउन्जेल निरन्तर झङ्कृत भइरहन्छ।

म साङ्लोको झङ्कार सुन्छु!

●

जोसेफ जुआरेज (मेक्सिको)

## जूनकीरी




आकाश टुट्छ, चिरा परेका ठाउँहरू पनि टुट्छन्
र त्यसभित्रबाट जन्मन्छन् जूनकीरीहरू
शून्य बनाएर मेरो आकाश, खोक्रो
तापविहीन, हावाविहीन
टुटेको एउटा आकाश– अँध्यारो र दुःखी
जूनकीरीहरू उड्छन् र तिनीहरू चम्किन्छन्
तर त्यसमा जूनकीरीको अपराध के छ?
तिम्रा लागि झलमलाइदिनुमा के अपराध छ...
तिम्रो अनुहारको चहक बढाउन
तिम्रा रातहरूलाई उजिल्याउन
यदि जूनकीरीहरू त्यस्ता हुन् भने
यदि केही क्षणका लागि
तिनीहरूले तिम्रो र मेरो अनुहार चहकिलो परिदिए भने
र ती तिमीमै समाहित भए भने
तिनीहरूको के दोष
यदि ती मेरो छातीबाटै जन्मिए भने?
मलाई भन्दा तिमीलाई बढ्ता प्रेम गर्नुमा उनीहरूको के अपराध?
जूनकीरीहरू उड्छन्
टुटेको आकाशमाथि
जसले तिमीलाई चहकिलो पार्छन्...।

●

ग्युलियो टेड्सी (इटाली)

# तीन छोटा कविता

## गियानी मिलानोलाई



भिलेन्युभको
पुरानो चिहानमा
कस्ट्युम पार्टीका लागि तयार छन्
फ्रान्सेली मुर्दाहरू र
विनम्र खप्परहरू।

## कार्ललाई

निर्बाना समुद्री तटको
अगाडि बसेर
नयाँ छालहरू कल्पिँदै
छुट्टी मनाइरहेका युवकहरू
आफ्नो रङ्गीन नौका विहारको
तयारी गरिरहेछन्।

## निली चेर्कोभ्स्कीलाई

म पानीमा लेख्छु
बतासमा पनि
समुद्रसँगको
एउटा घमाइलो दिन।

●

टामी मेलोडी गोमेज (अमेरिका)

# एउटा झन्डा (र अरू दिग्भ्रमित भावनाहरू)-को प्रशस्ति

(ब्री न्यूसम, मा. चार्ल्स मुर र सबै स्वतन्त्रता सङ्घर्षका योद्धाहरूमा समर्पित)



तिमी जब त्यो ठडिएको खाँबो नजिक पुग्छौ
अलि पर...–
स्कुलको चउरमा
अदालतमा
अथवा
गभर्नरको दरबारमा।

के तिमी झन्डा फहराउने आँट गर्दैनौ
जुन गलेको छ रगत र भयले
मक्किएर र नैराश्यले
तिमी कहिल्यै यता आउन नखोज्नू
नजिक आउन
त्यो झन्डा लिएर
जबसम्म त्यो कपडाको टुक्राले
त्यसमा प्रतिबिम्बित आदर्शको प्रेरणाले
उज्यालोतिर आफ्नो अनुहार देखाउने छैन
र आफ्ना पाउमा आएको बालकलाई स्वीकार गर्न
आमाले घुँडा टेकेर
गर्ने छैनन् सडकमा शान्तिको घोषणा।

तिम्रो रङ्गभेदी गार्डले
मलाई त्यसरी असुरक्षित (महसुस) गराउँछ
र मेरो सुरक्षा अनिश्चित पार्छ कि
मलाई लुक्नुपरोस् र देखिन मन नलागोस्
त्यसो भए धोऊ त्यो रङ जसमा धब्बा लागेको छ
हामी शोक गर्ने छौँ त्यस धब्बाका लागि
जुन मयलजसरी पखालिने छ।

यदि तिम्रा ताराहरू, निसान छापहरू
र धर्साका डिजाइनहरू
निराशापूर्वक भत्किएका हुन् भने
सायद जर्नेलहरूले, योद्धाहरूले
र दस्तावेजमा हस्ताक्षर गर्नेहरूले समावेश गर्न बिर्सिएछन्
'समान', 'सबै जनता'
र 'कहिल्यै हुने छैन युद्ध' भन्ने शब्दहरू
र त्यसैअनुसार बुनियो झन्डाको यो ढाँचा।

मैले हेर्नुपर्ने अन्तिम वस्तु हो
फरफराइरहेको कुनै चिज
जुन गर्धनमा झुन्ड्याइएको छ
जसले हुत्याउँछ मलाई
र तल्लो दर्जाको करार गर्छ।

त्यस्ता ब्यानरहरूलाई
तलपट्टि बेरेरै राखिएको बेस
र ती परेडहरूलाई
एउटा झलमलाउने दिनका लागि सुरक्षित राखियोस्
जहाँ हामीमाथि बर्सिएको हुने छैन घृणा।

## हामी जिस्किन्छौँ

हामी छुरी र पत्तीजस्ता धारिला वस्तुसँग जिस्किन्छौँ
सरसफाइ गर्न र काट्न
र सहज बनाउन हाम्रा मार्गहरू।

हाम्रो नसामा बग्ने सबैभन्दा बाक्लो रक्त बहाउँछौँ हामी
थोपा बन्नलाई होस् वा धारा भएर प्रवाहित हुन
र रक्तमुछेल तुल्याउन हाम्रा तौलियाहरू।

हामी पौडिन्छौँ सबैभन्दा गहिरो समुद्रमा
फोक्सोले सास फेर्छौं र पखेटाले डुबुल्की लगाउँछौँ
तैराउन हाम्रो आँसु।

हामी पढ्छौँ सबैभन्दा अँध्यारा कोठाहरूभित्र
सोच्न र बढ्नलाई हुन् हाम्रा शब्द र पुस्तकहरू
र एकत्रित गर्न सत्यहरू।

●

हिलाल करहन (टर्की)

## हामीलाई जोडिरहेको रात



रातले आफ्नो रङ फिक्छ
र मनपरी फैलाउँछ
चाँदी पोखिएको घाँसमाथि
सुसेली आवाज चर्किंदै जान्छ
खऱ्याङखुरुङ आवाज ओसिँदै जान्छ
र धरती विस्तारित हुन्छ
यायावार बतास भएर
– प्राचीन ग्रीष्म ऋतुको अंशजस्तो –
धूपीका बोटहरूलाई गल्र्याम्म ढाक्छ
आफ्नो सुगन्धित बास्नाले
आरोपित गर्नु हुँदैन रातलाई
बाक्ला तर नरम छन्
उसका बाहुहरू
रातले
मांसपिण्डको हाम्रो एटलसलाई
शाश्वत बनाइदिन्छ।

●

पावोल जानिक (स्लोभाकिया)

# रात्रि बस



मैनले बनेको आकृति
र जँड्याहाहरूको मुस्कान
म मन पराउँछु।

उनीहरूको आस्था
उनीहरूको विनम्रता
उनीहरूको सटीकता
उनीहरूको गल्तीरहित विवेक
जसको निर्धारण गर्छन् यथास्थितिजन्य सामाजिक अवयवहरू।

म प्रशंसा गर्छु
वालपेपर सजाइएका उनीहरूका आत्माहरू
जुन अति उज्याला र बुट्टेदार छन्
तिनीहरूको जिम्मेवारी र वैधानिकता
ट्याक्सी र वाइनको मूल्यभन्दा
चर्को छ।



जसरी सुन्छन् उनीहरू
अन्तिम ट्रली बसको गह्रौँ श्वास
म त्यो निरपेक्षताबाट त्रसित छु।

*(अनुवाद : केशव सिग्देल)*

●

मकभाला गोनासभिली (जर्जिया)

# तिम्रो साम्राज्य



हृदयसम्म भिजाएको छ बर्सातले मलाई
एक्लोपनको पीडाले मरेतुल्य छ वसन्त पनि
म भने किन निराश भएर सम्भिरहेकी छु तिमीलाई?
मेरा सपना साकार गराउने वाचा कसरी गर्न सकेथ्यौ तिमीले?

उसो त अलिअलि जीवनजस्तै छ मेरो अस्तित्व
हुनलाई यो घर मेरै हो मेरा पति र छोराछोरीसहितको, तर
अत्यन्त पृथक् बतासका प्रबल झोक्काहरूले घचघच्याइरहने
तिम्रै तिलस्मी साम्राज्य छ यहाँ।

अर्कै तरिकाले आउने गर्छ बिहान यहाँ
बेग्लै किसिमका छाया लिएर कुहिरा र बादलहरू
भाग्यले एक पल्ट फेरि भेट्न दिने हो भने हामीलाई
बहकिँदै गएका तिनै बादलजसरी बर्सिन तयार छु म।

सँगै बिताएका ती बहुलट्टी दिनहरूका लागि कृतज्ञ छु म तिमीप्रति
आभारी छु चोट र खुसीहरू दिएकोमा र फुत्त अलग्गिएकोमा
एक पल्ट फेरि बाहिर निकालिदेऊ पिँजडाबाट मलाई
यौवन अन्त्यहीन छ भन्ने अनुभव गराइदेऊ र
जोडिदेऊ टुक्रेको मेरो हृदयलाई!

तिमीलाई भन्न पनि सक्दिनँ, कतिबिघ्न असह्य भएको छ मलाई
काव्यबिनाको जीवन बाँचिरहेकी छु वर्षौंदेखि म
सुमसुम्याऊ र तिम्रा बलिष्ठ पाखुराको अँगालोले जीवित गराइदेऊ मलाई।

मेरो सबैभन्दा प्यारो मान्छे, साह्रै धेरै सम्झन्छु म तिमीलाई
विश्वास गर मेरो, छोटो छ हाम्रो जीवनको यात्रा
र जसै गरे पनि चाँडै माटामा परिवर्तित हुने छौँ हामी
सम्पूर्ण जीवनभर तिमीलाई गरेकी हुँ प्रेम मैले मेरो प्रिय!
जुन प्रेम ओइलाइरहेछ पीडा र विलापहरूबीच
कोही अर्केसँगको सहयात्रामा।

●

लीलाधर मन्डलोई (भारत)

# हैसियत



तीनचार वटा प्याराप्यारा नामले
बोलायो उसले मृत्युलाई
तर मृत्यु आएन।

त्यसपछि मृत्युले जिन्दगीलाई
तीनचार वटा प्याराप्यारा नामले बोलायो
बस, त्यतिमै त्यहाँ हजारौँ लास थुप्रिसकेका थिए।

## आगो

मेरो टेबलमा
ठोकिन्छन्
शब्दसँग शब्दहरू।

एउटा झिल्को निस्कन्छ
र आगोजसरी फैलिन्छ
कवितामा।

आगो नहुँदो हो त कविता हुने थिएन।

## बिदा

चराहरू पनि
बिदा मनाउँछन्।

हेर्नुहोस् न, साइबेरियाबाट
आइपुगेका छन् ती।

भङ्ग नगरौँ तिनको शान्ति।

आफ्नो बिदा मनाउन
हामी कतै अन्तै जाऔँ।

●

आरजू मोख्तराइन (इरान)

# आज राति





आज राति
माया गर्ने छैनौ तिमीले मलाई
तिमी थाकेका छौ, दिक्क लागेको छ तिमीलाई
यी झङ्कारहरूसँग खेल्न।

मेरा हातलाई विश्राम दिने छु म
र बिसाउने छु मेरा गोडालाई।

*(अनुवाद : सुमन पोखरेल)*

●

मिथिलेश आदित्य (भारत)

# पुतली



मेरो कोठामा
आउँछे पुतली
ल्याउँछे
मेरा सिर्जनाका लागि
सबैसँग ओझेल भएर
फूलको रस
अमृत आहार
ईश्वरीय शक्ति, गुण र स्वभाव
समयको भूत, भविष्य र वर्तमानका
सबै असल सम्भावना बटुलेर
जीवित पार्छे
सिन्चिन्छे
र मेट्छे भोकप्यास
एउटा सुकिलो वातावरणसँगै

बतास भएर ल्याउँछे
मेरा सिर्जनामा जागृति।

पुतली
हरेक अँध्यारोमा पनि
मेरा सिर्जनामाथि भर्छे
उज्यालो
मधुर श्वास
परिपक्वता, अमरता
जीवनको तत्परता, समृद्धि
असल सोच
एकतामा अनेकता
र जन्माउँछे एउटा शुभ सङ्केत।

पुतली
ल्याउँछे
मेरा सिर्जनाबीच अस्तित्व
मानमर्यादा
गुमनामबाट अलग्गिएर
उभ्याउँछे उत्कृष्ट युगका लागि
युगौँयुगसम्म
सिर्जनाका बीच प्राकृतिक सौन्दर्य
अतुलनीय, अनुपम समयका लागि
मेरा सिर्जनामा भर्छे सृष्टि पराग।


पुतली
मित्रवत् भएर ल्याउँछे
प्रेमको उदाहरण
त्यागको उदाहरण
मेरा प्रेरणा र सिर्जनाका लागि।

पुतली
अब मेरो विश्वासमा छे
मेरा सारा इच्छामा छे
मेरा सारा सत्यमा छे

मेरा सारा भलाइमा छे
मेरा सारा कर्ममा छे
मेरा सारा सिर्जनामा छे।

पुतली
सधैँ आफ्नो सान्निध्यमा ल्याएर
मेरा सिर्जनाको जीवनका लागि
लहराइरहेकी छे सफलता
र पारिरहेकी छे
सार्थक र उज्ज्वल।

पुतली
मेरो रचनाको जीवनमा
र मेरो जीवनमा
यसरी नै।



*(अनुवाद : विवश पोखरेल)*

◆

**कथा**

केट चोपैँ (अमेरिका)

# डिजाइरीको छोरो



दिन निकै रमाइलो भएकाले मेडम भाल्मोन्ड आफ्नो गाडीमा चढेर डिजाइरी र उनको नवजात छोरालाई भेट्न लाब्रीतिर लागिन्। डिजाइरीलाई बच्चासहित सम्झँदा उनलाई हल्का हाँसो पनि लागेर आयो। हिजो मात्रै जस्तो लाग्थ्यो– डिजाइरी आफै सानी बच्चीभन्दा थोरै ठूली मात्रै देखिन्थी जब उनका श्रीमान्ले आफ्नो प्रवेशद्वारबाट गाडी हाँक्दै गर्दा कुनै ठूलो ढुङ्गाको पिलरको छायामा सुतिरहेको भेट्टाएका थिए उसलाई। पछि त्यो सानी बच्ची उनकै काखमा ब्युँझिई र 'दादा' खोज्दै रुन थाली। उसले गर्न वा बोल्न सक्ने त्यति मात्रै थियो। कतिपयले भने ऊ आफै त्यस्तो ठाउँमा अलमलिन पुगेकी हुन सक्ने पनि बताए, किनकि ऊ टुकुटुकु हिँड्न सक्ने उमेरकी थिई। तर धेरैजसो मानिसहरू सोच्थे– टेक्ससका मानिसहरूले जानीजानी उसलाई त्यहाँ छाडेका हुन् जब साँझपख कपडाले छोपिएको उनीहरूको मालगाडी

बगानको तल्लो भागनिर कोटोन माइसले छाडेको डुङ्गाको छेउबाट गुज्रियो। हालका लागि मेडम भाल्मोन्डले यस्ता सबै अनुमानलाई खारेज गरेकी थिइन्। उनको एउटा विश्वास भने कायम थियो– दयालु भगवान्ले उनलाई सन्तान नभएकी देखेर डिजाइरीलाई उनकी प्यारी छोरी बन्न पठाएका थिए।

केटी सुन्दर, सुशील, प्यारी र इमानदार बनेर हुर्किई– भाल्मोन्डकै नमुनाजस्ती। यो कुनै आश्चर्यको कुरा भएन जब एक दिन आफू १८ वर्षअगाडि भेटिएको ठाउँमा रहेको ढुङ्गाको पिलरको छायामा ऊ पुन: उभिएकी थिई र उसलाई देखेर त्यही बाटो गाडीमा आउँदै गरेको अर्मन्ड औबिग्नी उसको प्रेममा पऱ्यो। पिस्तोलको गोलीले लागेजस्तो यस्तैयस्तै तरिकाले त हो औबिग्नीहरू प्रेममा पर्ने गरेको।

आश्चर्यको कुरा त के थियो भने उसले डिजाइरीलाई यसअघि कहिल्यै प्रेम गरेको थिएन। उसलाई आफ्नी आमाको मृत्युपछि उसको पिताले आठ वर्षकै उमेरमा पेरिसबाट यहाँ ल्याएकै बेलादेखि ऊ डिराइरीलाई जान्दथ्यो। तर त्यस दिन प्रवेशद्वारमै डिजाइरीलाई देख्दा उसभित्र उठेको भावको आवेग हिमपहिरोजस्तो फैलियो– गौचरनमा लागेको आगोजस्तो अथवा अगाडिका सबै बाधालाई परास्त गरेर कुद्ने कुनै आँधीजस्तो। तर श्रीमान् भाल्मोन्ड भने व्यावहारिक बन्दै यो परिस्थितिको सही आकलन गर्नुपर्ने पक्षमा थिए विशेष गरी केटीको अज्ञात उद्भवका सम्बन्धमा। तर अर्मन्डले भने डिजाइरीका आँखामा हेऱ्यो र अन्य कुराको बेवास्ता गरिदियो। उसलाई भनियो– केटीको कुनै नाम छैन। नाम नभएर के भयो, जब ऊ लुजियानाको एउटा सबैभन्दा पुरानो र प्रतिष्ठित परिवारको नाम दिन राजी थियो?

केही दिनमै उसले पेरिसबाट पुष्पगुच्छा र फलफूल मगायो। ती आइपुगुन्जेल आफूलाई धैर्यवान् बनाएर राख्यो र जब आइपुगे, उनीहरूको बिहे भयो।

मेडम भाल्मोन्डले डिजाइरी र उसको छोरालाई नदेखेको पनि चार हप्ता भइसकेको थियो। जब उनी लाब्री पुगिन्, देख्नेबित्तिकै सधैँझैँ छक्क परिन्। ठाउँ नै टिठलाग्दो थियो जसमा वर्षौंदेखि कुनै महिलाको उपस्थिति नरहेको प्रस्टै देखिन्थ्यो। बूढा औबिग्नीको बिहे पनि फ्रान्समै भएको र श्रीमती बितेपछि उनको शव गाडेको पनि फ्रान्समै, किनकि जमिनप्रति उनको अगाध प्रेम थियो र उनमा त्यसलाई छाड्ने चाहना कहिल्यै थिएन। पहेँलो प्लास्टरको घर, भिरालो र कालो छानाको छपनी, अलि बाहिरसम्म आएर कोठाचोटा छोपेको। यसको छेउमा सालका ठूला र शान्त रूख देखिन्थे र तिनका बाक्ला पात र परपरसम्म फैलिएका हाँगाले घरलाई त्रिपालले झैँ ढाकेर छायामा पारेका थिए। जवान औबिग्नीको नियम भने कडा थियो। यति कडा नियममा रहेका उसका अन्य निग्रो सहयोगीहरूले मानौँ उनीहरूका बाबुको पालामा जस्तो सहज र मनमोजी भएर खुसी हुने बिर्सिसकेका थिए।

सुत्केरी डिजाइरी भने बिस्तारै तन्दुरुस्त हुँदै थिई। कोमल, सेतो रेसम र कपासका लुगा ओछ्याइएको खाटमा ढल्केकी थिई। बच्चो ऊसँगै थियो छातीमा निदाइरहेको। एक जना पहेँलो अनुहारकी सेविका नजिकैको झ्यालनेर बसेर आफैलाई हम्का लगाइरहेकी थिई।

मेडम भाल्मोन्डले आफ्नो कुप्रो परेको शरीर डिजाइरीतिर झुकाइन् र प्रेमले अँगालो हाल्दै चुम्बन गरिदिइन्। अनि बच्चातिर फर्केर विस्मयका साथ भनिन्– "यो बच्चो त तेरो होइन।"

त्यसताक भाल्मोन्डको परिवारमा बोलिने भाषा फ्रान्सेली थियो।

डिजाइरीले हाँसेर भनी– "ऊ हुर्केको देखेर तपाईं चकित पर्नुहुन्छ भन्ने मलाई थाहा थियो। सानो घोर्ले सुँगुर, होइन त? उसका हात हेर्नू त आमा! हात र औँला पनि हेर्नू त! साँच्चैका नङ छन्। जेन्ड्रिनले आज बिहान मात्रै काटिदिएकी। हो कि होइन जेन्ड्रिन?"

त्यस महिलाले कपडाले ढाकेको टाउको झुकाई र भनी– "हो नि मेम!"

फेरि डिजाइरीले थपी– "कस्तरी रुन्छ! कानै खाने गरी। अस्ति अर्मन्डले पर ब्लान्चेको घरबाटै सुनेको अरे।"

यसैबीच मेडम भाल्मोन्डले आफ्ना आँखा त्यस बालकको अनुहारबाट एक निमेष पनि हटाएकी थिइनन्। उनले बच्चो उठाइन् र साथमा लिएर नजिकै सबैभन्दा उज्यालो झ्यालतिर गइन् र ध्यानपूर्वक हेरिन्। केही सोधेजस्तो गरेर जेन्ड्रिनतिर फर्किइन्। तर जेन्ड्रिनका आँखा परको खेतमा केन्द्रित थिए।

मेडम भाल्मोन्डले भनिन्– "हो त! बढ्यो पनि र फेरियो पनि।" यति भनेर बालकलाई बिस्तारै उसकी आमाको छेउमा राखिदिइन्। अनि सोधिन्– "अर्मन्ड के भन्छ?"

डिजाइरीको अनुहार भने खुसीको एक प्रकारको आभाले धपक्कै उज्यालियो।

"के भन्नु? मलाई लाग्छ, यस भेगमा अर्मन्ड सबैभन्दा गौरवशाली बाबु हो, किनकि बच्चो पनि छोरो पर्‍यो– उसको परिवारको नाम राख्ने। भन्नलाई छोरी नै भए पनि उति नै माया गर्थें भन्छ, तर मलाई थाहा छ, त्यो होइन। मलाई खुसी पार्न मात्रै त्यसो भनेको हो। अनि आमा!" उसले अगाडि थपी र मेडम भाल्मोन्डको ध्यान आफूतिर तान्दै साउतीको शैलीमा भनी– "यो बच्चो जन्मेपछि त उसले यी कसैलाई एक शब्द गाली गरेको छैन। यहाँसम्म कि आराम गर्न पाइन्छ भनेर खुट्टो भाँचिएको स्वाङ पार्ने नेग्रिलोनलाई पनि। हाँस्यो मात्रै र भन्यो– छुच्चो नग्रिलोनले पनि हँसाउँछ। आमा, म धेरै खुसी छु। यति खुसी कि... आफै डराउँछु पनि।"

डिजाइरीले जे भनी त्यो सत्य थियो। उसको बिहे र पछि बालकको जन्मले अर्मन्ड औबिग्नीको घमन्डी र हठी स्वभावमा परिवर्तन ल्याएको थियो। यसै कुरामा सोझी डिजाइरी ज्यादै खुसी थिई। ऊ आफ्नो लोग्नेलाई ज्यादै माया गर्थी। ऊ रिसाएको बेला थरथर हुन्थी, तर माया भने धेरै गर्थी। ऊ मुस्कुराएको बेला भगवान्सँग योभन्दा अर्को कुनै आशीर्वाद चाहिँदैन भन्थी। र, डिजाइरीसँगको प्रेममा परेकै दिनदेखि अर्मन्डको श्यामल, सुन्दर अनुहारमा आक्रोश देखिन छाडेको थियो।

बच्चो करिब तीन महिनाको भएपछि डिजाइरीलाई वातावरणमा आफ्नो शान्ति भङ्ग गर्ने केही छ भन्ने कुराको बोध भयो। सुरुमा त्यो के हो भनेर बुझ्नै कठिन भयो उसलाई।

यो एउटा निराशाजनक सङ्केत थियो– कालाहरूका बीच विद्यमान एउटा आश्चर्यको सङ्केत कुनै पूर्वसूचनाबिनै अलि टाढाको आफन्त एक्कासि आएजस्तो अप्रत्याशित। यो उसको

श्रीमान्मा आएको अनौठो तर भयावह परिवर्तन थियो जसबारे कुनै स्पष्टीकरण सोध्न ऊ असमर्थ थिई।

अर्मन्ड जब डिजाइरीसँग कुरा गर्थ्यो, आँखा टेढा पारेर बोल्थ्यो र तिनमा पहिलेपहिले देखिने प्रेम गायब भएजस्तो देखिन्थ्यो। ऊ अक्सर घरमा अनुपस्थित रहन्थ्यो र घरै आए पनि अकारण डिजाइरी र छोराको उपस्थितिबाट आफैलाई टाढा राख्ने गर्न थालेको थियो। उता नोकरहरूसँगको व्यवहारमा पनि उसमाथि सैतान सवार भएजस्तो देखिन थालेको थियो।

डिजाइरी अपार पीडाले मरणान्त थिई। एक दिन अपराह्ण आफ्नै कोठामा ऊ नाइटी लगाएर बसेकी थिई र हातले आफ्नो काँधसम्म लर्किएको लामो, मुलायम खैरो कपाल सुमसुम्याइरहेकी थिई। उसको अर्धनग्न छोरो भने साटनले आधा ढाकेको छत भएको, ठूलो, विलासी सिंहासनजस्तो लाग्ने महोगनी काठको ओछ्यानमा लडिरहेको थियो। ब्लँचेकै कालो वर्णको अर्को एउटा अर्धनग्न बालक भने मयूरको प्वाँखको हम्को हातमा लिएर बालकको छेउमा बसी हम्का लगाइरहेको थियो। डिजाइरीका भावशून्य र उदास आँखा भने बालकमै केन्द्रित थिए जबकि ऊ आफू भने आफूलाई छोप्न लागेजस्तो भयावह तुवाँलो चिर्ने कोसिसमा देखिन्थी। उसले आफ्नो छोरालाई हेरी, फेरि उसको छेउको अर्को बालकलाई हेरी र पुनः आफ्नै बालकलाई हेरी। यही प्रक्रिया जारी रह्यो।

"ओहो!" यो उसका ओठबाट अनायासै निस्केको आवाज थियो जसलाई उसले रोक्न सकिन। यस्तो आवाज निस्कियो भन्ने हेक्का पनि उसलाई भएन। उसका नलीहरूमा रगत बरफझैँ चिसियो र उसको अनुहारभरि चिसो आर्द्रता फैलियो।

उसले अर्को सानो कालो बालकसँग कुरा गर्न खोजी। सुरुमा उसको मुखबाट आवाजै निस्केन। बालकले आफ्नो नाम बोलाइएको सुनेपछि पुलुक्क हेर्‍यो। उसकी मालिक्नी उसलाई ढोकातिर जान इसारा गरिरहेकी थिई। यसले हातमा रखेको ठूलो, नरम पङ्खा एकातिर राख्यो र बिस्तारै ढोकातिर गयो र खाली खुट्टा चिल्लो भुइँमा टेक्दै बाहिरियो। डिजाइरी आफू भने निश्चल बनेर बसिरही। उसको दृष्टि उसको बालकमाथि केन्द्रित थियो र उसको अनुहारमा भयको भाव देखिन्थ्यो।

यसै बेला उसको लोग्ने कोठाभित्र पस्यो र उसलाई देख्दै नदेखी सरासर कोठामा भएको टेबलतिर गएर त्यहाँ राखिएका कागजका बीच केही खोज्न थाल्यो। डिजाइरीले उसलाई बोलाउँदै भनी– "अर्मन्ड!"

उसको आवाज यति चर्को थियो कि ऊ सामान्य मान्छे हुँदो हो त उसलाई छिनालिसकेको हुने थियो। तर उसले वास्तै गरेन।

डिजाइरीले फेरि बोलाई– "अर्मन्ड!" यस पालि भने ऊ उठेर अर्मन्डको नजिक गई र उसलाई च्याप्पै समातेर स्याँस्याँ गर्दै भनी– "अर्मन्ड, हाम्रो बच्चालाई हेर। यो सब के हो? मलाई बताऊ।" अर्मन्डले बिस्तारै तर आक्रोशका साथ आफ्नो हात उसको हातबाट छुटायो र आफ्नो समीपबाट पर हुत्याइदियो।

डिजाइरीले फेरि चिच्याउँदै भनी– "भन। यो सब के हो?"

उसले हल्कासँग लिँदै जवाफमा भन्यो– “यसको अर्थ हो बालक श्वेत छैन। अर्थात् तिमी श्वेत होइनौ।”

यो गम्भीर आरोपको आशय फटपट बुझेकी डिजाइरी भित्रैबाट स्तब्ध भई। तर उसमा यस कुराको तत्काल खण्डन गर्ने साहस जुट्यो र भनी– “ते फूट हो। यो सत्य होइन। म श्वेत हुँ। मेरो कपाल हेर। यो खैरो छ। हेर, मेरा आँखा कैला छन्। अर्मन्ड, तिमीलाई पनि त थाहा छ, यी कैला छन्। र, मेरो त्वचा गोरो छ।”

अर्मन्डको नाडी समाउँदै फेरि भनी– “मेरा हात हेर। तिम्रा भन्दा सेता छन् अर्मन्ड!” र अट्टहासपूर्ण तरिकाले हाँसी।

“हो, ब्लान्चेजत्तिकै सेता।” उसले क्रूरतापूर्ण जवाफ फर्कायो र डिजाइरीलाई बालकसँग त्यहीँ छाडेर बाहिरियो।

जब उसले कलम भेट्टाई, डिजाइरीले आमा भाल्मोन्डलाई एउटा नैराश्यपूर्ण चिठी लेखी– “आमा, यिनीहरू मलाई श्वेत होइनस् भन्छन्। अर्मन्डले पनि मलाई श्वेत होइनस् भन्यो। आमा, भगवान् भाकेर भन्नोस्– यो सत्य होइन नि है? तपाईंलाई त पक्कै थाहा छ यो सत्य होइन भनेर। म मर्छु आमा, म मर्छु। म यति दु:खी भएर बाँचिरहन सक्दिनँ।”

उताबाट जुन जवाफ आयो त्यो सङ्क्षिप्त थियो– “मेरी छोरी, तँ घर आइज– भाल्मोन्ड। तँलाई माया गर्ने आफ्नै आमाकहाँ आइज। बच्चा पनि लिएरै आइज।”

चिठी हात पर्नासाथ डिजाइरी त्यो लिएर उसको श्रीमान्को अध्ययन कक्षमा पुगी र ऊ बसेको मेचको अगाडिको टेबलमा खोलेर राखिदिई। ऊ आफू भने ढुङ्गाको मूर्तिजस्ती भएकी थिई–नि:शब्द, गोरी, निश्चल।

नि:शब्दतामै अर्मन्डले आफ्ना भावहीन आँखा त्यस चिठीमा लेखिएका शब्दमाथि दौडायो, तर केही पनि भनेन।

“अर्मन्ड, म जाऊँ?” डिजाइरीले तीक्ष्ण र कहरपूर्ण कौतूहल भरिएको आवाजमा भनी।

“हुन्छ, जाऊ।”

“तिमी जाओस् भन्ने चाहन्छौ?”

“हो, जाऊ भन्ने नै चाहन्छु।”

उसले सोच्यो– सर्वशक्तिमान ईश्वरले उसमाथि ज्यादती र अन्याय गरेका छन्। लाग्यो, यसरी उसकी श्रीमतीको आत्मामाथि प्रहार गरेर ऊ ईश्वरसँगै बदला लिइरहेछ त्यस बखत। उसभित्र अब डिजाइरीका लागि कुनै प्रेम बाँकी थिएन, किनकि उसले उसको घर र नाममा अप्रत्याशित घाउ निम्त्याएकी थिई।

डिजाइरी भने कुनै तीव्र प्रहार छल्न पन्छिएजस्तो ढोकातिर पन्छिई र उसले बोलाउँछ कि भन्ने आशा राख्दै अगाडि बढी।

“बिदा पाऊँ अर्मन्ड!” उसले वेदनापूर्ण स्वरमा भनी। तर अर्मन्डले कुनै जवाफ दिएन।

नियतिमाथि यो नै अर्मन्डको अन्तिम प्रहार थियो। डिजाइरी बच्चाको खोजीमा अन्यत्रै गई। बाहिर शीतल कौसीमा जेन्ड्रिन डिजाइरीको बच्चालाई हिँडाइरहेकी थिई। डिजाइरीले कुनै

कारण नखुलाई सेविकाको हातबाट बच्चो लिई र भऱ्याङ ओर्लिएर परपर जान थाली– सालका हरिया हाँगामुन्तिर।

अक्टोबरको अपराहण– घाम अस्ताउनै लागेको थियो। पर, शान्त खेतमा निग्रोहरू कपास टिपिरहेका थिए। डिजाइरीले आफूले लगाएको पातलो सेतो लुगा वा चप्पल केही पनि फेरिन।

उसको कपालमाथि कुनै घुम्टो थिएन र उसको खैरो केशराशिमाथि परेको घामको किरणले एउटा स्वर्णिम चमक दिइरहेको थियो। उसले पर भाल्मोन्डको बगानतिर जाने सबैले हिँड्ने गरेको चौडा सडक समातिन। बरु खासै नहिँडिने बाटो समाती जहाँ काँडाहरूले जुत्ताको पातलो सोल छेडेर उसका कलिला पाउ घोचे र उसले लगाएको पातलो लुगा च्यातेर धुजाधुजा परिदिए।

ऊ झाडी र बिलोको झाडभित्र हराई जुन ऊ हिँडिरहेको गहिरो तर मन्द गतिको नालीको छेउछाउ उम्रिएको थियो। यसरी हिँडेपछि ऊ फेरि फर्केर आइन।

केही सातापछि लाब्रीमा एउटा कौतूहलपूर्ण प्रहसन भयो। घरको पछाडिपट्टि मज्जाले बढारिएको आँगनको बीचमा एक रास सामान थुपारेर निकै ठूलो आगो बालियो। चौडा सिकुवामा यो दृश्य देख्न सकिने ठाउँमा उभियो अर्मन्ड र त्यस आगोमा हाल्ने सामग्री ल्याउँदै हाल्दै गर्न करिब आधा दर्जन निग्रोहरूलाई निर्देशित गरिरह्यो। बिलोको काठले बनेको एउटा सुन्दर कोक्रो पनि यसै आगोमा हालियो। बच्चाका लागि किनिएका महँगा लुगा र अन्य सरमामान पहिल्यै हालिसकिएको थियो।

यसमाथि रेसमका गाउन, मखमल र साटनका कपडा, छेउछाउका तुना, बुट्टा, टोपी, पन्जा आदि राखिएको थियो। यी सब कुरा राख्ने बाकस नै दुर्लभ प्रकारको थियो।

फालिनेमध्येको अन्तिम वस्तु थियो चिठीको एउटा पोको– साना, निर्दोष अक्षरहरू जुन डिजाइरीले उनीहरूले प्रेम गर्दाताक उसलाई पठाएकी थिई। एउटा भने अझै बाँकी थियो ड्रवरमा जुन उसले गएर निकाल्यो। तर यो डिजाइरीले लेखेको पत्र थिएन। यो उसकी आमाले उसको बालाई लेखेको कुनै पुरानो चिठीको अंश थियो। उसले उक्त चिठी पढ्यो। पत्रमा उसकी आमाले आफ्नो लोग्नेको औधी माया दिलाएकोमा भगवान्लाई धन्यवाद दिएकी रहिछन्। भनिएको थियो– "तर सबैभन्दा माथि रातदिन म भगवान्लाई यस कुराका लागि धन्यवाद दिन्छु कि हाम्रो प्यारो छोरो अर्मन्डले आफूलाई माया गर्ने उसकी आमा दासत्वको कलङ्क बोकेको नस्लबाट आएकी थिई भन्ने कहिल्यै थाहा पाउने छैन।"

●

*(केट चोपैँको जन्म सन् १८५१ मा सेन्ट लुईमा भएको थियो। उनी चार वर्षकी हुँदा उनका बाबुको निधन भयो र उनी मावलमा हुर्किइन्। सन् १८७० मा उनले एक जना कपास व्यापारीसँग विवाह गरिन्। सन् १८८२ मा उनको पनि निधन भएपछि छ जना छोराछोरीको पालनपोषणको अभिभारा उनको काँधमा आइपऱ्यो। उनी जीविकोपार्जनका लागि लेखनतिर लागिन्। सन् १८९० मा* ***भूलमा*** *नामक उपन्यास प्रकाशित भयो।* ***सेन्चुरी*** *र* ***हार्पर****जस्ता पत्रपत्रिकामा*

*उनका कथाहरू छापिन थाले। सन् १८९४ र १८९९ मा दुई वटा कथासङ्ग्रह प्रकाशित भए। **दी अवेकनिङ** अर्थात् 'जागरण' नामक उपन्यास उनको सर्वश्रेष्ठ रचना हो।*



*चोपैँको साहित्यको विशेषता भन्नुपर्दा उनी पुरुषसँगको यौन सम्बन्धमा महिलाका विचार, भावना र अनुभूतिहरू निर्बाध रूपले व्यक्त गर्ने नारीवादी स्रष्टा हुन्। रङ्गभेदले जन्माएको विसङ्गति उनको लेखनको अर्को आयाम हो। प्रस्तुत कथा रङ्गभेदले निर्माण गरेको पारिवारिक विघटनका विषयमा लेखिएको उत्कृष्ट कथा हो।)*

*(अनुवाद : महेश पौड्याल)*

◆



*कृष्ण मानन्धर*